जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## कालिमाटी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सल्यान, कर्णाली प्रदेश, नेपाल

# बृहत् गाउँपालिका विकास गुरुयोजना



**अन्तिम प्रतिवेदन २०७६**

परामर्शदाता

**ईन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा. लि.**

पुतलीसडक, काठमाडौं

# विषय सूची


**खण्ड १: भूमिका** १

**१.१ पृष्ठभूमि** १

**१.२ योजनाको उद्देश्य** २

**१.३ अपेक्षित उपलब्धीहरू (Expected Outcomes)** २

१.३.१ गाउँपालिकाको बृहत् आधार नक्सा तयार पार्ने (Prepration of Base Map) २

१.३.२ गाउँपालिकाको पार्श्वचित्र (Rural Municipality Profile) ३

१.३.३ विश्लेषण (Analysis) ३

१.३.४ स्थानिक विश्लेषण (Spatial Analysis) तथा वित्तीय विश्लेषण (Financial Analysis) ३

**१.४ योजना तयारीका विधि र चरणहरू (Methodology)** ४

१.४.१ कार्यविधि (Methodology) ४

१.४.२ सङ्कलित तथ्याङ्क विश्लेषणका लागि SWOT (Strengths, Weaknesses, Opportunities and Threats) विश्लेषण विधि अपनाइएको ४

१.४.३ योजना तर्जुमा दृष्टिकोण (Planning Approach) ६

**१.५ क्षेत्रगत लक्ष्य, उद्देश्य, प्रतिफल र कार्यक्रमहरू** ७

**१.६ दीर्घकालीन भौतिक विकास योजना (PDP)** ७

**१.७ सामाजिक विकास योजना** ७

**१.८ आर्थिक विकास योजना** ८

**१.९ वातावरण तथा विपद् व्यवस्थापन योजना** ८

**१.१० सेवा प्रवाह, सुशासन तथा संस्थागत विकास सम्बन्धी योजना** ९

**१.११ कार्यक्षेत्र ढ**

**१.१२ योजना तयारीको पद्धति** १०

१.१२.१ तथ्याङ्क सङ्कलन र विश्लेषण १०

१.१२.२ योजना र योजना स्वीकृतिको प्रक्रिया १०

**खण्ड २: कालिमाटी गाउँपालिकाको दीर्घकालीन सोच र लक्ष्य** १२

**२.१ गाउँपालिकाको दीर्घकालीन सोच र लक्ष्य** १२

**२.२ गाउँपालिकाको दीर्घकालीन सोचका प्रमुख आधारहरू** १२

**२.३ गाउँपालिकाले आ.व. २०७४/०७५ मा तय गरेका वार्षिक नीति तथा कार्यक्रमहरूको संक्षिप्त विवरण** १५

२.३.१ गाउँपालिकाका क्षेत्रगत नीति तथा कार्यक्रमहरू १६

**२.४ गाउँपालिकाले आ.व. २०७४/०७५ मा तय गरेका वार्षिक नीति तथा कार्यक्रमहरूको संक्षिप्त विवरण** १७

२.४.१ गुरुयोजनाका प्रमुख लक्ष्य तथा उद्देश्यहरू १८

२.४.२ अपेक्षित प्रतिफलहरू २०

२.५ गाउँपालिकाले लिएका विकासका रणनीतिहरू २०

२.५.१ आर्थिक क्षेत्र विकास रणनीति २०

२.५.२ सामाजिक क्षेत्र विकास रणनीति २१

२.५.३ पूर्वाधार विकास २३

२.५.४ वातावरण तथा विपद् व्यवस्थापन २४

२.५.५ संस्थागत विकास सेवा प्रवाह तथा सुशासन २४

खण्ड ३: विश्वका केहि विकास मोडलहरूको तुलनात्मक अध्ययन २५

खण्ड ४: तथ्याङ्क विश्लेषण ४०

४.१ जनसाङ्ख्यिक विश्लेषण ४०

४.२ सबल पक्षहरू, दुर्बल पक्षहरू, सम्भावना तथा अवरोधहरूको (SWOT) विश्लेषण ४१

४.२.१ भौतिक पूर्वाधार ४१

४.२.२ सामाजिक पूर्वाधार ५५

४.२.३ आर्थिक पूर्वाधार ६४

४.२.४ वातावरण तथा विपद् व्यवस्थापन ७४

४.२.५ संस्थागत विकास ८०

खण्ड ५: विषयक्षेत्रगत गाउँपालिका विकास योजना ८४

५.१ भौतिक विकास योजना ८४

५.१.१ सोच, लक्ष्य र उद्देश्यहरू ८५

५.१.२ योजना तथा कार्यक्रमहरू ८६

५.१.३ भौतिक विकास योजनाको Logical Framework Approach (LFA) ९५

५.२ आर्थिक विकास योजना ९९

५.२.१ योजना र कार्यक्रमहरू ११०

५.२.२ आर्थिक विकास योजनाको Logical Framework Approach ११७

५.३ सामाजिक विकास योजना १२३

५.३.१ उद्देश्यहरू १३८

५.३.२ योजना तथा कार्यक्रमहरू १३९

५.३.३ सामाजिक विकासका लागि (Logical Framework Approach) १५३

५.४ वातावरण तथा विपद् व्यवस्थापन योजना १६१

५.४.१ उद्देश्यहरू १७९

५.४.२ योजना तथा कार्यक्रमहरू १८१

५.४.३ वातावरण संरक्षण तथा विपद् व्यवस्थापनका लागि Logical Framework Approach (LFA) १९१

५.५ संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन १९६

५.५.१ उद्देश्यहरू २०५

५.५.२ योजना तथा कार्यक्रमहरू २०७

५.५.३ संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनको Logical Framework Approach (LFA) २१०

भाग ६: कालिमाटी गाउँपालिकाले उच्च महत्व र प्राथमिकताका साथ केन्द्र भागमा राखेर गर्नुपर्ने योजना तथा कार्यक्रमहरू २१४
६.१ तत्काल कार्यान्वयन गर्नुपर्ने कार्यक्रमहरूको तीन वर्षे कार्ययोजना (Action Plan) २२०
६.२ दीर्घकालीन समृद्धिका कार्यक्रमहरू २२९
६.३ दीर्घकालीन समृद्धिका कार्यक्रमहरूको पन्ध्र वर्षे कार्ययोजना (Action Plan) २३३
भाग ७: नमुना गाउँपालिकाका प्रस्तावित मानकहरू २३५
अनुसूचीहरू २३८
सन्दर्भ सूचि ३०२

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

नेपालको इतिहासमा लामो समयसम्म निरङ्कुश शासनको रूपमा रहेको राणा शासनको अन्त भएर वि.सं. २००७ सालमा प्रजातन्त्र स्थापना भएको बिन्दुदेखि वि. सं. २०७२ सालमा संविधान सभाद्वारा जारी गरिएको जनता निर्मित नेपालको संविधानको घोषणासम्म आइपुग्दा नेपालले प्रजातन्त्रको स्थापना पश्चात् समेत ६५ वर्ष लामो राजनैतिक तथा सामाजिक सङ्क्रमणबाट गुज्रन परेको यथार्थ हाम्रा सामु छ। समग्र विकासको दृष्टिकोणबाट हेर्दा बितेका करिब ७० वर्ष राजनैतिक अधिकार प्राप्तिका संघर्षमा मात्र केन्द्रित भएका छन्। हामी भन्दा पछी स्वतन्त्र भई आर्थिक विकासतर्फ पाइला चालेका पूर्वी तथा मध्य एसियाका धेरै मुलुकहरू विकासमा हामी भन्दा कैयौं गुणा अगाडी लम्किसकेका छन्। सन् साठीको दशकमा नेपालभन्दा कम प्रतिव्यक्ति औसत आय भएको जापानसँग भौतिक तथा अन्य विकासका दृष्टिकोणले हाम्रो तुलना नै हुन सक्दैन। कुनै समयमा नेपालले आर्थिक, भौतिक तथा सैन्य सहयोग गर्ने हाम्रा छिमेकी राष्ट्रहरू भारत र चीनले समेत विकासको नयाँ उचाई हासिल गरेका छन् तर नेपाल भने अविकासको एउटा नराम्रो दुश्चक्रमा फँसेको छ। नेपालको यस्तो अवस्था रहनुका विभिन्न कारणहरू हुन सक्दछन्। ती कारणमध्ये एउटा प्रमुख कारण भनेको हाम्रा विकास प्रयासहरू अवैज्ञानिक, आत्मगत, एकाङ्गी, अव्यवहारिक र पर्याप्त खोज तथा अनुसन्धानबिनै विकास योजना अगाडी बढाउनु हो।

जनताको संविधान जारी भैसके पश्चात्को निर्वाचनबाट नयाँ सङ्घीय, प्रादेशिक र स्थानीय सरकारहरू गठन भएका कारण नयाँ सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुरूपको राज्यको पुनर्संरचना समेत भैसकेको छ। तीन तहका सरकारले जनतालाई सेवा तथा सुविधा प्रदान गरिरहेको यस ऐतिहासिक कालखण्डमा हाल सम्पूर्ण राष्ट्र नै समग्र विकास र आर्थिक समृद्धिको मूलमन्त्र लिएर अगाडी बढेको सन्दर्भमा वर्षौंदेखि व्याप्त अविकास, गरीबी, रोगव्याध, पछौटेपन, अशिक्षा, असुविधा, अन्याय, भेदभावको दुश्चक्रमा पिल्सिएका आम स्थानीयवासीमा नयाँ परिवर्तन र राज्य व्यवस्थाले आशाको सञ्चार गराएको छ।

मूलतः **स्थानीय सरकार सञ्चालन ऐन २०७४** ले **नेपालको संविधान**को **अनुसूची ८** मा उल्लेख भएका स्थानीय तहको अधिकारको थप व्याख्या गरी स्थानीय सरकारलाई स्थानीय स्तरका समग्र विकासका योजनाहरू निर्माण, कार्यान्वयन तथा अनुगमन गर्ने अधिकार प्रदान गरेको छ। ऐनको **परिच्छेद -३ दफा ११** को **उपदफा २ (छ) (१) मा** स्थानीय स्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन अनुगमन, मूल्याङ्कन र नियमन साथै **बुँदा नं. २** मा आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने अधिकार समेत स्थानीय सरकारलाई प्रदान गरेको सन्दर्भमा यस कालिमाटी गाउँपालिकाको समग्र गाउँपालिका विकास गुरुयोजना तयार पार्न लागिएको हो।

कुनै पनि स्थानको समग्र विकासको ढोका खोल्ने महत्वपूर्ण भूमिका भौतिक तथा आर्थिक विकासले खेल्ने भएकोले विकास गुरुयोजना निर्माण गर्दा भौतिक विकास र आर्थिक विकासको आधार खाका तयार पार्नु एकदमै महत्वपूर्ण काम हो। यो गुरुयोजनाले यस गाउँपालिकाको वस्तुगत भौतिक अवस्थाको यकिन तथ्याङ्क सहितको आधार नक्सा तथा अन्य विषयगत तथ्यहरूको विवरण तयार पारी सोको आधारमा अल्पकालीन,

मध्यकालीन र दीर्घकालीन कार्ययोजना र रणनीतिहरू तयार पारेको छ। एकातर्फ अव्यवस्थित र योजना विहीन विकास क्रियाकलापले हामीलाई सही दिशा निर्देश गर्दैन भने अर्कोतर्फ समय र स्रोतको समेत उच्चतम सदुपयोग हुन सक्दैन। तसर्थ निर्दीष्ट समय सीमाभित्र रही निश्चित प्रकारका विकास योजनाहरूलाई निर्दीष्ट उपलब्धीहरू हासिल गर्ने हेतुले निर्माण गर्दा विकासका क्रियाकलापहरू व्यवहारिक, समय सान्दर्भिक र उच्च प्रतिफलमुखी हुन जान्छन्। तसर्थ यस गाउँपालिकामा उपलब्ध साधन र स्रोतको उच्चतम सदुपयोग गरी निर्दीष्ट समय सीमाभित्र रही, निर्दीष्ट उद्देश्य हासिल गर्न यस प्रकारको विकास गुरुयोजनाको आवश्यकता परेको हो।

## १.२ योजनाको उद्देश्य

यस गुरुयोजनाको मूल उद्देश्य कालिमाटी गाउँपालिकाको बृहत् गुरुयोजना निर्माण गर्नु हुनेछ, जस अन्तर्गतः

- गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्य योजना तयार पार्ने
- सो कार्यका लागि गाउँपालिकाको स्पष्ट आधार नक्सा तयार पार्ने
- भू-उपयोग योजना तयार पार्ने
- भौतिक पूर्वाधार विकास योजना तयार पार्ने
- सामाजिक-सांस्कृतिक विकास योजना तयार पार्ने
- आर्थिक विकास योजना तयार पार्ने
- वातावरण तथा विपद् व्यवस्थापन योजना तयार पार्ने
- सेवा प्रवाह तथा संस्थागत विकास योजना तयार पार्ने
- व्यापक जनसहभागितामा क्षेत्रगत लक्ष्य, उद्देश्य, अपेक्षित परिणाम र कार्यक्रमहरूको निर्धारण गर्ने

## १.३ अपेक्षित उपलब्धीहरू (Expected Outcomes)

बृहत् गाउँपालिका विकास गुरुयोजना निर्माणको दौरान निम्न उपलब्धीहरू हासिल हुने अपेक्षा गरिएको छ।

### १.३.१ गाउँपालिकाको बृहत् आधार नक्सा तयार पार्ने (Prepration of Base Map)

यो गाउँपालिकाको समग्र वस्तुगत स्थितिका बारेमा स्पष्ट हुन सम्पूर्ण भौगोलिक, सामाजिक, प्राकृतिक स्रोत साधन तथा बस्तीहरूको विस्तृत विवरण खुलेको स्रोत नक्सा निर्माण गर्ने। सोही नक्साका आधारमा योजनाविद् तथा सर्वसाधारणले आगामी १५ वर्ष (२०७५ -२०९०) का लागि आगामी दिनमा गाउँपालिका विकासका लागि अत्यावश्यक स्रोत र साधनहरूको वस्तुगत मूल्याङ्कन गरी थप आवश्यकताहरूको पहिचान गर्न सहज हुनेछ। आधार नक्सा तयार पार्दा विषयगत आधारमा फरक-फरक क्षेत्रसँग सम्बन्धित नक्साहरू निर्माण गरिएको छ। नक्सामा उल्लेखित तथ्यहरूलाई साधारणतया सबैले बुझ्न सहज होस् भन्ने हेतुले सो विवरण निर्देशक समिति तथा गाउँपालिकावासीको सहभागितामा अध्ययन टोलीको स्थलगत अध्ययन पश्चात् सङ्कलन गरेका तथ्यहरूमा आधारित छन्। नक्सामा माथि उल्लेखित विकासात्मक पक्षहरूसँग सम्बन्धित निम्न तथ्यहरू स्पष्ट पारिएको छ।

स्रोत नक्साले समेट्ने उपलब्ध भएसम्मका निम्नानुसारका अवयवहरू

- भू-सूचना प्रणालीमा आधारित गल्ली तथा सडकहरू छुट्टिने नक्सा
- बस्ती शृङ्खलाको पदचाप देखिने अर्थात् मानव निर्मित भवनहरूको (छाया) नक्सा
- जनसाङ्ख्यिक वितरण छुट्टिने नक्सा
- वर्तमान भू-उपयोग स्पष्ट देखिने नक्सा
- वर्तमान भू-आवरण खुल्ने नक्सा (उपलब्ध भएसम्म आवास क्षेत्र, व्यावसायिक क्षेत्र , औद्योगिक क्षेत्र, कृषि क्षेत्र, वन क्षेत्र, प्राकृतिक स्रोतहरू, गुठीको जमिन, सार्वजनिक क्षेत्र)
- धरातलीय स्वरूप
- जलाधार क्षेत्र
- सडक सञ्जाल (विभिन्न वर्गका सडकहरू, चक्रपथ, राष्ट्रिय राजमार्गहरू, जिल्ला सडक, ग्रामीण सडक आदि)
- सवारी पार्किङ स्थलहरू, सार्वजनिक यातायात मार्ग, विमानस्थल वा हेलीप्याडहरू
- पिउने पानी (मुख्य आपूर्ति प्रणाली, पानी प्रशोधन केन्द्रहरू, सार्वजनिक पानी ट्याङ्की, वर्षात्को पानी सङ्कलन गर्ने केन्द्रहरू, ढल निकास प्रणाली आदि)
- विद्युत् तथा उर्जा (उत्पादन, प्रसारण तथा वितरण लाइन, सार्वजनिक सडक बत्ती, लघु विद्युत् आयोजना, सोलार प्यानल (सौर्य उर्जा) आदि
- सार्वजनिक सेवाहरू (स्वास्थ्य, शिक्षा, प्रहरी (सुरक्षा), उद्धार टोली, शवदाह वा चिहानस्थलहरू, प्रशासनिक सेवा, सूचना तथा सञ्चार सेवा)

### १.३.२ गाउँपालिकाको पार्श्वचित्र (Rural Municipality Profile)

कालिमाटी गाउँपालिकाको समग्र वस्तुगत विवरण झल्कने पार्श्वचित्र तयार पारिएको छ। सो पार्श्वचित्रमा आधारभूत सूचनाहरू सहित सम्पूर्ण क्षेत्रहरूलाई समेटिएको छ। जस अन्तर्गत भौतिक, सामाजिक, सांस्कृतिक, जनसाङ्ख्यिक, वित्तीय, प्राकृतिक स्रोतहरू, वन, वातावरण आदिको अवस्था र यी क्षेत्रका समस्याहरू, चुनौती र समाधानका उपायहरू समेत समावेश गरिएको छ।

### १.३.३ विश्लेषण (Analysis)

गाउँपालिकाको समग्र वस्तुगत अवस्थाको बारेमा आवश्यक सम्पूर्ण सूचनाहरू तयार भएपश्चात् प्राप्त सूचनाको आधारमा विभिन्न पक्षहरूसँग सम्बन्धित चलहरूको प्रवृत्ति विश्लेषण गरिएको छ। उदाहरणका लागि जनसङ्ख्या वृद्धिदर, बसाइँसराइ, मागहरू, आपूर्तिको अवस्था, सेवाप्रवाह, रोजगारी, शिक्षा, कृषि, उद्योग, पर्यटन आदिको अवस्था र यी क्षेत्रमा देखिएका परिवर्तनहरू, विभिन्न अवसरहरू, समस्याहरू तथा चुनौतीहरूको विश्लेषण गरिएको छ।

### १.३.४ स्थानिक विश्लेषण (Spatial Analysis) तथा वित्तीय विश्लेषण (Financial Analysis)

गाउँपालिकाको भौगोलिक अवस्थिति तथा उपलब्ध जमिनको आधारमा मानव बस्ती विकसित भैरहेका क्षेत्रहरू तथा सम्भावित मानवीय गतिविधिका क्षेत्रहरूको विवेचना गरी वित्तीय विश्लेषण गरिएको छ। वित्तीय विश्लेषण खण्डमा यो गाउँपालिकाको आम्दानी तथा खर्चको प्रवृति र विवरण उल्लेख गरिएको छ र सम्भावित वित्तीय स्रोतहरूको प्रक्षेपण/विश्लेषण समेत गरिएको छ।

## १.४ योजना तयारीका विधि र चरणहरू (Methodology)

### १.४.१ कार्यविधि (Methodology)

गुरुयोजना निर्माणको कार्यविधिलाई निम्न चरणहरूमा विभाजन गरिएको छ ।

**क. स्थलगत सर्वेक्षण तथा सरोकारवालाहरूसँग छलफल (Field Survey and Discussion with Stakeholders)** : योजना क्षेत्रको अवलोकन भ्रमणका दौरान विभिन्न समूहसँग छलफल गर्न प्रश्नावली तयार गरिएको छ । सम्बन्धित निकायका पदाधिकारीहरू, विशेषज्ञ, जनप्रतिनिधि, स्थानीय बुद्धिजीवी, नागरिक समाज, सरकारी, गैर सरकारी तथा निजी क्षेत्र, महिला समुह, न्यून आय/पिछडिएका वर्ग आदिसँग अन्तर्वार्ता, अन्तरक्रिया एवम् छलफल गरी जानकारी एवम् सुझाव प्राप्त गरिएको छ । प्रश्नावली समेत प्रयोग गरी आवश्यक प्राथमिक सूचना तथा तथ्याङ्कहरू सङ्कलन गरिएको छ ।

**ख. द्वितीय तथ्याङ्क अध्ययनबाट सूचना सङ्कलन (Study and Collection of Secondary Level Data) :** सम्बन्धित क्षेत्रहरूको द्वितीय तथ्याङ्क एवम् सूचनाहरूमा नेपालको संविधान, दिगो विकास लक्ष्य, सङ्घीय, प्रादेशिक र जिल्ला स्तरका सम्वन्धित निकायहरूबाट प्रकाशित भइसकेका पुस्तक, प्रतिवेदन, लेख, अभिलेख, स्मारिका, तथा टोपो नक्सा, गुगल फोटो समेत अध्ययन गरी सङ्कलन गरिएको छ । यस अध्ययनसँग सम्बन्धित नीति, रणनीति, नियम, मापदण्ड आदि उपलव्ध भएसम्म संलग्न गरिएको छ । प्राप्त सूचना एवम् तथ्याङ्कहरूलाई परिष्कृत गरी अध्ययनलाई पूर्णता दिने प्रयास गरिएको छ ।

**ग. तथ्याङ्क प्रशोधन तथा विश्लेषण (Data Processing and Analysis) :** गुरुयोजनाको यस चरणमा प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्क एवम् सूचना प्रशोधन गरी उपयुक्त ढाँचा (चित्र, तालिका, चार्ट, डायग्राम आदि) मा प्रस्तुत गर्ने कार्य गरिएको छ । प्रशोधित सूचना तथा तथ्याङ्क विश्लेषण गरी निष्कर्ष, पुष्ट्याईं र पृष्ठपोषण तयार पारिएको छ । यसैको आधारमा गुरुयोजना क्षेत्रको निर्धारण तथा योजना र कार्यक्रमहरूको पहिचान गरिएको छ ।

### १.४.२ सङ्कलित तथ्याङ्क विश्लेषणका लागि SWOT (Strengths, Weaknesses, Opportunities and Threats) विश्लेषण विधि अपनाइएको

सम्बन्धित गाउँपालिका क्षेत्रको तथ्याङ्क विश्लेषणको लागि साधनको रूपमा यस SWOT विश्लेषण विधि अपनाइएको छ। यस विधिमा उपरोक्त स्थानका सबल पक्षहरू, दुर्बल पक्षहरू, अवसरहरू तथा चुनौतीहरूको विस्तृत जानकारी प्राप्त गरी ती पक्षहरूको अन्तरसम्बन्धको अध्ययनमार्फत गाँउपालिकाको बृहत् गुरुयोजना तयार पारिएको छ । उक्त विधि यस प्रकार छ :

- **सबल पक्ष:** उद्देश्य प्राप्तिका लागि यस गाउँपालिकामा भएका स्रोत, साधन र क्षमताको उचित उपयोग, यस स्थानको योजना तथा क्रियाकलापको लागि विद्यमान सकारात्मक र सहयोगी पक्षहरू आदि ।
- **दुर्वल पक्ष :** उद्देश्य प्राप्तिको लागि यहाँ भएको स्रोत साधनको सीमितता ।

- **अवसरहरू :** यस स्थानको आवश्यक विकासको लागि आर्थिक भिन्नता घटाउने तथा द्रुत गतिमा आर्थिक विकास गर्नका लागि यस क्षेत्रमा भएका सम्भाव्य र साथ दिन सक्ने पक्षहरू ।
- **चुनौतीहरू :** यस स्थानको आवश्यक विकासको बाधकको रूपमा आइपर्ने मुख्य चुनौती, बाधा तथा व्यवधानहरूको अध्ययन गरिएको छ ।

## (क) SWOT विश्लेषणको ढाँचा




## (ख) योजना तर्जुमा (Plan Preparation)

माथि उल्लेख गरिएको विश्लेषणको सार तथा निचोडको आधारमा योजना क्षेत्रको गुरुयोजना तथा कार्यक्रम तर्जुमा गरी पेश गरिएको छ ।

अध्ययन कार्यमा गनउँपालिकावासीहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नका लागि उपयुक्त औजारका रूपमा सहभागितात्मक छरितो/द्रुत मूल्याङकन (Participatory Rural Appraisal) विधि अपनाइएको छ ।

## (ग) सहभागितात्मक छरितो मूल्याङ्कन (Participatory Rural Appraisal)

यस विधिको माध्यमबाट गाँउपालिकाको वडास्तरमा स्थानीयवासी, वुद्धिजिवी, विज्ञ, कर्मचारी, शिक्षक तथा जनप्रतिनिधिहरूलाई सहभागी गराई उनीहरूको विचार र सल्लाहबाट गाउँपालिकाको समस्या र सवालहरूको विषयमा जानकारी लिइएको छ । छोटो समयमा नै निचोडमा पुग्न यस विधिलाई उपयुक्त ठहर गरी विकास गुरुयोजना तयार पारिएको छ ।

## (घ) PRA मा अपनाइएका विधिहरू

१. **द्वितीय तथ्याङ्क सङ्कलन विधि अन्तर्गत** विकाससँग सम्वन्धित पुस्तक, लेख वा रचना भू-नक्शा गुगल फोटो र सम्बन्धित तथ्याङ्क पुस्तकहरू अध्ययन गरिएको छ ।

२. प्राथमिक तथ्याङ्क सङ्कलन विधि अन्तर्गत प्रश्नावली तथा अन्तरक्रियाबाट प्राप्त सुझाव समेटिएको छ ।

३. अन्तरक्रियामा निर्देशक समितिका पदाधिकारीहरूसँग समन्वय तथा अन्तरक्रिया गरिएको छ ।

४. उनीहरूको तर्फबाट आएका सुझाव तथा सल्लाहलाई प्राथमिकताका साथ महत्व दिइएको छ ।

५. स्थलगत सर्वेक्षण गरी समस्या र समाधानको उपाय बारे अध्ययन गरिएको छ ।

६. संस्थागत विश्लेषण (Institutional Analysis) अन्तर्गत सेवा प्रवाहका संयन्त्रहरूको अवस्था र प्रभावकारीताका बारेमा अध्ययन र विश्लेषण गरिएको छ ।

## (ङ) कार्यविधिको कार्य प्रवाह (Methodology Flow Chart)




### १.४.३ योजना तर्जुमा दृष्टिकोण (Planning Approach)

- ✓ यस बृहत् विकास गुरुयोजनालाई सङ्घीय, प्रादेशिक, जिल्लास्तरीय तथा स्थानीय स्तरका योजनाहरूसँग आबद्ध गरी समग्र विकास योजना प्रणालीको एक महत्वपूर्ण अङ्गको रूपमा हेर्ने प्रयास गरिएको छ ।
- ✓ विगतमा गाउँपालिकाभित्र भएका अध्ययनहरूमा समाविष्ट योजना अवधारणाहरू एवम् गाउँपालिकाको आ.व. २०७४/०७५ र २०७५/०७६ को नीति, कार्यक्रम तथा विकास योजना, राष्ट्रिय शहरी नीति, राष्ट्रिय शहरी विकास रणनीतिले निर्दीष्ट गरेको योजना अवधारणालाई आत्मसात् गर्ने प्रयास गरिएको छ ।

- ✓ तर्जुमा गरिने सम्पूर्ण योजनाहरू गाउँपालिकाको दीर्घकालीन सोचसँग समन्वय हुने गरी तर्जुमा गर्ने प्रयास गरिएको छ ।
- ✓ कार्यक्रम/ आयोजनाहरू पहिचान गर्दा दीर्घकालीन सोच, गाउँपालिकावासीहरूको तर्फबाट सुझावका रूपमा आएका समस्या र कार्यक्रमहरूलाई आधार मानी तय गर्ने प्रयास गरिएको छ ।
- ✓ सीमित साधन स्रोतलाई मध्यनजर राखी योजना तर्जुमा प्रक्रियालाई सरलीकृत गरी योजना तर्जुमा गरिएको छ ।
- ✓ योजना तर्जुमा कार्यलाई दिशानिर्देश गर्न गाउँपालिका अध्यक्षज्यूको नेतृत्वमा एउटा निर्देशक समिति (Steering Committee) निर्माण गरिएको थियो ।

## १.५ क्षेत्रगत लक्ष्य, उद्देश्य, प्रतिफल र कार्यक्रमहरू

विभिन्न क्षेत्रगत क्रियाकलापहरू सामान्यतया तर्कसङ्गत रूपरेखा विधी (LFA) को प्रयोग गरी तयार पारिएको छ र सम्भव भएसम्म ती क्रियाकलापहरू कार्यसम्पादन सूचकाङ्क र ती सूचकाङ्कहरूलाई पर्याप्त आधारहरूद्वारा पुष्टि गरिएको छ । पर्याप्त तथ्याङ्कहरू उपलब्ध हुन नसकेको खण्डमा र सूचकाङ्कहरू तयार पार्न सम्भव नभएको खण्डमा टोली प्रमुखले विज्ञ, सल्लाहकार समिति र प्राविधिक कार्यसमितिको परामर्श र सहमतीमा तर्कसङ्गत रूपरेखा विधिमा आवश्यक परिवर्तन गर्न सक्नेछन् । यो गुरुयोजनामा भौतिक प्राकृतिक र वातावरणीय व्यवस्थापन, सामाजिक र आर्थिक विकास, विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वित्तीय परिचालन र सेवा प्रवाह तथा संस्थागत विकास लगायतका क्षेत्रगत क्रियाकलापहरू समावेश भएका छन् । यी क्षेत्रगत क्रियाकलापहरूको योजना र कार्यक्रमहरू उपसमितिहरूको निर्माण गरी तयार गरिनेछ । यस्ता योजना र कार्यक्रमहरूको निर्माण गर्दा नेपालको संविधानले व्यवस्था गरेका मौलिक हक, दिगो विकास लक्ष्यहरू, गरिबी निवारण र सामाजिक समावेशीकरणजस्ता राष्ट्रिय चासोहरूलाई समेत विशेष ख्याल गरिएको छ ।

## १.६ दीर्घकालीन भौतिक विकास योजना (PDP)

भौतिक विकास योजनामा कम्तिमा आगामी १५ वर्ष अवधिका लागि ध्यान दिँदै यो गाउँपालिकाले सोचेजस्तो भौतिक विकास योजनाको प्रारूप प्रस्तुत गरिएको छ । साथै यो गाउँपालिकामा रहेको जमिनलाई शहरी क्षेत्र, शहरी बिस्तार क्षेत्र, आवास क्षेत्र, औद्योगिक क्षेत्र, प्राकृतिक स्रोत क्षेत्र (वन) र विपद् जोखिम क्षेत्र जस्ता विभिन्न क्षेत्रहरूमा वर्गीकरण गरिएको छ । त्यस्तो भौतिक योजनालाई ती जमिनहरूको प्रयोगको अवस्था, वातावरणीय हिसाबले संवेदनशील क्षेत्रहरू र सडक सञ्जाल, यातायात, पिउने पानी र ढल निकास, सञ्चार तथा विद्युतीकरण लगायतका पूर्वाधारहरूको विषयगत प्राप्त तथ्याङ्क र नक्साङ्कनको माध्यमबाट प्रस्तुत गरिएको छ । यसका साथै यो गाउँपालिका क्षेत्रभित्र उपलब्ध खुला भूभागको स्तरीकरण पनि गरिएको छ । यो योजनालाई आर्थिक तथा सामाजिक तथ्याङ्क र गाउँपालिकाका आर्थिक तथा सामाजिक पूर्वाधारहरूको विषयगत नक्साङ्कनद्वारा प्रस्तुत गरिएको छ । उपलब्ध जमिनलाई गाउँपालिकाका शहरी पूर्वाधारहरूको विकास गर्नका लागि प्रयोग गर्न रणनीतिक कदम तथा सुझावहरूसमेत दिइएको छ ।

## १.७ सामाजिक विकास योजना

सामाजिक विकास योजनाले सर्वसाधारणको जीवनमा स्पष्टरूपमा गुणात्मक परिवर्तन ल्याउनका लागि योगदान गर्नुपर्दछ । सामाजिक विकास योजनालाई प्राथमिकता र महत्व दिइएको हालको परिप्रेक्ष्यमा यसमा विशेष ध्यान दिनु अति आवश्यक छ । यो गाउँपालिकाको सामाजिक वस्तुस्थितिको विश्लेषणका आधारमा योजना निर्माण गरिएको छ । सामाजिक विकास योजनाले निम्नलिखित पक्षहरूलाई समेटेको छ ।

- शिक्षा
- स्वास्थ्य
- सुरक्षा (भौतिक तथा सामाजिक) तथा संरक्षण
- मूल प्रवाहीकरण (GESI): महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र पछाडि पारिएका समुदाय तथा समूहहरू र दलित, जनजाति, लैङ्गिक अल्पसङ्ख्यक, लोपोन्मुख र अति सीमान्तकृत समुदाय
- सांस्कृतिक क्रियाकलाप तथा खेलकुद
- पार्क, बगैंचा र खुला भूभागको वर्गीकरण र स्तरीकरण
- पुस्तकालय, साहित्य, मनोरञ्जन अन्तर्गत (कला, नाट्यकला, फिल्म) आदि
- सूचना केन्द्र, वाचनालय, सार्वजनिक स्थल
- गाउँपालिकाको आवश्यकताका आधारमा अन्य पक्षहरू

## १.८ आर्थिक विकास योजना

यो गुरुयोजनाको एउटा महत्वपूर्ण अङ्ग आर्थिक विकास योजना हो जसले यो गाउँपालिकाका आर्थिक क्रियाकलापहरूमा प्रत्यक्ष योगदान दिई गाउँपालिकाको समग्र विकास प्रक्रियालाई सहयोग पुऱ्याउँछ। आर्थिक विकासले नै गाउँपालिकाको दीर्घकालीन समृद्धिमा प्रमुख भूमिका खेलेको हुन्छ। गाउँपालिकाको एउटा विशिष्ट आर्थिक पहिचान हुनु एकदमै आवश्यक हुन्छ। त्यस्तो परिचय गाउँपालिकाको हाल विद्यमान आर्थिक क्रियाकलापहरूमा आधारित हुन्छ वा नयाँ आर्थिक विशेषताहरू जस्तैः खेल शहर, वा सूचना प्रविधि शहर वा पर्यटन शहर र व्यापारिक शहर आदि परिचयहरू थपेर समेत निर्माण गर्न सकिन्छ। यो बृहत् गुरुयोजनाले कालिमाटी गाउँपालिकालाई आफ्नो क्षमतामा आधारित आर्थिक परिचय स्थापित गर्न सहयोग पुऱ्याउनेछ। आर्थिक योजनाले निम्नलिखित पक्षहरूलाई समेटेको छ :

- आर्थिक विकास योजना : (तुलनात्मक लाभका आर्थिक क्षेत्रहरू)
- उद्योग विकास (गाउँपालिका क्षेत्रभित्रका उद्योगहरूको तुलनात्मक लाभका आधारमा)
- व्यापार प्रवर्द्धन
- कृषि विकास (कृषि तथा वन पैदावारको उत्पादन र बजारीकरण-शीत भण्डारण निर्माण, पशु तथा तरकारी बजार विकास आदि)
- पर्यटन
- बैंक, वित्तीय संस्था तथा सहकारी
- आवश्यकताका आधारमा गाउँपालिकाका अन्य क्रियाकलापहरू

## १.९ वातावरण तथा विपद् व्यवस्थापन योजना

स्थानीय पर्यावरणीय प्रणालीको संरक्षण र प्रबर्द्धन गर्नु विकासको अपरिहार्य पक्षहरू मध्येको एक हो। साथै वातावरणसँग जोडिएको अर्को चुनौतीपूर्ण विषय भनेको प्राकृतिक र मानव सिर्जित विपद्हरूको सामना गर्ने संयन्त्र निर्माण तथा कम भन्दा कम धनजनको क्षति हुने वातावरण निर्माण गर्नु हो। विकसित समाजमा विपद् न्यूनीकरण तथा व्यवस्थापनका वैज्ञानिक संयन्त्र निर्माण गरिएको हुन्छ। तसर्थ गाउँपालिकाको निम्न पक्षहरू समेटेर वातावरण तथा विपद् व्यवस्थापन योजना निर्माण गरिएको छ।

- वन तथा भू-संरक्षण सम्बन्धी योजना र कार्यक्रमहरू

- जलाधार संरक्षण सम्बन्धी योजना र कार्यक्रमहरू
- जलवायु परिवर्तन सम्बन्धी योजना र कार्यक्रमहरू
- फोहरमैला व्यवस्थापन सम्बन्धी योजना र कार्यक्रमहरू
- जल उत्पन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यक्रमहरू

## १.१० सेवा प्रवाह, सुशासन तथा संस्थागत विकास सम्बन्धी योजना

लोकतान्त्रिक शासन पद्धतिमा राज्यद्वारा जनताका लागि प्रवाह गरिने सेवा तथा सुविधाको स्तरले कुनै पनि स्थानको विकासको स्तर मापन गर्न सकिन्छ । अर्थात् सेवा प्रवाह सुशासनको प्रत्याभूति गर्न राज्यले निर्माण गरेका संस्था तथा संस्थाहरूलाई चलायमान राख्ने मानव संसाधनको आवश्यकता पर्दछ । साथै यस्ता संस्थाहरूलाई सुदृढ बनाउने योजनाहरू निर्माण गर्न जरुरी भएकोले यस बृहत् गुरुयोजना अन्तर्गत सेवा प्रवाह, सुशासन तथा संस्थागत विकास सम्बन्धी योजना निर्माण गरिएको छ । यो योजनाले निम्न विषयहरूलाई समेट्दछ :

- मानव संसाधन विकास
- संस्थागत क्षमता विकास
- सेवा प्रवाह मापदण्ड निर्धारण
- सेवा प्रवाहमा विद्युतीय सूचना प्रणालीको प्रयोग
- लेखा व्यवस्थापन
- राजश्व परिचालन
- वित्तीय अनुशासन
- आन्तरिक लेखा परीक्षण
- आन्तरिक नियन्त्रण प्रणाली
- अन्तिम लेखा परीक्षण तथा बेरुजु फछ्र्यौट
- अनुगमन तथा मूल्याङ्कन

## १.११ कार्यक्षेत्र

यो बृहत् गुरुयोजनाको कार्यक्षेत्र अपेक्षित प्रतिफल र उद्देश्यमा उल्लेख भएबमोजिम निम्नलिखित छन् । यद्यपि यो बृहत् गुरुयोजना तलका बुँदाहरूमा मात्र सिमित भने हुने छैन ।

- यो गाउँपालिकाको स्पष्ट दीर्घकालीन सोच निर्माण गरिएको छ । त्यस्तो दीर्घकालीन सोचमा यो गाउँपालिका र जनताका इच्छा, चाहनाहरूलाई मुखरित गरी यो योजना कार्यान्वयनका लागि निर्देशक सिद्धान्त र प्राथमिकता समेत प्रदान गरिएको छ ।
- भू-नक्सा र हालको विद्यमान जमिन प्रयोगको आधारमा समग्र गाउँपालिका क्षेत्रको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन (५, १० र १५ वर्ष) जमिन उपयोग योजना तयार गरिएको छ । यो गुरुयोजनामा जमिन उपयोग योजनाको सैद्धान्तिक विवरण, विश्लेषण, तथ्य र चित्रहरू संलग्न छन् ।
- जमिन सुहाउँदो र अन्य तत्वहरूको आधारमा शहरी विकासका लागि सम्भावित क्षेत्रहरूको पहिचान गरिएको छ ।

- विद्यमान सामाजिक पूर्वाधारहरू जस्तै : शिक्षा, स्वास्थ्य, खेलकुद, सञ्चार, सुरक्षा लगायतका अन्य सामुदायिक सुविधाहरूको गहन अध्ययन, खोज र विश्लेषण गरिएको छ र वर्तमानमा रहेका कमी र भविष्यका आवश्यकता र सम्भावनाहरूलाई समेत सम्बोधन गरिएको छ। यी पूर्वाधारहरूका लागि आवश्यक पर्ने स्थान र जमिन आधार नक्सामा पहिचान गरिएको छ।
- अति आवश्यक, संवेदनशील र प्राकृतिक स्रोतहरूको पहिचान तथा मूल्याङ्कन र विश्लेषण गरिएको छ। पार्क, बगैंचा, हरित क्षेत्र, मनोरञ्जन क्षेत्र आदिको संरक्षण र हेरचाह (रेखदेख) गरी भविष्यमा हुने विकासबाट यी क्षेत्रहरूमा पर्ने नकारात्मक असरलाई कम गर्ने योजना निर्माण गरिएको छ। यी क्षेत्रहरूको संरक्षण र रेखदेखका लागि आवश्यक पर्ने वित्तीय स्रोतको एकाईगत अनुमान गरिएको छ र उक्त स्रोतको भविष्यको आवश्यकता समेत निर्धारण गरिएको छ।
- सरकारी तथा सार्वजनिक उद्देश्यका लागि भविष्यमा आवश्यक पर्ने जग्गाको बिस्तार र विकास गर्नका लागि सरकारी, गुठी र सार्वजनिक जमिनको निर्क्योल गरिएको छ। त्यस्तो जमिनमाथि व्यक्ति, संस्था र अन्यद्वारा हुने अतिक्रमण रोक्नका लागि सुहाउँदो र प्रभावकारी योजना निर्माण गरी जमिन उपयोगको दीर्घकालिन नीति बनाइएको छ।

## १.१२ योजना तयारीको पद्धति

### १.१२.१ तथ्याङ्क सङ्कलन र विश्लेषण

यस बृहत् गुरुयोजनाको तयारी प्राथमिक र द्वितीय तथ्याङ्कमा आधारित रहेर गरिएको छ। खासगरी भू-उपयोगको ढाँचासँग सम्बन्धित प्राथमिक तथ्याङ्क, पुराना विद्यमान तथा नयाँ खोलिएका सडकहरू, तिनीहरूको गुणस्तर, जमिनको मूल्य र वातावरणीय समस्याहरूलाई GIS/भू-नक्सा मार्फत गरिएको भौतिक नक्साङ्कन, कार्यक्षेत्र अनुगमन, प्राविधिक अनुसन्धान र अन्तर्वार्ता आदिको प्रयोग गरी गरिएको छ। यसका लागि शहरी विकाससँग सम्बन्धित अन्तर्राष्ट्रिय अभ्यास, दस्तावेज, साहित्य र शहरी विकास तथा भवन निर्माण विभाग, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रकाशित वा अप्रकाशित नीति, निर्देशन, मूल्य मान्यताका बारेमा जानकारी राखिएको छ। गाउँपालिका तहका समस्याहरू पहिचान र आवश्यकताको निर्धारण गाउँपालिका कार्यालय वा पायक पर्ने स्थानमा स्थानीय बासिन्दाहरूसँगको भेला, बैठक तथा अन्तरक्रियाको आयोजना गरी सहभागितात्मक छरितो/द्रुत लेखाजोखामार्फत् गरिएको छ। गाउँपालिका स्तरका समस्या र चासोहरूको बारेमा खास खास नागरिकहरू पदाधिकारीहरू (गाउँपालिका र सरकारी) तथा कर्मचारी र गाउँपालिकाको बैठकद्वारा तय गरिएको छ। भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय र संस्थागत तथ्याङ्क, गाउँपालिकाको रेकर्ड, अर्काइभ, प्रतिवेदन, पार्श्वचित्र, प्रकाशित प्राज्ञिक र व्यावसायिक प्रतिवेदन, केन्द्रीय तथ्याङ्क विभागद्वारा प्रकाशित तथ्याङ्क आदिको सङ्कलन गरी ती तथ्याङ्कको विश्लेषण गरिएको छ। यसका अलावा भौगोलिक सूचना प्रणाली र फोटोहरू मार्फत् स्थानीय वस्तुस्थितिको विश्लेषण गरिएको छ।

### १.१२.२ योजना र योजना स्वीकृतिको प्रक्रिया

- गाउँ कार्यपालिका, गाउँपालिकावासी, स्थानीय राजनीतिक नेता वा प्रतिनिधि र सरोकारवालाहरूको सहभागितामा गाउँपालिकाको परिषद्ले क्षेत्रगत योजना र अन्तिम बृहत् गुरुयोजना अनुमोदन गर्नेछ।

- गाउँपालिकाको विज्ञ टोलीद्वारा योजनाको समीक्षा गरिनेछ ।
- बृहत् गुरुयोजनालाई समीक्षाका लागि निर्देशक समितिमा पेश गरिनेछ । निर्देशक समिति गाउँपालिका तहमा गुरुयोजना स्वीकृत गर्ने उच्च निकाय होइन तथापि यसले सहजीकरण भने गर्नेछ ।
- गाउँपालिका कार्यपालिकाको बैठकद्वारा निर्णय भएपश्चात् गाउँपालिका सभाद्वारा यसलाई स्वीकृत गरिनेछ ।
- यसरी स्वीकृत बृहत् गुरुयोजना सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिने छ र क्रमशः कार्यान्वयन हुँदै जानेछ ।

# खण्ड २ : कालिमाटी गाउँपालिकाको दीर्घकालीन सोच र लक्ष्य

## २.१ गाउँपालिकाको दीर्घकालीन सोच र लक्ष्य

बृहत् गाउँपालिका विकास गुरुयोजनाले कालिमाटी गाउँपालिकालाई अबको १५ वर्ष (वि.सं. २०७५-२०९०) भित्र समग्र विकासको दृष्टिले कस्तो अवस्थामा पुऱ्याउने भन्ने दुरदृष्टि सहितको खाका निर्माण गर्ने भएकोले यस खण्डमा गाउँपालिकाको सोच (Vision), लक्ष्य (Mission) र उद्देश्य (Goals) लाई स्पष्ट पारिएको छ । साथै गाउँपालिकामा उपलब्ध प्राकृतिक स्रोतहरू तथा तिनको पूर्णतः सदुपयोग गर्ने मानव संसाधन नै भएकोले गाउँपालिकाको विकास लक्ष्य हासिल गर्ने निर्धारक तत्वहरूको वस्तुगत अवस्थालाई मध्यनजर गर्दै सोच, लक्ष्य र उद्देश्यहरू तय गरिएको छ ।

देशका अन्य गाउँपालिका तथा ग्रामीण परिवेशका नगरपालिकाहरू जस्तै भौतिक पूर्वाधार विकासका दृष्टिकोणले पछाडि रहेको यस गाउँपालिकाले गुरुयोजना निर्माण गर्दा भौतिक पूर्वाधार विकासको कार्यक्रमहरूलाई मुख्य प्राथमिकता दिएको छ। आर्थिक वर्ष २०७५/७६ को वार्षिक नीति तथा कार्यक्रममा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका अमूल्य प्राकृतिक स्रोत साधनको अधिकतम उपयोग गरी गाउँपालिकावासी, कर्मचारीहरू, विभिन्न सरकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, सम्पूर्ण विकास साझेदारहरू, सङ्घीय र प्रदेश सरकारको सहयोग र सहकार्यमा यस गाउँपालिकालाई विकास, सुख र समृद्धिका हिसाबले समुन्नत गाउँपालिकाको रूपमा स्थापित गर्ने लक्ष्य लिएको छ। यसर्थ गाउँपालिकाको दीर्घकालीन सोच **"तीव्र उत्पादनमुखी कृषि, वन र पर्यटन विकास मार्फत कालिमाटीको प्रबर्द्धन"** भन्ने रहेको छ ।

## २.२ गाउँपालिकाको दीर्घकालीन सोचका प्रमुख आधारहरू

### (क) वैधानिक आधारहरू

**नेपालको संविधान**को **अनुसूची ८** तथा **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को **दफा ११** को **उपदफा २ (छ)** बमोजिम नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली लागु भए पश्चात् स्वायत्त स्थानीय सरकारको रूपमा स्थानीय स्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार सङ्घीय तथा प्रादेशिक कानून तथा नीति नियमहरूसँग सङ्गत हुने गरी स्थानीय सरकारलाई नै प्राप्त भएकोले सो वैधानिक व्यवस्था बमोजिम यो गुरुयोजना निर्माण गरिएको छ। साथै संविधानको मर्म अनुरूप सङ्घीय, प्रादेशिक तथा स्थानीय स्तरमा निर्माण भएका सम्पूर्ण विद्यमान ऐन नियमहरूको सान्दर्भिक प्रावधान अनुरूप गुरुयोजनालाई अन्तिमरूप दिइएको छ ।

### (ख) नीतिगत आधारहरू

नेपाल सरकारले विभिन्न समय र चरणमा तयार पारेका राष्ट्रिय विकास नीतिहरू तथा समग्र क्षेत्रगत नीतिहरूको मर्म तथा अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेका प्रतिबद्धता तथा पक्ष राष्ट्र भई हस्ताक्षर गरेका बडापत्र महासन्धी, सन्धी तथा सम्झौताहरूको मर्मलाई समेत कायम राखी सङ्घीय र प्रादेशिक नीति तथा कार्यक्रमहरूसँग मेल खाने गरी यो गुरुयोजना निर्माण गरिएको छ। उदाहरणका लागि संयुक्त राष्ट्रसंघमा आबद्ध १९३ राष्ट्र सम्मिलित १७ वटा दिगो विकास लक्ष्यहरू (२०१५-२०३०) Sustainable Development Goals, अन्तर्राष्ट्रिय मानव अधिकार घोषणापत्र, विश्व संरक्षण नीति (World Conservation Strategies) लगायत विभिन्न समयमा नेपाल सरकारबाट गरिएका निर्देशनहरूलाई समेत हृदयङ्गम गरी यो गुरुयोजना निर्माण गरिएको छ ।

## (ग) गाउँपालिकाको वस्तुगत अवस्था तथा उपलब्ध स्रोतहरू

कर्णाली प्रदेशको सल्यान जिल्लामा व्यवस्थित कालीमाटी गाउँपालिका नेपालको मध्य पहाडी खण्ड अन्तर्गत पर्ने गाउँपालिका हो । वि. सं. २०६८ को राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार गाउँपालिकाको जनसंख्या २३,००५ रहेको छ । यस जनसंख्या मध्ये ११,३०० जना पुरुष र ११,७०५ जना महिला रहेका छन् । औसत घरधुरी आकार ५.३ जना प्रति परिवार रहेका छन् । कूल ५००.७२ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस गाउँपालिकाको कुल क्षेत्रफलको ७०.५७ प्रतिशत अर्थात् ३५३.३४ वर्ग कि.मि. वनजङ्गल, २५.३१ प्रतिशत अर्थात् १२६.७३ वर्ग कि.मि. खेतीयोग्य जमिन, ३.१६ प्रतिशत अर्थात १५.८४ वर्ग कि.मि. पानीले ओगटेको क्षेत्र र बाँकि अन्य क्षेत्र रहेको छ ।

समग्रतामा हेर्दा वनजङ्गलले ओगटेको क्षेत्र अत्यधिक र खेतीयोग्य क्षेत्र जम्मा २५.३१ प्रतिशत रहेकोले गाउँपालिकाको दीर्घकालिन विकासका लागि यहि वनजङ्गल क्षेत्रको दिगो व्यवस्थापन र सदुपयोग गरी विकास र समृद्धिको आधार तय गर्नुपर्ने देखिन्छ । पूर्वाधार विकासमा लगभग शुन्य प्राय रहेकोले समग्र भौतिक पूर्वाधारहरू जस्तै : सडक, विद्युत्, खानेपानी, आवास शहरी पूर्वाधार, विद्यालय, स्वास्थ्य केन्द्र आदिको आधारभूत तहबाट नै विकास गर्नुपर्ने देखिन्छ ।

गाउँपालिकामा रहेका मुख्य सडकहरूमा खलङ्गा लक्ष्मीपुर सडक, तल्सीपुर उपमहानगरपालिकाबाट रामपुर-बोटेचौर जोड्ने सडक, काभ्रा रामपुर सडक खण्ड र खलङ्गा-रामपुर-काल्चे हुँदै काभ्रेचौर जोड्ने सडकहरू रहेका छन् । यी सडकहरूले कालीमाटी गाउँपालिकाको समग्र विकासको ढोका खोल्ने प्रबल सम्भावना बोकेका भएपनि हालसम्म कच्ची अवस्थामा नै सिमीत रहेका छन् । तसर्थ विकासको पहिलो आधारशिलाको रूपमा रहेका यी सडकले निकटवर्ती ठूला उदाउँदा शहरहरू तुलसीपुर उपमहानगरपालिका, विरेन्द्रनगर नगरपालिका, सल्यान खलंगा, कोहलपुर हुँदै नेपालगञ्ज लगायतका शहरहरूलाई जोड्ने हुँदा उपभोक्ता बजारको पहुँच विस्तारै गर्दै ती शहरहरूबाट यस गाउँपालिकामा हुने सबै प्रकारका आर्थिक तथा अन्य क्रियाकलापहरूमा वृद्धि हुन जाँदा गाउँपालिकाको विकासको ठूलो आधार सिर्जना हुन सक्ने देखिन्छ ।

सामान्य प्रकारको स्वास्थ्य सेवा तथा सामुदायिक विद्यालयहरूले प्रदान गर्ने शिक्षा बाहेक उच्च गुणस्तरीय स्वास्थ्य तथा शिक्षा सेवा प्राप्त गर्न गाउँपालिकामा कुनै प्रकारको सुविधा छैन । यी क्षेत्रको समेत आधारभूत तहबाट नै विकास गर्नुपर्ने दखिन्छ । यी लगायत आर्थिक र सामाजिक क्षेत्रहरूले समेट्ने अन्य सबै उपक्षेत्रहरूको विकासको अवस्था समेत अत्यन्त कमजोर रहेकोले समग्र क्षेत्रलाई समेट्ने गरी सन्तुलित विकासको योजना तय गर्नुपर्ने अवस्था रहेको छ ।

विकासको सम्भावनाको दृष्टिले हेर्दा प्राकृतिक अवस्थामै रहेको वनजङ्गल क्षेत्र नै ७०.५७ प्रतिशत रहेकोले यस क्षेत्रको वैज्ञानिक र दिगो व्यवस्थापनमार्फत् जडीबुटी उत्पादन, जलाधार संरक्षण तथा उपयोग, पर्यापर्यटन प्रबर्द्धन, जैविक विविधता संरक्षणमार्फत् दीर्घकालिन विकास र समृद्धिको मार्ग प्रशस्त गर्न सकिन्छ । अर्कोतर्फ २५ प्रतिशत खेतीयोग्य जमिनको पूर्णरूपमा सदुपयोग हुन नसकेको र उपयोग भएको जमिनमध्ये समेत वैज्ञानिक र व्यावसायिक हिसाबले सदुपयोग नभएकोले सर्वप्रथम गाउँपालिकाको स्थानीय श्रोतको रूपमा रहेका यी वनजङ्गल र खेतीयोग्य जमिनको उच्चतम सदुपयोग गर्ने योजनालाई प्राथमिकता दिनुपर्ने अवस्था रहेको छ । सामान्यतया समुद्र सतहबाट ४५७ मि. देखि २,४०० मि. सम्म उचाइ रहेको यो गाउँपालिकामा भौगोलिक विविधताले सिर्जना गरेको जैविक विविधता नै एक सबल पक्ष हो । यसका साथै

शारदा र बबई नदीको जलाधार क्षेत्रलाई समेत विकासको अर्को सबल पक्ष मान्नु पर्दछ । यहाँको सबैभन्दा ठूले चुनौती भनेको कुनै पनि क्षेत्रको आधारभूत तहमा समेत विकासको आधर स्थापना नभएकोले समग्र क्षेत्रलाई आवश्यकताका आधारमा सन्तुलित ढंगले अगाडि बढाउनुपर्ने र त्यसका लागि आवश्यक बजेट तथा स्रोतको जोहो गर्नुपर्ने नै हो ।

आफ्नो क्षेत्रको योजना आफैले तयार गर्न सक्ने अधिकार प्राप्त स्थानीय सरकार भएकोले गाउँपालिकाले यी दुवै सबल पक्षहरू र चुनौतीहरूको पहिचान गरी योजना तर्जुमा गर्नुका साथै सोको सफल कार्यान्वयन गर्नुपर्ने अवस्था रहेको छ । यसर्थ गाउँपालिकाको दीर्घकालिन तर्जुमाको एक प्रमुख आधार नै यहाँको यो वस्तुगत अवस्था हो ।

हालसम्म पनि भौतिक पूर्वाधार विकासमा धेरै पछाडि परेको यो गाउँपालिकामा विकास निर्माणका योजनाहरू जस्तै : भौतिक पूर्वाधार अन्तर्गत सडक, पुल, विद्युत्, सिँचाइ, पिउने पानी, आवास जस्ता विषयहरू लगायत आर्थिक तथा सामाजिक विकासका आयामहरूलाई क्रमशः सम्बोधन गर्ने योजनाहरू तय गर्नु आवश्यक छ । गाउँपालिकाको यो वस्तुगत अवस्था नै बृहत् गुरुयोजना निर्माणको धरातलीय आधार भएकोले वनजङ्गल तथा बुट्यान क्षेत्रको वैज्ञानिक व्यवस्थापन र पुनरुत्थान, भूगोल र जलवायू अनुकुल कृषि, तरकारी, जडीबुटी, फलफूल खेती, नगदेबाली, पशुपन्छी पालन र स्थानीय सीप, स्रोत र साधनमा आधारित साना तथा मध्यम स्तरका उद्योग र पर्यटनको विकास मार्फत् समृद्धिको यात्रा तय गर्ने प्रचुर सम्भावना रहेकोले यी क्षेत्रहरूलाई प्राथमिकतामा राखी विकास योजना निर्माण गर्नु आवश्यक देखिन्छ ।

यो गाउँपालिकाको भू-धरातललाई विश्लेषण गर्दा यहाँको अधिकांश जमिन भौगोलिक जटिलतायुक्त छ । पूर्वाधार निर्माणको अवस्था समेत नाजुक रहेकोले दीर्घकालिन विकासका दृष्टिकोणले यो गाउँपालिकामा लगभग शुन्यबाट लक्ष्य तय गर्नु पर्ने अवस्था रहेको छ । सडक सञ्जाल नै भौतिक विकासको प्रमुख आधार भएतापनि यस गाउँपालिकामा सडकको अवस्था दयनीय छ । सामान्यतया आधारभूत मानवीय सेवाहरू जस्तै : शिक्षा, स्वास्थ्य, खानेपानी र सञ्चारको क्षेत्रमा समेत प्रशस्त मात्रामा निर्माण र प्रबर्द्धनका कार्यहरू गर्नुपर्ने अवस्था रहेको छ ।

भौगोलिक विविधतालाई प्रतिकूलतासँग जोडेर हेर्नु आफैंमा गलत हुन्छ । कुनै पनि विशिष्ट भौगोलिक स्थितिभित्र विशिष्ट सम्भावना लुकेको हुन्छ । भीरपहरामा खानी उत्खनन्, वैज्ञानिक वन व्यवस्थापन, भू-धरातलीय अवस्था अनुकूल हुने जडीबुटी तथा फलफूल उत्पादन, अलैंची, कफी जस्ता नगदेबाली लगायत विभिन्न जातका फलफूलहरूको व्यावसायिक उत्पादन र व्यावसायीकरण, घाँसे मैदानमा भू-सतहको उचाइ अनुसार भेँडापालन, बाखापालन, कुखुरापालन, माछापालन, हाँसपालन र अन्य स्थानीय सीप, श्रोत र साधनमा आधारित साना, मध्यम र ठूलास्तरका उद्योगहरूको स्थापनाका लागि सम्भाव्यता अध्ययन गरी लगानी गर्न सके गाउँपालिकाको विकासको बाटो कोर्न सकिन्छ । निकटवर्ती ठूला उदाउँदा शहरहरू तुलसीपुर उपमहानगरपालिका, घोराही उपमहानगरपालिका, वीरेन्द्रनगर नगरपालिका, सल्यान खलङ्गा, कोहलपुर हुँदै नेपालगञ्जसँग स्तरीय सडक सञ्जालमार्फत् जोडिन सकेको खण्डमा पर्यटनको विकास मार्फत् गाउँपालिकाले विकासको मुहार फेर्ने देखिन्छ । आन्तरिक तथा बाह्य पर्यटनको प्रबर्द्धनमार्फत् जनताको समग्र विकासको चाहनालाई मार्ग निर्देशन गर्न गाउँपालिकाको वस्तुगत अवस्थालाई मध्यनजर गरी यो योजना निर्माण गरिएको छ ।

### (घ) स्थानीय राजनैतिक दलहरूका घोषणापत्रहरू

यो गुरुयोजना निर्माणको दौरान यस गाउँपालिकामा रहेका राजनैतिक दलहरूले विभिन्न तहका चुनाव तथा अन्य समयमा गाउँपालिकावासीका माझ गरेका विकासका राजनैतिक प्रतिबद्धताहरूलाई समेत मध्यनजर गरी घोषणापत्रहरूका मर्मलाई एक वा अर्को तरिकाले सम्बोधन गर्ने प्रयत्न गरिएको छ।

### (ङ) गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमहरू

गाउँपालिका विकास गुरुयोजना निर्माणको प्रमुख आधारहरूमध्ये गाउँपालिकाले आ.व. २०७/०७५ र आ.व. २०७५/०७६ मा अवलम्बन गरेका नीति तथा विकास कार्यक्रमहरूको विश्लेषण र ती कार्यक्रमहरूले प्राप्त गरेका सफलताको आधारमा भविष्यका कार्यक्रमहरूको लक्ष्य निर्धारण गर्न सकिन्छ। निर्वाचित जनप्रतिनिधिहरूले जिम्मेवारी सम्हालेको लामो समय भइ नसकेकोले विकास प्रवृति विश्लेषण गर्ने बलियो आधार तयार नभईसकेको भएतापनि प्रारम्भिक कार्यक्रमहरूबाट भविष्यको बाटो तय गर्न वा आवश्यक संशोधन गर्न भने सकिन्छ।

## २.३ गाउँपालिकाले आ.व. २०७४/०७५ मा तय गरेका वार्षिक नीति तथा कार्यक्रमहरूको संक्षिप्त विवरण

गाउँपालिकाको वृहद गुरुयोजना निर्माणको अर्को प्रमुख आधार भनेको गाउँपालिकाले तय गरेका वार्षिक नीति तथा कार्यक्रमहरू हुन्। गाउँपालिकाले गाउँवासीहरूको आवश्यकता र चाहना अनुरूप तय गरेका यी कार्यक्रमहरूले सर्वप्रथम स्थानीय आवश्यकताहरूको पहिचान गर्न मद्दत पुऱ्याउनुको साथै समग्र गाउँपालिकाको विकास प्रतिको विद्यमान मनोविज्ञानलाई समेत मुरवरित गरेको हुन्छ। यसर्थ संघीयताको कार्यान्वयनको प्रारम्भिक चरणमा तय गरिएका यी कार्यक्रमहरूले भविष्यको मार्ग स्पष्ट गर्न समेत सहयोग पुऱ्याउने भएकाले यस गुरुयोजनामा यी कार्यक्रमहरूको समिक्षात्मक विवरण प्रस्तुत गरिएको छ।

आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्नु पूर्व गाउँपालिकाको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिलाई उल्लेख गरिएको छ। जस अनुसार निर्वाचन पश्चात अधिकार प्राप्त जनप्रतिनिधिमूलक स्थानीय सरकार गठन भएको अवस्थालाई सबल पक्ष मानिएको छ भने भौतिक पूर्वाधारको कमजोर अवस्था, कर्मचारी व्यवस्थापन, बजेट व्यवस्थापन, स्थानीय श्रोत साधनको सदुपयोग हुन नसक्नु जस्ता पक्षहरूलाई कमजोर पक्षको रूपमा लिइएको छ। गाउँपालिकामा रहेको प्राकृतिक सम्पदा जस्तै : वनजङ्गल, जलाधार तथा कृषि क्षेत्रका विविध सम्भावनाहरूलाई प्रमुख सम्भावनाहरू र भौगोलिक जटिलता, जनचेतनाको कमी र पूर्वाधार विकासको कमजोर अवस्था, प्रकोप व्यवस्थापन र आधारभूत सेवाको अभावलाई प्रमुख चुनौतीको रूपमा पहिचान गरिएको छ।

समग्रमा गाउँपालिकालाई एक समुन्नत गाउँपालिकाको रूपमा विकास गर्ने र सोका लागि उपलब्ध श्रोत र साधनको उच्चतम सदुपयोग गर्ने, स्थानीयवासीको व्यापक जनसहभागितामा कार्यक्रमहरू प्राथमिकीकरण गर्ने र विकासको सम्पुर्ण साझेदारहरूको सहभागितामा सन्तुलित विकासका क्रियाकलापहरू अगाडि बढाउने उद्देश्य लिइएको छ।

### २.३.१ गाउँपालिकाका क्षेत्रगत नीति तथा कार्यक्रमहरू

**भौतिक पूर्वाधार**

- आगामी चार वर्षमा गाउँपालिकामा पुर्ण विद्युतिकरण गर्ने
- विद्युत पहुँच् पुग्न नसक्ने स्थानहरूमा वैकल्पिक उर्जाको व्यवस्था गर्ने
- आगामी दुई वर्षमा सम्पूर्ण वडा केन्द्रहरूसम्म मोटर बाटोको पहुँच पुऱ्याउने
- आगामी चार वर्षमा सबै मुख्य बस्तीहरूलाई मोटर चल्ने सडक सञ्जालले जोड्ने
- अव्यवस्थित बसोबासलाई व्यवस्थित गरी सुकुम्बासी समस्या समाधान गर्ने
- आवश्यक स्थानहरूमा झोलुङ्गे पुलहरू निर्माण गर्ने
- साना सिँचाई र कृषि सडक निर्माणलाई उच्च प्राथमिकता दिने
- गाउँपालिकाका सुख्खा क्षेत्रहरूमा वैकल्पिक सिँचाईको व्यवस्था गर्ने
- सार्वजनिक यातायातका रुटहरू पहिचान गरी कार्यान्वयनमा ल्याउने
- सबै वडामा सञ्चार तथा इन्टरनेट सेवा पुऱ्याउन आवश्यक पहल गर्ने
- **"एक घर, एक धारा"** भन्ने नारालाई साकार तुल्याउने
- लघु जलविद्युत्को सम्भाव्यता अध्ययन गरी निर्माण गर्ने

**आर्थिक क्षेत्र**

- एक गाउँ एक उत्पादनको अवधारणा अनुरूप कृषि क्षेत्रको विकास गर्ने
- पशुपालन, जडीबुटी, कुखुरापालन, फलफूल खेती, माछापालन र तरकारी खेतीलाई व्यावसायिक बनाउन युवाहरूलाई तालिम तथा अनुदान प्रदान गर्ने
- गाउँपालिकाको समग्र पर्यटन क्षेत्रलाई समेटेर पर्यटन गुरुयोजना निर्माण गर्ने
- पर्यापर्यटनको विकास गर्ने
- धार्मिक तथा प्राकृतिक सम्पदाको व्यस्थापन र विकास गरी पर्यटन प्रवर्द्धन गर्ने
- सहकारीलाई व्यवस्थित गरी कम्तीमा एक गाउँ एक सहकारीको नीति अवलम्बन गर्ने
- मुख्य बजार केन्द्रहरूमा हाट बजार सञ्चालन गर्ने
- कालो बजारी नियन्त्रण गर्ने
- एक वडा एक उद्योगको अवधारणा साकार पार्ने
- करको दायरा वृद्धि गर्न सम्भाव्यता अध्ययन गर्ने
- होटल व्यवसाय व्यवस्थापन गर्न आवश्यक मापदण्ड लागु गर्ने
- लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्ने

**सामजिक क्षेत्र**

- शिक्षा क्षेत्रलाई योजनाबद्ध तरिकाले विकास गर्ने
- प्राविधिक र व्यावसायिक शिक्षालय स्थापना गर्न पहल गर्ने
- आवश्यकताका आधारमा विद्यालय गाभ्ने र शिक्षक दरबन्दी मिलान गर्ने
- स्वास्थ्य एकाइहरू आवश्यकताका आधारमा विस्तार गर्ने
- निःशुल्क औषधी वितरण तथा उपचारलाई व्यवस्थित गर्न मापदण्ड लागु गर्ने
- सरसफाईलाई अभियानको रूपमा सञ्चालन गर्ने
- आवश्यक स्थानहरूमा सार्वजनिक शौचालय निर्माण गर्ने
- एम्बुलेन्स खरिद गर्ने

- विशेषज्ञ सेवासहितको वडास्तरीय स्वास्थ्य शिविर सञ्चालन गर्ने
- सुर्तीजन्य पदार्थ तथा मदिरा नियन्त्रणको मापदण्ड लागु गर्ने
- पूर्ण सरसफाईयुक्त गाउँपालिका निर्माण गर्ने
- बेरोजगारको तथ्याङ्क सङ्कलन गरी स्वरोजगारी सिर्जना गर्ने
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अशक्तको पहिचान गरी सशक्तिकरणका विशेष कार्यक्रमहरू सञ्चालन गर्ने
- खेलकुद क्षेत्रको विकास गर्न वडास्तरीय खेलकुद पूर्वाधारहरूको विकास गर्ने
- स्थानीय स्तरमा पुस्तकालय तथा वाचनालयहरूको स्थापना गर्ने

**वातावरण तथा विपद् व्यवस्थापन**

- भू-क्षय नियन्त्रण तथा तटबन्ध निर्माण गर्ने साथै पहिरो नियन्त्रण गर्ने
- विपद् व्यवस्थापन कोष खडा गरी आवश्यक तालिम प्रदान गर्दै संयन्त्र निर्माण गर्ने
- सामुदायिक र कबुलियती वनको व्यवस्थापन गर्ने
- पर्यापर्यटनको प्रबर्द्धन गर्ने

**संस्थागत विकास, सेवा प्रवाह तथा शुसासन**

- सूचना तथा सञ्चार प्रविधियुक्त आधारभूत तथ्याङ्क संकलन र व्यवस्थापन गर्ने
- नियमित सेवा प्रवाहलाई चुस्त दुरुस्त र सहज बनाउन आवश्यक संयन्त्र निर्माण गरी लागू गर्ने

## २.४ गाउँपालिकाले आ.व. २०७४/०७५ मा तय गरेका वार्षिक नीति तथा कार्यक्रमहरूको संक्षिप्त विवरण

यस खण्डमा आ.व. २०७४/०७५ मा उल्लेख भैसकेका कार्यक्रमहरूको वा सोही प्रकृतिका कार्यक्रमहरूको पुनरावृति भएकोमा उल्लेख नगरी २०७५/०७६ मा तय गरिएका नयाँ कार्यक्रम मात्र उल्लेख गरिएको छ।

**भौतिक पूर्वाधार**

- "हाम्रा सडक राम्रा सडक" अभियान सञ्चालन गर्ने
- सम्पूर्ण ग्रामीण सडकहरूको स्तरोन्नति गर्ने
- आगामी ३ वर्षमा **"उज्यालो गाउँ, रमाईलो गाउँ"** निर्माण गर्न विद्युतीकरण गर्ने
- सोलार अनुदान कार्यक्रमलाई व्यापकता दिने
- बसपार्क निर्माणको प्रक्रिया अगाडि बढाउने
- गाउँपालिकाबाट हुने सेवा प्रवाहलाई विद्युतीय माध्याममा लैजाने
- सबै घरपरिवारलाई स्वच्छ पिउने पानीको व्यवस्था गर्ने

**आर्थिक क्षेत्र**

- परम्परागत कृषि प्रणालीलाई आधुनिक र वैज्ञानिक बनाउने
- गाउँपालिकालाई दुध, अण्डा, मासु र फलफूलमा आत्मनिर्भर बनाउने
- नश्ल सुधारका लागि कृत्रिम गर्भाधान सेवा सञ्चालन गर्ने
- **"एक वडा एक उद्योग"** को अवधारणा लागु गरी उद्योग स्थापनामा सहुलियतको व्यवस्था गर्ने
- स्थानीयवासीहरूलाई पर्यटन प्रबर्द्धन गर्न होमस्टे व्यवसायमा आकर्षण गर्ने
- लघु उद्यम विकास कार्यक्रम लागु गर्ने

**सामाजिक क्षेत्र**

- गाउँपालिका भित्रका ५ उत्कृष्ट सामुदायिक विद्यालयहरूलाई पुरस्कृत गर्ने
- गाउँपालिकाका सामुदायिक विद्यालयमा कार्यरत बालविकास तर्फ कार्यालय सहयोगीको तलबमा ३३ प्रतिशत र लेखापालको तलबमा २५ प्रतिशतले वृद्धि गर्ने
- "हाम्रो गाउँपालिका सफा गाउँपालिका" नारालाई सफल बनाउने
- पूर्ण स्वस्थ र पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्ने
- स्थानीय कला संस्कृतिको पहिचान र संरक्षण गर्ने
- "सबैका लागि खेलकुद गाउँपालिकाका लागि खेलकुद" भन्ने नारा साकार बनाउने
- गाउँपालिका अध्यक्ष कप खेलकुद आयोजना गर्ने
- अन्तर स्थानीय तह महिला तथा अन्य समाजिक कुरितीका विरुद्ध कार्यक्रम सञ्चालन गर्ने
- महिला तथा बालबालिका लक्षित कार्यक्रम सञ्चालन गर्ने
- बहुविवाह, अन्धविश्वास तथा अन्य सामाजिक कुरितिका विरुद्ध कार्यक्रम सञ्चालन गर्ने

**वातावरण तथा विपद् व्यवस्थापन**

- फोहरलाई मोहरमा परिणत गर्ने कार्यक्रम सञ्चालन गर्ने
- विपद् व्यवस्थापन तालिम र कोषको व्यवस्था गर्ने
- जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने

**संस्थागत विकास, सेवा प्रवाह तथा शुसासन**

- न्याय सम्पादनलाई चुस्त दुरुस्त बनाउन वडास्तरीय मेलमिलाप केन्द्रहरूको स्थापना गर्ने
- कानूनी सहायता कोषको स्थापना गर्ने
- सम्वृद्धिका लागि सहकार्य भन्ने नाराका साथ गैरसहकारी संस्थाहरूसँग सहकार्य गरी अगाडि बढ्ने

### २.४.१ गुरुयोजनाका प्रमुख लक्ष्य तथा उद्देश्यहरू

प्रस्तुत गाउँपालिका गुरु योजनाको प्रमुख लक्ष्य गाउँपालिकालाई अगामी १५ वर्ष (वि.सं. २०७५-२०९०) मा **"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार विकास -कालिमाटी विकासको मूल आधार"** भन्ने नारालाई साकार पार्ने र त्यसका लागि उत्पादनमुखी स्वरोजगारलाई मुख्य प्राथमिकता दिई समग्र समृद्धिको आधार तयार पार्ने हो ।

गुरुयोजनाका अन्य सहायक उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- गाउँपालिकाको समग्र अर्थतन्त्रलाई सुदृढ र सक्षम तुल्याउन कृषि क्षेत्रको समुचित विकास, सम्भाव्य उद्योगहरूको विकास, वाणिज्यको विकास, पर्यटन क्षेत्रको विकास, बैकिङ तथा वित्तीय क्षेत्रको विकास मार्फत सम्भाव्य उत्पादनलाई केन्द्रित गरी आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धन गर्ने
- शिक्षा क्षेत्रको समन्यायिक र प्रभावकारी ढङ्गले विकास गरी अनुसन्धानलाई प्रोत्साहन गर्ने साथै नागरिकमा जीवनोपयोगी, नैतिकवान र राष्ट्रप्रेमको भावना जागृत गराउने शिक्षा पद्धतिलाई समग्रतामा विकास गर्ने

- प्रभावकारी स्वास्थ्य सेवा, पोषण, खोप, प्रजनन् स्वास्थ्य, बाल स्वास्थ्य, सामुदायिक स्वास्थ्य, जेष्ठ नागरिकको स्वास्थ्य, अपाङ्ग स्वास्थ्य र स्वास्थ्य बिमालाई प्रभावकारी ढङ्गले विकास तथा व्यवस्थापन गर्ने । स्वास्थ्य सेवालाई सबैको समान पहुँचयुक्त बनाउने । कल्याणकारी राज्यको अवधारणा अनुरूप विपन्न नागरिकहरूलाई स्वास्थ्यको सहज पहुँच र निःशुल्क उपचार व्यवस्थाको सुनिश्चितता गर्ने
- सम्पूर्ण गाउँपालिकावासीलाई स्वच्छ र सुरक्षित पिउने पानीको प्रबन्ध गर्ने
- सरसफाईको उचित प्रवन्ध मिलाई स्वच्छ, सुन्दर र सफा गाउँ निर्माण गर्ने
- मौलिक संस्कृतिको जगेर्ना गरी लोपोन्मुख संस्कृति तथा सांस्कृतिक धरोहरहरूलाई संरक्षण गर्ने
- खेलकुद क्षेत्रको यथोचित् विकास गर्ने
- लैङ्गिक, धार्मिक, भाषिक, क्षेत्रीय, शारीरिक, यौनिकता लगायतका सबै खालको समानता कायम गरी भेदभावमुक्त समाजको निर्माण गर्ने
- सबै प्रकारका विभेद तथा अन्धविश्वासको अन्त्य गर्ने
- सडक सञ्जाललाई भविष्यमा बिस्तार हुनसक्ने र आवश्यकता परिपुर्ति हुने गरी स्तरोन्नति गर्ने र नयाँ सडक सञ्जाल निर्माणलाई उच्च प्राथमिकता दिने
- सार्वजनिक यातायातको यथोचित प्रबन्ध गर्ने
- आवश्यक स्थानहरूमा सहज आवागमनका लागि पुलपुलेसा, कजवे, झोलुङ्गे पुल आदिको निर्माण गर्ने
- कृषियोग्य जमिनको उच्चतम सदुपयोग गर्न सम्भाव्य स्थानहरूमा सिँचाइको प्रबन्ध मिलाउने ।
- सुरक्षित आवास निर्माण गरी सम्पूर्ण जनतालाई आधारभुत आवासको प्रबन्ध गर्ने
- उर्जा क्षेत्रको विकास गरी वैकल्पिक उर्जा, नविकरणीय उर्जालाई प्रबर्द्धन गरी आवश्यक उर्जाको मागलाई परिपूर्ति गर्ने
- सञ्चार प्रविधिको उचित प्रबन्ध गरी विश्वव्यापीकरण र विश्व सञ्जालमा गाउँपालिकालाई एकाकार बनाउने
- वृक्षारोपण गरी वन बिस्तार तथा हरित क्षेत्रको बिस्तार गर्ने
- जलस्रोत र जलाधारको संरक्षण गर्ने
- जलवायु परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्ने प्रविधिको उपयोग र विकास गर्ने
- विपद् न्यूनीकरणका उपायहरू साथै विपद् पूर्व तयारी र विपद्पश्चात् प्रतिकार्य योजना निर्माण गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि एक संयन्त्रको विकास गर्ने
- मानव संसाधन विकासलाई दिगो तथा सर्वाङ्गिण विकास र समृद्धिसँग जोडेर अगाडी बढ्ने
- जनताको घरदैलोमा प्रभावकारी सरकारी सेवा प्रवाह सुनिश्चित गर्ने
- सेवा प्रवाहलाई द्रुत, सुलभ र सहज बनाउन विद्युतीय माध्यमको प्रयोगलाई विकास गर्ने
- वित्तीय अनुशासन कायम गर्ने
- राजश्व सङ्कलन र परिचालनलाई प्रभावकारी बनाउने
- आन्तरिक नियन्त्रण प्रणाली लागु गरी सम्पूर्ण सेवा प्रवाहलाई चुस्त, दुरुस्त र पारदर्शी बनाउने
- गाउँपालिकाको समग्र क्षेत्रको सन्तुलित र समन्यायिक विकास हासिल गर्ने
- विकास निर्माणका कार्य गर्दा दिगो विकासको अवधारणालाई अवलम्बन गर्ने
- पर्यटन उद्योगलाई जनताको आयआर्जन तथा मौलिक संस्कृतिको प्रबर्द्धन र विस्तारसँग जोड्ने

### २.४.२ अपेक्षित प्रतिफलहरू

- आगामी १५ वर्षमा गाउँपालिका आर्थिकरूपले सम्पन्न भई प्रतिव्यक्ति आय विश्वका मध्यम आय भएका मुलुक सरह हुनेछ। (प्रतिव्यक्ति आय २,५०० डलर पुग्नेछ।)
- कृषि उत्पादन र निर्यातमा नमुना गाउँपालिका सावित हुनेछ।
- शिक्षाको विकासद्वारा सभ्य, सु-संस्कृत र शिक्षित समाजको विकास हुनेछ।
- स्वस्थ समाजको निर्माण भई औसत आयुमा उल्लेख्य सुधार हुनेछ।
- स्वच्छ र शुद्ध पिउनेपानीको सुलभ उपलब्धता सम्पूर्ण सर्वसाधारणसम्म पुग्नेछ।
- सफा र स्वच्छ गाउँपालिकाको निर्माण हुनेछ।
- मौलिक संस्कृतिको जगेर्नामार्फत् गाउँपालिकाको विशिष्ट सांस्कृतिक पहिचान कायम हुनेछ।
- सबै प्रकारको विभेद, अन्धविश्वास र कुरीतिको अन्त्य भई सौहार्दपूर्ण र सहिष्णु समाजको निर्माण हुनेछ।
- सबै प्रकारका भौतिक पूर्वाधारहरू जस्तै : सडक, पिउने पानी, आवास, सञ्चार, विद्युत् आदिको आवश्यक र पर्याप्त विकास हुनेछ।
- गाउँपालिका एक उत्कृष्ट पर्यटन गन्तव्यको रूपमा विकास हुनेछ।
- हरित क्षेत्रको बिस्तार भई वातावरणीय सन्तुलन कायम हुनुका साथै यसमार्फत् स्थानीय पर्यावरणीय प्रणालीहरूको संरक्षण भई वनस्पति र वन्यजन्तुहरूको विविधताको संरक्षण हुनेछ।
- जलवायु परिवर्तनका नकारात्मक असरहरूको न्यूनीकरण हुनेछ।
- प्राकृतिक तथा मानव सिर्जित विपद्हरूको जोखिम न्यूनीकरण हुनेछ।
- मानव विकास सूचकाङ्क तथा गरिबी सूचकाङ्कमा उल्लेख्य सुधार हुनेछ।
- सरकारी सेवा प्रवाह सहज, द्रुत, पारदर्शी, जवाफदेही र प्रभावकारी हुनेछ।
- असल शासनको उदाहरणीय अभ्यास हुनेछ।
- गाउँपालिकाको समग्र सन्तुलित र समन्यायिक विकास हुनेछ।

## २.५ गाउँपालिकाले लिएका विकासका रणनीतिहरू

### २.५.१ आर्थिक क्षेत्र विकास रणनीति

- आर्थिक विकासको मेरुदण्डको रूपमा रहेको कृषि क्षेत्रको विकास गर्न गाउँपालिकाभर रहेको सम्पूर्ण खेतीयोग्य जमिनको तथ्याङ्क तयार पारी सम्पूर्ण जमिन खेतीपातीमा नै प्रयोग भएको सुनिश्चित गर्ने। खेतीयोग्य जमिन बाँझो राख्ने प्रवृत्तिलाई पूर्णतः निरुत्साहित गर्न कडा नीति अवलम्बन गर्ने।
- वैज्ञानिक कृषिमार्फत् व्यावसायिकता हासिल गर्न कृषि पूर्वाधार विकासमा लगानी गर्ने (कृषि, सडक, सिँचाइ, मल, विउ विजन, औजार, प्रविधि र दक्ष जनशक्ति आदि)।
- कृषि बजारको सुनिश्चितता गर्न अनुसन्धानमा आधारित बजारको खोजी गर्ने।
- कृषकहरूलाई प्रोत्साहन गर्न बिमा लगायतका सुरक्षाका योजनाहरूको राज्यद्वारा जिम्मेवारी लिने।
- खाद्यान्नमा आत्मनिर्भर बन्ने वातावरण सिर्जना गर्न कृषि तथ्याङ्क नियमित अद्यावधिक गर्ने र उत्पादकत्व वृद्धि गर्न अनुसन्धान केन्द्र स्थापना गर्ने।

- व्यावसायिक रूपमा पशुपंक्षी पालन, पशुपंक्षी जन्य उद्योगको विकास गर्न कृषि र उद्योग क्षेत्रको समन्वय गरी एक अर्काको परिपुरकको रूपमा विकास गर्न गाउँपालिकाले जिम्मेवारी लिने ।
- स्थानीय श्रोत, साधन र कच्चा पदार्थमा आधारित उद्योगलाई पहिलो प्राथमिकतामा राखी सोका लागि आवश्यक पूर्वाधारहरू जस्तै : सडक, यातायात, उर्जा, उपभोक्ता बजार, लगानी, सुरक्षा आदिको प्रबन्ध गर्ने ।
- उद्योग सम्बन्धी नीतिमा स्पष्टता ल्याई उद्योग स्थापनालाई उच्च प्रोत्साहन गर्ने ।
- उद्योगमा स्थानीय पूँजीको पूर्ण सदुपयोग गर्ने वातावरण निर्माण गरी बाह्य पूँजी आकर्षित गर्न लगानी सम्मेलन तथा अन्तरक्रिया आयोजना गर्ने ।
- साना तथा मझौला स्तरका स्थानीय श्रोत, साधन र कच्चा पदार्थ, कृषि तथा वनमा आधारित उद्योगहरूको स्थापना गर्नका लागि सहजीकरण गर्ने ।
- ठूला रोजगारी सिर्जना गर्ने खालका उद्योगहरूलाई प्राथमिकता दिई त्यस्ता उद्योगहरू खोल्न नीतिगत स्पष्टता कायम गर्ने ।
- वाणिज्य क्षेत्रको विकास गर्न हरेक वस्तुहरूको उत्पादन र निर्यातलाई प्रबर्द्धन गर्ने नीति लिने ।
- व्यापारमा विविधिकरण गर्ने ।
- आन्तरिक उत्पादनलाई उच्च प्राथमिकता दिन आयातित वस्तुहरूको प्रयोगलाई तुलनात्मक रूपमा निरुत्साहित गर्ने नीति लिने ।
- गाउँपालिकामा रहेका सम्भाव्य पर्यटकीय क्षेत्रको विकास गर्न निजी क्षेत्रसँग व्यापक रूपमा सहकार्य गर्ने ।
- पर्यटकीय स्थलहरूमा आवश्यक पर्यटन पूर्वाधारको विकासमा उच्च प्राथमिकता दिने
- गाउँपालिकामा पर्यटकहरूको बसाइ लम्ब्याउन पर्यटनसम्बद्ध पूर्वाधार विकासका साथै उनीहरूको रुची अनुसारका पर्यटन प्याकेज निर्माण गरी व्यापक प्रचार प्रसार गर्ने र यसका लागि वस्तुगत अध्ययन गर्ने ।
- ग्रामीण पर्यटन विकास अन्तर्गत होम स्टेलाई स्थापित गर्न अध्ययन तथा तालिम सञ्चालन गर्ने ।
- सम्पूर्ण पर्यटकीय क्षेत्रहरूको विस्तृत जानकारी सहितको Profile तयार पार्ने ।
- सहकारीमार्फत् विकासलाई गति दिन बहुउद्देश्यीय तथा विभिन्न सहकारी सम्बन्धी नियमित तालिम सञ्चालन गरी सामुदायिक विकासमा सहकारीहरूसँग सहकार्य गर्ने ।
- हरेक घरधुरीलाई बैङ्कसम्म पहुँच सुनिश्चित गर्न **"एक घर कम्तिमा एक बैङ्क खाता"** को नीति अवलम्बन गरी त्यसलाई साकार बनाउन स्थानीय सरकारले अभियान सञ्चालन गर्ने ।

### २.५.२ सामाजिक क्षेत्र विकास रणनीति

- अनिवार्य तथा निःशुल्क अधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षालाई सबैको पहुँचमा पुर्‍याउन राज्यद्वारा ठोस कार्यक्रम सञ्चालन गरी शिक्षा लिने उमेरका सम्पूर्ण बालबालिकाहरूलाई घरेलु काम वा अन्य शिक्षाको अवसरबाट वञ्चित गर्ने क्रियाकलापको अन्त्य गर्न अभियान सञ्चालन गर्ने ।
- शिक्षालाई गरिवी निवारणसँग जोडेर अगाडी बढाउने ।

- उच्च शिक्षालाई पहुँचयोग्य बनाउन अध्ययन गर्ने विद्यार्थीको रोजगार वा छात्रवृत्तिको व्यवस्था गर्ने ।
- स्थानीय सरकारलाई आवश्यक प्राविधिक जनशक्ति तयार पार्न गाउँपालिकामा एक बहुप्राविधिक शिक्षालय स्थापना गरी विपन्न समुदायलाई लक्षित छात्रवृत्तिको व्यवस्था गर्ने ।
- गुणस्तरीय शिक्षा सुनिश्चित गर्न अनुगमन, मूल्याङ्कन तथा दण्ड र पुरस्कारको उचित प्रबन्ध गर्ने ।
- सामुदायिक र निजी विद्यालयबीचको गुणस्तरमा रहेको खाडललाई कम गर्न सामुदायिक विद्यालयको क्षमता विकास गर्न नियमित अनुगमन गर्ने संयन्त्रको निर्माण गर्ने ।
- जीवनपर्यन्त शिक्षालाई समाजको मूल मान्यताको रूपमा स्थापित गर्ने अभियान सञ्चालन गर्ने ।
- संविधान प्रदत्त आधारभूत स्वास्थ्य सेवा सम्पूर्ण नागरिकलाई प्रत्याभूत गर्न सम्पूर्ण घरपरिवारको अनिवार्य स्वास्थ्य बिमा योजना लागु गर्ने ।
- गाउँपालिकामा एक सम्पूर्ण आधारभूत स्वास्थ्य सुविधा सहितको सुविधासम्पन्न अस्पताल निर्माण गर्न सङ्घीय तथा प्रदेश सरकार, दातृ निकाय, सर्वसाधारण, निजी क्षेत्रसँग सहयोग दान दानव्य आदि सम्पूर्ण रणनीति अवलम्बन गरी बजेट व्यवस्था गर्ने ।
- स्वास्थ्य सम्बन्धी सबै प्रकारका प्रबर्द्धनात्मक तथा निरोधात्मक उपायहरूको व्यापक प्रचार प्रसार गर्ने ।
- प्रत्येक घरधुरीलाई स्वच्छ र सुरक्षित पिउने पानीको प्रबन्ध गर्न खानेपानी आयोजना सञ्चालनार्थ जनसहभागिता सुनिश्चित गर्ने र यसका लागि पानीका वैकल्पिक श्रोतहरू जस्तै वर्षात्को पानी सङ्कलन र भूमिगत जलश्रोतको उपयोग गर्ने ।
- सम्पूर्ण पानीका मुहानको संरक्षण गर्न तत्काल ठोस कार्यक्रम सञ्चालन गरी वृक्षारोपण, हरित क्षेत्र विकास आदिलाई सघनरूपमा सञ्चालन गर्ने ।
- गाउँघर तथा घर आँगनको सरसफाइ गर्न पूर्णरूपमा जनसहभागिता सुनिश्चित गरी हरेक महिना अभियानको रूपमा सञ्चालन गर्ने । यसका लागि विद्यार्थी, शिक्षक, कर्मचारी, प्रहरी आदिको व्यापक संलग्नता गराउने ।
- फोहर कम उत्सर्जन गर्ने र पुनर्प्रयोग तथा पुनर्प्रशोधन गर्ने प्रणालीको विकास गर्ने ।
- गाउँपालिकाले फोहर विसर्जन गर्न वातावरण अनुकूल व्यवस्था गर्ने ।
- जैविक फोहरलाई कम्पोष्ट मलमा परिणत गर्ने पद्दतीको विकास गर्ने ।
- सांस्कृतिक पात्रो निर्माण गरी हरेक वार्षिक पर्व, धार्मिक उत्सव, मेला तथा जात्राहरूमा सांस्कृतिक झाँकी तथा कार्यक्रमहरू प्रस्तुत गर्न स्थानीय स्तरमा सांस्कृतिक समितिहरू गठन गर्ने ।
- महिला उद्यमशिलता विकासका लागि नियमित तालिम तथा उद्यमी महिलाहरूद्वारा उत्प्रेरणात्मक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- महिला सशक्तिकरण, शिक्षा र मूल प्रवाहिकरणलाई हरेक क्षेत्रमा व्यापक बनाउन प्रचारप्रसार र जागरण अभियान सञ्चालन गर्ने ।
- विपन्न तथा सिमान्तकृत सम्पूर्ण बासिन्दाहरूलाई अनुदानमा आधारित लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने ।
- सबै प्रकारका भेदभाव अन्त्य गर्न सामाजिक जागरणलाई अभियानको रूपमा सञ्चालन गरी व्यापक रूपमा प्रचारप्रसार गर्ने ।

### २.५.३ पूर्वाधार विकास

- गाउँपालिका केन्द्रलाई वडा केन्द्रसम्म जोड्ने सडकहरू र गाउँपालिका केन्द्रलाई राष्ट्रिय राजमार्ग तथा जिल्ला सडक सञ्जाल तथा प्रणालीमा जोड्ने सडक साथै निकटवर्ती ठूला शहरहरूसम्म जोड्ने सडकलाई उच्च प्राथमिकताका साथ स्तरोन्नति र सुविधा सम्पन्न बनाई निर्माण गर्न सबै श्रोतहरूबाट बजेटको प्रबन्ध गर्ने ।
- सम्पूर्ण कृषि सडक तथा गाउँबस्तीलाई बजार केन्द्रसम्म जोड्ने अन्य सडकहरूलाई समेत उच्च प्राथमिकता दिएर सम्पन्न गर्ने ।
- सडकको दिगो विकासको लागि उपयुक्त स्थानहरूमा सम्भाव्यता हेरी कम्तिमा २५ प्रतिशत सडकहरू बायो इन्जिनियरिङ प्रविधिमा आधारित रही सम्पन्न गर्ने ।
- सम्भाव्य सबै सडकको दायाँ बायाँ हरित क्षेत्रको रूपमा विकास गर्ने ।
- समग्र गाउँपालिकालाई सुगम्य तुल्याउन ग्रामीण सडक सञ्जाल तथा चक्रपथको निर्माणलाई प्राथमिकता दिने ।
- आवश्यकताको आधारमा तथा सडक दुरी छोटो गर्ने सन्दर्भमा पुल पुलेसा निर्माण गर्ने ।
- सम्पूर्ण खेतीयोग्य जमिनलाई एक वा अर्को प्रकारले सिँचित गर्न वैकल्पिक सिँचाइ प्रणाली विकास गर्ने जस्तै : थोपा सिँचाइ, फोहरा सिँचाइ, प्लाष्टिक पोखरी सिँचाइ, लिफ्ट सिँचाइ आदि ।
- सम्पूर्ण परम्परागत कुलोहरूको मर्मत सम्भार गरी स्तरोन्नति गर्ने ।
- ठूलो क्षेत्रफललाई सिँचाइ गर्ने आयोजनालाई उच्च प्राथमिकता दिई सबै श्रोतहरूबाट बजेट व्यवस्थापन गरी आयोजना सम्पन्न गर्ने ।
- सम्पूर्ण नागरिकलाई सुरक्षित आवासको प्रत्याभूती गर्न दीर्घकालिन एकीकृत बस्ती विकास गर्ने ।
- गाउँपालिकाको लागि आवश्यक बहुउद्देश्यीय हल तथा सभाहलहरू निर्माण गर्ने ।
- अति आवश्यक विद्यालय, सुरक्षा निकायका भवनहरू, अस्पताल आदिको निर्माणलाई प्राथमिकताका साथ बजेट विनियोजन गर्ने र सम्पूर्ण बजेटका श्रोतहरूबाट प्रबन्ध गर्ने ।
- सम्पूर्ण घरधुरीहरूमा विद्युतीकरण गर्ने । तत्काल विद्युतीकरण हुन नसक्ने अवस्थामा वैकल्पिक उर्जा जस्तै : सौर्य उर्जा तथा गोबर ग्याँस आदिको प्रयोगलाई अनुदान दिई प्रोत्साहन गर्ने ।
- दाउरा र गुइँठाको प्रयोगलाई पूर्ण रूपमा वैकल्पिक उर्जा तथा विद्युतीय उपकरणको प्रयोगले विस्थापन गर्ने ।
- सम्पूर्ण घरपरिवारलाई फोन तथा इन्टरनेट प्रणालीमा सहज पहुँच स्थापित गर्न अभियान सञ्चालन गर्ने । यसका लागि विभिन्न सार्वजनिक स्थानहरूमा निःशुल्क Wifi को व्यवस्था गर्ने ।
- स्थानीय स्तरमा एफ एम रेडियो तथा टेलिभिजनको स्थापना तथा पत्रपत्रिकाको प्रकाशनका लागि सहजीकरण गर्ने
- गाउँपालिकामा वैकल्पिक उर्जा उत्पादनको सम्भाव्यता हेरी निजी क्षेत्रलाई आर्कषण गर्ने नीति अवलम्बन गर्ने ।

### २.५.४ वातावरण तथा विपद् व्यवस्थापन

- वन क्षेत्रको उच्च सदुपयोग र संरक्षणका लागि वैज्ञानिक वन व्यवस्थापन प्रणाली लागु गर्ने ।
- गाउँपालिकाको निश्चित प्रतिशत भूभागलाई हरित क्षेत्र तथा पार्कको रूपमा विकास गर्न निजी क्षेत्र, सामाजिक तथा सामुदायिक संस्था, उद्योग तथा ठूला प्रतिष्ठान लगायत सर्वसाधारणको सहयोग लिने ।
- स्थानीय वस्तुस्थितिको आधारमा वन्यजन्तु तथा वनस्पति संरक्षण गर्न तथ्याङ्क प्रणालीलाई प्रभावकारी बनाई तिनीअरूको सङ्ख्या वृद्धि गर्न बासस्थान सुधार तथा विस्तारका कार्यक्रम सञ्चालन गर्ने ।
- सम्पूर्ण जलाधार क्षेत्रको नक्साङ्कन गरी जलाधार सुक्ने गतिविधिहरूमा पूर्णरूपमा रोक लगाउने साथै सघन वृक्षारोपण कार्यक्रमहरू सञ्चालन गर्ने ।
- सम्पूर्ण विकास क्रियाकलापहरूमा दिगो विकासको अवधारणालाई पूर्णरूपमा लागु गर्ने ।
- जल उत्पन्न प्रकोप नियन्त्रण गर्न एक स्थायी संयन्त्र निर्माण गरी जैविक नियन्त्रणका कार्यक्रमहरू सघन रूपमा सञ्चालन गर्ने जसका लागि वृक्षारोपण, तटबन्ध निर्माण तथा तार जालीको प्रबन्ध गर्ने ।
- स्थानीय स्तरमा हुनसक्ने सम्भावित प्राकृतिक प्रकोपहरूको अध्ययनमार्फत् प्रकोप पात्रो निर्माण गरी त्यसको प्रचार प्रसार गर्ने । यसका लागि स्थानीय सञ्चार माध्यमहरूको सहयोग लिने ।
- विपद् प्रतिकार्य तथा पूर्वतयारी योजना निर्माण गरी लागु गर्ने ।

### २.५.५ संस्थागत विकास सेवा प्रवाह तथा सुशासन

- राज्यद्वारा प्रवाह हुने सेवालाई प्रभावकारी तुल्याउन कर्मचारीको क्षमता विकास गर्न नियमित तालिमको प्रबन्ध गर्ने ।
- सेवा प्रवाहलाई क्रमश: पूर्ण सूचना प्रविधि मैत्री बनाउँदै लैजाने ।
- विकास निर्माणका योजना तर्जुमा गर्दा जनचासो सम्बोधन गर्न उनीहरूको सहभागिता सुनिश्चित गर्ने ।
- क्षतिपूर्ति सहितको नागरिक बडापत्र पूर्णत: कार्यान्वयन गर्ने ।
- सार्वजनिक सुनुवाइ, लैङ्गिक परीक्षण तथा सामाजिक परीक्षणलाई नियमित गर्न तालिका निर्माण गरी कार्यान्वयन गर्ने ।
- सूचना अधिकारीलाई सक्रिय बनाउने ।
- कर प्रणालीलाई सूचना प्रविधि मैत्री तथा करदाता मैत्री बनाउने । यसका लागि कर चुक्ता प्रणालीलाई यथासक्य सरल र सहज बनाउने ।
- सम्पूर्ण व्यवसायहरूलाई अनिवार्यरूपमा दर्ता गराई करको दायरामा ल्याउने ।
- करको दायरा विस्तार गर्ने ।
- कर शिक्षा कार्यक्रम लागु गर्न स्थानीय सञ्चार माध्यमहरूसँग समन्वय गर्ने ।
- गुनासो पेटिकाको व्यवस्था गरी नियमित गुनासो सम्बोधन गर्ने संयन्त्र निर्माण गर्ने ।
- कार्य सम्पादन मूल्याङ्कनलाई वैज्ञानिक र प्रभावकारी बनाउन उचित दण्ड र पुरस्कारको प्रबन्ध गर्ने ।

# खण्ड ३ : विश्वका केहि विकास मोडलहरूको तुलनात्मक अध्ययन

विश्वका विभिन्न राष्ट्रहरूको तुलनात्मक अध्ययन गर्दा दोस्रो विश्वयुद्धपछि मात्र धेरै देशले एउटै पुस्तामा नाटकीय आर्थिक उपलब्धि हासिल गरेको पाइन्छ । माइकल स्पेंस नामका नोबेल पुरस्कार विजेताको अध्यक्षतामा गठित एउटा चर्चित (Growth Commission Report) ग्रोथ कमिसन रिपोर्टमा १३ देशलाई उच्च सफलताको कोटीमा राखिएको छ । ती देशहरु हुन् जापान, कोरिया, थाइल्यान्ड, मलेसिया, इन्डोनेसिया, सिंगापुर, ताइवान, चीन, हंगकंग, ब्राजिल, ओमान, माल्टा र बोस्टसवाना । यी मध्ये ९ देश एसियामै छन् । ती मुलुकले २५ वर्षसम्म ७ प्रतिशत भन्दा माथिको आर्थिक वृद्धि दर हासिल गरे । दिगो र उच्च आर्थिक वृद्धिदरले यि राष्ट्रहरुलाई आर्थिक रुपले निकै माथि उठायो । यि राष्ट्रहरूको अनुभवले के देखाउछ भने, विकासको उच्च स्तर प्राप्तीका लागि ७ प्रतिशत आर्थिक वृद्धिदरले करिब १० वर्षसम्म निरन्तरता पाउने हो भने जीडीपी दुई गुना हुन्छ र यो २५ वर्ष सम्म निरन्तर गर्यो भने एक पुस्तामै आर्थिक कायापलट हुन जान्छ । सफल यि १३ देशका पछाडि ५ साझा कुरा छन् र त्यहाँको नेतृत्व र प्रशासन विकासप्रति प्रतिबद्ध थियो, निजी क्षेत्रलाई विश्व आर्थिक मञ्चमै व्यापार गर्न उतारियो, समस्टिगत आर्थिक स्थिरता कायम गरियो, उत्पादनशील साधन र स्रोतको बाँडफाँडको जिम्मा बजार अर्थतन्त्रलाई दिइयो र आन्तरिक लगानीका लागी नागरिक तहमा ठूलो बचत गराइयो (वाग्ले, २०१५) । संघिय शासन प्रणालीको शुरुआत पछि नेपालले द्रुततर आर्थिक विकासमा जोड दिएको छ । नेपालको नव निर्माण र द्रुततर विकासका लागि यि राष्ट्रहरूको अनुभव उपयोगि हुने भएकोले छोटो अवधिमा उच्चतम विकास हासिल गरेका केहि राष्ट्रको विकासको अनुभवलाई यहाँ उल्लेख गरिएको छ ।

## एसियन टाइगर्स (Asian Tigers)

सन् १९६० को दशकको सुरुसम्म दक्षिण कोरिया, सिङ्गापुर, ताइवान र हङ्कङ अविकसित क्षेत्रको रुपमा थिए । यी मध्ये दक्षिण कोरिया र सिङ्गापुर सार्वभौम राष्ट्र हुन् । हङ्कङ पहिले बेलायतको र हाल चीनको शासन अन्तर्गत रहेको छ तर यस भूभागलाई केही हदसम्म राजनीतिक स्वायत्तता प्राप्त छ । ताइवान भने चीनमा सन् १९४९ मा सकिएको कम्युनिस्ट र कोमिन्ताङ पार्टीबीचको गृहयुद्धमा पराजित भएर भागेको पक्षले शासन गर्न थालेपछि तत्कालीन चीनको नियन्त्रणबाट अलग भएको भूभाग हो । बेइजिङ र ताइवानमा रहेका सरकार दुवैले आफूमा १९४९ अघिको चीनको स्वामित्व रहेको दाबी गर्छन् । तर यी चार देशहरूले लगभग पचास वर्ष भित्र इतिहासमा कमै देखिने एकै पुस्तामा तेस्रो विश्वबाट पहिलो विश्वमा आर्थिक विकासको लामो फड्को मारेको इतिहास छ ।



यि चार एसियाली टाइगर्सको विकासलाई बुझाउन माथिको चित्र उपयोगि हुन सक्छ जस्ले यो क्षेत्रको आर्थिक विकासको चरित्रलाई वुझ्न र यिनीहरूले अवलम्वन गरेको विकास मोडेलको सामान्य जानकारी लिन केही हदसम्म सघाउ पुयाउँदछ । भनिन्छ, आर्थिक विकासको मोडेलका प्रकारहरू विकास अर्थशास्त्रीहरूको सङ्ख्या जति नै छन् तर पनि यसलाई मूलतः रूपमा निम्न तीन समुहमा वर्गीकरण गरि विभाजन गर्न सकिन्छ स बजार निदर्नेशित, हस्तक्षेपकारी र राज्य नियन्त्रित विकास मोडेल । विभिन्न राष्ट्रहरूले यि तिन मोडल वा आफ्नो देशको विशिष्ट परिस्थिति अनुकूल फरक प्रकारको विकास मोडेलको निर्माण गरि अघि वढिरहेका छन् ।

## दक्षिण कोरिया

दोस्रो विश्व युद्द पछि सन् १९४५ मा दक्षिण कोरिया जापानको शासनबाट स्वतन्त्र भयो । तर केही समयपछि नै ऊ अमेरिकाको नियन्त्रणमा आयो । त्यही समयमा भएको कोरियाली गृहयुद्धले यसको अवस्था अत्यन्त दयनीय अवस्थामा पुऱ्यायो । तीन वर्ष सम्म चलेको उक्त गृहयुद्धले दक्षिण कोरियाको तत्कालीन उत्पादन क्षेत्रको दुई तिहाइ हिस्सा नष्ट गराएको थियो । त्यो अवस्थादेखि हालको जी २० सम्मको दक्षिण कोरियाको उदय र विकासलाई मुख्यतः चार चरणमा वर्गीकरण गर्न सकिन्छ ।

दक्षिण कोरियाको विकासको सुरुवात त्यहाको प्रथम राष्ट्रपतिको कार्यकालबाट सुरु भएर पार्कको शासनको प्रारम्भसम्म भएको मान्न सकिन्छ । विकासको पहिलो चरणमा युद्धको विनासबाट उठ्नका लागि केहि विशेष कार्यक्रमहरूको छनौट गरिएको थियो । त्यो समयमा यहाको कुल राष्ट्रिय उत्पादनको १५.९५ प्रतिशत हिस्सा अमेरिकी सहायताले ओगट्ने गर्दथ्यो । यो हिस्सा सबैभन्दा उच्च सन् १९५७ मा २२.९५ प्रतिशत सम्म पुगेको थियो । यो समयमा कोरियाको विकास एकदमै धेरै मात्रामा अमेरिकी सहायतामा निर्भर थियो । यो अवधिमा सरकारले मजदुर सङ्गठनमाथि निषेध गर्नुका साथै उग्र कम्युनिस्ट विरोधी कार्यक्रमहरू सञ्चालन गर्दै मजदुरहरूको ज्यालादर सस्तो बनाउने निति अख्तियार गर्यो जसले औद्योगिक लगानीकर्तालाई प्रोत्साहित गऱ्यो र तिव्रतर आर्थिक वृद्धिमा सहयोग पुऱ्यायो ।

पार्क चुङ्ग हीले सन् १९६१ मा कू गरे पछिको अवधिलाई दोस्रो चरणको सीमा मान्न सकिन्छ । यो चरण सामान्य खालको उद्योगको विस्तार र निर्यात केन्द्रित उद्योगको विकासमा केन्द्रित थियो । युद्धबाट तङ्ग्रिएको र अमेरिकी सहायता माथिको निर्भरता निक्कै कम भइसकेको यस अवस्थामा कोरियाली अर्थतन्त्रले आफ्नो सस्तो श्रमको उपभोग गरेर हल्का औद्योगिक सामग्री उत्पादन गर्न थाल्यो । यही अवधिमा दक्षिण कोरियाले बजार निर्देशित र अझ हस्तक्षेपकारी आर्थिक मोडेल छाडेर राज्य नियन्त्रित विकास मोडेल प्रयोग गर्न थालेको थियो । सन् १९६२ मा कोरिया सरकारले पहिलो पञ्च वर्षिय आर्थिक विकास योजना अगाडि साऱ्यो जसले लगानी बढाउने, औद्योगिक संरचना निर्माण गर्ने र व्यापार सन्तुलन कायम गर्ने जस्ता स्पष्ट रूपमा बृहत अर्थशास्त्रीय विकास लक्ष्यहरू अगाडि सारियो जसले त्यहाँको अर्थतन्त्रमा आमुल सुधार ल्याउनुका साथै विकास प्रक्रियामा तिव्रता लियो ।

राष्ट्रपती पार्कका विभिन्न आर्थिक रणनीतिहरू मध्ये 'सेमाउल उन्दोङ' एक अत्यन्त सफल कार्यक्रम हो । गाउँको विकास भए मात्र देशको विकास हुन्छ भन्ने मान्यता राख्ने यो अभियानको मुख्य लक्ष्य गरीब जनतालाई धनी बनाउनु र गाउँको समग्र विकास गर्नु थियो । कोरियन भाषामा 'से' 'नयाँ', 'माउल' 'गाउँ' र 'उन्दोङ' भन्नाले 'अभियान' भन्ने बुझिन्छ । अथवा 'सेमाउल उन्दोङ भन्नाले नयाँ सामुदायिक अभियान भन्ने बुझिन्छ । यो अभियानको प्रर्वतक समाज सुधारक किम योङ की हुन् । उनले सन् १९६२ देखि यो

अभियान संचालन गर्दै आएका थिए । किमले **'काम नगर्ने भए खाना नै नखाउ'** भन्ने नाराका साथ यो अभियान सञ्चालन गरेका थिए । सेमाउल उन्दोङ सुख एवम् सम्वृद्धिका लागि सञ्चालन गरिएको एक अभियान हो जस्ले गरिबी निवारण गर्ने, सबैले राम्रो शिक्षा, खाना र लुगा लगाउन पाउने र सुरक्षित तथा सुविधाजनक घरमा बस्न पाउन भन्ने उद्देश्य राखेको थियो ।

किमको यो अभियानले 'ग्रामीण जनतालाई आत्मनिर्भर बनाउने र देशको बिकासमा टेवा पुर्याउँछ' भन्ने बुझेका दूरदर्शी सैनिक शासक पार्कजुङ हीले सबै जनतालाई यो अभियानमा सामेल हुन अव्हान गरे । उनले सन् १९७० अप्रिल २२ मा यो अभियानलाई सरकारी रणनीतिको रुपमा मान्यता दिए । सरकारी कार्यक्रमको मान्यता पाए पछि यो कार्यक्रमले नयाँ सामुदायिक अभियान सहित सहयोग र आत्मनिर्भरताको भावनाका साथ हाम्रो गाउँको सुधार र आधुनिकीकरण हामी आफैं गर्न सक्छौ भन्ने भावनालाई आत्मसात गर्दछ । कोरियालि सरकारले अभियानलाई कार्यान्वयनमा ल्याउदैं उन्नत गाउँ निर्माणको निम्ति 'दश परियोजना'को कार्यसम्पादन निर्देशिका जारी गरेर ३३ हजार २ सय ६७ गाउँमा लागु गर्दै सामुदायिक विकासका लागि जिन्सी सहायता दिन शुरु गरेको थियो । जसअन्तर्गत, सरकारले हरेक गाउँमा ३ सय ५५ बोरा सिमेन्ट र ५ सय केजी रड बाँड्न शुरु गर्‍यो । अर्कोतिर सरकारी कर्मचारी, विचारक, सामुदायिक अभियानका र निजी क्षेत्रका अगुवालाई तालिमको व्यवस्था गर्‍यो । कर्मचारीलाई भ्रष्टाचारी भावनाबाट टाढा रहन **'सुनलाई ढुंगा जस्तै देख'** लेखिएको 'हरियो टाई' वितरण गरिएको थियो । यो अभियानले नागरिकलाई समाजप्रति समर्पित हुने अगुवा नेतृत्व तयार पार्‍यो । यसैको शिक्षाले सदस्यहरुलाई स्वतःस्फूर्त जग्गादान, श्रमदान, सामग्री दान गर्ने उत्प्रेरणा प्रदान गर्‍यो । नयाँ सामुदायिक अभियान लागु भएका गाउँले जनताको आय विस्तारै बढ्न थाल्यो । यो क्रम ४ वर्ष पुग्दा ग्रामीण जनताको आय बढेर शहरी परिवारको आयभन्दा बढी हुन पुग्यो । यो कार्यक्रमले गाउको विकास र स्वाधिन अर्थतन्त्रको निर्माणमा कोशे ढुगा सावित भयो (सम्बाहाम्फे, २०७४) ।

सन् १९७४ मा आइ पुग्दा शहरी भन्दा ग्रामीण जनाताको आय बढ्यो जस्को कारण के थियो भने सेमाउल उन्दोङ लागु भएको हरेक गाउँ वा इकाईमा कृषिमा आधारित एक सेमाउल उद्योग अनिवार्य खोल्नुपर्ने शर्त थियो । यस्ता उद्योगले गाउँको आय बढाउने काम गर्यो भने रोजगारीको अवसरहरु पनि प्रशस्तै सिर्जना गर्यो । उक्त अभियान शहरमा पनि लागु गरि औद्योगिक क्षेत्रहरुको विकास तीब्ररुपमा हुन गयो । शहर केन्द्रित उद्योगहरुको विकास हुँदा पनि सरकारले उद्योगको (Semi-product) सेमी प्रोडक्ट सम्बन्धी कम्पनीहरु बढी गाउँमै स्थापना गर्ने नीति लियो । यो नीतिले गाउँ र शहरलाई जोड्ने र गाउँको विकास र रोजगारीमा टेवा पुर्याउने काम गर्यो । सन् १९७० मा ८३ करोड डलर निर्यात गरेको कोरियाले यो अभियानको सफलताकै कारण सन् १९८० सम्म आइ पुग्दा कोरिया एक औद्योगिक राष्ट्रका रुपमा दर्ज हुन पुग्यो । त्यस्तै गरि १९८० मा १७ अर्ब डलरको उत्पादन निर्यात गर्यो । यो अभियान शतप्रतिशत सफल हुनको कारण, यसमा गाउँलाई ४० र ५० घरको सानो भन्दा सानो इकाइमा विभाजन गरियो र प्रत्येक निर्णायक कार्यक्रममा सबै घरका प्रतिनिधिलाई राय व्यक्त गर्ने सुविधा दिइयो । यो इकाइले जे चाहन्छ, त्यसैमा परियोजना सञ्चालन गर्ने गरियो । यस्तो इकाईले एकातिर समुदायमा भावनात्मक एकताको बिकास गर्यो भने अर्कोतिर निर्णय गरिएका योजनाहरुमा असन्तुष्टि र असहमति भन्ने प्रश्न नै उठ्न पाएन । यो अभियान सफल हुँदै गएपछि गाउँ ईकाईहरुले तर्जुमा गरेका परियोजनामा सरकारले ५० प्रतिशत ऋण, ३० प्रतिशत अनुदान र २० प्रतिशत समुदायको लगानी हुने व्यवस्था गर्यो । यो मोडेललाई केही वर्षमै राष्ट्रव्यापी गरियो । त्यस्तै अर्को महत्वपूर्ण कुरा, सरकारले समय सापेक्ष कृषीमा आधुनिकिकरण गर्यो । यसका लागि कृषी विज्ञलाई देशभर परिचालन गरेर कृषी तालिम प्रदान गरियो । यसले कृषिमा व्यापक

आधुनिकीकरण गऱ्यो जसको कारण अहिले कोरिया २ देखि ३ प्रतिशत कृषककै उत्पादनले खाद्यान्नमा आत्मनिर्भर बनेको छ । यो अभियान कुनै समय भोक, रोग र बेरोजगारीले तड्पिएका कोरियाली किसानका लागि सफलताको मन्त्र बन्यो (सम्बाहाम्फे, २०७४) । यो अभियानवाट नेपालले प्रशस्त शिक्षा लिन जरुरी देखिन्छ ।

त्यस्तै गरि उनले निर्यातबाट कमाइ भएको लगानी उच्च प्रविधिहरू र मेसिनहरूमा लगानी गरे । यी सामग्री अर्को चरणको विकासका लागि आवश्यक हुन्थ्यो । त्यस अतिरिक्त त्यो समयमा पार्कको सरकारले विदेशी सामग्रीहरूमा भन्सार कर बढाएर स्वदेशी उद्योगहरूलाई अनुदान दिएर ठूला उद्योग विकास गर्न सहयोग गरेको थियो । यसले दक्षिण कोरियालाई तेस्रो चरणमा ल्याइपुऱ्यायो । पार्कको दोस्रो पञ्च वर्षीय योजनामा यसको प्रत्यक्ष्य प्रभाव देख्न सकिन्छ । उनले ठूला र रासायनिक उद्योग खोल्नेलाई सहयोग गर्ने नीति लिए । यो चरण कोरियाको विकास चरणको सबैभन्दा लामो अवधि रह्यो । यो चरणमा वैदेशिक पुँजीमा नियन्त्रण भए पनि सरकारको निगरानीमा यसलाई भित्र्याइयो । यो अवधिमा निर्यात वार्षिक रूपमा ३५.२५ दरले वृद्धि भयो । सन् १९९० को दशकमा दक्षिण कोरियाली अर्थतन्त्रमा उलेख्य परिवर्तनहरू देखिए । यही समयमा देशले विकासको चौथो चरणमा आइपुग्यो । यो अवधि उच्च प्रविधिको उद्योगको रह्यो । सन् १९८८ मा द. कोरियाले गर्ने निर्यातमा १५.५ प्रतिशत हिस्सा मात्र उच्च प्रविधिको सामग्री हुन्थ्यो । त्यसपछिको हरेक वर्ष यसमा लगभग शत प्रतिशतले वृद्धि भएको छ । कोरियाली सामग्रीको अन्तर्राष्ट्रिय बजारमा बढेको माग र घरेलु उपभोगमा भएको उच्च वृद्धिका कारणले कोरियाले परिपक्व र सम्पन्न राज्यका रूपमा स्थिरता प्राप्त गऱ्यो । यसले कोरियाली समाजको हरेक तप्काको जीवन स्तर बढायो । कोरियाली इतिहासमा दोस्रोदेखि चौथो चरणसम्म स्थिर रूपमा उच्च आर्थिक वृद्धि देखियो । सन् १९६२ देखि १९९५ सम्म दक्षिण कोरियाले औषतमा वार्षिक १०५ प्रतिशत आर्थिक वृद्धि दर हासिल गऱ्यो (उप्रेती, २०७५) । यसर्थ , कोरियाली विकास मोडल विश्वकै उत्कृष्ट आर्थिक विकास मोडलको रुपमा स्थापित हुन पुग्यो ।

### सिङ्गापुर

विश्वको प्रमुख औद्योगिक देश सिङ्गापुर, चार एसियाली टाइगर्समा सबैभन्दा प्रजातान्त्रिक मुलुक हो । एक बेलायतीको कूटनीतिज्ञको शब्दमा ली क्वान युको अद्भूद नेतृत्वमा यो राज्यमा 'राजनीति हराएर' पूरै राज्य नै एक 'प्रशासनिक एकाई'मा बदलिएको थियो । सन् १९६५ मा मलेसियाबाट मन नलागी नलागी स्वतन्त्रता स्वीकारेपछि लीले सन् २०११ मा सन्यास नलिएसम्म सिङ्गापुरको राजनीतिलाई 'नरम निरंकुशता' सहित नियन्त्रणमा राखे । यो अवधिमा सिङ्गापुरले अभूतपूर्व आर्थिक विकास गर्नुको साथै विश्व रंगमन्चमा आफुलाई एक सम्वृद्धशाली राष्ट्रको रुपमा स्थापित गराउन सफलता हासिल गऱ्यो । सिङ्गापुरको विकासले दक्षिण कोरिया र ताइवानको भन्दा फरक बाटो लिएको छ । उसलाई युद्धबाट राज्यलाई पुनःनिर्माण गर्ने चुनौती थिएन तर यो सहरी राज्यले आफूसँग आफ्ना नागरिकलाई खुवाउन पुऱ्याउन सक्ने जमिनसमेत थिएन । राज्यका लागि आवश्यक खाद्दान्न र पानी समेत छिमेकी मुलुकवाट आयात गरेर आपुर्ती गर्ने सिङ्गापुरले यो अवस्थामा सुधार ल्याउनका लागि राज्यलाई निर्यात मुखी सामानय उद्योगहरूको विकासलाई जोड दिने निति अख्तियार गऱ्यो । सिङ्गापुरले आफ्नो स्थानीय तहमा रहेको प्राविधिक र व्यवस्थापकीय ज्ञानको अभावलाई अन्तर्राष्ट्रिय संस्थाहरूलाई आकर्षित गरेर सरकारी अनुगमन सहित पूरा गयो । सन् १९७० को दशकसम्म सिङ्गापुरको अर्थतन्त्रको संरचनामा उलेख्य परिवर्तन आयो जस्ले निर्माण उद्योग र ठूला उद्योगहरूको स्थापनामा विशेष जोड दिएको थियो । कतिपय विद्वानहरूले यो परिवर्तनलाई चीनमा देङको सुधारपछि आएको परिवर्तनको विरुद्दमा चिनलाई चुनौती दिन थालिएको कदमको रुपमा उल्लेख गर्दछन ।

सन् २००० मा लि क्वान युको किताब 'फ्रम थर्ड वर्ल्ड टु फष्ट र द सिंगापुर स्टोरी १९६५( २००० (From third world to first: The Singapoore Story) प्रकाशित भयो । विश्व पुस्तक बजारमा 'वेष्टसेलर' रहँदै आएको यो किताबको प्रारम्भ गर्दै लि क्वान यु लेख्छन 'घर कसरी बनाउने, इन्जिन कसरी मर्मत गर्ने, किताब कसरी लेख्ने भनेर तपाई सिकाउने पुस्तकहरु पाइन्छन् । तर चाइना, ब्रिटिस इन्डिया र डच इस्ट इन्डिजबाट बाहिर छरिएर संकलित भएका आप्रवासीहरुले राष्ट्र कसरी निर्माण गर्ने, क्षेत्रीय व्यापारिक केन्द्रको पुरानो आर्थिक भूमिका गुमाएर मृतप्रायः बनिरहेका जनतालाई कसरी जिवन्त बनाउने भनेर सिकाउने पुस्तक मैले कतै देखिनँ ।' त्सैले यो कितावको लेख्ने आवश्यकता रहेको हो ।

यो कितावले मुलत निम्न २ वटा तथ्यहरुमा जोड दिएको छ ।

१. कुनै पनि राष्ट्र निर्माणको बनिबनाउ मोडेल हुँदैन । त्यो अरु कसैले सिकाउन सक्दैन । स्वयं त्यो देशका जनता वा नीति निर्माताले आफै पत्ता लगाउन सक्नु पर्दछ ।

२. राष्ट्र निर्माणको मोडेल तयार गर्दा मुख्य ३ वटा तत्वहरुलाइ हेर्नु पर्दछ र जनसंख्या संरचनाको ऐतिहासिकता, भूराजनीति र आर्थिक संभावना ।

पुस्तकको यो प्रारम्भीक वाक्यलाई उपसंहार खण्डको अर्को एक वाक्यसंग जोड्नु उचित हुन्छ । उनी लेख्छन 'हामी कामबाट सिक्थ्यौं, छिटटै् सिक्थ्यौं । हाम्रो सफलताको एउटा मात्रै सुत्र थियो, कसरी चिजहरुलाई बढी कामकाजी बनाउने भनेर, तिनीहरुलाई अझ राम्रो कसरी बनाउने भनेर निरन्तर अध्ययन गर्थ्यौं । म कहिल्यै कुनै सिद्धान्तको बन्दी बनिनँ । मलाई कारण र यथार्थहरुले मात्र मार्गदर्शन गर्न सके, सिद्धान्तले हैन । कुनै पनि सिद्धान्त, योजना वा सोचले राम्रो काम गर्छ, गर्दैन भन्ने 'एसिड टेष्ट' (द्रूत जाँच ) गर्थे । यदि कुनै चिजले राम्रो काम गर्दैनथ्यो वा कमजोर परिणाम दिन्थ्यो भने त्यस्तो चिजमा म थप समय र स्रोत खर्चिन्नथें ।' (खतिवडा, २०७६)

सिङ्गापुरको आर्थिक सम्वृद्धिमा निम्न सिद्दान्तहरुको महत्वपुर्ण भुमिका रहेको पाइन्छ ।

**क. खुला वजार सिद्दान्त (Free Market Principles) :** सिङ्गापुरले पूँजिवादी आर्थिक सिद्धान्तलाई आफ्नो विकासको मुख्य सिद्धान्तको रुपमा अवलन्वन गरिरहेको छ । जस अर्न्तगत निम्न सिद्धान्तहरू पर्दछन ।

- श्रम वजारको व्यवस्थापन (Labor Market)
- उत्तरदायी कर्मचारीतन्त्र (Accountable Bureancracy)
- न्युन कर दर (Low Tax Rates)
- न्युन सरकारी खर्च (Government Expenditure)

**ख. समाजवादी सिद्दान्त (Socialistic Principles):** सिङ्गापुरले समाजवादी आर्थिक सिद्धान्तलाई पनि त्यत्तिकै जोड दिएको छ जस अर्न्तगत निम्न सिद्धान्तहरू पर्दछन ।

- सार्वजनिक घरहरूको निर्माण (Public Housing)
- सार्वजनिक स्वास्थ्य सुविधा (Public Healthcare)

यि दुई सिद्धान्तहरूलाई अवलम्वन गर्दै सिङ्गापुरले विकासमा उच्च सफलता प्राप्त गरेको थियो । विकासको अन्तिम चरण उच्च प्रविधिको उद्योगको स्थापना सँगै अन्त्य भएको थिएन । बरु सिङ्गापुरलाई दक्षिणपूर्वी

एसियाको आर्थिक र वित्तीय केन्द्रका रूपमा विकास गरेर अगाडी वढेको थियो । उच्च प्रविधिको उद्योगमा झैं व्यापार, आयात सुधार र वित्त सबैमा सीपयुक्त श्रमिकको आवश्यकता पर्छ । सिङ्गापुरको अवस्थिति र पछिल्लो समयको आर्थिक उदारीकरणले यी उच्च स्तरका उद्योगलाई निकै सहयोग गऱ्यो । यसले सिङ्गापुरलाई अन्ततः ताइवान र दक्षिण कोरियाजस्ता उच्च प्राविधिक राष्ट्रको समकक्षमा राखिदियो । राज्यको केन्द्रीय कोषले ठूलो उद्योगका लागि आवश्यक पूर्वाधार निर्माणमा गरेको सहयोग र ली क्वान युको आर्थिक र राजनीतिक दुवै क्षेत्रमा प्रभुत्वले गर्दा सिङ्गापुरको विकासमा सरकारको भूमिका सवैभन्दा महत्वपूर्ण देखिन्छ जसलाई नेपाल लगायत अन्य राष्ट्रहरूले पनि प्रेरक उदाहरणको रुपमा लिन सक्दछन् ।

### ताइवान र हङ्कङ

हाल चिनको स्वशासित क्षेत्रको रुपमा रहेको ताइवानको कथा पनि कोरियाको जस्तै छ । ताइवानको प्रारम्भ दक्षिण कोरियाको अवस्थाभन्दा दयनीय थियो । ताइवानको कथा पनि युद्धको समाप्तीबाटै सुरु हुन्छ । तर ताइवान आफै भने सो युद्धबाट त्यति प्रभावित भएको थिएन । चिनियाँ गृहयुद्ध मुख्य त मूलभूमि चीनमा लडिएको थियो । तथापि दोस्रो विश्वयुद्धसम्म यो पनि जापानको अधीनमा थियो ।  त्यो अवधिमा त्यहाँ कृषिमा केही सुधारका काम भएका थिए । त्यतिवेला सम्म यो टापु विशेष धान, उखु र भुइँकटर र केही कपडा उद्योगको अवस्थामा मात्र सिमित थियो । यसको साथै कृषि र माछापालनले यो भूगोलको कूल ग्राहस्थ उत्पादनको एक तिहाइ भाग ओगटने गर्दथ्यो ।

प्रारम्भमा च्याङ काइ सेकको सरकारले राज्यलाई अनुदानमा चलाउने खालको नीति लिएपछि सन् १९५० को दशकमा अमेरिकाले ताइवानलाई दिइरहेको अनुदान रोक्ने चेतावनी दियो । त्यसपछि राष्ट्रपति चियाङ र उनको कोमिन्ताङ पार्टीले कोरियाले लिएको जस्तो औद्योगिकीकरणको योजनाहरू अघि सारे । औद्योगिकीकरणले कृषिको कुल ग्राहस्थ उत्पादनमा रहेको योगदानलाई ७५ प्रतिशतमा मा झऱ्यो । कोरियामा जस्तै ताइवानले पनि प्रारम्भमा सामान्य खालको उद्योगमा विकास गऱ्यो । तर यहाँ भने कोरियामा भन्दा अलि लामो सयम सन् १९८० को दशकसम्म यी सामान्य खाले उद्योगहरूको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका रह्यो । त्यसपछि यहाँ ठूला उद्योगहरूको स्थापनाको सुरवात भयो । सुरुमा विशेषत स्टिल, विद्युतीय र पेट्रोलियम उत्पादनसम्बन्धी उद्योग खोलिए । ताइवानले वैदेशिक लगानी आकर्षणका लागि केही सरकारी उद्योगहरू निजीकरण गरेको भए पनि अधिकांश ठूला उद्योगहरू सरकारको नियन्त्रणमै राख्यो । च्याङले यिनै उद्योगहरूको बलमा चिनियाँ मूलभूमि पुनः कब्जा गर्ने सोचेका थिए ।

राज्यले अर्थतन्त्रमाथिको नियन्त्रण बलियो वनाउने निति लिएको थियो । वैदेशिक विनिमयमा नियन्त्रण, आयातमुखी उद्यमलाई सरकारी प्रोत्साहन गर्ने नीति, राज्य नियन्त्रित संस्थामार्फत नै कच्चा पदार्थको माग पुऱ्याउने जस्ता कदममार्फत सरकारले अर्थतन्त्रमा नियन्त्रण कायम गरिरहेको थियो । ताइवानले आफ्नो अर्थतन्त्रको परिपक्वता कोरियालेझैं उच्च प्राविधिक विकासमा पुगेर सम्पन्न गऱ्यो । सन् १९७० को दशकमा उच्च शिक्षित जनशक्तिको विकासको कारणले ताइवानको श्रमिकको ज्याला बढेको थियो । त्यसै अवधिमा चीनमा भएको आर्थिक विकास र त्यहाँको सस्तो श्रमको कारणले भएको उत्पादन सँग ताइवानले प्रतिस्पर्धा गर्न नसक्ने अवस्थाको सिर्जना भयो । त्यसपछि ताइवानले उच्च मूल्यका वस्तुको उत्पादन र सेवामा ध्यान स्थानान्तरण गऱ्यो । सरकारले मुख्यतः निर्यातमुखी आर्थिक संरचना, उच्च प्रविधि र उच्च सीपका उद्योगमा स्तरोन्नति गर्ने निर्णय गऱ्यो । त्यसपछि ताइवानको पहिचान बनेको सूचना प्रविधि र सेमी कन्डक्टर जस्ता अन्य महत्वपूर्ण प्राविधिक उद्योगको विकासमा राज्यको भूमिका महत्वपूर्ण रह्यो । ताइवानले दुई विषय

बाहेक लगभग कोरियाको विकास परिपथ नै पछ्याएको देखिन्छ । दक्षिण कोरियासँगको उसको पहिलो फरक सन् १९८० को दशकसम्म ताइवानको अर्थतन्त्रमा कपडा उद्योगजस्तो हलुका उद्योगको महत्वपूर्ण भूमिका देखिन्छ जुन कोरियाली अर्थतन्त्रमा छोटो समय मात्र रहेको थियो । त्यस्तै ताइवानको सन्दर्भमा अनुदान रोक्ने धम्की नआएसम्म नेतृत्व पहिलो चरणमा रमाइरहेको थियो जबकी द. कोरियामा नेतृत्व आफैले आत्मनिर्भर हुने रणनीति लिएको थियो । (उप्रेती, २०७५)

हङ्कङको विकास धेरै अर्थमा ताइवानको जस्तै रह्यो । बेलायतको अधिनमा रहेको हङ्कङ चीनको मातहतमा गएपनि हङ्कङको अर्थतन्त्र पुँजिवादी चरित्रको नै रहेको छ । त्यसो हुनुको पछाडि हङ्कङ अगाडि देखि नै औद्योगिकीकरणको चरणमा गएको थियो । अन्य तीन राष्ट्रहरूले सन् ६० को दशकमा विकास सुरु गरेका हुन् भने हङ्कङमा सन् १९५० को दशकमै विकास प्रारम्भ भइसकेको थियो । सिङ्गापुरसँगको अन्य समानतामा हङ्कङले पनि जग्गा अभावका कारण अन्न आयात गर्नुपर्थ्यो । उसलाई यसबाट भएको व्यापार असन्तुलनलाई सन्तुलनमा ल्याउनु थियो । त्यसका साथै अन्य राष्ट्रहरू जस्तै हङ्कङ पनि औद्योगिकीकरणको चरणपछि उच्च प्राविधिक विकास भन्दा व्यवसायिक केन्द्रका रूपमा विकास भयो (उप्रेती, २०७५) । हाल सम्म पनि हङ्कङ चिनको मातहतमा रहेको एक विश्व प्रसिद्ध औद्योगिक क्षेत्र र अर्न्तराष्ट्रिय वजारको रुपमा विश्व प्रसिद्ध रहेको छ ।

### मलेसिया

उपनिवेश हुँदै स्वतन्त्रताको लडाई जितेर विकासको पथमा लम्किएको मलेसिया आजसम्म आइपुग्दा विश्वको ध्यान आकर्षित गर्ने देश बन्न सफल भएको छ । विदेशी लगानी भित्र्याएर बनेको मलेसियाले हालका दिनमा लाखौ विदेशी कामदारलाई रोजगारी दिएको छ र आर्थिक विकासमा थप शसक्त ढंगले लागिपरेको छ । व्यवस्थित सहरीकरण र सडक सञ्जाल, गगनचुम्बी भवन, स्वस्थ्य र हराभरा वातावरणका साथै राज्य सञ्चालनमा अपनाइएको 'सिस्टम'ले विश्वको ध्यान मलेसियातर्फ तानिएको छ । ४० वर्षको मेहनत र योजनाबद्ध सक्रियतामा तत्कालिन मलेसियन प्रधानमन्त्री महाथीर महम्मदले जसरी मलेसिया बनाउने काम गरे नेपालजस्ता विकासशि ल मुलुकमा पनि राजनीतिक इच्छाशक्ति हुने हो भने विकास गर्न कुनै कठीन हुने रहेनछ भन्ने बुझ्न सकिन्छ । आफनै विकासको मोडल, सभ्यता, इतिहास, संस्कृति, सहनसहन बोकेको मलेसियामा पर्याप्त पर्यटकीय स्थल रहेकै कारणले गर्दा बर्सेनी २५ मिलियनबढी पर्यटक मलेसिया पुग्ने गर्छन् । पर्यटकहरुको ओइरो लाग्ने मलेसियाको कूल ग्राहस्थ उत्पादनको महत्वपूर्ण हिस्सा पर्यटन क्षेत्रले ओगटेको छ । मलेसियाको विकास, तिव्रतम प्रगति र पर्यटन लोभ्याउने गन्तब्यले होटल व्यवसाय, स्थानिय उत्पादन र स्थानिय वजार निकै फस्टाएका छन् । (सिग्देल,२०१९)

नेपाल उद्योग वाणिज्य महासङ्घको आयोजना तथा नेपाल सरकारको सहआयोजनामा भर्खरै नेपाल  बिजनेस कन्क्लेभ (Business conclave) सम्पन्न भएको छ । यस कनक्लेभको विशेषता भूतपूर्व मलेसियाली प्रधानमन्त्री महाथिरको सहभागिता एवं सम्मेलनमा उहाँले प्रस्तुत गर्नुभएको विकासको मोडेल नै रह्यो । आफ्नो प्रस्तुतिमा उहाँले दोस्रो विश्वयुद्धपछि उहाँको सरकारले सर्वप्रथम गरीब र धनीबीचको खाडल घटाउने योजना बनाएर भूमिहीनहरूको लागि भूमि वितरण कार्यक्रम अगाडि सारेको बताउँदै खेतीयोग्य जग्गाको कमीले यो कार्यक्रमले पूर्ण लक्ष्य प्राप्त गर्न नसकेकोले पुन सरकारले औद्योगीकरणको नीति अख्तियार गरेको खुलासा गर्नुभएको थियो । त्यस बेला मलेसियासँग औद्योगीकरणको लागि अनुभव नभएकोले विदेशी लगानीकर्ताहरूलाई रोजगारी सिर्जना गर्ने खालको उद्योगहरूमा लगानी गर्न निम्त्याएको

स्मरण गर्दै यसबाट रोजगारीमा आमजनताको पहुँच बढ्नुको साथै शिक्षित श्रमिक उत्पादन गर्न शिक्षामा लगानी बढाउनुपरेको थियो, जसबाट शिक्षित बेरोजगारीको समस्या समेत हल हुन पुगेको थियो । उहाँले आफ्नो सरकारले राजस्वभन्दा रोजगारी सिर्जनालाई प्रमुख लक्ष्य बनाई हिंडेकोले आज मलेसिया औद्योगिक मुलुकको पङ्तिमा उभिएको मन्तव्य व्यक्त गर्नुभएको थियो ।

तानाशाहको नाम दिइएका उनले मलेसियामा १९८१ देखि २००३ सम्म अर्थात् २२ वर्ष शासन गरे र यस अवधिमा मलेसियाको आर्थिक वृद्धिदर औसत १० प्रतिशत रह्यो भने जीवनस्तरमा २० गुणाले सुधार भयो । यस्तो कसरी भयो भन्नेबारे आफ्नो अनुभव सुनाउँदै उहाँले भन्नुभयो- मलेसियामा पनि १४ वटा पार्टी थिए । तर विकासको लागि राजनैतिक स्थिरता र व्यापार अनुकूल नीति नियमको आवश्यकता पर्दछ । हामीले यसलाई पूरा गर्दै गयौं र अन्तत देशको राजस्व बढ्न थाल्यो जसबाट हामीले आधारभूत आवश्यकता पूरा गर्दै सबै जनताको जीवनस्तर उकास्न सक्यौं । मलेसियाका डा. महाथिर मोहम्मदको योगदानलाई उच्च मुल्याङ्कन गर्दै मलेसियाली जनताले हालै ९५ वर्षको उमेरमा विश्वकै सबैभन्दा जेष्ठ प्रधानमन्त्रीमा निर्वाचित गराएका छन् । अन्तर्राष्ट्रिय जगतमा थुप्रै युग नायक छन जसले विकास, समृद्धि र सुशासनमा कोसेढुंगाका रूपमा आफूलाई स्थापित गराएर जनताको मानसपटलमा चिरस्थायी बास बस्न सफल भए । महाथिर मोहम्मदको लोकप्रियता कुनै वाद र सिद्धान्तको उपज होइन, गरिबी कायापलट गरेर विकसित मलेसिया बनाउन उनले खेलेको योगदानको परिणाम हो (गुप्ता, २०१४) ।

मलेसियाको हाल सन्चालित ११ औ पन्चवर्षिय योजनाले (२०१६-२०२०) समावेशिकरण, जनजिवनमा व्यापक सुधारको कार्यक्रम, आय र भौतिक पुर्वाधारमा जोड दिने र धनी गरिव विचको भिन्नता कमगर्ने निति अगडि सारेको छ । मलेशियाले वैदेशिक लगानी भित्र्याउने निति, प्रविधि र सुचना प्रसार गर्ने र मानविय पुँजिको अभिवृद्धि गर्ने कार्यक्रमहरु मार्फत द्रुततर विकास गर्ने लक्ष्यलाई प्राथमिकता साथ अघि सारेको छ । नेपालको लागि पनि यो मोडेल अत्यन्त उपयोगी हुन सक्ने सन्देश दिंदै नेपालले विकासको लक्ष्य निर्धारण गर्दा रोजगारी सिर्जनालाई प्राथमिकता दिएर उपयुक्त र स्थायी वातावरण दिन सकेमा नेपालले पनि विकास गर्ने प्रचुर सम्भावना रहेको धारणा राख्नुभएको थियो । मलेसियाको यो उदाहरणवाट एक व्यक्तिको दुरदर्शि नितिले राष्ट्रको मुहार फेरिन सक्छ भन्ने शिक्षा लिन सकिन्छ ।

### स्विजरल्याण्ड

जनसंख्या र क्षेत्रफलको आधारमा स्विजरल्याण्ड नेपाल भन्दा साँढे तिन गुणाले सानो देश हो । जन घनत्वको हिसाबले नेपाल र स्विजरल्याण्ड उस्तै देश हुन् । दुवै देशमा १ बर्ग किलोमिटरमा १९८ जना बसोबास गर्दछन । स्विजरल्याण्डमा ८४० मिटर देखि ४६३४ मिटर मात्र अग्ला ४५१ साना हिमालहरु छन् । प्रत्येक साना हिमालको पनि नामकरण गरिएको छ । यी सबै हिमालमा पर्यटकलाई खुल्ला गरिएको छ । हिमालमा धुवाँ रहित रेल र केबलकार संजालले सबै प्रकारका मानिसलाई भ्रमण गर्न सम्भब बनाएको छ । स्विजरल्याण्डमा बार्षिक पर्यटकको संख्या २ करोड छ र पर्यटनबाट मात्र रु ४० खर्ब भन्दा बढी आम्दानी हुने गरेको छ । नेपालमा पनि सबै चुचुरालाई नामाकरण गर्नु, पर्यटनका लागि खुला गर्नु , हिमालका निश्चीत उचाइ सम्म पर्यटन पुर्वाधारको विकास गर्न जरुरि छ, सयौं हिमाल हामी सँग छन् तर हालसम्म सम्पूर्ण हिम चुचुराहरूको नामाकरण गरिएको छैन र पर्यटनका लागि खुल्ला समेत गरिएको छैन ।

स्विजरल्याण्डको संघीय प्रणालीमा १३ वटा क्यान्टोन वा प्रदेशहरु छन् । असंलग्न पररास्ट्र नीति , कडा कानुन, द्रुत विकास, राष्ट्रिय सुरक्षा र राष्ट्रिय अर्थतन्त्र चाही स्विसहरूको राजनीतिक प्राथमिकतामा पर्दछन । स्विजरल्यान्डको सफल संघीय प्रयोगले के देखाउँछ भने राज्य बलियो हुनको निम्ति त्यस राज्यका जनता बलियो हुनुपर्ने रहेछ । जनता बलियो हुन तीनवटा कुरामा राज्यले जनतालाई हेरेको हुनुपर्छ र **जनताको**

**स्वास्थ्य, सामाजिक सुरक्षा र शिक्षा** । स्विजरल्याण्डले यि तिनै कुराहरुमा जोड दिने गरेको छ र यि तिनै कुरामा जनतालाई सुविधा दिने राष्ट्रहरूको अग्र पङ्तीमा पर्दछ । स्विसहरू आफुले गरेको काममा कर तिर्छन । आफुले बनाएको नियमलाई कडाइका साथ पालन गर्छन ।

स्विजरल्याण्ड नेपाल जस्तै भू(परिवेष्ठित मुलुक हो । मुख्य आयश्रोत पर्यटन र कृषि नै हो । उन्नत कृषिबाट उत्पादित वस्तु र गाईको दुध यहाँको आम्दानीको मुख्य मेरुदण्ड हो । हुनत यहाँको बैकिङ्ग कारोबार अर्थतन्त्रको अर्को महत्वपूर्ण पाटो हो तर सन १८४८मा संघीय संबिधान बनेदेखिको इतिहासको अध्ययनबाट के देखिन्छ भने संघीयताको सफल प्रयोगले स्विजरल्याण्ड यत्तिको बलियो भएको हो । स्विजरल्याण्डको शासन प्रणाली विश्वमा अनौठो मानिन्छ जहा ७ वटा संघका प्रमुखहरूले आलोपालो सरकार चलाउँछन । विभिन्न देशहरूको औपचारिक प्रतिनिधित्वमा भने उनीहरू राज्यको प्रतिनिधिको रूपमा गएका हुन्छन । कुनै पनि निर्णय लिँदा जनताको मतको कदर हुन्छ । ५० हजार हस्ताक्षर लिएर कुनै नागरिकले संविधानमा भएका कुरा फेर्न चाह्यो भने चुनाब गरिन्छ । हरेक संघको आफ्नै संसद, न्यायपालिका र प्रणाली छ । सम्प्रभुत्ता सबैको सहमतिको बिन्दु हो । जर्मन, इटालीयन , फ्रेन्च र अल्पसंख्यक रोमन भाषा भाषीलाई राज्यले मान्यता दिएको छ । संघिय प्रदेशहरुमा आफ्नै भाषा चल्छन । यसर्थ, स्विजरल्याण्डलाइ सबै हिसावले अनुकरणिय राष्ट्र मानिन्छ । (इनेप्लिज,२०७३)

स्विजरल्याण्डलाइ विश्वको नमुना राष्ट्र बन्न सघाउ पुऱ्याउने केहि मुख्य कारकतत्वहरूलाई निम्न बुँदाहरूमा उल्लेख गरिएको छ ।

१. क्षेत्रफलमा सानो आकार (Small Size)
२. वास्तविक प्रजातन्त्र (Genuine Democracy)
३. विकेन्द्रीकरणको राम्रो अभ्यास (Decentralization)
४. प्राथमिकता प्राप्त क्षेत्रमा विशेष सहुलियत दिने नितिहरु (Subsidiary Principle)
५. गैर व्यावसायिक नेताहरु (Non-Professional Politicians)
६. पुँजि र बौद्धिक क्षेत्रका लागि सुरक्षित स्थान (Safe Haven for Capital and Brainpower)
७. मध्यम वर्गिय मानसिकता (Middle-Class Mentality)
८. शिक्षामा विशेष जोड (Educational Priority)

यि विभिन्न कारकतत्वहरुले स्विजरल्याण्डको विकास प्रक्रियामा निकै सघाउ पुयाएका छन जुन नेपाल जस्तो भर्खर विकास पथमा अघि वढिरहेको राष्ट्रका लागि अनुकरणिय हुन सक्दछ ।

### चीनको विकास मोडेल

सन् १९७८ मा देङ सियाओपिङ नेतृत्वमा आएपछिका चार दशकयता चीनले आफूलाई विश्व आर्थिक शक्ती (Power house) को रूपमा विकसित गरेको छ। साथै यसले विश्वव्यापी अर्थतन्त्र र भूराजनीतिमा समेत महत्वपूर्ण परिवर्तन ल्याएको छ। चीनमा आर्थिक सुधार गर्ने कामको सुरुआत कृषि क्षेत्रबाट गरियो। राज्यको नियन्त्रण केही खुकुलो बनाइयो र दोहोरो ट्रयाक मूल्य संयन्त्रको माध्यमबाट किसानहरूलाई बजार सहुलियत प्रदान गरियो। किसानहरूले आफ्नो प्रभावकारिता र उत्पादकत्व बढाएर यस सुधारप्रति सकारात्मक प्रतिक्रिया दिए। त्यसपछि अन्य क्षेत्रमा पनि थप सुधारका कार्य विस्तार हुँदै गयो। (Township and Village Enterprises) टाउनसिप एन्ड भिलेज इन्टरप्राइजेज (टिभइएस) भनिने हाइब्रिड खालको स्वामित्वको माध्यमबाट गैरकृषि क्षेत्रमा सहुलियत प्रदान गरियो। सहरतिर सुधार फैलिएसँगै राज्यका उद्योगहरूले थप

एकाधिकार प्राप्त गरे र यसले उनीहरूलाई उद्यमी बन्न थप प्रेरित बनायो। लगानी गर्न र आर्थिक वृद्धि बढाउन प्रान्त तथा स्थानीय निकायहरूका लागि विभिन्न सहुलियतहरुको व्यवस्था गरिएको थियो। सन् १९९० को दशकताका स्पेसल आर्थिक जोन (एसइजेडएस) को वृद्धिले चीनलाई विश्व अर्थतन्त्रमा समायोजन हुन निर्णायक भूमिका निर्वाह गऱ्यो। (रोड्रिक, २०७५)

देङ सिआओपिङले चीनमा आर्थिक क्रान्ति शुरू गरेको सन् २०१८ मा ४० वर्ष पूरा भएको छ । त्यसलाई उनले चीनको दोस्रो क्रान्ति भन्ने गर्दथे उक्त आर्थिक सुधारपछि चीन विश्व अर्थतन्त्रमा दह्रो रूपमा प्रवेश गर्यो । आजको मितिमा चीन विश्वको त्यस्तो देश भएको छ जोसँग सबैभन्दा बढी विदेशी मुद्रा सञ्चिति अर्थात् ३.१२ खर्ब डलर छ । चिनको हालको आर्थिक विकासको गतिलाई निम्न तथ्यहरुले पुष्टि गर्दछ ।

- कुल गार्हस्थ उत्पादन (११ खर्ब डलर) को मामिलामा चीन विश्वको दोस्रो ठूलो देश हो।
- प्रत्यक्ष विदेशी लगानी आकर्षित गर्ने चीन विश्वको तेस्रो ठूलो देश हो।
- देङ सिआओपिङले सन् १९७८ मा आर्थिक सुधारका कदम चाल्दा विश्व अर्थतन्त्रमा चीनको हिस्सा जम्मा १.८ प्रतिशत थियो जुन सन् २०१७ मा आएर त्यो हिस्सा १८.२ प्रतिशत पुगेको छ।
- चीन अब केवल एउटा उदीयमान अर्थतन्त्र मात्रै रहेन, बरू १५ औं र १६ औं शताब्दीताका विश्व अर्थतन्त्रमा करिब ३० प्रतिशत आफ्नो हिस्सा भएको अवस्थातर्फ उन्मुख भइरहेको राष्ट्र हो ।

चीनलाई शक्तिशाली बनाउने नेताहरूमा माओत्से तुङ, देङ सिआओपिङ र वर्तमान राष्ट्रपति सी जिनपिङको नाम आउँछ । देङ सिआओपिङ नेतृत्वमा भएको आर्थिक क्रान्तिको ४० वर्षपछि चीन एक पटक फेरि एउटा दह्रो नेतृत्व पाएर अघि बढिरहेको छ । सी जिनपिङ देशको अर्थतन्त्रलाई अझ प्रभावशाली बनाउन उत्पादनको क्षेत्रमा चीनलाई 'महाशक्ति' बनाउन चाहन्छन् । सी जिनपिङले देङ सिआओपिङका उदारीकरणका नीतिहरूलाई अगाडि बढाइरहेका छन जसमा आर्थिक सुधार लगायतका कदम समेटिएका छन् । चिनियाँ सफलताको कथा दोस्रो विश्व युद्धपछिको एउटा देशको विकासको कथामा मात्रै सीमित छैन। बरू त्यो एउटा नियन्त्रित अर्थतन्त्रबाट मुक्त र उदारीकरणमा आएको परिवर्तनको पनि कथा हो। विश्वका कैयौँ देशले पनि चीनले अवलम्बन गरेको परिवर्तनलाई अपनाए। तर लोभलाग्दो सफलता चीनले मात्रै हासिल गऱ्यो । चीनले घरेलु अर्थतन्त्रमा क्रमिक सुधारको प्रक्रिया थाल्यो न कि बजारलाई आफ्नो अर्थतन्त्र सुम्पिदियो। सुधार ल्याउने क्रममा उसले कहाँ विदेशी लगानी गर्ने र कहाँ नगर्ने कुराको निर्क्योल गऱ्यो जसका लागि उसले विशेष आर्थिक क्षेत्रहरूको निर्माण गऱ्यो र त्यसका लागि उसले दक्षिणी तटीय प्रान्तहरूलाई रोज्यो । देङ सिआओपिङले कम्युनिष्ट समाजवादी राजनीतिक माहोलमा ठोस परिवर्तनको जग बसाले जसले विश्वमा समाजवादी अर्थतन्त्रको साख जोगाउन सघाउ पुयायो ।

चिनियाँ लेखक युकोन ख्वाङ आफ्नो पुस्तक 'क्र्याकिङ द चाइना कनन्ड्रमः ह्वाइ कन्भेन्सनल इकोनोमिक विज्डम इज रंग' मा लेखेका छन् ( देङ सिआओपिङ एक महान् सुधारक मात्रै थिएनन धैर्य नभएका व्यक्ति पनि थिए । देङ सिआओपिङले शुरू गरेको सामाजिक आर्थिक सुधारको दृष्टान्त मानव इतिहासमा अन्यत्र भेटिँदैन । यसले चिनको आर्थिक जिवनमा निम्न परिवर्तन ल्यायो ।

- सन् १९७८ देखि २०१६ को बीचमा चीनको जीडीपीमा ३,२३० प्रतिशतले वृद्धि भएको छ ।
- यसबीचमा ७० करोड मानिसहरू गरिबीको रेखाबाट माथि उठे भने ३८.५ करोड मानिसहरू मध्यवर्गका रूपमा उकासिए।
- चीनको वैदेशिक व्यापार साढे १७ हजार प्रतिशतले बढ्यो भने सन् २०१५ सम्म चीन विदेशी व्यापारमा अगुवाको रूपमा उदायो।

- सन् १९७८ मा चीनले वर्षभरि गर्ने व्यापार अहिले दुई दिनमै गर्छ।
- देङ सिआओपिङले चिनियाँ कम्युनिष्ट पार्टीलाई सामूहिक नेतृत्वमा लगेर चीनमा सामाजिक ( आर्थिक परिवर्तनको प्रक्रियामा तीव्रता दिए । (बि.बि.सी. २०१८)

अर्थतन्त्रको बजार नेतृत्व स्थापित गराउनु र बाहिरी स्वतन्त्रता बढाउनु नै चीनको यस्ता सुधार पछाडिका प्रमुख कारणहरु हुन। तर, अन्तर्राष्ट्रिय व्यापार र निजी लगानीमा चीनको हिस्सा बढे पनि यसमा राज्य क्षेत्रको हिस्सा भने तुलनात्मक रुपले खुम्चियो। यसका लागि आर्थिक विविधीकरण र पुनर्गठन शृंखलाबद्ध औद्योगिक नीतिका माध्यमबाट प्रवर्द्धन गरियो। विदेशी लगानीकर्तालाई घरेलु कम्पनीसँग संयुक्त उद्यममा आबद्ध हुन लगाइयो र स्थानीय योगदान (Input) को प्रयोग बढाउन लगाइयो। यसबाट विनिमय दर र अन्तराष्ट्रिय वित्तीय प्रवाह केही हदसम्म नियन्त्रित रह्यो। (रोड्रिक, २०७५)

यी सबैको माध्यमबाट चिनियाँ नेतृत्वले कुनै पनि सिद्धान्तको पालना गरेन र आफ्नै विशिष्टताबाट चलाइरह्यो। चिनियाँ आर्थिक सुधार न कम्युनिस्ट शिक्षा न त कुनै स्वतन्त्र बजार विश्वासबाट निर्देशित थियो। यदि नीतिनिर्माताहरूले कुनै एक महत्वपूर्ण सिद्धान्त अपनाउँछन् भने त्यसलाई पक्कै पनि 'व्यावहारिक प्रयोगात्मकता' भन्न सकिन्छ। यो देङ.को लोकप्रिय भनाइ हो। उनले भनेका छन् **'बिरालोको रङले कुनै पनि फरक पार्दैन, फरक उसले मुसो समात्न सक्यो कि सकेन भन्ने कुराले पार्छ।'** चिनियाँ अनुभवको विलक्षणतालाई हेर्ने हो भने यस्ले विकसित र विकासोन्मुख दुबै राष्ट्रहरूलाई आर्थिक विकासका लागि महत्वपुर्ण शिक्षा प्रदान गर्दछ । अधिकांश पश्चिमा राष्ट्रमा बजारमाथिको निर्भरता र आर्थिक उदारीकरणका फाइदाहरू प्रस्तुत गर्न चीन सफल बनेको छ। सैद्धान्तिक रुपले चीनले राज्य नेतृत्ववाला आर्थिक मोडलको अर्न्तनिहित श्रेष्ठतालाई पुष्टि मात्र होइन स्थापित समेत गरेको छ र बजार केन्द्रित पश्चिमा सिद्धान्तको रडाको लाइ चुनौती दिइरहेको छ । नेपाल जस्तो समाजवाद उन्मुख राष्ट्का लागि चिनको आर्थिक विकास अनुकरणिय मात्र होइन चिनको आर्थिक र प्राविधिक विकासको प्रभाववाट पनि नेपालले प्रसस्त फाइदा लिन सक्नु पर्दछ जुन अहिले नेपालमा चलेको वहस पनि हो ।

## विकासको भारतिय मोडेल (केरला र गुजरात)

कुनै पनि राष्ट्रलाई समृद्ध बनाउन राज्यले आर्थिक वृद्धि (Economic growth) र कल्याणकारी राज्यका अवधारणालाई आत्मसात गर्नुपर्दछ । यी दुवै मोडललाई एकिकृत र सन्तुलित ढंगले प्रयोग गरेमा सफलता हासिल गर्न सकिन्छ भन्ने दृष्टान्त भारतका केरला र गुजरात विकास मोडलबाट स्पष्ट हुन्छ । सन् १९७० को दशकमा केरला राज्यमा अभ्यास भएको विकास मोडेललाई केरला विकास मोडेल भनिन्छ । यो मोडेलले अराजक आर्थिक वृद्धि विकास मोडल विपरीत आम जनताको शिक्षा, जनस्वास्थ्य र सेवाका न्यायोचित वितरणमा जोड दिन्छ । यही विकास मोडेलको कारण केरलामा छोटो अवधिमै तीव्र रुपमा सामाजिक विकास भयो। त्यसबाट त्यहाँका अधिक निम्न र मध्यम वर्गीय जनता लाभान्वित भएको तर्क दीगो विकासका अध्येताहरु दावी गर्छन् ।

हाल प्रधानमन्त्रीका रुपमा भारतलाई नेतृत्व दिइरहेका मोदीले गुजरातमा लागु गरेको विकासको मोडेलका आधारमा 'मोदिनोमिक्स' शब्द नै निर्माण भएको छ। भारतीय जनता पार्टीको वेवसाइटमै लेखिएको छ - 'गुजरात मोडलको भिजन भनेको पूर्ण रोजगारी, कम महंगाई, ज्यादा कमाइ, तीव्र गतिको आर्थिक विकास, गुणस्तरीय शिक्षा, सुरक्षा र उत्कृष्ट जीवनस्तर हो।' प्रधानमन्त्री मोदी सन् २००१ देखि २०१४ सम्म

गुजरातका मुख्यमन्त्री थिए। मोदीले गुजरातमा सडक, उर्जा र पानी आपूर्ति जस्ता आधारभूत सुविधाहरुमा धेरै नै लगानी गरे। भारतको ग्रामीण विकास मन्त्रालयका अनुसार सन् २००० देखि २०१२ सम्ममा गुजरातमा झण्डै तीन हजार ग्रामीण सडक परियोजनाहरु पूरा भएको थियो।

यसबाहेक सन् २००४ र २००५ तथा सन् २०१३ र २०१४ को बीचको अवधिमा प्रतिब्यक्ति उपलब्ध बिजुलीमा ४१ प्रतिशतले बृद्धि भएको छ। गुजरातले सन् २०१२ देखि अतिरिक्त बिजुली उत्पादन गरिरहेको छ । १८ हजार गाउँहरु ग्रिडसँग जोडिएका छन्। यस बखत गुजरातको औसत जिडिपी (सन् २००० देखि २०१०सम्म) ९.८ प्रतिशत रह्यो जसबेला पूरै भारतको औसत विकास दर ७.७ प्रतिशत मात्र थियो। गुजरातमा मोदीले इ ( गवर्नेन्सलाई प्रभावकारी बनाए जसबाट प्रदेशमा भ्रष्टाचारमा कमी आयो। गुजरात मोडलले सुशासनका पक्षमा रहेको एक 'तटस्थ विचार' का रुपमा ख्याती कमाएको छ। गुजरात सरकारले सुशासन कायम गरेकोमा धेरै पटक अवार्ड समेत जितिसकेको छ । अक्सफोर्डबाट प्रकाशित किताब 'ग्रोथ अर डेवलपमेन्ट ह्विच वे इज गुजरात गोइङ'मा उल्लेख भए अनुसार गुजरातले आर्थिक विकासका लागि यस्तो नीति बनाएको छ कि अब जुनसुकै सरकार आए पनि गुजरातको सम्बृद्धिमा असर पर्दैन।

लगानीका लागि गुजरातमा परमिट लाइसेन्स तथा पर्यावरणसँग जोडिएका औपचारिकताहरु पूरा गर्न कानुनी अड्चनहरु राखिँदैन। लगानीकर्ताहरुलाई आकर्षित गर्ने र मनोबल बढाउने कुरामा मोदीले कुनै कसर बाँकी राखेनन्। पश्चिम बंगालमा लामो समयदेखि बिबादका बीच संचालनमा रहेको टाटा मोटर्सको नानो कार प्लान्ट सन् २००८ मा पश्चिम बंगालबाट गुजरातको साणन्दमा सारियो । पश्चिम बंगालको सरकारले जग्गाको मामिला सुल्झाउन नसक्दा जनताको बिरोध थेग्न नसकेर प्लान्ट नै बन्द गर्नुपर्यो तर गुजरातमा अहिले फोर्डले पनि प्लान्ट सुरु गरिसकेको छ । मोदीले फोर्ड, सुजुकी तथा टाटा जस्ता ठूला कम्पनीहरूलाई गुजरातमा प्लान्ट लगाउने अनुमति दिएर अटो म्यानुफ्याक्चरिङ इन्डस्ट्रीमार्फत गुजरातमा पर्याप्त अवसर भित्र्याएका छन् ।

हालसम्म पनि गुजरात भारतको सबैभन्दा औद्योगिकृत राज्य हो । पश्चिमी तटमा रहेको फाइदा पनि यसले उठाइरहेको छ। भारतको जनसंख्याको ५ प्रतिशत आवादी रहेको गुजरातमा देशको कुल क्षेत्रफलको ६ प्रतिशत जमीन छ। पानी नपर्ने समस्या भोग्ने गुजरातमा खेती गर्न त्यति सहज छैन तर पनि भारतको कुल निर्यातको २२ प्रतिशत गुजरातबाटै हुन्छ। हाल गुजरातको जिडिपी ७.६ प्रतिशत छ। लामो तटक्षेत्रका कारण अन्तराष्ट्रिय ब्यापार धेरै नै सुगम छ। भारतको एक तिहाइ समुद्री जहाज गुजरातकै तट भएर जाने गर्छ। सन् २०१० देखि नै गुजरातले ४३ हजार ८४८ मिलियन युनिट बिजुली उत्पादन गर्न थालेको हो। गुजरातमा ४० हजार ७९३ मिलियन युनिट माग रहेकोमा बाँकी रहेको बिजुली उसले अन्य १२ राज्यहरुलाई बेच्न थालेको छ। त्यस्तै भारतमा कुल ३.८ प्रतिशत बेरोजगारी दर रहेकोमा गुजरात राज्यमा सबैभन्दा न्यून १ प्रतिशत मात्र बेरोजगारी दर रहेको श्रम ब्यूरोको प्रतिवेदनमा उल्लेख छ (Bizmandu, 2018) । भारतको गुजरात र केरला मोडलले पुँजिवादी र समाजवादी चरित्रलाई अवलम्वन गरेको छ जुन नेपाल लगायत अरु देश र राज्यका लागि पनि अनुकरणीय रहेको छ ।

### रुवान्डाली मोडेल

हरियो जंगल र पहाडले घेरिएको पूर्वी मध्यअफ्रिकी मुलुक रुवान्डा सन् १९९० तिर तत्कालिन सरकारद्वारा 'प्रायोजित' जनसंहारका कारण जातीय द्वन्द्वबाट ग्रस्थ थियो जुन विस्तारै पुनर्स्थापनातर्फ अघि बढिरहेको छ । सन् १९९० देखि उसले आर्थिक विकासमा ठुलो फड्को मारेको छ । त्यहाँ जातीय टुत्सीहरू र हुटुहरूबीच

दंगा हुँदा सय दिनमै आठ लाखभन्दा बढीको हुटु समुदायको वर्चस्व रहेको सुरक्षा निकायद्वारा हत्या गरिएको विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूको प्रतिवेदनमा उल्लेख छ । जातीय द्वन्द्व र तनावको प्रमुख कारण अल्पसंख्यक टुत्सी र बहुसंख्यक हुटुबीच जारी परम्परागत असमानतालाई मानिएको छ । आज त्यहाँ सबैखाले द्वन्द्वको समाधान भई विकास निर्माण र आर्थिक क्षेत्रमा ऐतिहासिक प्रगति भइरहेका छन् । त्यसैले द्वन्द्वमा फसेका र द्वन्द्वपछिका राज्य र सरकारले गर्नुपर्ने कामका लागि रुवान्डालाई उदाहरणका रूपमा लिने गरिएको छ । रुवान्डाले वर्षौंदेखिको द्वन्द्वमा मलहम लगाउन आफ्नै स्रोत र साधनको पहिचान मात्रै गरेन, त्यसको उपयोग गरी मुलुकलाई समृद्ध बनाउने उत्कट चाहनाका साथ अघि बढिरहेको छ । त्यसै क्रममा उसले कफी र चिया उत्पादन गरी आफ्नो अर्थव्यवस्थाको पुनर्निर्माणमा जुटेको छ । यी दुई उत्पादनहरू त्यहाँका प्रमुख निर्यात वस्तुमा दरिएका छन् । रुवान्डाको ऐतिहासिक विकास को सफलता यसले अख्तियार गरेको विकास र सकारात्मक आर्थिक नीति नै हो जसले त्यहाँ गरिबी र असमानता घटाउन सहयोग पुगेको छ ।

२३ वर्षअघि त्यहाँको अर्थव्यवस्था तहसनहस थियो । खासगरी, सन् १९९४ मा टुत्सीविरुद्ध मच्चाइएको नरसंहारपछि अधिकांश सेवा र सुविधाहरू ठप्प थिए । करिब १० लाख मानिसको ज्यान र हजारौंलाई विस्थापित हुने गरी भएको जनसंहार अघि र पछि रुवान्डाको वृद्धिदर ऋणात्मक अवस्थामा पुगेको थियो । तर, आज विश्वका तीव्र गतिमा बढ्दो अर्थतन्त्र भएको मुलुकमा रुवान्डाले आफूलाई उभ्याउन सफल भएको छ । सन् १९९४ मा मुलुकको वृद्धिदर ऋणात्मक (-११ दशमलव ४ प्रतिशत) रहेकोमा सन् २०१४ मा ७ प्रतिशत र सन् २०१५ मा ६ दशमलव ९ प्रतिशतमा पुगेको थियो । यो वृद्धिदर र आर्थिक छलाङको कारण पुनर्निर्माण, निर्यात प्रवर्द्धन, ऊर्जा विकास र समावेशी वित्त हुन् । यिनै विषयलाई आफ्नो विकासको मोडल बनाएर रुवान्डा छोटो समयमै अन्य मुलुकका लागि नमुना बनेको हो । खासगरी नरसंहारको समाप्तिसँगै मुलुकले सुरु गरेको पुनर्जागरण र रूपान्तरणको अभियानले उसलाई ऐतिहासिक सफलताको शिखरमा पुर्‍यायो । यसले सन् २०१२ को अन्त्यसम्मको एक दशकमा आफ्नो वार्षिक आर्थिक वृद्धिदर ८ प्रतिशतमा पुर्‍यायो । यो दर विश्वव्यापी र अफ्रिका महादेशभरिकै सबैभन्दा उच्च रह्यो । यसमा उसको बलियो आर्थिक आधार, नीति तथा कार्यक्रमहरूको कारणले नै हो । विशेषगरी 'ग्रासरुट' स्तरमा सवावेशी विकासको नितिले रवान्डालाइ आफ्नो लक्ष्यमा पुग्न सफल बनायो । मुलुकले आर्थिक विकास र गरिबी निवारण रणनीतिका साथ अघि बढ्दै सन् २०१८ सम्ममा वार्षिक रूपमा कृषि क्षेत्रमा दुई लाख रोजगारी सिर्जना गर्ने जनाएको छ । अनाज उत्पादनमा वृद्धि गर्नेलगायतका पहल उसले धेरै पहिले सुरु गरिसकेको थियो । फलस्वरूप दुई दशकमै विकासलाई उत्कर्षमा पुर्‍याउन ऊ सफल भयो । सन् २०१३ मा प्रतिव्यक्ति आय ६४४ अमेरिकी डलर रहेकोमा सन् २०१८ सम्ममा १२ सय अमेरिकी डलर पुर्‍याउने लक्ष्यरहेको छ । यसैगरी, निजी क्षेत्रको लगानी जीडीपीको १५.४ पुर्‍याउने लक्ष्य पनि उसले लिएको छ । उसले वार्षिक वृद्धिदर ११.५ हासिल गरेको छ । सेवा क्षेत्र, उद्योग र कृषिलगायत अन्य क्षेत्रमा पनि राम्रो प्रगति गरेको छ । यसैगरी रुवान्डाले आफ्नो निर्यात प्रवर्द्धन गर्दै सन् २०१८ सम्ममा २८ प्रतिशत निर्यात बढाउने र थप ५६३ मेगावाट विद्युत् उत्पादन गरी ७० प्रतिशत घरधुरीलाई विद्युत् सेवा दिने अठोटका साथ अघि बढेको छ । वित्त विकास र वित्तीय सेवामा सुधारले वित्तीय क्षेत्रमा द्रुतगतिमा वृद्धि भइरहेको छ । फलस्वरूप जनसंख्या वृद्धिका बाबजुद मुलुकमा गरिबी न्यूनीकरण भैरहेको अवस्थामा छ । बैंकिङ क्षेत्र स्थिर र राम्ररी पुँजीकृत भएको स्थितिमा छ (यादव,२०७३) । रुवान्डाको यो तरक्कीले नेपाल जस्तो विकासोन्मुख राष्ट्रका लागि उदाहरण प्रस्तुत गर्दछ जसलाई नेपालले शिक्षाको रुपमा लिनू पर्दछ ।

## इथियोपियाली मोडेल

विश्वकै सबैभन्दा बढी जनसंख्या भएको भूपरिवेष्टित मुलुक इथियोपिया अफ्रिका महादेशमा नाइजेरिया पछिको दोस्रो ठुलो जनसंख्या भएको देश हो । ८० भन्दा बढी भाषा बोलिने र संस्कृतिको धनी इथियोपियाको अवस्था रुवान्डाबाट अलि फरक भए पनि विभिन्न संकटका बाबजुद विकासमा यसले फड्को मारेको छ । पुँजीगत परियोजनामा पनि खासगरी आधारभूत संरचनामा रकम खर्चिरहेको रुवान्डाले निकै छोटो अवधिमा 'डाइभर अफ बुम' को अवस्थामा ऊ पुगेको छ । यसको मुख्य कारण त्यहाँको सरकार आफैं होइन, सरकारद्वारा सञ्चालित कम्पनी मार्फत विकास, निर्माण र संरचनामा खर्च गरिएकोले हो । सरकारले औद्योगिक पार्कदेखि चिनी कारखाना र पावर लाइन तिनै संस्थामार्फत बनाउने गरेको छ । खासगरी कमर्सियल बैंक अफ इथियोपिया, इथियो टेलिकम र इथियोपिया इलेक्ट्रिक पावरले त्यहाँको पुँजीगत लगानीमा ७० प्रतिशत योगदान पुयाएका छन । विश्व बैंकद्वारा सन् २०१६ मा प्रकासित 'इथियोपियाज ग्रेट रन स दि ग्रेट एसिलेरेसन एन्ड हाउ टु पेस इट' (Ethiopia's great runthe growth acceleration and how to pace it) ले उल्लेख गरे अनुसार, इथियोपिया सन् २००० यता विश्वको सातौं तीव्र आर्थिक वृद्धिदर भएको मुलुक हो । सन् १९८१ देखि १९९२ सम्म उसको जीडीपी जम्मा ०.५ प्रतिशत रहेकोमा सन् १९९३-२००४ सम्मको अवधिमा यो ११ प्रतिशतमा पुग्यो, जुन चीन अथवा भारतभन्दा धेरै राम्रो हो । सन् २००० मा इथियोपिया विश्वकै सबैभन्दा दोस्रो गरिब राष्ट्र थियो तर आज उसलाई विश्वकै दोस्रो अर्थतन्त्र भएको मुलुक चीनसँग तुलना गर्न थालिएको छ । यसप्रकारको उपलब्धि प्राप्त गर्नुमा आधारभूत संरचनामा उसको ठूलो लगानी प्रमुख कारण हो ।

इथियोपियाको विद्युत् विकास, रेल कनेक्टिभिटी र अन्तरप्रदेशीय राजमार्ग संघीय सरकारले बनाइरहेको छ जसले कृषि र अन्य विकास निर्माणका साथै हलुका वस्तु उत्पादनतिर पनि त्यतिकै जोड दिएको छ । चीन या पूर्वी एसियाली मोडेलविपरीत इथियोपिया आफ्नो अत्यन्तै बलियो पुँजी नियन्त्रणमार्फत 'ओभरभ्यालु' मुद्रा कायम राख्न सफल छ । यसका लागि उसले प्रिमियम डलरमा ग्रहण गर्छ । जसले गर्दा कम्पनीहरूलाई स्थानीय इथियोपियाली मूल्य कम भए पनि सामान निर्यात गर्न सजिलो छ । आयातकर्ता जोसुकै भए पनि उनीहरूका लागि सजिलो वातावरण छ, त्यहाँ । उदाहरणका लागि फूल निर्यातकर्ताले पनि उपभोग्य वस्तु आयात गर्न डलरसम्म आफ्नो पहुँचको उपयोग गर्न पाउँछन् । यो उसको प्रबन्धकीय या प्रविधि क्षेत्रको पहिलो विशेषज्ञता हुन सक्छ । त्यहाँका बैंकहरूलाई मुद्रास्फीतिको दरभन्दा तल झर्दा पनि ऋण निकासा गर्न त्यहाँ निर्देशन दिने गरिन्छ । आश्चर्यको कुरा त के छ भने धनको भुक्तानी गर्न त्यहाँ ऋणको माग बढ्दो छ । पोर्टफोलियो लगानीकर्ता (पुँजी बजारमा गर्ने लगानीकर्ता) हरू र विदेशी बैंकहरूप्रति त्यहाँको सरकारको एक खालको वैचारिक भिन्नता छ । विदेशी 'पोर्टफोलियो लगानी' भन्दा आन्तरिक स्रोत र साधनको प्रयोग रकम जुटाउनका लागि उसले गर्ने गरेको छ । त्यसैले त उसले केन्याको 'आईपीओ टेलिकम' को लगानी मुलुकमा भित्र्याउनुको साटो सरकारी स्वामित्वमा रहेको दूरसञ्चारको एकाधिकारबाटै लाभ लिन उद्यत देखिन्छ ।

राज्यको स्पस्ट दिशा, एकाधिकार, विनिमय र मूल्य नियन्त्रणमा केन्द्रित इथियोपियाले जमिन, श्रम, लजिस्टिक, ऋण र विद्युतमाथि केन्द्रित भएर अघि बढ्न पाँच वर्षे योजना निमार्ण गरि विकास प्रक्रियालाई निरन्तरता दिइरहेको छ । इथियोपिया विश्व व्यापार संगठन (डब्लूटीओ) मा छैन र आईएमएफको सहयोग पनि उसले लिएको छैन । अफ्रिकाको सिंह (दी हर्न अफ अफ्रिका) भनेर समेत चिनिने इथियोपिया ५० वर्षयताकै सबैभन्दा ठूलो खडेरीको चपेटामा पर्यो तर त्यसलाइ कुशलता पुर्वक समाधान गर्न खाद्यान्न जम्मा

गर्ने राष्ट्रिय नीति अघि सारियो । एक अर्ब अमेरिकी डलर सहयोगमा ७ सय ३५ मिलियन अमेरिकी डलर उसले आफ्नै लगानी गर्यो, जुन रकम उसको कुल जीडीपीको ६१.६४ अर्ब अमेरिकी डरलको १० प्रतिशत हो । इथियोपियाले गरेको यो प्रगती लाइ आत्मसात गरेको भए भूकम्प पीडितहरूको पुनस्थापना गर्न र द्रुततर आर्थिक विकास गर्न नेपाललाइ सजिलो हुने देखिन्छ (यादव,२०७३) ।

माथि उल्लेखित विश्वका केहि देशहरूको विकास मोडलहरुको अलावा चिली, क्युवा, दक्षिण अफ्रीका, भुटान लगायतका अन्य देशहरुको मोडल पनि अनुकरणिय रहेका छन । यि विभिन्न विकास मोडलहरुको तुलनात्मक अध्ययनले के देखाउछ भने विश्वका विभिन्न राष्ट्रका आफ्नै मौलिक विकासका ढाँचाहरू रहेका छन जसलाई ति राष्ट्रहरूले आप्नो विशिष्ट परिवेशमा निर्माण गरेका थिए । नेपालको सन्दर्भमा विकास मोडलको निर्माण गर्दा भारत र चिनको सन्निकटता, भुपरिवेष्ठित परिवेश, प्राकृतिक साधनको दोहन निति, भौतिक पुर्वाधारको आवश्यकता, जलस्रोतको पर्याप्तता, पर्यटकिय क्षेत्रहरुको विकास आदिमा ध्यान दिन जरुरि देखिन्छ । विकासको मार्गमा अग्रसर हुदै गरेको वर्तमान अवस्थामा नेपालले यि राष्ट्रहरूबाट शिक्षा लिन जरुरि रहेको छ । केन्द्र देखि स्थानिय तह सम्मका निकायहरुले यि मोडलहरुको अध्ययन गरि आपनो लागि उपयुक्त मोडल कुन हो पहिचान गरि भावी नीति र कार्यक्रम निर्माण गर्ने र कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

# खण्ड ४ : तथ्याङ्क विश्लेषण

## ४.१ जनसाङ्ख्यिक विश्लेषण

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (UNFPA) का अनुसार सन् १९९५ देखि नेपालको जनसाङ्ख्यिक प्रवृत्तिमा सारभुत भिन्नताहरू देखापरेका छन् । यस प्रकारको भिन्नता देखापर्नुका पछाडि घट्दो जन्मदर र मृत्युदर, बढ्दो औसत आयु, पहिलो विवाह गर्दाको बढ्दो उमेर र शहर केन्द्रित तथा सुविधाहरू केन्द्रित बसाइँसराइ मुख्य कारणहरू हुन् । कम विकसित राष्ट्रको तहबाट मध्यम आय भएका मुलुकहरूको स्तरमा पुग्न राष्ट्रिय योजना आयोगले दिगो विकासका लक्ष्य अनुरूप राखेको परिमाणात्मक लक्ष्य हासिल गर्न जनसाङ्ख्यिक चलहरूमा सकारात्मक सङ्केतहरू देखा पर्नु आवश्यक रहेको परिप्रेक्ष्यमा माथिको जनसाङ्ख्यिक विश्लेषण सकारात्मक दिशातर्फ नै उन्मुख देखिन्छ । केन्द्रिय तथ्याङ्क विभागले सन् २०१४ मा प्रकाशन गरेको Population Monograph of Nepal (Vol. 1) मा समेत सन् १९९१-२००१ को औसत जनसङ्ख्या वृद्धिदर २.२५% प्रतिशतबाट घटेर सन् २००१-२०११ मा १.३५ प्रतिशतमा कायम हुनुका पछाडी जनसाङ्ख्यिक चलहरू जस्तै : ठूलो सङ्ख्यामा युवाहरू विदेशिनु, जनचेतनामा भएको सकारात्मक परिवर्तन, एकात्मक परिवारको सङ्ख्यामा वृद्धि आदिलाई ठानेको छ । अर्कोतर्फ आन्तरिक बसाइँसराइको प्रवृत्तिलाई हेर्दा हिमाल र पहाडबाट तराईतर्फ र ग्रामीण भेगहरूबाट शहरी केन्द्रहरूतर्फ बसाइँसराइ गर्ने र एकात्मक परिवारको सङ्ख्या बढ्दै गएको देखिन्छ । यस प्रकारको बसाइँसराइको प्रवृत्तिले गर्दा काठमाडौं उपत्यका, तराई तथा देशका अन्य शहरी केन्द्रहरूमा जनसङ्ख्या वृद्धिको अत्यधिक चाप हुने र हिमाली तथा पहाडी जिल्लाहरू र विकट ग्रामीण क्षेत्रहरूमा जनसङ्ख्या वृद्धिदर ऋणात्मक समेत देखिन थालेको छ । यो प्रवृत्तिले निम्त्याएको अर्को पक्ष हो अनुपस्थित जनसङ्ख्या अर्थात् काम वा रोजगारीको सिलसिलामा ६ महिना वा सो भन्दा बढी समय आफ्नो मूल थलो छोडेर बाहिरिने जनसङ्ख्या सन् २००१ मा कुल जम्मा ७,६२,१८१ हुँदा सन् २०११ को तथ्याङ्कमा १९,२१, ४९४ देखिन्छ । यो क्रम पछिल्ला वर्षहरूमा थप वृद्धि भएको अनुमान गर्न सकिन्छ ।

माथि उल्लेखित राष्ट्रिय तथ्याङ्कीय रूपरेखाले कालिमाटी गाउँपालिकाको समेत प्रतिनिधित्व गर्दछ । तर कालिमाटी गाउँपालिकाको जनसङ्ख्या वृद्धिद्धर चुनौतिपूर्ण रूपमा उच्च छ । सामान्यतया ग्रामीण क्षेत्रहरूको जनसङख्या वृद्धि ऋणात्मक हुँदा यस गाउँपालिकाको जनसङ्ख्या वृद्धिदर उच्च हुनु आश्चर्यजनक नै छ । तथापी यो विवरण ८ वर्ष पुरामो भएकोले हाल यही दरको जनसङ्ख्या वृद्धिदर रहेको सम्भावना एकदमै कम छ । आन्तरिक र बाह्य बसाइसराइ उच्च हुनु, युवाहरू रोजगारी तथा अध्ययनको सिलसिलामा देशबाहिर रहनुका साथै ग्रामीण क्षेत्रबाट सुविधाकेन्द्रित शहरी केन्द्रतर्फ बसाइसराइ तीव्र भई एकात्मक परिवारको सङ्ख्या बढ्दै जानुका कारणले हालको जनसङ्ख्या वृद्धिदर उच्च नभएको अनुमान गर्न सकिन्द्ध । तथापि गाउँपालिकाले दीर्घकालिन गुरुयोजना निर्माण गर्दा जनसङ्ख्या वृद्धिको हालको प्रवृत्तिलाई मध्यनजर गरी योजना निर्माण गर्नुपर्ने हुन्छ । वि.सं. २०६८ को जनगणनाअनुसार कालिमाटीको जम्मा जनसङ्ख्या २३,००५ जना रहेको  जसमा महिलाको जनसङ्ख्या ११,७०५ (५०.८८%) र पुरुषको जनसङ्या ११,३०० (४९.१४%) रहेको छ । यो गाउँपालिकाको लैङ्गिक दर ९६.५४ (प्रति १०० महिलामा पुरुषको सङ्ख्या) छ भने घरधुरीको औसत आकार ५.३० रहेको छ । घरधुरीको औसत आकार हेर्दा कालिमाटी गाउँपालिकामा वडा नं. ५ मा सबैभन्दा बढी (५.६१) र वडा नं. ३ मा सबैभन्दा कम अर्थात् ४.९२ रहेको छ । जनसङ्ख्याको आकारका हिसाबले वडा नं. १ सबैभन्दा ठूलो वडा हो जसमा कुल जनसङ्ख्या ४,२४५ छ भने सबैभन्दा कम जनसङ्ख्या वडा ६ नं. मा छ जसको कुल  जनसङ्ख्या २,४५९ मात्र छ । जनघनत्वका हिसाबले वडा नं. ३

सबैभन्दा ठूलो छ जसको जनघनत्व १३२ प्रति वर्ग कि.मी. रहेको छ भने वडा नं. २ मा सबैभन्दा कम जनघनत्व अर्थात् २१ जना प्रति वर्ग कि.मी. रहेको छ। क्षेत्रपलका हिसाबले भने वडा नं २ सबैभन्दा ठूलो वडा हो जसको क्षेत्रफल १५७.६ वर्ग कि.मी. रहेको छ।

हालको जनसाङ्ख्यिक चलहरूको प्रवृति सामान्य रहँदा कालिमाटी गाउँपालिकाको जनसङ्ख्या उच्च वृद्धिदर ४.५२ प्रतिशत देखिन्छ। वि.सं २०५८ मा यहाँको जनसङ्ख्या १४,७९१ रहेकोमा वि.सं. २०६८ सालमा २३,००५ पुगेकोमा यो प्रवृत्ति कायम रहिरहँदा वि.सं. २०९० साल सम्म यो जनसङ्ख्या बढेर ६०,७९१ पुग्ने अनुमान छ। यद्यपि उपलब्ध तथ्याङ्क केही वर्ष पुरानो भएकोले ताजा अवस्थाको तथ्याङ्कबाट थप तथ्यपरक अनुमान गर्न सहज हुन्छ। तथापि जनसाङ्ख्यिक तत्वहरूको उतारचढावका कारण व्यापक परिवर्तन हुने अवस्था नरहेतापनि विशेषगरी आर्थिक क्रियाकलापहरूमा बढोत्तरी हुँदा व्यापारिक तथा पर्यटकीय क्रियाकलापहरूमा व्यापक वृद्धि भई स्थायी वा अस्थायी तरिकाले बसाईसराइ गरी जाने जनसङ्ख्याबाहेक सामान्य प्रजनन्दरले हालको जनसङ्ख्या वृद्धिदरमा केही कमी आएतापनि ठूलो उथलपुथल हुने स्थिति भने देखिँदैन। यसरी सरसर्ती हेर्दा आगामी १५ वर्षमा यो गाउँपालिकामा कायम हुने जनसङ्ख्या ६०,७९१ वा सो वरपर रहने जनसङ्ख्यालाई आधार बनाई भविष्यका योजनाहरू तर्जुमा गर्नु आवश्यक हुन्छ। जनसङ्ख्याको थप विवरण तालिका नं. १ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १:** कालिमाटी गाउँपालिकाको अगामी १५ वर्षको जनसङ्ख्याको प्रवृत्ति विश्लेषण

| वर्ष | २००१ | २०११ | २०१८ | २०२३ | २०२८ | २०३३ | वर्षिक औसत वृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| प्रक्षेपित जनसङ्ख्या | १४,७९१ | २३,००५ | ३१,३४० | ३९,०८५ | ४८,७४४ | ६०,७९१ | ४.५२% |

## ४.२ सबल पक्षहरू, दुर्बल पक्षहरू, सम्भावना तथा अवरोधहरूको (SWOT) विश्लेषण

कुनैपनि विकासको योजना तय गर्दा वा गुरुयोजना निर्माण गर्दा विकास लक्षित स्थानका सबल पक्षहरू, दुर्बल पक्षहरू, सम्भावना तथा अवरोधहरूको समग्रतामा विश्लेषण गर्ने वैज्ञानिक पद्धतिलाई SWOT (Strength, Weakness, Opportunites and Threat) विश्लेषण भनिन्छ। यस खण्डमा कालिमाटी गाउँपालिकामा गुरुयोजना निर्माणका दौरान वडा भेला तथा अन्तरक्रियाद्वारा स्थानीय गाउँपालिकावासी तथा जनप्रतिनिधिहरूको उपस्थितीमा प्रत्येक वडाबाट तत् तत् वडाहरूका विषय क्षेत्रगत हिसाबले सबल पक्ष, दुर्बल पक्ष, अवसर र सम्भावना तथा चुनौती र जोखिमहरूको बारेमा सूचना सङ्कलन गरी त्यसलाई समग्रतामा व्यवस्थित ढङ्गले निम्नानुसार प्रस्तुत गरिएको छ। यस कार्यबाट गाउँपालिकाका वस्तुगत आवश्यकताहरूलाई सम्बोधन र अवस्था आँकलन गर्न सहज हुनेछ।

### ४.२.१ भौतिक पूर्वाधार

#### (क) भू-उपयोग

**सबल पक्षहरू**

- शारदा र बबई नदीको जलाधार क्षेत्रले सम्पन्न भएकोले त्यसको उच्चतम उपयोग गर्न सकिने
- विविधतायुक्त भू-धरातल रहेको (समुद्र सतहबाट ४५७ मी. देखि २,४०० मि. सम्मको उचाइको विविधता रहेको)

- करिब ७०.५७ प्रतिशत अर्थात ३५३.३४ वर्ग कि.मि. जङ्गल तथा झाडी क्षेत्र भएको
- विभिन्न प्रजातिका वनस्पतिहरूमा दुवै काठ तथा जडीबुटीजन्य वनस्पतिहरू पाइने
- विभिन्न प्राकृतिक मुहानबाट सफा, स्वच्छ पानी उपलब्ध भएको
- प्रशस्त डाँडाकाँडा र पहाडी थुम्काहरू भएकोले पर्यटन विकास गर्न सकिने
- Quarzite, Magnesite, Granite जस्ता कडा चट्टानहरू पाइने
- खेतीयोग्य जमिनमा मलिलो माटो भएको हुँदा उब्जनी राम्रो हुने
- भित्री मधेशका स-साना उपत्यकाहरू चुरे पहाड र महाभारत पहाडी खण्डको विविधताले गर्दा विभिन्न प्रकारको खेतीपाती गर्न सकिने
- कृषि पकेट क्षेत्र, जडीबुटीको पकेट क्षेत्र, वनको विस्तार, माटो तथा खोलाजन्य पदार्थ प्रशोधनका उद्योगहरू सञ्चालन गर्न सकिने
- माछापालन, पशुपालन, पंक्षीपालन, जडीबुटी उत्पादन, मौरीपालनलाई उपयुक्त भू-धरातल रहेको
- जङ्गलको बीचमा घाँसे मैदानहरू भएको तथा पर्यावरणीय प्रणाली राम्रो रहेकोले जैविक विविधतायुक्त पार्कको रूपमा विकास गर्न सकिने ।

**दुर्बल पक्षहरू**

- शारदा र बबई नदी लगायत अन्य खोलाहरूका तटीय क्षेत्रमा कटान हुने गरेको । विशेषगरी वडा नं. ५ र ६ जुम खोलाको कटानले जोखिममा छन्, । वडा नं. ५ र ७ बबई नदीले साथै अन्य वडाका केही भागमा शारदा नदीले कटान गरेको छ ।
- अव्यवस्थित ढंगले सडक सञ्जाल विस्तारका कारण धेरै बस्ती एवम् जमिन पहिरोको समस्यामा रहेको ।
- पानीका श्रोतहरूको उपलब्धता भएतापनि सिंचाइ नहरहरू निर्माण गर्न भौगोलिक जटिलता रहेको ।
- बाँझो जमिन बढ्दै गएको ।
- खेतीयोग्य उर्बर जमिन घट्दो र बन्जर बन्ने क्रम बढ्दो ।
- भौगोलिक विकटता तथा विषमता रहेको ।
- भूकम्पीय हिसाबले संवेदनशील क्षेत्र र भू-वनावट रहेको
- विभिन्न स्थानमा भू-स्खलन र पहिरोको जोखिम रहेको
- जलाधार क्षेत्रहरू धेरै भएतापनि सडक निर्माण तथा अन्य पूर्वाधार निर्माण गर्दा पानीका मुहानहरू सुक्न सक्ने ।
- भिरालो धरातलीय क्षेत्रमा पहिरो र भू-स्खलनको समस्या रहेको
- पहाडी भेग, कमजोर भू-धरातलका कारण छरिएर रहेका बस्तीहरू भएकोले सेवा प्रवाहमा कठिनाई
- खेतीयोग्य जमिनको पूर्णरूपमा वैज्ञानिक उपयोग हुन नसकेको ।

**सम्भावना र अवसरहरू**

- विविधतायुक्त भू-धरातल भएकोले विभिन्न प्रकारका बालीनाली, तरकारी, बहुमूल्य जडीबुटी तथा फलफूल उत्पादन गर्न सकिने
- पाखो बारीमा बहुवर्षीय बाली, डाँले घाँस तथा वोटविरुवा लगाई उत्पादन वृद्धि गर्न सकिने

- बन्जर जमिनको व्यवस्थापन गरी जडीबुटी, अलैंची, निगालो, अम्रिशो उत्पादन गरी आयआर्जन गर्न सकिने
- सुन्दर पहाडी थुम्का तथा डाँडाहरूमा भौतिक पूर्वाधारको विकास गरी व्यापक पर्यटन विकास गर्न सकिने
- विषम तथा विकट भौगोलिक क्षेत्रमा छरिएर रहेका बस्तीहरूलाई उपयुक्त स्थानको छनोट गरी एकीकृत बस्ती विकास गर्न सकिने जसका कारण पूर्वाधारलाई केन्द्रिकरण गर्न सकिने
- विभिन्न तालतलैया, पोखरीहरूको संरक्षण, मर्मत सम्भार गरी माछापालन पर्यापर्यटन र अन्य आर्थिक क्रियाकलाप सञ्चालन गर्न सकिने
- भू-उपयोगको उपयुक्त योजना बनाई स्रोतको अधिकतम उपयोगमार्फत् आम्दानी गर्न सकिने
- भौगोलिक विविधता साथसाथै प्रशस्त वनजङ्गल रहेकोले व्यापक जडीबुटी उत्पादन, कृषि पर्यटन र घरेलु तथा साना उद्योगहरू विकास गर्न सकिने
- भुइँ घाँस तथा डाले घाँस र वन क्षेत्रको पर्याप्त उपलब्धता भएकोले व्यावसायिक पशुपालन गर्न सकिने
- वन क्षेत्रको पुनरुत्थान र बिस्तार गर्न सकिने
- जलस्रोतको पूर्ण सदुपयोग गरी आर्थिक विकास गर्न सकिने

**चुनौती तथा जोखिमहरू**

- विशेष गरी पहाडी क्षेत्रमा भौतिक पूर्वाधार विकास गर्न कठिन हुनुका साथै बढी खर्चिलो हुने
- धेरै स्थानमा अव्यवस्थित ढङ्गले सडक सञ्जाल पुऱ्याउँदा कृषि भूमि मासिने, प्रकृतिको स्वरूप विग्रने सम्भावना उच्च रहेको
- नयाँ विउविजनहरू भित्र्याउँदा रैथाने (पुराना) प्रजातिका बालीनालीहरू लोप हुनसक्ने
- स्रोतको अधिकतम प्रयोग गर्दा भूबनोट तथा पारिस्थितीक पद्धतिमा ह्रास आउन सक्ने फलस्वरूप, भू-स्वरूप विग्रने, पानीको स्रोत तथा मुहान सुक्ने, कृषि पद्धतिमा ह्रास आउने, जमिन सुख्खा हुने, विभिन्न वातावरणीय समस्या तथा विपद् जस्ता समस्याहरू थपिन सक्ने
- वर्षात्को समयमा बाढी, पहिरो, भू-स्खलन र भूक्षयका कारण खेतीयोग्य जमिनमा क्षति पुग्ने
- बाढी, पहिरो र भू-क्षयले धनजनको क्षति हुने
- भूकम्पकीय विनासको उच्च जोखिम
- नदी क्षेत्रलाई जैविक विधि र वाँध बानी संरक्षण गर्नुपर्ने
- गाउँपालिकामा रहेका अन्य नाला तथा खोलाहरूको नियन्त्रण तथा तटबन्ध निर्माण गर्ने चुनौती रहेको
- जमिनको पूर्ण उपयोगका लागि ठूलो आकारको बजेटको आवश्यकता पर्ने ।

## (ख) आवास

**सबल पक्षहरू**

- हरेक क्षेत्रको विकास निर्माणलाई वैज्ञानिक र योजनाबद्ध ढङ्गले अगाडि बढाउने पहलकदमी लिएको
- गाउँपालिकामा आवास योजना तथा एकीकृत बस्ती विकास सम्बन्धी अधिकार प्राप्त भएको र केही आवास निर्माण सामग्री जस्तै : ढुङ्गा, गिट्टी, बालुवा, काठ आदिको राम्रो उपलब्धता भएको

- केही बजार केन्द्र तथा बजारक्षेत्रका घर तथा संरचनाहरू पक्की तथा भुकम्प प्रतिरोधी बन्ने क्रम शुरु भएको
- केही स्थानहरू पहिलेदेखि नै एकीकृत बस्तीको रूपमा विकास भएका
- घुइँयाबारी, कालिमाटी, घुरचौर, पोखरा, दमदुवाली आदि बस्तीहरूमा अत्यन्तै बाक्लो एकीकृत बसोबास रहेको
- गाउँपालिकाका छाप्रो तथा टहरा तथा कच्ची घरहरूलाई अर्धपक्की, पक्की बनाउने कामको थालनी भएको
- व्यक्तिगत जग्गामा जग्गा प्लटीङ् कार्य सञ्चालन भएको
- हरेक क्षेत्रको विकास निर्माणलाई योजनाबद्ध ढङ्गले अगाडि बढाउने परिपाटीको शुरुवात भएको
- आवश्यक खानेपानीका स्रोतहरू तथा प्राकृतिक जल निकासको अवस्था राम्रो रहेको
- गाउँपालिकाका अधिकांश स्थानहरूमा बसोवासको लागि उपयुक्त हावापानी रहेको

**दुर्बल पक्षहरू**

- बबइ नदी र जुम खोलाले धेरै बस्तीहरूमा क्षति गरेको साथै नदी नियन्त्रणका प्रभावकारी कार्यक्रम तत्काल सञ्चालन गर्न नसकिएमा पुराना बस्तीहरू नदी कटानको समस्याबाट बस्ती विस्थापित हुने जोखिम रहेको
- वडा नं. १ मा पर्ने घुइँयावारीमा २०७२ को बाढीले विद्यालय, केही घरहरू बगाएको
- पानीको स्रोतहरू प्रशस्त भएपनि व्यवस्थित नभएका
- अव्यवस्थित रूपमा घरहरू छरिएर निर्माण हुँदा सडक, यातायात, पिउने पानी, सञ्चार लगायतका सेवा सुविधाको उपलब्धता, फोहोर व्यवस्थापन, ढल निकास आदिको समस्या
- धेरै घरहरू कच्ची, झुप्रो/छाप्रो/टहरोको रूपमा रहेका
- छरिएर रहेका बस्तीहरू धेरै रहेका
- आर्थिक अवस्थाले कमजोर समुदायका व्यक्तिहरू सवैले पक्की र अर्धपक्की घरहरू बनाउन नसक्ने
- सुरक्षित आवास निर्माण नभएकोले बाढी, पहिरोको कारण धनजनको क्षति हुने क्रम नरोकिएको
- कच्ची घर, छाप्रो तथा टहराहरू विपद् जोखिमका हिसाबले असुरक्षित रहेका
- एकीकृत र सुरक्षित आवास निर्माणको लागि पर्याप्त बजेट र ठोस कार्ययोजना निर्माण भैनसकेको
- भवन तथा सुरक्षित आवास निर्माणका लागि गाउँमै प्राविधिक र दक्ष जनशक्तिको अभाव भएको
- सुरक्षित र मौलिक घर निर्माणको बारेमा जनचेतना अभाव
- मौलिक संस्कृति, स्थानीय सीप र वास्तुकलाको लोप हुँदै जाने अवस्था रहेको
- स्थानीयस्तरमा उपलब्ध निर्माण सामग्री प्रयोग गरी घर बनाउनुका सट्टा बाहिरबाटै निर्माण सामग्री खरिद गर्ने परिपाटी बढ्दै जाँदा ठूलो मात्रामा स्थानीय पैसा बाहिर जाने ।

**सम्भावना र अवसरहरू**

- दीर्घकालिन उपाय स्वरूप थोरै घरधुरी र जोखिम क्षेत्रमा रहेका समुदायलाई एकीकृत बस्ती स्थानान्तरण कार्यक्रममार्फत् सुरक्षित ठाउँमा ल्याउन सकिने ।

- RCC तथा पक्की घरहरू निर्माण गर्ने तर पुरानो बाहिरी आवरण नबिग्रिने गरी पुरानो ढाँचा र शैलीमा निर्माण गर्न सकिने जसले गर्दा सुरक्षित आवास एवम् मौलिकताको संरक्षण हुने
- पुराना घरहरू, पुराना शैलीहरू हेर्न र अध्ययन गर्न स्वदेशी एवम् विदेशी पर्यटन भित्र्याउन सकिने
- गाउँपालिकाको व्यापक जनसहभागितामा स्वयम् गाउँपालिकाले आफ्नो वस्तुगत अवस्था अनुरूप आवास योजना निर्माण गर्ने अधिकार रहेको
- प्रत्येक वडामा रहेका खुल्ला क्षेत्रलाई सम्भाव्यता अध्ययन गरी व्यवस्थित आवास निर्माण गर्न सकिने
- अधिकांश स्थानमा जनसङ्ख्याको चाप कम रहेकोले आवास योजना विकास गरी व्यवस्थित एकीकृत बस्ती विकास गर्न सकिने
- मौलिक प्रकृतिको वास्तुकलाको जगेर्ना गरी मौलिक पहिचान कायम गर्न आवास निर्माण अनुमती दिँदा विशेष प्रोत्साहन दिई मौलिक प्रकृतिको वास्तुकलाको संरक्षण गर्न सकिने
- स्थानीय निर्माण सामग्री, स्रोत र साधनको प्रयोग गरी सुरक्षित घरहरू निर्माण गर्न सकिने
- खेर गैरहेको बाँझो जमिनलाई आवास योजना निर्माण गरी सुरक्षित घडेरी वितरण गरी व्यवस्थित एकीकृत बस्ती विकास गर्न सकिने
- वर्तमानमा बिस्तार भइरहेका बजार केन्द्रलाई आवास अनुकूल विकास गर्न सकिने
- अब निर्माण हुने सबै संरचनाहरूलाई भूकम्प प्रतिरोधी, सुरक्षित र स्थानीय कला, शैली र सीपको उच्चतम प्रयोग गरी निर्माण गर्न सकिने
- कृषि उत्पादनका हिसाबले अनुपयुक्त र खेर गइरहेको बाँझो जमिनमा एकीकृत आवास योजना निर्माण गरी सुरक्षित घडेरी विकास गर्न सकिने
- वर्तमान अवस्थामा अवैज्ञानिक ढङ्गले बिस्तार भइरहेका बजार केन्द्रलाई एकीकृत आवास योजना निर्माण गरी त्यसै अनुरूप विकास गर्न सकिने

**चुनौती तथा जोखिमहरू**

- छरपष्ट रहेका बस्तीहरूलाई एकीकृत गर्न जटिल रहेको
- शारदा र बबई नदी लगायत अन्य खोला आसपासमा बाढी संवेदनशील क्षेत्रहरू बढी रहेकोले आवास तथा अन्य संरचनाहरू पुनर्निर्माण गर्दा सुरक्षितरूपमा गर्ने चुनौती रहेको
- ठूलो सङ्ख्यामा आवास तथा अन्य संरचनाहरू पुनर्निर्माण गर्दा ठूलो मात्रामा निर्माण सामग्रीको प्रयोग हुन गई वातावरणीय तथा पर्यावरणीय समस्या निम्तिन सक्ने
- ठूलो सङ्ख्यामा आवास तथा अन्य संरचनाहरू पुनर्निर्माण गर्दा स्थानीय परम्परागत मौलिक शैली, ढाँचा र सीपको संरक्षण गर्ने चुनौती
- अधिकांश बस्तीहरूमा भू-स्खलन, बाढी, कटान, पहिरो, आगलागी आदिको जोखिम उच्च रहेको
- झुपडी, छाप्रो, टहरा, कच्ची र परम्परागत शैलीमा बनेका घरहरू विपद् जोखिमका हिसाबले असुरक्षित रहेका
- भू-उपयोग योजनाको व्यावहारिक कार्यान्वयन नभएको
- खोला वा नदी किनार तथा भिरालो भूभागहरूमा रहेका बस्तीहरू प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेका ।

## (ग) सडक तथा यातायात

**सबल पक्षहरू**

- दाङको तुल्सीपुर - हापुरे हुँदै कालीमाटी गा.पा.को दोढेनी-कालीमाटी-घुरचौर-बाट सुर्खेतको बोटेचौर जोड्ने दाङ सुर्खेत सडकले कालीमाटी गाउँपालिकालाई सडक सञ्जालमा सुर्खेत र दाङसँग जोडेको छ र गाउँपालिका भित्र पर्ने सडकहरूमा क्रमशः ग्राभल एवम् स्तरोन्नतिको काम भइरहेको
- कालीमाटीबाट पिप्ले हुँदै बालुवा, दमदुवाली जोड्ने बाटोमा दैनिकरूपमा जिपहरू चल्ने गरेको
- दमदुवाली - बालुवा - पुरुवा खेत हुँदै दाङ - सुर्खेत सडक जोड्ने सडकले यातायात सहजता ल्याएको
- दाङको बबइ बजारबाट-घुइँयाबारी जोड्ने सडकमा दैनिक बस एवम् अटो रिक्सा चल्ने भएकोले वडा नं. ७ लाई सडक यातायातको पहुँचको सहजता भएको ।
- म्यालकुना सुर्खेत हुँदै छरछरे जोड्ने सडकले वडा नं. ६ लाई सडक सञ्जालमा जोडेको ।
- सल्यान खलङ्गाबाट मार्के हुँदै लक्ष्मीपुर पोखरा जोड्ने सडकले लक्ष्मीपुर क्षेत्रलाई सडक सञ्जालमा जोडेको
- गाउँपालिकादेखि जिल्ला सदरमुकाम, दाङ तुल्सीपुर, सुर्खेत, नेपालगञ्जसम्म दैनिक यातायात सञ्चालन गर्नका लागि यातायातका रुटहरू सञ्चालनमा आएका
- सडकहरूको स्तरोन्नति गर्ने कार्य भईरहेको
- धार्मिक तिर्थस्थल, पर्यटकीय क्षेत्र र विभिन्न वडा तथा गाउँ जोड्ने सडकहरूको स्तरोन्नति गर्ने कार्यको सुरुवात भएको
- गाउँपालिकाका सम्पूर्ण वडाहरूमा सडक सुविधाको विकास र विस्तार गर्ने योजना रहेको
- क्रमशः सडक फराकिलो पार्ने र स्तरोन्नति गर्ने कार्यको सुरुवात भएको

**दुर्बल पक्षहरू**

- बबई नदी, जुम खोला, शारदा र अन्य खोल्साहरू हुँदै सडक यातायात विस्तार गर्नु पर्ने हुँदा खर्चिलो र जोखिमयुक्त हुने
- ठुलो पानी पर्दा, झरी लाग्दा पानीले सडक अवरुद्ध हुँदा सडक सुकेपछि मात्रै गाडी चल्ने भएकोले वर्षात्को समयमा यातायात सुचारु गर्न समस्या हुने गरेको
- बाढी, पहीरोको क्षतिबाट सडक, भूस्वरूप, डाँडाकाँडाहरूमा क्षति भएकोले नयाँ सडक ट्र्याकहरू खोल्दा जोखिम हुने साथै अन्य सडकहरूको स्तरोन्नतिमा पनि समस्या रहेको
- वर्षात्को समयमा रातो माटोका कारण गाडीहरू बिग्रने, चिप्लने जस्ता समस्या रहेको
- कलभर्ट, रिटेनिङ पर्खाल (Retaining wall), कजवे, (Causeway)हरू नहुँदा सडक छिटो विग्रने, दुर्घटना हुने, जोखिमयुक्त सडकमा मात्र यात्रा गर्नुपर्ने
- बायो इन्जिनियरिङको कामहरूमा जोड नदिइएको
- सडक नालीको व्यवस्थापनमा आधारभूत अवस्थाबाटै काम सुरु गर्नुपर्ने
- सबै सडकहरू साँघुरा रहेकाले मापदण्ड अनुसार निर्माण गर्नुपर्ने
- कच्ची सडक भएकाले सार्वजनिक गाडी संख्या तथा गाडीको रुटको कमी रहेको
- सडकमा कलभर्ट, पुल, नाली आदि नहुँदा व्यवस्थित पानी निकासको समस्या रहेको

- पहिरो जोखिम रहेका धेरै स्थानहरूमा दिगो सडक सञ्जाल विकासका लागि आवश्यक वृक्षारोपण तथा रिटेनिङ वाल, कलभर्ट, पुल, नाली निर्माण नभएको
- सबैजसो सडकहरू चौडा नभएकाले धेरै साँघुरो घुम्तीहरू रहेका कारण दुर्घटनाको जोखिम उच्च रहेको
- धेरै स्थानहरूमा सहज आवागमनका लागि थप सडक विस्तार कार्य गर्न बाँकी रहेको
- सडक खण्डका विभिन्न स्थानहरूमा रहेका खोला र खोल्साहरूमा पुल निर्माण हुन नसकेको

**सम्भावना र अवसरहरू**

- दाङ-सल्यान-सुर्खेत सडक राष्ट्रिय योजनाका दीर्घकालीन योजना भएकाले कालीमाटी गाउँ पालिकाकालाई व्यापारिक एवम् पर्यटकीय महत्वको क्षेत्रको रूपमा विकास गर्न सकिने ।
- गाउँपालिकाका मुख्य सडकहरूको स्तरोन्नति गरी पक्की बनाउने र बाह्रै महिना गाडी चल्ने सुरक्षित सडक भएमा काठमाडौबाट १ दिनमा पुग्न सकिने हुँदा पर्यटकीय महत्वको क्षेत्रको रूपमा विस्तार गर्न सकिने
- (काठमाडौबाट निकटतम दुरी (करिब १४ घण्टा) मा रहेको हुँदा गाउँपालिकाको मुख्य सडकहरूको स्तरोन्नति तथा पक्की र सुरक्षित सडकको विकास गरी पर्यटकीय महत्वको क्षेत्रहरू विस्तार गर्न सकिने)
- नयाँ ट्र्याकहरू खोली सम्पूण बस्तीलाई सडक सञ्जालमा जोड्न सकिने
- सडकको स्तरोन्नती गरी, कृषि सडक सञ्चालन गरी प्रस्तावीत नयाँ ट्र्याकहरूको विस्तार गरी व्यापार व्यवसाय, शैक्षिक एवम् सामाजिक स्तरमा सकारात्मक वृद्धि हुनेछ ।
- स्थानीय खोला तथा नदी किनारलाई करिडोरको रूपमा विस्तार गरी विपत् न्यूनिकरण तथा हरियाली प्रबर्द्धन गर्न सकिन्छ ।
- प्रत्येक मन्दिर, गुम्बा, पिकनिक स्थल, धार्मिक एवम् ऐतिहासिक हिसावले महत्वपूर्ण ठाउँ जोड्ने सडकले त्यहाँको प्रचार प्रसार तथा पर्यटकहरूको आगमनमा सहयोग गरी रोजगारीको पनि सिर्जना हुने
- पहाडी सडकहरूमा वायो इन्जिनियरिङ र वैज्ञानिक ढङ्गबाट सडक निर्माण गरी अध्ययन, अनुसन्धान एवम् मनोरञ्जनको रूपमा पर्यटन भित्र्याउन सकिने
- आन्तरिक सडक सञ्जालको पूर्णरूपमा विकास हुँदा कालिमाटीलाई कृषि, पर्यटन र जडीबुटी उत्पादन केन्द्रको रूपमा विकास गर्न सकिने सम्भावना रहेको
- सम्पूर्ण वडाहरूलाई जोड्ने सडकको ट्र्याक खोली कच्ची अवस्थामा सञ्चालनमा आईसकेकोले ती सडकको स्तरोन्नति गरी गाउँपालिकाको बृहत्तर विकासमा ठूलो टेवा पुग्ने
- साथै स्थानीय बस्ती तथा बजार केन्द्रबाट मूल सडकमा जोडिने कृषि सडक तथा अन्य सडकहरूको स्तरोन्नति गर्न सके कृषि उत्पादन तथा बजारिकरण निकै सहज हुन गई आर्थिक क्रियाकलापहरूमा बढवा हुन सक्ने

**चुनौती तथा जोखिमहरू**

- जङ्गल क्षेत्रबाट/खोला किनारबाट सडक निर्माण गर्दा त्यहाँको पारिस्थितिक प्रणालीमा नकारात्मक असर पर्न सक्ने

- सडक विस्तार जथाभावी तरिकाले गरिँदा धेरै स्थानहरूमा कृषि भुमि मासिने, विभिन्न स्थानमा रहेका तालहरू मासिने र वातावरणमा प्रतिकूल असर परिरहेको
- सम्पूर्ण सडकको स्तरोन्नति गर्न समयमै आवश्यक बजेटको अभाव
- सडक व्यवस्थित गर्न नसक्दा धुलो तथा प्रदुषण वृद्धिको समस्या
- भू-क्षयीकरणको समस्या
- साँघुरा र घुम्तीयुक्त सडकले दुर्घटनाको वा सडक सुरक्षा जोखिम धेरै रहेको
- सडक विस्तारले वन जङ्गल फँडानी भई हरित क्षेत्रमा नकारात्मक प्रभाव पर्न सक्ने

## (घ) पिउने पानी

**सबल पक्षहरू**

- नदी आसपासका केही घरहरूमा सामुदायिक ज्वलम एगफउ सञ्चालनमा ल्याएको
- कालिमाटी गाउँपालिकामा पानीका पर्याप्त मुहान तथा स्रोतहरू रहेकोले सुरक्षित पिउने पानीको प्रबन्ध गर्न सकिने
- पिउने पानीका विभिन्न मुहान एवम् हाल सञ्चालित विभिन्न आयोजनाहरूले केही हदसम्म खानेपानीको माग पूर्ति गरेका
- गाउँपालिकाका सबै वडाहरू **"एक घर एक धारा"** अभियान सफल पार्न लागिरहेका
- निर्माणाधिन विभिन्न आयोजनाहरू सम्पन्न भई सञ्चालन हुँदा पिउनेपानीको समस्या धेरै हदसम्म समाधान हुने
- लगानीको वातावरण बनेमा पानीका खेर गैरहेका विभिन्न स्रोतहरूको संरक्षण हुन गई भविष्यमा हुने पानीको मागलाई समेत धान्न सक्ने
- यहाँको पानीको मुख्य स्रोत मूल तथा मुहान भएकोले गुणस्तरमा राम्रो
- विभिन्न ठाउँहरूमा ट्याङ्की निर्माण भएको साथै क्ष्लतबपभ पनि निर्माण गरीएको
- वडाका केही ठाउँबाहेक अन्य ठाउँमा पानी को स्रोत खोज्न टाढा जानु नपर्ने
- सबै वडामा विभिन्न उपभोक्ता समिति मार्फत् खानेपानी आयोजनाहरू सञ्चालनमा रहेका
- आकाशे पानी जम्मा गरी प्रयोग गर्न सकिने
- खानेपानीको स्रोतहरू प्रशस्त भएका साथै उपभोक्ताहरूले आफ्नो टोल अनुसार नजिकको स्रोतहरू प्रयोग गरिरहेका
- धेरै मानिसहरूले धारा, कुवा, खोला र मूलको पानी पिउने गरेको
- लिफ्ट खानेपानीको सम्भाव्यता बारे अध्ययन गर्न सकिने
- घैंटी ट्याङ्की मार्फत् पिउनेपानी तथा अन्य प्रयोजनको लागि पानीको प्रबर्द्धन गर्न सकिने
- वर्षात्को पानी सङ्कलन गरी विकट क्षेत्रमा पिउने पानीको प्रबन्ध गर्न सकिने
- लिफ्ट प्रविधिको प्रयोग गरी पिउने पानीको प्रबन्ध गर्न सकिने
- केही क्षेत्रहरूमा डिप बोरिङ्को सम्भावना रहेको

**दुर्बल पक्षहरू**

- प्राकृतिक मुलहरू प्रशस्त भएतापनि नदी छेउका बस्तीहरूले सिधै खोलाको पानी खानु परेको
- दुषित पानी सेवनले रोगव्याधको समस्या

- भौगोलिक विकटताका कारण पाइप विस्तार तथा खानेपानी आयोजना सञ्चालन गर्न जटिल
- प्राकृतिक विपतका कारण पिउने पानीका मुहान, भौतिक पूर्वाधारहरू जोखिममा रहेका
- सडक विस्तार गर्दा पिउने पानीका स्रोतको संरक्षणमा जोड नदीएको
- प्रशस्त पानीका मुहानहरू भएतापनि स्रोतहरूको सही समाधान नहुँदा पिउने पानीको पूर्ण व्यवस्थापन हुन नसकेको
- हाल सञ्चालित पिउनेपानीका आयोजना तथा मुहानहरूबाट समेत पूर्ण सुरक्षित पिउने पानीको व्वस्थापन गर्न नसकिएको
- गाउँपालिकावासीमा सुरक्षित र स्वच्छ पिउनेपानीको महत्वका बारेमा जनचेतनाको कमी
- पानीका प्रमुख श्रोतहरूको वैज्ञानिक हिसाबले संरक्षण र व्यवस्थापन गर्न नसकिएको
- फोहोर व्यवस्थापन योजनाको अभाव

**सम्भावना र अवसरहरू**

- बबई, शारदा, जुम खोला जस्ता ठूला खोलाहरू भएकोले आसपासमा लिफ्टीङ खा.पा., डिप बोरिङको राम्रो सम्भावना रहेको
- बृहत् खानेपानी योजना मार्फत् पानीको वृहत् प्रयोग गर्न सकिने ।
- एक घर एक आकाशे पानी संकलन ट्याङ्की निर्माण गरी खानेपानीको समस्या सामाधान गर्न सकिने
- लिफ्ट खानेपानी आयोजना मार्फत पिउनेपानीको समस्या समाधान गर्न सकिने
- लिफ्टिङ गरिएको पानीलाई विभिन्न स्थानमा ट्याङ्की बनाइ जम्मा गरी स्रोतको बहुउपयोग गर्न सकिने ।
- विभिन्न स्थानमा कृत्रिम पोखरी र पुराना पोखरी संरक्षण गरी जिवजन्तुको आवश्यकता पुर्ति गर्न सकिने
- शुद्ध मूलको पानीबाट पानी उद्योग सञ्चालनमा ल्याई गुणस्तरीय ब्राण्डिङ गरी पानीको व्यापार गर्न सकिने
- लिफ्ट खानेपानी र डिप बोरिङ सञ्चालन गर्न क्यबिच र विद्युत्को समस्या समाधान सकिने
- एकीकृत जलाधार संरक्षणको योजना बनाई पानीको बहुउपयोग गर्न सकिने
- जलश्रोतका हिसाबले सम्पन्न यस गाउँपालिकालाई सम्पूर्ण हिसाबले सम्बृद्ध बनाउन माथि उल्लेखित लगायत अन्य पानीका मुहान संरक्षण गरी दिगो रूपमा पानीको सदुपयोग गर्ने योजना कार्यान्वयन गर्न सकिने
- वर्षातको पानी संकलन गरी प्रयोगमा ल्याउने प्रविधि अवलम्बन गर्न सकिने ।
- घर-घरमा पानी संकलन ट्याङ्की राख्न प्रोत्साहन गरेमा दिर्घकालीन हिसाबले पिउनेपानीको समस्या समाधान गर्न सकिने ।

**चुनौती तथा जोखिमहरू**

- खानेपानी आयोजनाहरू निर्माण गर्दा धेरै लगानी लाग्ने हुँदा लगानीको स्रोत जुटाउन गाह्रो पर्न सक्ने
- जलस्रोत संरक्षण सम्बन्धी ठोस कार्यक्रम निर्माण नहुँदा पानीका मुहानहरू सुक्ने वा खेर जाने जोखिम रहेको

- पानीका मुहानहरूलाई दिगो रूपमा संरक्षण गर्न बजेटको व्यवस्था, प्राविधिक ज्ञान र कार्यान्वयन संयन्त्र निर्माण गर्नुपर्ने
- सञ्चालित आयोजनाहरू समयमा मर्मत सम्भार तथा संरक्षण नभएका
- फोहोर व्यवस्थापनका लागि व्यवस्थित योजना निर्माण गर्नुपर्ने

**सम्भावना र अवसरहरू**

- जलश्रोतका हिसाबले सम्पन्न यस गाउँपालिकालाई सम्पूर्ण हिसाबले समृद्ध बनाउन पानीका मुहान संरक्षण गरी दिगो रूपमा पानीको सदुपयोग गर्ने योजना कार्यान्वयन गर्न सकिने
- वर्षात्को पानी सङ्कलन गरी प्रयोगमा ल्याउने प्रविधि अवलम्बन गर्न सकिने
- घर-घरमा पानी सङ्कलन ट्याङ्की राख्न प्रोत्साहन गरेमा दीर्घकालीन हिसाबले पिउनेपानी तथा घरायसी प्रयोजनको पानीको समस्या समाधान गर्न सकिने
- पानी प्रशोधन तथा प्याकेजिङ् गर्ने मिनरल वाटर उद्योग स्थापना गरी आयआर्जन गर्न सकिने

## ङ) सिँचाई

**सबल पक्षहरू**

- बबई नदी, शारदा नदी, जुम खोला वडा नं. ७ का नाउली, पतेरी, बाघमारे, हाउ खोला, खप्परे खोला, भेरी खोला, गंगटे खोला, काटेघारी खोला, पहिरो खोला, सिस्नेरी खोला, तिलकेनी खोला, डढुवा खोला, चुनी खोला, गोठेरी खोला, पोल खोला, धामखोला, छहरा खोला, डिमुरे खोला, भाङवारी खोला, धागेचरी खोला, वडा नं. ३ का रुने खोली, स्थल खोला, भित्री खोला मोस खोला छरि खोला पानी खोला, घट्टे खोला, वडा नं. २ मा पर्ने - कोछट्टे खोला, सेती खोला, दह खोला, चिसातरा खोला, केने खोला, वडा नं. १ मा - मोस खोला, अधेरी खोला, जुइया खोली, दोर खोली, अलैची खोला आदि गाउँपालिकाका सिँचाईका मुख्य स्रोतहरू रहेका
- पुराना सिँचाइ कुलोहरू प्रशस्तमात्रामा रहेका
- पुराना नहरहरूको केही भाग पक्की रहेका
- उपभोक्ता समिति मार्फत् नहर मर्मत, संभारको कामहरू भइरहेका
- खोला नालाहरू प्रशस्त भएकोले नहर निर्माण गर्न सजिलो पर्ने ।
- नहरहरूको निर्माण गरी खेतीयोग्य जमिनको क्षेत्रफल बढाउन सकिने ।
- सिँचाइ पुगेको ठाउँमा उब्जनी राम्रो हुने ।
- गाउँपालिकाभर रहेका जलाधार क्षेत्रको नक्शाङ्कन गरी जलाधार संरक्षण तथा उपयोगमार्फत् सिँचाइ तथा पिउने पानीको आपूर्ति गर्न सकिने
- खेतीयोग्य उर्वर क्षेत्रको पहिचान गरी संभाव्य स्थानबाट सिँचाईको प्रबन्ध गर्न सकिने
- पानीको प्रशस्त स्रोत भएकोले स्रोतको अधिकतम प्रयोग गरी सिंचित क्षेत्र वृद्धि गर्न सकिने
- नहर खन्न सम्भावना नहरहेको स्थानहरूका वैकल्पिक सिँचाई प्रविधिको प्रयोग गर्न सकिने
- केही स्थानमा डिप बोरिङ् र लिप्टिङ् सिँचाइको सम्भाव्यता रहेको
- वर्षात्को पानी सङ्कलन, थोपा सिँचाई आदि प्रणालीमार्फत् समेत सिँचाई गर्न सकिने

**दुर्बल पक्षहरू**

- २०७१ को विनाशकारी बाढीले धेरै नहरहरूमा क्षति पुऱ्याएको
- २०७१ को बाढीले निर्माणाधीन बबई - हात्तिदमार, घुइँयाबारी जोड्ने नहरमा पूर्ण क्षती पुऱ्याएको छ जसको लागत रू. ९ करोड थियो

- नयाँ सडकहरू निर्माण गर्दा सडकले नहरहरू भत्काइदिएको, पुरिएको छ भने कुनै स्थानहरूमा खोलोको कारण सडक नै परिवर्तन भएको
- बिना अध्ययन दिगोरूपमा खनिएका नहरहरूका कारण वर्षात्मा मात्र सञ्चालन हुने गरेका
- डिप बोरिङ र लिफ्ट सिँचाइ प्रविधि सञ्चालन गर्न जनशक्तिको अभाव
- पहाडी भू-स्वरूप भएकोले सबै स्थानमा सिँचाइ नहर तथा कुलो पुऱ्याउन नसकिने
- लिफ्टिङ् प्रविधीबाट सिँचाइ गर्दा उच्च लागत पर्ने
- डिप बोरिङको सम्भावना रहेको तर उच्च लागत पर्ने
- उपलब्ध जलस्रोतको सही सदुपयोग हुन नसकेको
- व्यवस्थित र वैज्ञानिक सिँचाई योजनाको निर्माण हुन नसकेको
- परम्परागत प्रविधिमा आधारित कुलोहरूको मर्मत सम्भार नियमित हुन नसकेको

**सम्भावना र अवसरहरू**

- वर्षात्को पानी सङ्कलन गरी सिँचाइ सुविधा नभएको ठाउँमा सिँचाइ सुविधा पुऱ्याउन सकिने
- विभिन्न स्थानमा रहेका पोखरीहरूको समयमै मर्मत सम्भार गरी माछापालन र सिँचाइ गर्न सकिने
- गाउँपालिकाका विभिन्न स्थानमा रहेका नदी, खोलानाला, पोखरीहरू तथा पानीका मुहानहरूको संरक्षण र सिँचाई योजना निर्माण गरी कृषि उत्पादनमा व्यापक वृद्धि गर्न सकिने
- लिफट र डिप बोरिङ प्रणालीबाट सिँचाई गर्न सकिने
- प्रत्येक वडामा रहेका परम्परागत सिँचाई कुलोहरूको मर्मत सम्भार तथा स्तरोन्नति गरी सुविधायुक्त बनाउन सकिने
- विभिन्न स्थानमा कृत्रिम जलाशयहरू निर्माण गरी जल पर्यावरणीय प्रणालीको विकास गरी सिँचाइ सुविधाको प्रबन्ध गर्न सकिने ।
- खेतीयोग्य उर्वर क्षेत्रको पहिचान गरी सम्भाव्य स्थानबाट सिँचाईको प्रबन्ध गर्न सकिने
- थोपा तथा फोहरा सिँचाई प्रणालीको विकास गर्न सकिने

**चुनौती तथा जोखिमहरू**

- पहाडी र जटिल भू-धरातल भएकोले सिँचाई योजना निर्माण खर्चिलो र कठिन
- योजनाबद्ध सिँचाइ कार्यक्रम नहुँदा व्यवस्थापनमा समस्या भएको
- उपलब्ध जलस्रोतको सही सदुपयोग र व्यवस्थापनमा समस्या
- लिफ्ट आयोजना/डिप वोरिङ्का सामानहरू मर्मत सम्भार गर्ने दक्ष जनशक्तिको अभाव
- सार्वजनिक नदी, खोलानाला, पोखरी तथा तलाउहरू अतिक्रमणको मारमा
- पानीका स्रोतहरू संरक्षण अभावले सुक्ने जोखिम
- सिँचाई प्रणाली व्यवस्थित र वैज्ञानिक नहुँदा क्षयीकरण तथा बाढीको जोखिम हुन सक्ने
- वैज्ञानिक जलस्रोत संरक्षण योजनाको अभाव
- सिँचाई प्रणाली व्यवस्थित र वैज्ञानिक नहुँदा माटोको क्षयीकरण तथा पहिरोको जोखिम उच्च हुने
- खेतीयोग्य जमिनको उपलब्धतामा कमी र छरिएर रहेका कारण सिँचाई आयोजनाको लगानी उच्च भई अपेक्षाकृत प्रतिफल तथा तुलनात्मक लाभ कम हुन सक्ने

## च) विद्युत तथा ऊर्जा

**सबल पक्षहरू**

- सौर्य उर्जा मार्फत बत्ति बाल्ने, मोबाइल, रेडियो, कम्प्युटरहरू चार्ज गर्ने गरेको
- करिब ४० प्रतिशत घरमा सौर्य उर्जा जडान भएको
- बजार क्षेत्रमा खाना पकाउन LPG को प्रयोग भएको
- केही घरहरूले गोबर ग्यास सञ्चालनमा ल्याएका
- जङ्गल काठ/दाउरा प्रशस्त पाइने
- वायु उर्जाको केही स्थानहरूमा सम्भाव्यता रहेको जस्तै- निगालेडाँडा, पैयाकाडा, निगालचुला, मागे, फारुला, छापडाँडा, नयाँ वन, निशानडाँडा, जलजलामा वायु उर्जाको राम्रो सम्भावना रहेको
- लघु जलविद्युतको राम्रो सम्भावना रहेको । धाडेछहरी, कोछट्टे, ठूलाखोला कटविर, सेतीखोला घारी, मोस खोलामा लघु जलविद्युत निकाल्न सकिने
- गाउँपालिकाको वडा नं १ मा (लक्ष्मीपुरको केही भागमा) राष्ट्रिय प्रसारण लाईनबाट बिद्युतिकरण भएको
- गुणस्तरीय सोलारका सामाग्रीहरू भएमा विद्युतीय समस्या धेरै मात्रामा घटाउने सकिने
- घरायसी इन्धनको रूपमा बायो ग्याँसको राम्रो सम्भावना रहेको
- माथिल्लो भेगमा क्तभर्भा का सुधारिएका चुलोहरूको प्रयोगले दाउराको खपत कम गर्न सकिने
- केही घरहरूमा सुधारिएको चुलो समेत निर्माण भएको
- विद्युतीकरणको लागी प्रयासहरू भएको
- बत्ति बाल्नका लागि वैकल्पिक उर्जाका रूपमा सोलारको प्रयोग गरिएको
- सौर्य उर्जाको प्रयोग भएको, टुकी, दियालो, पेनलाइट, टुकिबत्ती आदि प्रयोग गरिएको
- सबै घरमा भैँसी, गाई, गोरु पालेको हुनाले गोबरग्याँस उत्पादन गर्न सकिने
- वनजङ्गलमा खेर गइरहेका काठ तथा पात पतिङ्गर आदिको वैज्ञानिक उपयोग गरी जैविक उर्जाको रूपमा प्रयोग गर्न सकिने

**दुर्बल पक्षहरू**

- वडा नं. १ लक्ष्मीपुर बाहेक अन्य स्थान विद्युत्को राष्ट्रिय प्रसारणको पहुँचमा नपुगेको
- प्रशस्त खोला, नाला, खोल्सा भएतापनि विद्युतका एवम् लघु जलविद्युत निर्माणको कार्य नभएको
- अझैपनि केही घरहरूले मट्टितेलको बत्ति बाल्ने गरेको दाउरा/काठ प्रशस्त भएपनि वनमै कुहिएर खेर गएको र भएको स्रोतको समेत समुचित प्रयोग नभएको
- सुधाररिएको चुलोमा जोड नदिइएको
- खेर गएको पात पतिङ्गर, दाउरा मार्फत् बायो ब्रिकेट बनाउन सकिने भएतापनि प्रयोगमा नआएको
- क्यबिच बिग्रीने हुँदा बनाउन आवश्यक प्राविधिक जनशक्तिको कमी रहेको
- LPG ग्याँसको प्रयोगमा वृद्धि भएको र त्सतर्फ मानिसको आकर्षण बढेको कारण ठूलो परिणाममा रकम बाहिरिने
- अधिकांश घरहरू खाना पकाउनका लागि दाउरामै निर्भर हुनुपरेको

- सोलार प्रणाली पनि महङ्गो भएको
- केही घरहरूमा मट्टितेल/टुकी मार्फत् बत्ति बाल्ने गरेको
- सार्वजनिक सडक वत्तीहरूको व्यवस्था नभएको

**सम्भावना र अवसरहरू**

- वन जङ्गल धेरै भएको हुँदा खेर गएको पात, पतिङ्गर, काठ दाउरा मार्फत् बायो ब्रिकेट बनाउन सकिने
- साना तथा ठूला विद्युत् आयोजनाको सम्भाव्यता अध्ययन गरी वायु तथा सौर्य उर्जाद्वारा विद्युत् उत्पादन गर्न सकिने
- नविकरणीय उर्जा तथा वैकल्पिक उर्जालाई उचित व्यवस्थापन गर्न सकिने
- सौर्य, गोबरग्याँस तथा वायु उर्जाको वैज्ञानिक व्यवस्थापन गर्न सकिने
- नविकरणीय उर्जामा जोड दिई विद्युतीय उर्जाको समस्या समाधान गर्न सकिने
- लघु जलविद्युत् प्रशस्त भएको हुँदा गाउँपालिकालाई ग्रामीण उर्जाको अध्ययन तथा अनुसन्धान क्षेत्रका रूपमा विकास गर्न सकिने
- गाउँपालिकालाई वायु उर्जाको अध्ययन एवम् अनुसन्धानको क्षेत्रको रूपमा विकास गर्न सकिने
- विद्युतीकरण  नभएको वडा, गाउँ तथा टोलमा विद्युतीकरण गरी गुणस्तरीय जीवनयापन गर्न मद्धत पुऱ्याउन सकिने

**चुनौती तथा जोखिमहरू**

- पूर्वाधार विकासको दरिलो पक्ष विद्युतीकरणको काम आधारभूत तहबाटै विकास गर्नुपर्ने
- जटिल पहाडी भू-धरातल भएकोले ग्रामीण विद्युतीकरण विस्तार कार्य कठिन र खर्चिलो हुने
- पर्याप्त बजेटको अभाव
- विद्युत् तथा उर्जा उत्पादन गर्ने तथा मर्मत सम्भार गर्ने लगानी र जनशक्तिको अभाव

## छ) सञ्चार

**सबल पक्षहरू**

- Ntc Tower वडा नं. १ को कोट (निर्माणाधिन/अन्तिम  अवस्था), वडा नं. २ को बराह ढुङ्गा, वडा नं. २ को सिम्लेडाँडामा रहेको
- Ncell Tower वडा नं. १ को कोट, वडा नं. ५ को काल्चेमा रहेकातर गुणस्तर वृद्धि गर्नुपर्ने अवस्था रहेको
- Internet Tower सिम्लेडाँडा वडा नं. ५ मा रहेको
- Sky Tower वडा नं. २ को - निगाल चुला र वडा नं. ५ को  सिम्ले डाँडामा रहेको
- Hellow Nepal को टावर वडा नं. २ को निगलाचुलामा रहेको
- Ncell Tower - वडा नं. २ - तोरीबारी, वडा नं. ३ - लामीडाँडा, वडा नं. ४ - छापडाँडा र तिनचुले, वडा नं. ५ को ताकरकोट, वडा नं. ६ को काप्रे चौर र वडा नं. ७ को काभ्रे चौर डाँडामा राख्ने प्रस्ताव
- NTC Tower - वडा नं. २ बाह्र पुर, वडा नं. ३ - ताउले लेक, वडा नं. ४ - तिनचुले र छापडाँडा, वडा नं. ६ को काप्रे चौर र वडा नं. ७ को काभ्रे चौरमा राख्ने प्रस्ताव
- सामुदायिक रेडियो - मिलनचोक वडा नं. २ मा प्रस्ताव गरिएको

- अतिरिक्त हुलाक कार्यालय पुतलीबजार वडा नं. ३ र घुइयाबारी वडा नं. ७ मा रहेको
- इलाका हुलाक कार्यालय वडा नं. ५ को बालुवामा रहेको
- भएका Tower हरूको स्तरोन्नती गरी सञ्चार क्षेत्रमा प्रगति गर्न सकिने
- गाउँपालीका र वडामा wifi सुविधाको लागि wifi tower निर्माण गरिएको
- मोबाइल सेवाको सुविधा भएको
- न्युन मात्रामा भएपनि बजार क्षेत्रमा इन्टरनेट सेवाको सुविधा भएको
- स्याटलाइट माध्यमबाट टेलिभिजन हेर्न सकिने
- Optical fibre सहित तारसहितको टेलिफोन सुविधा स्थापना गरी रोजगारी एवम् सञ्चार सुविधा बिस्तार गर्न सकिने

**दुर्बल पक्षहरू**

- धेरै ठाउँमा NTC/Ncell/Sky/Hellow को टावरको पहुँच नपुगेको
- टावरको गुणस्तर कमजोर रहेको
- Network coverage कम भएको
- वडा नं. ६ र ७ मा wifi सुविधा नभएको
- Wifi पहुचमा पुगेका वडाहरूमा पनि गुणस्तर नभएको
- विद्यालय, स्वास्थय चौकीहरूमा धषष विस्तार नभएको
- विद्युतिकरणको अभावले गर्दा सञ्चार क्षेत्रलाई पनि ओझेलमा पारेको
- Wifi Tower ले राम्रोसँग काम नगरेको
- Tower मा समस्या आउँदा प्राविधिक जनशक्तिको अभावमा धेरै दिनसम्म सेवामा अवरोध आउने
- मोबाइल सेवाको विस्तारका लागि सम्पूर्ण स्थानमा नेटवर्क कभरेज नभएको
- ईन्टरनेट सेवाको Network Coverage कम हुँदा प्रभावकारिता नभएको र सबै स्थानमा पहुँच नभएको
- सार्वजनिक स्थानहरूमा wifi को व्यवस्था नभएको

**सम्भावना र अवसरहरू**

- प्रस्तावित सामुदायिक रेडियो ले गा.पा.लाई जनस्तरसम्म जोड्ने र सेवा ग्राहीहरू (स्थानीय) सम्म गाउँपालिकाको काम, सूचनाहरूको जानकारी पुग्ने भएकाले स्थानीय एफ.एम सञ्चालन गर्न सकिने
- पर्यटकीय महत्व बोकेको कालिमाटी गाउँपालिकाका विभिन्न ठाउँहरूको प्रचार, प्रसार हुनुको साथै अध्ययन अनुसन्धानको क्षेत्रको रूपमा विस्तार हुने
- गाउँपालिकाभरि Landline telephone/Radio, TV Network/Internet सेवा विस्तार भएको खण्डमा सञ्चारको पहुँच गाउँगाउँमा पुग्ने र सञ्चार क्षेत्रले रोजगारी पनि सिर्जना गर्न सक्ने
- उपभोक्ताको माग राम्रो भएको खण्डमा निजी सञ्चार सेवा प्रदायक मोबाइल तथा इन्टरनेट कम्पनीहरूलाई सेवा विस्तारमा आकर्षण गर्न सकिने

**चुनौती तथा जोखिमहरू**

- तीव्ररूपमा शहरी विकास र बिस्तार नभएकोले सञ्चार क्षेत्रको विकास र बिस्तार गर्न कठिनाई रहेको
- सञ्चार माध्यमको नकारात्मक प्रभावका कारण सामाजिक व्यवहार तथा संरचनामा नकारात्मक असर परेको

### ४.२.२ सामाजिक पूर्वाधार

#### (क) शिक्षा

**सबल पक्षहरू**

- वडा नं. ६ बाहेक अन्य सबै वडामा मा.वि. भएको
- वडा नं. ३ को राजीगाउँमा सामुदायिक अध्ययन केन्द्र रहेको
- गा.पा.ले शिक्षा शाखामा पुस्तकालय स्थापना गर्ने कार्यक्रम रहेको
- शारदा जनकल्याण मा.वि. (वडा नं. ३)मा १२ सम्म पढाइ हुने ।
- वडा नं. ४ मा २ वटा मा.वि. सञ्चालनमा रहेका
- गाउँपालिकामा ७ वटा मा.वि., २५ वटा अधारभुत विद्यालय, १८ वटा प्रा.वि. र ५ वटा संस्थागत विद्यालय रहेका
- धेरै विद्यालयमा खेलमैदानको व्यवस्था भएको
- केही विद्यालयमा पुस्तकालयको व्यवस्था भएको
- अधिकांश विद्यालयमा शौचालयहरू निर्माण भएको
- विगतका वर्षहरूमाभन्दा शिक्षाको पहुँचमा सर्वसाधारणहरू पुगेको
- विद्यालय भर्नादरमा उल्लेख्य वृद्धि भएको
- महिला, दलित, जनजातिको शिक्षाको पहुँचमा उल्लेख्य सुधार भएको

**दुर्बल पक्षहरू**

- वडा नं. ६ को नेपाल रा.आ.वि., काफलगैरी जुम खोलाको कटानले समस्यामा परेको ।
- वडा नं. १, ४ र ७ मा छुट्टै नि.मा.वि. नभएको
- शिर्जनशिल मा.वि. भिगानी (वडा नं. २) भुक्षयको समस्यामा परेको
- धेरै विद्यालयका भवनहरू जिर्ण रहेका (भवनको अभाव मा.वि.हरूमा भन्दा प्रा.वि.हरूमा बढी रहेको.)
- प्राकृतिक प्रकोप रहेको जस्तै : बाढी, पहिरो र वर्षात्का कारण वर्षात्का महिनामा धेरै विद्यार्थीहरू अनुपस्थिति हुने गरेको
- शैक्षिक लैङ्गिक दरमा असमानता
- धेरै विद्यालयमा शुद्ध पिउने पानीको अभाव
- शौचालयहरू निर्माण भएपनि आवश्यक पर्ने पानी, तथा सरसफाइको समस्या देखिएको
- धेरै स्थानहरूमा आधारभुत र माध्यमिक शिक्षाको सुविधा भएपनि पर्याँप्तमात्रामा माध्यमिक विद्यालय, स्नातक तह वा सो भन्दा माथिको उच्च शिक्षाको सुविधा नरहेको
- विद्यालयमा विषयगत शिक्षकको कमी
- विद्यार्थी- शिक्षक अनुपात असमान रहेको
- विद्यालय तथा विद्यार्थीहरूमाझ स्वास्थ्य प्रतिस्पर्धात्मक भावना कमी भएको
- अधिकांश विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला तथा कम्प्युटर शिक्षाको कमी रहेको
- प्राविधिक शिक्षाको कमी भएको
- कुनै कुनै विद्यालयमा कच्ची भवन तथा असुरक्षित रहेका साथै भूकम्पले क्षति गरेको
- विद्यालयमा शैक्षिक पूर्वाधारको कमी भएको

- अतिरिक्त क्रियाकलाप, विद्यार्थी मैत्री शिक्षा तथा खेलकूद सामग्रीको अभाव भएको
- नयाँ तथा प्रविधिमैत्री शिक्षण पद्धतिको अभाव
- उपयुक्त खेल मैदानको व्यवस्था नभएको
- लक्षित, निरक्षर तथा सीमान्तकृत वर्गलक्षित विशेष शिक्षाको व्यवस्था नभएको
- विद्यालयमा स्वच्छ पिउने पानी तथा छात्रा र अपाङ्ग- मैत्री शौचालयको व्यवस्था नभएको

**सम्भावना र अवसरहरू**

- वडा नं. १ को शक्ति कमलादा आ.वि. धुम्का र ज्ञानमाला आ.वि. टोटावाझलाई कक्षा ८ मा स्तरोन्नति गर्न सकिने
- त्रिभुवन जनता मा.वि. - पोखरा, लक्ष्मीपुर लाई क्याम्पसमा स्तरोन्नती गर्न सकिने
- जन विकास प्रा.वि. अग्रौटे (वडा नं. १) लाई झ्यूटर गाउँमा सार्न सकिने
- वडा नं. ३ मा रहेको शारदा जनकल्याण मा.वि. (१२ कक्षा) लाई क्याम्पसमा र नेपाल राष्ट्रिय आ.वि. दोरेनीलाई मा.वि. र कृषि प्राविधिक शिक्षालयमा स्तरोन्नती गर्न सकिने
- वडा नं. ४ को - जनसेवा मा.वि. र शिशु मा.वि.लाई क्याम्पसमा स्तरोन्नती गर्ने साथै इन्द्र आ.वि. सुनचौरलाई ८ मा स्तरोन्नती गर्न सकिने
- वडा नं. ६ को - नेपाल रा.आ.वि.- काफलगैरीले मा.वि.को अनुमती पाएको यसलाई क्याम्पसमा स्तरोन्नती गर्ने, प्रभात आ.वि., जलजलालाई मा.वि. बनाउने र ने.रा.आ.वि. ज्यामिरे र ने.रा.आ.वि. -शितलपुरलाई ८ मा स्तरोन्नती गर्नु पर्ने ।
- वडा नं. ६ को ने.का.आ.वि.साविकको बस्ती फाटमा सरेकोले स्थानान्तरण गर्न सकिने
- वडा नं. ६ को हात्तिढुङ्गामा बाल विकास केन्द्र स्थापना गर्नु पर्ने
- वडा नं. ७ को नेपाल राष्ट्रिय मा.वि.लाई क्याम्पसमा स्तरोन्नती गर्नु पर्ने ।
- शारदा प्रा.वि. र गणेश प्रा.वि.लाई ८ मा स्तरोन्नती गर्ने ।
- दलित प्रा.वि., बाटुलेलाई आधारभूत विद्यालयमा स्तरोन्नति गर्न सकिने
- स्नातक तथा स्नातकोत्तर तहसम्मको शिक्षा गाउँपालिकामै प्रदान गर्नका लागि आवश्यक मात्रामा थप शैक्षिक संस्थाहरू स्थापना गर्न सकिने
- प्राविधिक शिक्षालयहरू स्थापना गर्न सकिने
- शिक्षा क्षेत्रको विकासका लागि निजी क्षेत्रको सहयोग लिन सकिने
- प्रौढ शिक्षा तथा अनौपचारिक शिक्षाको व्यवस्था गरी साक्षरता दरलाई बढाउन सकिने
- सम्पूर्ण विद्यालयहरूमा आवश्यक मात्रामा शैक्षिक सामग्रीहरूको थप व्यवस्था एवम् पुस्तकालय तथा विज्ञान र कम्प्युटर प्रयोगशालाको व्यवस्था गर्न सकिने
- विभिन्नस्थानमा प्राविधिक शिक्षालय स्थापना गरी कृषि, पशु, सब-ओवरसियर आदिको पठनपाठन शुरु गर्न सकिने
- विद्यालयहरूमा धषष सञ्चालन गरी भीष्दचबचथको निर्माण गरी शैक्षिक क्षेत्रमा सुधार गर्न सकिने
- गाउँपालिकामा एक संस्कृत पाठशालाको स्थापना गरी संस्कृत भाषाको पठन पाठन गरी विद्यार्थीलाई आकर्षण गर्न सकिने
- कृषि, भेटनरी, जस्ता टेक्निकल विषयहरूको अध्ययन गर्न छुट्टै विद्यालय निर्माण गरी जनशक्ती निर्माण गर्न सकिने

- विभिन्न विषयमा अध्ययन गरिरहेका विद्यार्थीहरूलाई गाउँपालिकाभित्र अध्ययन अनुसन्धान गर्न आकर्षित गर्न सकिने

**चुनौती तथा जोखिमहरू**

- समयमै विद्यालय क्षेत्रका शैक्षिक समस्याहरूको सम्बोधन नगर्दा राष्ट्रलाई आवश्यक सक्षम, दक्ष, र कर्मठ नागरिक उत्पादन हुन नसक्दा दीर्घकालीन क्षति व्यहोर्नुपर्ने अवस्था हुनसक्ने
- समग्र शैक्षिक समस्याहरू सम्बोधन गरी शैक्षिक संस्थाहरूलाई सुविधा सम्पन्न बनाउन ठूलो परिमाणमा बजेटको व्यवस्था गर्नुपर्ने
- विद्यालय भर्नालाई शत प्रतिशत बनाउने चुनौतीका साथै विद्यालयमा टिकाउने चुनौती रहेको
- विद्यार्थी र विद्यालयको अनुपात समायोजन गर्ने चुनौति रहेको
- गुणस्तर सुधारमा व्यापक लगानी तथा प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने
- शैक्षिक क्यालेण्डर व्यवस्थित गर्नुपर्ने
- विद्यार्थीका अनुपातमा शिक्षकको व्यवस्था गर्नुपर्ने
- अनुगमन प्रणालीको व्यवस्था गर्नुपर्ने
- शिक्षकहरूलाई नियमित तालिम प्रदान गर्नुपर्ने
- बालमैत्री तथा विद्यार्थीमैत्री शिक्षण सिकाई पद्धतिको विकास गर्नुपर्ने
- अन्तराष्ट्रिस्तरमा प्रतिस्पर्धा गर्न सक्ने शैक्षिक गुणस्तर कायम गर्नुपर्ने
- हरेक विद्यालयमा सुचना प्रविधियुक्त बनाउनु पर्ने
- सबैका लागि शिक्षा अभियान सञ्चालन गर्नुपर्ने
- प्राविधिक तथा सीपमूलक शिक्षाको व्यवस्था गरिनुपर्ने
- शैक्षिक ऋण तथा छात्रवृतिको व्यवस्था गरिनुपर्ने
- गाउँपालिकाबाट मेडिसिन, इन्जिनियरिङ तथा अन्य प्राविधिक विषय पढ्न सक्ने विद्यार्थीहरूलाई गाउँमा सेवा गर्ने वातावरण बनाउने
- अभिभावक शिक्षा कार्यक्रमको व्यवस्था गर्नुपर्ने

## (ख) स्वास्थ्य

**सबल पक्षहरू**

- भिगाने चोकमा क्लिनिक र LAB भएको
- वडा नं. ३ को स्वास्थ्य चौकीमा (राजगाउँ स्वास्थ्य चौकीमा) एम्बुलेन्स सुविधा रहेको
- वडा नं. २, ३, ५, ६ र ७ मा १ - १ वटा बर्थिङ सुविधा सहितको स्वास्थ्य चौकी रहेको
- वडा नं. २, ४ र ५ मा सामुदायिक स्वास्थ्य इकाई सञ्चालनमा
- वडा नं. ५ मा स्वास्थ्य चौकी र सामुदायीक स्वास्थ्य इकाई दुवै रहेको
- वडा नं. १ मा - १ वटा, २ मा - २ वटा, ३ मा - ५ वटा, ४ मा - ३ वटा, ५ मा- २ वटा, र ७ मा १ वटा क्लिनिक सञ्चालनमा रहेका
- वडा नं. १ मा - ५वटा, २ मा - १ वटा, ३ मा - ३ वटा, ४ मा - ३ वटा, ५ मा ३ वटा, ६ मा -३वटा र ७ मा ३ वटा खोप केन्द्रहरू सञ्चालनमा साथै धेरै खोपकेन्द्रहरूमा गाउँ घर क्लिनिक पनि सञ्चालनमा रहेका

- वडा नं. १ मा - ९ जना, २ मा -६ जना, ३ मा - ४ जना, ४ मा - ४ जना, ५ मा - ५ जना, ६ मा - ४ जना, ७ मा ५ जना गरी जम्मा ३७ जना महिला स्वास्थ्य स्वयमसेविकाले सेवा पुऱ्याइरहेका
- सबै वडाहरूमा खोप केन्द्रहरूका साथै गाउँघर क्लिनिक पनि सञ्चालनमा रहेका
- विभिन्न वडाहरूमा निजी मेडिकलहरू सञ्चालनमा रही गाउँपालिकावासीहरूलाई स्वास्थ्य सेवा प्रदान गरिरहेका
- धामी, झाँक्री तथा वैद्यहरूमार्फत् समेत प्राकृतिक औषधिको प्रयोगबाट उपचार गर्ने
- विगतका वर्षहरू भन्दा स्वास्थ्य सेवामा सुधारहरू भएका
- गाउँपालिकाद्वारा विभिन्न रोगका लागि घुम्ती स्वास्थ्य शिविरहरू सञ्चालनको सुरुवात भएको
- स्वास्थ्य क्षेत्रमा प्रभावकारी र आवश्यक सेवा सञ्चालन तथा विस्तारको लागि गाउँपालिकाद्वारा योजना निर्माण भएका

**दुर्बल पक्षहरू**

- वडा नं. २ र ४ मा स्वास्थ्य चौकी नभएको
- स्वास्थ्य चौकीमा गुणस्तरीय सेवा उपलब्ध गराउन नसकिएको
- खोप केन्द्रहरूको सबैको आफ्नै भवन नभएको
- वडा नं. ६ मा एउटा पनि क्लिनिक नभएको
- वडा नं. ३ को स्वास्थ्य चौकीमा बाहेक अन्य वडामा एम्बुलेन्स सुविधा नभएको ।
- स्वास्थ्य शिक्षाको अभावमा वर्षेनी झाडापखाला, आउँ, हैजा, आखा पाक्ने, टाइफाइड, लुतो, एलर्जी, निमोनिया आदिबाट मानिसहरू प्रभावित हुने र केहीको ज्यानै जाने गरेको
- अस्पतालको भवन, संरचना, विज्ञ चिकीत्सकहरूको अभाव
- सम्पूर्ण प्रविधियुक्त स्वास्थ्य केन्द्रको अभाव
- विशेषज्ञ चिकित्सकको अभाव
- जटिल शल्यक्रिया सेवाको अभाव
- औषधीको अभाव
- रेडियोलोजी तथा प्याथोलोजी प्रयोगशालाको अभाव
- स्वास्थ्य केन्द्रमा सुरक्षित र फराकिलो भवनहरूको अभाव
- आवश्यक मात्रामा बर्थिङ् सेन्टरको अभाव
- सुत्केरी गराउन लैजाने दुरी र सवारी साधनको अभाव
- स्वास्थ्य केन्द्रहरूमा शौचालय तथा सुरक्षित पिउने पानीको अभाव
- दरबन्दी अनुसार चिकित्सकको अभाव
- भ्याक्सीन फ्रिजको अभाव
- आपत्कालीन तथा आकस्मिक उपचार सेवाको अभाव
- शल्यक्रिया सेवा, रक्तसञ्चार सेवा, डाइग्नोष्टिक (रेडियोलोजी र प्याथोलोजी) सेवा आदिको अभाव
- सर्जिकल सामग्री, एक्सरे तथा अन्य आवश्यक उपकरणको अभाव
- गुणस्तरीय औषधीहरूको अभाव
- नि:शुल्क वितरण गर्ने औषधीहरूको समयमै वितरणमा समस्या
- २४ सै घण्टा उपचार सेवाको अभाव

**सम्भावना र अवसरहरू**

- घेराबार तथा पर्खाल नभएको स्वास्थ्य चौकीमा घेराबार गरी व्यवस्थित गर्न सकिने
- वडा नं. १ को स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माण गर्न सकिनुको साथै टोटावाझमा सामुदायिक स्वास्थ्य इकाई नयाँ स्थापना गर्न सकिने
- धेरै खोप केन्द्रहरूको आफ्नै भवन नभएकाले निर्माण वा सहजीकरण गर्न सकिने
- वडा नं. २ मा रहेको प्राकृतिक चिकित्सा केन्द्र टाड्केलाई विकास र विस्तार गर्न सकिने
- खोप केन्द्रहरू बाह्रपुर -२ मा स्थापना गर्नुपर्ने
- वडा नं. ३ को मर्चेवारीमा सामुदायीक स्वास्थ्य इकाइ स्थापना गर्न सकिने
- गाउँपालिकामा रहेका सबै स्वास्थ्य चौकीलाई प्राथमिक स्वास्थ्य केन्द्रमा स्तरोन्नती गर्ने र वडा नं. ४ र २ मा भएका सामुदायिक स्वास्थ्य इकाईको स्तरोन्नती गरी स्वास्थ्य चौकी हुदै प्राथमिक स्वास्थ्य केन्द्रमा स्तर वृद्धि गर्न सकिने
- भवन नपुगेको ठाउँमा भवन निर्माण गर्नुपर्ने
- प्रत्येक स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाइमा एम्बुलेन्स सेवा उपलब्ध गराउने
- स्थानीय जडीबुटीहरूको प्रयोग गरी उपचार सेवा प्रदान गर्न सकिने
- विभिन्न ठाउँमा रहेका गाउँ घर क्लिनिकलाई स्तरोन्नती गरी खोप केन्द्र र अन्य स्वास्थ्य सेवासँग सम्बन्धित कार्य गर्न सकिने
- प्रस्तावित एवम् माग गरिएको कार्यक्रमहरूबाट गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा धेरै सुधार ल्याउन सकिने
- धामी, झाँक्री तथा वैद्यहरूलाई आधारभूत स्वास्थ्य तालिम प्रदान गरी प्राकृतिक औषधिको प्रयोगबाट उपचार गर्ने व्यवस्था मिलाउन सकिने
- हाल सञ्चालित स्वास्थ्य संस्थाहरूको स्तरोन्नती गरी विरामीलाई राम्रो सुविधा प्रदान सकिने
- प्राकृतिक जडीवुटीहरूको सम्भाव्यता अध्ययन गरी अन्य वडाहरूमा प्राकृतिक चिकित्सालय सञ्चालनमा ल्याउन सकिने
- स्वास्थ्य शिक्षाको बिस्तारमार्फत् स्वास्थ्य चेतना फैलाई समग्र गाउँपालिकावासीको स्वास्थ्यमा आमुल सुधार ल्याउने
- जडीबुटी सङ्कलन तथा प्रशोधनबाट गाउँपालिकाको आर्थिक अवस्था सुदृढ गर्न सकिने
- विपन्न, असहाय तथा सीमान्तकृत व्यक्ति तथा समुदायहरूलाई निःशुल्क तथा सहुलियत सहितको स्वास्थ्य सेवा प्रदान गर्ने
- सबै गाउँपालिकावासीलाई गुणस्तरीय स्वास्थ्य सेवा पुर्‍याउन निजी क्षेत्रसँग पहल गर्न सकिने
- वैकल्पिक चिकित्सा पद्धति जस्तै : जडीवुटी, होमीयोप्याथी, प्राकृतिक चिकित्सा तथा योग ध्यान केन्द्रको व्यवस्था गर्न सकिने
- विद्यमान स्वास्थ्य पूर्वाधारहरूलाई स्तरोन्नती गरी सेवा प्रभावकारी बनाउन सकिने
- विपन्न समुदायका गाउँपालिकावासीहरूलाई गाउँपालिकाले मापदण्डका आधारमा निःशुल्क स्वास्थ्य बिमा गर्न सक्ने

**चुनौती तथा जोखिमहरू**

- स्वास्थ्य शिक्षाको अभावमा समग्र गाउँपालिकावासीको स्वास्थ्यमा आमुल सुधार ल्याउन कठिनाई

- स्वास्थ्य  सेवाको उचित व्यवस्था र प्रबन्ध नहुँदा विरामीको अकालमै ज्यान जान सक्ने
- समग्र स्वास्थ्य क्षेत्रको सुधारका लागि ठूलो आकारको बजेट तथा कर्मचारी र विशेषज्ञहरूको प्रबन्ध गर्नुपर्ने
- स्वास्थ्य केन्द्र तथा अस्पतालहरूको स्तरोन्नति गरी सुविधा सम्पन्न बनाउनुपर्ने
- स्वास्थ्य चेतनाका अभावका कारण बालबालिका स्वास्थ्य, महिला तथा प्रजनन् स्वास्थ्य, जेष्ठ नागरिकहरूको स्वास्थ्य र समग्र सामुदायिक स्वास्थ्य जोखिममा पर्न सक्ने

## (ग) संस्कृति

**सबल पक्षहरू**

- वडा नं. १ मा त्रिकुटेश्वर महादेवमा शिवरात्री मेला, कमलाक्ष भगवती मेला (दशैं अष्टमी/नवमी/दशमी), दहि जात्रा (कृष्ण अष्टमीको भोलीपल्ट-पोखरा) मा धार्मिक मेला लाग्ने गरेको
- वडा नं. २ को भुवन टाकुरा मन्दिरमा, नौमुले बराह पुजा लाग्ने (माघी/जेठमा), कैलु बराह मेला (जेठ पूर्णिमा), एक्ले वराह मेला (पति टाकुरा/तारिके डाँडा) चित्र लेखी पुजा, आदी यहाँका मुख्य मेला पर्वहरू रहेका
- वडा नं. ३ मा - कालिमाटी देउती बजैमा (मंसिर पूर्णिमा, धार्मिक एवम् व्यापारीक मेला), फारुला विद्यालयमा (फारुला मेला/कोजाग्रत पूर्णिमा), कोटडाँडामा (महाअष्टमीमा) र शिव मन्दिरहरूमा मेला एवम् जात्रा लाग्ने गरेको
- वडा नं. ४ मा-सिद्ध बाबा मेला (मंसिर द्वितीया), त्रिपुरेश्वर महादेव मेला-जलुके शिवरात्रीमा लाग्ने गरेको
- वडा नं. ५ मा त्रिवेणी मेला- माघे संक्रान्तीमा शारदा नदी र बबई नदीको संगमस्थल/दोभान दमदुवालीमा मेला लाग्ने गरेको
- वडा नं. ६ को शिव मन्दीर-सिसेनी चौरमा शिवरात्री मेला लाग्ने
- वडा नं. ७ को घुइयाबारीको सिसौघारीमा (दशैं र तिहारमा २ पटक व्यापारिक मेला च्याङ स्कुल नजिक वैशाख पूर्णिमामा मेला लाग्ने गरेको
- खानपानमा सिन्की/गुन्द्रुक, ढिडो/आटो, माछा, सुकाएको साग, गेडागुडी, सिस्नो आदिलाई मौलीक खानपानको प्रचारप्रसार गर्न सकिने
- यहाँका मौलिक नाचहरू - गडुवा नाच, सोरठी नाच, सिगारु नाच, झ्याउरे नाच, झ्याली झमटा, झ्याली हप्पा (वनगढी), लाखे नाच, लहरे नाचलाई विशेष रूपमा प्रवर्द्धन गरी साँस्कृतिक पर्यटनको विकास गर्न सकिने
- विभिन्न जातजाति, धर्म, सम्प्रदाय र संस्कृतिका समुदायहरू सौहार्दपूर्ण तरिकाले बसी सांस्कृतिक विविधतामा धनी रहेको
- धार्मिक हिसाबले विभिन्न धर्मावलम्बीहरूले आफ्ना धर्म संस्कृतिको परम्परा कायम राखिरहेको
- विभिन्न जाति समुदायको मौलिक संस्कृतिहरू रहेको
- विभिन्न जाति समुदायहरूको मानवशास्त्रीय अध्ययनका लागि शैक्षिक पर्यटनको गन्तव्यस्थल बनाउन सकिने
- आदिवासी जनजातिका सांस्कृतिक सम्पदाहरू रहेकोले सांस्कृतिक सङ्ग्रहालय तथा सांस्कृतिक केन्द्रहरूको रूपमा विकास गर्न सकिने

- विभिन्न मेला, जात्रा, नाच, पर्व तथा चालचलनहरू सबै वर्ग, जातजाति र समुदायहरू मिलेर मनाउने
- विविध जातजातिहरूको बसोबास भएकोले विविध नाच, गान, गीत तथा पूजापाठहरू गरिने
- विविध जातजातिका आफ्ना आफ्ना भेषभुषा, खानपान परिकार, हतियार तथा औजारहरू रहेका
- गुरुङहरूको बाहुल्यता रहेको हुँदा गुरुङ सँस्कृतिको र सभ्यताको अध्ययन गर्न सहयोग पुऱ्याउने ।
- नयाँ वर्ष मेला, दशै, तिहार, माघेसङ्क्रान्ति मेला, नागपञ्चमी, होली, क्रिसमस, शिवरात्री मेला, काका पुजा, दुर्गा मेला आदि जस्ता मेलाहरू आयोजना गरिने
- झाँक्री पद्दतीबाट गरिने औषधि उपचारले पनि यहाँको संस्कृतिमा विविधता ल्याएको
- विभिन्न सांस्कृतिक कार्यक्रम तथा विभिन्न नाच आदिले यहाँको सांस्कृतिक विविधता दर्शाउने
- यहाँ गुफा, मन्दिरहरू, चर्चपर्यटकका लागि विशेष आकर्षणका केन्द्र हुन सक्ने
- विशेष गरी क्षेत्री, मगर,दलित र आदीवासी जनजातिहरूको मौलिक संस्कृतिहरू रहेको
- यस प्रकारका समुदायहरूको मानवशास्त्रीय अध्ययनका लागि शैक्षिक पर्यटनको गन्तव्यस्थल बन्न सक्ने
- खासगरी मगर जातिका सांस्कृतिक सम्पदाहरू रहेकोले सांस्कृतिक सङ्ग्रहालय स्थापना गर्न सकिने तथा सांस्कृतिक केन्द्रको रूपमा विकास गर्न सकिने
- विभिन्न जातजातिको मुख्य बसोबास भएका क्षेत्रहरूमा होम-स्टेको विकास गरी संस्कृति संरक्षणका साथै आर्थिक उपार्जनको व्यवस्था गर्न सकिने

**दुर्बल पक्षहरू**

- धेरै ठाउँमा रोपाईंमा गाइने बाली गीत, देउडा,  विभिन्न पर्व गीतहरू, मौसम गीतहरू लगायतका लोकगीतहरू लोप हुँदै गएको
- विभिन्न जातजातिहरूका संस्कृति, नाचगान, भेषभुषा, गीत, खानपान, रहनसहन, वाद्यवादन लगायतका सांस्कृतिक वैभवहरूको संरक्षणको अभावमा सङ्कटमा परेका
- पुराना भाकाहरूको संरक्षण, सम्वर्द्धनमा जोड नदीइएको
- युवा पुस्ताहरूमा आफ्नो परम्परा, संस्कृति, चालचलन, नाचगान, भेषभुषा, गीत, खानपान, रहनसहन, वाद्यवादन लगायतका सांस्कृतिक वैभवहरूको बारेमा चेतनाको कमी
- सांस्कृतिक धरोहरहरूको संरक्षणका लागि ठोस कार्ययोजना नबनेको
- सञ्चार माध्यमको नकारात्मक प्रभावका कारण मौलिक संस्कृति लोप हुने अवस्थामा पुगेको
- कतिपय आदिवासी जनजातिहरू विपन्न अवस्थामा रहेकोले उनीहरूको सबलीकरणका लागि ठोस कार्यक्रमहरू नभएको

**सम्भावना र अवसरहरू**

- कालिमाटी गाउँपालिकालाई मौलिक स्थानीय संस्कृति र सभ्यताको केन्द्रको रूपमा विकास गरी सांस्कृतिक पर्यटन प्रबर्द्धन गर्न सकिने
- यसका अलावा आदिवासी जनजातिहरूको मुख्य बसोबास भएका क्षेत्रहरूमा होम-स्टेको विकास गरी आर्थिक विकासमा टेवा पुऱ्याउन सकिने

- विभिन्न जातजातिहरूका संस्कृति, नाचगान, भेषभुषा, गीत, खानपान, रहनसहन, वाद्यवादन लगायतका सांस्कृतिक वैभवहरूको संरक्षण गरी गाउँपालिकामा पर्यटकहरूका साथै संस्कृतिको अध्ययन गर्ने संस्था र व्यक्तिलाई आकर्षित गर्न सकिने
- युवा पुस्ताहरूमा आफ्नो परम्परा, संस्कृति, चालचलन, नाचगान, भेषभुषा, गीत, खानपान, रहनसहन, वाद्यवादन लगायतका सांस्कृतिक वैभवहरूको बारेमा चेतना प्रदान गरी आफ्नो पहिचानमा गर्व गर्ने नागरिक बनाउन सकिने

**चुनौती तथा जोखिमहरू**

- विभिन्न जातजातिहरूका संस्कृति, नाचगान, भेषभुषा, गीत, खानपान, रहनसहन, वाद्यवादन लगायतका सांस्कृतिक वैभवहरूको संरक्षण गर्न ठूलो आकारको बजेटको आवश्यकता पर्ने
- समुदाय र राज्य दुवैका उदासिनताका कारण यस प्रकारका मौलिक संस्कृतिहरू लोप भई पहिचान नै संकटमा पर्न सक्ने
- सम्बन्धित समुदाय र राज्यले मिलेर सांस्कृतिक संरक्षण प्रबर्द्धनमा ठोस र दीर्घकालीन कार्यक्रमहरू तत्काल सञ्चालन गर्नुपर्ने चुनौती

## (घ) लैङ्गिक समानता, सामाजिक समावेशीकरण र मूल-प्रवाहिकरण

**सबल पक्षहरू**

- विगतमा भन्दा महिला जनचेतनामा सुधार आएको
- छुवाछुत, लैङ्गिक, यौनिक, शारीरिक तथा सामाजिक हिसाबले हुने विभेदहरू क्रमशः न्यून हुँदै गएका
- बालविवाह, बहुविवाह तथा अनमेल विवाह घटिरहेका
- राजनैतिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा महिला, दलित, जनजाति, अपाङ्ग लगायत सीमान्तकृत वर्ग र समुदायको प्रतिनिधित्व र समावेशिता ग्यारेन्टी गरिएको
- गाउँपालिकामा सांस्कृतिक, धार्मिक सहिष्णुता कायम रहेको
- सञ्चार माध्यम र शिक्षाको सकारात्मक प्रभाव परेको
- गाउँपालिकाले सामाजिक अर्न्तघुलनलाई प्रोत्साहन गर्ने नीति लिएको

**दुर्बल पक्षहरू**

- गाउँपालिकामा पुरुषको भन्दा महिलाको जनसङ्ख्या बढी भएपनि परम्परागत रूपमा रहेको लैङ्गीक विभेद अन्त्य हुन नसकेको
- जातीय भेदभाव समेत अन्त्य हुन नसकेको
- सीमान्तकृत समुदाय, आदिवासी जनजातिहरूको आर्थिक र सामाजिक सबलीकरण हुन नसकेको
- बलविवाह, बहुविवाह तथा अनमेल विवाह घटिरहे पनि पूर्णरूपमा निमूल हुन नसकेको
- राजनैतिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा महिला, दलित, जनजाति, अपाङ्ग लगायत सीमान्तकृत वर्ग र समुदायको प्रतिनिधित्व र समावेशिता ग्यारेन्टी सहित उनीहरूको सशक्तिकरण गरिएको भए पनि आर्थिक सशक्तिकरण तथा मूल प्रवाहिकरण नभएको

**सम्भावना र अवसरहरू**

- नेपालको संविधानमा महिला, दलित, अपाङ्ग, जनजाति, पिछडिएको तथा सीमान्तकृत वर्ग तथा समुदायको सशक्तिकरण र सबलिकरणका लागि वाध्यात्मक व्यवस्था भएकोले उनीहरूको मूल प्रबाहिकरण हुने

- शिक्षा र जनचेतनामा आएको क्रमिक सकारात्मक सुधारका कारण महिला, दलित, अपाङ्ग, जनजाति, पिछडिएको तथा सीमान्तकृत वर्गको उत्थान तथा सबलिकरणका लागि उपयुक्त वातावरण बनेको
- सबै तह र तप्काका समुदायलाई सामाजिक मूल प्रवाहिकरणमा ल्याउँदा गाउँपालिकाको समग्र विकास प्रक्रियाले गति लिने सम्भावना

**चुनौती तथा जोखिमहरू**

- लैङ्गिक विभेद तथा हिंसाले समाजमा सामाजिक विग्रह ल्याउनुका साथै विकासको गतिमा प्रत्यक्ष नकारात्मक असरको जोखिम रहेको
- महिला पछाडि पर्दा समग्र पारिवारिक सङ्गठन र समाज नै विकृत बन्ने चुनौती रहेको ।
- सामाजिक सौहार्दता, मेलमिलाप, शान्ति र समृद्धिका लागि सामाजिक विवेकको प्रयोग गरी सामाजिक अन्तरघुलनका साथै महिला सशक्तिकरण र सीमान्तकृत वर्गको मूल प्रवाहिकरण गर्न चुनौती रहेको
- व्यापक रूपमा महिला शिक्षा तथा अन्य जातजाती, अल्पसंख्यक र सीमान्तकृत वर्ग लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने चुनौती रहेको
- प्रसुती सेवाको व्यवस्था गर्नुपर्ने, प्रजनन् स्वास्थ्य बारे जनचेतना फैलाउनुपर्ने
- घरेलु हिंसा र महिला हिंसा निर्मूल गर्नुपर्ने चुनौती
- आमा समूहहरू गठन गरी जुवा, तास, लागु पदार्थ, जाँड रक्सीको विकृतिविरुद्ध अभियान चलाउनुपर्ने
- बालविवाह, बहुविवाह, अनमेल विवाहलाई पूर्णरूपमा निर्मूल गर्ने चुनौती

## (ङ) खेलकुद तथा मनोरञ्जन

**सबल पक्ष तथा सम्भावनाहरू**

- वडा नं. १ को कोट डाँडा - कोट, बाघखोर खुला चौर र देवि टाकुरामा खेल मैदानहरू रहेको ।
- वडा नं. २ मा टाड्के खेल मैदान, रिट्ठाचौर खुला क्षेत्र, नयाँ खेल मैदान बन्दै रिखे बगरमा र दहटाकुरामाप्रस्तावित खेल मैदान रहेको
- वडा नं. ३ को ढोरेनी मेला लाग्ने जग्गामा र फारुला मेला स्थलमा खेलमैदान बनाउन सकिने ।
- वडा नं. ४ को असुरेनी खुल्ला चौर (ग्राउण्ड निर्माणाधीन), बाघखोर खुल्ला चौर (सा.व.को ६ रोपनी) भएको
- वडा नं. ५ को दमदुवाली मैदान, बालुवा मैदान (ल्होसे डाँडा), बालुवा मैदान (गोठेरी खोला) मा ऐलानी जग्गामा रहेको
- वडा नं. ६ को काँडाघारी खुल्ला चौर, भोर्ले खुल्ला चौर र पित्मारी खुल्ला चौर फुटबल खेल्न मिल्ने छ यसको व्यवस्थापन गर्न सकिने
- वडा नं. ७ को घुइयावारी, स्वामीवास र ज्याङमा खेलकुद मैदान रहेका साथै ज्याङमा मिनि ज्याङमा मिनिस्टेडियम बनाउने प्रस्ताव गरिएको
- व्यायामशाला र कवर्डहल - बालुवा (ल्होसे डाँडा - ५) बाघखोरमा (मिनी स्टेडियम सहित)-४, ज्याङमा-७, चिसातरा-२ मा निर्माण गर्ने योजना बनाउन सकिने
- गाउँपालिकाका विभिन्न विद्यालय तथा वडाहरूमा खेल मैदान तथा खुला चौरहरू रहेका

- गाउँपालिकाले खेल क्षेत्रको विकासलाई पहिलो प्राथमिकतामा राखेको
- खेल पूर्वाधारको विकास मार्फत् विभिन्न खेल प्रतियोगिताहरू आयोजना गरी पर्यटकहरूलाई आकर्षित गर्न सकिने
- विभिन्न राष्ट्रिय एवम् स्थानीय खेलहरू मार्फत् स्थानीय प्रतिभाहरू जगेर्ना गर्न सकिने
- खेलकुदको विकासमार्फत् युवाहरूलाई देश निर्माणमा परिचालन गर्न सकिने
- हाल संञ्चालनमा रहेका खेलकुद मैदानहरूको पनि स्तरोन्नती गर्ने प्रस्ताव गरिएको
- ऐतिहासिक, पर्यटकीय, एवम् धार्मिक महत्वका क्षेत्रहरूमा  मनोरञ्जन पार्क, वनभोज स्थल आदिको रूपमा विकास गर्न सकिने

**दुर्बल पक्ष तथा चुनौतीहरू**

- व्यवस्थित खेलमैदानहरूको अभाव
- व्यवस्थित खेलकुद पूर्वाधारहरूको विकास गर्नका लागि ठूलो आकारको वजेटको आवश्यकता पर्ने
- जटिल भौगोलिक अवस्थितीका कारण खेलकुद पूर्वाधारहरूको विकास गर्न समस्या
- स्थानीयस्तरमा पर्याप्त रोजगारीको अभावमा अधिकांश युवा जनशक्ति वैदेशिक रोजगारीमा जाने भएकोले विभिन्न खेलकुद प्रतियोगिता लगायत पूर्वाधार विकास गर्न समस्या रहेको
- स्थानीय स्तरमा खेल प्रशिक्षकहरूको अभाव

### ४.२.३ आर्थिक पूर्वाधार

#### (क) कृषि

**सबल पक्षहरू**

- वडा नं. १ मा - पोखरा (लक्ष्मीपुर) वडा नं. २ को सिमलकुना र टाड्के, ३ को कालीमाटी, वडा नं. ४ को गैरी गाउँ र घुरचौर, वडा नं. ५ को बालुवा, छरछरे - ६, वडा नं. ७ को जाङमा शितभण्डार निर्माण गर्ने प्रस्ताव गरिएको
- कृषि उपज संकलन केन्द्रहरू पोखरा-१, झिरघाट-१, कालीमाटी-३, सेतीखोला-२, असुरेनी-४, पुरुवा खेत-४, पिपल नेटा-४, खैरेनी-४, बालुवा-५, छरछरे-६, जलजला -६, घुइयाबारी-७ मा निर्माण गरी सेवा प्रदान गर्न सकिने
- कृषि हाट बजार पोखरा-१, झिगाने-२, सेती खोला-२, दोरेनी-३, बालुवा-५, छरछरे-६ र घुइयाबारीमा-७ मा सञ्चालन गर्न सकिने
- प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रमबाट हल्दे खोला-१ लाई वेसार पकेट क्षेत्र, वडा नं. २ मा मौरी पकेट क्षेत्र, अदुवा पकेट क्षेत्र, मौरी पकेट क्षेत्र-४, टोटली देखि हात्तिदमार तरकारी पकेट क्षेत्र - ५, भ्यालकोटमा सुन्तला पकेट क्षेत्र - ६ मा रहेको
- जडीबुटी प्रशोधन केन्द्र सेतीखोला वडा नं. २ मा प्रस्ताव गरिएको
- प्रदेश सरकार मार्फत वडा नं. ४ मा तरकारी पकेट क्षेत्र कार्यक्रम सञ्चालनमा ।
- किम्बु खेतीको राम्रो सम्भावना रहेको
- खेतीयोग्य जमिन, घाँसे मैदान र वन जङ्गलको उपलब्धता रहेको
- गाउँपालिका विविधताले भरिपुर्ण भएका कारण जलवायुमा विविधता रहेको र विभिन्न जलवायु अनुकुल बालीनाली, तरकारी, फलफूल तथा जडीबुटी उत्पादन हुने

- सिँचाइका लागि पानीका मुहानहरू, खोला तथा जलाधार क्षेत्रको उपलब्धता भएको
- गाउँपालिकाले कृषिलाई पहिलो प्राथमिकताको साथ प्रबर्द्धन गर्ने नीति लिएको
- सम्भाव्यताका आधारमा विभिन्न स्थानहरूलाई वैज्ञानिक कृषि प्रणाली अपनाई उर्वर र उत्पादनशील भूमिमा परिणत गर्न सकिने
- रैथाने जातका बालीनालीहरूको उत्पादन गरी प्राङ्गारिक खेती गर्न सकिने
- पशुपालन र पंक्षी पालनको व्यापक सम्भावना भएको
- विभिन्न बालीनाली (मकै, धान, कोदो), फलफूल (केरा , आँप, लिचि, सुन्तला आदि), तरकारी ( काउली, बन्दा, टमाटर, भ्यान्टा, खुर्सानी, लौका, फर्सी, करेला, धनिया, पालक, गाजर, मुला, प्याज, धान, मकै, तरुल, गहुँ आदी खेती हुने) नगदे बाली -बेसार, अदुवा आदि), दलहन तथा तेलहन तथा कुखुरा तथा बाखापालनको पकेट क्षेत्र तथा व्यावसायिक उत्पादन भएको
- विभिन्न प्रजातिका फलफूल जस्तै : आरु, चिउरी, कागती, सुन्तला, नासपाती, एभोकाडो, भुँइ कटहर, मेवा आदिको व्यावसायिक उत्पादन गर्न सकिने
- भैँडा, गाई, भैंसी, बाखा, कुखुरा, हाँस तथा बङ्गुरपालनको राम्रो सम्भावना रहेको
- गाउँपालिकाका सबै वडामा घना जङ्गल एवम् महत्वपूर्ण जडीबुटीहरू पाइने हुँदा व्यावसायिक जडीबुटीको उत्पादन एवम् प्रशोधन गर्न सकिने
- विभिन्न वडामा गाउँपालिकाको कृषि शाखा लगायत विभिन्न सरकारी तथा गैर सरकारी सङ्घ संस्था, द्वारा तालिम एवम् अनुदान प्रदान गरिएको
- बाखा, भैंसीको बिमा गर्ने कामको सुरुवात भएको
- **“एक गाउँ एक उत्पादन”** शुरु गर्ने अभियान चलाउन गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रममा राखेको
- गाउँपालिकाभर व्यावसायिक फर्महरू दर्ता हुने प्रक्रिया सुरु भएको
- कृषि समूहमार्फत विउ विजन वितरण गर्न शुरु गरिएको
- गाउँपालिकामा जलवायु अनुकुल बालीनाली, फलफूल तथा जडीबुटी उत्पादन गर्न सकिने
- अधिकांश घरपरिवार कृषिमा संलग्न भएको हुँदा गाउँपालिकामा कृषि उत्पादनको लागि वैदेशिक रोजगारीमा गएका यूवालाई फर्काउन सकिने
- सिँचाईको लागि नहर, खोलाको पर्याप्तता भएको

**दुर्बल पक्षहरू**

- माटो परीक्षण नभएको
- गुणस्तरीय विउको अभाव
- विभिन्न रोगहरूको समस्या तथा प्रकोप
- पशु बिमा दावी झन्झटिलो (कुनै पशु/पंक्षी मरे भने बिमा बापतको रकम पाउन झन्झटिलो छ )
- उत्पादन लागत बढ्दो तर त्यस अनुसारको उब्जनी नहुने
- कृषकले आफ्नो उत्पादनको आफै मूल्य निर्धारण गर्न नपाउने वा कृषि उत्पादनले उचित मूल्य नपाउने
- कृषि व्यवसायमा बिचौलियाको दवदवा रहेको
- कृषि बजार तथा यातायात/कृषि सडकको समस्या रहेको

- विभिन्न रोगहरू जस्तै- धान (सिन्दुरे), मकै (गुमाउरो, सुकेनास), बाख्रा (पि.पि.आर, भ्यागुत्ते, प्यारालाइसीस आदि) देखा परेको
- जङ्गली जनावरहरूले बालीनालीमा क्षती पुऱ्याउने
- उचित सामग्री तथा जग्गाको छनोट गर्न समस्या
- प्राविधिक जनशक्तिको अभाव
- पशु चरन क्षेत्र घटेको
- स्थानीयस्तरमा विउ विजन पर्याप्त उपलब्ध नहुने
- गाउँपालिकामा वैज्ञानिक कृषि विकास गुरुयोजना निर्माण नभएको
- सम्भावित सबै प्रकारका खेतीपाती तथा पशुपालनको व्यावसायिक उत्पादन नभएको
- सिँचाई सुविधा पर्याप्त नभएको
- केही क्षेत्रहरू सुख्खा क्षेत्रकोरूपमा रहेको
- प्राविधिकहरूको पर्याप्तता नभएको
- बीउविजन, मलखाद र शीत भण्डारणको उचित प्रबन्ध नभएको
- कृषकलाई तालिम तथा कृषि विज्ञहरूको पर्याप्तता नभएको
- कृषि बजार मूल्य वैज्ञानिक नभएको
- मलखाद तथा कृषि सामग्रीको आपुर्तिमा असहजता रहेको
- किटनाशक औषधि, कृषि औजार, आधुनिक प्रविधि, पशु औषधालय तथा कृषि विमाको पर्याप्त व्यवस्था नभएको
- सुलभ र सरल कृषि कर्जाको व्यवस्था नभएको
- गाउँपालिकाका अधिकांश जनता कृषि पेशामा संलग्न रहेता पनि कृषिजन्य उत्पादनको लागत मुल्यमा वृद्धि भई उत्पादन कम भई गाउँपालिका खाद्यान्नमा आत्मनिर्भर हुन नसकेको
- युवाहरू वैदेशिक रोजगारीमा गएकोले आवश्यक जनशक्तिको अभाव रहेको
- युवा वर्गलाई कृषि तथा पशुपालन व्यवसायमा आकर्षित गर्न नसकिएको
- अधिकांश जनसङ्ख्या कृषिमा संलग्न भएतापनि अदृश्य वेरोजगारी व्याप्त रहेको
- कृषि भूमि नदी कटान, बाढि, पहिरोको मारमा परेको

**सम्भावना र अवसरहरू**

- गाउँपालिकामा उचाइको विविधता भएका कारण जलवायुमा विविधता रहेको र विभिन्न जलवायु अनुकूल बालीनाली, तरकारी, फलफूल तथा जडीबुटी उत्पादन गर्न सकिने
- व्यावसायिक बाख्रा, कुखुरा, तरकारी, मौरीपालन तथा माछापालन गरी स्वरोजगार एवम् गाउँपालिकाको आम्दानी वृद्धि गर्न सकिने
- व्यावसायिक फलफुल खेती मार्फत् रोजगारी सिर्जना गर्न सकिने
- गाउँपालिकालाई फलफूल उत्पादन, पशुपंक्षी पालन, मौरीपालन र जडीबुटी उत्पादनमा देशकै नमुना गाउँपालिका बनाउन सकिने
- पशुपालन र पंक्षी पालनको व्यापक सम्भावना भएको
- विभिन्न बालीनाली (मकै, धान, , गहु कोदो), फलफूलहरू,  तरकारी ( काउली, बन्दा, टमाटर, भ्यान्टा, खुर्सानी, लौका, फर्सी, करेला, धनिया, पालक, गाजर, मुला, प्याज ै, तरुल आदि खेती हुने) नगदे बाली -बेसार, अदुवा आदि), दलहन तथा तेलहन तथा कुखुरा तथा बाख्रापालनको पकेट क्षेत्र तथा व्यावसायिक उत्पादन गरी आर्थिक उन्नती गर्न सकिने

- विभिन्न प्रजातिका फलफूल जस्तै : आरु, चिउरी, कागती, सुन्तला, नासपाती, एभोकाडो, भुँइ कटहर, मेवा आदिको व्यावसायिक उत्पादन गर्न सकिने
- भेँडा, गाई, भैँसी, बाखा, कुखुरा, हाँस तथा बङ्गुरपालनको राम्रो सम्भावना रहेको
- गाउँपालिकाका सबै वडामा घना जङ्गल एवम् महत्वपूर्ण जडीबुटीहरू पाइने हुँदा व्यावसायिक जडीबुटीको उत्पादन एवम् प्रशोधन गर्न सकिने
- सिँचाइका लागि पानीका मुहानहरू, खोला तथा नदीहरू प्रशस्त भएका कारण उपयुक्त सिँचाई प्रणाली विकास गरी कृषियोग्य जमिनमा सिँचाई सुविधा पुऱ्याई कषि उत्पादनमा वृद्धि गर्न सकिने
- गाउँपालिकामा ताल, पोखरी बनाएर सिँचाई गर्न सकिने प्रशस्त सम्भावना रहेको
- गाउँपालिकामा दर्ता भएका कृषि समुह तथा सहकारीबाट व्यावसायिक कृषि कर्जा प्रदान गरी कृषि क्षेत्रको विकास गर्न सकिने
- गुणस्तरीय हाते ट्याक्टर लगायत नयाँ साना प्रविधिहरूको प्रयोग गरी भू-उपयोग वृद्धि गरी आधुनिक कृषिकार्य गर्न सकिने
- बाखापालन र तरकारी खेतीबाट कृषि पर्यटनको केन्द्रकोरूपमा विकास गर्न सकिने
- विशेष अध्ययन र अनुसन्धान गरी वन जङ्गलमा विभिन्न प्रजातिका जडीबुटी अर्थात गैर काष्ठ जन्य बहुमूल्य वन पैदावरको व्यावसायिक उत्पादन गर्न सकिने
- गाउँपालिकामा उपलब्ध पोखरी तथा जलस्रोतको उपयोग गरी विभिन्न जातका माछा पालन गर्न सकिने
- गाउँपालिकामा घना जङ्गल रहेको एवम् महत्वपूर्ण जडीबुटीहरू पाइने हुँदा विभिन्न वडाहरूलाई जडीबुटी पकेट क्षेत्रको रूपमा विकास गरी व्यावसायिक जडीबुटीको उत्पादन एवम् प्रशोधन गर्न सकिने
- च्याउ खेती, केरा फर्म, बंगुर फर्म र अदुवाको व्यावसायिक उत्पादन गर्न सकिने
- नगदेवाली र फलफूललाई प्राथमिकता दिन सकिने र सम्भाव्यता अध्ययन गरी उत्पादन गर्न सकिने
- व्यावसायिक कुखुरा तथा हाँसपालन गर्न सकिने
- विभिन्न सम्भाव्य खेतीयोग्य क्षेत्रको पहिचान गरी कृषि पकेट क्षेत्र घोषणामार्फत कृषि उत्पादन वृद्धि गर्न सकिने

**चुनौती तथा जोखिमहरू**

- कृषि पेशाबाट युवा तथा अन्य श्रमशक्तिको व्यापक पलायन भएकोले कृषि व्यवसायतर्फ आर्कषण गरी कृषकको लगानीबाट उचित प्रतिफल प्राप्त गर्न सक्ने स्थितिको निर्माण तुरुन्त गर्नुपर्ने
- कृषिलाई पूर्णरूपमा वैज्ञानिकिकरण गरी व्यावसायिक बनाउनुपर्ने
- कृषि क्षेत्रमा रहेको अदृष्य बेरोजगारीको अन्त्य गरिनुपर्ने
- रासायनिक मल र किटनाशक औषधिको सन्तुलित प्रयोग गर्नुपर्ने
- माटोको उर्वराशक्ति कायम गर्न रासायनिक मलको प्रयोगलाई घटाएर प्राङ्गारिक मलको प्रयोग बढाउनुपर्ने
- माटोको उर्वराशक्ति कायम गर्न ठोस कदम चाल्नुपर्ने
- सिँचाइको उचित प्रबन्ध गर्नुपर्ने

- कृषि विज्ञ, पशु चिकित्सक र प्राविधिकको व्यवस्था हुनुपर्ने
- मल, बिउ विजन र औषधिको उपलब्धता हुनुपर्ने
- कृषि बजारीकरण र मूल्य सन्तुलनमा ठोस काम गर्नुपर्ने
- कृषि उत्पादन भण्डारणको उचित प्रबन्ध गरिनुपर्ने
- कृषि व्यवसाय तथा व्यापारमा बिचौलियाको उपस्थिती घटाउनुपर्ने
- कृषि उत्पादनको उत्पादन लागत घटाउनुपर्ने
- युवा वर्गलाई कृषि तथा पशुपालन व्यवसायमा आकर्षित गर्ने

## (ख) पर्यटन

**सबलपक्षहरू**

- वडा नं. १ मा देउराली कोटी मन्दिर- देउराली कोटी (त्रिकुटेश्वर महादेव मन्दिर, महादेवको शिव लिङ्ग), कमलाक्ष भगवति मन्दिर-कोट डाँडा(२१ मि. गहिराइमा ठूलो पोखरी, पोखरीमा सेतो चेप्टो ढुङ्गा), त्रिवेणी शिव गुफा, झिरघाटहरू मुख्य पर्यटकीय क्षेत्र भएको साथै मन्दिरहरू - देउराली कोटी मन्दिर, कमलाक्ष भगवती मन्दिर- कोट डाँडा, डिगम्बरा योगीनी - आरुचौर र थानहरू रहेका
- वडा नं. २ मा ओइरेनी तारा रिट्ठा चौर पिकनिक क्षेत्र, शिद्ध गुफा- ठुला खोला, निगालचुला शिद्ध गुफा पर्यटकीय क्षेत्र, शोली घोप्टे चौतारा, वैरेनी शारदा पक्की पुल बराह ढुङ्गा साथै दुर्गा देवी मन्दिर-भुवान टाकुरा, खड्क देवी मन्दिर-हल्दे चमेरे गुफा-खैरीखोला, शिव गुफा-ठुलो खोला, आदी मन्दिर एवम् पर्यटकीय क्षेत्रहरू भएका
- वडा नं. ३ मा गंगामाला मन्दिर-पुतलीबजार, कालीमाटी देउती बजै, शिव मन्दिर पतली बजार, कोटडाँडा भगवती मन्दिर-रामपुर कालीका मन्दिर-जुगेनी, लामीडाँडा, चौडीयामा रहेका र फारुलामा समेत भगवती मन्दिर रहेका दोरेनी र मर्चेबारीमा २ वटा चर्च रहेका
- वडा नं. ३ मा कछुवा ताल र धागेछरी पर्यटकीय क्षेत्र यसै वडामा पर्ने
- वडा नं. ४ मा धागेछहरा, तामेछहरा, पधेरी खोला, चमेरे गुफाहरू मुख्य पर्यटकीय क्षेत्रकोरूपमा रहेका साथै त्रिपुरेश्वर महादेव मन्दिर-जलुके खोला, शारदा देवी मन्दिर-बन्यरी शिद्धबाबा मन्दिर खयरघारी र पुरुवा खेतमा ज्योती चर्च रहेका
- वडा नं. ५ मा सिम्ले छहरा शिव मन्दिर-बालुवा, त्रिवेणीधाम-दयदुवाली, सिम्ले डाँडा मुख्य पर्यटकीय क्षेत्रहरू हुन्, सिम्ले छहरा शिव मन्दिर-बालुवा, शिव मन्दिर-दमदुवाली, त्रिवेणी मन्दिर-दमदुवाली, देवी दुर्गा मन्दिर-काल्चे, कालीका मन्दिर-जुमखोलामा मन्दिर छन् र दुभदुवाली, हातिदमार र बालुवामा चर्च रहेको
- वडा नं. ६ मा दहचुली डाँडा, गुरुङ गाउँ, शिव मन्दिर, लायीतरा, चमेरे गुफा-छरछरे, शिवमन्दिर-सिसेनी चौर, गाउँ-गाउँमा ग्रामथानहरू रहेको, हात्तिढुङ्गा, काफलनेटी, काप्रेचौर, गुरुङगाउँमा देविको मन्दिरहरू रहेको साथै भलायोबासमा चर्च रहेको
- वडा नं. ७, बाके राष्ट्रिय निकुञ्जको मध्यवती क्षेत्र, राप्ती नदी रहेको, नवदुर्गा मन्दिर जाङ आम्वास डाँडा, ज्याङमा होमस्टे प्रबर्द्धन गर्न सकिने
- प्रस्तावित होमस्टेहरू: कोट र आरुचौर वडा नं. १, दारेढुङ्गा र वैरेनी वडा नं. २, फारुला मगर बस्ती वडा नं. ३, घुरचौर र तामेछहरा वडा नं. ४, दमदुवाली र बालुवा वडा नं. ५, दहचुली गाउँ वडा नं. ६ र जाङ वटा नं. ७ मा होमस्टेको राम्रो सम्भावना भएको क्षेत्रहरू रहेका

- गाउँपालिकामा विभिन्न पहाड, डाँडाकाँडा, खोँच, वेँशी, नदी, नाला , ताल तथा पोखरीहरू रहेको
- गाउँपालिकामा विभिन्न धार्मिकस्थल, मठ मन्दिर, गुम्बा, चर्चहरू रहेका
- विविध प्रकारका पर्यटनजस्तै : दृश्यावलोकन, पर्यापर्यटन, जल पर्यटन, कृषि पर्यटन, साहसिक पर्यटन, धार्मिक पर्यटन, होमस्टे, ट्रेकिङ, सांस्कृतिक पर्यटन आदिको राम्रो विकास गर्न सकिने
- गाउँपालिकाले पर्यटनलाई प्राथमिकताका साथ विकास गर्ने नीति लिएको
- स्थानीय मौलिक कला र संस्कृतिको संरक्षण गरी गाउँपालिकालाई सांस्कृतिक अध्ययन केन्द्रको रूपमा विकास गर्न सकिने
- गाउँपालिकामा रहेका प्राकृतिक, रमणीय स्थल, वनजङ्गल, विभिन्न नदीनालाहरूको जल सम्पदाका साथै विभिन्न वडाहरूमा रहेका ठूला साना पोखरी, ताललतैया तथा गुफाहरू भएको कारण पर्यटन क्षेत्रको व्यापक विकास गर्न सकिने
- पर्यटकलाई आकर्षित गर्ने उपयुक्त जलवायूको विविधता भएको
- पर्यटनका सबै प्रकारको सम्भावना भएको उदाहरणका लागि रमणीय बबई र शारदा नदी तथा हरियालीयुक्त पहाडी थुम्काहरू भएको, पर्यापर्यटनको सम्भावना, जडीबुटी तथा औषधीय पर्यटन, कृषि पर्यटन आदिको प्रचुर सम्भावना भएको
- ट्रेकिङ लगायत अन्य साहसिक पर्यटनको सम्भावना भएको
- स्थानीय मौलिक कला र संस्कृति अनुसारको होमस्टे विकासको राम्रो सम्भावना भएको
- स्थानीय मौलिक कला र संस्कृतिमा भाषा, लिपी, चालचलन, भेषभुषा, खानपान लगायत परम्पराको जगेर्ना तथा विकास गरी सांस्कृतिक पर्यटनको विकास गर्न सकिने
- विभिन्न कृषि पकेट क्षेत्रका कारण कृषि पर्यटनको सम्भावना
- पर्यटकीय स्थलहरूसम्म पुग्ने सडक तथा यातायातको क्रमशः विकास भइरहेको र सडक तथा यातायात विकासलाई गाउँपालिकाले उच्च प्राथमिकतामा राखी त्यसै अनुसार योजना निर्माण गरिरहेको

**दुर्बल पक्षहरू**

- पर्यटकीय क्षेत्रको प्रचार-प्रसार नभएको अवस्था
- पर्यटकीय क्षेत्रको पूर्वाधार तथा पर्यटकीय पूर्वाधारको दयनीय स्थिति रहेको
- सडक यातायात पर्याप्त नभएको साथै भएका अधिकांश सडकहरू समेत कच्ची रहेका
- होटल तथा पर्यटक बस्ने होटल, लज, रेष्टुरेन्ट, भोजनालय आदिको राम्रो सुविधा नभएको
- पर्यटन सूचना केन्द्र नभएको
- सुरक्षाको उचित प्रबन्ध नभएको
- आपतकालीन उद्धारको उचित व्यवस्था नभएको
- स्वास्थ्य उपचारको सेवा पर्याप्त नभएको
- पर्यटक पथ प्रर्दशक तथा व्यावसायिक गाइडहरू नभएको (ट्राभल ऐजेन्सीहरू नभएको)
- पर्याप्तमात्रामा बैङ्क तथा ए.टि.एम सुविधा नभएको
- पर्यटकीय गतिविधिहरू समावेश गरिएको व्यवस्थित वार्षिक पात्रो नभएको

**सम्भावना र अवसरहरू**

- गाउँपालिकाका विभिन्न स्थानहरूमा होमस्टे सञ्चालन गरी पर्यटकहरूलाई आकर्षित गर्न सकिने साथै स्वरोजगार बनी आर्थिकोपार्जन गर्न सकिने
- विभिन्न पथमार्गहरूमा सुचना पाटी, पिउने पानी, सडक बत्तिको विस्तार गरी नमूना पथ मार्ग निर्माण गरी प्रचार प्रसार गर्न सकिने ।
- गाउँपालिकाका सबै वडाहरूमा होमस्टेको विकास गरी संस्कृति संरक्षणका साथै पर्यटकहरूलाई आकर्षित गरी आर्थिक विकास गर्न सकिने
- परम्परागत नाचगान, खानपान, भेषभुषा, वाद्यवादन, कला, सीप आदिको मेला, सांस्कृतिक महोत्सव तथा प्रदर्शनीको आयोजना गरी पर्यटन उद्योग सञ्चालन गर्न सकिने
- घोड सवार मार्फत सम्पूर्ण पर्यटकीय क्षेत्रहरू घुम्न, दर्शन गर्न सकिने गरी व्यवस्था गर्न सकिने
- गाउँपालिकाका पर्यटकीय क्षेत्रलाई सञ्चार माध्यमबाट प्रचार प्रसार गर्ने,
- पर्यटकीय क्षेत्रहरूमा सांस्कृतिक कार्यक्रम, खेलकुद प्रतियोगिता आयोजना गरी प्रचार एवम् संरक्षणका साथै पर्यटकहरूलाई आकर्षित गर्न सकिने
- पर्यटनका सम्पूर्ण आयामहरूको विकास र विस्तार गर्न सकिने
- सबल पक्षमा उल्लेखित लगायत खेल पर्यटन, जल पर्यटन, क्याम्पिङ, योगा तथा ध्यान केन्द्र आदि स्थापना गरी स्वास्थ्य पर्यटनको समेत विकास गर्न सकिने सम्भावना रहेको
- गाउँपालिकाका सम्भाव्य स्थानहरूमा पिकनिकस्थल, बाल उद्यान तथा अन्य पर्यटकीय पूर्वाधारको विकास गर्न सकिने
- विभिन्न जातजातिहरूको संस्कृति झल्कने सांस्कृतिक सङ्ग्रहालय स्थापना गर्न सकिने
- पर्यटन विकासमा निजी क्षेत्रसँग खासगरी पर्यटकका लागि आवश्यक पूर्वाधारहरूको विकासमा सहकार्य गर्ने

**चुनौती तथा जोखिमहरू**

- पर्यटन विकासको ठोस कार्यक्रम नभएकोले सामान्यतया सम्पूर्ण पर्यटन क्षेत्रको विकासका आधारभूत पूर्वाधारहरू नै स्थापना र विकास गर्नुपर्ने चुनौती
- निजी क्षेत्रलाई आकर्षित गर्नुपर्ने चुनौती
- व्यापक रूपमा सडक यातायातको विकास गर्नुपर्ने
- बाह्य पर्यटकहरूको प्रभावले मौलिक संस्कृति लोप हुने जोखिम
- सामाजिक विकृतिहरू बढ्न सक्ने जोखिम
- पर्यटकीय पूर्वाधारहरूको विकास गर्नका लागि ठूलो आकारको बजेटको व्यवस्था गर्नुपर्ने

## (ग) उद्योग तथा वाणिज्य

**सबलपक्षहरू**

- वडा नं. २ मा - सेती खोला, झिगाने चोक, दानी गौडा, घुम्ती, सिमलकुना वडा नं. ३ मा - पुतलीबजार, ढोरेनी, सिमलचोक, जुगेना, फारुला, मागे, वडा नं. ४ मा - झिगाने चोक, पुरुवा खेत, असुरेनी, जम्मुखतरा आदी, वडा नं. ५ मा - बालुवा, दमदुवाली, घरचौर, जुमखोला, काम्चेडाँडा, वडा नं. ६ को-छरछरे र वडा नं. ७ को घुइयाबारी, जाङ स्वामी बास मुख्य मानिन्छ

- वडा नं. ३ मा जितमामा कृषि वस्तु प्रशोधन उद्योग-फारुलामा रहेको छ ।
- वडा नं. ४ मा शारदा चिउरी, अदुवा, वेसार प्रशोधन उद्योग छ र खैरेनीमा जडीबुटी संकलन उद्योग निर्माणाधीन रहेको
- वडा नं. ६ को छरछरेमा जडीबुटी प्रशोधन उद्योग (तेजपत्ता) सञ्चालनमा रहेको
- पहाडी क्षेत्र भएकोले विभिन्न किसिमका खनिज तथा औद्योगिक कच्चा पदार्थको उपलब्धता हुन सक्ने
- गाउँपालिकाका सबै वडाहरूमा वन क्षेत्रहरू धेरै रहेको हुँदा वनको वैज्ञानिक व्यवस्थापन गरी जडीबुटी उद्योगको सम्भावना राम्रो भएको
- कृषि क्षेत्रको विकास गरी कृषिमा आधारित उद्योगका लागि औद्योगिक कच्चा पदार्थको उपलब्धता हुन सक्ने
- बाखापालन व्यावसायिकरूपमा विकास भएकाले सम्बन्धित उद्योगको विकास गर्न सकिने
- फलफूल खेतीमा आधारित उद्योगको प्रचुर सम्भावना भएको
- स्थानीय कच्चा पदार्थमा आधारित वाइन ९ध्ष्लभ० डिस्टीलरी स्थापना गरी निर्यात गर्न सकिने । उदाहरणका लागि कोदो, ऐँसेलु आदिको व्यावसायिक उत्पादन गरी वाइन उद्योग सञ्चालन गर्न सकिने
- वैदेशिक लगानी आकर्षित गरी खानी तथा खनिजको सम्भाव्यता अध्ययन तथा उत्खनन् साथै ठूला उद्योगहरू स्थापना गर्न सकिने उदाहरणका लागि मार्बल, स्लेट, सिमेन्ट उद्योगहरू
- लघु तथा साना जलविद्युत् आयोजनाहरू सञ्चालन गर्न सकिने
- स्थानीय जनशक्तिको सदुपयोग गरी सस्तोश्रमशक्ति प्राप्त गर्न सकिने
- जल सम्पदामा आधारित मिनरल वाटर उद्योग स्थापना गर्न सकिने
- पशुजन्य उत्पादनमा आधारित डेरी तथा मासु हाड छाला वा उन प्रशोधन उद्योगहरूको स्थापना गर्न सकिने
- कपडा तथा गलैंचा उद्योग, हस्तकला, काष्ठकला तथा ललितकलामा आधारित उद्योगहरू
- व्यावसायिक माछापालन गर्न सकिने
- मौरीपालन तथा मह उद्योग स्थापना गर्न सकिने
- होटल व्यवसाय तथा क्रमश पर्यटकको संख्या वृद्धि गर्न सके तारे होटलहरू सञ्चालन गर्न सकिने
- ढुङ्गा उद्योग, इँटा उद्योग, काष्ठ उद्योग तथा मीलहरूको विकास र  बिस्तार गर्न सकिने
- कागज, फर्निचर, साबुन लगायतका विभिन्न उद्योगका लागि प्रशस्त कच्चा पदार्थ उपलब्ध रहेको
- सीप विकास तालिम सञ्चालन गरी यूवा तथा महिला स्वरोजगार सिर्जना गर्न सकिने
- कृषिमा आधारित औद्योगिक कच्चा पदार्थको उपलब्धता गराउन सकिन्छ
- बाखापालन, मौरी पालन व्यावसायिकरूपमा विकास गरी सम्बन्धित उद्योगको विकास गर्न सकिने
- गाउँपालिकामा रहेका पोखरीहरू तथा कृक्रिम पोखरी निर्माण गरी व्यावसायिक माछापालन गर्न सकिने

**दुर्बल पक्षहरू**

- विद्युतको पहुँच नपुगेको

- पहाडी क्षेत्र भएकोले सडक यातायात पुऱ्याउन गाह्रो हुने साथै लागत बढी लाग्ने
- भौगोलिक विकटता रहेको
- ग्रामीण तथा लघु कर्जामा उद्यमीलाई ऋण पाउन समस्याका साथसाथै चर्को व्याजदर रहेको
- कृषि उपज, कृषि सामग्री तथा निर्माण सामग्रीहरूको ढुवानीको समस्या रहेको
- उद्योगको प्रचुर सम्भावना भएतापनि औद्योगिक पूर्वाधारहरू जस्तै : सडक, उर्जा, पूँजी, दक्ष, जनशक्ति, प्रविधि आदिको अवस्था अत्यन्त कमजोर रहेको
- निजी क्षेत्रको लगानी आकर्षित गर्न नसकिएको
- बैङ्क तथा वित्तीय संस्थाहरू पर्याप्त नभएको
- सुरक्षाको पर्याप्तता नभएको
- स्थानीय पुँजी बजारहरूको विकास भै-नसकेको
- उत्पादित सामानहरूको बजारको समस्या

**सम्भावना र अवसरहरू**

- जडीबुटीहरूको राम्रो सम्भावना भएको हुँदा प्राकृतिक चिकित्सालय सञ्चालन गरी जडीबुटी उद्योग सञ्चालनको राम्रो सम्भावना रहेको
- कडा ढुङ्गाहरूको प्रयोग गरी बनाउने विभिन्न मूर्तिहरू कुँदी विक्री गर्न सकिने
- गुणस्तरीय पर्यटक पथप्रदर्शकहरूको उत्पादन गरी पर्यटकहरूलाई आकर्षित गर्न सकिने
- विभिन्न उद्योगहरू, चुनढुङ्गा, कोइला, मह, चिउरी, बिक्रेट, जडीबुटी आदि स्थापना एवम् सञ्चालन गरी बेरोजगारीको समस्या हटाउन सकिने साथै गाउँपालिकाको आम्दानीको स्रोत वृद्धि भई अन्य विकासका कार्य गर्न सजिलो हुने
- पर्यटन उद्योगलाई बढावा दिई पर्यापर्यटन, धार्मिक पर्यटन, औद्योगिक पर्यटन र अन्य पर्यटकिय क्षेत्रको महत्व बढाउन सकिने
- औद्योगिक पूर्वाधारहरूको पर्याप्त विकास गर्न सके गाउँपालिकामा औद्योगिक विकासको सम्भावना र अवसरहरूको प्रचुरता रहेको
- सबल पक्षमा उल्लेखित सम्पूर्ण क्षेत्रलाई व्यापक रूपमा विकास गरी गाउँपालिकाको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास गर्न सकिने
- सडक सञ्जालको विकास गरी निकटमा शहरी केन्द्रहरू जस्तै तुलसीपुर, घोराही, सुर्खेत, कोहलपुर, नेपालगञ्ज रहेकोले बजारीकरण तथा लगानीको पर्याप्त सम्भावना भएको

**चुनौती तथा जोखिमहरू**

- उद्योगमा संलग्न मजदुर तथा औद्योगिक क्रियाकलापका दौरान सामाजिक जटिलताका साथै अपराध आदिको वृद्धि हुन सक्ने
- औद्योगिक पूर्वाधार विकासका लागि ठूलो आकारको वजेटको आवश्यकता पर्ने
- औद्योगिक पूर्वाधार विकासमा यथेष्ट बजेट व्यवस्था गरी योजनावद्ध ढङ्गले लाग्न चुनौती रहेको
- उद्योग विकासको लागि सडक, यातायात, विद्युत् तथा अन्य भौतिक पूर्वाधारको विकास गर्नुपर्ने
- विभिन्न प्रकारका उद्योगहरू स्थापना गर्दा औद्योगिक प्रदुषण वृद्धि हुन सक्ने
- उत्पादित औद्योगिक सामग्रीको बजारीकरणको चुनौती
- औद्योगिकिकरणको सँगसँगै स्रोतहरूको दोहन हुन सक्ने

## (घ) बैङ्क वित्तीय संस्था तथा सहकारी

**सबल पक्षहरू**

- ग्रामीण क्षेत्र भएतापनी विभिन्न वडाहरूमा विभिन्न बैंक, वित्तिय संख्या तथा सहकारीहरू खुलेका छन् । वडा नं. १ मा देउराली बचत तथा ऋण सहकारी-पोखरी, वडा नं. २ मा - महादेव बहुउद्देश्य कृषि सहकारी संस्था, टाइके, दाउनेदेवी ऋण तथा बचत सहकारी संस्था, नवदुर्गा, कबुलियती वन सहकारी संख्या, मिलनचोक कृषि सहकारी २७ वटा कृषि समूह, वडा नं. ३ मा - नेपाल बङ्गलादेश बैंक-पुतलीबजार, महिला सहयात्री माइक्रो फाइनान्स-पुतली बजार, लघुवित्त अफिस-पुतली बजार, सामुदायीक बहुउद्देश्य स.सं.-पुतलीबजार, चेतना बचत तथा ऋण सहकारी संस्था, वातावरण बचत तथा ऋण स.सं.-पुतलीबजार, वडा नं. ४ मा - सामुदायिक ऋण तथा बचत सहकारी, गंगामाला कृषि सहकारी, तामेछहरा कृषि सहकारी, र १०० वटा जति बचत समुह, वडा नं. ५ मा - जागरुक कृषि तथा पशुपालन दुग्ध सहकारी संस्था-बालुवा, विभिन्न लघुविक्तहरूले समुह गठन गरेका, वडा नं. ७ को छिमेकी लघु वित्त विकास बैंकको शाखा कार्यालय, जाङ, रियाली कृषक सहकारी संस्था घुइयाबारीमा रहेको
- सबै वडामा विभिन्न आमा समूहहरू र बचत समुहहरू सक्रिय रहेका
- बचत गर्ने बानीको विकासको थालनी भएको
- वडा नं. ३ मा सहकारी संस्था, बैंक, लघु वित्तहरू प्रशस्त रहेका
- औद्योगिक तथा व्यापारिक क्रियाकलापहरूमा भएको वृद्धि सँगै बैङ्क तथा वित्तीय क्षेत्रमा लगानी गर्न निजी क्षेत्र आकर्षित देखिएको
- अन्य बैङ्क तथा वित्तीय संस्थाहरूलाई समेत आकर्षित गर्न सकिने
- स्थानीय जनताको अग्रसरतामा बैङ्क, माइक्रो फाइनान्स तथा सहकारीहरूको विकास र बिस्तार गर्न सकिने
- सहकारीहरूको स्थापना भएकाले स्थानीय सहकारी नीति अनुरूप **"गाउँगाउँमा सहकारी, घर-घरमा रोजगारी"** अभियान सञ्चालन गर्न सकिने
- वडामा आवश्यकता अनुसार आमा समूह, युवा क्लब, बाल क्लबहरूले बचत सङ्कलन कार्य गरिरहेका
- गाउँपालिकामा कृषि सहकारी दर्ता भएका
- गाउँपालिकामा ऋण तथा कर्जामा विभिन्न कृषि समुहहरू पनि सक्रिय रहेको

**दुर्बल पक्षहरू**

- वडा न ६ मा कुनै सहकारी संस्थाहरू नखुलेको
- सहकारी र लघुवित्त खोल्न प्रयास नगरीएको
- सुरक्षाको कारण देखाए लघुवित्तहरू सञ्चालनमा नल्याइएको
- भएका बैंक, लघुवित्त, सहकारीले राम्रो सेवा नदीएको ।
- वडा नं. ३ मा बाहेक अन्य ६ वटा वडामा कुनै पनि राष्ट्रियस्तरको बैंक नभएको
- विकट र ग्रामीण परिवेशका कारण बैङ्क तथा वित्तीय संस्थाहरूको स्थापना र पुँजी वृद्धि हुन नसकेको
- सघन बजार केन्द्रहरू र वाणिज्य गतिविधिको विकास नभएको

- उद्योग तथा कलकारखानाहरूको स्थापना नभएको कारणले बैङ्किङ् क्रियाकलापले गति नलिएको
- स्थानीय पूँजीको विकासको अवस्था कमजोर रहेको
- सहकारीको सङ्गठनात्मक विकास नभएको कारण लगानीको क्षेत्र र दायरा ठूलो हुन नसकेको
- उद्योग तथा कलकारखानाहरूको स्थापनामा जोड नदीइएको कारण बैङ्कहरूले शाखाहरू स्थापनामा चासो नदिएका
- कृषि, बचत तथा अन्य सहकारीको स्थापना भएतापनि लगानीको क्षेत्र र दायरा ठूलो हुन नसकेको

**सम्भावना र अवसरहरू**

- उद्योग, कलकारखाना, बजारकेन्द्र, व्यापारिक कारोबारको विकास र विस्तार गर्न सकिने सम्भावना रहेको साथै यी क्षेत्रको विकास गर्न सके बैङ्क तथा वित्तीय संस्थाहरूको समेत विकास हुन सक्ने सम्भावना रहेको
- सहकारीको विकास मार्फत् ग्रामीण अर्थतन्त्रको उचित विकास गर्न सकिने
- सहकारीको विकास मार्फत् स्थानीय रूपमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी औद्योगिक विकासमा परिचालन गरी रोजगारी सिर्जना तथा आर्थिक विकास गर्न सकिने
- अन्य बैङ्क तथा वित्तीय संस्थाहरूलाई आकर्षित गर्न सकिने
- स्थानीय जनताको अग्रसरता तथा लगानीमा बैङ्क, माइक्रो फाइनान्स तथा सहकारीहरूको विकास र विस्तार गर्न सकिने
- सहकारीहरूको स्थापना भएकाले स्थानीय सहकारी नीति अनुरूप "गाउँगाउँमा सहकारी घर-घरमा रोजगारी" अभियान सञ्चालन गर्न सकिने
- सबल पक्षमा उल्लेखित सम्पूर्ण क्षेत्रलाई व्यापक रूपमा विकास गरी गाउँपालिकाको विकास गर्न सकिने

**चुनौती तथा जोखिमहरू**

- औद्योगिक पूर्वाधार तथा उद्योगहरू, व्यापारिक केन्द्रहरू र स्थानीय पूँजीको विकास गर्ने चुनौती रहेको
- बैंङ्क तथा वित्तीय संस्थाको स्थापना हुन नसक्दा स्थानीय लगानीकर्ता तथा पूँजीपतीको पूँजी पलायन भई ग्रामीण अर्थतन्त्र थप कमजोर बन्न सक्ने जोखिम रहेको
- सबल सहकारीहरूको संस्थागत विकास नहुँदा स्थानीयहरूको पूँजी वृद्धिमा बाधा भएको
- सुरक्षाको प्रत्याभुतिको अभावमा बैंङ्क तथा वित्तीय संस्थाहरू स्थापना हुन उत्साहित नभएका

### ४.२.४ वातावरण तथा विपद् व्यवस्थापन

#### (क) वन, जलाधार तथा भू-संरक्षण

**सबल पक्षहरू**

- गाउँपालिका सामुदायिक वनमा धनी रहेको (वडा नं. १मा १२ वटा सामुदायिक वन, वडा नं. २ मा ११ वटा सामुदायिक वन, वडा नं. ३ मा ५ वटा सामुदायिक वन, वडा नं. ४ मा ९ वटा सामुदायिक वन, वडा नं. ५ मा ७ वटा सामुदायिक वन, वडा नं. ६ मा १० वटा

सामुदायिक वन, वडा नं. ७ मा ४ वटा सामुदायिक वन र ५ वटा मध्यवर्ती सामुदायिक वनहरू रहेका

- गाउँपालिका भर धेरै स्थानमा घना राष्ट्रिय वन भएको)
- वडा नं. २ मा २६ वटा र ३ मा १ वटा कबुलियती वन रहेको । बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने जङ्गल बबई खोलाको पारी गाउँपालिकाको दक्षिण तर्फको जङ्गल)
- सम्पूर्ण भूभागहरू वैंशी चुरे तथा तल्लो पहाडी क्षेत्रमा पर्ने
- विभिन्न प्रजातिका चराचुरुङ्गी र वन्यजन्तुहरू जस्तै : कस्तुरी, हरिण, घोरल, थार, व्वाँसो, फ्याउरो, वाघ, बाँदर, कालीज, दुम्सी, स्याल, पाटे बाघ, चरी बाघ, चितुवा, खरायो, वन कुकुर, वन बिरालो, काग, ढुकुर, चिल, भँगेरा, गौथली, राते,मैना,सुगा, हाँस, गिद्व, बँदेल, माछा, भ्यागुता, कछुवा, गोही, सर्प, पानी सर्प आदी पाइने
- विभिन्न प्रजातिका वनस्पतीहरू जस्तै : सल्ला, लौठ सल्ला, धुपि, चाप, भाङसे, लोकार, लालीगुँरास, उत्तिस, चिलाउने, साल, कदम, खयर, मलायो, साज, टुनि, धौवा, साजन, धाइरो, सिमल, चिउरी, कोइरालो, ओखर, अमला, काफल, निगालो, वाँस, चिउरी, पैयु, कटुस, चुत्रा, तिजु आदि पाईने
- विभिन्न जडीबुटीहरू जस्तै : तिते, चिराइतो, कुड्की, पाँचऔंले, जटामसी, कुरीलो, तेजपता, ढुङ्गेफुल, हर्रो, बर्रो, चुत्रो, वनमाला, धसिङ्गे, बोभ्mो, तितेपाती, सेतो मुसली, गुर्जुलहरा, मचिना, चिप्लेकिरा, कपासे, चोटाज्वरे, फलेतो, घोट ताप्ले रानि सन्का, टिमुर अदि पाइने
- विभिन्न समयमा वृक्षारोपणका कार्यक्रमहरू सञ्चालन हुने
- उच्च पहाडी वनमा लालिगुराँस पाइन्छ ।
- पानीको मुहान तथा जलाधार क्षेत्र प्रशस्त रहेको
- पानीका मुहानको संरक्षण गरी पानी उद्योग, सिचाइ एवम् पिउने कार्यको लागि प्रयोग गर्न सकिने ।
- जडीबुटी, वन्यजन्तु, वनस्पतीमा धनी भएको
- अन्य प्राकृतिक स्रोतले धनी भएको
- गाउँपालिकाले वातावरण, जल, वन तथा भू-संरक्षणलाई विशेष महत्व दिएको
- दृश्यावलोकनका लागि भिर, पाखा, खोल्सीहरू प्रशस्त रहेका
- घना जङ्गलका कारण भूसंरक्षणमा राम्रो भूमिका खेलेको
- विभिन्न स्थानहरूमा पुराना पोखरीहरू रहेका तर मासिदै गएका कारण तिनीहरूको पुननिर्माण गर्नुपर्ने ।
- जलवायुको विविधता भएकोले वनस्पति र वन्यजन्तुका विविधता भएको
- उपयुक्त स्थानहरूमा पार्क तथा हरित क्षेत्र विस्तार गर्न सकिने
- गैर काष्ठ वन पैदावारको प्रबल सम्भावना भएको (हर्रो, बर्रो, अमला, , फल्लीड आदि)

**दुर्वल पक्षहरू**

- भिरालो भू-सतह भएका कारण बिना योजना र पर्याप्त इन्जिनियरिङ् तथा पर्यावरयीय अध्ययन बिना खनिएका नयाँ सडकका ट्रयाकले पहिरो, मुहान सुक्ने, भू-क्षयिकरण बढ्दो
- वनविनाश भइरहेको
- प्राकृतिक स्रोतको अध्ययन नहुँदा भएका स्रोतको प्रयोग हुन सकेको

- बनमारा, कालभ्कार, चुत्रा, बनमासा, काँडे भ्कार जस्ता विभिन्न मिचाहा प्रजातिका वनस्पतिहरूको आक्रमण बढ्दो
- जङ्गली जनावरको आतङ्क बढ्दो
- पोखरी र पानीका स्रोतहरू सुक्दै जान थालेका
- प्राकृतिक सम्पदाहरूको संरक्षण र सदुपयोग हुन नसकेको
- अपार जलसम्पदा उचित उपयोगको अभावमा त्यसै खेर गैरहेको
- वनलाई उत्पादनमुखी बनाई वैज्ञानिक वन व्यवस्थापन गर्न नसकिएको साथै वन विस्तार हुन नसकेको
- वन तथा सामुदायिक वनहरूलाई आय आर्जनका विशेष कार्यक्रममा आवद्ध गर्न नसकिएको
- औद्योगिक तथा अन्य मानवजन्य क्रियाकलापका कारण वायु प्रदूषण, जलवायु परिवर्तन र विश्व तात्ने प्रक्रिया (हरितगृह प्रभाव) बढिरहेको
- प्राकृतिक सम्पदाहरूको संरक्षण र सदुपयोग हुन नसकेको
- वन र वातावरण र संरक्षण सम्बन्धी ठोस कार्यक्रमहरू नभएको
- विभिन्न स्थानहरूमा पहिरोको जोखिम रहेको
- सडकहरू कच्ची रहेको तथा नयाँ ट्रयाक खोली रिटेनिङ वालहरू नभएको कारण सबै स्थानमा पहिरो र भूक्षयीकरणको उच्च जोखिम रहेको
- Gradiant नमिलेका कच्ची सडकहरूका कारण बढी भूक्षय हुने गरेको

**सम्भावना र अवसरहरू**

- वन-जलाधार र भू-संरक्षणका लागि दिगो तथा दीर्घकालीन कार्यक्रमहरू निर्माण गरी अगाडि बढ्न सकिने
- हाल रहेका सामुदायिक वनहरूलाई थप विकसित र सबल बनाउन सकिने
- वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गरी सामुदायिक वन कार्यक्रमलाई आय आर्जन तथा गरीबी निवारणसँग जोड्न सकिने
- जलश्रोतको उच्चतम प्रयोग गरी कृषि, उद्योग तथा पर्यटनको विकास गर्न सकिने
- पर्या-पर्यटनको विकास गर्न सकिने
- जडीबुटीको व्यावसायिक उत्पादन र प्रशोधन गर्न सकिने
- वैज्ञानिक भू-उपयोग योजना तथा भूसंरक्षण कार्यक्रम लागू गर्न सकिने
- सार्वजनिक जग्गा तथा नाङ्गा डाँडा पाखामा व्यापक वृक्षारोपण गरी पार्क, भ्यू टावर तथा पिकनिक स्थलको विकास गर्न सकिने
- स्रोतको पहिचान गरी व्यावसायिक प्रयोग एवम् संरक्षण गर्न सकिने
- सामुदायिक वन मार्फत् रोजगारीका अवसरहरू सिर्जना गर्न सकिने
- जडीबुटीको पकेट क्षेत्रको रूपमा वनलाई प्रयोग गरी वैज्ञानिक वन व्यवस्थापनमार्फत् आर्थिकोपार्जन गर्न सकिने
- जलश्रोतको उच्चतम प्रयोग गरी माछा पालन विस्तार गर्न सकिने
- बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्र भएकोले पर्यटन विकासको राम्रो सम्भावना भएको
- घना तथा प्रशस्त जङ्गल क्षेत्र भएकोले संरक्षित क्षेत्रको रूपमा विकास एवम् विस्तार गर्न सकिने

**चुनौती तथा जोखिमहरू**

- आधारभूत पूर्वाधार तयार नभएको कारण पूँजी लगानी, स्रोत र जनशक्तिको अभाव हुन सक्ने
- बृहत्तर वन, हरित क्षेत्रको विकास, वैज्ञानिक जलाधार तथा भू-संरक्षण तथा व्यवस्थापन कार्यक्रम लागू गर्नुपर्ने चुनौती
- विभिन्न नदी किनार अथवा तटीय क्षेत्र, पोखरी क्षेत्रमा डुबान तथा कटानको जोखिम रहेकोले दिगो रूपमा भू-संरक्षणका कार्यक्रमहरू लागु गर्नुपर्ने ।
- प्राविधिक जनशक्तिको अभाव
- वातावरण संरक्षण गर्न नसके प्राकृतिक विपदको उच्च जोखिम रहेको
- पर्यावरणीय असन्तुलनका कारण जीवन कष्टकर हुन सक्ने
- पानीका मुहान संरक्षण गर्न नसक्दा भविष्यमा मुहानहरू सुक्न गई पिउने पानीको चरम अभाव हुन सक्ने
- वनस्पति र वन्यजन्तु लोप हुन गई पर्यावरणीय प्रणालीमा नकारात्मक असर पर्न सक्ने
- प्रदुषणको नकारात्मक असरहरू देखिन सक्ने

## (ख) जलवायु परिवर्तन, जल उत्पन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन

**सबल पक्षहरू**

- गाउँपालिकाका विभिन्न ठाउँमा पुराना पोखरीहरू तालहरू रहेका
- ती पोखरीहरूको सही प्रयोग र व्यवस्थापनमार्फत् जलवायु परिवर्तनमा सकारात्मक परिवर्तन ल्याउन सकिने
- कृत्रिम पोखरीले जलवायु परिवर्तन घटाउन सहयोग गर्ने
- प्रकोप नियन्त्रणको लागि ठाउँ ठाउँमा बाढी नियन्त्रणको लागि तटबन्धन, पहिरोको लागि चेक ड्याम, रिटेनिङ वालहरू लगाइएको
- आकाशे पानी सङ्कलन गर्न सके जलवायु परिवर्तन, जल उत्पन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापनमा सहयोग पुग्ने
- खाली जमिनमा वृक्षारोपण गरी वातावरण सन्तुलन तथा हरित क्षेत्रको विकास गर्ने नीति लिइएको
- शहरी क्षेत्रमा जस्तो वातावरण प्रदुषण नभएको
- जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न गैर सरकारी संस्थाहरूसँग मिलेर विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न सकिने
- विपद् व्यवस्थापन कोष स्थापना गर्ने नीति लिइएको
- विपद् पीडितलाई सहयोगको व्यवस्था भएको
- नदी बगर क्षेत्रबाट ढुंगा, बालुवा, गिट्टी उत्खनन गर्दा IEE प्रतिवेदनको सुझावहरू लागू गर्ने गरिएको
- मध्यवर्ति क्षेत्र भित्र माछा मार्ने, वनस्पति र वन्यजन्तु लाइ असर पर्ने गरि अनैतिक कार्य गर्न रोक लगाइको
- मध्यवर्ति क्षेत्र सुरक्षाको लागी Army Camp, Police Post राखिएको छ ।

**दुर्बल पक्षहरू**

- पुराना पोखरीहरू सडक निर्माणको क्रममा मासिएका (भत्कीएका)
- जुका, चिप्लेकिरा युरिया तथा रासायनिक मलको प्रयोगका कारण मासिँदै गएका
- चिवे, ढुकुर, काग, चिल, गिद्ध, हराउँदै गएका
- बबई र शारदा नदी तथा स्थानीय खोला आसपासका क्षेत्रमा व्यापक कटान हुने गरेको
- मिचाहा प्रजातिका वनमारा तथा, वनमासा वनस्पतिहरू अत्यधिक मात्रामा बढ्दै  गएका
- रैथाने प्रजातीहरू लोप हुँदै गएका
- तितेपाती लोप हुन लाग्नु
- पानी कम पर्छ, हिउदमा पानी पर्ने क्रम घट्दै गैरहेको
- मौसम तथा ऋतुहरूमा परिवर्तन आइरहेको
- जलवायु परिवर्तनले अति वृष्टि, अनावृष्टि, तापक्रम वृद्धि, मौसम परिवर्तन आदिका कारण वार्षिक खेतीपाती क्यालेन्डर (पात्रो) परिवर्तन हुन थालेको
- बालीनाली उत्पादनमा नकारात्मक प्रभाव देखिएको
- पहिरो, भू-क्षय, बाढी तथा कटानको समस्या भएको (विशेषगरी, भिरालो क्षेत्र, नदी किनारहरूतर्फ)
- रोग किराको समस्या देखिएको
- डँढेलोको समस्या भएको
- भरपर्दो विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना तयार नभएको
- भूकम्पीय जोखिम उच्च रहेको तर भूकम्पीय जोखिम न्यूनीकरणको ठोस योजना नभएको
- वर्षेनी वर्षात्को समयमा नदी कटान तथा पहिरोको उच्च जोखिम रहेको

**सम्भावना र अवसरहरू**

- पुराना पोखरीहरू र नयाँ पोखरीहरू व्यवस्थित गरी खडेरीको बेला सिँचाई गर्न सकिने
- सम्भावित विपद् क्षेत्रहरूको अध्ययन गरी विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना बनाउन सकिने
- जलवायु अनुकूलन कार्यक्रमलाई वैज्ञानिक तरिकाले लागु गर्न सकिने
- विपद् व्यवस्थापन योजना तथा प्रतिकार्यका लागि स्थानीय सरकारले ठोस योजना निर्माण गर्न सक्ने
- स्थानीय स्तरमा तथा विद्यालयहरूमा जलवायु परिर्वतन तथा विपद्सम्बन्धी चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न सकिने
- विपद् जोखिमयुक्त क्षेत्रहरू छुट्याई बस्ती स्थानान्तरण गरी एकीकृत बस्ती बसाली नमूना कार्य गर्न सकिने
- वायो इन्जिनियरिङलाई वैज्ञानिक ढङ्गबाट अध्ययन र बिस्तार गरी इन्जिनियर, जियोलोजिस्ट एवम् अध्ययन अनुसन्धान गर्न आउने व्यक्ति तथा संस्थाहरूलाई आकर्षित गरी रिसर्च हवको रूपमा विस्तार गर्न सकिने साथै त्यहाँको जोखिम न्यूनिकरण गर्न सकिने
- पानीको गुणस्तर मापन गरी स्वस्थ पानी सेवन र पानी उद्योग सञ्चालन गर्न सकिन्छ ।
- हरियाली विस्तार गरी पोखरी, तलाउ, नदी सफा एवम् संरक्षित बनाउन सकिने
- गाउँपालिकाले एकीकृत विपद् व्यवस्थापन योजना बनाई सो अनुरूप काम गर्न सकिने

- जलवायु अनुकूलन कार्यक्रमलाई वैज्ञानिक तरिकाले लागु गर्न सकिने
- विपत् व्यवस्थापनको काम गर्न ठूलो लगानी आवश्यक पर्ने हुँदा लगानी व्यवस्थापनको समस्या हुन सक्ने

**चुनौती तथा जोखिमहरू**

- विपद् व्यवस्थापन तथा न्यूनीकरणका योजना लागू नगर्दा ठूलो जनधनको क्षती हुन सक्ने
- दक्ष जनशक्तिको व्यवस्था नभएको
- जलवायु परिवर्तनका नकारात्मक असर तथा विपद् न्यूनीकरणका लागि ठोस योजना बनाई लागु गर्ने चुनौती रहेको
- प्राविधिक तथा दक्ष जनशक्तिको अभाव

## (ग) फोहरमैला व्यवस्थापन

**सबल पक्षहरू**

- सघन शहरी इलाकाहरूको विकास नभइसकेकोले फोहर व्यवस्थापन जटिल नभएको
- सार्वजनिक शौचालयहरूको निर्माणको थालनी भएको
- ल्याण्डफिल साइट बारे सम्भाव्यता अध्ययन गर्न सकिने
- धेरैजसो पहाडी क्षेत्र भएकोले प्राकृतिक पानीको निकास भएको
- मुख्य मुख्य चोक/चोकमा ड्रम, डस्टविन राखेर फोहोर सङ्कलन गर्ने गरिएको
- धेरै जसो वडाहरू बजार/शहरीकरण नभएकोले फोहर व्यवस्थापनको व्यवस्थित योजना बनाउन सजिलो

**दुर्बल पक्षहरू**

- चोकचोकमा फोहर जलाउने गरिएको
- नयाँ बनेका केही घरहरूमा समेत सेप्टिक ट्याङ्की छैन
- फोहोरलाई जलाउने, खोलामा फाल्ने, गाड्ने जस्ता क्रियाकलाप बढ्दो
- सार्वजनिक स्थलमा शौचालय नभएको
- वि.सं. २०६८ को जनगणना अनुसार ७७.९२ प्रतिशत पक्की चर्पी नभएको

**सम्भावना र अवसरहरू**

- नयाँ घरमा सेफ्टीक ट्याङ्की अनिवार्य गरीफोहोरमैला व्यवस्थापन गर्न सकिने
- डम्पीङ साइटहरू निर्माण गरी फोहोर व्यवस्थापन गर्न सकिने
- प्रस्तावित ल्याण्डफिल साइट - एक्लेवर वडा नं ३ मा निर्माण गरी वैज्ञानिक ढङ्गले फोहोर व्यवस्थापन गर्न सकिने
- सार्वजनीक स्थलहरूमा मन्दिरहरू बनाई सरसफाइमा आमुल परिवर्तन ल्याउन सकिने
- गाउँपालिकावासीहरूलाई फोहरलाई वर्गीकरण गरी व्यवस्थित गर्ने जनचेतना फैलाउन सकिने
- गाउँपालिकावासीहरूलाई समुदाय तथा विद्यालय स्तरमा फोहर व्यवस्थापन तथा वातावरणसँग सम्बन्धी जनचेतना तथा तालिमहरू प्रदान गरी फोहर व्यवस्थापनमा जनताको सहभागिता बढाई उनीहरूलाई जिम्मेवार नागरिक बनाउन सकिने
- हालसम्म फोहर व्यवस्थापनको विषय जटिल भै नसकेकोले व्यवस्थित योजना बनाई दीर्घकालीन हिसाबले समस्या समाधान गर्न सकिने

- ल्याण्डफिल साइटको सम्भावना अध्ययन गरी फोहर व्यवस्थित गर्न सकिने
- फोहरमैला व्यवस्थापन सम्बन्धी व्यापक जनचेतना फैलाउने कार्यक्रम सञ्चालन गरी स्थानीयवासीलाई नै फोहर व्यवस्थापन गर्न प्रोत्साहन गर्नुपर्ने
- पानीको प्राकृतिक बहावअनुसार ढल निकासको व्यवस्था गर्न सकिने
- ग्रामीण इलाका भएकोले कुहिने जैविक फोहरलाई कम्पोष्ट मलमा परिणत गर्न सकिने

**चुनौती तथा जोखिमहरू**

- फोहर व्यवस्थापनको ठोस योजना नबन्दा दीर्घकालीन हिसाबले विशेष गरी बजार क्षेत्रमा जटिलता सिर्जना हुन सक्ने
- फोहर व्यवस्थापनका लागि विभिन्न पूर्वाधारहरू निर्माण गर्दा ठूलो परिमाणमा आर्थिक लगानी आवश्यक पर्ने
- फोहरको उचित व्यवस्थापन नहुँदा प्रदुषण वृद्धि भई विभिन्न सरुवा रोगको संक्रमण हुन सक्ने
- सामुदायिक तथा व्यक्तिगत स्वास्थ्य जोखिममा पर्न सक्ने
- फोहर व्यवस्थापन नहुँदा गाउँपालिकाको सुन्दरतामा नकारात्मक असर पर्न सक्ने
- छरिएका बस्तीहरू भएकोले एकीकृत फोहर व्यवस्थापन गर्न जटिल हुने
- जनचेतनाको अभावमा फोहर व्यवस्थापन कार्य चुनौतीपूर्ण हुने
- गाउँपालिकावासीमा फोहर व्यवस्थापन गाउँपालिका वा सरकारको काम हो भन्ने बुझाइ रहेको
- पर्याप्त बजेट तथा ठोस योजना निर्माणको चुनौती

### ४.२.५ संस्थागत विकास

#### (क) संस्थागत विकास सेवा प्रवाह तथा सुशासन

**सबल पक्षहरू**

- गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन स्थानीय सरकारमा सम्पूर्ण अधिकार प्राप्त भएको
- जनादेश प्राप्त निर्वाचित जनप्रतिनिधिहरूले जनउत्तरदायी हिसाबले उत्साहका साथ काम गरिरहेको
- विभिन्न विषयगत शाखा उपशाखाहरूको व्यवस्था भएको
- न्यायिक समिति तथा न्यायिक इजलासको व्यवस्था भएको
- महिला जनप्रतिनिधि, दलित, जनजाति लगायत सीमान्तकृत वर्गहरूको समानुपातिक प्रतिनिधित्व भएको
- सूचना प्रणालीको विकास भएको
- E-governance को सुरुवात गर्न थालिएको
- लेखा र प्रशासन, सञ्चालनार्थ विभिन्न Software हरूको विकास भएको
- क्षतिपूर्ति सहितको नागरिक बडापत्रको व्यवस्था भएको
- भ्रष्टाचारका शून्य सहनशिलताको नीति अवलम्बन गरिएको
- कर्मचारीको क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था भएको
- आवश्यक गाउँपालिका तथा वडा कार्यालय भवन निर्माण योजना बनेको

- कर शिक्षा कार्यक्रम लागु गर्ने नीति लिइएको
- स्थानीय जनशक्तिको परिचालन गरी योजना-आयोजनाहरूलाई कम खर्चिलो बनाउने नीति लिइएको
- व्यक्तिगत घटना दर्तालाई विद्युतीय सूचना प्रणालीमा लैजाने प्रक्रिया शुरु भएको
- विकास निर्माणका योजना निर्माण गर्दा जनताका चासोहरूलाई ध्यान दिई उनीहरूको प्रत्यक्ष सहभागिता, अनुगमन र नियन्त्रणका योजनाहरू विकास गरिएको
- गुनासो तथा सुझाव सङ्कलनको  व्यवस्था शुरु गरिएको
- कार्य सम्पादन मूल्याङ्कन प्रणाली प्रभावकारी बनाउने योजना भएको
- सबै वडाहरूमा सूचना प्रविधिको समुचित व्यवस्था गर्ने योजना बनेको
- सूचना अधिकारीको व्यवस्था गरिएको
- युवा स्वरोजगारलाई प्राथमिकतामा राखिएको
- सामुहिक सुरक्षालाई प्राथमिकतामा राखिएको
- ज्येष्ठ नागरिक, अपाङ्ग, दीर्घरोगी र विपन्न वर्गका बासिन्दालाई विशेष सहयोगको व्यवस्था भएको
- सार्वजनिक जग्गाको अभिलेख तयार गरी संरक्षण र सदुपयोग गर्ने योजना रहेको

**दुर्बल पक्षहरू**

- विद्युतीय सुविधाको अभाव रहेको
- लामो राजनैतिक संक्रमण पश्चात् हालसालै स्थापित नयाँ संघीय प्रणाली अनुरूपको स्थानीय सरकार भएका कारण सर्वाङ्गीण संस्थागत विकास भइनसकेको
- संघीयताको अभ्यास तथा अनुभव नभएको
- स्थानीयवासीमा राजनैतिक चेतनाको स्तर माथि उठीनसकेको
- संस्थागत तथा क्षमता अभिवृद्धिका नियमित कार्यक्रमहरूको व्यवस्था नभएको
- कर्मचारीहरू सुशासन तथा सेवा प्रवाहका नयाँ पद्धतिहरूमा अनभिज्ञ रहेका
- सुचना प्रविधि तथा पूर्वाधारहरूको अपर्याप्तता

**सम्भावना र अवसरहरू**

- सबल पक्षमा उल्लेखित सम्पूर्ण आयामको आधारभूत तहबाट विकास गर्न सकिने ।
- E-governance लाई सबैको पहुँचमा बिस्तार गर्नुपर्ने
- स्वायत्त स्थानीय सरकार भएका कारण गाउँपालिकाको वस्तुगत अवस्था हेरी आवश्यकताअनुसार असल शासन अभिवृद्धि, मानव संसाधन विकास र सेवा प्रवाहलाई जनमुखी र प्रभावकारी बनाउन सकिने
- विद्यमान सूचना प्रविधिको सदुपयोग गरी अन्य स्थानीय सरकारले गरेका उत्कृष्ट अभ्यासहरूको अनुशरण गर्न सकिने
- जनगुनासोलाई तत्काल सम्बोधन गरी जनताको मन जित्न सकिने
- आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी लागू गर्न सकिने
- नगर प्रहरीको व्यवस्थापन गर्न सकिने र सुरक्षा निकायलाई आवश्यकता अनुसार विस्तार गर्न सकिने

- सञ्चार माध्यममार्फत् सूचना तथा गाउँपालिकाका काम र विकास निर्माणका योजना सुसुचित गर्न सकिने
- बालश्रम र महिला हिंसा नियन्त्रणको योजना बनाई नियन्त्रण गर्ने नीति लिन सकिने

**चुनौती तथा जोखिमहरू**

- जनचासो र जनगुनासोको समयमै सम्बोधन नहुँदा जनतामा निराशा उत्पन्न भई संघीय व्यवस्थामा नै प्रश्न खडा हुन सक्ने
- भ्रष्टाचार वृद्धि हुन सक्ने
- राजश्व अपचलन हुन सक्ने
- जनप्रतिनिधि र कर्मचारीतन्त्रको समन्वयमा कठिनाई हुन सक्ने
- जनउत्तरदायी शासन प्रणालीको विकास गर्ने चुनौती रहेको

## (ख) राजश्व सङ्कलन तथा परिचालन

**सबल पक्षहरू**

- राजश्व सङ्कलनको अधिकार स्थानीय सरकारमा निहित भएको
- गाउँको वस्तुगत अवस्था र स्थानीय करदाताको कर तिर्ने क्षमता हेरेर कर ल्याउन सकिने।
- गाउँपालिकाले कर तिर्ने प्रणाली र अभिलेखीकरणलाई सहज र सरल बनाउन डिजिटल प्रविधि अवलम्बन गर्न सकिने
- करको दायरा बढाउने तथा सबै प्रकारका व्यवसाय करलाई वैज्ञानिक तवरले लागू गर्ने नीति लिइएको
- राजश्व परिचालनको समग्र प्रणालीलाई पारदर्शी बनाउन गाउँपालिको ध्भदकष्तभ मा नियमित रूपमा राखी सार्वजनिक गर्न सकिने
- कर तिर्ने करदातालाई सम्मान र नतिर्नेलाई निरुत्साहित गर्ने नीति रहेको

**दुर्बल पक्षहरू**

- राजश्व सङ्कलनको अवस्था कमजोर रहेको
- ग्रामीण भेग भएकोले करदाताहरूको आर्थिक स्थिति सबल नभएको
- आर्थिक क्रियाकलापहरूको क्षेत्र सीमित भएको कारणले राजश्व सङ्कलन न्यून हुने
- ठूला करदाताहरू नभएको
- सघन बजार केन्द्रहरूको विकास नभएको
- ठूला उद्योग तथा कलकारखानाहरू नभएको
- राजश्व परिचालन प्रणालीको संस्थागत विकास नभइसकेको
- करदाताको पूर्ण अभिलेखीकरण नभएको
- करका श्रोतहरूको पूर्णरूपमा पहिचान नभएको

**सम्भावना र अवसरहरू**

- आर्थिक क्रियाकलापहरूको वृद्धिका लागि उपयुक्त वातावरण निर्माण तथा समस्त पूर्वाधार विकास गरी राजश्व सङ्कलन वृद्धि गर्न सकिने
- उद्योग-कलकारखाना तथा विकसित बजार केन्द्रहरूको विकास गरी राजश्व सङ्कलनलाई विकास र बिस्तार गर्न सकिने

- कर शिक्षा कार्यक्रम लागु गर्न सकिने
- कर शिक्षा लागु गरी हरेक करदातालाई कर तिर्न प्रोत्साहन गर्न सकिने
- कर प्रणालीलाई पारदर्शी बनाई करको पूर्ण सदुपयोग भई जनतालाई प्रत्यक्ष लाभ भएको सुनिश्चित गरी कर तिर्ने वातावरण निर्माण गर्न सकिने
- स्थानीय अवस्था र वस्तुस्थितिको अध्ययन गरी सोही अनुरूप कर प्रणालीको विकास गर्न सकिने

**चुनौती तथा जोखिमहरू**

- करदाताहरूलाई कर तिर्न उत्साहित बनाउने चुनौती रहेको
- कर प्रणालीलाई सहज, सरल र प्रभावकारी बनाउने चुनौती रहेको
- कर प्रणाली व्यवस्थित नहुँदा करदातामा निराशा उत्पन्न भई कर छल्ने प्रवृत्ति विकसित हुन सक्ने जोखिम रहेको
- कर तथा समग्र राजश्व प्रणाली चुस्त-दुरुस्त नहुँदा राजश्वको दुरूपयोग हुन सक्ने

# खण्ड ५ : विषयक्षेत्रगत गाउँपालिका विकास योजना

## ५.१ भौतिक विकास योजना

पुर्णत ग्रामीण परिवेश र दुर्गम क्षेत्रमा अवस्थित कालिमाटी गाउँपालिकाको राजनैतिक सिमाना समेत पटक पटक परिवर्तन भई कहिले बाँके त कहिले सुर्खेतमा परेको र हाल सल्यानमा कायम हुन गएको ऐतिहासिक तथ्यले गर्दा समेत केहि ओझेलमा परेको भान हुन्छ । अर्कोतर्फ विगत लामो समयसम्म निर्वाचित जनप्रतिनिधि विहिन अवस्थामा रहेको स्थानीय तह प्रायजसो राजनैतिक संक्रमणको स्तरमा परेकाले समेत यस गाउँपालिकामा देशका अन्य दुर्गम गाउँपालिकाहरू जस्तै भौतिक पूर्वाधार विकासमा अत्यन्त पछाडि परेको छ । सडक यातायातको उचित व्यवस्था नहुँदा निकटमा तुलसीपुर उपमहानगरपालिका, सुर्खेत, कोहलपुर, नेपालगञ्ज जस्ता शहरहरू भएतापनि यो गाउँपालिका भने हालसम्म दुर्गम अवस्थामा नै रहेको छ । यस बाहेक वैज्ञानिक भू-उपयोग, आवास, यातायात, पिउने पानी, सिँचाई, उर्जा र सञ्चार क्षेत्रको समेत समुचित विकास भएको छैन ।

आर्थिक, सामाजिक, साँस्कृतिक र अन्य समग्र क्षेत्रको विकासको प्रमुख आधारशिला नै भौतिक विकास भएकाले सर्वप्रथम यस गाउँपालिकाको भौतिक विकासका पूर्वाधारहरूको विकासलाई प्राथमिकता दिनु उत्तम हुने भएकाले आगामी १५ वर्षको दीर्घकालीन योजना निर्माण गर्दा भौतिक पूर्वाधारको विकासलाई अग्रता दिने नीति यस गुरुयोजना निर्माणको आधार वर्षको रूपमा रहेको आ.व. ०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रममा समेत **"भौतिक पूर्वाधार, समृद्धिको आधार"** भन्ने मूल नारालाई गाउँपालिकाले आत्मसाथ गरेको छ । भौतिक विकास अन्तर्गत गाउँपालिकाले थप **"हाम्रा सडक राम्रा सडक", "उज्यालो गाउँ रमाईलो गाउँ"** जस्ता नाराहरू समेत अगाडि सारेको छ । यस खण्डमा भौतिक पूर्वाधार विकासका योजनाहरूलाई क्रमैसँग उल्लेख गरिएको छ ।

### भौतिक विकास योजनाले समेटेका उपक्षेत्रहरू

भौतिक विकासले कुनै पनि स्थानको समग्र विकास योजना र जीवनमा प्रत्यक्ष प्रभाव पार्दछ । अर्को शब्दमा भन्नुपर्दा भौतिक विकास बिना आर्थिक, सामाजिक, शैक्षिक, सामाजिक तथा सांस्कृतिक विकास तथा गुणस्तरीय जीवनको कल्पना पनि गर्न सकिँदैन । त्यसकारण कालिमाटी गाउँपालिकाको आर्थिक, सामाजिक, शैक्षिक, सामाजिक तथा सांस्कृतिक विकास तथा गुणस्तरीय जीवनको आकाङ्क्षालाई प्रत्याभूत गर्नका लागि एक १५ बर्षे भौतिक विकास योजना तयार पारिएको छ । भौतिक विकास योजनाले निम्न उपक्षेत्रहरूलाई समेट्छ ।

- ✓ भू-उपयोग
- ✓ आवास
- ✓ सडक
- ✓ यातायात
- ✓ पिउने पानी
- ✓ सिँचाई
- ✓ विद्युत तथा उर्जा
- ✓ सञ्चार

### ५.१.१ सोच, लक्ष्य र उद्देश्यहरू

| | |
|---|---|
| **सोचः** | भौतिक पूर्वाधारले सम्पन्न गाउँपालिका निर्माण गर्ने । |
| **लक्ष्यः** | अगामी १५ वर्षमा कालिमाटी गाउँपालिकामा आवश्यक सम्पुर्ण भौतिक पूर्वाधारहरूको समग्र विकास सम्पन्न गर्ने । |

**उद्देश्यहरूः**

गाउँपालिकाको भौतिक विकास योजनाले लिएका उद्देश्यहरू निम्नानुसार छन् :

- ✓ भौतिक पूर्वाधार विकास सम्बन्धी निर्णय तथा विकासमा जनसहभागिता र जनचासोलाई सदैव केन्द्र भागमा राख्ने,
- ✓ भौतिक पूर्वाधारको विकास मार्फत दिगो, सहज, पहुँच र पूर्ण पूर्वाधारयुक्त गाउँपालिका निर्माण गरी गाउँपालिकावासीको भौतिक जीवनस्तरमा व्यापक सकारात्मक सुधार ल्याउने,
- ✓ "भौतिक पूर्वाधार समृद्धिको आधार" भन्ने नारालाई अभियानको रूपमा विकास गर्ने
- ✓ जे जस्तो अवस्थामा भएपनि उपलब्ध जमिनको वैज्ञानिक र दिगोरूपमा व्यवस्थापन गरी पुर्ण सदुपयोग गर्ने,
- ✓ खेर गैरहेको जमिनको उच्चतम उपयोग हुने गरी जमिनको व्यवस्थापन गर्न वैज्ञानिक योजना तय गर्ने
- ✓ वैज्ञानिक तथा एकीकृत भू-उपयोग योजना निर्माण गरी त्यसको पूर्ण कार्यान्वयन गर्ने
- ✓ कृषि तथा पशुपालनलाई निर्वाहमुखी नभै व्यावसायिक बनाउने,
- ✓ कृषि उत्पादनको व्यवसायीकरण, विविधिकरण तथा बजारिकरण गर्ने,
- ✓ आवास जस्तो अत्यावश्यकीय पूर्वाधारलाई विकास गरी जनतालाई सुरक्षित र सुविधा सम्पन्न एकीकृत आवासको सुनिश्चितता गर्ने,
- ✓ आवास विहीन जनतालाई मध्यनजर गरी यथासक्य शिघ्र सुरक्षित आवास निर्माणमा सहयोग गर्ने,
- ✓ दीर्घकालीन हिसाबले छरिएर रहेका बस्तीहरूलाई एकीकृत आवास योजनामार्फत एकीकृत गरी विकास गर्ने,
- ✓ सडकको स्तरोन्नति, विकास र बिस्तार गरी सहज, भरपर्दो र सुरक्षित आवागमनको व्यवस्था मिलाउने,
- ✓ गाउँपालिकाको सडक सञ्जाललाई राष्ट्रिय राजमार्ग प्रणालीमा सहज रूपमा जोड्ने गरी विकास गर्न विद्यमान सडकहरूको स्तरोन्नती गर्ने,
- ✓ गाउँपालिकामा माग भए बमोजिमको यातायात सेवा प्रदान गर्न सार्वजनिक यातायातलाई भरपर्दो र सुविधा सम्पन्न बनाउन आवश्यकता अनुसार नयाँ रुट निर्माण गर्न निजी क्षेत्रसँग साझेदारी गर्ने साथै आवश्यकता अनुसार गाउँपालिकाले समेत लगानी गर्ने,
- ✓ गाउँपालिका केन्द्रदेखि सम्पुर्ण वडा कार्यालयसम्मको सडकलाई प्राथमिकतामा राखी पक्की गर्ने,
- ✓ **"हाम्रो गाउँपालिका सफा गाउँपालिका"** नारालाई अभियानको रूपमा सफल बनाउने,
- ✓ सबै गाउँपालिकावासीलाई घरघरमा सफा र सुरक्षित पिउने पानीको प्रबन्ध गर्ने,

- ✓ जलाधार संरक्षणका वैज्ञानिक योजना सहित परम्परागत कुलो तथा नहरको मर्मतसम्भार तथा नयाँ सिँचाइ प्रणालीको निर्माण गरी खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउने र वैकल्पिक सिँचाइका उपायहरू अवलम्बन गर्न प्रविधिको खोज तथा कार्यान्वयन गर्ने,
- ✓ मुख्य बजार क्षेत्रका सडक तथा सार्वजनिक स्थानहरूमा सौर्यबत्ती जडान गर्ने,
- ✓ गाउँपालिकाभर पूर्ण विद्युतीकरण गरी विद्युत वितरण प्रणालीलाई सुदृढ बनाउने,
- ✓ "उज्यालो गाउँ रमाईलो ठाउँ" कार्यक्रमलाई साकार बनाउने,
- ✓ लोडसेडिङ्मुक्त गाउँपालिका बनाउने,
- ✓ माग अनुसारको विद्युतको भोल्टेज परिपुर्ति गर्न ट्रान्सफर्मर जडान तथा क्षमता वृद्धि गर्ने र प्रसारण लाईनको स्तरवृद्धि गर्ने,
- ✓ घरायसी तथा व्यावसायिक प्रयोगको लागि सौर्य तथा अन्य वैकल्पिक उर्जाको विकास र प्रयोगलाई प्रोत्साहन गर्ने,
- ✓ इन्धनको रूपमा दाउराको प्रयोगलाई वैकल्पिक उर्जाले क्रमशः पुर्णत विस्थापन गर्ने,
- ✓ मुख्य बजार क्षेत्रहरूमा उत्पादन हुने फोहरलाई सदुपयोग गरी उर्जामा परिणत गर्ने प्रविधिको विकास तथा प्रयोग गर्ने,
- ✓ वर्तमान विश्वमा सहजरूपमा उपलब्ध ज्ञान, जानकारी तथा सूचनामा गाउँपालिकावासीको सहज पहुँचका लागि सूचना तथा सञ्चार प्रविधिको विकास र बिस्तार गरी घर-घरमा इन्टरनेट, टेलिफोन, स्याटेलाइट टी.भी., रेडियो, पत्रपत्रिका आदि सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने,

### ५.१.२ योजना तथा कार्यक्रमहरू

#### (क) आवास

विगतको जनसङ्ख्या वृद्धिदरको उतार चढावलाई हेर्दा आगामी १५ वर्षमा कालिमाटी गाउँपालिकाको जनसङ्ख्यामा उल्लेख्य वृद्धि हुने देखिन्छ । यस गाउँपालिकाको जनसङ्ख्या औसत्मा ४.५२ प्रतिशतको वृद्धिदर रही वि.सं. २०९० सालमा ६०,७९१ पुग्ने अनुमान गर्न सकिन्छ । यद्यपि जनसंख्याको यो प्रवृति भविष्यमा निरन्तरता नहुन सक्छ। तर यदि भएमा आवास योजना निर्माण गर्दा यो जनसङ्ख्यालाई पर्याप्त हुने आवासको जोहो गर्नुपर्ने देखिन्छ । साथसाथै अहिले विद्यमान आवासको स्तर समेत एकदमै दयनीय अवस्थाको रहेकोले यसको स्तर समेत उकास्नु पर्ने देखिन्छ। यसरी आवास योजना निर्माण गर्दा मुख्यतया दुई तरिका अवलम्बन गर्नुपर्ने हुन्छ ।

(क) हाल रहेका बस्ती वरपर थप आवास बिस्तार कार्यक्रम सञ्चालन गर्ने जसले गर्दा पूर्वाधार विकास भैसकेका क्षेत्ररूमा थप लगानी गर्नुपर्ने रकमलाई विकासका अन्य क्षेत्रमा प्रयोग गर्न सकियोस् । यसरी आवास बिस्तार गर्दा अन्य पूर्वाधारको अवस्थालाई समेत ध्यान दिनु आवश्यक हुन्छ ।

(ख) एकीकृत आवास निर्माण गरी नयाँ स्थानहरूमा आवास क्षेत्र विकास गर्ने । यस्ता क्षेत्रहरूमा आवास निर्माण गर्दा सम्पूर्ण मानवीय सेवा सुविधाहरू तथा पूर्वाधारहरू केन्द्रित गर्ने । भू-उपयोग वर्गीकरणमा उल्लेख भएका प्रस्तावित व्यावसायिक र आवासक्षेत्रभित्र रहेका प्रमुख बजार केन्द्रबाट सुगम हुनेगरी प्राकृतिक विपद्को जोखिम न्यून रहेका क्षेत्रहरूमा एकीकृत आवास योजना निर्माण गर्न सकिन्छ ।

आवास योजना निर्माण गर्दा गाउँपालिकामा

(क) एकल परिवार बसोबास इकाई ९क्ष्लनभि ँकषिथ म्धर्भाष्लिन ग्लष्त०

(ख) होचो आवास संरचना निर्माण ९ीयध च्ष्कभ ज्यगकष्लन छ कतयचभथ० गरी अपार्टमेन्ट प्रणालीमा समेत जान सकिन्छ ।

नयाँ आवास योजना निर्माण गर्दा एकीकृत, सुविधा सम्पन्न र सुरक्षित आवासका योजना निर्माण गर्न जरुरी छ । यसका अलावा विद्यमान आवासको अवस्थालाई मध्यनजर गरी छुट्टिएर रहेका पूर्वाधार र सुविधाविहिन अवस्थाका बस्तीहरूलाई सुरक्षित र पूर्वाधारयुक्त एकीकृत आवासको क्षेत्रहरूमा स्थानान्तरण गर्नु दीर्घकालीन हिसाबले अत्यन्त आवश्यक देखिन्छ ।

## (ग) सडक

सडक पूर्वाधार विकासलाई कुनै पनि स्थानको विकासको पहिलो शर्तका रूपमा लिन सकिन्छ । योगाउँपालिकाकासबै वडाहरूलाई सडक सञ्जालले जोडेको भएतापनि सडकहरूको स्तर भने अत्यन्त कमजोर अवस्थामा रहेको छ । प्राय अधिकांश सडकहरू कच्ची, धुलाम्मे, साँघुरा र न्यून गुणस्तरका छन् । तसर्थ सडक यातायात गुरुयोजना तैयार गरी त्यसै अनुरूप सडकहरूको विकास र स्तरोन्नति गर्नु आवश्यक देखिन्छ ।

शहरी विकास तथा भवन निर्माण विभागले तयार पारेको Planning Norms and Standard 2015 ले गाउँपालिका स्तरमा ९० प्रतिशत वा सोभन्दा बढी घरधुरीहरू मोटरबाटोको २ कि.मी. भित्रको पहुँचमा हुनुपर्ने उल्लेख गरेको छ । अधिकांश सडकको गुणस्तर अत्यन्त कमजोर अवस्थामा रहेकोले सबै सडकहरूको गुणस्तर वृद्धि गरी यो गाउँपालिकालाई सहज, सुरक्षित र भरपर्दो सडक यातायातको सञ्जालमा जोड्ने काम एकदमै महत्वपूर्ण र चुनौतीपूर्ण छ ।

कालिमाटी गाउँपालिकालाई आगामी १५ वर्षमा भौतिक पूर्वाधारयुक्त गाउँपालिका बनाउन गर्नुपर्ने प्रमुख काम नै गाउँपालिका भित्रको सडक सञ्जालको स्तरोन्नति गरी राष्ट्रिय मापदण्ड अनुरूप विकास गर्नु र सबै सडकहरू पक्की गर्नु हो ।

सडक विभाग र शहरी विकास तथा भवन निर्माण विभागले देशका सडकहरूलाई दुई प्रकारले वर्गीकरण गरेका छन् ।

(क) प्रशासनिक हिसाबले गरेको वर्गीकरण

- राष्ट्रिय राजमार्ग 50m ROW अंग्रेजी'H' अक्षरले चिनिने
- फिडर सडक 30 m ROW अंग्रेजी'F''अक्षरले चिनिने
- शहरी सडक :- स्थानीय नगरपालिका वा गाउँपालिकाभित्र रहेका सडकहरू

(ख) सवारी चापका हिसाबले गरेको वर्गीकरण

यस अन्तर्गत सडकहरूलाई ADT (Average Daily Traffic का हिसाबले “क”, “ख”, “ग”, “घ”अर्थात् I, II, III, IV वर्गमा बाँडिएको छ ।

यस गाउँपालिका अन्तर्गत रहेका सडकहरूलाई प्राथमिकताको आधारमा क्रमशः स्तरोन्नति गर्दै कालोपत्रे वा पक्की गर्नु आवश्यक देखिन्छ । साथै सडक यातायात विकासको लागि निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

- तुलसीपुर देखि कालिमाटी हुँदै सुर्खेत जोड्ने सडक तथा सल्यानको खलंगा जोड्ने सडकलाई यथासक्य स्तरोन्नति गरी सम्पन्न गर्ने,
- हाल सञ्चालनमा रहेका सबै सडकहरूको स्तरोन्नति, बिस्तार र कालोपत्रे वा पक्की गर्ने,
- सडक यातायात गुरुयोजना तयार गरी त्यसै अनुसार नयाँ रूटहरूको ट्र्याक खोल्ने,
- नयाँ ट्र्याक खुलेका सडकहरूको डिपिआर तयार गरी प्राथमिकताका आधारमा निर्माण गर्ने
- वडा केन्द्रलाई गाउँपालिका केन्द्रसँग जोड्ने मुख्य-मुख्य सडकहरूलाई उच्च प्राथमिकतामा राखी यथा शीघ्र स्तरोन्नती तथा कालोपत्रे वा पक्की गर्ने,
- नयाँ तथा सञ्चालनमा रहेका सबै सडकहरूमा पुल, कल्भर्ट, रिटेनिङ् वाल लगायतका सबै संरचना निर्माण गर्ने,
- प्रस्तावित औद्योगिक तथा व्यावसायिक क्षेत्रहरूमा सुविधा सम्पन्न सडकको निर्माण गर्ने,
- आगामी १५ वर्षमा सडक यातायात गुरुयोजनाले तय गरे बमोजिम सडकहरूको कालोपत्रे र स्तरोन्नति गर्ने,
- बबई र शारदा नदीको सेरोफेरोमा तथा अन्य खोलाको तटीय क्षेत्रमा सडक र तटबन्ध निर्माण गरी पर्यटकीय आकर्षणका लागि पार्क निर्माण गर्ने,
- सडक निर्माण मापदण्ड अनुरूप सम्पूर्ण सडकको ROW (Right of Way) कायम गर्ने,
- प्रत्येक धार्मिक तथा पर्यटकीय क्षेत्रमा पुग्ने सडक निर्माणलाई प्राथमिकता दिने,
- विद्यालय, अस्पताल, स्वास्थ्य केन्द्र, कृषि/पशु सेवा केन्द्र, हाटबजार आदि जोड्ने सडक तथा बाटोहरूलाई उच्च प्राथमिकता दिई शीघ्र निर्माण सम्पन्न गर्ने,
- आवश्यकता हेरी थप सडकका नयाँ ट्र्याक खोल्ने ।

### (घ) यातायात

सडक यातायातका दृष्टिकोणले कालिमाटी गाउँपालिका विकासको प्रारम्भिक र कमजोर अवस्थामा रहेको छ । कच्ची सडक सञ्जालको भर्खरै मात्र विकास भएका कारण विशेषतः वर्षायाममा यी सडकहरूमा हिलो तथा खाल्डा खुल्डी पर्ने हुँदा आवागमन कष्टकर हुन जान्छ भने अर्कातिरहिउँदमा यी सडकहरू धुलाम्मे हुन्छन् । साथसाथै सार्वजनिक यातायातका साधनहरूको अपर्याप्तता तथा रुटहरू वैज्ञानिक नहुँदा सार्वजनिक यातायातको अवस्था एकदम कमजोर रहेको छ । यसर्थ समग्र यातायात क्षेत्रको सुधारका लागि सर्वप्रथम सडकको स्तरोन्नति गरी कालोपत्रे गर्ने, त्यस पश्चात् सार्वजनिक यातायात सञ्चालन हुने रुट तय गरी आवश्यक सङ्ख्यामा सवारी साधनहरू थप गरी यातायात सेवा नियमित गर्न गाउँपालिकाले निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्नुपर्ने देखिन्छ । साथै गाउँपालिकाले पनि आवश्यक लगानीको व्यवस्थापन गर्नुपर्ने देखिन्छ । सार्वजनिक यातायातलाई सहज, सुरक्षित र भरपर्दो बनाउनका लागि गाउँपालिकाका निम्न स्थानहरूमा बसपार्क निर्माण तथा व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

**तालिका नं. २:** गाउँपालिकामा हाल सञ्चालित बसपार्कहरू

| क्रम सङ्ख्या | बसपार्कको नाम | ठेगाना वडा नं. | हालको अवस्था (पक्की /कच्ची) |
|---|---|---|---|
| १ | लक्ष्मीपुर पोखरा | वडा नं. १ | अस्थायी रोडमा |
| २ | सेती खोला | वडा नं. २ | अस्थायी बस पार्क |
| ३ | टाड्के | वडा नं. २ | अस्थायी बस पार्क |
| ४ | सिमलकुना | वडा नं. २ | अस्थायी बस पार्क |
| ५ | पुतली बजार | वडा नं. ३ | व्यवस्थित नभएको /सडकको छेउछाउ रहेको |
| ६ | सिमलचोक | वडा नं. ३ | व्यवस्थित नभएको /सडकको छेउछाउ रहेको |
| ७ | पिप्ले | वडा नं.४ | हाल अस्थायी पार्क रहेको स्थान |
| ८ | खैरेनी | वडा नं.४ | |
| ९ | सिमलकुना | वडा नं.४ | |
| १० | लक्ष्मीपुर पोखरा | वडा नं. १ | अस्थायी रोडमा |
| ११ | बालुवा (व्यवस्थित छैन) | वडा नं. ५ | व्यक्तिगत जग्गा |
| १२ | दमदुवाली (व्यवस्थित छैन) | वडा नं. ५ | व्यक्तिगत जग्गा |
| १३ | हिले (व्यवस्थित छैन) | वडा नं. ५ | व्यक्तिगत जग्गा |
| १४ | छरछरे | छरछरे, वडा नं. ६ | सडकमा रोकिने/राखिने |
| १५ | घुइयाबारी बाटुले | ७ | कच्ची (२ कट्ठा क्षेत्रफल भएको ४ वटा सम्म ठुलो साधन पार्क गर्न सक्ने क्षमता भएको |

**तालिका नं. ३:** प्रस्तावित बसपार्कहरू

| क्रम सङ्ख्या | बसपार्कको नाम | ठेगाना |
|---|---|---|
| १ | पोखरा | वडा नं. १ |
| २ | चण्डीमारा | वडा नं. २ |
| ३ | वैरेनी | वडा नं. २ |
| ४ | ढोरेननी | वडा नं. ३ |
| ५ | पिसियो चोक | वडा नं. ३ |
| ६ | तीसमुरे | वडा नं. ३ |
| ७ | असुरेनी, डिमुरे, पुरुवाखेत | वडा नं. ४ (एलानी जग्गा भएको ) |
| ८ | बालुवा | वडा नं. ५ |
| ९ | दमदुवाली | वडा नं. ५ |
| १० | सिमलतारा | वडा नं. ५ |
| ११ | छरछरे | छरछरे, वडा नं. ६ |
| १२ | हात्तीढुङ्गा | हात्तीढुङ्गा, वडा नं. ६ |
| १३ | घुइयाबारी | घुइयाबारी, वडा नं. ६ |

साथै विभिन्न स्थानहरूमा क्रमशः प्रतिक्षालय, यात्रु विश्रामस्थल, सार्वजनिक शौचालयको निर्माण गर्नुपर्ने देखिन्छ । प्रस्तावित यात्रु प्रतिक्षालय सम्बन्धी विवरण तल उल्लेख गरिएको छ । हवाइ यातायातको

सम्भावना न्यून भएतापनि प्रत्येक वडाका कम्तिमा १ उपयुक्त स्थानमा आकस्मिक तथा उद्धार सेवाका लागि हेलीप्याडहरूको निर्माण गर्नुपर्ने देखिन्छ। गाउँपालिकाको निम्न स्थानहरूमा हेलिप्याट निर्माण तथा स्तरोन्नति गर्नेपर्ने देखिन्छ।

**तालिका नं. ४:** हेलिप्याड (प्रस्तावित)

| क्रम सङ्ख्या | स्थान | वडा नं. |
|---|---|---|
| १ | जैसी टाकुरा, टाड्के, झिगाने | २ |
| २ | गा.वि.स. डाँडा | ३ |
| ३ | हात्तीदमार | ५ |
| ४ | बालुवा | ५ |
| ५ | १. सिसेनी चौर २. सिरेनी | ६ |

**तालिका नं. ५:** यात्रु प्रतिक्षालय (हाल सञ्चालित र प्रस्तावित)

| वडा नं. | ठेगाना (स्थान) | हालको अवस्था |
|---|---|---|
| १ | ढुङ्गेकटहरी, पोखरा, पोखरी, झिरघाट, शिवालय, मोम खोला, टोड्के, टोटाबाँझ, चुरी कोइराला, थुम्का स्कुल नजिक, कोट | |
| २ | सिमलकुना, झिगाने चोक, सेती खोला, मिलनचोक, घुम्ती बजार, गते डाँडा, ढानी गैडा, एक्लेवर, भुतेका ताल, चण्डीमारा | |
| ३ | ढोरेनी, पुतलीबजार, सिमलचोक, गते डाँडा, जुगेना, मागे, फारुला, बल्ले, गोरेमाटा, सुकी दह, कालिमाटी, कछुवा दह , शिव मन्दिर | |
| ४ | गल्छेडा, गैरीगाउँ, घुटचौर, हल्ली, असुरेनी, पुरुवा खेत , पिप्ले, जिम्मुतरा, खैरेनी, पिपलनेटा, झिगाने, खयरबारी, त्रिपुरेश्वर महादेव मन्दिर, शारदा देवि मन्दिर, नयाँ वन, सालटाकुरा, पोखरी, पोखरी डाँडा, खर्क डाँडा, चौकेपाटा, लेकाली पोखरा, दुम्की, फुलबारी, एक्लेवर, गुरुङडाँडा, सकेताल, पातिहल्ला डाँडा ज्यामुरे तीनचुली, कात्तिके, कोल डाँडा (सुतचौर) , साकुरा डाँडा (असेुली), खार खोला | |
| ५ | १.ल्होसे, २. मिलनचोक, वालुवा, ३. सिम्ले छहरा, ४. जनता मा.वि. अगाडी, ५. स्वामी टोल, ६. त्रिवेणी, ७. बबई नदी पक्की पुल, ८. जनजागृत आ.वि. अगाडि, ९. काल्चे, १०. पोखराडाँडा, ११. बगरखोला, १२. जुम खोला हिले, १३. सिमलतारा १४. बेलतरी चोक जुम खोला १५. दमदमे/वालुवा सडक छुट्टिने चोक, १६. हात्तीदमार गाउँ विच | |
| ६ | १. सालघारी, २. आँपगैरी, ३. छरछरे, ४. सिरेनी, ५. धोबेनी, ६. हात्तपीढुङ्गा, ७. देउराली डाँडा, ८. तिल्केनी, ९. काफलनेटी, १०. बेसारबारी, ११. चिउरी गैरा डाँडा, १२. जोगीलोसे | |
| ७ | स्टेज/प्रतिक्षालय-घुइयाबारी मैदान | निर्माणाधिन |
| | १. घुइयाबारी, २ घुइयाबारी बाटुले ३. ग्याङ ४. स्वामीबास ५. हात्तीढुङ्गा, ६. कुशन्तरा ७. तल्लो बाटुले ८. हाउखोला ९. ज्यामिरे खोला १०. सल्यान धरि ११. ने.रा. मा.वि., घुइयारबारी | प्रस्तावित |

साथै मुख्य सडकहरूको निर्माण गर्दा सम्भाव्यता तथा आवश्यकताका आधारमा पैदलयात्रीका लागि फुटपाथ साथै आवश्यक स्थानमा साइकल यात्रीका लागि साइकल लेनको समेत व्यवस्था गर्नुपर्दछ । सार्वजनिक यातायातको रुट तय गर्दा निम्न विषयहरूमा ध्यान पुऱ्याउनु पर्दछ :

✓ यातायात रुटमा चल्ने सवारी साधनहरूको प्रकार (जस्तैः बस, मिनीबस, जीप, माइक्रोबस, विद्युतीय रिक्सा आदि) अनुसारका रुटहरू

- ✓ रुटको बीच बीचमा आवश्यक बस स्टप, रिफ्रेसिङ सेन्टर, सार्वजनिक शौचालय, बस बे, यात्रु प्रतिक्षालयहरू । सामान्यतया प्रत्येक २ कि.मि. पछि बसस्टप राख्दा उपयुक्त हुने भएतापनि स्थानीय आवश्यकता अनुसार बसस्टप तथा यात्रु प्रतिक्षालयहरूको उपलब्धता भएको हुनुपर्ने ।
- ✓ रुट सुरु हुने र अन्त्य हुने स्थानहरूमा बस टर्मिनल तथा पार्कहरूको उपलब्धता
- ✓ विभिन्न स्थानका सडक सङ्केतहरू (Road Furniture) र माइलस्टोनहरूको व्यवस्था
- ✓ आवश्यकता अनुसार ट्राफिक प्रहरी युनिटहरूको व्यवस्था : निम्न स्थानहरूमा ट्राफिक प्रहरी युनिटहरूको स्थापना गर्ने

| क्रम सङ्ख्या | स्थान | वडा नं. |
|---|---|---|
| १ | सेती खोला, मिलनचोक | २ |
| २ | पुतली बजार | ३ (प्रस्तावित) |
| ३ | बालुवा | वडा नं. ५ |
| ४ | छरछरे | वडा नं. ६ |
| ५ | प्रहरी चौकी सँगै, घुइयाँबारी | (प्रस्तावित) |

- ✓ सडकको जोखिम क्षेत्रहरू तथा सडकको अवस्थाका बारेमा डिजिटल डिस्प्लेको व्यवस्था

५ नं. प्रदेशको पश्चिम पहाडी क्षेत्रको प्रमुख शहर तुल्सीपुरबाट करिब ४० कि.मी.को दूरीमा पुग्न सकिने यो गाउँपालिका सुर्खेतबाट- भोटेचौर हुँदै करिब ७५ कि.मी. को दूरीमा पर्दछ । यो गाउँपालिकालाई राजमार्गसँग जोड्ने रणनैतिक सडकहरूको स्तर समेत एकदमै दयनीय छ । यी रणनैतिक सडकहरूको स्तरोन्नतिलाई प्राथमिकतामा राखेर सडक यातायात गुरुयोजना निर्माण गरी सो गुरुयोजनाले तय गरेका सडकहरूको प्राथमिकताका आधारमा स्तरोन्नति गर्नु श्रेयष्कर देखिन्छ ।

## (ङ) पिउने पानी

प्रशस्त मुहान तथा जलाधार भैकन यस गाउँपालिकामा पिउने पानी आपुर्तिको अवस्था समेत सन्तोषजनक छैन । अधिकांश बासिन्दाहरूको पिउने पानीको प्रमुख स्रोतहरूमा मुहान, नदी खोला र ईनार तथा कुवा हुन् । वि.सं. २०६८ को तथ्याङ्क अनुसार ४८.४५ प्रतिशत घरपरिवारमा मात्र धाराको पानी आपुर्ति हुने गरेको देखिन्छ । यसका अलावा पिउने पानीका अन्य स्रोतहरूमा धारा तथा इनार हुन् । मुहान, धारा तथा इनारको पानी दुषित हुन सक्ने भए पनि यसको उचित परीक्षण, निर्मलिकरण तथा व्यवस्थापन हुन सकेको छैन । सफा, स्वच्छ र सुरक्षित पिउने पानीको अभावमा यहाँका बासिन्दाहरू विभिन्न रोगहरूबाट ग्रसित हुन्छन् । खासगरी बर्षायाममा पानीका मुहानहरू दुषित हुने हुनाले मानिसहरूलाई झाडापखाला, टाइफाइड, आउँ, हैजा जस्ता विभिन्न प्रकारका सरुवा रोगको प्रकोप बढ्दछ । पानीका मुहानहरूको उचित संरक्षण र व्यवस्थापन हुन सकेमा यहाँ पिउनेपानीको ठूलो समस्या हुने देखिँदैन । हाल यो गाउँपालिकामा पिउनेपानीका केही आयोजनाहरूको निर्माण कार्य सम्पन्न भइसके तापनि अधिकांश आयोजनाहरूको निर्माण सम्पन्न नभइसकेका कारण पिउनेपानीलाई प्रमुख प्राथमिकतामा राखी योजनाबद्ध रूपमा कार्यान्वयन गर्दै जानुपर्ने देखिन्छ । यहाँ उपलब्ध पानीको श्रोतलाई वैज्ञानिक रूपले व्यवस्थित गरी प्राथमिकता र सम्भाव्यताका आधारमा विभिन्न पिउने पानीका आयोजनाहरू सञ्चालन गरी पिउने पानीको सहज आपूर्ति गर्नुपर्ने देखिन्छ ।

## (च) सिँचाई

महाभारत र चुरे शृङ्खलाको सङ्गमस्थल साथै ससाना उपत्यकाहरू मिलेर बनेको यी पहाडी शृङ्खलाबीच यो गाउँपालिकाको लगभग २५.३१ प्रतिशत जमिनमा एक वा अर्को तरिकाले खेती गर्न सकिन्छ । यस गाउँपालिकामा धान, मकै, गहुँ, आलु, तोरी साथै रहर, मुसुरो जस्ता दलहन र तरकारी बालीहरू उत्पादन गर्न सकिन्छ । तर कृषकहरूले परम्परागत हिसाबले स्थानीय प्रविधिमा निर्माण गरेका स-साना कुलोहरू बाहेक वैज्ञानिक हिसाबले आधुनिक प्रविधियुक्त नहर तथा सिँचाइ प्रणालीको विकास नभएको र सिंचित जमिनको अनुपात एकदमै कम भएकोले कृषि उत्पादनका लागि अपरिहार्य सिँचाइ प्रणालीको आधारभूत तहबाट नै विकास गर्नुपर्ने देखिन्छ। यहाँ खासगरी कुलो तथा नहर सिँचाई, लिफ्ट सिँचाई, बर्षात्को पानी सङ्कलन, थोपा सिँचाई, फोहरा सिँचाई तथा भूमिगत (बोरिङ्) सिँचाई प्रणाली विकास गर्न सकिन्छ। यो गाउँपालिकामा शारदा र बबई नदी लगायत विभिन्न खोलानालाहरू रहेकाले लिफ्ट, नहर वा कुलो सिँचाई आयोजनाहरू बढी प्रभावकारी देखिन्छन् । वैकल्पिक सिँचाइका लागि बर्षात्को पानी सङ्कलन, थोपा सिँचाई, फोहरा सिँचाई समेत प्रयोग गर्न सकिन्छ।

गाउँपालिकाको आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रममा उत्पादनमुखी विकासलाई विशेष महत्व दिई कृषि क्षेत्रको विकासलाई प्राथमिकतामा राखिएको साथै दीर्घकालीन विकासका दृष्टिकोणले कृषि क्षेत्रको विकास नै आर्थिक क्रान्तिको आधारको रूपमा रहेको हुनाले सिँचाइलाई समेत कृषि विकासको अभिन्न अङ्गको रूपमा विकास गर्नुपर्ने हुन्छ । तसर्थ गाउँपालिकाको सिँचाई प्रणाली विकासका लागि निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ।

- ✓ गाउँपालिकाभर रहेका पानीका मुख्य स्रोतहरू तथा जलाधार क्षेत्रको विस्तृत नक्साङ्कन गरी त्यसको अभिलेख तयार पार्ने ।
- ✓ गाउँपालिका भएर बग्ने प्रमुख नदीहरू बबई नदी, शारदा नदी, जुम खोला, हाउ खोला, सेति खोला लगायत सम्पुर्ण खोलानाला तथा पोखरीहरू र तिनका जलाधार क्षेत्रसम्मको विस्तृत विवरण (Inventory Profile) तयार गर्ने ।
- ✓ प्रत्येक नदी तथा खोलाका मुहानहरू संरक्षण गर्ने वस्तुगत योजना निर्माण गर्ने ।
- ✓ नदी, पोखरी, खोला तथा मुहान संरक्षणका लागि स्थानीयवासीहरूको सहभागिता सुनिश्चित गर्ने ।
- ✓ ती नदी, खोला, पोखरी तथा पानीका मुहानहरूले सिंचित गर्न सक्ने सम्भाव्य खेतीयोग्य क्षेत्रफलको सर्भे गर्ने ।
- ✓ हाल सञ्चालित नहर, कुलो र सिँचाई प्रणालीको वस्तुगत विवरण तयार गर्ने ।
- ✓ हाल सञ्चालनमा रहेका परम्परागत कुलोहरूको समयमै मर्मत सम्भार गर्न प्राथमिकताका आधारमा बजेट विनियोजन गर्ने
- ✓ प्राथमिकताका आधारमा नयाँ सिँचाइ प्रणालीको निर्माण गर्न DPR तयार पार्ने ।
- ✓ सम्भाव्यताका आधारमा भूमिगत सिँचाई तथा डिप बोरिङ् सिँचाई आयोजनालाई बिस्तार गर्ने । यसका लागि विद्युतिकरणमा समेत विशेष ध्यान दिने ।
- ✓ विभिन्न नदी तथा खोलाहरूबाट लिफ्ट सिँचाइमार्फत सिँचाइ सुविधा उपलब्ध गराउने,
- ✓ समुदायले छनोट गरेका प्राथमिकता प्राप्त सिँचाइ आयोजनाको निर्माण कार्य थालनी गर्ने

- ✓ यो गाउँपालिकामा अवस्थित विभिन्न पोखरी तथा तालतलैयाहरूको मर्मत, संरक्षण, प्रवर्द्धन र स्तरोन्नति गर्ने
- ✓ सम्भाव्यता अध्ययन गरी सिँचाइका लागि नयाँ पोखरीहरू निर्माण गर्ने ।
- ✓ वैकल्पिक सिँचाई जस्तैः थोपा सिँचाइ, फोहरा सिँचाइ, वर्षात्को पानी सङ्कलन, प्लाष्टिक पोखरीको सम्भाव्यता अध्ययन गरी उपयुक्त स्थान र वडाहरूमा कार्यान्वयनमा ल्याउने ।
- ✓ गाउँपालिकामा सञ्चालनमा रहेका कुलो, नहर तथा पोखरीहरूको मर्मत, स्तरोन्नति तथा निर्माण गर्ने साथै आवश्यकता अनुसार थप सिँचाई कुलोको सम्भाव्यता अध्ययन गरी परियोजना अगाडि बढाउने ।

### (छ) विद्युत तथा उर्जा

२०६८ सालको जनगणना अनुसार यो गाउँपालिकाको कुल ४,३४३ घरधुरीहरू मध्ये ११ घरधुरी अर्थात् ०.२५ प्रतिशत घरघुरीहरूमा मात्र विद्युतिकरण भएको छ । वडा नं. १ का सिमित स्थानहरू बाहेक यो गाउँपालिकामा राष्ट्रिय प्रसारण लाईनबाट विद्युतीकरण भएको छैन । यसर्थ विद्युत् तथा उर्जाको क्षेत्रमा ठोस कार्यक्रमहरू सञ्चालन गरी विकासको आधारकोरूपमा रहेको उर्जाको अवस्था सुदृढ बनाउनु जरुरी छ । विद्युतिकरण भएका स्थानहरूमा समेत विद्युतिकरणको अवस्था एकदमै कमजोर रहेको छ । उद्योग व्यवसाय सञ्चालनका लागि आवश्यक उच्च क्षमताको विद्युत् लाइन जडान हुन सकेको छैन । त्यसकारण गाउँपालिकाका सबै वडाहरूमा उच्च क्षमताको (Three Phase High Voltage) विद्युतीकरण बिस्तार गर्ने योजनालाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ । यसका साथै प्रसारण लाइनको सुदृढीकरणका लागि समेत धेरै काम गर्नुपर्ने देखिन्छ । विद्युत प्रसारण लाईनमा सुधार गर्नुपर्ने देखिन्छ भने Low Voltage हुने स्थानहरूमा उच्च क्षमताको ट्रान्सफर्मर जडान गर्नुपर्ने देखिन्छ ।

विद्युत् सेवा बिस्तारका साथसाथै वैकल्पिक र नविकरणीय उर्जा प्रवर्द्धनका लागि समेत ठोस कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । पशुपालन हुने क्षेत्रमा गोबरग्याँस निर्माणमा प्रोत्साहन र अनुदान दिने र अन्य दुर्गम तथा सुगम दुवै क्षेत्रमा घरायसी प्रयोगका साथै व्यावसायिक प्रयोजनका लागि समेत सौर्य उर्जा जडान गर्न सके त्यसबाट उर्जाको नियमित आपुर्ति हुनुको साथै विकासका थप क्रियाकलापहरूलाई उर्जाको सदुपयोग मार्फत् गति दिन सकिन्छ । सौर्य उर्जाबाट भूमिगत सिँचाई, लिफ्ट सिँचाई आयोजनाका साथै पिउने पानी आयोजना सञ्चालन गर्न वा घरायसी उपभोगका निम्ति प्रयोग गरी बढी भएको उर्जालाई राष्ट्रिय प्रसारण लाइनमा बिक्री समेत गर्न सकिन्छ ।

सामान्यतया एउटा सामान्य परिवारले दैनिक २ किलो वाटविद्युत् खपत गर्दछ । त्यसमा पनि यो उपभोगको मात्रा ग्रामीण भेगहरूमा त्यो भन्दा न्यून हुन्छ । १७.६ वर्ग फिटको सोलार Pannel ले २५० वाट विद्युत उत्पादन गर्दछ । दिनभर करिब ६.८ घण्टा सुर्यको किरणबाट 250 watt X 6.8 hours गर्दा १.७ किलोवाट विद्युत निस्कन्छ । १.७कि. वा.×३० दिन गर्दा महिनामा ५१ कि.वा.विद्युत उत्पादन हुन सक्दछ ।

यसको अर्थ ६०० वर्ग फिट ओगट्ने घरबाट

$$५१ \text{ कि.वा.} \times \frac{६००}{१७.६} . १७३८ \text{ KW}$$

यसको अर्थ ६०० वर्गफिट ओगट्ने घरमा सौर्यउर्जा जडान गर्दा सो घरलाई पुग्ने उर्जा उत्पादन गर्न सकिन्छ । यद्यपि ग्रामीण घरहरू सौर्य उर्जा उत्पादन मैत्री बनाउनुपर्ने हुन्छ । । यो गाउँपालिकामा हालसम्म

समेत काठदाउरालाई खाना पकाउने मुख्य इन्धनकोरूपमा प्रयोग गर्ने घरपरिवार धेरै भएकोले काठदाउरा विस्थापन गर्न गोबरग्याँस, विद्युत् तथा सौर्य उर्जाले सहयोग पुऱ्याउन सक्दछ । खाना पकाउनका लागि काठदाउराका अतिरिक्त एल.पि.जी. ग्याँसको प्रयोग गर्ने घरधुरीको सङ्ख्या पनि बढिरहेको छ । खाना पकाउनका लागि वैकल्पिक उर्जाको प्रयोगबाट वातावरण संरक्षणका साथै मानव स्वास्थ्य र विदेशी मुद्रा सञ्चितीमा समेत टेवा पुग्दछ । वैकल्पिक तथा नविकरणीय उर्जाले एल.पि.जी. ग्याँसलाई विस्थापन गर्न सकेमा ठूलो रकम बाहिरिनबाट जोगिई व्यापार घाटा कम गर्न  सहयोग पुग्दछ । तसर्थ गाउँपालिकामा विस्तृत विद्युतीकरण, विद्युत् प्रसारण, लाईन मर्मत सम्भार तथा सुधार, ट्रान्सफर्मर जडान, वैकल्पिक तथा नविकरणीय उर्जा प्रबर्द्धनका कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### (ज) सूचना तथा सञ्चार

यस गाउँपालिकामा ल्याण्डलाईन टेलिफोन सेवाको सुविधा छैन । गाउँपालिकाका बस्तीहरू भएका अधिकांश क्षेत्रहरूमा नेपाल टेलिकम, एनसेल, हेलो जस्ता दुरसञ्चार सेवा प्रदायक कम्पनीहरूले मोबाइल फोन सेवा प्रदान गरिरहेका छन् । मोबाइल फोनको प्रयोगमार्फत् सूचना र खबर आदानप्रदानमा एक प्रकारको क्रान्ति नै भएको छ । तथापी ल्यान्डलाइन टेलिफोन बिस्तार, मोबाइल टावरहरूको क्षमता वृद्धि, टावरहरूमा निरन्तररूपमा पावर (विद्युत्) को व्यवस्था, इन्टरनेट प्रविधिको विस्तार र गुणस्तर सुधारमा व्यापक लगानी गर्नुपर्ने देखिन्छ । गाउँपालिकामा निकटवर्ती शहरहरूबाट प्रसारण हुने एफ. एम. रेडियोको पहुँच र स्याटलाईट टेलिभिजन च्यानलको पहुँचले यहाँका बासिन्दाहरूलाई सूचना, समाचार, जानकारी तथा मनोरञ्जनका लागि सहज भएको छ । तर विद्युतिकरण नभएका क्षेत्रमा सञ्चार क्षेत्र निकै नै प्रभावित रहेको छ । यसमाडिस होम लगायतका कम्पनीहरूले सेवा प्रदान गरिरहेका छन् । तथापी स्थानीय स्तरमा कुनै पत्रपत्रिकाको प्रकाशन नभएको तथा राष्ट्रियस्तरका पत्रपत्रिका समेत नियमितरूपमा उपलब्ध हुन नसकेका कारण गाउँपालिकावासीहरू राष्ट्रियस्तरका सूचना, समाचार, जानकारी तथा मनोरञ्जनबाट विमुख भएका छन् । सूचना र सञ्चारको विकासको लागि निम्न कार्यक्रमहरू गर्नुपर्ने देखिन्छ ।

- Optical Fiber बिस्तार
- मोबाइल टावरहरूको स्थापना
- मोबाइल टावरहरूमा विद्युत्को नियमित आपूर्ति
- ल्याण्डलाईन टेलिफोन सेवाको बिस्तार
- इन्टरनेट प्रदायक कम्पनीहरूलाई आकर्षित गर्ने
- स्थानीय एफ.एम रेडियो तथा टेलिभिजनको स्थापना तथा प्रसारण
- राष्ट्रिय दैनिकहरू समयमा नै गाउँपालिकाका विभिन्न स्थानमा पुग्ने संयन्त्रको विकास
- सुचनाकेन्द्रको स्थापना
- मोबाइल Network Coverage को थप विकास र बिस्तार गर्न पहल
- गाउँपालिकाका बस्ती केन्द्र, वडा कार्यालय, सार्वजनिक स्थल तथा गाउँपालिकाका केन्द्रमा Free Wifi को व्यवस्था
- स्थानीय पत्रपत्रिका प्रकाशन गर्न पहल

## ५.१.३ भौतिक विकास योजनाको Logical Framework Approach (LFA)

**लक्ष्य**

**कालिमाटी गाउँपालिकालाई आगामी १५ वर्ष भित्र भौतिक पूर्वाधार विकासका दृष्टिकोणले पूर्ण बनाई "समृद्ध गाउँपालिका" को रूपमा स्थापित गर्ने**

**उद्देश्य**

**गाउँपालिकावासीको जीवनस्तरमा गुणात्मक सुधार ल्याई सहज, सुखी र सम्पन्न जीवनयापन गर्न सक्ने स्तरमा पुऱ्याउने**

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| ▪ गाउँपालिकाका मुख्य बस्तीहरू जोड्ने पक्की तथा कालोपत्रे सडक सञ्जालको विकास भएको हुनेछ ।<br>▪ समग्र गाउँपालिकाका सडकहरू स्तरोन्नती भई सहज ढङ्गले राष्ट्रिय राजमार्ग प्रणालीमा जोडिएका हुनेछन् ।<br>▪ गाउँपालिकाका सबै वडाहरू पक्की सडकसहित राजमार्गसँग जोडिएका हुनेछन् ।<br>▪ तुलसीपुर-कालिमाटी-सुर्खेत सडकको पूर्ण स्तरोन्नति भएको हुनेछ ।<br>▪ सार्वजनिक यातायातको सहज व्यवस्थापन र नियमित आवागमन भएको हुनेछ ।<br>▪ सम्पुर्ण बस्तीलाई सहज हुने गरी सार्वजनिक यातायातको रुट तय भई यातायात सञ्चालन भएको हुनेछ ।<br>▪ सवारी साधनहरूको पर्याप्तता हुनेछ ।<br>▪ आवश्यक सम्पूर्ण स्थानमा पुल, कल्भर्ट तथा रिटेनिङ वालहरूको निर्माण भएको हुनेछ ।<br>▪ सार्वजनिक यातायात सुरक्षित र न्यून जोखिमयुक्त भएको हुनेछ ।<br>▪ गाउँपालिकाका सबै स्थानहरूमा आवश्यक मात्रामा बसपार्क, बसस्टप, बसवे, यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालयहरूको व्यवस्था भएको हुनेछ ।<br>▪ पर्याप्तमात्रामा विद्युतीय सवारी साधनहरू सञ्चालनमा आई वातावरणीय संरक्षणमा टेवा पुग्नुका साथै विदेशी मुद्रा सञ्चिती तथा व्यापार घाटा कम गर्न योगदान पुग्नेछ ।<br>▪ सम्पूर्ण गाउँपालिकावासीहरूलाई | **वि.सं. २०८० सालसम्म**<br>▪ **RMTMP** निर्माण गरी **RMTMP** ले तोकेको प्राथमिकताका आधारमा करिब २५ प्रतिशत सडकहरू स्तरोन्नती भएका<br>▪ समग्र गाउँपालिका राजमार्ग सञ्जालमा वैकल्पिक सडकहरू तथा पक्की सडक सहित जोडिएको<br>▪ तुलसीपुर-कालिमाटी-सुर्खेत सडक स्तरोन्नति कार्य सम्पन्न भएको<br>▪ सार्वजनिक यातायातका मुख्य बस्ती जोड्ने रुट तयार भैसकेको र यातायात सञ्चालन शुरु भएको<br>▪ सो रुटहरूमा सवारी साधनको पर्याप्तता भएको<br>▪ एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख जनजाति तथा विपन्न परिवारको पहिचान गरी उनीहरूको आवासको प्रबन्ध भएको<br>▪ भू-उपयोग योजना पुर्ण रूपमा लागू भएको<br>▪ करिब ५० प्रतिशत घरधुरीमा पिउनेपानी आयोजना मार्फत् सुरक्षित पिउने पानी पुगेको<br>▪ गाउँपालिकाभर रहेका नदी, नाला, खोला, पोखरी, तलाउ, कुलो, नहर लगायत पानीका सम्पूर्ण स्रोतहरूको विस्तृत विवरण प्रोफाइल तयार भई ३० प्रतिशत स्रोतहरूको संरक्षण योजना लागू भएको<br>▪ गाउँपालिकाको "क" वर्गका सडकहरूमा नाला निर्माण सम्पन्न भएको | ▪ गाउँपालिकास्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट<br>▪ स्थलगत अवलोकनबाट<br>▪ गाउँपालिकाबासीको जीवनस्तरमा आएको परिवर्तनबाट<br>▪ पूर्वाधार निर्माण पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै: व्यापार वृद्धि, पर्यटक आवागमन, रोजगारी सिर्जना र अन्य मानवीय गतिविधिहरूबाट | ▪ पूर्ण राजनैतिक स्थिरता हुनेछ ।<br>▪ आवश्यक बजेटको व्यवस्था हुनेछ ।<br>▪ दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।<br>▪ व्यापक जनसहभागिता र समर्थन हुनेछ ।<br>▪ कुनै प्रकारको ठूलो स्तरको दैवी विपत्ति आइलाग्ने छैन ।<br>▪ स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुन छैन ।<br>▪ कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।<br>▪ निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।<br>▪ सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ । |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| सुरक्षित आवासको सुनिश्चितता हुनेछ ।<br>▪ भूमिहीन, सुकुम्बासी तथा आवास विहीन जनता तथा परिवारलाई आवासको प्रबन्ध भएको हुनेछ ।<br>▪ खेतीयोग्य, आवास, औद्योगिक, वनजङ्गल लगायत विभिन्न प्रकारको जमिनको वैज्ञानिक रूपमा वर्गिकरण गरी त्यसै अनुरूप उपयोग, उपभोग, व्यवस्थापन र संरक्षण गरिएको हुनेछ ।<br>▪ उपलब्ध जमिनको वैज्ञानिक भू-उपयोग नीति अनुरूप सदुपयोग गरी दिगो विकासको अवधारणा अनुरूप अगाडि बढेको हुनेछ ।<br>▪ गाउँपालिकाभित्र रङ्गशाला, खेलकुद, मनोरञ्जन पार्क, वनभोजस्थल, फूलबारी, योगा तथा ध्यान केन्द्र, पुस्तकालय लगायतका संरचना आदिका लागि आवश्यक जमिनको व्यवस्थापन गरी पूर्वाधार विकासको सम्पूर्ण काम सम्पन्न भइसकेको हुनेछ ।<br>▪ **"भौतिक पूर्वाधार समृद्धिको आधार"** भन्ने नारा साकार भएको हुनेछ ।<br>▪ **"एक घर एक धारा"** अभियान सफल भई हरेक नागरिकलाई स्वच्छ र सुरक्षित पिउनेपानीको प्रबन्ध भएको हुनेछ ।<br>▪ गाउँपालिकाभर रहेका पानीका स्रोत तथा मुहान, नदी र खोला तथा जलाधार क्षेत्रको वस्तुगत पार्श्वचित्र (Profile) तयार भई मुहान संरक्षणका ठोस कार्यक्रमहरू लागु भएका हुनेछन् ।<br>▪ गाउँपालिकाका सम्पूर्ण सडक सञ्जालमा आवश्यक ढल, नाला निर्माण तथा व्यवस्थापन भएको हुनेछ ।<br>▪ शत प्रतिशत खेतीयोग्य जमिनमा एक वा अर्को तरिकाले सिँचाइ सुविधा पुगेको हुनेछ ।<br>▪ हरेक घरमा विद्युत्को सहज पहुँच वा अन्य वैकल्पिक उर्जाको पहुँच पुगेको हुनेछ ।<br>▪ खाना पकाउन प्रयोग हुने काठ, दाउरा वा गोबर गुँइठा गोबरग्यास, विद्युत् तथा सोलार इन्धनद्वारा पूर्ण रूपमा विस्थापन भएका हुनेछन् । | ▪ गाउँपालिकामा उपलब्ध खुला तथा सार्वजनिक जमिनको वैज्ञानिक नक्साङ्कन तयार भई **रङ्**गशाला, खेलकुद, मनोरञ्जन पार्क, वनभोजस्थल, फूलबारी, योगा तथा ध्यान केन्द्र, पुस्तकालय लगायतका संरचना निर्माणका लागि आवश्यक जमिनको व्यवस्थापन भएको<br>▪ गाउँपालिकामा बाँझो तथा खाली जमिनको क्षेत्रफल ५ प्रतिशतभन्दा कम रहेको<br>▪ कम्तीमा करिब ३० प्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ पुगेको<br>▪ सम्पूर्ण घरमा विद्युतीकरण तथा उच्च क्षमताको लाइनको सुधार भएको<br>▪ खाना पकाउनका लागि काठदाउराको प्रयोगलाई अन्य उर्जाले ७० प्रतिशत प्रतिस्थापन गरेको<br>▪ सबै घरमा मोबाइल, इन्टरनेट, रेडियो, टेलिभिजनको पहुँच पुगेको<br>▪ स्थानीय स्तरमा एफ. एम. रेडियो प्रसारण तथा पत्रपत्रिका प्रकाशनको काम शुरू भएको<br>▪ गाउँपालिकामा राष्ट्रिय स्तरको रङ्गशालाको डिपिआर तयार भई निर्माण कार्य शुरु भएको<br>▪ गाउँपालिकाभित्रका सार्वजनिक स्थानहरूको विस्तृत पहिचान, रेखाङ्कन र संरक्षण भई उक्त स्थानहरूमा मनोरञ्जन पार्क, फूलबारी तथा वनभोज स्थलको रूपमा विकास गर्न विस्तृत रूपरेखा तयार भएको<br>▪ गाउँपालिका भित्रका धार्मिक तथा पर्यटकीय क्षेत्रहरूको पहिचान, संरक्षण र सम्बर्द्धन भएका<br>▪ धार्मिक तथा पर्यटकीय क्षेत्रहरूको विस्तृत परियोजना रूपरेखा तयार भई कार्यान्वयनको काम शुरू भएको | | |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
| --- | --- | --- | --- |
| ▪ मोबाइल, टेलिफोन, इन्टरनेट, पत्रपत्रिका, रेडियो र टेलिभिजनको सहज पहुँच सुनिश्चित भएको हुनेछ ।<br>▪ **"उज्यालो गाउँ रमाईलो ठाउँ"** कार्यक्रम सफल भएको हुनेछ । | **वि.सं. २०८५ सालसम्म**<br>▪ गाउँपालिकामा उपलब्ध खुला तथा सार्वजनिक जमिनको वैज्ञानिक नक्साङ्कन तथा उचित व्यवस्थापन भई रङ्गशाला, खेलमैदान, मनोरञ्जन पार्क, पिकनिकस्थल, फूलबारी, योगा तथा ध्यान केन्द्र, पुस्तकालय लगायतका संरचना निर्माण गर्नका लागि आवश्यक जमिनको व्यवस्थापन भएको<br>▪ गाउँपालिका यातायात गुरुयोजनाले तोकेका र स्थानीयवासीको प्राथमिकतामा परेका करिब ५० प्रतिशत सडकहरूको स्तरोन्नति भएको<br>▪ गाउँपालिका चक्रपथ निर्माणको कार्य पुरा भई उक्त चक्रपथमा सार्वजनिक यातायातका साधनहरू सञ्चालन भएका<br>▪ सम्पूर्ण बस्तीहरू जोड्ने सार्वजनिक यातायातका रुटहरू सञ्चालनमा आएका<br>▪ सडक सुरक्षा तथा यातायातको साधनहरूको पर्याप्तता भई सार्वजनिक यातायात आरामदायी, सहज, सुरक्षित र भरपर्दो भएको<br>▪ शत प्रतिशत घरधुरीमा सुरक्षित पिउनेपानीको उपलब्धता भएको<br>▪ **"एक घर एक धारा"** अभियान सम्पन्न भएको<br>▪ गाउँपालिकाभर रहेका ७० प्रतिशत पानीका मुहान तथा जलाधार क्षेत्रको संरक्षण योजना पूर्णरूपमा कार्यान्वयन भई सिँचाई तथा पिउनेपानीको समस्याको दीर्घकालीन समाधान भएको<br>▪ सडक यातायात गुरुयोजनाले तय गरेका "ख" वर्गका सडकहरूमा नाला निर्माण सम्पन्न भएको<br>▪ करिब ७० प्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ पुगेको<br>▪ सम्पूर्ण सुकुम्वासी, भूमिहिन, आवास विहीन र विपन्न नागरिकहरूलाई सुरक्षित आवासको व्यवस्था भएको | | |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| | ▪ गाउँपालिकामा रङ्गशाला निर्माणको कार्य शुरु भएको<br>▪ गाउँपालिकाभित्रका प्रत्येक वडामा मनोरञ्जन पार्क,, फूलबारी तथा पिकनिकस्थलको विकास गरिएको<br>▪ गाउँपालिका भित्रका धार्मिक तथा पर्यटकीय क्षेत्रहरूको विकास तथा स्तरोन्नति भएको।<br>▪ धार्मिक तथा पर्यटकीय क्षेत्रहरूको विकास तथा स्तरोन्नति सँगसँगै आन्तरिक तथा बाहय पर्यटकहरूको आवागमनमा उल्लेख्य मात्रामा वृद्धि भई गाउँपालिकावासीको आय आर्जन तथा जीवनस्तरमा उल्लेख्य सुधार भएको<br>▪ खाना पकाउनका लागि काठदाउराको प्रयोगलाई अन्य उर्जाले ९० प्रतिशत प्रतिस्थापन गरेको<br>**वि.सं. २०९० सालसम्म**<br>▪ गाउँपालिका यातायात गुरुयोजनाले तोकेका र स्थानीय बस्तीहरू जोड्ने सम्पूर्ण सडकहरूको निर्माण सम्पन्न भई यातायातको सहज आवागमन शुरू भएको<br>▪ गाउँपालिकाभर रहेका नदी, खोला, तलाउ तथा पोखरी तथा सम्पूर्ण पानीका मुहान तथा जलाधार क्षेत्रको संरक्षण भई पानीको आयतन आधारवर्षको तुलनामा दोब्बरले वृद्धि भएको<br>▪ सडक यातायात गुरुयोजनाले तय गरेका आवश्यक सबै प्रकारका सडकहरूमा नाला निर्माण सम्पन्न भएको<br>▪ गाउँपालिकाको सम्पूर्ण वनजङ्गल क्षेत्रमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागु भएको र वैज्ञानिक वन व्यवस्थापनबाट गाउँपालिकावासीको जीवनस्तरमा टेवा पुगेको<br>▪ गाउँपालिकाको शत प्रतिशत खेतीयोग्य जमिनमा सिँचाइको सुविधा पुगेको | | |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| | ▪ गाउँपालिकाका शत प्रतिशत घरधुरीमा विद्युतीकरण भई उच्च प्रवाहको विद्युत्को आपूर्ति भएको<br>▪ खाना पकाउन तथा अन्य घरायसी प्रयोजनका लागि काठदाउराको प्रयोगलाई विद्युत्, सोलार तथा अन्य नविकरणीय उर्जाले ९९ प्रतिशत प्रतिस्थापन गरेको<br>▪ पर्याप्त मात्रामा जलविद्युत्को उत्पादन गरी बिक्री तथा उपयोगका साथसाथै निर्यात गरी विदेशी मुद्रा आर्जन गरेको<br>▪ स्थानीय एफ एम रेडियो,, टेलिभिजन, पत्रपत्रिका आदिको स्थापना तथा प्रकाशन भएको<br>▪ गाउँपालिकाका सबै वडाहरूमा ल्यान्डलाइन टेलिफोन, उच्च क्षमता भएको मोबाइल, पत्रपत्रिका, टेलिभिजनका साथै उच्च क्षमताको इन्टरनेटको उपलब्धता भएको<br>▪ गाउँपालिका कार्यालय, वडा कार्यालय, विद्यालय लगायतका बजार क्षेत्रहरूमा उच्च क्षमताको निःशुल्क इन्टरनेट सुविधा उपलब्ध भएको | | |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| **(क) भू-उपयोग** | | |
| ▪ गाउँपालिकाभित्रको जग्गा जमिनको विस्तृत, वैज्ञानिक र व्यवस्थित नक्साङ्कन गर्ने | १५ | ST |
| ▪ सम्पूर्ण खेतीयोग्य जमिनको पूर्ण तथ्याङ्क तयार पार्ने | ५ | ST |
| ▪ सम्पूर्ण बाँझो जमिनको तथ्याङ्क तयार पार्ने | ५ | ST |
| ▪ गाउँपालिकाभर **राष्ट्रिय भु-उपयोग नीति २०७२** अनुसार वैज्ञानिक भू-उपयोग योजना अनिवार्य लागु गर्ने | | ST |
| ▪ गाउँपालिका विकास गुरुयोजनाले तय गरेको भू-उपयोग योजनाको नक्सा गाउँपालिकामा सबैले देख्ने गरी टाँस गर्ने | २ | ST |
| ▪ झाडी बुट्यान क्षेत्रलाई पुनरुत्थान गरी फलफूल तथा जडीबुटी उत्पादन गर्न वडागत रूपमा नमुना क्षेत्रको घोषणा तथा उत्पादन समूह निर्माण गर्ने | ४ | ST |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ आगामी पाँच वर्षमा सम्पूर्ण खेतीयोग्य जमिन शत् प्रतिशत उत्पादनमा प्रयोग भएको सुनिश्चित गर्न जमिन बाँझो राख्ने घरधुरीलाई प्रत्येक वर्ष गाउँपालिकाद्वारा लिइने कर र दस्तुरहरू दोब्बर गर्दै जाने व्यवस्था लागु गर्ने | | ST |
| ▪ जग्गा चक्ला बन्दी गर्न कृषक समूह निर्माण गरी आपसी समझदारी कायम गर्न प्रत्येक वडामा गाउँपालिकाले समन्वय गरी वडागत कार्यक्रम सञ्चालन गर्ने | १५० | ST |
| ▪ छरिएर रहेको जमिनलाई एकीकृत गरी उपयोग गर्ने नीति बनाउने । यसका लागि आफैले जमिनको प्रयोग नगर्ने जग्गाधनीसँग जमिन भाडामा लिई व्यावसायिक किसानहरूलाई भाडामा दिने | ५०० | ST |
| ▪ गाउँपालिकाभर रहेका सार्वजनिक जग्गाको पूर्ण लगत तयार पार्ने र गाउँपालिकाभर रहेका सार्वजनिक जग्गाको पूर्ण उपयोग भएको सुनिश्चित गर्न निश्चित स्थानलाई तलकामध्ये गाउँपालिकालाई उपयुक्त कार्यक्रम सञ्चालन वा विकास गर्ने<br>✓ हरित क्षेत्र वा पार्कमा विकास गर्ने<br>✓ पिकनिक स्थलको रूपमा विकास गर्ने<br>✓ प्रदर्शनी स्थलको रूपमा विकास गर्ने<br>✓ हाट बजार स्थलको रूपमा विकास गर्ने<br>✓ उद्योगका लागि लिजमा लिने<br>✓ खुल्ला स्थानको रूपमा (विपद्को बेला भेला हुने) विकास गर्ने<br>✓ टहरा तथा सेड निर्माण गरी बहाल विटौरी कर लागु गर्ने<br>✓ पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने<br>✓ नर्सरी स्थापना गर्ने<br>✓ स्मारकहरू निर्माण गर्ने<br>✓ मठ मन्दिरहरू स्थापना गर्ने<br>✓ शवदाहस्थल तथा चिहान व्यवस्थापन गर्ने<br>✓ सार्वजनिक भवन, सांस्कृतिक केन्द्र तथा नाचघर निर्माण गर्ने<br>✓ नाट्यशाला तथा सङग्रहालय निर्माण गर्ने<br>✓ रंगशाला/खेलकुद मैदान निर्माण गर्ने<br>✓ व्यायामशाला निर्माण गर्ने<br>✓ पौडी पोखरी निर्माण गर्ने<br>✓ एकीकृत वस्ती विकासमा सदुपयोग गर्ने<br>✓ पोखरीहरू निर्माण गर्ने<br>✓ चिडियाखाना निर्माण गर्ने<br>✓ तारे होटलहरूलाई लिजमा दिने<br>✓ सुकुम्बासीहरूलाई व्यवस्थापन गर्ने<br>✓ अन्तराष्ट्रिय उद्योगहरूलाई लिजमा दिने | २,५०० | MT |
| ▪ वन क्षेत्र संरक्षण गर्न एकीकृत वन तथा जलाधार संरक्षण कार्यक्रमहरू अन्तर्गत व्यापक वृक्षारोपण कार्यक्रम लागु गर्ने | ६०० | LT |
| ▪ सिमसार क्षेत्रको नक्साङ्कन गरी त्यस्ता क्षेत्रहरुमा सिमसार संरक्षण कार्यक्रम लागु गर्ने | १०० | LT |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| **(ख) आवास तथा भवन** | | |
| ▪ सम्पूर्ण अति विपन्न र आवासविहिन परिवारको बस्तुगत लगत तयार पार्ने | १० | ST |
| ▪ एकीकृत वस्ती विकासका लागि प्रदेश सरकार, संघीय सरकार, विकास साझेदार निकायहरू, दातृ राष्ट्र, जनसाधारण, दान-दातव्य आदिबाट बजेट जुटाउनका लागि गाउँपालिकाले नियमित अन्तरक्रिया तथा भेटघाट गर्ने | १५ | ST |
| ▪ गाउँपालिकामा रहेका धार्मिक, ऐतिहासिक, पुरातात्वीक महत्वका स्थल, संरचना तथा भवनहरूको Inventory तयार गर्ने | १० | ST |
| ▪ एकीकृत वस्ती विकासका लागि सम्भाव्य स्थलको सम्भाव्यता अध्ययन गरी डि.पि.आर तयार पार्ने | ५० | MT |
| ▪ गाउँपालिकामा एक बाल-गृह भवन निर्माण गर्नका लागि डि.पि.आर तयार पार्ने | ५ | MT |
| ▪ गाउँपालिकामा एक बाल-गृह भवन निर्माण गर्ने | ६० | |
| ▪ गाउँपालिकामा एक महिला सुरक्षा तथा आश्रय केन्द्र भवन निर्माण गर्नका लागि डि.पि.आर तयार पार्ने | ५ | MT |
| ▪ गाउँपालिकामा एक महिला सुरक्षा तथा आश्रय केन्द्र भवन निर्माण गर्ने | ६० | |
| ▪ गाउँपालिकामा एक ज्येष्ठ नागरिक सुरक्षा तथा मिलन केन्द्र भवन निर्माण गर्नका लागि डि.पि.आर गरी तयार पार्ने | ५ | MT |
| ▪ गाउँपालिकामा एक ज्येष्ठ नागरिक सुरक्षा तथा मिलन केन्द्र भवन निर्माण गर्ने | ५० | |
| ▪ विगतमा निर्माण भएका सम्पूर्ण सार्वजनिक पोखरीहरूको पुनरुद्धार गर्नका लागि डि.पि.आर तयार पार्ने | १० | ST |
| ▪ विगतमा निर्माण भएका सम्पूर्ण सार्वजनिक पोखरीहरूको पुनरुद्धार गर्ने | १०० | |
| ▪ प्रत्येक वडामा रहेका ऐतिहासिकता दर्शाउने पाटी, पौवा तथा चौताराहरूको पुनर्निर्माण गर्नका लागि डि.पि.आर तयार पार्ने | ३०० | LT |
| ▪ प्रत्येक वडामा रहेका ऐतिहासिकता दर्शाउने पाटी, पौवा तथा चौताराहरूको पुनर्निर्माण गर्ने | ३०० | LT |
| ▪ गाउँपालिकामा एक अपाङ्गता केन्द्र भवन निर्माण गर्नका लागि डि.पि.आर तयार पार्ने | ५ | |
| ▪ गाउँपालिकामा एक अपाङ्गता केन्द्र भवन निर्माण गर्ने | ५० | MT |
| ▪ प्रत्येक वडामा एक नमूना सामुदायिक भवन निर्माण गर्नका लागि डि.पि.आर तयार पार्ने | १,२०० | LT |
| ▪ प्रत्येक वडामा एक नमूना सामुदायिक भवन निर्माण गर्ने | ५० | LT |
| ▪ जीर्ण अवस्थामा रहेका धार्मिक, ऐतिहासिक, पुरातात्विक महत्वका स्थल, संरचना तथा भवनहरुको लगत तयार गर्ने | ३०० | LT |
| ▪ जीर्ण अवस्थामा रहेका धार्मिक, ऐतिहासिक, पुरातात्विक महत्वका स्थल, संरचना तथा भवनहरूको जीर्णोद्वार गर्ने | ३०० | LT |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ आवासविहिन अति विपन्न परिवारका लागि एकीकृत वस्ती निर्माण गरी सुरक्षित आवासको व्यवस्था गर्ने | ३,००० | LT |
| ▪ गाउँपालिका भवन तथा सबै वडा कार्यालयहरूको मर्मत तथा भवन निर्माण गर्नका लागि डि.पि.आर तयार पार्ने | ५० | ST |
| ▪ गाउँपालिका भवन तथा सबै वडा कार्यालयहरूको मर्मत तथा भवन निर्माण गर्ने | १,००० | LT |
| ▪ गाउँपालिकाको बहुउद्देश्यीय हल निर्माण गर्नका लागि डि.पि.आर. तयार पार्ने | ज्ञछ | LT |
| ▪ गाउँपालिकाको बहुउद्देश्यीय हल निर्माण गर्ने | ज्ञण्ण | LT |
| ▪ गाउँपालिकामा आवश्यक सबै स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य एकाई, खोप केन्द्रहरूको भवन तथा शौचालय निर्माण गर्नका लागि डि.पि.आर तयार पार्ने | ३५ | ST |
| ▪ गाउँपालिकामा आवश्यक सबै स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य एकाई, खोप केन्द्रहरूको भवन तथा शौचालय निर्माण गर्ने | ७०० | LT |
| ▪ गाउँपालिकाको उपयुक्त स्थानमा कम्तीमा १५ शैयाको एक अस्पताल भवन निर्माण गर्नका लागि डि.पि.आर तयार पार्ने | १५ | ST |
| ▪ गाउँपालिकाको उपयुक्त स्थानमा कम्तीमा १५ शैयाको एक अस्पताल भवन निर्माण गर्ने | १,००० | LT |
| ▪ गाउँपालिका केन्द्रमा डिजिटल सूचना पाटी Digital Display Board निर्माण गर्ने | २.५ | ST |
| **(ग) सडक** | | |
| ▪ गाउँपालिकाले सडक यातायात गुरुयोजना तयार पारी गुरुयोजनाले तय गरेका सडकहरूको प्राथमिकता अनुरूप क्रमशः निर्माण, स्तरोन्नती, पक्की तथा कालो पत्रे गर्ने (प्रत्येक सडक हेरेर प्राथमिकता निर्धारण गर्ने) | | LT |
| ▪ गाउँपालिका केन्द्रलाई राष्ट्रिय राजमार्ग प्रणालीमा जोड्ने सडक कालोपत्रे वा पक्की गर्ने कार्यलाई पहिलो प्राथमिकता दिई सम्पन्न गर्ने | १०,००० | LT |
| ▪ सबै वडाकेन्द्रहरुलाई दोस्रो प्राथमिकता दिई गाउँपालिका केन्द्रसम्म जोड्ने सडकलाई स्तरोन्नति र पक्की तथा कालोपत्रे गर्ने | १०,००० | LT |
| ▪ गाउँपालिका भित्रका मुख्य बजार केन्द्रहरूलाई एक आपसमा जोड्ने सडकहरूलाई तेस्रो प्राथमिकता दिई स्तरोन्नती र कालोपत्रे गर्ने | ७,५०० | LT |
| ▪ गाउँपालिकाद्वारा पहिचान भएका सम्पूर्ण कृषि सडकहरूलाई चौथो प्राथमिकता दिई स्तरोन्नती र कालो पत्रे गर्ने | २,५०० | LT |
| ▪ प्रत्येक वडाको एक टोलदेखि अर्को टोल जोड्ने सहायक सडकहरूको कम्तीमा २५ प्रतिशत सडकहरू अनिवार्य रूपमा जैविक इन्जिनियरिङ प्रविधिको प्रयोग गरी निर्माण गर्न प्रारम्भिक सर्वे गर्ने | २० | LT |
| ▪ प्रत्येक वडाको एक टोलदेखि अर्को टोल जोड्ने सहायक सडकहरूको कम्तीमा २५ प्रतिशत सडकहरू अनिवार्य रूपमा जैविक इन्जिनियरिङ प्रविधिको प्रयोग गरी निर्माण गर्न डि.पि.आर गर्ने | २,००० | MT |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ सबै सडकहरूका आवश्यक स्थानहरूमा पुलहरूको निर्माण गर्न डि.पि.आर तयार पार्ने | ३,००० | LT |
| ▪ सबै सडकहरूका आवश्यक स्थानहरूमा पुलहरूको निर्माण गर्ने | ३,००० | LT |
| ▪ पैदल आवागमनलाई सहज बनाउनका लागि मुख्य सडकको दायाँ बायाँ र आवश्यक स्थानहरूमा गोरेटो बाटो बिस्तार गर्ने, सिँढी बनाउने, ढुङ्गा छाप्ने कल्भर्ट, पुल तथा झोलुङ्गे पुलहरूको निर्माण गर्न डि.पि.आर तयार पार्ने | २,५०० | LT |
| ▪ पैदल आवागमनलाई सहज बनाउनका लागि मुख्य सडकको दायाँ बायाँ र आवश्यक स्थानहरूमा गोरेटो बाटो बिस्तार गर्ने, सिँढी बनाउने, ढुङ्गा छाप्ने कल्भर्ट, पुल तथा झोलुङ्गे पुलहरूको निर्माण गर्ने | २,५०० | LT |
| ▪ सुविधासम्पन्न गाउँपालिका चक्रपथ निर्माण गर्ने | १०,००० | LT |
| ▪ कृषि उत्पादनहरूको ढुवानीका लागि आवश्यक रोप वे लाइनहरूको निर्माण गर्न सम्भाव्यता अध्ययन गर्ने | १,००० | LT |
| ▪ सम्पूर्ण प्राथमिकता प्राप्त सडकको दायाँ बायाँ खाली रहेका जग्गाहरुमा हरित क्षेत्र विकास गर्न डि.पि.आर तयार पार्ने | १० | MT |
| **(घ) यातायात** | | |
| ▪ सार्वजनिक यातायातलाई सहज, व्यवस्थित र सबै नागरिकको पहुँचमा पुऱ्याउनका लागि गाउँपालिकाका प्रमुख बस्तीदेखि गाउँपालिका केन्द्र, जिल्ला सदरमुकाम लगायत अन्य शहरहरूसम्म जोड्ने यातायातका रुटहरू तय गर्ने | २० | ST |
| ▪ अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन हिसाबले यात्रुको चापलाई मध्यनजर गर्दै सार्वजनिक यातायातका विभिन्न नयाँ रुटको अध्ययन गरी विस्तृत प्रतिवेदन तयार पार्ने र सोही अनुसार नयाँ रुटहरू सञ्चालन गर्ने । | ५ | LT |
| ▪ सवारी साधनको सङ्ख्या बढाउन र सार्वजनिक यातायातलाई नियमित र भरपर्दो बनाउन यातायात व्यवसायी तथा निजी क्षेत्रसँग समन्वय गरी आवश्यक परेमा गाउँपालिकाले समेत लगानी गर्ने | २०० | LT |
| ▪ सडक तथा यातायातको अवस्था स्पष्ट हुने गरी गाउँपालिकाका विभिन्न सार्वजनिक स्थान अर्थात् प्रस्थान विन्दुहरूमा डिजिटल डिस्प्ले जडान गर्ने | १० | ST |
| ▪ हाल सञ्चालनमा रहेका प्रमुख सार्वजनिक यातायातका रुटहरूमा आवश्यक सङ्ख्यामा बस स्टप, यात्रु प्रतिक्षालय, सार्वजनिक शौचालय, सडक सङ्केत र माइलस्टोनको निर्माण गर्ने | ५०० | MT |
| ▪ गाउँपालिका भित्र हाल सञ्चालनमा रहेका प्रमुख यातायातका रुटहरूमा आवश्यक सम्पूर्ण Road Furniture को निर्माण गर्ने | ५० | ST |
| ▪ गाउँपालिका भित्र हाल सञ्चालनमा रहेका यातायातका प्रमुख रुटहरूमा आवश्यक सार्वजनिक शौचालयहरूको सर्वे तथा डिपीआर गर्ने | | |
| ▪ गाउँपालिका भित्र हाल सञ्चालनमा रहेका यातायातका प्रमुख रुटहरूमा आवश्यक सार्वजनिक शौचालयहरूको निर्माण गर्ने | | |
| ▪ गाउँपालिकाभित्र आवश्यकता हेरी बस टर्मिनल तथा बसपार्क निर्माण गर्न सर्वे तथा डि.पि.आर गर्ने | २० | ST |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ गाउँपालिका भित्र हाल सञ्चालनमा रहेका यातायातका रुटहरूमा आवश्यक बस बिसौनी तथा प्रतिक्षालय (यात्रु चढ्ने र ओराल्ने) को सर्वे तथा डि.पी.आर. गर्ने | | |
| ▪ गाउँपालिका भित्र हाल सञ्चालनमा रहेका यातायातका रुटहरूमा आवश्यक बस बिसौनी तथा प्रतिक्षालय (यात्रु चढ्ने र ओराल्ने) को निर्माण गर्ने | ५०० | MT |
| ▪ गाउँपालिकामा आवश्यकताको आधारमा विभिन्न स्थानमा ट्राफिक युनिट स्थापना गर्ने | १०० | ST |
| ▪ गाउँपालिकाका व्यस्त बजार क्षेत्र, बसपार्क तथा सडकहरूका विभिन्न स्थानहरूमा आवश्यकताका आधारमा यात्रुका लागि सहज, अपाङ्ग लैङ्गिकमैत्री प्रतिक्षालय, स्नानघर साथै यात्रुलाई चाहिने सूचना, जानकारी सहित सहयोग कक्षहरूको निर्माण गर्न आवश्यक सर्वे गर्ने | १० | ST |
| ▪ विद्युतीय सवारी साधन सञ्चालन गर्नका लागि प्रोत्साहन गर्न आर्थिक सहुलियत दिने | ५० | MT |
| ▪ गाउँपालिकाका सम्भाव्य क्षेत्रहरुमा वैकल्पिक यातायातको हिसाबले केबुलकार निर्माणका लागि सम्भाव्यता अध्ययन गरी निजी क्षेत्रसँग अन्तकृया गर्ने | १० | MT |
| **(ङ) पिउनेपानी** | | |
| ▪ गाउँपालिकाभर पिउने पानीको पहुँच नपुगेको घरपरिवारको तथ्याङ्क तयार पार्ने | ५ | ST |
| ▪ गाउँपालिकाभर रहेका सम्पूर्ण पानीका मुहानहरूको Profile तयार गर्ने | १० | ST |
| ▪ गाउँपालिकामा रहेका पिउने पानीका सबै मुहान तथा स्रोतहरूको विस्तृत विवरण तयार पार्ने | | |
| ▪ सम्पूर्ण पानीका मुहानहरूको दिगो संरक्षणका लागि मुहान संरक्षण कार्यक्रम लागु गर्ने र मुहान सुक्ने गतिविधि माथि पूर्ण नियन्त्रण गर्ने प्रवन्ध गर्ने | २० | ST |
| ▪ **"एक घर एक धारा"** अभियान सम्पन्न गर्न गाउँपालिकाभर थप सम्पन्न गर्नुपर्ने खानेपानी आयोजनाको विस्तृत परियोजना प्रतिवदेन तयार पार्ने | | LT |
| ▪ **"एक घर एक धारा"** अभियान सम्पन्न गर्न गाउँपालिकाभर थप सम्पन्न गर्नुपर्ने खानेपानी आयोजनाको प्राथमिकिकरण गरी निर्माण गर्ने | ५०१० | LT |
| ▪ प्रत्येक घरमा पुग्ने पिउनेपानीको स्वच्छता कायम गर्न आपूर्ति प्रणालीमा प्रभावकारी शुद्धिकरण विधिको प्रयोग गर्ने | **५०** | ST |
| ▪ गाउँपालिकालाई आगामी १५ वर्षका लागि आवश्यक पर्ने खानेपानी आयोजनाहरूको अध्ययन गरी आपूर्ति व्यवस्था मिलाउन प्राथमिकताका आधारमा विस्तृत परियोजना प्रतिवेदन तयार पार्ने | **२०** | ST |
| ▪ गाउँपालिकाभर सञ्चालनमा रहेका सम्पूर्ण खानेपानी आयोजनाहरूको आवश्यकता अनुसार आपूर्ति प्रणाली स्तरोन्नती र मर्मत सम्भार गर्ने | **६००** | MT |
| ▪ आगामी ५ वर्षमा सम्पूर्ण घरधुरीमा स्वच्छ पिउने पानी पुऱ्याउन **"एक घर एक धारा"** कार्यक्रम पूर्ण कार्यान्वयन गर्ने | | LT |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| **(च) सिँचाइ** | | |
| ▪ गाउँपालिकाभर रहेको खेतीयोग्य जमिन मध्ये हाल सिँचित जमिनको वस्तुगत तथ्याङ्क निकाल्ने | १० | ST |
| ▪ गाउँपालिकाभर रहेको खेतीयोग्य जमिन मध्ये हाल असिँचित जमिनको वस्तुगत तथ्याङ्क निकाल्ने | १० | ST |
| ▪ गाउँपालिकाभर रहेका सिँचाइका मुख्य स्रोतहरू तथा जलाधार क्षेत्रको विस्तृत नक्साङ्कन गरी त्यसको अभिलेख तयार पार्ने | | |
| ▪ प्रत्येक नदी, हिमनदी, खोला, पोखरी तथा पानीका अन्य मुहानहरू संरक्षण गर्ने वस्तुगत योजना निर्माण गर्ने | १५ | ST |
| ▪ मुहान संरक्षण तथा खोलाहरूको संरक्षणका लागि वडास्तरमा सरोकारवालाहरुलाई तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने | ५ | ST |
| ▪ ती खोला तथा पानीका मुहानहरूले सिंचित गर्न सक्ने सम्भाव्य खेतीयोग्य क्षेत्रफलको सर्भे गर्ने | १५ | ST |
| ▪ हाल सञ्चालित परम्परागत कुलो लगायतका अन्य सिँचाइ प्रणालीको वस्तुगत विवरण तयार पार्ने | ५ | ST |
| ▪ प्राथमिकताका आधारमा सम्भावित सिँचाइ प्रणालीको निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन (**DPR**) तयार पार्ने | २० | ST |
| ▪ गाउँपालिकामा निर्माण हुने सिँचाइ प्रणालीहरु मध्ये कम्तीमा ४० प्रतिशत कुलो तथा नहरहरुको जैविक प्रविधि अपनाई डि.पि.आर निर्माण गर्ने | १,२०० | LT |
| ▪ समुदायले छनोट गरेका प्राथमिकता प्राप्त सिँचाइ आयोजनाको निर्माण कार्य थालनी गर्ने | ३,००० | LT |
| ▪ वैकल्पिक सिँचाइ जस्तैः थोपा सिँचाइ, फोहरा सिँचाइ, वर्षात्को पानी सङ्कलन, प्लाष्टिक पोखरी सिँचाइ आदिको सम्भाव्यता अध्ययन गरी उपयुक्त स्थान र वडाहरूमा कार्यान्वयनमा ल्याउने | ५०० | MT |
| ▪ हाल सञ्चालनमा रहेका परम्परागत कुलोहरूको क्रमशः मर्मत सम्भार र स्तरोन्नति गर्ने | ५०० | ST |
| ▪ प्रत्येक वडामा नमुनाको रूपमा बृहद बहुउद्देशिय सिँचाइ पोखरीहरू निर्माण गर्न डि.पि.आर तयार पार्ने | ६० | ST |
| ▪ प्रत्येक वडामा नमुनाको रूपमा बृहद बहुउद्देशिय सिँचाइ पोखरीहरू निर्माण गर्ने | १५० | LT |
| ▪ प्रत्येक पोखरीहरुको डि.पि.आर तयार पार्दा पूर्ण रुपमा जैविक इन्जिनियरिङ प्रविधि प्रयोग भएको सुनिश्चित गर्ने | | LT |
| ▪ मुहान तथा जलाधार संरक्षणका लागि प्रत्येक घरपरिवारको सहभागिता सुनिश्चित गर्न **"हामी जोगाउँछौ हाम्रा मुहान"** कार्यक्रमलाई अभियानको रुपमा वडास्तरमा जागरण कार्यक्रम संचालन गर्ने | ७५ | LT |
| ▪ सम्भाव्यताका आधारमा वडास्तरमा सोलार सिँचाई पम्प जडान गर्न डि.पि.आर तयार पार्ने | ५० | MT |
| ▪ आवश्यकता र सम्भाव्यताका आधारमा वडास्तरमा सोलार सिँचाई पम्प जडान गर्ने | १,५०० | LT |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| **(छ) विद्युत र उर्जा** | | |
| ▪ प्राथमिकताका साथ प्रत्येक वडामा पूर्ण विद्युतीकरण गर्ने र विद्युत् प्रसारण लाइन सुधार गर्ने | १०० | MT |
| ▪ तत्काल विद्युतीकरण उपलब्ध नहुने स्थानमा वैकल्पिक उर्जा जस्तै: बायोग्याँस, सौर्य उर्जा जडान तथा निर्माण गर्ने परिवारलाई आर्थिक अनुदान दिने | १०० | MT |
| ▪ कम्तीमा दुईवटा ठूला चौपाया रहेका घरहरूमा गोबर ग्याँस सञ्चालन गर्न प्रोत्साहन अनुदान दिने | ५० | MT |
| ▪ गाउँपालिकाको कार्यालय, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, विषयगत कार्यालय आदि लगायत सार्वजनिक कार्यालयमा सौर्य उर्जा जडान गर्ने | ३५० | ST |
| ▪ गाउँपालिकामा वायु उर्जाको सम्भाव्यता अध्ययन गर्ने | १० | MT |
| ▪ वनजंगल खेर गैरहेका पातपतिङ्गरको प्रयोग गरी जैविक उर्जा उत्पादन गर्न सम्भाव्यता अध्ययन गर्ने | | |
| **(ज) सूचना तथा सञ्चार** | | |
| ▪ नेपाल टेलिकम तथा अन्य इन्टरनेट प्रदायक कम्पनीहरूसँग समन्वय गरी सबै गाउँपालिकावासीलाई इन्टरनेट सुविधा प्रदान गर्ने | | ST |
| ▪ प्रमुख राष्ट्रिय दैनिकहरू समयमा नै कम्तिमा गाउँपालिका कार्यालय तथा वडा कार्यालयसम्म पुग्ने संयन्त्रको विकास गर्ने | | ST |
| ▪ एउटा सम्पूर्ण पूर्वाधारयुक्त गाउँपालिका सूचना केन्द्रको स्थापना गर्ने | ५० | ST |
| ▪ मोबाइल Network Coverage को थप विकास र बिस्तार गर्न वस्तीहरुको सघनताको हिसाबले थप टावर निर्माण गर्न सर्वे गर्ने | ५ | ST |
| ▪ गाउँपालिकाका प्रमुख सार्वजनिक स्थल, वडा कार्यालय, गाउँपालिकाका केन्द्र तथा पर्यटकीय स्थानहरूमा Free WiFi को व्यवस्था गर्ने | ५० | ST |
| ▪ स्थानीय पत्रपत्रिका प्रकाशन तथा वितरणका लागि आवश्यक पहल तथा सहयोग गर्ने र निजी क्षेत्रलाई दर्ता तथा नविकरणमा विशेष आर्थिक सहुलियत दिने | १० | ST |
| ▪ गाउँपालिकाका महत्वपूर्ण स्थलहरू, गाउँपालिकाभित्रका धार्मिक, पर्यटकीय स्थानहरूका साथसाथै गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधाहरूको डिजिटल डिस्प्ले बोर्ड मार्फत गाउँपालिका केन्द्रमा (Digital Display Board) मा प्रदर्शन गर्ने | १० | ST |
| ▪ गाउँपालिकामा **"एफ.एम. रेडियो"** सञ्चालन गर्नका लागि वातावरण निर्माण गर्ने र आवश्यक परे गाउँपालिकाले लगानी गर्ने | ५० | ST |
| ▪ नेपाल टेलिकमसँगको समन्वयमा Optical Fiber विस्तार गर्ने | | MT |
| ▪ नेपाल टेलिकमसँगको समन्वयमा ल्याण्डलाईन टेलिफोन र एडिएसएल सेवाको बिस्तार गर्ने | | ST |
| ▪ प्रत्येक घरधुरीलाई इन्टरनेट पहुँचमा पुऱ्याउन अभियान सञ्चालन गर्ने | | ST |
| ▪ विपद्का बेला गाउँपालिकावासीलाई स्वचालित SMS प्रणालीबाट सुसूचित गर्ने प्रणालीको विकास गर्ने | ५ | ST |

## ५.२ आर्थिक विकास योजना

कुनै पनि स्थानको विकासका लागि आर्थिक विकास विकासका प्रमुख आयामहरू मध्ये एक केन्द्रीय स्तम्भ हो जसको सहयोगमा मात्र विकासका अन्य स्तम्भहरू सबल हुन सक्छन् । यद्यपि कुनै पनि स्थानको समग्र विकासका लागि आर्थिक क्षेत्र मात्र बलियो भएर पुग्दैन किनकि आर्थिक सम्पन्नताले मात्र मानसिक सुख, सामाजिक सौहार्दता वा सांस्कृतिक सम्पन्नता सुनिश्चित गर्दछ भन्न सकिँदैन । तथापि आर्थिक सम्पन्नताको जगमा उभिएर मात्र विकासका अन्य आयामहरू जस्तैः भौतिक, शैक्षिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, जातीय, लैङ्गीक, संस्थागत विकास आदि हासिल गर्न सम्भव हुन्छ । आर्थिक विपन्नतामा अन्य विकास गर्न प्रायः असम्भव नै हुन्छ ।आर्थिक विकास समग्र विकासको मेरुदण्ड हो भन्दा अत्यक्ति हुँदैन । त्यसकारण कुनैपनि स्थानको विकासका लागि आर्थिक विकासलाई विशेष महत्व दिई त्यसै अनुरूपका योजना निर्माण तथा कार्यान्वयन गर्नु एकदमै आवश्यक हुन्छ ।

आर्थिक सम्पन्नताको सूचकको रूपमा रहेका आम रूपमा प्रयोग गरिने सूचकहरू मध्ये वार्षिक प्रतिव्यक्ति औसत आय (Per Capita Income), कुल गार्हस्थ्य उत्पादन (GDP) र समग्रता सूचकमा मानव विकास सूचकाङ्क (HDI), सम्पन्नता सूचकाङ्क (Prosperity Index), खुसी सूचकाङ्क (Happiness Index) आदि हुन् । यी सबै सूचकाङ्कका केन्द्रीय भागमा आर्थिक उपार्जन तथा उत्पादन र त्यसमा जनसाधारणको पहुँच नै प्रमुख रूपमा रहेका हुन्छन् । आर्थिक उपार्जन र उत्पादन वृद्धिका लागि कृषिको विकास र व्यावसायिकरण, उद्योग तथा कल-कारखानाको स्थापना र विकास, रोजगारी सिर्जना, आयात प्रतिस्थापन, निर्यात प्रबर्द्धन, पर्यटन विकास र व्यापार तथा वाणिज्यको विकास साथै मानवीय सेवा क्षेत्रहरूको व्यापक विकास र बिस्तार गर्नु अत्यन्त जरुरी हुन्छ । आर्थिक विकासका यिनै सैद्धान्तिक आधारमा रहेर कालिमाटी गाउँपालिकाको समग्र आर्थिक विकास गर्नका लागि निम्न क्षेत्रहरूलाई समेटेर तत् तत् क्षेत्रको उच्चतम विकास गरी आर्थिक समृद्धि, सामाजिक, शैक्षिक, सांस्कृतिक, वातावरणीय, जातीय, लैङ्गिक तथा संस्थागत विकास हासिल गर्ने उद्देश्य लिइएको छ ।

- ✓ कृषि तथा पशुपालन
- ✓ पर्यटन
- ✓ उद्योग तथा वाणिज्य
- ✓ बैङ्किङ्, वित्तीय संस्था तथा सहकारी

| | |
|---|---|
| **सोचः** | "आर्थिक समृद्धिका लागि कृषि, पर्यटन र वनपैदावारमार्फत् रोजगारी तथा स्वरोजगारको सिर्जना गरी प्रतिव्यक्ति आयमा उल्लेख्य वृद्धि" |
| **लक्ष्यः** | कृषि, पर्यटन, **वनपैदावार,** उद्योग, बाणिज्य, बैङ्किङ् तथा सेवा व्यवसायको पर्याप्त विकासमार्फत् रोजगारी तथा स्वरोजगारको सिर्जना गरी आगामी १५ वर्षमा उच्च आर्थिक समृद्धि हासिल गरी कालिमाटी गाउँपालिकाका बासिन्दाहरूलाई आर्थिक हिसाबले विश्वका मध्यम आय भएको मुलुकका बासिन्दाको स्तरमा पुऱ्याउने (वार्षिक प्रतिव्यक्ति औसत आय २,५०० डलर पुऱ्याउने) |

### उद्देश्यहरू

- ✓ "आर्थिक समृद्धिको आधार-उत्पादनमुखी स्वरोजगार" भन्ने नारालाई साकार बनाउने ।
- ✓ उच्च आर्थिक वृद्धि हासिल गरी आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धन गर्ने ।

- ✓ उत्पादन वृद्धि गर्न स्थानीय ज्ञान, सीप, कला, स्रोत र साधनहरू जस्तैः जल, जमिन, जङ्गल, जडीबुटी, खनिज र जलाधारको उच्चतम उपयोग गरी स्थानीय जनताको समृद्धिको सपनालाई साकार बनाउने ।
- ✓ गाउँपालिकामा रहेको खेतीयोग्य जमिनको पूर्ण सदुपयोग सुनिश्चित गर्नका लागि जमिनको विस्तृत नक्साङ्कन तथा यकिन तथ्याङ्क निकाल्ने ।
- ✓ खेतीयोग्य जमिनलाई बाँझो राख्ने परिपाटीलाई पूर्णतः निरुत्साहित गर्न र सदुपयोग गर्न किसान वा जग्गाधनीलाई  प्रोत्साहन र अनुदान दिने । यसका लागि जग्गालाई खाली राख्ने जग्गाधनीको जग्गा गाउँपालिकाले भाडामा लिई व्यावसायिक किसानलाई भाडामा दिने ।
- ✓ सिँचाइको सम्भावना भएको खेतीयोग्य जमिनको तथ्याङ्क तयार पारी आगामी पन्ध्र वर्षभित्रमा सम्पूर्ण खेतीयोग्य जमिनमा पूर्णतः सिँचाइको प्रबन्ध गर्न सिँचाइ आयोजनाहरू सञ्चालन गर्ने (सिँचाइ सम्बन्धी विस्तृत विवरण सिँचाई खण्डमा प्रस्तुत गरिएको) ।
- ✓ स्थानीय जलवायु अनुकूल बालीनाली, फलफूल, बोटविरुवा तथा पशुचौपाया छनौट गरी तिनीहरूको उत्पादन प्रबर्द्धन गर्ने ।
- ✓ गाउँपालिकास्तरमा कृषि व्यवसाय प्रबर्द्धन कोष स्थापना गरी कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकिकरण र व्यवसायिकिकरण गर्न अनुदान र प्रोत्साहनको व्यवस्था गर्ने ।
- ✓ **"आजको आवश्यकता - कृषि तथा वनमा उद्यमशिलता"** भन्ने नारालाई साकार बनाउन कृषि पकेट क्षेत्रहरू, जोन तथा सुपरजोन घोषणा गरी कृषिलाई व्यवस्थित र वैज्ञानिक बनाउने ।
- ✓ निर्वाहमुखी कृषि व्यवसायबाट व्यावसायिक कृषिमा फड्को मार्ने । यसका लागि व्यावसायिक कृषिकर्म गर्ने व्यक्ति, समूह तथा फर्महरूलाई विउ विजन, कृषि औजार, मलखाद, कृषि प्रविधि तथा ज्ञान आदिमा विशेष सहुलियत दिने ।
- ✓ खाद्यान्न बाली, तरकारी बाली, नगदेबाली तथा फलफूल खेतीको विविधिकरण गर्ने ।
- ✓ जडीबुटीको सम्भाव्यता अध्ययन गरी गाउँपालिकाको जलवायु अनुकूल उत्पादन हुन सक्ने जडीबुटीको यकिन गरी तिनीहरूको व्यावसायिक उत्पादन तथा प्रशोधन गर्न स्थानीय किसान, समूह तथा उद्योगी व्यवसायीहरूलाई प्रोत्साहन गर्ने ।
- ✓ व्यावसायिक खेती गर्ने गरिब तथा विपन्न किसानहरूलाई कृषि सहकारी समूहमार्फत् कम ब्याजदरमा सामूहिक जमानीमा ऋण प्रदान गर्ने ।
- ✓ स्थानीय तथा रैथाने प्रजातिका मौलिक बालीनालीको पहिचान गरी तिनीहरूको संरक्षण, विकास र उत्पादन वृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने ।
- ✓ जैविक खेतीलाई प्रबर्द्धन गर्नका लागि प्रत्येक वडामा कम्तीमा एक जैविक खेती क्षेत्र निर्माण गरी छुट्टै जैविक उत्पादन सङ्कलन केन्द्र स्थापना गरी जैविक उत्पादनलाई प्रशोधन, प्याकेजिङ, ब्रान्डिङ र निर्यात गर्ने ।
- ✓ जैविक उत्पादनको गुणस्तर मापन केन्द्रहरूको स्थापना गर्ने ।
- ✓ विभिन्न वडाहरूलाई सम्भाव्यताको आधारमा फलफूल पकेट क्षेत्र घोषणा गर्ने ।
- ✓ २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भए अनुरूप कृषि क्षेत्रलाई एक सम्मानित पेशाका रूपमा विकास गर्न युवाहरूलाई कृषि क्षेत्रमा आकर्षित गरी कृषिलाई सम्मानित व्यावसायिक र रोजगारमूलक व्यवसायका रूपमा विकास गर्नका लागि युवाहरूलाई अनुदान तथा कम ब्याजदरमा कृषि ऋण प्रदान गर्न सहजीकरण गर्ने ।
- ✓ युवाहरूद्वारा सञ्चालित कृषि फर्म तथा व्यवसाय दर्ता तथा नविकरणमा ५० प्रतिशत सम्म छुट दिने ।

- ✓ यसका लागि कृषि प्रविधि, मेशीन, उपकरण, मल, बिउ, कृषि सामग्री आदिको खरिदमा कर छुट तथा आर्थिक अनुदान सहयोग प्रदान गर्ने नीति अवलम्बन गर्ने ।
- ✓ व्यावसायिक तथा युवा र महिला कृषकहरूलाई विभिन्न प्रकारका तालिमहरू निःशुल्क रूपमा प्रदान गर्ने ।
- ✓ सफल कृषि व्यवसायीहरूको अनुभव र ज्ञान आदान प्रदान गर्नका लागि युवा तथा कृषकहरूलाई विभिन्न कृषि तथा पशुपालन फर्महरूको भ्रमण गराउने ।
- ✓ कृषिबाली र पशुधन अनिवार्य बिमा कार्यक्रमलाई प्रभावकारी र विस्तारित बनाउने ।
- ✓ कृषिबाली र पशुधन बिमा गर्दा किसानले तिर्नुपर्ने प्रिमियमको निश्चित प्रतिशत रकम गाउँपालिकाले तिरिदिने ।
- ✓ **"एक वडा एक कृषि बजार"** अभियानलाई साकार बनाउने ।
- ✓ कृषि उपजको बजारिकरणका लागि सम्भाव्यताका आधारमा स्थानीय स्तरमा हाटबजारलाई व्यवस्थित गर्ने ।
- ✓ सम्भाव्यताका आधारमा गाउँपालिकाका सबै वडाहरूमा साप्ताहिकरूपमा हाटबजारको व्यवस्था गर्ने । सो कार्यका लागि स्थान छनोट गरी आवश्यक टहरा, बाटोघाटो तथा अन्य संरचनाहरू निर्माण गर्ने ।
- ✓ **"एक घर ५ फलफूलका विरुवा"** अभियान सञ्चालन गर्ने । यसका लागि प्रत्येक घरधुरीलाई ५ वटा फलफूलका विरुवा निःशुल्क वितरण गर्ने ।
- ✓ व्यावसायिक फलफूल खेती तथा व्यवसाय गर्नका लागि कृषकहरूलाई तालिम, बिमा तथा अनुदान सहयोग गरी फलफूलमाथिको परनिर्भरतालाई कम गरी बिस्तारै आयात प्रतिस्थापन तथा निर्यात प्रबर्द्धन गर्ने ।
- ✓ जलवायु अनुकूल माछापालन, कुखुरापालन, हाँसपालन, मौरीपालन व्यवसायलाई प्रबर्द्धन गर्ने ।
- ✓ कृषि बजारीकरण सुनिश्चित गर्ने ।
- ✓ प्रत्येक वडामा वैज्ञानिक भण्डारण तथा चिस्यान केन्द्र निर्माण गर्ने ।
- ✓ कृषि सडकलाई उच्च प्राथमिकतामा राखेर स्तरोन्नति गर्ने ।
- ✓ पशुपालन व्यवसायलाई उच्च प्राथमिकता दिने ।
- ✓ पशुजन्य उत्पादनको निर्यात प्रबर्द्धन गर्ने ।
- ✓ पंक्षी उत्पादन अर्थात् रैथाने प्रजातिका कुखुरा, हाँस, खरायो, सुङ्गुर/बङ्गुर लगायत विभिन्न पशु चौपाया तथा पंक्षी उत्पादन व्यवसायलाई उच्च प्राथमिकता दिने ।
- ✓ पंक्षीजन्य उत्पादनको निर्यात प्रबर्द्धन गर्ने ।
- ✓ पशु तथा पंक्षीलाई लाग्ने रोग नियन्त्रणका लागि गाउँपालिकाका प्रत्येक वडामा सुविधासम्पन्न पशु अस्पताल र औषधालयको स्थापना गरी पर्याप्त औषधीको व्यवस्था गर्ने ।
- ✓ जे.टि., जे.टि.ए. र भेटरिनरी अध्ययन गर्नका लागि युवाहरूलाई आकर्षित गर्न निश्चित मापदण्डका आधारमा छात्रवृत्ति उपलब्ध गराउने ।
- ✓ घुम्ती पशु स्वास्थ्य शिविर सञ्चालन गर्ने ।
- ✓ गाउँपालिकालाई आकर्षक पर्यटन गन्तव्यस्थलको रूपमा विकास गर्ने ।

- ✓ पर्यटन व्यवसायका विभिन्न प्रकारहरूको सम्भाव्यता अध्ययन गरी होम स्टे, जङ्गल सफारी, क्यानोनिङ, जल पर्यटन, पर्यापर्यटन, ट्रेकिङ आदिको विकास गर्ने ।
- ✓ पर्यटक सूचना केन्द्रको स्थापना गर्ने ।
- ✓ पर्यटक पथ प्रदर्शक तालिम तथा पर्यटन व्यवसाय तालिमहरू सञ्चालन गर्ने ।
- ✓ पर्यटकलक्षित उत्पादन तथा सेवालाई विकास गर्न अनुदान तथा आर्थिक सहयोग प्रदान गर्ने ।
- ✓ सुविधासम्पन्न रिसोर्ट, होटल तथा रेष्टुरेन्ट स्थापनाका लागि निजी क्षेत्र, उद्योगी व्यवसायीहरूलाई प्रोत्साहित गर्ने ।
- ✓ कृषि, पशु, वन पैदावार लगायतका स्थानीय स्रोतसाधनहरूमा आधारित आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने खालका साना तथा मझौला उद्योगहरूको विकासलाई उच्च प्राथमिकता दिने ।
- ✓ महिला, जनजाति तथा दलितहरूको सिपमा आधारित उद्योगहरूको विकास गर्ने ।
- ✓ स्थानीय मौलिकतामा आधारित मूर्तिकला, हस्तकला, काष्ठकला तथा ललितकला उद्योगहरूको प्रवर्द्धन गरी युवा तथा महिला स्वरोजगार सिर्जना गर्ने ।
- ✓ एकल महिला, अपाङ्ग, दलित, सीमान्तकृत र विपन्न वर्गलाई उद्योग व्यवसाय सञ्चालन गर्न विशेष आर्थिक अनुदानको प्रबन्ध गर्ने । यसका लागि उनीहरूले व्यवसाय दर्ता तथा नविकरण गर्दा लाग्ने शुल्कमा मापदण्डका आधारमा ५० प्रतिशतसम्म छुट दिने व्यवस्था गर्ने ।
- ✓ उपभोक्ता हित संरक्षण गर्न बजार अनुगमनलाई कडाइ गर्ने ।
- ✓ कालो बजारी, मूल्यवृद्धि, मिसावट तथा कृत्रिम अभाव नियन्त्रण गर्ने ।
- ✓ स्थानीय स्रोतसाधन तथा कच्चा पदार्थ प्रयोग गर्ने ठूलो स्तरका उद्योगहरूको स्थापनाका लागि सम्भाव्यता अध्ययन गरी गाउँपालिकाले बाह्य लगानी आकर्षित गर्न लगानी सम्मेलनको आयोजना गर्ने ।
- ✓ बैङ्किक क्षेत्रलाई आकर्षित गर्ने वातावरण निर्माण गर्ने ।
- ✓ **"सहकारी खोलौं, स्वरोजगार बनौं"** भन्ने नारालाई अभियानको रूपमा सञ्चालन गरी आर्थिक, बैङ्किङ तथा वित्तीय विकास गर्ने ।
- ✓ सहकारी तथा बैङ्कहरूलाई कृषिजन्य उद्योगधन्दा तथा व्यापार व्यवसायमा लगानी गर्न प्रोत्साहन गर्ने ।
- ✓ स्थानीय उत्पादनहरूलाई प्रशोधन, प्याकेजिङ तथा ब्रान्डिङ गरी विश्व बजारमा निर्यात गर्ने ।
- ✓ कृषि सहकारीहरूलाई बढावा दिई कृषि बजारीकरण र कृषि विकासमा लगानी वृद्धि गर्न सहकारीको सहयोग लिने ।
- ✓ गाउँपालिकाका विभिन्न स्थानमा औद्योगिक विकास गर्न सम्भाव्यताका आधारमा कम्तिमा ३ वटा पूर्वाधारयुक्त र सुविधासम्पन्न औद्योगिक क्षेत्रहरूको स्थापना गर्ने ।

### ५.२.१ योजना र कार्यक्रमहरू

#### (क) कृषि, जडीबुटी तथा पशु पालन

कालिमाटी गाउँपालिकाको कुल ५००.७२ वर्ग कि.मी. क्षेत्रफल मध्ये ३४.८४ वर्ग कि.मी. (१३.५३) प्रतिशत क्षेत्रफलमात्र खेतीयोग्य रहेको र गाउँपालिकाका अधिकांश जनता कृषिमा निर्भर रहेकोले कृषि क्षेत्रको विकासलाई पहिलो प्राथमिकता दिन सकेमात्र यो गाउँपालिकालाई आगामी १५ वर्षभित्र देशकै सम्पन्न

गाउँपालिकाका रूपमा विकास गर्न सकिन्छ । समग्र कृषि क्षेत्रको बृहत्तर विकासका लागि सर्वप्रथम निम्नलिखित कृषि पूर्वाधारहरूको विकास गर्नुपर्ने देखिन्छ ।

- ✓ कृषि प्रविधि
- ✓ भूमी व्यवस्थापन
- ✓ कृषि सडक
- ✓ मल, बिउविजन, कृषि औजार
- ✓ कृषि बजार
- ✓ भण्डारण प्रणाली (चिस्यान केन्द्रहरू)
- ✓ रोग तथा किरा नियन्त्रण
- ✓ कृषि कर्जा
- ✓ कृषि बिमा
- ✓ आदिको समुचित प्रबन्ध गर्नु जरुरी छ ।

गाउँपालिकाले **गाउँपालिका कृषि प्रबर्द्धन ऐन** जारी गरी कृषि विकासको सन्दर्भमा माथि उल्लेखित सम्पूर्ण आयामहरूको विकास र प्रबन्ध गर्न स्थानीयवासीको व्यापक सहभागिता र सक्रियतामा योजनाबद्ध रूपमा अगाडी बढ्ने हो भने कृषि क्षेत्रमा ठूलो फड्को मार्न सक्ने सम्भावना रहेको छ ।

साथै कुनै पनि देश वा स्थानीय निकाय आर्थिक हिसाबले सम्पन्न हुन देशभित्रै वा गाउँपालिकाभित्रै उत्पादन तथा रोजगारी वृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यात प्रबर्द्धन गर्न सक्नु पर्दछ । तसर्थ कालिमाटी गाउँपालिकाभित्र सञ्चालन हुने विकासका सबै क्रियाकलापहरू श्रममा आधारित उत्पादनमुखी हुनैपर्दछ । गाउँपालिकाको वस्तुगत अवस्थालाई हेर्दा पूँजीको पर्याप्त प्रबन्ध, सिँचाईको प्रबन्ध, उन्नत विउविजन, प्राविधिक सेवाको व्यवस्था तथा सीप, औजार, मेशिनरी तथा प्रविधिको व्यवस्था गर्न सकेको खण्डमा अन्य क्षेत्रभन्दा कृषि क्षेत्रमा तत्काल उत्पादन प्रबर्द्धनमा जान सकिने देखिन्छ । यद्यपि त्यसका लागि माथि उल्लेखित कृषि पूर्वाधारहरूको व्यवस्थापन हुनु भने पहिलो शर्त हो । कृषि क्षेत्रको विकासका लागि यस गाउँपालिकाले सञ्चालन गर्नुपर्ने कार्यक्रम तथा क्रियाकलापहरू संक्षेपमा निम्नानुसार छन् :

- ✓ सम्पूर्ण कृषि पूर्वाधारहरूको क्रमशः विकास गर्दै जाने ।
- ✓ कालिमाटी गाउँपालिका महाभारत शृङ्खला र चुरे क्षेत्रको सङ्गमस्थल भएको कारण यो गाउँपालिकामा चरन, घाँस र डाले घाँसको उपलब्धता प्रशस्त भएकोले पशुपालन अन्तर्गत बाख्रा पालन, भेँडा पालन, गाई भैँसी पालनलाई व्यावसायिक बनाउने ।
- ✓ स्थानीय जातका लोकल कुखुरा तथा हाँसको व्यापक उत्पादन गरी छिमेकी नगरपालिका, गाउँपालिका, बजारक्षेत्र लगायत देशका प्रमुख शहर र राजधानी उपत्यकामा समेत निर्यात गर्ने ।
- ✓ सुङ्गुर तथा बङ्गुरको व्यावसायिक पालन गर्ने ।
- ✓ च्याउको व्यावसायिक उत्पादन गर्ने ।
- ✓ माछापालनलाई व्यावसायिक रूपमा विकास गर्ने ।
- ✓ मौरीपालनलाई व्यावसायिक रूपमा विकास गर्ने ।
- ✓ कृषि पकेट क्षेत्रमा खेतीपातीलाई सघन बनाई बिस्तार गर्ने ।

- ✓ सम्भाव्यता अध्ययन गरी यहाँको हावापानी सुहाउँदो विभिन्न फलफूलहरूको व्यावसायिक उत्पादन शुरु गर्ने ।
- ✓ चुरे तथा महाभारत क्षेत्रको वनजङ्गलमा टिमुर, **हर्रो, बर्रो, अमला, अश्वगन्धा, एलोभेरा, मेन्था**लगायत अन्य औषधीजन्य व्यावसायिक जडीबुटीहरूको सम्भाव्यता अध्ययन गरी व्यावसायिक उत्पादन गर्ने र वनलाई आय आर्जनका लागि उपयोग गर्ने ।
- ✓ धान, गहुँ, मकै, कोदो लगायतका खाद्यान्न बाली तथा आलु, बन्दा, काउली, लगायतका तरकारीबालीहरूका पकेट क्षेत्रहरू विकास गरी व्यावसायिक उत्पादन गर्ने ।
- ✓ मास, केराउ, मुसुरो, सिमि, चना, बोडी, तोरी, सस्यूँ, भटमास लगायतका दलहन तथा तेलहनको व्यावसायिक उत्पादन गर्ने ।
- ✓ बेसार, अदुवा लगायतका नगदेबालीको व्यावसायिक उत्पादन गर्ने ।
- ✓ कागती, सुन्तला, अम्बा लगायतका फलफूलहरूको व्यावसायिक उत्पादन गर्ने ।
- ✓ दुध उत्पादनलाई व्यावसायिकरूपमा विकास गरी प्रशोधन गरी निर्यात गर्ने ।
- ✓ समग्र उत्पादनको भण्डारण तथा बजारीकरणको प्रबन्ध गर्ने ।
- ✓ कृषिलाई प्रविधिमैत्री र आधुनिक बनाई खाद्य तथा पोषण सुरक्षाका भरपर्दा कार्यक्रमहरू सञ्चालन गर्ने ।
- ✓ स्थानीय जातका पशु तथा बालीनालीको संरक्षण र उत्पादन वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरी ती उत्पादनहरूको प्याकेजिङ र ब्रान्डिङ् गरी निर्यात गर्ने ।
- ✓ सम्भाव्यता हेरी प्रत्येक वडामा जैविक उत्पादन क्षेत्रको विकास गर्ने ।
- ✓ प्रत्येक वडामा कृषि उत्पादन सङ्कलन केन्द्रको विकास गरी कृषि सडकद्वारा केन्द्रसम्म किसानको पहुँच सुनिश्चित गर्ने ।
- ✓ कृषि उपजको बजारीकरणका लागि प्रत्येक वडामा कृषि बजार वा हाट बजारको व्यवस्था गर्ने,
- ✓ हरेक सामुदायिक वनमा सम्भाव्यता हेरी जडीबुटी र फलफूल उत्पादनलाई जोड दिने ।

## (ख) पर्यटन

देशकै सबभन्दा ठूलो दाङ उपत्यका तथा सुर्खेत र नेपालगञ्जबाट नजिकको दुरी र महाभारत तथा चुरे शृङ्खलाको सङ्गमस्थल यस गाउँपालिकामा रहेका पर्यटकीय स्थलहरूलाई पर्यटन पूर्वाधारले सम्पन्न बनाउन सके यो गाउँपालिकालाई एक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिन्छ । यो गाउँपालिकामा प्रायः हिन्दु धर्मावलम्बीहरू (९५.६७ प्रतिशत) को उपस्थिती रहेको कारणले गर्दा यो गाउँपालिकालाई धार्मिक पर्यटन गन्तव्यका रूपमा विकास गर्न सकिन्छ । पर्यटन विकासका लागि निम्नलिखित क्रियाकलाप गर्नुपर्ने देखिन्छ ।

- ➢ देउराली कोटी मन्दिर, कमलाक्ष भगवती मन्दिर, गंगामाला मन्दिर, त्रिवेणी शिव गुफा, ओइरेनीतरा रिट्ठाचौर, सिद्ध गुफा, किमिरे गुफा, निगालचुला गुफा, बराह ढुङ्गा, कछुवा ताल, धागेछरी झरना, तामे छहरा, चमेरे गुफा, सिम्ले छहरा शिव मन्दिर, सिम्ले डाँडा, शिव मन्दिर, बाँके रष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र आदि क्षेत्रहरूको प्रबर्द्धन र विकास गर्ने ।
- ➢ यस गाउँपालिकामा रहेका विभिन्न जातजातिका सांस्कृतिक पहिचानहरूको संरक्षण र विकास गर्ने ।
- ➢ खासगरी मगर सघन बस्तीहरूमा होमस्टे सञ्चालन गर्ने ।
- ➢ पर्यटकीय तथा धार्मिकस्थलहरूसम्मको सडक तथा यातायात पूर्वाधारको विकास गर्ने ।

- ➢ पर्यटकीय स्थलहरूमा रिसोर्ट, होटल, लज तथा रेष्टुरेन्टहरूको विकास गर्ने ।
- ➢ पर्यटनसँग सम्बन्धित अन्य पूर्वाधारहरू जस्तै : सुरक्षा, मनोरञ्जन, उद्धार, स्वास्थ्य लगायतका पूर्वाधारहरूको विकास गर्ने आदि ।

पर्यटन विकासको सम्भावनाको बिचमा रहेको यो गाउँपालिकामा पर्यटकीय तथा पर्यटनसम्बद्ध पूर्वाधार विकास भने एकदमै नाजुक अवस्थामा रहेको छ । त्यसकारण पूर्वाधार विकासका क्षेत्रमा आधारभूत तहदेखि नै प्रयत्न गर्नुपर्ने देखिन्छ । गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्दै गाउँपालिकालाई एक प्रमुख पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न सकिन्छ । कालिमाटी गाउँपालिकालाई पर्यटनको उत्कृष्ट गन्तव्यस्थलका रूपमा विकास गर्नका लागि सञ्चालन गर्नुपर्ने कार्यक्रमहरूलाई सङ्क्षेपमा निम्नानुसार उल्लेख गरिएको छ ।

सर्वप्रथम निजी क्षेत्रसँग सहकार्य गरी पर्यटन अन्तर्गत पर्ने निम्न पूर्वाधारको विकास गर्ने

- ✓ पर्यटकीय गन्तव्यस्थलहरूसम्म पुग्ने सुविधायुक्त सडकहरू निर्माण
- ✓ रिसोर्ट, लज, होटल तथा रेष्टुरेन्टहरू निर्माण
- ✓ स्थानीय उत्पादनहरू, जसले पर्यटकहरूलाई आर्कषण गर्दछन्, त्यस्ता वस्तुको उत्पादन प्रबर्द्धन
- ✓ पर्यटक सूचना केन्द्रहरू/नक्साहरू निर्माण
- ✓ तालिम प्राप्त पथ प्रर्दशकहरूको व्यवस्था
- ✓ स्थानीय जातजातिका ज्ञान, कला,सीप, संस्कृति, भेषभूषा, खानपान, नाचगान र रहनसहनहरूको संरक्षण र सम्बर्द्धन,
- ✓ आकस्मिक सेवा तथा स्वास्थ्य सेवाहरू
- ✓ उद्धार संयन्त्रहरू
- ✓ भरपर्दो सुरक्षा प्रबन्ध
- ✓ बैङ्क तथा बैङ्किङ् सेवाहरू
- ✓ सूचना तथा सञ्चार (रेडियो, टेलिभिजन, पत्रपत्रिका, इन्टरनेट, मोबाइल, टेलिफोन)
- ✓ अतिथि सत्कारको सभ्यता तथा तालिम (Hospitality Trainning)
- ✓ स्थानीय स्तरमा गर्न सकिने पर्यटनसम्बद्ध क्रियाकलापहरू अर्थात् सांस्कृतिक तथा मनोरञ्जनात्मक क्रियाकलापहरूको प्रबन्ध
- ✓ स्थानीय रैथाने खानपानका परिकारहरू
- ✓ पुरातात्विक, ऐतिहासिक, धार्मिक, प्राकृतिक, सांस्कृतिक सम्पदाहरूको संरक्षण, संबर्द्धन र विकास सम्बन्धी कार्यक्रमहरू
- ✓ पर्यटन गतिविधि तथा पर्यटकीय स्थलहरूको विभिन्न सञ्चारको माध्यमहरूद्वारा व्यापक प्रचार प्रसार गर्ने र विशेष गरी कालिमाटी गाउँपालिकामा आउने पर्यटकहरूको प्रस्थान विन्दुहरूमा -विशेष गरी तुल्सीपुर, घोराही, सल्यान र सुर्खेत, नेपालगञ्जमा) प्रचार प्रसार सामग्री पर्चा, पुस्तिका, ब्रोसर, लिफलेट, श्रव्यदृष्य सामग्री आदिको व्यवस्था गर्ने
- ✓ इन्टरनेट मार्फत् सामाजिक सञ्जालमा प्रचार प्रसार गर्ने
- ✓ गाउँपालिकाको आधिकारीक वेबसाइटमा Tourism Section (पर्यटन विकास खण्ड) राखी प्रचार प्रसारको व्यवस्था मिलाउने
- ✓ यी लगायत स्थान विशेष कार्यक्रमहरू Logical Framework Approach मा उल्लेख गरिएको छ ।
- ✓ पर्यटकहरूका लागि किनमेल बजार
- ✓ स्थानीय पहिचान सहितको पर्यटक चिनोहरूको निर्माण तथा विकास

### (ग) उद्योग तथा वाणिज्य

हालको अवस्थामा कालिमाटी गाउँपालिकामा उल्लेखनीय उद्योग तथा कलकारखानाहरूको विकास भएका छैनन् । यसका साथै व्यापार वाणिज्यको अवस्था पनि एकदमै कमजोर छ । यद्यपि गाउँपालिकामा विभिन्न वडा तथा केन्द्रहरूमा स-साना किराना पसल, चिया पसल, मिठाइ पसल, होटल, रेष्टुरेन्ट, खाजाघर, इलेक्ट्रिक र इलेक्ट्रोनिक्स पसल, कपडा पसल, मदिरा पसल, मासु पसल, साइकल तथा मोटरसाइकल वर्कसप लगायतका सामान्यस्तरका व्यापार व्यवसायका साथै कुटानी तथा पिसानी मिल, राइस मिल, तोरी मिल, बेसार, अदुवा प्रशोधन मिल, पानीघट्ट, स-मिल, फर्निचर उद्योग, जडीबुटी प्रशोधन केन्द्र (प्रस्तावित) लगायतका उद्योगधन्दाहरू सञ्चालनमा रहेका छन् । यो गाउँपालिकाको उद्योगधन्दा तथा व्यापार व्यवसायको सम्भावनालाई हेर्दा स्थानीय कृषि तथा जडीबुटी उत्पादन, स्थानीय स्रोत र साधनमा आधारित साना, मझौला तथा ठूला प्रकृतिका उद्योगहरू स्थापना गर्न सक्ने यथेष्ट आधारहरू छन् । उद्योग तथा कलकारखाना विकासका लागी सर्वप्रथम औद्योगिक पूर्वाधारहरू जस्तैः

- ✓ भूमि व्यवस्थापन
- ✓ सडक यातायात
- ✓ श्रमशक्ति (सीपयुक्त तालिम सहित दक्ष जनशक्ति)
- ✓ औद्योगिक कच्चा पदार्थहरू
- ✓ पूँजी
- ✓ लगानीमैत्री वातावरण
- ✓ प्रविधि
- ✓ उर्जा
- ✓ औद्योगिक सुरक्षा र
- ✓ उपभोक्ता बजार
- ✓ आदिको विकास गर्नु जरुरी छ ।

यस पश्चात् कालिमाटी गाउँपालिकाले कृषि, जडीबुटी र पशुपंक्षीमा आधारित साना र मझौला उद्योगहरूलाई उच्च प्राथमिकता दिई स्थानीय पूँजीको संरक्षणमार्फत् स्थानीय आवश्यकता परिपूर्ति गरी आयात प्रतिस्थापनका साथै निर्यात प्रबर्द्धन गर्नुपर्दछ । साना तथा मझौला उद्योगहरूको विकास सँगसँगै सम्भाव्यताका आधारमा ठूला उद्योगहरूको लागि बाह्य लगानी आकर्षित गर्नुपर्दछ । यसरी स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगार सिर्जना हुन गई गाउँपालिकावासीको आर्थिक समृद्धिमार्फत् जीवनस्तर माथि उठ्न व्यापक सहयोग पुग्दछ । यी समग्र उद्योगको विकासका लागि माथि उल्लेखित पूर्वाधारहरूको निर्माण तथा विकास भने अपरिहार्य शर्तहरू हुन् । उद्योगको विकास मार्फत् स्थानीय तथा बाह्य बजारको विकास हुन गई बाणिज्य र व्यापारको स्वतः विकास हुन जान्छ । व्यापारमा निर्यात प्रबर्द्धन गरी आर्थिक वृद्धिदरमा उच्च अङ्क कायम गर्न सकिन्छ । यस गाउँपालिकामा उद्योग विकासका लागि सङ्क्षेपमा निम्न कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ ।

- ✓ साना तथा मझौला उद्योगलाई प्रोत्साहन गर्न स्थानीय स्तरमा उपलब्ध ज्ञान, सीप, स्रोत साधन तथा कच्चा पदार्थमा आधारित उद्योगलाई जोड दिने,
- ✓ खासगरी कृषिमा आधारित प्रशोधन उद्योगहरूलाई जोड दिने,

- ✓ ठूला उद्योगहरूको सम्भाव्यता अध्ययन तथा लगानी सम्मेलन गर्ने,
- ✓ खनिज पदार्थको सम्भाव्यता अध्ययन गर्ने,
- ✓ उद्योगलाई गरीबी निवारणसँग जोडी युवा, महिला तथा सीमान्तकृत वर्गलाई अनुदान तथा तालिम दिने ।
- ✓ युवा तथा महिला स्वरोजगार प्रबर्द्धन गर्न सहुलियत कर्जा तथा तालिमको व्यवस्था गर्ने ।
- ✓ व्यावसायिक तालिम केन्द्रहरूको स्थापना गर्ने ।
- ✓ स्थानीय जडीबुटीमा आधारित उद्योगहरू स्थापना गर्ने ।
- ✓ कृषि उपज, फलफूल, तरकारी, पशुपालन, माछापालन, मौरीपालन आदि व्यवसायको निर्वाहमुखी तथा कामचलाउ उत्पादन प्रणालीलाई व्यावसायिक तथा निर्यातमुखी उत्पादन प्रणालीमा विकास गर्ने ।
- ✓ विदेशिएका नेपालीहरूले विदेशमा कमाएको पैसालाई गाउँपालिकामा लगानी गर्ने वातावरण सिर्जना गर्न उनिहरूलाई उद्योग व्यवसाय र नविकरण दर्ता गर्दा मापदण्डका आधारमा कर छुट दिई प्रोत्साहित गर्ने ।
- ✓ युवाहरूलाई स्वरोजगार बन्न प्रोत्साहन गर्नुका साथै रोजगारी निर्माणमा विशेष भूमिका खेल्ने उद्योगधन्दा तथा व्यवसायहरूलाई प्रोत्साहन तथा पुरस्कृत गर्ने ।
- ✓ स्थानीय पूँजीको पूर्ण सदुपयोग गर्न स्थानीय व्यपारी, उद्योगमा लगानी गर्नसक्ने पूँजी भएका लगानीकर्ताहरूलाई विशेष प्रोत्साहन तथा निश्चित मापदण्ड तोकी करमा छुट आदिको व्यवस्था गर्ने ।
- ✓ जडीबुटीमा आधारित उद्योग जस्तै : एलोभेरा, अमलाको जुस उत्पादन गरी प्याकेजिङ् तथा ब्रान्डिङ् गरी निर्यात गर्ने ।
- ✓ जलस्रोतमा आधारित उद्योगहरू जस्तैः मिनरल वाटर आदिको स्थापना गरी पानी निर्यात गर्ने ।
- ✓ कृषिमा आधारित डेरी उद्योग, मासुजन्य उद्योग, जुस, अचार, सस, छाला प्रशोधन उद्योगहरूलाई प्राथमिकता दिने ।
- ✓ मौलिकतामा आधारित काष्ठकला, मूर्तिकला, ललितकला आदिलाई प्रोत्साहन गर्ने
- ✓ स्थानीय कला, संस्कृति, सीप, भेषभुषा, खानपान तथा रहनसहनसँग सम्बन्धित उद्योगहरूलाई नियमित तालिम तथा अनुदान सहयोग उपलब्ध गराउने ।
- ✓ स्थानीय उत्पादनको बजारीकरण तथा प्रचारप्रसार गर्ने ।
- ✓ उद्योगको एकीकृत विकास गर्न गाउँपालिकाका कम्तिमा ३ उपयुक्त स्थानमा सम्पूर्ण पूर्वाधारयुक्त सुविधा सम्पन्न उद्योगग्रामको स्थापना गर्ने ।

### (घ) बैङ्क वित्तीय संस्था तथा सहकारी

आर्थिक क्रियाकलापहरूमा वृद्धि भएसँगै पुँजीको परिचालन तथा कारोवारका लागि बैङ्क वित्तीय संस्था तथा सहकारीहरूको समेत विकास गर्नुपर्ने हुन्छ । गाउँपालिकावासीहरूको निक्षेप सङ्कलन गरी बचत गर्ने बानीको विकास गर्न, छरिएर रहेको पुँजीलाई एकीकृत गरी लगानी गर्न, उद्योगी व्यवसायीहरूलाई कर्जा उपलब्ध गराउन, विप्रेषणको कारोवार गर्न लगायतका विभिन्न आर्थिक तथा वित्तीय क्रियाकलापहरू सञ्चालन गर्नका लागि बैङ्क वित्तीय संस्था तथा सहकारीहरूको आवश्यकता हुन्छ । यसले आर्थिक,

वाणिज्य र औद्योगिक विकासमा महत्वपूर्ण टेवा पुग्दछ । कुनै पनि स्थानको सर्वाङ्गिण विकासका लागि त्यहाँको बैङ्किङ् कारोबारको बिस्तार गर्नुपर्दछ जसका लागि स्थानीय स्तरमा पूँजी व्यापकरूपमा प्रवाह भैरहने वातावरण निर्माण हुनुपर्दछ । कालिमाटी गाउँपालिका हालसम्म समेत अत्यन्त ग्रामीण परिवेशमा रहेको र आर्थिक, औद्योगिक, व्यावसायिक तथा पूँजी बजार विकासको स्तर एकदमै न्यून भएकोले यहाँ बैङ्क तथा वित्तिय संस्थाहरूका शाखाहरू पर्याप्तमात्रामा खुलेका छैनन् । यद्यपि गाउँपालिकाको वडा नं. ३ को पुतलीबजारमा लेपाल शङ्गलादेश बैङ्कको शाखा स्थापना भएको छ । यसका अतिरिक्त विभिन्न वडाहरूमा माइक्रो फाइनान्स, लघुवित्त, र सहकारीहरू स्थापना भई गाउँपालिकावासीहरूलाई सेवा प्रदान गरिरहेका छन् । यसका अलावा स्थानीय स्तरमा महिला समुह, कृषक समूह लगायतबाट समेत बचत सङ्कलन र ऋण लगानीका कामहरू भइरहेका छन् ।

यस गाउँपालिकामा स्थापना भएका विभिन्न बैङ्क वित्तीय संस्था तथा सहकारीहरूको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६:** कालिमाटी गाउँपालिकामा स्थथापना भएका बैङ्क, वित्तीय संस्था तथा सहकारीहरूको विवरण

| क्र.सं. | बैङ्क, वित्तीय संस्था तथा सहकारीको नाम | ठेगाना | वडा नं. | प्रकार |
|---|---|---|---|---|
| १ | नेपाल बङ्गलादेश बैंक | पुतली बजार | १ | बाणिज्य बैङ्क |
| २ | महिला सहयात्री माईक्रो फाइनान्स | पुतली बजार | २ | लघुवित्त |
| ३ | जागरुक कृषि तथा पशुपालन दुग्ध सहकारी संस्था | वालुवा, वडा नं. ५ | ३ | सहकारी |
| ४ | छिमेकी लघुवित्त विकास बैंक | ग्याङ, वडा नं. ७ | ४ | लघुवित्त |
| ५ | देउराली बचत तथा ऋण सहकारी | पोखरा | १ | सहकारी |
| ६ | महादेव वहुउद्देश्य कृषि सहकारी संस्था | टाड्के | २ | सहकारी |
| ७ | दाउन्ने बचत तथा ऋण सहकारी | टाड्के | २ | सहकारी |
| ८ | नव दुर्गा कवुलियति वन सहकारी संस्था | सेती खोला | २ | सहकारी |
| ९ | मिलनचोक कृषि सहकारी | सेती खोला मिलनचोक | २ | सहकारी |
| १० | सामुदायिक वहुउद्देश्य | | ३ | सहकारी |
| ११ | चेतना बचत तथा ऋण सहकारी | | ३ | सहकारी |
| १२ | वातावरण बचत तथा ऋण सहकारी | | ३ | सहकारी |
| १३ | सामुदायिक बचत तथा ऋण सहकारी | खैरेनी | ४ | सहकारी |

| क्र.सं. | बैङ्क, वित्तीय संस्था तथा सहकारीको नाम | ठेगाना | वडा नं. | प्रकार |
|---|---|---|---|---|
| १४ | गंगामाला कृषि सहकारी | खैरेनी | ४ | सहकारी |
| १५ | तामे छहरा कृषि सहकारी | डिमुरे | ४ | सहकारी |
| १६ | जागरुक कृषि तथा पशुपालन दुग्ध सहकारी संस्था | वालुवा, | वडा नं. ५ | सहकारी |
| १७ | हरियाली कृषक सहकारी संस्था | | वडा नं. ७ | सहकारी |

यो गाउँपालिकामा सङ्ख्यात्मक हिसाबले केही बैङ्क, सहकारी तथा लघुवित्तहरूले सेवा प्रदान गरेका भएतापनि बृहत् आर्थिक तथा वित्तीय कारोबार गर्ने स्थानीय, क्षेत्रीय र राष्ट्रिय स्तरका बैङ्कहरूका शाखाहरू नखुलेका कारण यहाँको बैङ्किङ् तथा वित्तीय क्रियाकलापहरूको न्यूनता रहेको छ । वडा नं ६ मा कुनै पनि बैङ्क, वित्तीय संस्था तथा सहकारीहरू छैनन् । यसले खासगरी यहाँको उद्योगधन्दा, कलकारखाना तथा व्यापार व्यवसाय जस्ता आर्थिक क्रियाकलापको सङ्कुचन नै बैङ्किङ् तथा वित्तीय सेवाको सिमितताको प्रमुख कारण हो । तसर्थ बैङ्क र वित्तीय क्षेत्रको विकास गर्न कृषि, बाणिज्य, उद्योग, कलकारखाना, बजार तथा व्यापार व्यवसायको सघन रूपमा विकासगर्नुपर्ने देखिन्छ ।

अर्कोतर्फ यस प्रकारको ग्रामीण परिवेशमा स्थानीय स्तरमा प्रबर्द्धित र सञ्चालित सहकारी संस्थाहरूको विकास उपयुक्त हुने भएकोले गाउँपालिकाले हाल सञ्चालनमा रहेका सहकारीलाई सहकारी नीति तथा ऐन बमोजिम थप प्रोत्साहित तथा विकसित बनाउँदै लैजाने र नयाँ सहकारीहरूको स्थापना गर्न प्रोत्साहित गर्ने नीति अबलम्वन गर्नुपर्दछ । त्यसैगरी सहकारी, बैङ्किङ् तथा वित्तीय क्षेत्रलाई कृषि र औद्योगिक विकास जस्ता उत्पादनशिल क्षेत्रमा लगानी गर्न सहयोग र प्रोत्साहन गर्न सकिन्छ । यस सन्दर्भमा गाउँपालिकाले **"सहकारी खोलौं, स्वरोजगार बनौं"** भन्ने नारालाई सार्थक बनाउनु सान्दर्भिक भएकोले सोहि अनुसार अगाडी बढ्नुपर्ने देखिन्छ ।

### ५.२.२ आर्थिक विकास योजनाको Logical Framework Approach

**सोच**

**"आर्थिक समृद्धिका लागि रोजगारी तथा स्वरोजगारको सिर्जना तथा प्रतिव्यक्ति आयमा उल्लेख्य वृद्धि"**

**लक्ष्य**

**कृषि, पर्यटन, उद्योग, बाणिज्य, बैङ्किङ् तथा सेवा व्यवसायको पर्याप्त विकासमार्फत् रोजगारी तथा स्वरोजगारको सिर्जना गरी आगामी १५ वर्षमा आर्थिक समृद्धि हासिल गरी कालीमाटी गाउँपालिकाका बासिन्दाहरूलाई आर्थिक हिसाबले विश्वका मध्यम आय भएका मुलुकका बासिन्दाको स्तरमा पुऱ्याउने (वार्षिक प्रतिव्यक्ति औसत आय २,५०० डलर) पुऱ्याउने)**

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| **कृषिजडीबुटी तथा पशुपालन**<br>▪ प्रति व्यक्ति आय २,५०० डलर पुगेको हुनेछ ।<br>▪ **"उत्पादनमुखी स्वरोजगार- आर्थिक समृद्धिको आधार"** भन्ने नारा साकार हुनेछ ।<br>▪ **"जल, जमिन, जङ्गल, जडीबुटी, खनिज र जलाधार- स्थानीय जनताको समृद्धिको आधार"** भन्ने नारा साकार भएको हुनेछ ।<br>▪ गाउँपालिकामा रहेको खेतीयोग्य जमिनको वैज्ञानिक तथ्याङ्क प्राप्त हुनेछ ।<br>▪ प्राप्त तथ्याङ्कका आधारमा गाउँपालिकामा रहेको जमिनको वैज्ञानिक नक्साङ्कन भएको हुनेछ र त्यसै अनुसार जमिनको वर्गिकरण गरिएको हुनेछ ।<br>▪ खेतीयोग्य जमिनको पूर्ण सदुपयोग भएको हुनेछ ।<br>▪ सम्पूर्ण खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुगेको हुनेछ ।<br>▪ वैज्ञानिक कृषि प्रणाली लागु भएको हुनेछ ।<br>▪ कृषिमा वैज्ञानिक प्रविधिको प्रयोग तथा यान्त्रिकिकरण गरिएको हुनेछ ।<br>▪ व्यावसायिक कृषिको प्रबर्द्धन भएको हुनेछ ।<br>▪ स्थानीय जलवायु अनुकूल जडीबुटीको उत्पादन तथा प्रशोधन भई औषधीय पर्यटनको विकास तथा आयुर्वेदिक औषधि उद्योगको स्थापना भएको हुनेछ ।<br>▪ स्थानीय प्रजातिका बालीनालीको संरक्षण तथा उत्पादन, प्याकेजिङ र ब्रान्डिङ भई निर्यात भएको हुनेछ ।<br>▪ प्रत्येक वडामा सम्भाव्यताको आधारमा जैविक खेती क्षेत्रको विकास हुनेछ ।<br>▪ रासायनिक मलखाद तथा बिषादीलाई जैविक मलखाद तथा किटनाशकले क्रमश: विस्थापित गरिएको हुनेछ ।<br>▪ **"एक घर ५ फलफूलका विरुवा"** अभियान सञ्चालन गरी व्यावसायिक फलफूल खेतीको रूपमा परिणत भएको हुनेछ । | **वि.सं. २०८० सम्म**<br>**कृषि तथा पशुपालन**<br>▪ गाउँपालिकामा रहेको खेतीयोग्य जमिनको वैज्ञानिक तथ्याङ्क सहितको विस्तृत विवरण र नक्साङ्कन तयार भएको (सिंचित र असिंचित क्षेत्रफल र स्थान सहित)<br>▪ करिब ४० प्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुगेको<br>▪ कृषि यान्त्रिकिकरण र वैज्ञानिकिकरण अन्तर्गत प्रत्येक वडामा उपयुक्त कुनै एक नयाँ प्रविधि भित्रिइसकेको<br>▪ रासायनिक मलखाद तथा बिषादीलाई जैविक मलखाद तथा किटनाशकले क्रमश:: विस्थापित गर्नका लागि किसानहरू तालिम तथा सीपयुक्त भएका<br>▪ बाखापालन र लोकल कुखुराको व्यावसायिक पालन भई निर्यात सुरु भएको<br>▪ दूध, अण्डा तथा मासुजन्य पदार्थको हालको वार्षिक उत्पादनमा न्यूनतम ५ गुणाले वृद्धि भई निर्यात सुरु भएको<br>▪ गाउँपालिकाका कम्तीमा ५ स्थानमा स्थानीय प्रजातिका बालीनाली, तरकारी, फलफूल वा जडीबुटीको नमुना उत्पादन सुरु भएको<br>▪ **"एक घर ५ फलफूलका विरुवा"** अभियान व्यावसायिकरूपमा विकास भएको<br>▪ प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना प्रत्येक वडामा बिस्तार भएको<br>▪ मौरीपालन, खाद्यान्न, तरकारी, फलफूल, नगदेबाली लगायत विभिन्न बालीनालीहरूका सुपरजोन, जोन र पकेटक्षेत्रहरू घोषणा गरी व्यावसायिकरूपमा उत्पादन विकास भएको<br>▪ प्रत्येक वडामा कृषि बाली र पशुधनको अनिवार्य बिमा कार्यक्रमको सुरुवात भएको<br>▪ **"एक वडा- एक हाट बजार"** स्थापना भई हालका प्रमुख बजार केन्द्रहरू कृषि उत्पादन सङ्कलन केन्द्रको रूपमा विकास भएका<br>▪ **नियमितरूपमा कृषक पाठशाला** सञ्चालन भएको<br>▪ सम्भाव्य जलस्रोतको उपलब्धता | ▪ गाउँपालिकास्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट<br>▪ स्थलगत अवलोकनबाट<br>▪ गाउँपालिकावासीको जीवनस्तरमा आएको परिवर्तनबाट<br>▪ पूर्वाधार निर्माण पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै : कृषि उत्पादन, व्यापार व्यवसाय, उद्योगधन्दा, कलकारखाना तथा स्वरोजगारमा वृद्धि, पर्यटक आवागमनमा वृद्धि, रोजगारी सिर्जना र अन्य मानवीय गतिविधिहरूबाट | ▪ पूर्ण राजनैतिक स्थिरता हुनेछ ।<br>▪ आवश्यक बजेटको व्यवस्था हुनेछ ।<br>▪ दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।<br>▪ व्यापक जनसहभागिता र समर्थन हुनेछ ।<br>▪ कुनै प्रकारको ठूलो स्तरको दैवी विपत्ति आइ लाग्ने छैन ।<br>▪ स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।<br>▪ कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।<br>▪ निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।<br>▪ सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| ▪ **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत विभिन्न वडाहरूमा सञ्चालित कार्यक्रमको व्यापक विकास र बिस्तार भएको हुनेछ ।**<br>▪ मौँरीपालन, खाद्यान्न, तरकारी, फलफूल, नगदेबाली लगायत विभिन्न बालीनालीहरूका सुपरजोन, जोन र पकेटक्षेत्रहरू घोषणा गरी व्यावसायिकरूपमा उत्पादन विकास भएका हुनेछन् ।<br>▪ कृषि बाली र पशुधन अनिवार्य बिमा कार्यक्रम प्रभावकारी रूपमा लागु भएको हुनेछ ।<br>▪ **“एक वडा एक कृषि बजार”** अभियान साकार भएको हुनेछ ।<br>▪ स्थानीय जलवायु अनुकूल व्यावसायिक माछापालन, मौरीपालन, बाखापालन, भैँडापालन, गाईपालन, भैँसीपालन, कुखुरापालन, हाँसपालन, बुङ्गुरपालन आदि व्यवसायबाट कृषकहरू लाभान्वित भएका हुनेछन् ।<br>▪ प्रत्येक वडामा कृषि उत्पादन सङ्कलन केन्द्रको रूपमा कृषि बजारहरूको विकास भएको हुनेछ ।<br>▪ प्रत्येक वडामा कृषि उत्पादन भण्डारण गर्न आवश्यकताका आधारमा उपयुक्त स्थानमा एक-एक वटा चिस्यान केन्द्रहरूको स्थापना भएको हुनेछ ।<br>▪ कृषि सडकको विकास र स्तरोन्नति भएको हुनेछ ।<br>▪ पशुपालन क्षेत्रको विकासले पूर्ण व्यावसायिकता हासिल गरेको हुनेछ ।<br>▪ बाखापालन, भैँडापालन, लोकल कुखुरा पालन, सुँगुर/बङ्गुर पालनको सुपरजोनको रूपमा विकास भई कृषि पर्यटन तथा अध्ययनको नमुना गन्तव्य स्थलको रूपमा विकास भएको हुनेछ ।<br>▪ पशुरोग, बालीनालीमा लाग्ने रोग तथा किरा नियन्त्रणका लागि प्रभावकारी संयन्त्रको विकास भएको हुनेछ । | भएका प्रत्येक वडामा कम्तीमा २ वटा पोखरीमा व्यावसायिक माछा उत्पादन सुरु भएको<br>▪ गाँपालिकाका विभिन्न वडाहरूमा चिस्यान केन्द्र स्थापनाको सम्भाव्यता अध्ययन गरी विस्तृत परियोजना प्रतिवेदन तयार भई गाउँपालिकाको कम्तीमा १ वटा प्राथमिकता प्राप्त वडामा चिस्यान केन्द्रको स्थापना भएको<br>▪ प्रत्येक वडामा कृषि सडकको पहुँच र स्तरोन्नति भएको<br>▪ पशुरोग नियन्त्रण गर्न प्रत्येक वडामा घुम्ती शिविर र एक उपयुक्त स्थानमा पशु अस्पताल स्थापना भएको<br>**पर्यटन**<br>▪ प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरूको संरक्षण, मर्मत सम्भार, प्रबर्द्धन र विकास भएको<br>▪ पर्यटन पूर्वाधार विकास अन्तर्गत प्रत्येक पर्यटकीय गन्तव्य स्थलसम्म सडक यातायात पुगेको<br>▪ पर्यटक सङ्ख्याको आधारमा गन्तव्य स्थलहरूमा कम्तीमा ती पर्यटकको २५ प्रतिशतलाई पूर्ण बास बस्ने होटल, लज तथा रेष्टुरेन्टको स्थापना भएको<br>▪ कम्तीमा सम्भाव्य सबै ट्रेकिङ रुटहरूको पहिचान भएको<br>▪ प्रत्येक पर्यटकीय गन्तव्यस्थलमा होटल, रेष्टुरेन्ट, भोजनालय तथा खाजा घर साथै मनोरञ्जन पार्क र चिनो पसलको स्थापना भएको<br>▪ गउँपालिकामा एउटा सम्पूर्ण सुविधायुक्त पर्यटक सूचना केन्द्रको स्थापना भएको<br>▪ सम्पूर्ण पर्यटन गन्तव्यस्थलको पूर्ण विवरण सहित Profile तयार भएको<br>▪ सम्पूर्ण पर्यटन गन्तव्यस्थल र त्यहाँ गर्न सकिने पर्यटकीय क्रियाकलापको विस्तृत विवरण सहित प्रचार सामग्रीहरूको निर्माण भई व्यापक प्रचार प्रसार भएको<br>▪ पर्यटक सूचना, सुरक्षा, स्वास्थ्य र उद्धारको उचित प्रबन्ध भएको<br>▪ स्थानीय परिकारका मेनुहरूको तयारी भएको (मूल्यसूची सहित) | | हुनेछ । |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| ▪ प्रत्येक वडामा एउटा सुविधा सम्पन्न पशु चिकित्सालयको स्थापना भएको हुनेछ ।<br>**पर्यटन**<br>▪ माथि कार्यक्रममा उल्लेखित पर्यटनसँग सम्बन्धित सम्पूर्ण पूर्वाधारहरूको विकास भएको हुनेछ ।<br>▪ धार्मिक पर्यटन, पर्यापर्यटन, औषधीय पर्यटन तथा सांस्कृतिक पर्यटनको पर्याप्त विकास भई यो गाउँपालिका एक आकर्षक पर्यटन गन्तव्यको रूपमा विकास भएको हुनेछ ।<br>▪ निजी क्षेत्रसँग सहकार्य गरी पर्यटकीय स्थलहरूमा पर्यटकको सुविधालाई ध्यानमा राखी सुविधासम्पन्न र पूर्वाधारयुक्त होटल, रेष्टुरेन्ट, मनोरञ्जन पार्कहरू, चिनो पसल लगायतका व्यवसायहरूलाई सहयोग तथा प्रबर्द्धन गरिएको हुनेछ ।<br>▪ पर्यटकहरूलाई आवश्यक सुरक्षा, सूचना तथा उद्धारका लागि सबै संयन्त्रहरूको निर्माण भएको हुनेछ ।<br>▪ पर्यटकहरूलाई आवश्यक पर्ने सबै सेवा सुविधाहरूको आपूर्ति भई पर्यटकहरूको बसाइको अवधि लम्बिएको हुनेछ ।<br>▪ प्रत्येक वडामा होमस्टे सञ्चालन भई स्थानीय संस्कृति, खानपान ( परिकार) चालचलन, रहनसहन तथा रितिरिवाजको प्रचारप्रसार तथा संरक्षण भएको हुनेछ ।<br>▪ होमस्टे, होटल, रेष्टुरेन्ट, व्यापार व्यवसायको विकास भई गाउँपालिकावासीको आयआर्जनमा उल्लेख्य वृद्धि भएको हुनेछ ।<br>▪ स्थानीय बासिन्दाहरूको राजनैतिक, आर्थिक, शैक्षिक, सामाजिक र सांस्कृतिक जीवनको गुणस्तरमा वृद्धि भएको हुनेछ ।<br>**उद्योग**<br>▪ गाउँपालिकामा कम्तिमा ३ वटा ठूला उद्योगग्रामको स्थापना भएको हुनेछ ।<br>▪ कृषि तथा स्थानीय स्रोत र | **उद्योग तथा वाणिज्य**<br>▪ प्रत्येक वडामा कम्तीमा एक वटाका दरले स्थानीय जल, जमिन, जङ्गल र जडीबुटीमा आधारित साना र मझौला स्तरका उद्योगहरू सञ्चालनमा आएका<br>▪ गाउँपालिकाभर एउटा ठूलो स्तरको उद्योग स्थापनाका लागि समग्र प्रक्रिया पूरा भएको<br>▪ गाउँपालिकाका कम्तिमा ५०% युवाहरू स्वरोजगार तथा रोजगार भएका<br>▪ गाउँपालिकामा रोजगार केन्द्रको स्थापना भएको<br>▪ बेरोजगार युवालाई भत्ताको व्यवस्था गरिएको<br>▪ महिला, दलित, अपाङ्ग, जनजाति, सीमान्तकृत र विपन्न वर्गको जीवनस्तरमा उल्लेख्य सुधार भई निरपेक्ष गरिबी ३० प्रतिशतले घटेको<br>▪ गाउँपालिकाका कम्तीमा ४ वटा स्थानमा स्थानीय मौलिकतामा आधारित साना तथा मझौला उद्योगहरू स्थापना भएका<br>▪ गाउँपालिकामा एउटा उद्योगग्राम स्थापना गर्नका लागि सम्भाव्यता अध्ययन गरी यसको विस्तृत परियोजना प्रतिवेदन DPR तयार भैसकेको<br>**बैङ्क तथा सहकारी**<br>▪ **"सहकारी खोलौं- रोजगारी बढाऔं"** अभियान ५०% सफल भएको<br>▪ सबै वडाहरूमा सहकारी, लघुवित्तको पर्याप्त उपलब्धता हुनुका साथसाथै राष्ट्रिय स्तरका बैङ्कका शाखाहरू स्थापना भएका<br>▪ गाउँपालिकाको केन्द्रमा कम्तिमा ३ वटा बैंकको ATM सेवा सञ्चालनमा ल्याइएका<br>**वि.सं. २०८५ सम्म**<br>**कृषि तथा पशुपालन**<br>▪ गाउँपालिकाको खेतीयोग्य जमिनमध्ये करिब ७० प्रतिशत जमिनमा सिँचाइ सुविधा पुगेको<br>▪ व्यावसायिक कृषिफर्म अन्तर्गत सबै क्षेत्रमा यान्त्रिकिकरण र उपलब्ध वैज्ञानिक कृषि लागु भएको<br>▪ पशुपंक्षी पालन अन्तर्गत सुङ्गुर/बङ्गुर पालन, कुखुरापालन, बाखापालन, भेँडापालन, गाइ तथा | | |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| साधनमा आधारित कम्तिमा ३ वटा उद्योगहरूको विकास भएको हुनेछ ।<br>▪ स्थानीय मौलिकतामा आधारित काष्ठकला, प्रस्तर कला, मूर्तिकला, ललितकला आदिमा आधारित उद्योगको स्थापना भएको हुनेछ ।<br>▪ युवा स्वरोजगार सिर्जना हुनेछ । विदेशिएका युवाहरूमध्ये ५० प्रतिशत युवाहरू देशमै रोजगारी गरिरहेका हुनेछन् ।<br>▪ महिला, अपाङ्ग, दलित, जनजाति, सीमान्तकृत तथा विपन्न वर्गको जीवनस्तरमा व्यापक सुधार आएको हुनेछ ।<br>▪ ठूलो मात्रामा रोजगारी सिर्जना गर्ने ठूला स्तरका उद्योगहरूको सम्भाव्यता अध्ययन सम्पन्न भई कम्तिमा एउटा ठूलो स्तरको उद्योग स्थापना भएको हुनेछ ।<br>▪ उत्पादित बस्तु तथा सेवाको बजारीकरणको राम्रो व्यवस्था भएको हुनेछ ।<br>▪ व्यापार र वाणिज्यको बिस्तार भई आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धन भएको हुनेछ ।<br>▪ व्यापार व्यवसायमा प्रतिस्पर्धा हुन गई उपभोक्ता हित र उत्पादित सामानहरूको गुणस्तर कायम भएको हुनेछ ।<br>**बैङ्क तथा वित्तीय क्षेत्र**<br>▪ **"सहकारी खोलौं, स्वरोजगार बनौं"** अभियान साकार भएको हुनेछ ।<br>▪ सहकारीलाई आर्थिक क्षेत्रको महत्वपूर्ण खम्बाको रूपमा स्थापित गरिएको हुनेछ ।<br>▪ उद्योग, बजार केन्द्र, व्यापार वाणिज्य, आर्थिक तथा वित्तीय कारोबारमा उल्लेख्यरूपमा वृद्धि भई सहकारी, लघुवित्त तथा बैङ्कहरूको स्थापना तथा शाखाहरू बिस्तार भएका हुनेछन् । | भैंसीपालन कार्यक्रम बिस्तार भएको<br>▪ प्रत्येक वडा कम्तीमा एक बाली तथा उत्पादनको पकेट क्षेत्रको रूपमा विकास भैसकेको<br>▪ गाउँपालिकामा कम्तीमा २ स्थानमा चिस्यान केन्द्रको स्थापना भएको<br>▪ गाउँपालिकाको कम्तिमा १ स्थानमा पशु अस्पतालको स्थापना भएको<br>**पर्यटन**<br>▪ पर्यटन गन्तव्यस्थलसम्मका सम्पूर्ण सडकहरू पक्की भैसकेका<br>▪ प्राथमिकताको आधारमा गाउँपालिकाका कुनै ४ स्थानमा पर्यटक सूचना केन्द्रको स्थापना गरिएको<br>▪ विभिन्न वडाका उपयुक्त स्थानमा हेलिप्याडको निर्माण भएको<br>▪ प्रत्येक वडामा कम्तिमा १ वटा बैंकले विभिन्न उपयुक्त र आर्थिक तथा मानवीय गतिविधि बढी हुने स्थानमा ATM सेवा सञ्चालनमा ल्याएका<br>▪ कम्तीमा एउटा सुविधासम्पन्न ३ तारे होटलको स्थापना भईसकेको<br>▪ पहिचान भएका ट्रेकिङ रुटमा आधारभूत पर्यटकीय सेवाको बिस्तार भएको<br>▪ गाउँपालिकाको कम्तीमा २ स्थानमा योग तथा ध्यान केन्द्रको स्थापना भएको<br>▪ पर्यटकहरूले चिनोको रूपमा लैजाने Curio (क्युरियो) उत्पादन गर्ने व्यवसायीहरूले व्यावसायिक उत्पादन गरेका<br>▪ पर्यटकको आकस्मिक स्वास्थ्य उपचारका लागि एम्बुलेन्स लगायत सम्पूर्ण साधन सहितको स्वास्थ्य केन्द्रको स्थापना भएको<br>▪ पर्यटकीय गन्तव्यस्थलसम्म पुग्नका लागि यातायातका साधनहरूको सहज र भरपर्दो उपलब्धता भएको<br>**उद्योग तथा वाणिज्य**<br>▪ उद्योगग्रामका सबै पूर्वाधारका संरचनाहरू तयार भई उद्योगहरू स्थापना भएका<br>▪ प्रत्येक वडामा कम्तीमा १ वटाको दरले स्थानीय उत्पादन तथा स्रोतमा आधारित साना तथा मझौला उद्योगहरू स्थापना भएका<br>▪ गाउँपालिकामा एउटा ठूलो स्तरको उद्योग सञ्चालनमा आएको | | |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| | ▪ विपन्न, अपाङ्ग, महिला, दलित, सीमान्तकृत वर्गहरूको रोजगारीमा वृद्धि हुन गई आधार बर्षका तुलनामा ७० प्रतिशतले गरिबी घटेको<br>▪ गाउँपालिकाका प्रत्येक वडामा स्थानीय कला, ज्ञान, सीप, संस्कृति र मौलिकतामा आधारित कम्तीमा १ वटा साना तथा मझौला उद्योगको स्थापना भएको<br>▪ गाउँपालिकाका सबै वडाहरूमा कम्तिमा १ वटावाणिज्य बैङ्कका शाखा बिस्तार भएका<br>**वि.सं. २०९० साल सम्म**<br>**कृषि तथा पशुपालन**<br>▪ गाउँपालिकामा उपलब्ध जमिनको पूर्णरूपमा वैज्ञानिक व्यवस्थापन भएको<br>▪ कृषिमा पूर्ण वैज्ञानिकिकरण र यान्त्रिकीकरण भई उत्पादनको परिमाणमा उल्लेख्य वृद्धि हुनुका साथै उत्पादन मूल्यमा उल्लेख्यमात्रामा कमी आएको<br>▪ गाउँपालिकाको शत प्रतिशत जमिनमा सिँचाई सेवा पुगेको<br>▪ रासायनिक मलखाद तथा बिषादीलाई जैविक मलखाद तथा किटनाशकले क्रमश: विस्थापित गरेको<br>▪ गाउँपालिकाका प्रत्येक वडामा कम्तीमा एउटा चिस्यान केन्द्रको स्थापना भएको<br>▪ गाउँपालिकाभर कम्तीमा २ स्थानमा सुविधासम्पन्न पशुअस्पतालको स्थापना भएको<br>**पर्यटन**<br>▪ गाउँपालिकाका सबै पर्यटकीय स्थलहरूको पूर्वाधार लगायतका सबै कार्यहरू सम्पन्न भई सञ्चालन भइसकेका<br>▪ गाउँपालिकाका प्रत्येक वडामा पर्यटन सूचना केन्द्रको स्थापना भएको<br>▪ पर्यटन सम्बद्ध सबै पूर्वाधारहरूको यथेष्ठ विकास भई पर्यटकहरूको बसाइ लम्बिएको<br>▪ **उद्योगधन्दा**<br>▪ प्रत्येक वडामा कम्तीमा २ वटाको दरले साना तथा मझौला उद्योगहरूको स्थापना भएको<br>▪ गाउँपालिकामा कम्तीमा ३ वटा ठूला स्तरका उद्योगहरूको स्थापना भएको<br>▪ विपन्न, महिला, दलित, सीमान्तकृत | | |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| | वर्गहरू गरिबीबाट पूर्णरूपमा मुक्त भई शुन्य गरिबीको अवस्थामा पुगेका<br>▪ सबै नागरिकहरू स्व-रोजगार वा रोजगार भएका र कुनै कारणले बेरोजगार भए बेरोजगार भत्ता प्राप्त गरेका<br>**बैङ्किङ् तथा वित्तीय क्षेत्र**<br>▪ गाउँपालिकामा पर्याप्त मात्रामा सहकारी, लघुवित्त तथा बैङ्कहरूको स्थापना भई उद्योगधन्दा तथा व्यापार व्यवसायमा लगानी गरेका<br>▪ गाउँपालिकाका सम्पूर्ण वडाहरूमा पर्याप्त मात्रामा सम्पूर्ण सुविधायुक्त आधुनिक बैङ्किङ सेवाको बिस्तार भएको | | |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| **(क) कृषि** | | |
| ▪ समग्र कृषि विकासको लागि एकीकृत कृषि विकास गुरुयोजना तयार पार्ने (माटो परीक्षण सहित) | १५ | ST |
| ▪ सम्पूर्ण खेतीयोग्य जमिनको लगत तयार गरी पूर्ण रूपमा कुनै न कुनै प्रकारको खेती भएको सुनिश्चित गर्न जमिन बाँझो राख्ने परिवारलाई निरुत्साहित गर्ने प्रावधान निर्माण गर्ने | | ST |
| ▪ खेती नगर्ने जग्गा धनीको जग्गा निश्चित मापदण्डका आधारमा स्थानीय सरकारले लिजमा लिने | १,५०० | LT |
| ▪ पूर्णरूपमा वैज्ञानिक भू-उपयोग नीति कार्यान्वयनमा ल्याई उपलब्ध खेतीयोग्य जमिनलाई प्रकृतिका आधारमा वर्गिकरण गर्ने र भूमिको वैज्ञानिक व्यवस्थापन गर्ने | | ST |
| ▪ खेती गर्न चाहने किसानहरूलाई निश्चित मापदण्डका आधारमा स्थानीय सरकारले जग्गा जमिन लिजमा उपलब्ध गराउने | | LT |
| ▪ आवश्यकताका आधारमा नियमित रूपमा वडा स्तरमा नियमित कृषक पाठशालाहरू सञ्चालन गर्ने | १०५ | Regular |
| ▪ कृषि बजारहरूको विकास गर्न गाउँपालिकामा उपयुक्त स्थानहरू पहिचान गरी कृषि उपज सङ्कलन र बिक्री केन्द्र तथा परम्परागत हाट बजारहरू सञ्चालन गर्न अध्ययन गर्ने | १० | ST |
| ▪ उपयुक्त स्थानहरुमा कृषि उपज संकलन केन्द्र र हाटबजारको विकास गर्ने | १०० | MT |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ माटोको उत्पादकत्वलाई दिगो रूपमा कायम गर्न तथा वृद्धिका लागि प्राङ्गारिक मलको प्रयोग वृद्धि गर्न प्रविधिहरूको विकास तथा कृषक तालिम सञ्चालन गर्न वडास्तरमा कृषक समूहसँग समन्वय गरी अभिमुखिकरण गर्ने | ३० | Regular |
| ▪ स्थानीय प्रजातिका संकटमा परेका मौलिक बालीनालीहरूको संरक्षण तथा नियमित उत्पादन गर्न विशेष बीज संरक्षण तथा उत्पादन कार्यक्रमहरू सञ्चालन गर्ने | २० | Regular |
| ▪ एग्रो उद्योगहरूको सम्भाव्यता अध्ययन गरी कृषि उत्पादन, प्रशोधन तथा निर्यात र बजार प्रवर्द्धन गर्न ठोस कार्ययोजना निर्माण गर्ने | ५० | ST |
| ▪ कृषि सहकारी र कृषि समूह गठनलाई प्राथमिकता र प्रोत्साहन गर्ने । साथै यस्ता सहकारी र समूहहरूको सबलिकरणका लागि नियमित तालिम तथा संस्थागत विकास गर्न वर्षमा २ पटक नियमित कार्यक्रम सञ्चालन गर्ने | ५० | Regular |
| ▪ गाउँपालिकामा नियमित रूपमा कृषि तथ्याङ्कहरू प्रकाशन तथा वैज्ञानिक अभिलेखिकरण र अद्यावधिक गर्ने संयन्त्रको विकास गर्ने | १५ | Regular |
| ▪ स्थानीय कृषकहरूको क्षमता अभिवृद्धि गर्न नियमित रूपमा स्थानीय सञ्चार माध्यमको सहयोगमा कृषि सूचना तथा कृषि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने | १५ | Regular |
| ▪ उत्कृष्ट कृषक समूहलाई विशेष समारोहका बिच वार्षिक रूपमा निश्चित मापदण्डका आधारमा पुरस्कृत गर्ने | १० | Regular |
| ▪ उत्कृष्ट कृषकहरूका लागि नियमित रूपमा कृषि अवलोकन भ्रमणको प्रबन्ध गर्ने | ३० | Regular |
| ▪ गाउँपालिकामा आवश्यक सङ्ख्यामा सबै प्रकारका कृषि प्राविधिकहरूको दरबन्दी कायम गर्ने | ३०० | Regular |
| ▪ बाली तथा पशुपंक्षी विमालाई क्रमशः पूर्णरूपमा कार्यान्वयन गर्दै लैजाने | ३०० | Regular |
| ▪ कृषि प्रविधि हस्तान्तरणको लागि प्रभावकारी संयन्त्रको स्थापना गर्ने र अगुवा कृषकहरुलाई प्रविधि हस्तान्तरण कार्यक्रम वर्षको एक पटक सञ्चालन गर्ने | ४५ | Regular |
| ▪ आधारभूत कृषि सूचनाहरूलाई कृषि पकेट क्षेत्रमा सार्वजनिक रूपमा प्रदर्शन गर्न डिजिटल बोर्ड र सूचना केन्द्र संचालन गर्ने | १५ | ST |
| ▪ नियमित रूपमा कृषि प्रदर्शनी र मेलाको आयोजना गर्न वार्षिक कृषि पात्रोको विकास गर्ने | ३० | Regular |
| ▪ रासायनिक विषादीको प्रयोगलाई क्रमशः न्यून गरी जैविक विषादी प्रयोगलाई बढावा दिन नियमित तालिमहरूको आयोजना गर्ने | ३० | ST |
| ▪ वडास्तरमा एक नमूना रासायनिक विषादि मुक्त क्षेत्र घोषणा गर्ने | | |
| ▪ कृषि क्षेत्रमा अदृश्य बेरोजगारको रूपमा रहेको जनसंख्याको तथ्याङ्क निकाल्ने | ५ | ST |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ कृषि सूचना तथा प्रचार प्रसारका लागि सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्न किसानसँग हरेक वर्ष अन्तरक्रिया गर्ने र पछिल्लो समय विकास भएका मोबाइल Apps हरुको प्रयोग बारे प्रशिक्षण दिने | ७.५ | Regular |
| ▪ सुलभ र सहज कृषि कर्जाको प्रबन्ध गर्ने | ७५० | Regular |
| ▪ महिला कृषकहरूलाई प्रोत्साहन गर्न संगठित सामूहिक कृषि गर्ने योजना तयार भएमा मापदण्डका आधारमा अनुदान वा ऋण सहयोग दिने | ३०० | Regular |
| ▪ घुम्ती कृषक शिविर तथा समुदाय स्तरमा नियमित तालिम सञ्चालन गर्न वार्षिक क्यालेण्डरको निर्माण गर्ने | १ | ST |
| ▪ कृषि क्षेत्रसँग सम्बन्धित निजी क्षेत्रका सेवा केन्द्रहरू, प्रयोगशाला, सामग्री बिक्री केन्द्र आदिलाई अनुगमन र नियमनका साथमा प्रोत्साहन गर्ने । | १५ | ST |
| ▪ स्थानीयस्तरमा आवश्यकताको आधारमा उपयुक्त स्थान पहिचान गरी कृषि उपज थोक बजारको स्थापना गर्ने | १०० | ST |
| ▪ कृषि सहकारीलाई एकीकृत कृषि सेवा केन्द्रको रूपमा विकसित गर्न नियमित अन्तक्रिया गर्ने | ३० | Regular |
| ▪ जलाधार संरक्षण, जल पर्यावरण प्रबर्द्धन तथा कृषिको विकासको लागि अभियानको रूपमा माछा पाल्ने, सिँचाइ र अन्य पोखरीहरूको निर्माण गर्न वडा स्तरमा सम्भाव्यता अध्ययन गर्ने | २० | ST |
| ▪ बालीनालीको उत्पादन वृद्धिका लागि समेत आवश्यक मौरीपालनलाई विशेष प्राथमिकता दिन निशुल्क मौरीपालन तालिम र सुलभ ऋणको व्यवस्था गर्ने | १०० | ST/MT |
| ▪ व्यावसायिक पशुपालन अन्तर्गत बाखापालन, भैँडापालन, चौरीपालनलाई प्राथमिकता दिन कृषक पहिचान गरी अभिमुखिकरण गर्ने | १५ | Regular |
| ▪ वैज्ञानिक भण्डारण प्रणालीको विकास गर्न कृषकहरूलाई त्यसबारे तालिम दिने र जैविक प्रविधिमा आधारित भण्डारण प्रणालीलाई प्राथमिकता दिने | २० | Regular |
| ▪ निश्चित मापदण्डका आधारमा कृषकहरूको वर्गीकरण गरी कृषक परिचय पत्र प्रदान गरी अभिलेखिकरण गर्ने | ५ | ST |
| ▪ सम्भावना हेरी वैकल्पिक खेतीको अभ्यास गर्ने जस्तैः वगर खेती, सिम क्षेत्रमा गर्ने खेती, पाखो खेती आदिका लागि सम्भाव्य क्षेत्रको पहिचान गर्न अध्ययन गर्ने | ५ | ST |
| ▪ बायोग्याँस प्रणालीको निर्माणमा मापदण्डका आधारमा प्रोत्साहन गर्न आर्थिक अनुदान दिने | ७५० | Regular |
| ▪ हरित मल प्रबर्द्धन कार्यक्रम तथा तालिम सञ्चालन गर्ने | २० | Regular |
| ▪ वडागत माटो परीक्षण शिविरहरू सञ्चालन गर्ने | २० | Regular |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ मिश्रित बाली उत्पादनलाई प्रोत्साहन गर्न गाउँपालिकास्तरमा वर्षमा एक पटक अभिमुखिकरण कार्यक्रम संचालन गर्ने | १५ | Regular |
| ▪ प्रत्येक वडामा एक नर्सरीहरूको स्थापना गर्ने | १४० | ST |
| ▪ जलवायु परिवर्तन अनुकूलका बालीनालीका प्रजातिहरूको परीक्षण उत्पादन गर्दै जान वडास्तरमा किसानहरु छनोट गर्ने | ३० | ST |
| ▪ धानबालीको उत्पादकत्व वृद्धि गर्न Pre Rice Green Manuring / Brown Manuring प्रविधि विकास गरी नमूनाको रुपमा प्रयोग गर्न किसान छनोट गर्ने | १० | ST |
| ▪ **"एक घर एक करेसाबारी"** अभियान सञ्चालन गर्न (जग्गा जमिन भएका घरपरिवारमा) वडास्तरीय करेसाबारी व्यवस्थापन तालिम संचालन गर्ने | ५ | ST |
| ▪ जलवायु अनुकूलका फलफूलहरूको व्यावसायिक उत्पादन गर्न निजी क्षेत्र तथा सामुदायिक वन उपभोक्ता समूह वा सामुदायिक कृषक समूहहरूलाई विशेष प्रोत्साहन गरी नमूना समूहको रुपमा स्थापित गराउने | ३० | ST/MT |
| ▪ पशुपालन प्रबर्द्धन गर्न डालेघाँसको सम्भाव्यता हेरी उपयुक्त प्रजातिहरूको व्यावसायिक उत्पादन गर्न कृषक छनोट गरी बेर्ना वितरण गर्ने | ३० | ST |
| ▪ व्यावसायिक रूपमा घाँसका प्रजातिहरूको उत्पादन गर्ने मापदण्डका आधारमा कृषकहरुलाई वडास्तरमा घाँसको बिउ वितरण गर्ने | ३० | ST |
| ▪ पशुपालनलाई पूर्ण लाभमुखी बनाउन आधुनिक पशु आहार गोठ व्यवस्थापन तथा भकारो सुधार कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्ने | १५०० | LT |
| ▪ गाउँपालिका क्षेत्रमा सम्भाव्यताका आधारमा उत्पादन हुन सक्ने बालीनाली, पशु, पंक्षी, फलफूल, माछा तथा तरकारीहरूको प्रजातिको Top Ten List तयार पार्ने । | १ | ST |
| ▪ कृषकहरूलाई मलखादमा निश्चित प्रतिशत अनुदान दिने | १०० | Regular |
| ▪ कृषकलाई बिउविजनमा निश्चित प्रतिशत अनुदान दिने | २० | Regular |
| ▪ स्थानीय सञ्चार माध्यमबाट नियमितरूपमा कृषि कार्यक्रम सञ्चालन गरी कृषि सम्बन्धी बहुउपयोगी जानकारीहरू प्रसारण गर्ने | १५ | Regular |
| ▪ कृषि उपजको मूल्य निर्धारण गर्ने संयन्त्र निर्माण गरी त्यसको अनुगमन र नियमन गर्ने | १० | ST |
| ▪ पशु खोप कार्यक्रम प्रत्येक वडामा सञ्चालन गर्ने | ६० | ST |
| ▪ लोकल कुखुरा पाल्ने कृषकलाई सम्पूर्ण प्रविधि श्रोत र साधन सम्बन्धी नियमित तालिम प्रदान गर्ने | ४० | Regular |
| ▪ उन्नत जातका बोका, भेँडा, राँगा वितरण गर्ने | १५० | ST |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ निजी क्षेत्रको सहयोगमा प्रत्येक वडामा भेटनरी स्थापना गर्ने | १२ | ST |
| ▪ माछापालन सम्बन्धी तालिम सञ्चालन गर्ने | १५ | Regular |
| ▪ बेमौसमी तरकारीबालीलाई व्यावसायिकरूपमा प्रबर्द्धन गर्न किसानहरूले तयार गरेको रु ५ लाखसम्मको परियोजनाको लागि ५०% प्रतिशतसम्म अनुदान दिने | २५० | Regular |
| ▪ न्यूनतम १०० वटा फलफूलको बिरुवा लगाउने किसानलाई ५ लाखसम्मको परियोजना विकास गर्न ५० प्रतिशत अनुदानमा फलफूलका बिरुवा उपलब्ध गराउने | १५० | Regular |
| ▪ बेमौसमी तरकारी खेती गर्ने कृषकलाई प्लाष्टिक टनेलमा अनुदान दिने | ३० | ST |
| ▪ कृषि औजार (Harverstor, Rotavator, Thresser, बोक्रा छोडाउने मेशीन, हाते ट्र्याक्टर आदि तथा यन्त्रमा अनुदान दिने (प्रत्येक वडामा आवश्यकताका आधारमा) | २०० | MT |
| ▪ प्रत्येक वडामा पशुनश्ल सुधार कार्यक्रम सञ्चालन गर्ने | ६० | MT |
| ▪ प्रत्येक वडामा घुम्ती पशु स्वाथ्य शिविर सञ्चालन गर्ने | ६० | MT |
| ▪ गाउँपालिकामा कम्तीमा २ वटा सुविधासम्पन्न पशु अस्पताल स्थापना गर्ने | १०० | MT |
| ▪ खेर गएका जमिन तथा वन जङ्गल जस्ता क्षेत्रको अभिलेख तयार गरी गाउँपालिकाको पहलमा फलफूल खेती वा अन्य सम्भावित बालीहरूको सम्भाव्यता अध्ययन गर्ने | ३० | MT |
| ▪ प्रत्येक वडालाई सम्भावित कृषि उत्पादनको नमुना पकेट क्षेत्र निर्धारण गर्ने | १५० | MT |
| ▪ वडास्तरमा सञ्चालनमा रहेका महिला, दलित, जनजाति, सीमान्तकृत र विपन्न वर्गका कृषक समूहलाई निश्चित मापदण्डका आधारमा अनुदान दिने | ५० | MT |
| ▪ प्रत्येक वडामा निजी क्षेत्रको सहयोगमा दुध डेरी स्थापना गर्ने | १२० | LT |
| ▪ प्रत्येक वडामा निजी क्षेत्रको सहयोगमा कृषिमा आधारित साना तथा मझौला उद्योग स्थापना गर्ने | ६० | LT |
| ▪ प्रत्येक वडामा सम्भाव्यताका आधारमा एक नमूना अर्गानिक खेती क्षेत्र निर्माण गर्ने | ६० | MT |
| ▪ प्रत्येक वडामा कृषि सेवा केन्द्रका इकाईहरूको विस्तार गर्ने | ४०० | MT |
| ▪ **“एक वडा एक उत्पादन”** कार्यक्रम सञ्चालन गर्ने | १४० | LT |
| ▪ प्रत्येक वडामा एक व्यावसायिक नर्सरी स्थापना गर्न मापदण्डका आधारमा आर्थिक अनुदान दिने | ७० | LT |
| ▪ खेर गैरहेको सम्भाव्य क्षेत्रहरूमा अनिवार्य कृषिजन्य बोटविरुवा (जस्तै : अम्रिसो, अलैंची, आँप) लगाउन सम्भाव्यता अध्ययन गर्ने | ५ | ST |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ **"एक घर एक नीमको बोट"** अनिवार्यरूपमा रोप्ने | १५ | ST |
| ▪ **"एक घर पाँच कागतीको बोट"** कार्यक्रम अभियानको रुपमा सञ्चालन गर्ने | २८ | ST |
| ▪ उच्च पहाडी क्षेत्रका प्रत्येक घरमा कागती रोप्न प्रोत्साहन गर्न कागतीका विरुवा नि:शुल्क वितरण गर्ने | ३० | ST |
| ▪ कृषिसँग सम्बन्धित निम्न तालिमहरु वर्षमा एक पटक प्रदान गर्ने<br>✓ टनेल खेती तालिम,<br>✓ तरकारी खेती तथा नर्सरी तालिम,<br>✓ च्याउ खेती तालिम,<br>✓ मौरी पालन तालिम,<br>✓ प्राङ्गारिक मल बनाउने तालिम,<br>✓ घरायसी विषादी बनाउने तालिम सञ्चालन गर्ने | ३० | Regular |
| ▪ लोकल कुखुरा र बाखा, पाल्ने कृषकलाई सम्पूर्ण प्रविधि, श्रोत र साधन सम्बन्धी नियमित तालिम सञ्चालन गर्ने | ४० | Regular |
| ▪ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई सम्भावनाका आधारमा प्रत्येक वडामा विस्तार गर्न परियोजनासँग समन्वय गर्ने | ७० | ST |
| ▪ गाउँपालिकास्तरीय अदुवा-बेसार-अलैँची पकेट कार्यक्रम सञ्चालन गर्ने | १५ | ST |
| ▪ उच्च पहाडी भेगमा टिम्मुर खेतीको सम्भाव्यता अध्ययन गर्ने | ५ | ST |
| ▪ विपन्न र दलितहरू किसानका लागि खाद्यान्न बाली किट वितरण गर्ने | ३० | ST |
| ▪ हर्रो, वर्रो र अमलाको व्यवसायिक उत्पादन गर्न सम्भाव्यता अध्ययन गर्ने | | |
| ▪ खाद्यान्न बालीको उत्पादन वृद्धि सम्बन्धी गाउँपालिकास्तरीय तालिम सञ्चालन गर्ने | १५ | Regular |
| ▪ पर्याप्त जमिन भएका घरधुरीहरुलाई लक्षित गरी **"एक घर, एक बगैंचा"** कार्यक्रम सञ्चालन गर्ने | १५ | Regular |
| ▪ यूवा कृषक समूह वडास्तरमा तयार गर्ने | ३० | Regular |
| ▪ युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्न यूवा कृषक सम्मिलित सामूहिक कृषि गर्न अभिमुखिकरण तथा सहजिकरण गर्ने | | |
| ▪ पावर ट्रेलर, फट स्प्रेयर तथा डिजिटल तराजु, चिज बनाउने र ऊन काट्ने मेशिनमा ५० प्रतिशतसम्म अनुदान दिने | १०० | Regular |
| ▪ फलफूलका बेर्नाका उत्पादनका लागि नर्सरी व्यवस्थापन गर्ने (वडास्तरीय) | ३० | ST |
| ▪ गाउँपालिका स्तरीय आलु प्रिपियस दाना विउ उत्पादन तथा वितरण कार्यक्रम सञ्चालन गर्ने | १५ | ST |
| ▪ व्यावसायिक कृषकहरूका लागि च्याउ विउ वितरण कार्यक्रम सञ्चालन गर्ने | १० | ST |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ बाली संरक्षण कार्यक्रम सञ्चालन गर्न रोग किरा सम्बन्धी नियमित तालिम संचालन गर्ने | ३० | Regular |
| ▪ मकै, धान तथा गहुँ खेती सम्बन्धी ३ दिने तालिम (गाउँपालिका स्तरीय) सञ्चालन गर्ने | १५ | Regular |
| ▪ मकै/धान/गहुँ दिवस सञ्चालन गर्ने (प्रत्येक वर्ष) | १५ | Regular |
| ▪ कृषि प्रदर्शनी आयोजना गर्ने (वार्षिकरूपमा) | | |
| ▪ गाउँपालिका अन्तर्गत खाली रहेको जमिन (व्यक्ति/सामुदायिक र सरकारी जमिन) मा कृषि वन व्यवस्थापन गर्ने | ७५ | MT |
| ▪ गाउँपालिकास्तरीय विउ बैङ्क स्थापना गर्ने (लोकल विउलाई प्रोत्साहनसहित) | १० | ST |
| ▪ गाउँपालिकास्तरीय माटो परीक्षण ल्याब स्थापना गर्ने | २५ | LT |
| ▪ कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालनका लागि गाउँपालिकामा आवश्यक प्राविधिक व्यवस्था गर्ने | १५ | MT |
| ▪ आवश्यक सम्भाव्यता अध्ययन गरी व्यवस्थित रूपमा गाउँपालिकाका विभिन्न पशुपालन पकेट क्षेत्र वरपर चरण क्षेत्रको विकास गर्ने | १५ | ST |
| ▪ बायो इन्जिनियरिङ्को प्रविधिको प्रयोगमार्फत् नदी कटान वा क्षयिकरण, न्यूनिकरण गर्दै कृषि प्रवर्द्धन गर्ने | ५० | LT |
| ▪ कृषिलाई वातावरण संरक्षण तथा जैविक विविधता संरक्षणसँग गाँसेर जीन (अनुवंश) बैङ्कको स्थापना गर्ने | ३० | LT |
| ▪ स्थानीयस्तरमा कृषि उपज र पशु क्वारेन्टाइन सेवाको स्थापना गर्ने | १५ | LT |
| ▪ उत्पादित कृषि उपजको गुणस्तर मापन गर्न गुणस्तर प्रमाणीकरण प्रणालीको विकास गर्ने | १० | MT |
| ▪ प्राकृतिक प्रकोप तथा सम्भावित रोग तथा किराहरूको सामना गर्न एक प्रभावकारी प्रकोप सर्भिलेन्स प्रणालीको विकास गर्ने । | २५ | MT |
| ▪ आवश्यकताका आधारमा क्रमशः नवीन कृषि प्रविधिहरूको प्रयोग र यान्त्रिकिकरणलाई प्रोत्साहन गर्न मापदण्डका आधारमा कृषि यन्त्रमा निश्चित प्रतिशत अनुदान प्रदान गर्ने | १०० | Regular |
| ▪ कृषि पकेट क्षेत्र भएर जाने कृषि सडकहरूको स्तरोन्नती गर्ने | २,५०० | LT |
| ▪ कृषि क्षेत्रमा विद्यमान उर्जा सङ्कटलाई न्यूनिकरण गर्न प्राथमिकताका साथ ग्रामीण विद्युतिकरण गर्ने | ५० | ST |
| ▪ प्रविधि र विषादीको मापदण्ड सहित गाउँपालिकामा रोग तथा किरा नियन्त्रण सेलको स्थापना गर्ने | १५ | ST |
| ▪ सम्पूर्ण खेतीयोग्य जमिनमा सिँचाइको प्रबन्ध गर्न अल्पकालिन र दीर्घकालिन सिँचाई आयोजना सञ्चालन गर्ने | २,००० | LT |
| ▪ कृषि सामग्री तथा उपकरणहरूको उपलब्धता सुनिश्चित गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरी कृषि सामग्री केन्द्रको स्थापना गर्ने | ३० | MT |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ बीउ विजनको उन्नतीकरण तथा संरक्षण साथै जनावरहरूको नश्ल सुधार कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्न एक पूर्वाधारयुक्त कृषि प्रयोगशालाको स्थापना गर्ने | ५० | LT |
| ▪ हरेक किसानलाई सहज रूपमा प्राविधिक सहयोग पुऱ्याउने एक परामर्श केन्द्रको व्यवस्था गर्ने | १५ | MT |
| ▪ हरेक वडामा नमुनाको रूपमा प्राङ्गारिक/जैविक उत्पादन क्षेत्रको विकास गर्ने र त्यस्ता क्षेत्रबाट उत्पादन हुने बालीनालीहरूलाई छुट्टै प्याकेजिङ र ब्रान्डीङ् गरी सम्भावित बजारसम्म पुऱ्याउने संयन्त्रको विकास गर्ने | ३० | MT |
| ▪ जलवायु अनुकूलका बालीनालीहरूको उत्पादन वृद्धि गर्न गाउँपालिका केन्द्रमा प्रदेश तथा संघीय सरकारको जलवायु तथा मौसम विभागसँग समन्वय गरी अध्ययन केन्द्रको स्थापना गर्ने | ५० | LT |
| ▪ व्यावसायिक खेती गर्ने कृषकहरूको उत्पादनलाई सुरक्षित गर्न उपयुक्त स्थानमा गाउँपालिका स्तरीय १ चिस्यान केन्द्र निर्माण गर्ने | २०० | MT |
| **(ख) पर्यटन** | | |
| ▪ बृहद् पर्यटन गुरुयोजना निर्माण गरी लागु गर्ने | १० | ST |
| ▪ सिमान्तकृत र पिछडिएका वर्ग, महिला आदिको पर्यटन प्रबर्द्धन र आय आर्जनमा सहभागिता सुनिश्चित गर्न सम्भाव्य स्थानमा पर्यटन विकास सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गर्ने | १० | ST |
| ▪ आन्तरिक पर्यटन प्रवर्द्धनलाई जोड दिन **"घुमौ हाम्रै ठाउँ"** भन्ने अभियान सञ्चालन गर्ने | ५ | ST |
| ▪ पर्यटन उद्योगहरूलाई सेवाको आधारमा वर्गीकरण गर्ने (ठूला, मझौला र साना गरी) | | ST |
| ▪ महत्वपूर्ण पर्यटन स्थानहरुमा अन्तराष्ट्रिय र राष्ट्रिय लगानी आकर्षित गर्न निजी क्षेत्रसँग अन्तक्रिया गर्ने | १५ | Regular |
| ▪ पर्यटन सम्बन्धी मझौला र साना उद्योगहरूमा राष्ट्रिय लगानीकर्ताहरूलाई आकर्षण गर्न लगानी सम्मेलन आयोजना गर्ने | १५ | ST/LT |
| ▪ पर्यटन सम्बन्धी सूचना व्यवस्थापन तथा तथ्याङ्क सङ्कलन प्रभावकारी बनाउने | ५ | Regular |
| ▪ गाउँपालिकाले सहजकर्ता र नियामक निकायको भूमिका निर्वाह गरी निजी क्षेत्रलाई पर्यटन उद्योगमा व्यापक प्रोत्साहित गर्न राष्ट्रिय र स्थानीय पत्रकारहरुसँग अन्तकृया गर्ने | १० | Regular |
| ▪ आधुनिक सूचना प्रणालीको उपयोग गरी यूट्युब तथा वेब साइट मार्फत पर्यटन बजारको विकास गर्ने | १ | ST |
| ▪ पर्यटन सुरक्षाको सुनिश्चितता गर्न संघीय सरकारको समन्वयमा आवश्यक स्थानमा सुरक्षा निकाय स्थापना गर्ने | | MT |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ गाउँपालिकाका सम्पूर्ण पर्यटकीय क्षेत्रको विवरण समेटेको Brochure तयार पारी वितरण गर्ने | ३ | ST |
| ▪ गाउँपालिकाको website मा पर्यटन सम्बन्धी सम्पूर्ण सूचना राख्ने | | ST |
| ▪ स्थानीय सञ्चार माध्यमका साथै राष्ट्रिय सञ्चार माध्यममा पर्यटनको नियमित प्रचारप्रसार गर्न वर्षमा एक पटक पत्रकार सम्मेलन गर्ने | ३० | ST |
| ▪ स्थानीय परिकारका मेनु सहित बसोबासको प्रबन्ध र यातायातको रुटको व्यवस्था गर्ने | १५ | ST |
| ▪ सम्भाव्य पर्यटकीय क्षेत्रको विवरण र मूल्य सूची सहित पुस्तिका तयार गरी प्रंकाशन गर्ने | २ | ST |
| ▪ जल पर्यटन, धार्मिक पर्यटन, साहसिक पर्यटन अन्तर्गत Cycling, Paragliding, बन्जी, ट्रेकिङ, पर्यापर्यटन, योगा तथा ध्यान केन्द्र आदि सञ्चालन गर्न निजी क्षेत्रसँग सहकार्य गर्न नियमित अन्तकृया गर्ने | २० | Regular |
| ▪ गाउँपालिकाभर सञ्चालन हुन सक्ने ट्रेकिङ रुटको अध्ययन गर्ने | ५ | ST |
| ▪ निजी क्षेत्रसँग साझेदारी गरी ती स्थानहरूमा आउने पर्यटक सङ्ख्याको कम्तीमा ५० प्रतिशतलाई बन्दोवस्ती हुनेगरी होटल, रेष्टुरेन्ट तथा लजको व्यवस्था गर्ने | ५० | MT |
| ▪ सम्भावित स्थलहरूमा केवलकार सञ्चालनको लागि निजी क्षेत्रसँग समन्वय गरी सम्भाव्यता अध्ययन गर्ने | १० | ST |
| ▪ सबै साहसिक पर्यटनका सम्भावनाहरूको सम्भाव्यता अध्ययन गर्ने | ५ | ST |
| ▪ विभिन्न नदी तथा खोलाहरूको बगर क्षेत्रमा Camping, Resort तथा Beach Volleyball को सम्भाव्यता अध्ययन गर्ने | ५ | ST |
| ▪ जनजातिहरूको बस्ती सघन भएका क्षेत्रहरूमा Home Stay सञ्चालन गर्न अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने | ३० | Regular |
| ▪ गाउँपालिकामा कम्तीमा एउटा ३ स्टार होटल खोल्नको लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्न लगानीका लागि अन्तरक्रिया गर्ने | ५० | LT |
| ▪ मुख्य पर्यटकीय स्थलहरूमा वार्षिकरूपमा सञ्चालन गर्न सकिने कार्यक्रमहरूको क्यालेन्डर निर्माण गरी प्रचारप्रसार गर्ने | १ | ST |
| ▪ राष्ट्रिय पर्व तथा अवसरमा विभिन्न संस्कृति झल्कने झाँकीहरू प्रदर्शन गर्ने | १५ | Regular |
| ▪ पर्यटन पूर्वाधार विकासमा वातावरणलाई मध्यनजर गरी दिगो रूपमा अगाडी बढाउने | ३० | Regular |
| ▪ स्थानीय कला संस्कृति झल्कने उत्पादन सम्बन्धी २ वटा विक्री केन्द्र स्थापना गर्ने | ३० | MT |
| ▪ आपतकालिन उद्धार संयन्त्रको विकास गर्ने | ३० | MT |
| ▪ आपत्कालिन स्वास्थ्य उपचार सेवाको प्रबन्ध गर्ने | ४५ | Regular |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ गाउँपालिकाका प्रमुख पहिचान भएका ट्रेकिङ रुटहरूमा जैविक पदमार्ग विकास गर्न सर्वे गरी क्रमशः पूर्वाधार विकास गर्ने | ३५० | LT |
| ▪ गाउँपालिकामा एक सम्पन्न पर्यटक सूचना केन्द्रको स्थापना गर्ने | १२० | LT |
| ▪ हरेक पर्यटकिय क्षेत्रलाई समेटेर पर्यटकिय गतिविधिहरु सम्बन्धी प्याकेज निर्माण गरी व्यापक प्रचार प्रसार गर्ने | १ | ST |
| ▪ आधारभूत स्वास्थ्य उपचार सेवा सुनिश्चित गर्न स्वास्थ्य केन्द्रलाई सुविधा सम्पन्न बनाउने | १५ | MT |
| ▪ आर्कषक पर्यटकिय क्षेत्रहरुमध्ये उत्कृष्टको पहिचान गरी चलचित्र र म्यूजिक भिडियो छायाँङ्कन क्षेत्रको रुपमा विकास गर्न सम्भाव्यता अध्ययन र डि.पि.आर तयार पर्ने | ३५ | MT |
| ▪ प्रत्येक पर्यटकीय स्थलसम्म पुग्ने सडकहरुको स्तरोन्नती गर्ने | | ST |
| ▪ पर्यटन व्यवसायमा लाग्न चाहने युवाहरुलाई पहिचान गरी नियमितरूपमा आधारभूत Hospitality तालिम सञ्चालन गर्ने | १५ | Regular |
| ▪ पर्यटकलाई आर्कषण गर्न वडा स्तरीय नृत्य, गीत, वाद्यवाधन टोली तथा ब्यान्डहरु निर्माण गर्न कला तथा साँस्कृतिक समिति गठन गरी नियमित अभ्यास संचालन गर्न अनुदान प्रदान गर्ने | ४५ | Regular |
| **(ग) उद्योग** | | |
| ▪ उद्योगमा लगानी गर्न आवश्यक पूँजीका लागि लगानीकर्ताहरूलाई आकर्षित र पहिचान गर्न गाउँपालिकास्तरीय लगानी सम्मेलनको आयोजना गर्ने | १५ | Regular |
| ▪ गाउँपालिका भित्रका र गाउँपालिका बाहिरका दुवै प्रकारका लगानीकर्ताहरूलाई आकर्षित गर्न कर, जग्गा प्राप्ती तथा अन्य क्षेत्रमा विशेष सहुलियत प्रदान गर्ने | १५० | Regular |
| ▪ स्थानीय श्रोत र सीपमा आधारित साना, मझौला र ठूलास्तरका उद्योगहरू सञ्चालन गर्न विस्तृत सम्भाव्यता अध्ययन गरी Showcasing गर्ने | १५ | ST |
| ▪ भौतिक पूर्वाधार निर्माण गर्दा औद्योगिक पूर्वाधार विकाससँग जोडेर प्राथमिकता निर्धारण गर्ने । उदाहरणका लागि कुनैपनि कृषि सडकले औद्योगिक क्षेत्रलाई समेत जोड्दछ भने त्यसप्रकारको सडकको स्तरोन्नतीलाई उच्च प्राथमिकता दिने | | ST |
| ▪ कृषि पकेट क्षेत्रको विकास गर्दा विशेष कृषि उपज प्रशोधन तथा प्याकेजिङसँग सम्बन्धित उद्योगहरूको समेत विकास गर्न विशेष आर्थिक क्षेत्र (Special Economic Zone) को समेत सम्भाव्यता अध्ययन गरी संघीय सरकारसँग सहयोग माग गर्ने | ५ | MT |
| ▪ अन्तर गाउँपालिका स्तरीय उद्योगमा सामुहिक प्रयासबाट उद्योगहरूको स्थापना गर्न छिमेकी गाउँपालिका वा नगरपालिकासँग समन्वय गर्ने | १ | ST |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ उद्योगहरूको स्थापना गर्नुपूर्व अनिवार्य रुपमा सम्भावित बजार, उपभोक्ताको रुची र चाहना, मागको अवस्था, मूल्य आदि बारे विस्तृत अध्ययन गर्ने । यस प्रकारका अध्ययन गरी यथार्थ प्रतिवेदनहरू प्रकाशन गरी माथि उल्लेखित Showcasing Project को विस्तृत विवरणमा समावेश गर्न गाउँपालिकाले विशेष कार्यक्रम सञ्चालन गर्ने | १० | ST |
| ▪ विदेशी ठुला लगानीकर्ताहरूलाई आकर्षित गर्न प्रदेश, संघीय सरकार तथा विकास साझेदारहरूसँग नियमित अन्तरक्रिया र समन्वय गर्ने | ५ | ST |
| ▪ गाउँपालिका भित्रका तुलनात्मक लाभका क्षेत्रहरू पहिचान गरी बढी सम्भाव्य क्षेत्रहरूलाई लगानीका लागि प्राथमिकिकरण गर्ने | १ | ST |
| ▪ उद्योगमा लगानीका क्षेत्रहरूको पहिचान गर्न गाउँपालिका तथा नगरपालिका भित्रका प्राध्यापक तथा कलेजमा स्नातकोत्तर अध्ययन गर्ने जेहेन्दार विद्यार्थीहरूको सहयोग लिई अनुसन्धान गराउन विशेष कोषको प्रबन्ध गर्ने | ५० | MT |
| ▪ गाउँपालिकामा जन्म भई हाल गैर आवासीय नेपालीहरू बनेका साथै विदेशमा अध्ययन र व्यवसायमा संलग्नहरूलाई विशेष अवसरमा गाउँपालिकाको औद्योगिक विकासमा सहभागी गराउन अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी उनीहरूलाई विशेष सहुलियतको घोषणा गर्ने | ५० | LT |
| ▪ उद्योग दर्ता र बहिर्गमन प्रक्रियालाई सरलिकृत गर्न कानुनी र नीतिगत सुधार गर्ने | | ST |
| ▪ गाउँपालिकाभित्र उत्पादन हुनसक्ने र उपलब्ध औद्योगिक कच्चा पदार्थको विस्तृत वैज्ञानिक अध्ययन गरी प्रोफाइल तयार गर्ने | ५ | ST |
| ▪ युवाहरूलाई उद्योगमा आकर्षित गर्न नियमितरुपमा अभिमुखिकरण तालिमहरू र सफल अभ्यास साथै सफल उद्यमीहरूलाई निम्त्याई अन्तरक्रिया गराउने । यसकालागि गाउँपालिकाले पात्रोको विकास गर्ने | ५ | ST |
| ▪ औद्योगिक जनशक्ति उत्पादन गर्ने शिक्षण संस्थाहरूलाई प्रवर्द्धन गर्ने र गाउँपालिकामा एउटा बहुप्राविधिक शिक्षालय स्थापना गर्ने | ५०० | LT |
| ▪ गाउँपालिकामा खानी र खनिजको उत्खनन् सम्बन्धी विस्तृत अध्ययन गराउने, त्यसमा रत्न, पत्थर तथा Semiprecious Stone को सम्भाव्यता समेत अध्ययन गर्ने | २५ | ST |
| ▪ गाउँपालिकामा सम्भाव्यता लघुउद्यमहरूको पहिचान गरी प्रत्येक वडामा नमूना लघुउद्यमहरू सञ्चालन गर्न गरीब परिवारहरूलाई संलग्न गराउने | १०० | Regular |
| ▪ **"एक वडा एक उत्पादन"** कार्यक्रमहरूलाई गाउँपालिका गौरवका आयोजनामा समावेश गरी विशेष प्राथमिकता दिने | १२ | ST |
| ▪ गाउँपालिकामा एउटा विशेष औद्योगिक क्षेत्र निर्धारण गर्ने | ५ | ST |
| ▪ प्रत्येक उत्पादनको प्रमुख उद्देश्य गाउँपालिका बाहिरको बजारमा निर्यात गर्ने रणनिति अवलम्बन गर्ने र बजारिकरणमा उत्पादकहरूलाई सहयोग गर्ने | ३० | ST |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ गाउँपालिका भित्र पाइने जडिबुटीको व्यावसायिक उत्पादन गर्न समूह कृषक वा व्यक्तिगत लगानीलाई उच्च प्राथमिकता दिई प्रशोधन उद्योगहरू सञ्चालन गर्न लगानीकर्ताहरू पहिचान गरी अन्तरक्रिया गर्ने | १ | ST |
| ▪ एक गाउँपालिका स्तरीय औद्योगिक उत्पादन विक्री केन्द्रको स्थापना गर्ने | २० | ST |
| ▪ औद्योगिक प्रदर्शनी तथा मेलाहरूको आयोजना गर्न वार्षिक पात्रो तयार गर्ने | १ | ST |
| ▪ स्थानीय औद्योगिक उत्पादनको विश्वस्तरीय गुणस्तर कायम गर्न एक गुणस्तर मापन केन्द्रको स्थापना गर्ने | ५० | MT |
| ▪ प्रत्येक उत्पादनको विशेष लोगो र ब्रान्डीङ गरी अन्तराष्ट्रिय बजारमा पुऱ्याउन संयन्त्रका निर्माण गरी विशेष अध्ययन र अनुसन्धान गर्ने | १५ | Regular |
| ▪ औद्योगिक उत्पादनको लागत घटाउन सूचना प्रविधि तथा नविनतम प्रविधिको नियमित अध्ययन गर्न गाउँपालिकास्तरीय एक औद्योगिक अनुसन्धान केन्द्रको स्थापना गर्ने | १०० | LT |
| ▪ पूँजी, लगानीकर्ता, औद्योगिक क्षेत्र, कच्चा पदार्थ, बजार, सडक, यातायात, उर्जा, जनशक्ति सुरक्षा र मागको विस्तृत अध्ययन गर्न अनिवार्य रुपमा विज्ञहरूको परामर्श लिने वा औद्योगिक अनुसन्धान केन्द्रमा त्यसको अध्ययन गर्ने प्रवन्ध गर्ने । अनुसन्धान केन्द्रको स्थापना हुनु पूर्व स्थानीय विद्यार्थी, अनुसन्धानकर्ता तथा प्राध्यापकहरू सम्मिलित विशेष टोलीको निर्माण गरी अध्ययन अनुसन्धानका लागि बजेटको नियमित व्यवस्था गर्ने | ४५ | ST |
| ▪ हाल गाउँपालिका भित्र सञ्चालित उद्योगहरूको विकास र विस्तार गर्न गाउँपालिकाको विशेष पहल र बजेटमा नियमित तालिमहरू सञ्चालन गर्ने | १५ | Regular |
| ▪ लघु उद्यमलाई गरीबी निवारणसँग जोडेर निश्चित सङ्ख्यामा उद्यमीहरू उत्पादन गर्न सघनरूपमा नियमित तालिमहरू सञ्चालन गरी कर्जा सेवालाई सरलिकृत गर्न बैङ्क तथा वित्तीय संस्थाहरूसँग गाउँपालिकाले समन्वय गर्ने | ५ | ST |
| ▪ सहकारी क्षेत्रको लगानीलाई उद्योगमा आकर्षित गर्न विशेष अभियान सञ्चालन गर्ने | १५ | ST |
| ▪ गाउँपालिकास्तरीय औद्योगिक सूचना केन्द्रको स्थापना गर्ने | ४५ | MT |
| ▪ स्थानीय सञ्चार माध्यमहरूमा औद्योगिक सूचना सम्प्रेषण गर्न नियमित कार्यक्रमहरू सञ्चालन गर्ने | १५ | Regular |
| ▪ वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको लगत तयार गरी उनीहरूको सीपलाई देशमै प्रयोग गर्न नियमित अन्तरक्रिया कार्यक्रम आयोजना गरी सरल कर्जाको व्यवस्था गर्ने | ५ | ST |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ स्थानीयस्तरमा उपलब्ध छाला, वेतबाँस, लोक्ता, जुट आदिबाट निर्मित वस्तुहरूको उद्योगहरू स्थापना गर्न व्यक्तिगत तथा सामूहिक लगानी प्रबर्द्धन गर्न अन्तरक्रिया गर्ने | १ | ST |
| ▪ उद्योग स्थापना गर्दा सुरुमा लगानी गर्न आवश्यक Venture Capital को प्रबन्ध गर्न वित्तीय संस्थाहरूसँग मिलेर विशेष प्रबन्ध गर्ने | १०० | LT |
| ▪ महिलाको नाममा उद्योग दर्ता गर्दा लाग्ने दस्तुरमा ३५ प्रतिशत छुट दिने | १५ | Regular |
| ▪ महिला उद्यमी विकासका लागि नियमित अन्तरक्रिया र तालिम सञ्चालन गर्ने | १५ | Regular |
| ▪ गाउँपालिकास्तरीय महिला उद्यमशिलता विकास कोषको स्थापना गरी सञ्चालन कार्यविधि निर्माण गर्ने | ५० | LT |
| ▪ महिला कामदार तथा महिला सेवाग्राहीको हित संरक्षण गर्न सबै प्रकारका लैङ्गिक हिंसा र महिला हिंसा अन्त्य गर्न कडा निर्देशिका बनाई लागु गर्ने | | ST |
| ▪ स्थानीय श्रोत र साधनमा आधारित उद्योगहरूको सम्भावना अध्ययन गर्न उद्योग वाणिज्य क्षेत्र सम्मिलित समूहसँग नियमित छलफल अन्तरक्रिया र गोष्ठी सञ्चालन गर्ने | १० | ST |
| ▪ प्रत्येक वडामा साना तथा मझौला उद्योग खोल्न चाहने व्यवसायी र उद्यमीहरूसँग नियमित अन्तरक्रिया गरी लगानी मैत्री वातावरण निर्माण गर्ने | १० | ST |
| ▪ अपाङ्ग, महिला, दलित, सीमान्तकृत तथा विपन्न परिवार वा समूहलाई ५ लाख बराबरको उद्यम सञ्चालन गर्न ५० प्रतिशतसम्म अनुदान दिने | ५० | ST |
| ▪ सहकारी क्षेत्रलाई उद्योगमा लगानी गर्न तालिम तथा अन्तरक्रिया सञ्चालन गर्ने | १५ | ST |
| ▪ स्थानीय ज्ञान, सीप, कला संस्कृति तथा मौलिकतामा आधारित उद्योग सञ्चालन गर्न अनुदान तथा सुलभ कर्जाको व्यवस्था गर्ने | ५० | ST |
| ▪ वार्षिक रूपमा स्थानीय औद्योगिक तथा व्यापारिक मेला र प्रदर्शनी आयोजना गर्ने | ७५ | Regular |
| ▪ उद्योग व्यवसाय कोष स्थापना गरी बेरोजगार युवालाई उद्योग व्यवसाय सञ्चालनका लागि प्रोत्साहन गर्न प्रमाणपत्रको आधारमा ऋण तथा सहुलियत कर्जा प्रदान गर्ने | ७५० | ST |
| ▪ कृषि उपज तथा जडीबुटीमा आधारित साना तथा मझौला उद्योगलाई प्रोत्साहन गर्न ३० प्रतिशत अनुदान दिने | ५० | MT |
| ▪ कृषिमा आधारित उद्योग खोल्न किसान तथा उद्यमीलाई प्रोत्साहन गर्न ३० प्रतिशतसम्म अनुदान दिने | ५० | MT |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ व्यापार र वाणिज्यको विकास गर्न हाल विकास भइरहेका बजार केन्द्रहरूमा स्थानीय उपज सङ्कलन केन्द्र स्थापना गर्न आवश्यक सेड तथा भवन निर्माण अगाडी बढाई सस्तो बहाल विटौरी कर लागु गर्ने | ७० | MT |
| (घ) **बैंक, वित्तीय संस्था तथा सहकारी** | | |
| ▪ **"गाउँगाउँमा सहकारी घरघरमा रोजगारी"** अभियानलाई सफल बनाउन प्रत्येक टोलमा समिति गठन गरी सहकारी सम्बन्धी नियमित तालिम र अन्तरक्रिया सञ्चालन गर्ने | १५ | ST |
| ▪ कृषि सहकारीलाई विशेष अनुदानको प्रबन्ध गर्ने | ६०० | LT |
| ▪ उद्योगमा लगानी गर्ने सहकारीलाई विशेष प्रोत्साहन गर्ने (दर्ता तथा कर छुट दिने) | १५ | MT |
| ▪ सहकारीहरूलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न निर्देशित विशेष तालिम तथा अन्तरक्रिया सञ्चालन गर्ने | १५ | ST |
| ▪ बचत गर्ने बानी बसाउन हरेक परिवारलाई सहकारी तथा बैङ्कमा खाता खोल्न प्रोत्साहित गर्ने अभियान सञ्चालन गर्ने | १५ | ST |
| ▪ बैङ्कहरूको शाखा बिस्तारमा सहयोग पुऱ्याउन मुख्य बजार केन्द्र र सो वरपरका बासिन्दाहरूलाई बैङ्कमा खाता खोल्न घुम्ती अभियान सञ्चालन गर्ने | ३० | ST |
| ▪ गाउँपालिकाका सबै आर्थिक गतिविधिहरू बैङ्कमार्फत सञ्चालन गर्ने | | ST |
| ▪ सबै गाउँपालिकावासीको बैङ्क खाता सञ्चालन गर्नको लागि विपन्न नागरिकहरूको खाता खोल्न अनुदान सहयोग गर्ने | ५ | ST |
| ▪ प्रत्येक वडा केन्द्र तथा बजार तथा व्यापारिक केन्द्रहरूमा राष्ट्रिय स्तरका वाणिज्य बैङ्क, वित्तीय संस्था तथा सहकारीहरूका शाखा तथा कार्यालयहरू स्थापना गर्न सहजीकरण गर्ने तथा उचित वातावरण मिलाउने | | ST |
| ▪ सहकारी क्षेत्रलाई व्यवस्थित र उत्पादनमूखी बनाउन सहकारी संस्थाको दर्ता, नियमन, अनुगमन, दर्ता, खारेजी, विघटन, कार्यक्षेत्रको विस्तार, कार्यक्षेत्र संकुचन, लिक्विडेसन सम्बन्धी कार्यविधि निर्माण गरी लागु गर्ने | २ | ST |
| ▪ गाउँपालिकाका सबै वडाकेन्द्र तथा मुख्य बजारकेन्द्रहरूमा सम्पूर्ण सुविधासम्पन्न बैङ्क, वित्तीय संस्था तथा सहकारीहरूको बिस्तार गर्नका लागि सहजीकरण गर्ने | | |
| ▪ **"सहकारी खोलौं, स्वरोजगार बनौं"** अभियानलाई सफल बनाउन प्रत्येक टोलमा सहकारी सम्बन्धी नियमित तालिम र अन्तरक्रिया सञ्चालन गर्ने र गाउँपालिकावासीलाई सहकारीमा आबद्ध हुनका लागि प्रोत्साहित गर्ने | ४५ | Regular |

## ५.३ सामाजिक विकास योजना

कुनै पनि स्थानको सम्पूर्ण भौतिक पूर्वाधारको विकास सम्पन्न भई आर्थिक समृद्धि समेत हासिल भैसकेको अवस्थामा समेत सामाजिक विभेद, अन्याय, अत्याचार, बेमेल, आपराधिक क्रियाकलाप, अनैतिकता, थिचोमिचो वा भेदभाव विद्यमान रहेको समाजलाई खुशी, सुखी र सम्पन्न समाज भनेर परिभाषित गर्न सकिँदैन । भौतिक विकास सँगसँगै शैक्षिक, राजनैतिक, सांस्कृतिक र सामाजिक विकास भएको समाजलाई नै साँचो अर्थमा विकसित समाज भन्न सकिन्छ । यस्तो समाजमा शान्ति, मेलमिलाप, सौहार्दता, सहिष्णुतार आपसी सहयोगको वातावरण हुन्छ । **नेपाल सरकार, राष्ट्रिय योजना आयोगले २०७५** मा तयार पारेको **"नेपालको दीर्घकालीन सोच-२१०० (वि.सं. २०४३)"** विषयक अवधारणा पत्रमा उराटा एट अल (२०१२) लाई उद्मृत गर्दै कुल राष्ट्रिय सुखी(खुशी) (Gross National Happiness) को बारेमा उल्लेख गरिएको छ । GNH सुचकाङ्कमा सुखका ९ वटा आयाम: मनोवैज्ञानिक स्वस्थता (Psychological Wellbeing), स्वास्थ्य, समयको प्रयोग, शिक्षा, सांस्कृतिक विविधता तथा उत्थानशीलता, सुशासन, सामुदायिक क्रियाशिलता (Vitality), पर्यावरणीय विविधता तथा उत्थानशीलता तथा जीवनस्तर र अन्य थप ३३ वटा सूचकहरूको प्रयोग र परिभाषा गरिएको छ । भुटानले विकासको स्तर मापन गर्न यो सूचकाङ्कको प्रयोग गर्दै आएको छ । त्यसैगरी विश्व सुखीपना प्रतिवेदन (World Happiness Report (2017) ले प्रतिव्यक्ति कूल गार्हस्थ्य उत्पादन, सामाजिक सहयोग, स्वस्थ औसत आयु, जीवनका छनौटको स्वतन्त्रता, सहयोगी भावना, भ्रष्टाचारप्रतिको अनुभूति लगायतका सूचकका आधारमा विश्वका मुलूकहरूको सुखीपनाको मापन तथा क्रम निर्धारण गरेको छ । सो अनुसार सन् २०१८ मा नेपाल सुखी राष्ट्रको १०१ औं स्थानमा रहेको छ । ( हेलिबेल, लयार्ड र स्याक्स, २०१८)

सुखीपनाको सन्दर्भ कुनै पनि स्थानको सामाजिक विकाससँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ । यसमा भौतिक लगायत वैयक्तिक विकास, शान्ति, स्वतन्त्रता, मेलमिलाप र सहयोग र यी पक्षहरूले सिर्जना गरेको परिस्कृत र सभ्य समाजको परिकल्पना गरिएको हुन्छ । हरेक समाज विविधतायुक्त हुन्छ । हरेक व्यक्ति आफैमा फरक प्रकृतिको हुन्छ । त्यसमा समाजले सिर्जना गरेका जात, वर्ग, समुदाय, सम्प्रदाय लैङ्गिकता आदि आयामहरू हुन्छन् । यस्ता फरकपना बीच व्यक्ति-व्यक्ति वा सामाजिक इकाइहरू मिलेर बस्नुपर्ने हुन्छ । सामाजिक विकासले विविधताबीच यस प्रकारको मेलमिलापयुक्त सामाजिक सौहार्दता कायम गर्दछ । यो अवस्था समग्र विकासको अहम् पाटो हो । कालिमाटी गाउँपालिकाको सामाजिक विकास योजनाले निम्न विषयहरूलाई समेटेको छ ।

- ✓ शिक्षा
- ✓ स्वास्थ्य
- ✓ संस्कृति
- ✓ लैङ्गिक, भाषिक, धार्मिक, जातीय, क्षेत्रीय लगायतका समानता, सामाजिक समावेशीकरण र मूल प्रवाहिकरण
- ✓ शान्ति सुरक्षा
- ✓ खेलकुद तथा मनोरञ्जन
- ✓ शवदाह स्थल तथा चिहान व्यवस्थापन

| | |
|---|---|
| **सोचः** | "कालिमाटीको सांस्कृतिक पहिचान- सह-अस्तित्व, मेलमिलाप, सम्मान शान्ति र सामाजिक सौहार्दता" |
| **लक्ष्यः** | बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गर्दै विविधताबीचको एकता, सामाजिक र सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई कायम राख्ने एवम् प्रबर्द्धन गर्ने तथा वर्गीय, जातीय, क्षेत्रीय, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका भेदभावको अन्त्य गरी सहअस्तित्व, समानता र सामाजिक न्यायमा आधारित सुखी समाजको निर्माण गर्ने । |

### ५.३.१ उद्देश्यहरू

- ✓ सम्पूर्ण सामाजिक पूर्वाधारयुक्त समाजको निर्माण गर्ने ।
- ✓ आगामी १५ वर्षमा शिक्षा क्षेत्रको विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने स्तरका व्यवहारिक ज्ञान तथा विज्ञान र प्रविधिले युक्त नागरिकहरू तयार पार्ने ।
- ✓ निरक्षरता पूर्णरूपमा उन्मूलन गर्ने ।
- ✓ आधारभूत तहदेखि विश्वविद्यालय स्तरसम्मको अध्ययनको सुविधा गाउँपालिकामै उपलब्ध गराउने ।
- ✓ संविधानले सुनिश्चित गरेको **"सबैका लागि शिक्षा"** भन्ने अवधारणालाई साकार बनाउने ।
- ✓ स्थानीय आवश्यकता र पहिचानको संरक्षण गर्नका लागि स्थानीय साधनस्रोत, ज्ञान, सीप र पहिचानमा आधारित पाठ्यक्रमको निर्माण गर्ने
- ✓ राष्ट्रप्रेम, मानवप्रेम र देशभक्तिपूर्ण भावनाले ओतप्रोत र श्रमको सम्मान गर्ने नैतिकवान र आदर्श नागरिक उत्पादन गर्ने
- ✓ प्रत्येक वर्ष वडा तथा गाउँपालिकास्तरीय शैक्षिक सम्मेलन तथा शैक्षिक मेलाको आयोजना गर्ने ।
- ✓ गाउँपालिकाका सबै विद्यालय तथा अन्य आवश्यक स्थानमा इन्टरनेट सहितको सुविधासम्पन्न पुस्तकालय स्थापना गर्ने ।
- ✓ वयस्क, प्रौढ तथा किशोरी शिक्षा सञ्चालन गरी आगामी ५ वर्षमा निरक्षरता उन्मूलन गर्ने ।
- ✓ शिक्षाको महत्वको बारेमा जनचेतना अभिवृद्धि गरी पठन संस्कृतिको विकास गर्ने ।
- ✓ गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि एक वृहत् शिक्षा गुरुयोजना निर्माण गरी शिक्षा गुरुयोजनाले तय गरेबमोजिमका योजना तथा कार्यक्रम लागु गरी समय सापेक्ष, व्यवहारिक, सीपयुक्त, प्राविधिक तथा व्यावसायिक शिक्षित जनशक्ति निर्माण गर्ने ।
- ✓ स्वस्थ नागरिक उत्पादन गर्न आधारभूत साथै विषेशज्ञ स्वास्थ्य सेवाको पहुँच बिस्तार र विकास गर्ने ।
- ✓ सामुदायिक तथा व्यक्तिगत स्वास्थ्य सुदृढ गर्न स्वास्थ्य शिक्षा तथा नागरिक सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।
- ✓ पोषण सुरक्षा, नियमित खोप, प्रजनन् स्वास्थ्य, मातृशिशु स्वास्थ्य, ज्येष्ठ नागरिक स्वास्थ्य, अपाङ्ग स्वास्थ्य, सामुदायिक स्वास्थ्य, वातावरण स्वास्थ्य आदिलाई सुदृढ बनाउने ।
- ✓ सम्पूर्ण पूर्वाधार तथा विशेषज्ञ सेवा सहितको स्वास्थ्य संस्था तथा अस्पतालको स्थापना गर्ने ।
- ✓ वैकल्पिक चिकित्सा तथा उपचार पद्धतिको विकासका लागि गाउँपालिकामा कम्तिमा एक एक वटा सुविधासम्पन्न आयुर्वेद अस्पताल र प्राकृतिक चिकित्सा केन्द्र स्थापना गर्ने

- ✓ आवश्यकता र सम्भाव्यताका आधारमा गाउँपालिकाका विभिन्न स्थानमा आधुनिक तथा सुविधासम्पन्न प्रयोगशाला तथा डाइग्नोष्टिक केन्द्र स्थापना गर्ने ।
- ✓ जटिल प्रकारका रोगबाट ग्रसित गरिब तथा विपन्न नागरिकलाई उपचारमा सहयोग पुऱ्याउने ।
- ✓ गाउँपालिकाका सबै वडामा अनिवार्य स्वास्थ्य बिमा लागु गर्ने ।
- ✓ सबै भाषा, धर्म, सम्प्रदाय, जातजातिको मौलिक तथा बौद्धिक सम्पत्तिको संरक्षण गर्ने ।
- ✓ सम्पूर्ण बौद्धिक सम्पदाको संरक्षण गरी मौलिक सम्पदाको राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार गर्ने ।
- ✓ गाउँपालिकामा रहेका लेखक, कलाकार, गायक, गायिका, वाद्यवादन सामग्री लगायत सांस्कृतिक सम्पत्तिहरूको संरक्षण, प्रवर्द्धन र विकास गर्ने
- ✓ लैङ्गिक विभेदमुक्त समाजको निर्माण गर्ने
- ✓ जातीय, भाषिक, शारीरिक अवस्था, लैङ्गिकता आदिका आधारमा गरिने सबै प्रकारका भेदभावमुक्त समाजको निर्माण गर्ने
- ✓ सांस्कृतिक विविधताबीच सामाजिक एकता कायम गर्ने ।
- ✓ भाषिक, धार्मिक, लैङ्गिक, जातीय लगायतका सबै प्रकारका भेदभावमुक्त समाजको निर्माण गर्ने ।
- ✓ अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको मूल प्रवाहिकरण गर्ने ।
- ✓ सामाजिक न्यायपूर्ण समाजको निर्माण गर्ने ।
- ✓ समाजमा पूर्ण शान्ति सुव्यवस्था तथा अमनचयन कायम गर्ने ।
- ✓ खेलकूद क्षेत्रको विकास गरी खेलाडी र खेलक्षेत्रको प्रबर्द्धन गर्ने ।
- ✓ प्राथमिकताका आधारमा खेलकुद पूर्वाधारहरूको विकास गर्ने ।
- ✓ गाउँपालिकामा रहेका शवदाह स्थल तथा चिहानको व्यवस्थापन गर्ने र आवश्यकताका आधारमा थप निर्माण गर्ने ।
- ✓ प्रत्येक वडामा किरियापुत्री भवनको निर्माण गर्ने ।
- ✓ विभिन्न जातजाति तथा समुदायहरूको आफ्नो रीति रिवाज र परम्परा अनुसारका मृत्यु संस्कार तथा अन्य संस्कारहरूको लागि आवश्यक जमिनको व्यवस्थाका साथै पूर्वाधारहरूको व्यवस्था गर्ने ।

### ५.३.२ योजना तथा कार्यक्रमहरू

#### (क) शिक्षा

विकासको प्रमुख संवाहक मानव संसाधन नै हो । दक्ष र विवेकशिल मानव संसाधनको पूर्ण विकास भएको समाज मरुभूमि नै भएपनि विकास भएको र मानव संसाधन अदक्ष र कमजोर भएको समाजमा अपार प्राकृतिक स्रोत र सम्पदाहरू भएपनि चरम गरिबी, अविकास, पछौटेपन र विषम राजनैतिक अस्थिरताका बीचमा गुज्रनु परेको यथार्थता हाम्रा सामु छ । नेपालको वर्तमान अवस्था समेत अपार प्राकृतिक सम्पदाको हिसाबले सम्पन्न भएतापनि कमजोर मानव संसाधनका कारण पछि पर्नु परेको अवस्था हो । मानव संसाधन विकासको पहिलो आधारभूत शर्त नै वैज्ञानिक, व्यवहारिक, प्राविधिक र समय सापेक्ष उचित शिक्षा नै हो । समय, अवस्था र देशको माग अनुसारको जनशक्ति तयार गर्न सोही अनुरूपको शिक्षा प्रदान

गर्नुअति आवश्यक छ । द्रुत विकासको आजको युगमा समेत कालिमाटी गाउँपालिकाको साक्षरता दर राष्ट्रिय जनगणना, २०६८ अनुसार ६५.०१ प्रतिशत मात्र रहेकोले गाउँपालिकाको शैक्षिक तथा सामाजिक विकासको अवस्था कहालीलाग्दो रहेको यथार्थता प्रष्ट हुन्छ । यसमा पनि पुरुषको साक्षरता दर ७४.९० प्रतिशतका तुलनामा महिला साक्षरताको दर ५५.४ प्रतिशत मात्र रहेको छ । पुरुष र महिलाको साक्षारता दरमा लगभग १९.२६ प्रतिशतको फरक देखिन्छ। उपयुक्त शैक्षिक वातावरणको सिर्जनामार्फत् निरक्षरता उन्मूलन लगायत दक्ष, प्राविधिक र व्यावसायिक जनशक्ति उत्पादनगर्न समयमै अत्यन्त प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । समग्र शिक्षा क्षेत्रको विकासका लागि गाउँपालिकाले सर्वप्रथम समग्र शैक्षिक पूर्वाधारहरूको विकास गर्नुपर्दछ। शैक्षिक पूर्वाधार अन्तर्गत निम्न विषयहरू पर्दछन् ।

- ✓ बालबालिका, छात्रा तथा अपाङ्गमैत्री विद्यालयहरूका भौतिक पूर्वाधार (सुरक्षित विद्यालय भवनहरू)
- ✓ दक्ष तथा अनुभवी विषयगत शिक्षकको प्रबन्ध
- ✓ विद्यार्थी अनुपात अनुसार शिक्षक तथा विद्यालयको व्यवस्था
- ✓ भौगोलिक क्षेत्रका आधारमा विद्यालयहरूको स्थापना तथा वितरण
- ✓ बालमैत्री वातावरणमा शिक्षा हासिल गर्ने वातावरण
- ✓ पुस्तकालय तथा पाठ्य पुस्तकको उपलब्धता
- ✓ कापी, कलम, झोला लगायत अन्य शैक्षिक सामग्रीहरूको प्रबन्ध
- ✓ उपयुक्त शिक्षण पद्धती
- ✓ प्रतिभा प्रस्फुटन तथा सह-शैक्षिक क्रियाकलापहरू
- ✓ अतिरिक्त क्रियाकलाप तथा पूर्वाधारको प्रबन्ध
- ✓ खेलकुद मैदान र खेल सामग्रीहरू
- ✓ नियमित पठनपाठनको व्यवस्था
- ✓ विज्ञान प्रयोगशाला
- ✓ कम्प्युटर ल्याब
- ✓ इन्टरनेट सेवा
- ✓ पोषिलो आहार (खाजा)
- ✓ विद्यालयसम्मको पहुँच
- ✓ विद्यार्थीहरूको घर निकटमा विद्यालयहरू
- ✓ स्वच्छ पिउनेपानी
- ✓ बालबालिका, छात्रा तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था
- ✓ प्राथमिक उपचार व्यवस्था र सामग्री
- ✓ विद्यार्थी मैत्री वातावरण
- ✓ शान्ति सुरक्षा
- ✓ बाल अधिकारको संरक्षण

आगामी १५ वर्षमा शैक्षिक विकासका लागि गाउँपालिकाले सञ्चालन गर्नुपर्ने कार्यक्रमहरू सङ्क्षेपमा यसप्रकार छन् ।

- ✓ विद्यार्थी भर्नादरलाई शत प्रतिशत पुऱ्याउने ।
- ✓ बिचैमा पढाई वा विद्यालय छाड्ने कारण पत्ता लगाई ती समस्याहरूको समाधान गरी पढाई वा विद्यालय छाड्ने अवस्थालाई शुन्यमा झार्ने ।
- ✓ विद्यालय र विद्यार्थी अनुपात हेरी नपुग विद्यालयहरू थप्ने ।
- ✓ समय सापेक्ष व्यवहारिक, व्यावसायिक, प्राविधिक जीवनोपयोगी र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने ।
- ✓ सबै विद्यालयहरूलाई सुविधासम्पन्न माध्यमिक विद्यालयको रूपमा स्तरोन्नति गर्ने ।
- ✓ प्राथमिकताका आधारमा सम्पूर्ण विद्यालयहरूलाई पूर्ण भौतिक पूर्वाधारयुक्तबनाउने ।
- ✓ विद्यालयमा नियमित पठनपाठन सुनिश्चित गर्ने ।
- ✓ दक्ष विषयगत शिक्षकको व्यवस्था गर्ने ।
- ✓ शैक्षिक क्यालेण्डर व्यवस्थित गरी पूर्ण रूपमा लागू गर्ने ।
- ✓ दलित, एकल महिला, अपाङ्ग तथा सीमान्तकृत विपन्न विद्यार्थीलाई पूर्ण रूपमा निःशुल्क पठन-पाठनको व्यवस्था सहित विशेष छात्रवृत्तिको व्यवस्था गर्ने ।
- ✓ दलित, एकल महिला, अपाङ्ग तथा सीमान्तकृत विपन्न नागरिकका सन्तानहरूलाई पूर्ण रूपमा निःशुल्क पठन-पाठनको व्यवस्था मिलाउने । (विशेष छात्रवृत्तिको व्यवस्था गर्ने)
- ✓ विद्यार्थी मैत्री वातावरण सुनिश्चित गर्ने ।
- ✓ उच्च शिक्षाको प्रबन्ध गर्न विश्वविद्यालयबाट सम्बन्धनप्राप्त कलेज स्थापना गर्न समुदाय र निजी क्षेत्रसँग सहकार्य गर्ने ।
- ✓ आवश्यकताका आधारमा शिक्षण पद्धतिलाई प्रविधि मैत्री बनाउने ।
- ✓ प्रत्येक वडामा बयस्क, प्रौढ तथा किशोरी शिक्षा लागु गर्ने ।
- ✓ प्रत्येक वडामा कम्तिमा १ वटा इन्टरनेट लगायतका सुविधासम्पन्न पुस्तकालय र वाचनालय स्थापना गर्ने ।
- ✓ गाउँपालिकाका कम्तिमा २ वटा विद्यालयलाई आधुनिक प्रविधीयुक्त प्राविधिक माध्यमिक विद्यालयको रूपमा विकास गर्ने ।
- ✓ निजी/संस्थागत विद्यालयहरूलाई नियमन गरी सामुदायिक विद्यालयको गुणस्तर वृद्धि गर्न संस्थागत विद्यालयसँग सहकार्य गर्ने ।
- ✓ संस्थागत विद्यालयहरूाई नियमित अनुगमन गरी उनीहरूसँग समग्र शिक्षा क्षेत्रको विकासका लागि सहकार्य गर्ने
- ✓ प्राविधिक, वैज्ञानिक, व्यवहारिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू पर्याप्त मात्रामा स्थापना गर्ने ।
- ✓ गााउँपालिकाभरमा कम्तिमा १ वटा प्राविधिक तथा व्यावसायिक शिक्षा दिने शिक्षालय स्थापना गर्ने ।
- ✓ समय सापेक्ष र स्थानीय आवश्यकता सुहाउँदो स्थानीय ज्ञान, सीप, कलाको प्रबर्द्धन गर्नेपाठ्यक्रम तयार गरी विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने शैक्षिक स्तर कायम गर्ने ।

- ✓ "पहुँचयुक्त, प्राविधिक, व्यावसायिक, व्यवहारिक र गुणस्तरीय शिक्षा आजको आवश्यकता" भन्ने नारालाई साकार बनाउने ।
- ✓ राष्ट्रिय चरित्र, नैतिकता तथा व्यवहार साथै शिष्टाचार सम्बन्धी शैक्षिक कार्यक्रम तयार गरी राष्टियता, राष्ट्रप्रेम तथा देशभक्ति भावनाले ओतप्रोत र श्रमको सम्मान गर्ने उच्च आदर्शवान, चरित्रवान, नैतिक र गुणवान नागरिक उत्पादन गर्ने
- ✓ गाउँपालिकाबाट मेडिसिन वा इन्जिनियरिङ, कम्प्युटर विज्ञान, कृषि, जे. टी., जे. टि. ए., वन विज्ञान लगायत अन्य प्राविधिक र व्यावसायिक विषय पढ्ने जेहेन्दार विद्यार्थीलाईविशेष छात्रवृत्तिको व्यवस्था गरी गाउँमा सेवा गर्ने प्रावधान राख्ने ।
- ✓ मापदण्डका आधारमा प्राविधिक विषयको तयारी कक्षा अध्ययन गर्नका लागि विशेष छात्रवृत्ति प्रदान गर्ने ।
- ✓ माध्यमिक विद्यालयमा कृषि शिक्षा लागु गर्ने ।
- ✓ प्रत्येक वडामा नियमित रूपमा कृषक पाठशाला सञ्चालन गर्ने ।
- ✓ विद्यालयलाई शान्ति क्षेत्र कायम गर्ने ।
- ✓ विद्यार्थीसँग स्थानीय सरकार कार्यक्रम सञ्चालन गर्ने ।
- ✓ गाउँपालिकाका दुर्गम क्षेत्रका विद्यार्थीहरूलाई निश्चित विद्यालयमा पूर्वाधारको विकास गरी आवासीय शिक्षाको प्रबन्ध मिलाउने ।
- ✓ सरकारी सेवामा जान चाहने विद्यार्थीका लागि नियमित तयारी कक्षाको प्रबन्ध गर्ने ।
- ✓ पूर्वीय दर्शन र सभ्यता सम्बन्धी अध्ययन केन्द्र स्थापना गर्ने ।
- ✓ विद्यालयको शैक्षिक उपलब्धीको आधारमा पुरस्कार र प्रोत्साहनको व्यवस्था गर्ने ।
- ✓ शिक्षक-शिक्षिकाहरूका लागि नियमित तालिमको व्यवस्था गर्ने ।
- ✓ विद्यालयहरूमा नियमित रूपमा सिर्जनात्मक तथा अतिरिक्त क्रियाकलापहरूको व्यवस्था गर्ने ।
- ✓ वैज्ञानिक अनुगमन तथा मूल्याङ्कन प्रणाली लागु गर्ने ।
- ✓ नियमित अतिरिक्त क्रियाकलापहरू सञ्चालनका लागि वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गर्ने ।

### (ख) स्वास्थ्य

स्वस्थ नागरिक बिना कुनै पनि देश तथा समाजको विकासको परिकल्पना समेत गर्न सकिँदैन । स्वास्थ्य नै धन हो र स्वास्थ्य मानव संसाधन विकासको उत्तिकै महत्वपूर्ण पाटो हो । स्वास्थ्यले शारीरिक मात्र नभएर मानसिक, संवेगात्मक र सामाजिक रूपमा स्वस्थ नागरिक भन्ने बुझाउँछ । तसर्थ गाउँपालिकाको समग्र स्वास्थ्य विकासको लागि सर्वप्रथम स्वास्थ्य सम्बन्धी आधारभूत पूर्वाधारको विकास हुनु अत्यावश्यक छ । गाउँपालिकाको समग्र स्वास्थ्य सेवाको अवस्था हालसम्म अत्यन्तै कमजोर अवस्थामा छ । सामान्य स्वास्थ्य चौकी बाहेक यहाँ आधुनिक स्वास्थ्य पूर्वाधार, स्वास्थ्य सामग्री र विशेषज्ञ सेवायुक्त स्वास्थ्य संस्था वा अस्पताल छैनन् । यसर्थ गाउँपालिकाको स्वास्थ्य स्थिति सुधार गर्न आधारभूत तहबाटै काम गर्नुपर्ने हुन्छ । स्वास्थ्य क्षेत्रको विकासको लागि संक्षेपमा निम्न कार्यक्रमहरू गर्नुपर्ने देखिन्छ ।

यस गाउँपालिकामा पूर्वाधार विकास तथा अन्य विकास कार्यक्रमहरू

- ✓ गाउँपालिकामा कम्तिमा एउटा सम्पूर्ण सुविधासम्पन्न अस्पतालको स्थापना गर्ने ।

- ✓ पोखरा स्वास्थ्य चौकी, राजीगाउँ स्वास्थ्यचौकी, बालुवा स्वास्थ्यचौकी, छरछरे स्वास्थ्यचौकी र घुइयाबारी स्वास्थ्यचौकीलाई प्राथमिक स्वास्थ्य केन्द्रका रूपमा स्तरोन्नति गर्ने ।
- ✓ आवश्यक सङ्ख्यामा स्वास्थ्य चौकीहरूको स्थापना गर्ने ।
- ✓ स्वास्थ्य चौकी तथा अस्पतालको लागि सुविधासम्पन्न तथा भूकम्प प्रतिरोधी भवनहरू निर्माण गर्ने ।
- ✓ स्वास्थ्य सामग्री र उपकरणहरूको प्रबन्ध गर्ने ।
- ✓ निःशुल्क वितरण गर्ने औषधिहरूको नियमित आपूर्ति गर्ने ।
- ✓ अस्पताल तथा स्वास्थ्य चौकीहरूमा दक्ष तथा विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको व्यवस्था गर्ने ।
- ✓ आवश्यक औषधिहरूको आपूर्ति व्यवस्था मिलाउने ।
- ✓ सम्पूर्ण नागरिकको अनिवार्य स्वास्थ्य बिमाको व्यवस्था गर्ने ।
- ✓ स्वास्थ्य शिक्षा तथा जनचेतना कार्यक्रमलाई अनिवार्य गर्ने ।
- ✓ गाउँपालिकामा च्वमष्ययिनथ, एबतजययिनथ बलम म्ष्बनयलकतष्अ सेवा सञ्चालन गर्ने ।
- ✓ स्वास्थ्य स्वयम् सेविकाहरूलाई नियमित तालिम दिने ।
- ✓ स्वास्थ्य स्वयम् सेविकाहरूलाईयातायात, पोशाक, खाजा तथा प्रोत्साहन भत्ताको व्यवस्था गर्ने ।
- ✓ २४ घण्टे आकस्मिक सेवालाई यथाशिघ्र व्यवस्था गर्ने ।
- ✓ जनस्वास्थ्य सेवालाई प्रभावकारी बनाउने ।
- ✓ वैकल्पिक उपचार पद्धति(आयूर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथी)लाई विकास गर्ने ।
- ✓ नियमित खोप, भिटामिन ए क्याप्सुल, पोलियो थोपा लगायतका सबै प्रतिरोधात्मक स्वास्थ्य सेवाहरूको प्रभावकारी प्रबन्ध गर्ने ।
- ✓ नियमित स्वास्थ्य जाँच गर्न जनचेतना फैलाउने ।
- ✓ नियमित घुम्ति स्वास्थ्य शिविरहरू सञ्चालन गर्ने ।
- ✓ स्थानीय वैद्य, झाँक्रीहरूलाई स्वास्थ्य सम्बन्धी आधारभूत तालिम दिने ।
- ✓ सुँडेनीहरूलाई तालिम दिने ।
- ✓ नसर्ने र सर्ने रोग सम्बन्धी जनचेतना फैलाउने ।
- ✓ परिवार तथा सामुदायिक स्वास्थ्य, प्रजनन् स्वास्थ्य र परिवार नियोजन सेवालाई प्रभावकारी बनाउने ।
- ✓ विद्यालय तथा समुदायस्तरमा पोषण स्वास्थ्य सम्बन्धी तालिमहरू सञ्चालन गर्ने ।
- ✓ पिउने पानी निर्मलीकरणका उपायहरूको प्रचार प्रसार गर्ने ।
- ✓ स्थानीय सञ्चार माध्यमहरूमा स्वास्थ्य चेतना सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।
- ✓ गाउँपालिकाका सबै वडामा एम्बुलेन्स सेवा उपलब्ध गराउने ।
- ✓ नवजात शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मुत्युदरलाई उल्लेख्य रूपमा घटाउने ।
- ✓ दूर स्वास्थ्य(Telemedicine)सेवा कार्यक्रम सञ्चालन गर्ने ।
- ✓ शारीरिक व्यायाम र स्वस्थ जीवनशैली बारे जनस्तरमा जनचेतना फैलाउने ।

- ✓ धुम्रपान र मद्यपान तथा लागुऔषध नियन्त्रणका लागि प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्ने ।
- ✓ माध्यमिक विद्यालयहरूमा यौनशिक्षा लागु गर्ने ।
- ✓ मानसिक तथा मनोसामाजिक स्वास्थ्य परामर्श केन्द्र स्थापना गर्ने ।
- ✓ प्रत्येक वडामा कम्तिमा एउटा सुविधासम्पन्न योग तथा ध्यान साधना केन्द्र स्थापना गर्ने ।
- ✓ विद्यालयमा तैयारी खाना (Junk food) को प्रयोगलाई निरुत्साहित गर्ने ।
- ✓ सामान्य शल्यक्रिया र २४ सै घण्टा भरपर्दो प्रसुती सेवाको यथाशिघ्र व्यवस्था मिलाउने ।
- ✓ स्वास्थ्य चौकी लगायत अन्य अस्पतालहरूमा बाल स्वास्थ्य एकाईको स्थापना गर्ने ।
- ✓ ज्येष्ठ नागरिकलाई घरदैलोमा नियमित र नि:शुल्क स्वास्थ्य जाँचको व्यवस्था मिलाउने ।
- ✓ खाद्य सुरक्षा र पोषणको गुणस्तर कायम राख्न बजार अनुगमन र नियमन गर्ने ।
- ✓ रासायनिक मलखाद तथा विषादीको अति प्रयोगलाई कम गरी दीर्घकालीन रूपमा जैविक मलखाद र किटनाशकले विस्थापन गरी मानव स्वास्थ्यमा सुधार गर्ने ।
- ✓ ताजा र घरेलु उत्पादन प्रयोग गर्न जनचेतना फैलाउने ।
- ✓ सम्पूर्ण स्वास्थ्य कार्यक्रमहरू सञ्चालन गर्दा व्यक्तिगत स्वास्थ्य, पारिवारिक स्वास्थ्य, सामुदायिक स्वास्थ्य, प्राथमिक स्वास्थ्य, मानसिक स्वास्थ्य र प्रजनन् स्वास्थ्यलाई सन्तुलित ढङ्गले सम्बोधन गर्ने गरी गर्ने ।
- ✓ **"स्वस्थ जीवनका लागि स्वच्छ वातावरण"** अभियान सञ्चालन गरी वातावरणीय स्वास्थ्य र मानव जीवनमा यसको महत्वको बारेमा जनसमुदायमा सचेतना फैलाउने ।

## (ग) संस्कृति

कुनै पनि समुदायको आफ्नै विशिष्ट पहिचान, जीवनशैली, भेषभूषा, चाडबाड, खानपान र रहनसहन हुन्छ । एकातिर सदियौं देखि अभ्यास गर्दै आइरहेका रितीरिवाजले मानिसको दैनिक जीवनलाई नियमित र व्यवस्थित गर्न सहयोग पुऱ्याइरहेका हुन्छन् भने अर्कोतर्फ समुदाय पिच्छे आफ्ना-आफ्ना धर्म, संस्कृति, रितिरिवाज र परम्पराहरू हुन्छन् । हिन्दु धर्मावलम्बीको बाहुल्यता भएको कालिमाटी गाउँपालिका मौलिक परम्परा र सांस्कृतिक विविधतामा धनी छ । २०६८ सालको जनगणना अनुसार कालिमाटी गाउँपालिकामा विभिन्न जातजाति, समूहअनुसार जनसङ्ख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी क्षेत्री जाति ९,३७८ जना ( ४०.७७ प्रतिशत), दोस्रोमा मगर ७,९५१ (३४.५६ प्रतिशत ) र तेस्रोमा कामी २,४५७ (१०.६८ प्रतिशत) रहेका छन् । त्यसैगरी चौथोमा थारु सन्यासी/दशनामी ९०७ जना (३.९४ प्रतिशत) र पाँचौंमा दमाई/ढोली ८३४ जना (३.६३ प्रतिशत) छन् । त्यसपछि पहाडी ब्राम्हण ७५४ जना (३.२८ प्रतिशत), सार्की २६६ जना (१.१६ प्रतिशत), कुमाल १२८ जना (०५६ प्रतिशत), वादी ९५ जना (०.४१ प्रतिशत), गुरुङ् ६६ जना (०.२९ प्रतिशत), राउटे ६६ जना (०.२९ प्रतिशत), ठकुरी ५२ जना (०.२३ प्रतिशत), जनजाति अन्य २४ जना (०.१० प्रतिशत), तराई अन्य २० जना (०.०९ प्रतिशत) र अन्य ७ जना (०.३ प्रतिशत) छन् । धर्मका आधारमा ९५.६७ प्रतिशत (२२,००९ जना) हिन्दु, धर्मावलम्बी, २.७७ प्रतिशत (६३७ जना) बौद्ध धर्म मान्ने मानिसहरू, १.४३ प्रतिशत (३२९ जना) क्रिस्चियन धर्म मान्ने मानिसहरू, ०.०३ प्रतिशत (७ जना) प्रकृति धर्म मान्ने मानिसहरू, २ जना (०.०१ प्रतिशत) इस्लाम र सबैभन्दा कम बहाई धर्मावलम्बी १ जना रहेको पाईन्छ भने २० जनाको धर्म उल्लेख गरिएको छैन । जातजातिका आधारमा ३५ प्रतिशतभन्दा बढी जनसङ्ख्या जनजातिको रहेको छ । यसमध्ये सबैभन्दा बढी मगर जातिको जनसङ्७,९५१ (३४.५६ प्रतिशत) जनसङ्ख्या रहेको छ । मुख्यत:

कृषि पेशामा संलग्न मगर समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रूपमा न्यून रहेको छ । तथापि यी जनजातिहरूले आधुनिकताको प्रभावको बीच आफ्नो मौलिक संस्कृतिलाई भने बचाई राखेको पाइन्छ । यी समुदायद्वारा कालिमाटी गाउँपालिकाको मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुगेको छ । यी जनजातिहरूका आफ्ना बेग्लै पहिचान, भाषा, संस्कृति र रीतिरिवाज छन् । ति फरक-फरक रितीरिवाज, रहनसहन र परम्पराहरू समुदाय र समाजका विशिष्ट पहिचान हुनुका साथै बौद्धिक सम्पदा (Intellectual Property) समेत भएकोले तिनीहरूको संरक्षण, प्रबर्द्धन र विकास गर्नु जरुरी छ । यस्तो विविधता बिच समेत यहाँ उच्च धार्मिक र सांस्कृतिक सहिष्णुता भने कायमै रहेको छ । यो गाउँपालिकाको सांस्कृतिक विकासका लागि अवलम्बन गर्नुपर्ने कार्यक्रमहरू सङ्क्षेपमा निम्नानुसार छन् ।

- ✓ दशैं, तिहार, तीज, घाटु पर्व, गाईजात्रा, जनैपूर्णिमा, शिवरात्री, माघेसङ्क्रान्ती, राम नवमी र चैते दशैं, नाग पञ्चमी, ल्होसार, नयाँ वर्ष, बुद्ध पूर्णिमा, चण्डी पूर्णिमा, कुशे औंसी, मातातीर्थ औंसी आदि चाडबाडमा विभिन्न समुदायले मनाउने जात्रा, मेला तथा रितिरिवाजलाई संरक्षणका लागि गुठी वा समुदायलाई प्रोत्साहन गर्न अनुदान तथा सहयोग गर्ने ।
- ✓ विभिन्न अवसरमा सांस्कृतिक प्रदर्शनी, मेला, सांस्कृतिक कार्यक्रम तथा झाँकीहरू आयोजना गर्ने ।
- ✓ विभिन्न जातजाति तथा समुदायका नाचगान तथा गीतहरूको संरक्षण, प्रबर्द्धन र विकास गर्ने ।
- ✓ विद्यालय तथा समुदायस्तरमा सांस्कृतिक तथा साहित्यिक कार्यक्रम तथा अन्तरक्रियाहरू सञ्चालन गर्ने ।
- ✓ बाल प्रतिभाहरूलाई प्रोत्साहन गर्न विद्यालयस्तरीय लोकगीत, लोक नृत्य, अभिनय तथा सांस्कृतिक प्रतियोगिताहरू आयोजना गर्ने ।
- ✓ सबै धर्म र समुदायका लोक संस्कृतिहरू तथा अमूर्त सांस्कृतिक सम्पदा (Intangible Cultural Heritages) ICH को पूर्ण अभिलेख तयार पार्ने ।
- ✓ स्थानीय सञ्चारमाध्यम तथा सामाजिक सञ्जाल मार्फत् स्थानीयपहिचान, चाडबाड, गीत, नृत्य तथा अन्य संस्कृति झल्कने भिडियो तथा डकुमेन्ट्रीहरू तयार पारी प्रचार प्रसार गर्ने ।
- ✓ प्रत्येक वडा तथा मगरबस्तीहरूमा कम्तिमा एउटा होमस्टे सञ्चालन गरी विशिष्ट पहिचान, जीवनशैली, भेषभूषा, चाडबाड, खानपान र रहनसहनको प्रबर्द्धन गर्ने । सो कार्यका लागि आवश्यक तालिम तथा पूर्वाधार विकास गर्ने ।
- ✓ गाउँपालिकाले सञ्चालन गर्ने विशेष औपचारिक कार्यक्रममा कार्यपालिकाका सदस्यहरूले अनिवार्य रूपमा आफ्नो मौलिकता झल्कने पोशाक लगाउने व्यवस्था गर्ने ।
- ✓ गाउँपालिकाका सांस्कृतिक विविधताको संरक्षण तथा प्रचारप्रसारका लागि एउटा सांस्कृतिक सङ्ग्रहालयको स्थापना गर्ने ।
- ✓ विभिन्न अवसरमा मेला तथा सामूहिक भोज भतेरको आयोजना गर्ने ।
- ✓ दशैं, तिहार, माघी, बुद्ध पूर्णिमा, क्रिसमस, नयाँ वर्ष, बुद्ध पूर्णिमा, चण्डी पूर्णिमा, कुशे औंसी, मातातीथसाउने सङ्क्रान्तिजस्ता चाडपर्वहरूमा मौलिक संस्कृति झल्कने लोक नृत्य, लोक गीत तथा लोक बाजासम्बन्धी प्रतियोगिता, प्रदर्शनी तथा कार्यक्रमहरू आयोजना गर्न समुदायस्तरमा समितिहरू गठन गर्ने ।

- ✓ गाउँपालिकाका मुख्य ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय गन्तव्यहरूको संरक्षण, प्रबर्द्धन र प्रचारप्रसार गर्ने । यसका लागि तत् तत् क्षेत्रमा सांस्कृतिक समितिहरू गठन गर्ने ।
- ✓ यी सांस्कृतिक समितिहरूसँग अन्तरक्रिया गरी ती क्षेत्रका समस्याहरू सम्बोधन गर्ने ।
- ✓ गाउँपालिकामा रहेका लेखक, साहित्यकार, सङ्गीतकर्मी, गायक, कलाकार, पशकार तथा वाद्यवादन सामग्री समेतको विस्तृत विवरण तयार पार्ने
- ✓ गाउँपालिका तथा देशको सांस्कृतिक विकासमा उल्लेखनीय योगदान पुऱ्याउने लेखक, साहित्यकार, सङ्गीतकर्मी, गायक, कलाकार तथा पशकारहरूलाई सम्मान तथा अभिनन्दन गर्ने ।

### (घ) लैङ्गिक, भाषिक, धार्मिक समानता, सामाजिक समावेशीकरण तथा मूल प्रवाहीकरण

नेपाली समाज विगतदेखि व्याप्त क्षेत्रीय, धार्मिक, भाषिक,जातीय तथा सबै प्रकारका भेदभावको कारण सामाजिक हिसाबले पिछडिएको अवस्थामा छ । हरेक समाजमा हालसम्म पनि विभिन्न प्रकारका भेदभावहरू एक वा अर्को प्रकारले व्याप्त रहेका छन् । यसमा पनि नेपालको पश्चिमी पहाड क्षेत्रमा अवस्थित कालिमाटी गाउँपालिकामा थारू, दलित, जनजाति बासिन्दाहरूको बाहुल्यता रहेको कारण यो क्षेत्र वर्षौंदेखि क्षेत्रीय, धार्मिक, भाषिक, जातीय लगायतका विभेदमा र राज्यबाट नै एकप्रकारको बहिस्करणमा परेको अवस्थामा छ । समानतामा आधारित सामाजिक न्यायपूर्ण समाज स्थापनाका लागि सबै प्रकारका भेदभावलाई जरैदेखि अन्त्य गरी सबैलाई स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्नु जरुरी छ । कालिमाटीगाउँपालिकामा संघीय संविधानले व्यवस्था गरेका समानता, सामाजिक न्याय र भेदभाव विरुद्धको हकको ग्यारेन्टी गरी समानतामा आधारित न्यायपूर्ण समाजस्थापना गर्न निम्न कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

- ✓ नेपालको संविधानमा व्यवस्था भएअनुसार समावेशी समानुपातिक सिद्धान्तका आधारमा महिला, जनजाति, दलित तथा अन्य सीमान्तकृत समुदायको राजनैतिक, शैक्षिक, आर्थिक, सामाजिक, प्रशासनिक लगायतका अधिकारहरूको ग्यारेन्टी गर्नुका साथै थप व्यवस्थाका लागि पहल गर्ने ।
- ✓ महिला, जनजाति, दलित, अपाङ्ग तथा अन्य सीमान्तकृत समुदायको शिक्षा, स्वास्थ्य, रोजगारी र स्वरोजगारको ग्यारेन्टी गरी सशक्तीकरणका विशेष कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्ने ।
- ✓ महिला, जनजाति, दलित, अपाङ्ग तथा अन्य सीमान्तकृत समुदायका व्यक्तिबाट सञ्चालित आयआर्जनका कार्यक्रमलाई विशेष आर्थिक अनुदान उपलब्ध गराउने ।
- ✓ ज्येष्ठ नागरिक, अपाङ्,, एकल महिला, दलित, लोपोन्मुख तथा विपन्न र पिछडिएका वर्ग तथा समुदायहरूलक्षित सामाजिक सुरक्षाका कार्यक्रमलाई प्रभावकारी बनाउने ।
- ✓ "एक वडा एक बाल उद्यान, एक वडा एक वृद्ध वृद्धा ध्यान तथा योग आश्रम" कार्यक्रमलाई साकार बनाउने ।
- ✓ महिला, दलित, अपाङ्ग, आदिवासी आदि समुदायको राज्यको मूलधारमा पहुँच सुनिश्चित गर्नका लागि उनीहरूलाई सरकारी सेवामा प्रवेश गराउन निःशुल्क तयारी कक्षा सञ्चालन गर्ने ।
- ✓ युवा, महिला, विपन्न, दलित तथा सीमान्तकृत समुदायमा शसक्तीकरणका विशेष कार्यक्रमहरू सञ्चालन गर्ने ।

- ✓ एकल महिला, घरेलु तथा यौन हिंसामा परेका महिला, अपाङ्ग, दुर्व्यसनमा परेका युवा तथा यौनिक अल्पसङ्ख्यकहरूलाई समाजमा सहज ढङ्गले पुनर्स्थापित हुन विशेष कार्यक्रमहरू सञ्चालन गर्ने र रुढीवादको अन्त्य गर्ने ।
- ✓ ज्येष्ठ नागरिकहरूका लागि घरदैलोमै नियमितरूपमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने ।
- ✓ सबै प्रकारको बालश्रमको अन्त्य गर्ने ।
- ✓ राष्ट्रिय, अन्तर्राष्ट्रिय नीति, कानून र सन्धीबमोजिम महिला तथा बालबालिकाहरूको संरक्षणका लागि नियमित रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने ।
- ✓ छुवाछुत लगायतका सबै प्रकारका सामाजिक समस्याबाट मुक्त समाज निर्माण गर्न विभिन्न पर्व र सार्वजनिक समारोहहरूमा सामाजिक अन्तरघुलन कार्यक्रमहरू सञ्चालन गर्ने ।
- ✓ यौनिक अल्पअल्पसङ्ख्यकहरूका समस्या तथा आवश्यकताहरूलाई सम्बोधन गरी सहजरूपमा पुनर्स्थापन तथा सामाजिकिकरण गर्ने ।
- ✓ दुर्व्यसनमुक्त समाजका लागि पुनर्स्थापना केन्द्रहरू सञ्चालन गर्ने ।
- ✓ अनाथ र जोखिममा परेका बालबालिकाको संरक्षणका लागि बालगृहहरू सञ्चालन गर्ने ।
- ✓ सामाजिक कु-संस्कारको रूपमा रहेका बालविवाह, बहुविवाह तथा जबरजस्ती विवाहको अन्त्य गर्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- ✓ महिला हिंसा अन्त्य गर्न र पिडकलाई कानुनी दायरामा ल्याउन महिला सेलको गठन गर्ने ।
- ✓ स्थानीय न्यायिक समिति र न्यायिक इजलासका काम कारवाहीहरूलाई प्रभावकारी बनाउने ।
- ✓ महिला, दलित तथा अन्य सीमान्तकृत समुदायका उद्यमीहरूको पहिचान गरी उनीहरूको वृत्ति विकासमा विशेष कार्यक्रमहरू सञ्चालन गर्ने ।
- ✓ सीमान्तकृत, आदिवासी र अल्पसङ्ख्यक जनजातिहरूका मौलिकता संरक्षण गर्न विशेष कोष तथा कार्यक्रमहरू सञ्चालन गर्ने ।
- ✓ महिला, दलित, अल्पसङ्ख्यक, जनजाति, विपन्न वर्ग तथा सीमान्तकृत समुदायका छात्रछात्राहरूलाई शिक्षामा पूर्ण प्राथमिकता दिई विशेष छात्रवृत्तिको व्यवस्था गर्ने ।
- ✓ सबै भाषा, धर्म, सम्प्रदाय, जातजाति, मौलिकता, शारीरिक अवस्थाका व्यक्तिहरूको लैङ्गिक, भाषिक, धार्मिक समानता, सामाजिक समावेशीकरण तथा मूल प्रवाहीकरण गर्ने ।
- ✓ आधारभूत तहमा मातृभाषामा पठनपाठनको व्यवस्था मिलाउने ।

### (ङ) युवा

देश निर्माणका प्रमुख आधार भनेकै युवाहरू हुन् । युवाहरूको सामर्थ्यलाई सही रूपमा सदुपयोग गरेका मुलुकले नै विकासमा फड्को मारेका छन् । तर नेपालको हालको नियती भनेको युवाहरू विदेश गई श्रम गर्ने र देशमा बसेका नागरिकहरू युवाले श्रम गरी पठाएको विप्रेषण वा रेमिट्यान्स्ले निर्वाह गर्ने अवस्था छ । कालिमाटी गाउँपालिकाको अवस्था समेत ठ्याक्कै यस्तै छ भन्दा अत्युक्ति हुँदैन । यो नियतीलाई नबदलेसम्म कुनै पनि गाउँपालिकाको दीर्घकालिन समृद्धि हासिल गर्ने सपना पुरा हुन सक्दैन । तसर्थ यो गाउँपालिका पनि समृद्धिको बाटोमा हिँड्नका लागि सर्वप्रथम विदेशी भूमिमा श्रम गरिरहेका युवाहरूलाई देशमै रोजगारी तथा स्वरोजगारको प्रत्याभूती गराई उनीहरूको श्रम र सीपलाई देश गाउँको विकासमा प्रयोग गर्नु पर्दछ । यसका लागि गाउँपालिकाले निम्नलिखित कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

- वडागत रूपमा युवाहरूको जनसङ्ख्या तथा अन्य व्यक्तिगत विवरण सम्बन्धी लगत तयार पारी उनीहरूको अभिमुखिकरण गर्ने
- नैतिकवान, इमान्दार र कर्तव्यनिष्ठ यूवा समुदायको निर्माण गर्न गाउँपालिका स्तरीय Motivational workshop आयोजना गर्ने
- दक्ष युवाहरूलाई शैक्षिक प्रमाणपत्र वा सीपका आधारमा बिना धितो कम ब्याजदरमा ऋण दिई स्वरोजगार बनाउने
- गाउँपालिका स्तरमा युवा सरोकार समिति गठन गर्ने
- उच्च शिक्षा प्राप्त गर्न चाहने युवाहरुलाई निश्चित मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गर्न एक छात्रवृत्ति कोषको स्थापना गर्ने
- प्रतिभावान युवाहरूलाई प्राविधिक शिक्षा जस्तै : मेडिसिन, इन्जिनियरिङ, कम्प्युटर प्रविधि, लगायतका क्षेत्रहरूमा अध्ययन गर्नका लागि निश्चित मापदण्डका आधारमा छात्रवृत्ति, निःशुल्क वृत्ति तथा सुलभ कर्जाको व्यवस्था गर्ने
- विशेष शारिरीक अवस्थाका युवाहरूको शिक्षाको लागि विशेष छात्रवृत्तिको अनिवार्य व्यवस्था गर्ने
- उच्च शिक्षा हासिल गरिरहेका युवाहरूलाई गाउँपालिकाका क्रियाकलापहरुमा इन्टर्नसिपको व्यवस्था गर्ने
- युवाहरूको लगानी र व्यवस्थापनमा उद्योगधन्दा तथा व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गर्नका लागि त्यस्ता उद्योगधन्दा तथा व्यवसाय दर्ता तथा नविकरण गर्दा विशेष सहुलियतको व्यवस्था गर्ने
- कृषि, पर्यटन, उद्योग सम्बन्धी तालिम प्रदान गर्ने
- कृषिजन्य, जडिबुटी र वन पैदावारमा आधारित उद्योग स्थापना तथा लगानी गर्नका लागि युवाहरूलाई प्रोत्साहन गर्न आर्थिक सहुलियत दिने
- उनीहरूको ज्ञान, सिप र पूँजीको अधिकतम सदुपयोग गरी आर्थिक समृद्धि हासिल गर्नका लागि उनीहरूको लगानी प्रतिफलको ग्यारेण्टी गर्न विमाको व्यवस्था गर्ने र उनीहरुको सीपको सदुपयोग गर्ने
- युवाको उद्यमशिलतालाई प्रोत्साहन गर्न सुलभ कर्जा तथा बीउ पूँजीको व्यवस्था गर्न वित्तीय संस्थासँग समन्वय गर्ने
- कृषि व्यवसायमा युवाहरूलाई  आकर्षित गर्नका लागि कृषि औजार, मल, विउ, प्रविधि र बजारिकरणमा निश्चित प्रतिशतमा अनुदान दिने
- परम्परागत ज्ञान, सीप र व्यवसायहरूमा युवाहरूलाई प्रोत्साहन गर्नका लागि ती व्यवसायहरूलाई आधुनिकिकरण गर्न गाउँपालिकास्तरीय तालिम नियमित संचालन गर्ने
- रोजगारी तथा पेशा व्यवसायका सिलसिलामा घाइते भएका, अङ्गभङ्ग भएका र अन्य स्वास्थ्य समस्याबाट ग्रसित युवाहरूको उपचारको व्यवस्था गर्न बिमा योजना लागु गर्ने
- युवाहरूलाई धुम्रपान, मद्यपान, लागु पदार्थ र अन्य कुलतमा फँस्नबाट रोक्नका लागि विद्यालय तथा समुदायस्तरमा विभिन्न सचेतनामूलक क्रियाकलापहरू सञ्चालन गर्ने
- कुलतमा परेका युवाहरूको उद्धार गरी सामाजिक पुनर्स्थापना गर्ने
- विद्यालय शिक्षाको पाठ्यक्रममा नै यौन स्वास्थ्य शिक्षा प्रदान गरी युवाहरूलाई यौन तथा घातक प्रकृतिका रोगहरूबाट जोखिममुक्त गराउने

- युवाहरूको शारीरिक र मानसिक स्वास्थ्यमा विशेष भूमिका खेल्ने खेलकुदको विकास गर्नका लागि एउटा दीर्घकालिन खेलकुद विकास रणनीति निर्माण गर्ने
- युवाहरूलाई सांस्कृतिक विचलनबाट बचाउनका लागि स्थानीय गीत, सङ्गीत, लोकगाथा, भेषभूषा लगायतका चाडबाडसम्बन्धी सांस्कृतिक मेला, प्रदर्शनी तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने
- युवाहरूका लागि साँस्कृतिक कला र सीप सम्बन्धी तालिम सञ्चालन गर्ने
- युवाहरूलाई साहित्यिक तथा रचनात्मक क्रियाकलापहरूमा संलग्न गराउनका लागि गाउँपालिका तथा वडास्तरमा नियमित साहित्यिक गतिविधि जस्तै : कार्यशाला, गोष्ठी, रचना बाचन तथा मेलाको आयोजना गर्ने
- वातावरण संरक्षण र सरसफाइमा संलग्न गराउनका लागि वडास्तरमा समितिहरूमा युवाहरूलाई सहभागी गराई वृक्षारोपण कार्यक्रम, साप्ताहिक सरसफाइ, फोहर प्रशोधन, पुनर्प्रयोग र व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्ने
- विज्ञान तथा प्रविधि सेवामा संलग्न युवाहरूलाई उच्च अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने
- अन्वेषण र आविस्कारमा संलग्न युवाहरूका लागि गाउँपालिकामा आविस्कार कोषको स्थापना गरी मापदण्डका आधारमा आर्थिक अनुदान प्रदान गर्ने
- मानव वेचविखन, लागुऔषध  तथा हातहतियार ओसार प्रसारमा युवाहरूलाई प्रयोग गर्ने परिपाटीलाई निरुत्साहित गर्नका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने
- समाजमा शान्ति सुरक्षा र अमनचयन कायम गर्नका लागि युवाहरूलाई स्वयंसेवकको रुपमा परिचालन गर्न युवाहरूलाई समावेश गरी शान्ति सुरक्षा संयन्त्र निर्माण गरी सचेतना कार्यक्रम सञ्चालन गर्ने
- विशेष अवस्थाका युवाहरूका लागि शिक्षा, स्वास्थ्य, रोजगार, मनोरञ्जन लगायतका विविध क्षेत्रमा प्राथमिकता दिन विशेष छात्रवृति, आर्थिक सहयोग र आरक्षणको व्यवस्था गर्ने
- अपाङ्गता भएका युवाहरूका लागि उनीहरूको शारीरिक विविधता र जटिलताका आधारमा यातायात, भवन, शौचालय लगायतको पूर्वाधारहरू अपाङ्गमैत्री बनाउने
- अपाङ्गता भएका विद्यार्थीहरूका लागि विशेष शिक्षाको व्यवस्था गरी दक्ष शिक्षक, सहज र अपाङ्गमैत्री पूर्वाधारहरूको प्रबन्धमार्फत उनीहरूको शिक्षा प्राप्त गर्ने अधिकारको ग्यारेण्टी गर्ने

### (च) शान्ति सुरक्षा

गरिबी, सामाजिक विकृति-विसङ्गति र अपराध मनोविज्ञानका कारण समाजमा विविध किसिमका आपराधिक घटनाहरू घट्ने गर्दछन् । यस्ता घटनाहरू न्यूनीकरण गरी नागरिकलाई शान्ति, सुरक्षा र अमन चयनको प्रवन्ध मिलाउने दायित्व राज्यको हुन आउँछ । यसर्थ कालिमाटी गाउँपालिकाले गाउँमा शान्ति सुरक्षा कायम गर्न प्रत्येक वडामा प्रहरी चौकीहरूको प्रबन्ध गर्नुपर्ने र आवश्यक सङ्ख्यामा प्रहरीको दरबन्दी निर्धारण गरी शान्ति सुव्यवस्था कायम गर्नु आवश्यक छ । यसका साथै समयमै गाउँ/नगर प्रहरीको गठन गरी शान्ति सुरक्षा तथा अमनचयन सुनिश्चित गर्नु आवश्यक छ । यसका लागि गाउँपालिकाले निम्न कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

- ✓ प्रत्येक वडामा प्रहरी चौकी स्थापना गर्ने ।
- ✓ सबै प्रहरी चौकीहरूलाई पूर्ण पूर्वाधारयुक्त बनाउने ।

- ✓ प्रहरी चौकीहरूमा आवश्यक सङ्ख्यामा प्रहरीको दरबन्दी कायम गरी शान्ति सुरक्षाको ग्यारेन्टी गर्ने ।
- ✓ नगर प्रहरी गठन गर्ने ।
- ✓ गाउँपालिकाभर नियमितरूपमा प्रहरी गस्ती टोलीलाई परिचालन गर्ने ।
- ✓ प्रहरी प्रशासन लगायत सुरक्षा निकाय तथा संयन्त्रलाई आधुनिक प्रविधि तथा सीपयुक्त बनाउने ।
- ✓ आपतकालीन सेवामा टेलिफोन, एसएमएस, सामाजिक सञ्जाल आदि सम्पर्कका माध्यमले तुरुन्त परिचालन हुन सक्ने संयन्त्र निर्माण गर्ने ।
- ✓ गाउँपालिकामा मदिरापान, होहल्ला, झैझगडा, बलात्कार, जुवातासको समस्याको तत्काल नियन्त्रण गर्ने प्रभावकारी संयन्त्र निर्माण गर्ने ।
- ✓ सशस्त्र प्रहरी वा नेपाली सेनाको एक विशेष उद्धार टोली गाउँपालिकामा तयारी अवस्थामा रहने व्यवस्था मिलाउने ।
- ✓ गाउँपालिकाका विभिन्न स्थानहरूमा अपराध संवेदनशील क्षेत्रहरू पहिचान गरी ती स्थानहरूमा अस्थायी प्रहरी चौकी स्थापना गर्ने ।
- ✓ मानवीय गतिविधि बढी हुने तथा अपराध संवेदनशील क्षेत्रहरूमा CCTV जडान गर्ने ।
- ✓ **“विद्यार्थीसँग प्रहरी”** कार्यक्रम नियमित सञ्चालन गरी यौनहिंसा, बलात्कार, ललाइफकाइ, अपहरण, लागुऔषध दुर्व्यसनजस्ता सामाजिक अपराध विरुद्ध विद्यालयस्तरमा नियमित सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- ✓ **“समुदायसँग प्रहरी”** कार्यक्रम नियमित सञ्चालन गरी समुदायमा सुरक्षा समितिहरू गठनमार्फत् यौनहिंसा, बलात्कार, ललाईफकाई, चेलिबेटी बेचबिखन, अपहरण, लागुऔषध दुर्व्यसनजस्ता सामाजिक अपराध विरुद्ध समुदायस्तरमा नियमित सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- ✓ चोरी, डकैती, लुटपाट, चेलीबेटी बेचविखन तथा बलात्कार विरुद्ध नियमित सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- ✓ **“नागरिक पनि बिना वर्दीका प्रहरी हुन्”** भन्ने भावनालाई बढाई, अपराध र अपराधिक क्रियाकलाप नियन्त्रणमा समुदायलाई परिचालन गर्ने ।

### (छ) खेलकूद तथा मनोरञ्जन

अनुशासन, राष्ट्रिय भाइचारा प्रदर्शन गरी शारीरिक तन्दुरुस्ती कायम गर्न खेलकुद विकासको अहम् महत्व रहेको हुन्छ । खेलकुदको विकास गरी विश्वका विकसित देशहरूले खेल पर्यटन मार्फत् समृद्धि हासिल गरेको र विश्वस्तरमा अलग्गै विशेष पहिचान स्थापित गरेको पाइन्छ । उदाहरणको लागि स्पेन, इटली, इङ्गल्याण्ड, ब्राजिल फ्रान्स जस्ता युरोपियन राष्ट्रहरू हाल खेल प्रबर्द्धनमार्फत् विश्व परिचित मात्र नभई खेल पर्यटनमार्फत् खर्बौं डलरको आर्थिक उपार्जन गर्दछन् । छिमेकी राष्ट्र भारतले समेत क्रिकेट, फुटबल, कबड्डी, हकी आदि खेलमार्फत खेल पर्यटनको विकास गरी खेलपर्यटनमार्फत् आर्थिक गतिविधि समेत बढाइरहेको छ । खेलकुद विकास भौतिक, आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धिसँग समेत जोडिएको हुन्छ । त्यसकारण खेलकूद विकास शारीरिक तन्दुरुस्तीका लागि मात्र नभएर आर्थिक समृद्धिसँग पनि जोडिएको छ । खेलकुदको विकासमार्फत खेल पर्यटनको विकास गरी रोजगारी तथा आयआर्जन गर्न सकिन्छ । साथै खेलकुदको विकासमार्फत् अनुशासित, नैतिक र इमानदार नागरिक सिर्जना गर्न सकिन्छ ।

त्यसैकारण कालिमाटी गाउँपालिकाले खेलकुद विकासलाई महत्व दिई खेलकुद पर्यटनको विकास गरी आर्थिक समृद्धिको बाटोमा अगाडी बढ्नुपर्ने आवश्यकता छ। गाउँपालिकाले खेलकुद विकासको लागि निम्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक देखिन्छ।

- ✓ बालबालिकाको शारीरिक र मानसिक विकासका लागि विद्यालयस्तरबाट नै खेलकुद विकास गर्न अनिवार्य खेलमैदानहरूको व्यवस्था गर्ने।
- ✓ गाउँपालिकाका हरेक विद्यालयमा कम्तीमा एक जना खेल प्रशिक्षकको प्रबन्ध गर्ने।
- ✓ हरेक विद्यालयमा आवश्यक खेलकुद सामग्रीको प्रबन्ध गर्ने।
- ✓ गाउँपालिका तथा वडास्तरमामा खेलकुद विकास समितिको निर्माण गर्ने।
- ✓ नियमितरूपमा विभिन्न खेलकुद प्रतियोगिता आयोजना गर्ने।
- ✓ अध्यक्ष कप खेल प्रतियोगिता नियमित आयोजना गरी अन्तर गाउँपालिकाबीचको सम्बन्धमा नयाँ आयाम थप्ने।
- ✓ फुटबल, क्रिकेट, भलिबल, बास्केटबल, कबड्डी, ब्याडमिन्टन लगायत विभिन्न प्रकारका खेलकुदको विकासको लागि खेलमैदानको सम्भाव्यता अध्ययन गरी रङ्गशाला, व्यवस्थित खेलमैदान तथा कभर्डहल निर्माण कार्य अगाडी बढाउने।
- ✓ विभिन्न विद्यालय तथा कलेजका खेलमैदानहरूलाई व्यवस्थित गरी सुविधासम्पन्न खेलमैदान निर्माण गर्ने।
- ✓ गाउँपालिकामा खेलकुदको सर्वाङ्गिण विकासका लागि एक साधनस्रोत सम्पन्न खेलकुद एकेडेमीको स्थापना गरी खेलकुद विकासको **“वृहद् गुरुयोजना तथा १५ वर्षे खेलकुद विकास रणनीति”** तयार गरी कार्यान्वयन गर्ने।
- ✓ परम्परागत तथा आधुनिक विभिन्न इन्डोर खेलकुदहरूको विकास गर्न गाउँपालिकास्तरीय बहुउद्देश्यीय खेलकुद भवन (कभर्ड हल) निर्माण गर्ने।
- ✓ नियमितरूपमा प्रत्येक वर्ष खेलकुद प्रतियोगिता, मेला, सम्मेलन तथा महोत्सव आयोजना गर्ने।
- ✓ खेलाडी उत्पादनको लागि विशेष संयन्त्रको विकास गरी विद्यालयस्तरबाट राम्रा खेलाडी छनोट गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा सहभागी गराउने।
- ✓ खेलाडी प्रोत्साहनका लागि पुरस्कार कोषको व्यवस्था गर्ने।
- ✓ यस गाउँपालिकाबाट विभिन्न खेलकुद एकेडेमीमा खेलकुदसम्बन्धी अध्ययन गर्न जान चाहने खेलाडीका लागि **“वृहद् गुरुयोजना तथा १५ वर्षे खेलकुद विकास रणनीति”**ले तोकेको मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गर्ने।
- ✓ राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुदमा स्वर्ण पदक, रजत पदक तथा काँस्य पदक जित्ने खेलाडीलाई प्रोत्साहन स्वरूप क्रमशः रू एक लाख, पचास हजार र पच्चिस हजार र सम्मानपत्रसहित सम्मान गर्ने।

- ✓ खेलकुद विकासमा उल्लेख्य योगदान गर्ने खेलाडी, प्रशिक्षक र खेलप्रेमी लगायतलाई सम्मान, पुरस्कार र अभिनन्दन गर्ने
- ✓ गाउँपालिकास्तरमा प्रचलित विभिन्न खेलका प्रशिक्षकहरू निर्माण गर्नका लागि सङ्घीय सरकार प्रदेश सरकार, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश खेलकुद परिषद्, जिल्ला खेलकुद समिति र निजी क्षेत्रसँग समेत सहकार्य गरी नियमित तालिम र प्रशिक्षणको व्यवस्था गर्ने
- ✓ गाउँपालिकास्तरीय रनिङ शिल्ड प्रतियोगिताहरू आयोजना गर्ने ।
- ✓ स्थानीय खेलकुद युवा क्लवहरूलाई खेल प्रबर्द्धनमा सक्रिय बनाउन प्रोत्साहनका कार्यक्रमहरू वडास्तरमा सञ्चालन गर्ने ।
- ✓ विद्यालय तथा वडास्तरमा खेलकुद युवा क्लबहरूको गठन गरी तिनीहरूलाई आवश्यक खेलसामग्री लगायत अन्य बन्दोबस्तीका सामग्रीहरू प्रदान गर्ने ।
- ✓ यस गाउँपालिकाबाट विभिन्न खेलकुद एकेडेमीमा खेलकुदसम्बन्धी अध्ययन गर्न जान चाहने खेलाडीका लागि **"बृहत् गुरुयोजना तथा १५ वर्षे खेलकुद विकास रणनीति"** ले तोकेको मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गर्ने ।

### (ज) मृत्यु संस्कार, शवदाह स्थल तथा चिहान व्यवस्थापन

गाउँपालिकामा रहेका हरेक समुदायको आ-आफ्नो धर्म र संस्कृति अनुसार जीवन तथा मृत्यु संस्कार, शवदाहस्थल र चिहान व्यवस्थापन एक महत्वपूर्ण र संवेदनशील विषय र आवश्यकता हो । सांस्कृतिक पहिचान र भावनात्मक अर्थसमेत बोकेका जीवन तथामृत्यु संस्कार, शवदाह स्थल तथा चिहान व्यवस्थापनलाई कुनै पनि योजनाले समयमै सम्वोधन गर्नुपर्दछ । परम्परागत रूपमा सञ्चालनमा रहेका शवदाहस्थल र चिहानलाई भविष्यमा सहज र व्यवस्थित बनाउनु पर्दछ । साथै हिन्दु धर्मावलम्बीका लागि मृत्यु तथा अन्तिम संस्कार सम्पन्न गर्न किरियापुत्री भवन निर्माण गर्न आवश्यक छ । तसर्थ यसको व्यवस्थापनको लागि निम्न कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

- ✓ प्रत्येक वडामा सुविधासम्पन्न कम्तीमा एक शवदाहस्थल वा चिहान क्षेत्रको प्राथमिकताका साथ निर्माण गर्ने ।
- ✓ परम्परागत रूपमा सञ्चालनमा आएका शवदाहस्थल र चिहानहरूको थप वैज्ञानिक व्यवस्थापन गर्ने ।
- ✓ प्रत्येक वडामा कम्तिमा एउटा सुविधासम्पन्न किरियापुत्री भवन निर्माण गर्ने ।
- ✓ आवश्यकता हेरी थप शवदाहस्थल तथा चिहान व्यवस्थापनस्थल निर्माण गर्ने
- ✓ विभिन्न धर्म, जातजाति र प्रचलन अनुसार अन्तिम संस्कारको प्रबन्ध गर्न आवश्यक पूर्वाधारहरू निर्माण गर्ने।
- ✓ शवदाहस्थल, चिहान क्षेत्र तथा किरियापुत्री भवनका लागि अन्य पूर्वाधारहरूको विकास गर्ने ।

## ५.३.३ सामाजिक विकासका लागि (Logical Framework Approach)

**सोच**

**"कालिमाटीको सांस्कृतिक पहिचान- सह-अस्तित्व, मेलमिलाप, शान्ति , सामाजिक सौहार्दता र सम्मान"**

**लक्ष्य**

**बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गर्दै विविधताबीचको एकता, सामाजिक र सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई कायम राख्ने एवम् प्रबर्द्धन गर्ने तथा शिक्षा, स्वास्थ्य तथा खेलकुदको विकासमार्फत् वर्गीय, जातीय, क्षेत्रीय, धार्मिक, लैङ्गीक विभेद र सबै प्रकारका भेदभावको अन्त्य गरी सहअस्तित्व, समानता र सामाजिक न्यायमा आधारित सुखी समाजको निर्माण गर्ने ।**

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| ▪ सम्पूर्ण सामाजिक पूर्वाधारहरू जस्तैः शिक्षा, स्वास्थ्य, रोजगार, समानता, संस्कृति, सामाजिक सुरक्षाको उचित प्रबन्ध सहितको न्यायपूर्ण समाजको निर्माण भएको हुनेछ ।<br>▪ विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने प्राविधिक, वैज्ञानिक ज्ञान र सीपयुक्त दक्ष जनशक्तिको उत्पादन भएको हुनेछ ।<br>▪ निरक्षरता पूर्ण रूपमा उन्मूलन भएको हुनेछ ।<br>▪ गाउँपालिकाको कम्तिमा एउटा विद्यालयलाई आधुनिक प्रविधीयुक्त प्राविधिक माध्यमिक विद्यालयको रूपमा विकास गरिएको हुनेछ ।<br>▪ गाउँपालिकाका माध्यमिक विद्यालयहरूलाई कम्तीमा प्रत्येक वडामा एक वटाको दरले आवश्यक सम्पूर्ण पूर्वाधारयुक्त नमुना विद्यालयको रूपमा विकास भएका हुनेछन्<br>▪ आधारभूत देखि विश्वविद्यालय तहसम्मको शिक्षा गाउँपालिकामै उपलब्ध हुनेछ ।<br>▪ स्थानीय स्रोतसाधनसँग सम्बन्धित एउटा प्राविधिक कलेज स्थापनाका लागि सम्भाव्यता अध्ययन गरी विस्तृत परियोजना प्रतिवेदन तयार भएको | **वि.सं. २०८० सम्म**<br>**शिक्षा**<br>▪ यस गाउँपालिकाका शैक्षिक संस्थाहरूबाट दिक्षित कम्तीमा १० प्रतिशत विद्यार्थीहरूले विश्व बजारमा अध्ययन वा रोजगारी गरिरहेका<br>▪ गाउँपालिकाको कम्तिमा एउटा विद्यालयलाई आधुनिक प्रविधीयुक्त प्राविधिक माध्यमिक विद्यालयको रूपमा विकास गर्न सम्भाव्यता अध्ययन गरी विस्तृत परियोजना प्रतिवेदन तयार भएको<br>▪ गाउँपालिकाका माध्यमिक विद्यालयहरूलाई कम्तीमा प्रत्येक वडामा एक वटाको दरले आवश्यक सम्पूर्ण पूर्वाधारयुक्त नमुना विद्यालयको रूपमा विकास भएका<br>▪ गाउँपालिकाका कम्तिमा २ वटा वडामा सार्वजनिक पुस्तकालय तथा वाचनालयको स्थापना गरी इन्टरनेट सुविधा साथै Wi-Fi को व्यवस्था गरिएको<br>▪ निरक्षरता आधारवर्षको तुलनामा ७० प्रतिशतले घटेको<br>▪ गाउँपालिकामा कम्तीमा विश्वविद्यालयस्तरको अध्ययन हुने कलेजको स्थापनाका लागि अन्तिम तयारी पुरा भएको<br>▪ स्थानीय स्रोतसाधनसँग सम्बन्धित एउटा प्राविधिक कलेज स्थापनाका लागि सम्भाव्यता अध्ययन गरी विस्तृत परियोजना प्रतिवेदन तयार भएको<br>▪ प्रत्येक वडामा एउटा कृषि पाठशाला सञ्चालन गर्ने | ▪ गाउँपालिकास्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट<br>▪ स्थलगत अवलोकनबाट<br>▪ गाउँपालिकाबासीको शैक्षिक, स्वास्थ्य, सामाजिक, राजनैतिक, सांस्कृतिक जीवनस्तरमा आएको परिवर्तनबाट<br>▪ पूर्वाधार निर्माण र सामाजिक विकास पश्चात् आएका सकारात्मक परिवर्तन जस्तैः व्यापार वृद्धि, पर्यटक आवागमन, रोजगारी सिर्जना र अन्य मानवीय गतिविधिहरूबाट | ▪ पूर्ण राजनैतिक स्थिरता हुनेछ ।<br>▪ आवश्यक बजेटको व्यवस्था हुनेछ ।<br>▪ दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।<br>▪ व्यापक जनसहभागिता र समर्थन हुनेछ ।<br>▪ कुनै प्रकारको ठूलो स्तरको दैवी विपत्ति आइ लाग्ने छैन ।<br>▪ स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।<br>▪ कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।<br>▪ निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन । |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| ▪ विभिन्न विद्यालयहरूलाई कलेज तहसम्म पठनपाठन हुने संस्थाका रूपमा विकास गरिएको हुनेछ ।<br>▪ माध्यमिक तथा उच्च शिक्षालाई समय सापेक्ष, वैज्ञानिक, प्राविधिक, व्यवहारिक र व्यावसायिक बनाईदै लगिएको हुनेछ ।<br>▪ आधारभूत तहको शिक्षा मातृभाषामा प्रदान गरिएको हुनेछ ।<br>▪ आधारभूत तथा माध्यमिक तहमा स्थानीय पहिचान, ज्ञान, सीप र आवश्यकता सुहाउँदो स्थानीय पाठ्यक्रम तयार भई लागू गरिएको हुनेछ ।<br>▪ विद्यार्थीहरूलाई नैतिक शिक्षा प्रदान गरी उच्च नैतिक चरित्रवान्, देशप्रेमी र आदर्शवान नागरिक निर्माण गरिएको हुनेछ ।<br>▪ गुणस्तरीय शिक्षाबाट कुनैपनि वर्ग वा समुदायका कोही पनि बञ्चित भएका हुने छैनन् ।<br>▪ गाउँपालिकाका सबै विद्यालयका भवन तथा अन्य पूर्वाधारहरू जस्तै : शौचालय, पिउनेपानी, पुस्तकालय, फर्निचर, विज्ञान प्रयोगशाला, खेल मैदान आदि सम्पन्न भएका हुनेछन् ।<br>▪ सबै विद्यालयहरूमा विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्युटर प्रयोगशालाको व्यवस्था गरिएको हुनेछ ।<br>▪ सबै विद्यालयहरूमा विद्यार्थीहरूको सर्वाङ्गिण विकासका लागि पढाइका अतिरिक्त अन्य सिर्जनात्मक क्रियाकलापहरू सञ्चालन गर्ने ।<br>▪ सबै भवन तथा पूर्वाधारहरू अपाङ्गमैत्री हुनेछन् ।<br>▪ सबै वडाहरूमा आधुनिक प्रविधीयुक्त सुविधासम्पन्न कम्तिमा एउटा पुस्तकालय तथा वाचनालयको स्थापना भएको हुनेछ । | ▪ गाउँपालिकाका ५० प्रतिशत विद्यालयहरू आधुनिक पूर्वाधारयुक्त भएका<br>▪ गाउँपालिकाका सबै विद्यालयका पूर्वाधारहरू बालबालिका र अपाङ्ग मैत्री भएका<br>▪ गाउँपालिकाका सबै विद्यालयमा विद्यार्थी शिक्षक अनुपात राष्ट्रिय अनुपात अनुसार भएको<br>▪ सबै शिक्षकहरूले आवश्यक तालिम प्राप्त गरेका<br>▪ आधारभूत तहमा मातृभाषामा शिक्षा प्रदान गर्नका लागि आवश्यक पाठ्यक्रम तयार भई पाठ्यपुस्तकहरू प्रकाशन भएका<br>▪ सबै विद्यालयहरूमा खाजा कार्यक्रम सञ्चालन भएको<br>**स्वास्थ्य**<br>▪ प्रत्येक वडामा कम्तीमा सम्पूर्ण आधारभूत पूर्वाधारयुक्त स्वास्थ्य चौकीको स्थापना भएको र त्यहाँबाट समग्र एकीकृत स्वास्थ्य सेवा प्राप्त भएको<br>▪ स्थानीय सञ्चार माध्यम, पत्रपत्रिका तथा सडक नाटक र विद्यालय शिक्षामार्फत् स्वास्थ्य सूचना सञ्चार कार्यक्रम लागु भएको<br>▪ शिशु तथा मातृ मृत्युदर आधारबर्षको तुलनामा ५०% घटेको<br>▪ गाउँपालिकाभरी अनिवार्य स्वास्थ्य बिमा लागु भएको<br>▪ जेष्ठ नागरिकहरूलाई घरदैलोमा नियमित रूपमा नि:शुल्क स्वास्थ्य सेवा प्रदान गरिएको<br>▪ आवश्यकताका आधारमा अपाङ्गताका प्रकार अनुसार फिजियोथेरापी सेवा प्रदान गर्ने केन्द्रहरू स्थापना भएका<br>▪ प्रत्येक वडामा नियमित खोप, भिटामिन ए क्याप्सुल, पोलियो थोपा लगायतका प्रतिरोधात्मक तथा प्रबर्द्धनात्मक स्वास्थ्य कार्यक्रमहरू सञ्चालन भएका<br>▪ खाद्य सुरक्षा तथा सन्तुलित भोजनसम्बन्धी सचेतना वृद्धि भई कुपोषणको दर आधार वर्ष भन्दा ७० प्रतिशतले घटेको।<br>▪ बाल मृत्यु दर, शिशु मृत्यु दर, मातृ मृत्युदर आधार वर्षको तुलनामा ५० प्रतिशतले घटेको | | ▪ सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ । |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| ▪ आधारभूत स्वास्थ्य सेवाबाट कोहि पनि गाउँपालिकावासी बञ्चित हुने छैनन् ।<br>▪ आगामी १५ वर्षमा गाउँपालिकाको उपयुक्त स्थानमा अत्याधुनिक, सम्पूर्ण सुविधा सम्पन्न विशेषज्ञ सेवासहितको कम्तिमा दुईवटा अस्पतालहरू सञ्चालन भएका हुनेछन् ।<br>▪ सम्पूर्ण पूर्वाधारयुक्त स्वास्थ्य सेवा गाउँ घरमै प्राप्त हुनेछन् ।<br>▪ प्रत्येक वडामा सम्पूर्ण, रगत, दिशा, पिसाब, खकार लगायतका जाँच गर्ने कम्तीमा एउटा आधुनिक र सुविधासम्पन्न प्याथोलोजी तथा रेडियोलोजी ल्याबको स्थापना भएको हुनेछ ।<br>▪ आवश्यकताका आधारमा अपाङ्गताका प्रकार अनुसार फिजियोथेरापी सेवा प्रदान गर्ने केन्द्रहरू स्थापना भएका<br>▪ गाउँपालिकामा रक्तसञ्चार सेवाको प्रबन्ध गर्नका लागि रक्तसञ्चार केन्द्र (Blood Bank) को स्थापना भएको हुनेछ ।<br>▪ प्रत्येक वडामा नियमित खोप, भिटामिन ए क्याप्सुल, पोलियो थोपा, पोषणयुक्त खानेकुरा लगायतका प्रतिरोधात्मक स्वास्थ्य कार्यक्रमहरू सञ्चालन भएका हुनेछन् ।<br>▪ सबै गाउँपालिकावासीहरूमा स्वास्थ्य चेतना पूर्ण रूपमा वृद्धि भई स्वस्थ व्यवहारहरू अभ्यासमा आएका हुनेछन् ।<br>▪ सबै नागरिकको अनिवार्य स्वास्थ्य बिमा सञ्चालन भएको हुनेछ ।<br>▪ वैकल्पिक उपचार पद्धती अन्तर्गत सुविधासम्पन्न एक आयुर्वेद अस्पताल र एक प्राकृतिक चिकित्सा केन्द्रको स्थापना भएको हुनेछ ।<br>▪ हरेक वडामा ध्यान, योगाभ्यास तथा व्यायाम केन्द्रको विकास भएको हुनेछ । | ▪ गाउँपालिकामा सम्पूर्ण पूर्वाधारयुक्त अस्पताल स्थापना गर्नका लागि सम्पूर्ण प्रक्रिया पूरा भई पूर्वाधार निर्माढाको काम सुरु भएको<br>▪ सम्पूर्ण, रगत, दिशा, पिसाब, खकार जाँच गर्ने कम्तीमा एउटा प्याथोलोजी ल्याब तथारेडियोलोजी ल्याबको स्थापना भएको ।<br>▪ नि:शुल्क वितरण गर्ने औषधिको आपूर्ति सहज भएको।<br>▪ गाउँपालिकामा चौबिसै घण्टा प्रसुति सेवाको सुविधा बिस्तार भएको<br>▪ प्रत्येक वडालाई समेट्ने गरी कम्तीमा ३ वटा एम्बुलेन्स सेवा सञ्चालन भएको<br>▪ वैकल्पिक उपचार पद्धती अन्तर्गत<br>▪ गाउँपालिकाको उपयुक्त स्थानमा एउटा सुविधासम्पन्न आयुर्वेदिक अस्पताल सञ्चालनका लागि विस्तृत परियोजना प्रतिवेदन तयार भएको<br>▪ वैकल्पिक उपचार पद्धती अन्तर्गत एक प्राकृतिक चिकित्सा केन्द्रको स्थापना भएको<br>▪ हरेक वडामा योगाभ्यास केन्द्रको विकास भएको<br>▪ निर्मलीकरण गरेर पानी पिउने घरपरिवारको सङ्ख्या न्यूनतम ७० प्रतिशत पुगेको<br>▪ गाउँपालिकाको केन्द्रमा एउटा पूर्ण सुविधायुक्त प्रजनन् तथा परिवार नियोजन केन्द्रको स्थापना भएको<br>▪ स्थानीय वैद्य, झाँक्रीको पहिचान गरी सबैलाई आधारभूत तालिम प्रदान गरिएको<br>▪ प्रत्येक वडामा एक-एक वटा व्यायाम केन्द्रको स्थापना भएको<br>▪ सार्वजनिक स्थलमा धुम्रपान र मद्यपान गर्ने कार्य पूर्णत: नियन्त्रण भएको<br>▪ गाउँपालिकामा पाइने प्रमुख जटिल रोगहरूको पहिचान भई ती रोगहरूको आवृत्ति कम गर्नका लागि योजना निर्माण भएको<br>**संस्कृति**<br>▪ गाउँपालिकाका सबै सांस्कृतिक पहिचान तथा सम्पत्तिको विस्तृत विवरण तथा नक्साङ्कन गरिएको<br>▪ संस्कृति प्रवर्द्धन गर्न प्रत्येक वडामा सांस्कृतिक विकास समितिहरू गठन भई काम थालनी गरिसकेका | | |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| ▪ गाउँपालिकामा एउटा दूर स्वास्थ्य (Telemedicine) सेवा सञ्चालन भएको हुनेछ ।<br>▪ सबै एम्बुलेन्स सेवा बिस्तार भएको हुनेछ ।<br>▪ मौलिक संस्कृति र सम्पदाहरूको संरक्षण भई धार्मिक र सांस्कृतिक विविधता कालिमाटीको पहिचान र गहनाको रूपमा विकसित भएको हुनेछ ।<br>▪ गाउँपालिकामा रहेका साहित्यकार, कलाकार, गीतकार, चित्रकार, कलाकार, वाद्यवादकहरूको विस्तृत विवरण तयार भई उनीहरूलाई सम्मान तथा अभिनन्दन गर्ने काम शुरु भएको हुनेछ ।<br>▪ गाउँपालिकामा पाइने विभिन्न प्रकारका बाजागाजा, नाच, गीत तथा सांस्कृतिक सम्पदाहरूको संरक्षणका लागि विस्तृत योजना तयार भएको हुनेछ ।<br>▪ गाउँपालिकाका सबै सांस्कृतिक पहिचानहरूको संरक्षण गर्नका लागि एउटा सङ्ग्रहालय स्थापनाको कार्य शुरू हुनेछ<br>▪ धार्मिक, लैङ्गिक, जातीय, वर्गीय, भाषिक, क्षेत्रीय भेदभावमुक्त समाजको निर्माण भएको हुनेछ ।<br>▪ समानतामा आधारित शान्त, सौहार्द, सहिष्णु र न्यायपूर्ण समाजको निर्माण भएको हुनेछ ।<br>▪ विभेदमा पारिएका महिला, दलित, अपाङ्ग, जनजाति, पिछडिएको क्षेत्र लगायत सीमान्तकृत समुदायहरूको सकारात्मक विभेदका माध्यमद्वारा मूल प्रवाहीकरण भई उनीहरूको सशक्तिकरण भएको हुनेछ ।<br>▪ यौन तथा घरेलु हिंसापिडित, बेचबिखनमा परेका महिला, तेश्रोलिङ्गी तथा फरक यौनिकता भएका व्यक्तिहरू र लागूऔषध लगायतका | ▪ कम्तीमा एक धर्म संस्कृति अन्तर्गत सम्भाव्य क्षेत्रमा एक होम स्टे नमुनाको रूपमा सञ्चालनमा आएका<br>▪ प्रत्येक ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्रमा कम्तीमा वर्षमा एक पटक धार्मिक तथा सांस्कृतिक सम्मेलन, प्रदर्शनी, महोत्सव वा झाँकी प्रस्तुत गर्ने कार्यको थालनी भएको<br>▪ कार्यपालिकाको विशेष कार्यक्रममा कार्यपालिका सदस्यहरूले आफ्नो मौलिक पोशाक लगाउन थालेका<br>▪ समुदाय र विद्यालयस्तरीय लोक नृत्य, लोक बाजा र लोक गीत प्रतियोगिता नियमित रूपमा सञ्चालन भैरहेका<br>▪ गाउँपालिकामा रहेका सांस्कृतिक सम्पदाहरूको संरक्षणका लागि एउटा सङ्ग्रहालय स्थापनाको विस्तृत परियोजना प्रतिवेदन तयार भएको<br>▪ गाउँपालिकामा रहेका साहित्यकार, कलाकार, गीतकार, चित्रकार, कलाकार, वाद्यवादकहरूको विस्तृत विवरण तयार भई उनीहरूलाई सम्मान तथा अभिनन्दन गर्ने काम शुरु भएको<br>▪ गाउँपालिकामा पाइने विभिन्न प्रकारका बाजागाजा, नाच, गीत तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण तथा विकासका लागि विस्तृत योजना तयार भएको<br>**लैङ्गिक, भाषिक, धार्मिक समानता, सामाजिक समावेशीकरण तथा मूल प्रवाहीकरण**<br>▪ नेपालको संविधानमा व्यवस्था भए अनुसार महिला, दलित, अपाङ्ग, जनजाति, पिछडिएको क्षेत्र तथा सीमान्तकृत वर्ग र समुदायका हक तथा अधिकारहरू समावेसी, समानुपातिक सिद्धान्तका आधारमा ग्यारेन्टी गरी ती समुदायहरूलाई सशक्तिकरण र मूल प्रवाहीकरणमा ल्याइएको<br>▪ महिलाहरू शत प्रतिशत साक्षर भई बालविवाह पूर्ण रूपमा उन्मूलन भएको<br>▪ हरेक वडामा कम्तीमा ५ जना नमुना महिला उद्यमीहरूले उद्यम सुरु गरिसकेका | | |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| दुर्व्यसनीहरूको सामाजिक पुनर्स्थापना भएको हुनेछ ।<br>▪ समाजमा पूर्ण शान्ति सुव्यवस्था तथा अमन चयन कायम भई उल्लेख्य मात्रामा अपराध न्यूनिकरण भएको हुनेछ ।<br>▪ खेलकूद क्षेत्रको विकास भई खेलाडी र खेलक्षेत्रको प्रवर्द्धन भएको हुनेछ ।<br>▪ गाउँपालिकामा खेलकुदका लागि आवश्यक सम्पूर्ण पूर्वाधारहरू निर्माण भई खेल पर्यटनको विकास भएको हुनेछ ।<br>▪ सबै धर्म तथा जातिका आफ्नो धर्म परम्परा अनुसार मृत्युसंस्कार, शवदाह स्थल तथा चिहानको उचित व्यवस्थापन भएको हुनेछ ।<br>▪ **स**बै वडामा रहेका शवदाह स्थल तथा चिहानस्थलको उचित व्यवस्थापन भएको हुनेछ र आवश्यकताका आधारमा थप शवदाह स्थल तथा चिहानस्थलको निर्माण भएको हुनेछ ।<br>▪ प्रत्येक वडामा कम्तिमा एक-एक वटा सुविधासम्पन्न किरियापुत्री भवनको निर्माण भएको हुनेछ । | ▪ गाउँपालिकामा कम्तिमा ३ वटा वडामा अपाङ्गहरूका लागि स्वरोजगार तथा आय आर्जन तालिम प्राप्त गरी अपाङ्गहरूले व्यक्तिगत वा सामूहिक उद्योग तथा व्यापार व्यवसाय सञ्चालन गरेका<br>▪ एकल महिलालाई सवलीकरण गर्न विशेष अनुदानको व्यवस्था गरिएको<br>▪ प्रत्येक वडाका जेष्ठ नागरिकहरूलाई नियमित घुम्ती शिविर मार्फत् घरदैलोमै स्वास्थ्य जाँचको प्रबन्ध भएको<br>▪ यौन तथा घरेलु हिंसापिडित, बेचबिखनमा परेका महिला, तेश्रोलिङ्गी तथा फरक यौनिकता भएका व्यक्तिहरू र लागु औषध लगायतका दुर्व्यसनीहरूको सामाजिक पुनर्स्थापना भएको<br>▪ बालश्रम उन्मूलन भएको<br>▪ सामाजिक अन्तरघुलन अन्तर्गत अन्तरजातीय विवाह गर्दा गाउँपालिकाले प्रोत्साहन रकमको व्यवस्था गरेको<br>▪ गाउँपालिकामा कम्तीमा एउटा दुर्व्यसन सुधार गृहको स्थापना भएको<br>▪ एकल महिला, घरेलु तथा यौन हिंसामा परेका महिला, अपाङ्ग, दुर्व्यसनमा परेका युवा तथा यौनिक अल्पसङ्ख्यकहरूलाई समाजमा सहज ढङ्गले स्थापित हुन विशेष कार्यक्रमहरू सञ्चालन भएका ,फलस्वरूप उनीहरूको सामाजिक पुनर्स्थापना सहज भएको<br>▪ गाउँपालिकामा एउटा अनाथ बाल गृहको स्थापना भएको<br>▪ सबै प्रकारका अपाङ्गता भएका सबै व्यक्तिहरूले परिचयपत्र प्राप्त गरेका<br>▪ गाउँपालिकामा एउटा ज्येष्ठ नागरिक सत्सङ् केन्द्रको स्थापना भएको<br>▪ सबै प्रकारका विभेद अन्त्य भएका<br>▪ महिला, अल्पसङ्ख्यक, विपन्न, सीमान्तकृत वर्गका छात्र छात्राहरूका लागि प्रत्येक विद्यालयमा विशेष छात्रवृत्ति कोष स्थापना गरिएको<br>**शान्ति सुरक्षा**<br>▪ महिला हिंसा न्यूनीकरण गर्नका लागि गाउँपालिकास्तरमा एउटा शसक्त महिला सेलको स्थापना भएको | | |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| | ▪ समाजमा शान्ति सुव्यवस्था कायम गर्न कम्तिमा सबै वडामा प्रहरी चौकी तथा बिट स्थापना भएका<br>▪ प्रहरी र समुदाय कार्यक्रम सञ्चालन भएका<br>▪ नगर प्रहरीको गठन भएको<br>**खेलकुद**<br>▪ सम्भाव्यताका आधारमा गाउँपालिकाको उपयुक्त स्थानमा रङ्गशाला निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन तयार भएको<br>▪ गाउँपालिकामा रहेका खेलमैदान तथा विद्यालयका खेलमैदानहरूको स्तरोन्नति भएको<br>▪ प्रत्येक वडामा कम्तिमा एउटा रङ्गशाला वा सुविधासम्पन्न खेलमैदान निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयार भएको<br>▪ स्थानीय तथा विद्यालयमा स्थापना भएका खेलकुद युवा क्लबहरूलाई खेलकुद सामग्री प्रदान गरिएको<br>▪ प्रत्येक विद्यालयमा खेलकुद शिक्षकको व्यवस्था गरिएको<br>▪ हरेक वर्ष खेल महोत्सव तथा प्रतियोगिताको आयोजना गरिएको<br>▪ स्थानीय खेलकुद युवा क्लवहरूलाई खेल प्रबर्द्धनमा सक्रिय बनाउन वडास्तरमा प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन भएका<br>▪ राष्ट्रिय, अन्तर्राष्ट्रिय र प्रदेशस्तरमा स्वर्ण, रजत र काँस्य पदक प्राप्त गर्ने खेलाडी तथा प्रशिक्षकहरूलाई प्रोत्साहन स्वरूप क्रमश : रू एक लाख, पचास हजार, पच्चिस हजार र सम्मानपत्रसहित सम्मान तथा अभिनन्दन गर्ने कामको शुरुवात भएको<br>▪ खेलकुद विकासमा उल्लेख्य योगदान गर्ने खेलाडी, प्रशिक्षक र खेलप्रेमी लगायतलाई सम्मान, पुरस्कार र अभिनन्दन गर्ने कामको थालनी भएको<br>▪ गाउँपालिकास्तरमा प्रचलित विभिन्न खेलका प्रशिक्षकहरू निर्माण गर्नका लागि सङ्घीय सरकार प्रदेश सरकार, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश खेलकुद परिषद्, जिल्ला खेलकुद समिति र निजी क्षेत्रसँग समेत सहकार्य गरी नियमित तालिम र प्रशिक्षणको व्यवस्था गरिएको | | |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| | **मृत्यु संस्कार, शव दाहस्थल तथा चिहानको व्यवस्था**<br>▪ गाउँपालिकामा आवश्यक शवदाह स्थल तथा चिहानको व्यवस्थापन कार्य सम्पन्न भएको<br>▪ किरियापुत्री भवनको निर्माण शुरु भएको<br>**वि.सं. २०८५ सम्म**<br>**शिक्षा**<br>▪ विश्व बजारमा गाउँपालिकाबाट दिक्षित कम्तीमा ३० प्रतिशत विद्यार्थीहरूले अध्ययन वा रोजगार प्राप्त गरेका<br>▪ प्रत्येक वडामा २ वटाको दरले सम्पूर्ण पूर्वाधार युक्त विद्यालयको स्थापना भएका<br>▪ स्थानीय स्रोतसाधनसँग सम्बन्धित एउटा आधुनिक, प्रविधीयुक्त र सुविधासम्पन्न प्राविधिक कलेज सञ्चालन भएको<br>▪ प्रत्येक वडामा एउटा सार्वजनिक पुस्तकालय वा वाचनालयको स्थापना भएको<br>▪ गाउँपालिकाभर कम्तीमा एउटा स्नातकोत्तर तहसम्म अध्यापन हुने कलेजको स्थापना भएको<br>▪ स्थानीय स्रोतसाधनसँग सम्बन्धित एउटा प्राविधिक कलेज स्थापना भई सञ्चालन भएको<br>**स्वास्थ्य**<br>▪ कुपोषणको दर शुन्यमा झरेको<br>▪ बाल मृत्युदर, शिशु मृत्युदर र मातृ मृत्युदर आधार वर्षको तुलनामा ८० प्रतिशतले घटेको<br>▪ गाउँपालिकामा एउटा सम्पूर्ण आधुनिक पूर्वाधारयुक्त अस्पतालको स्थापना भएको।<br>▪ गाउँपालिकाभर कम्तीमा २ वटा सम्पूर्ण रोगको बारेमा डाइग्नोसिस सेवा दिने प्याथोलोजी तथा रेडियोलोजी सेवा सञ्चालनमा आएको<br>▪ गाउँपालिकामा रक्तसञ्चार सेवाको प्रबन्ध गर्नका लागि रक्तसञ्चार केन्द्र (Blood Bank) को स्थापना भई सञ्चालनमा रहेको<br>▪ प्रत्येक वडामा चौबिसै घण्टा प्रसुती सेवा सञ्चालनमा आएको<br>▪ प्रत्येक वडामा कम्तिमा एउटा एम्बुलेन्स सेवा सञ्चालनमा आएको | | |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| | ▪ निर्मलीकरण गरेर पानी पिउने परिवारको सङ्ख्याशत प्रतिशत पुगेको<br>▪ प्रत्येक वडामा प्रजनन् स्वास्थ्य र परिवार नियोजन सम्बन्धी सेवा बिस्तार भएको<br>▪ गाउँपालिकामा एउटा दूर स्वास्थ्य (Telemedicine) सेवा सञ्चालन भएको<br>**संस्कृति सुरक्षा तथा खेलकुद**<br>▪ सबै भाषा, धर्म, संस्कृति, जाति र सम्प्रदायका बासिन्दाहरूको आफ्नो संस्कृति, चाडबाड, भेषभुषा, रहनसहन तथा खानपानको संरक्षण, प्रबर्द्धन र विकास भएको<br>▪ प्रत्येक वडामा एउटा मौलिक संस्कृतिमा आधारित नमुना होमस्टे सञ्चालनमा आएको<br>▪ गाउँपालिकामा एउटा सांस्कृतिक सङ्ग्रहालय स्थापना भएको<br>▪ महिला हिंसा न्यूनीकरण गर्न प्रत्येक वडामा एउटा महिला सेलको गठन भएको<br>▪ समाजमा शान्ति सुव्यवस्था कायम गर्न प्रत्येक वडामा प्रहरी चौकी स्थापना भएको<br>▪ आवश्यक सङ्ख्यामा नगर प्रहरीको व्यवस्था गरिएको<br>▪ गाउँपालिकाका प्रत्येक वडामा कम्तिमा एउटा रङ्गशाला, कभर्डहल तथा सुविधासम्पन्न खेलमैदानको सञ्चालन भएको<br>▪ नियमितरूपमा विभिन्न खेलकुद प्रतियोगिताहरू सञ्चालन भएका<br>**वि.सं. २०९० सम्म**<br>▪ गाउँपालिकाका सम्पूर्ण विद्यालयहरू आधुनिक पूर्वाधारले सम्पन्न भएका<br>▪ प्रत्येक वडामा आवश्यक सङ्ख्यामा सार्वजनिक पुस्तकालय तथा Free WiFi Zone स्थापना भएका<br>▪ गाउँपालिकामा विद्यार्थी अनुपातको आधारमा आवश्यक सङ्ख्यामा उच्च शिक्षा अध्ययन गर्ने कलेजको स्थापना भएको<br>▪ बाल मृत्युदर, शिशु मृत्युदर र मातृ मृत्युदर आधार वर्षको तुलनामा ५ प्रतिशतमा झरेको<br>▪ गाउँपालिकामा कम्तीमा २ वटा सम्पूर्ण पूर्वाधार युक्त विशेषज्ञ सेवा सहितको अस्पतालको स्थापना भएको | | |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| | ▪ प्रत्येक वडामा एक एक वटा प्याथोलोजी तथा रेडियोलोजी सेवाको बिस्तार भएको<br>▪ प्रत्येक वडामा कम्तीमा एक होमस्टे सञ्चालनमा आएको<br>▪ गाउपालिकालाई विश्वविद्यालयस्तरको पूर्वीय दर्शन र सभ्यता अध्ययन केन्द्रका रूपमा विकास गरिएको | | |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| **(क) शिक्षा** | | |
| ▪ विद्यार्थी भर्ना अभियानलाई शत प्रतिशत पुऱ्याउन हरेक वर्षको चैत महिनाभर घर घरमा घुम्ती भर्ना टोली खटाउने | १५० | ST |
| ▪ आवश्यक सङ्ख्यामा सम्पूर्ण विद्यालय भवनहरूको निर्माण गर्न डि.पि.आर तयार पार्ने | २५ | ST |
| ▪ आवश्यक सङ्ख्यामा सम्पूर्ण विद्यालय भवनहरूको निर्माण गर्ने | १२,००० | LT |
| ▪ प्रत्येक विद्यालयमा शुद्ध पिउने पानी र बालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री सुविधायुक्त शौचालयको व्यवस्था गर्ने | १,५०० | LT |
| ▪ विद्यालयमा रहेका विद्यार्थी अनुपात र दुरीको आधारमा विद्यालयहरू गाभ्न र थप गर्न अध्ययन टोली गठन गरी अध्ययन गर्ने | ५ | ST |
| ▪ विद्यालयमा आवश्यक शैक्षिक सामग्रीको पर्याप्त व्यवस्था गर्ने | १,००० | LT |
| ▪ सम्पूर्ण विद्यालयहरूको आधारभूत भौतिक पूर्वाधार तथा शैक्षिक पूर्वाधारको तथ्याङ्क सङ्कलन गरी न्यूनतम पूर्वाधारका लागि आवश्यक कार्यक्रम अगाडि बढाउने | ५ | ST |
| ▪ प्रत्येक विद्यालयलाई न्यूनतम शैक्षिक पूर्वाधार सम्पन्न बनाउने | १,००० | LT |
| ▪ सम्पूर्ण विद्यालयमा प्रारम्भिक बाल विकास शिक्षा लागु गर्ने | ७५० | LT |
| ▪ स्थानीय आवश्यकता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डका आधारमा पाठ्यक्रम परिमार्जन गर्दै लैजाने | २० | LT |
| ▪ प्रत्येक विद्यालयमा रहेका विपन्न वर्गका सम्पूर्ण विद्यार्थीहरूको शिक्षामा हक सुनिश्चित गर्न विशेष छात्रवृत्ति कोषको व्यवस्था गरी सञ्चालन कार्यविधि बनाउने | १,००० | LT |
| ▪ प्रत्येक वडामा Free Wifi सहित कम्तीमा एउटा सुविधासम्पन्न पुस्तकालय, सामुदायिक अध्ययन केन्द्र तथा वाचनालयको स्थापना गर्नका लागि डिपिआर तयार गर्ने | १५ | ST |
| ▪ प्रत्येक वडामा Free Wifi सहित कम्तीमा एउटा पुस्तकालय, सामुदायिक अध्ययन केन्द्र तथा वाचनालयको स्थापना गर्ने | २१० | MT |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ लक्षित सीमान्तकृत समुदायका विद्यार्थीहरूलाई पुस्तकालयबाट प्रदान गर्ने पाठ्यपुस्तकहरूको व्यवस्थापन गर्न अनुदान दिने | ३० | LT |
| ▪ हरेक विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न शिक्षकको व्यवस्था गर्ने | १,८०० | MT |
| ▪ प्रत्येक वडामा एउटा छात्रावास सहित नमुना माध्यमिक विद्यालय स्थापना गर्ने | २,१०० | MT |
| ▪ हरेक विद्यालयमा शैक्षिक उपलब्धी मापन गर्न वैज्ञानिक मूल्याङ्कन प्रणाली लागु गर्ने | | MT |
| ▪ व्यवस्थित शैक्षिक क्यालेण्डर निर्माण गरी अनिवार्य रूपमा लागु गर्ने | १५ | MT |
| ▪ सम्पूर्ण विद्यालयमा विषयगत शिक्षक र दरबन्दीको अध्ययन गरी अपुग दरबन्दी थप गर्ने | १० | ST |
| ▪ हरेक माध्यमिक विद्यालयमा Internet सुविधायुक्त सूचना ल्याब र पुस्तकालयको स्थापना गर्ने | ३०० | ST |
| ▪ हरेक महिनाको अन्तिम शुक्रबार **"विद्यार्थीसँग स्थानीय सरकार"** कार्यक्रम सञ्चालन गर्ने | १५ | Regular |
| ▪ कक्षा १२ को अन्तिम परीक्षा दिई बसेका छात्रछात्राहरूलाई स्थानीय विषयगत कार्यालयमा इन्टर्नसिपको प्रबन्ध गर्ने | | Regular |
| ▪ हरेक विद्यालयमा महिनावारी भएका छात्राहरूलाई निःशुल्क रूपमा सेनेटरी प्याड उपलब्ध गराउने | १५० | Regular |
| ▪ शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोगलाई वृद्धि गर्न प्रत्येक विद्यालयमा सामग्री खरिद गर्ने (कम्प्युटर, ल्यापटप, प्रोजेक्टर लगायत) | १,००० | LT |
| ▪ प्रत्येक माध्यमिक विद्यालयहरूमा अत्याधुनिक विज्ञान प्रयोगशाला निर्माण गर्ने | १,००० | LT |
| ▪ प्रत्येक वर्ष गाउँपालिकास्तरीय शैक्षिक प्रदर्शनी, मेला तथा सम्मेलनको आयोजना गर्ने | ३० | Regular |
| ▪ विद्यार्थीको पठन संस्कृति विकास गर्नका लागि प्रत्येक विद्यालयका हरेक कक्षामा **Book Corner** को स्थापना गर्ने | १०० | ST |
| ▪ दिवा खाजा कार्यक्रमलाई सबै विद्यालयमा बिस्तार गर्ने | १,००० | Regular |
| ▪ ४०० भन्दा बढी विद्यार्थी भएको विद्यालयमा थप एक सहायक प्रधानाध्यापकको व्यवस्था गर्ने | ५४ | ST |
| ▪ गाउँपालिकाका १५ प्रतिशत विद्यालयमा आधारभूत कृषि शिक्षा लागु गर्ने | ५०० | MT |
| ▪ दुर्गम क्षेत्रका विद्यार्थीहरूका लागि गाउँपालिकामा आवश्यकताका आधारमा कम्तीमा २ वटा आवासीय विद्यालय स्थापना गर्ने | ३०० | LT |
| ▪ मेडिसिन र इन्जिनियरिङ् विषय अध्ययन गर्ने छात्र छात्राका लागि तयारी कक्षाका लागि छात्रवृति प्रदान गर्न विशेष कोषको स्थापना गर्ने | १०० | MT |
| ▪ गाउँपालिकामा JTA, Vet, Computer आदि विषय अध्ययन हुने बहु प्राविधिक विद्यालयको स्थापना गर्ने | १०० | MT |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ फरक सिकाइ आवश्यकता भएका बालबालिकाका लागि आवश्यक सबै व्यवस्था गरी गाउँपालिकामा कम्तीमा एक विद्यालय स्थापना गर्ने | ५० | ST |
| ▪ हरेक वर्ष निश्चित मापदण्डका आधारमा उत्कृष्ट विद्यालय छनोट गरी पुरस्कार तथा अनुदान थप गर्ने | ७५ | Regular |
| ▪ गाउँपालिकामा स्नातकोत्तर तहसम्म अध्ययन हुने गरी सम्भाव्यताको आधारमा एक मा.वि.लाई विकास गर्ने | २०० | LT |
| ▪ विद्यार्थीहरूमा भान्साकोठा सीप विकास गर्न कम्तिमा वर्षको एक पटक प्रत्येक वडामा विद्यालयस्तरीय खाना तयारी प्रतियोगिता आयोजना गर्ने | ४५ | Regular |
| ▪ नि:शुल्क बुहारी शिक्षा कार्यक्रम लागु गर्ने | १०० | Regular |
| ▪ विद्यार्थीहरूको हाजीरी दर सुधार्न पुरस्कार र जरिवानाको व्यवस्था गरी लागु गर्ने | ३० | Regular |
| ▪ विद्यार्थीहरूमा श्रमको सम्मान गर्ने संस्कार विकास गर्न कृषि फार्म तथा कृषक भेट भ्रमण कार्यक्रम आयोजना गर्ने | ६० | Regular |
| ▪ 'Learning by doing, learn with fun' जस्ता मान्यतालाई लागु गरी सिकाइलाई रमाइलो, सहज र प्रभावकारी बनाउन शिक्षकहरूको बीचमा अन्तरविद्यालय अनुभव आदानप्रदान कार्यक्रम लागु गर्ने | १५ | Regular |
| ▪ प्रत्येक विद्यालयलाई नियमित रूपमा Unit Test, Monthly Test तथा त्रैमासिक परीक्षा सञ्चालन गर्न लगाउने र त्यसको अनुगमन गाउँपालिकाले गर्ने | ५ | Regular |
| ▪ महिला शिक्षिकाहरूको सङ्ख्या बढाउन महिलाहरूका लागि मन्टेश्वरी तालिम सञ्चालन गर्ने | ४५ | Regular |
| ▪ सबै तह र कक्षामा ग्रेडिङ परीक्षा प्रणाली लागु गर्ने | | Regular |
| ▪ सानो कक्षादेखि नै विद्यार्थीहरूलाई प्रोजेक्ट गर्न प्रेरित गर्ने उद्देश्यले शिक्षकको निम्ति क्षमता विकास तालिम आयोजना गर्ने | ४५ | Regular |
| ▪ विद्यार्थीहरूलाई अवलोकन मार्फत् ज्ञान आर्जन गर्न सिकाउन नियमित शैक्षिक भ्रमणको व्यवस्था गर्ने | १८० | Regular |
| ▪ कक्षामा सेक्सन विभाजन गर्दा पदसोपान जनाउने A, B, C, D नभनी नामाङ्कन पद्धती जस्तै लालीगुँरास सेक्सन, सयपत्री सेक्सन, गोदावरी सेक्सन, लालुपाते सेक्सन अवलम्बन गर्ने | | ST |
| ▪ प्रत्येक विद्यालयमा एक **'करियर काउन्सिलर'** को व्यवस्था गर्ने | ४५ | Regular |
| ▪ विद्यालयका खेलमैदानहरू फराकिलो बनाउने साथै सुविधासम्पन्न बनाउने | १०० | MT |
| ▪ विद्यार्थीहरूका लागि पर्याप्त मात्रामा उमेरअनुसारका खेल सामाग्रीहरू व्यवस्था गर्ने | ५० | MT |
| ▪ आवश्यक वडाहरूमा वयस्क शिक्षा, किशोरी शिक्षा प्रौढ शिक्षा/अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरी निरक्षरता पूर्णरूपमा निर्मूल पार्ने | १०० | Regular |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ अपाङ्गता भएका विद्यार्थीका लागि उपयुक्त किसिमका पाठ्यक्रम। पाठ्य सामग्री, कक्षाकोठा, फर्निचर, खेलमैदान र शौचालयलगायतका पूर्वाधारहरूको विकास गर्ने | ५० | ST |
| ▪ बिचमा पढाइ छोड्ने प्रवृत्तिलाई रोक्न अभिभावक काउन्सिलिङ कार्यक्रम सञ्चालन गर्ने | १५ | Regular |
| ▪ विद्यालयहरूमा इ-लाइब्रेरीको विकास गर्ने | ४५ | MT |
| ▪ बालबालिकामा अन्तर्निहित क्षमता प्रस्फुटन गर्न पुस्तकालयमा बालमैत्री पाठ्यसामाग्री तथा बाल साहित्यका पुस्तकहरूको व्यवस्था गर्ने | ५० | ST |
| ▪ पाठ्यक्रममा पुनरावलोकन गर्न विज्ञहरूको टोली गठन गरी साधनस्रोत सम्पन्न बनाउने | १५ | ST |
| ▪ विद्यालयमा मायालु वातावरण निर्माण गर्ने विषयलाई केन्द्रमा राखेर शिक्षकहरूबीच अन्तर विद्यालयस्तरीय अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने | १५ | Regular |
| ▪ गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरूबिच आवधिक रूपमा शैक्षिक अनुभव आदानप्रदान कार्यक्रम गर्ने | १५ | Regular |
| ▪ शिक्षा क्षेत्रमा विपन्न समुदायको आकर्षण बढाउन निःशुल्क रूपमा झोला तथा पोशाक वितरण गर्ने | २०० | Regular |
| ▪ आवश्यकता र सम्भाव्यता हेरी विद्यालयहरूमा मातृभाषामा शिक्षा दिने | ५० | Regular |
| ▪ गाउँपालिकाका जेहेन्दार विद्यार्थीको उच्च शिक्षाको लागि शैक्षिक अनुदान तथा ऋणको व्यवस्था गर्ने | २०० | Regular |
| ▪ शिक्षाको गुणस्तर सुधारका लागि विद्यालयहरूमा दैनिक पाठयोजना कार्यक्रम लागु गर्ने | १५ | Regular |
| ▪ मूल्याङ्कन र परीक्षा प्रणालीलाई वैज्ञानिक र भरपर्दो बनाउन शिक्षकहरूलाई आधुनिक विधिहरूबारे शिक्षाविदद्वारा तालिम प्रदान गर्ने | ३० | Regular |
| ▪ उत्पादित शैक्षिक जनशक्तिका लागि गाउँपालिका भित्र आन्तरिक रोजगारीको व्यवस्था गर्न सम्भावित क्षेत्रको अध्ययन अनुसन्धान गर्ने | ५ | ST |
| ▪ विद्यालयमा दाताहरूको अनावश्यक हस्तक्षेप रोक्न विद्यालय व्यवस्थापन समितिले नियमित रूपमा शैक्षिक गतिविधिको अनुगमन गर्ने | | Regular |
| ▪ स्थानीय स्रोत, साधन र आवश्यकतालाई समेत सम्बोधन गर्ने ग्लोबल भिजन सहितको पाठ्यक्रम विकास गरी लागु गर्ने | २० | ST |
| ▪ पाठ्यक्रममा नैतिक शिक्षा समावेश गरी पठनपाठन गराउने | ५ | ST |
| ▪ शिक्षा प्रणालीलाई आध्यात्मिक विकास र सेवाभावसँग जोड्न ध्यान, योग र स्काउटका कार्यक्रम सञ्चालन गर्ने | ४५ | Regular |
| ▪ विश्वविद्यालय तहको शिक्षामा राम्रो नतिजा ल्याएका क्षमतावान् व्यक्तिहरुलाई अतिरिक्त सुविधा सहित विद्यालय शिक्षकका रुपमा नियुक्ति दिने | | ST |
| ▪ प्रत्येक विद्यालयमा अनिवार्य रूपले एक सुविधा सम्पन्न पुस्तकालयको व्यवस्था गर्ने | १,००० | LT |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ गाउँपालिकास्तरमा **"असल शिक्षक सम्मान तथा पुरस्कार"** कार्यक्रम लागु गरी शिक्षकलाई थप इमान्दार र जवाफदेही बनाउने | १५ | Regular |
| ▪ शिक्षा क्षेत्रको विकासका लागि प्रत्येक वडामा शिक्षासेवी, शिक्षाविद् सम्मिलित एक शिक्षा विकास समिति गठन गर्ने | | ST |
| ▪ एकीकृत वस्ती निर्माण गरी बालबालिकाहरूका निम्ति घरदेखि विद्यालयसम्मको दुरी घटाउने | | LT |
| ▪ सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन नियमित रूपमा शिक्षक तालिम कार्यक्रम सञ्चालन गर्ने | ४५ | Regular |
| ▪ विद्यार्थीहरूलाई सूचना र सञ्चारको जगतमा प्रवेश गराउन प्रत्येक विद्यालयमा एक सुविधासम्पन्न कम्प्युटर प्रयोगशालाको निर्माण गर्ने | १८० | Regular |
| ▪ सम्भाव्यता अध्ययन गरी गाउँपालिकामा एक बहुप्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने कलेजको स्थापना गर्ने | ३०० | LT |
| ▪ प्रत्येक विद्यालयमा कक्षा ३ सम्मका विद्यार्थीहरूका लागि उनीहरूको उचाइ अनुसारको राउण्ड टेवल सहितका बालमैत्री शिक्षा पूर्वाधार निर्माण गर्ने | १८० | MT |
| ▪ प्रत्येक विद्यालयमा एक स्वास्थ्यकर्मीको व्यवस्था गर्ने | १,५०० | LT |
| ▪ हरेक महिनाको अन्तिम शुक्रबार **"विद्यार्थीसँग गाउँपालिका अध्यक्ष"** कार्यक्रम सञ्चालन गर्ने । | ३० | Regular |
| ▪ कुनै एक विद्यालयलाई पूर्वीय दर्शन तथा सभ्यता अध्ययन केन्द्रको रूपमा विकास गर्ने | २०० | LT |
| **(ख) स्वास्थ्य** | | |
| ▪ प्रत्येक विद्यालय र समुदायमा सन्तुलित आहार र पोषण सम्बन्धी जनचेतनामूलक कार्यक्रम नियमित रूपमा सञ्चालन गर्ने | ४५ | Regular |
| ▪ सर्ने रोग सम्बन्धी व्यापक रूपमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने | ३० | Regular |
| ▪ गर्भवती महिलाको यकिन तथ्याङ्क तयार पारी सुरक्षित मातृत्व तथा पोषणका लागि गाउँपालिकाले विशेष व्यवस्था गर्ने | ३०० | Regular |
| ▪ १ वर्ष मुनिका सम्पूर्ण शिशुहरूको तथ्याङ्क तयार पारी गाउँपालिकामा जन्मदर्ता भएपश्चात् खोप, पोषण र स्वास्थ्य सुरक्षाका लागि गाउँपालिकाले विशेष व्यवस्था गर्ने । यसका लागि स्वास्थ्य चौकीमा बाल स्वास्थ्य इकाइ निर्माण गर्ने | २०० | Regular |
| ▪ प्रत्येक विद्यालयमा हरेक वर्ष नियमित रूपमा आँखा जाँच तथा उपचार घुम्ती कार्यक्रम सञ्चालन गर्ने | ४५ | Regular |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ प्रत्येक विद्यालयमा हरेक वर्ष बाथ, मुटुरोग सम्बन्धी जाँच तथा उपचार घुम्ती कार्यक्रम सञ्चालन गर्ने | ४५ | Regular |
| ▪ प्रत्येक विद्यालयमा हरेक वर्ष नियमित रूपमा कान जाँच तथा उपचार घुम्ती कार्यक्रम सञ्चालन गर्ने | ४५ | Regular |
| ▪ प्रत्येक विद्यालयमा हरेक वर्ष नियमित रूपमा दन्त जाँच तथा उपचार घुम्ती कार्यक्रम सञ्चालन गर्ने | ४५ | Regular |
| ▪ प्रत्येक वर्ष हरेक वडामा पाठेघर जाँच, महिला प्रजनन सम्बन्धी रोगहरूको नि:शुल्क जाँच घुम्ती शिविर सञ्चालन गर्ने | ६० | Regular |
| ▪ पूर्ण खोपयुक्त गाउँपालिका निर्माणका लागि प्रत्येक वडामा जन्मेका शिशुहरूको पूर्ण तथ्याङ्क तयार पारी महिला स्वास्थ्य स्वयंसेविकाको सहयोगमा खोप लगाउने प्रबन्ध गर्ने | ४५० | Regular |
| ▪ प्रत्येक वडामा हरेक वर्ष विशेष मृगौला रोग जाँच (Deep Stick Test) शिविर सञ्चालन गर्ने | ३० | Regular |
| ▪ क्षयरोग तथा कुष्ठरोग सेवालाई प्रभावकारी बनाउन वडास्तरमा रोगी पहिचान अभियान सञ्चालन गर्ने | ३० | Regular |
| ▪ गाउँपालिकाभर आवश्यक स्वास्थ्य क्षेत्रका जनशक्तिहरूको पहिचान गरी सोको परिपूर्ति गर्न योजना निर्माण गर्ने | ५ | Regular |
| ▪ प्रत्येक घरमा सरसफाइ, फोहरमैला व्यवस्थापन तथा स्वच्छ पानीको प्रयोग सम्बन्धमा व्यापक जनचेतना फैलाई घर आँगन सफा राख्न निश्चित मापदण्ड बनाई लागु गर्ने र सोको अनुगमन समेत गर्ने संयन्त्र निर्माण गर्ने | ५ | Regular |
| ▪ गाउँपालिकामा एक आकस्मिक स्वास्थ्य उपचार कोषको व्यवस्था गर्ने | १०० | MT |
| ▪ गाउँपालिकामा चौबिसै घण्टा आकस्मिक उपचार सेवाको प्रबन्ध गर्ने | ५० | MT |
| ▪ गाउँपालिकामा विद्यमान प्रमुख पाँच सर्ने र पाँच नसर्ने रोगको पहिचान गरी ती रोग विरुद्धका प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरी जोखिम न्यूनिकरण गर्ने | ५ | ST |
| ▪ आगामी ५ वर्ष भित्रमा **राष्ट्रिय स्वास्थ्य नीति २०७१** ले लिएको Universal Health Coverage नीति अनुरूप आधारभूत गुणस्तरीय स्वास्थ्य सेवा सम्पूर्ण गाउँपालिकावासीलाई सर्वसुलभ तरिकाले पुगेको सुनिश्चित गर्न एक प्रभावकारी संयन्त्र र अनुगमन प्रणालीको निर्माण गर्ने | ५ | ST |
| ▪ गाउँपालिका भित्रका सम्पूर्ण घरपरिवारहरूलाई अनिवार्य स्वास्थ्य बिमा कार्यक्रममा समेट्ने | | MT |
| ▪ अति विपन्न घरपरिवारलाई गाउँपालिकाले स्वास्थ्य बिमा गरिदिने | ५० | Regular |
| ▪ स्वास्थ्य सेवालाई जवाफदेही, पारदर्शी र जनउत्तरदायी बनाउन प्रत्येक स्वास्थ्य इकाइहरूमा गुनासो पेटिकाको व्यवस्था गरी तत्काल सम्बोधन गर्ने संयन्त्र निर्माण गर्ने | १० | Regular |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ गुणस्तरीय पोषणमा नागरिकहरूको सचेतना वृद्धि गर्न जङ्क फुड (प्याकिङ् गरेको खाना) को प्रयोग निरुत्साहित गरी घरमा उपलब्ध ताजा खानेकुरा खान प्रेरित गर्न समुदाय र विद्यालय स्तरमा अभिमुखिकरण तथा चेतनामूलक कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्ने | १५ | Regular |
| ▪ स्थानीय जडीबुटीको प्रयोग गरी उपचार गर्ने स्थानीय लामा, झाँक्री, वैद्यहरूलाई आयुर्वेदिक औषधि तथा उपचार सम्बन्धी आधारभूत तालिम प्रदान गरी प्रत्येक वडामा कम्तिमा एउटा जडीबुटी अर्थात आयुर्वेद क्लिनिक स्थापना गर्ने | ३०० | LT |
| ▪ प्रत्येक वडाका स्वास्थ्य चौकीहरूमा सर्ने रोग विरुद्ध परिचालन हुन एक इपिडिमियोलोजी रेस्पोन्स युनिटको निर्माण गर्ने | ६० | MT |
| ▪ गाउँपालिका भित्र पाइने बहुमूल्य जडीबुटीको Profile तयार पार्ने र ती जडीबुटी सबैले पहिचान गर्ने गरी गाउँपालिका कार्यालयमा मिनी Herborium निर्माण गर्ने | २० | ST |
| ▪ सम्पूर्ण अपाङ्गता भएका नागरिकहरूको लगत तयार गरी मापदण्डका आधारमा स्वास्थ्य सेवामा अनुदान सहयोग उपलब्ध गराउने | ५० | Regular |
| ▪ प्रसुतीमा जटिलता उत्पन्न हुँदा, ठूलो स्तरको दुर्घटना तथा स्थानीय बासीहरूले आवश्यक ठानेमा तुरुन्त प्राप्त हुनेगरी हवाइ एम्बुलेन्स सञ्चालन गर्न संघीय सरकारसँग समन्वय गरी गाउँपालिकामा सम्पर्क युनिटको व्यवस्था गर्ने | ५० | LT |
| ▪ गाउँपालिकाभर बढीमा एक घण्टाको दुरीमा ठूलो दुर्घटनाका घाइतेलाई जीवनरक्षा गर्ने प्रारम्भिक उपचार गर्न सक्ने तालिम प्राप्त स्वास्थ्यकर्मीहरूको व्यवस्था गर्ने | ३० | LT |
| ▪ **राष्ट्रिय स्वास्थ्य नीति २०७१** ले तय गरेको ३० मिनेटका दुरीमा कम्तीमा एक स्वास्थ्य संस्थाको स्थापना गर्ने | | LT |
| ▪ गाउँपालिकाका प्रत्येक वडामा एक युवा तथा किशोर - किशोरीका स्वास्थ्य समस्याहरू समाधान गर्न परामर्श सेवा इकाइको गठन गर्ने | १२ | ST |
| ▪ सूर्तीजन्य पदार्थ तथा धुम्रपान निषेधित क्षेत्रमा तिनको सेवन गरी नियम उल्लङ्घन गर्नेलाई कडा सजाय हुने कानुन बनाई तत्काल लागु गर्ने | | Regular |
| ▪ गाउँपालिकाबाट स्वास्थ्य क्षेत्रमा उच्च शिक्षा हासिल गर्न चाहने जेहेन्दार विद्यार्थीको पहिचान गरी मापदण्ड बनाई तयारी कक्षाहरूमा विशेष अनुदान प्रदान गर्ने | ३० | Regular |
| ▪ जनसंख्याका आधारमा आवश्यक संख्यामा मिडवाइफरी (Midwifery) तालिमहरू सञ्चालन गर्ने | १५ | Regular |
| ▪ सूचना प्रविधिको प्रयोगमार्फत् गाउँपालिकामा प्राप्त स्वास्थ्य सेवा, समय र प्रविधिहरूको जानकारी सहितको एक सूचना प्रणालीको विकास गरी सर्वसाधारणको पहुँच स्थापित गर्ने | ५ | MT |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ स्वास्थ्य क्षेत्रमा आधुनिक सूचना प्रविधिको प्रयोग गर्न स्वास्थ्य सम्बन्धी Apps तथा आधिकारिक Youtube Documentry Blog तथा Website हरूमा ग्रामीण जनताको पहुँच वृद्धि गर्न वडास्तरमा अभियानको रूपमा अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने | ५ | MT |
| ▪ विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत एकीकृत तरिकाले सञ्चालन गर्न एक कार्यविधि निर्माण गरी **"एक विद्यालय एक स्वास्थ्यकर्मी"** कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्ने | | MT |
| ▪ सामुदायिक स्वास्थ्य कार्यक्रम प्रवर्द्धन अन्तर्गत हरिया सागसब्जी र फलफूल खानपानलाई प्रवर्द्धन गर्न सम्भव हुने सम्पूर्ण घरधुरीहरूलाई वडास्तरीय करेसाबारी व्यवस्थापन तालिम सञ्चालन गर्ने | ४५ | Regular |
| ▪ मदिरा बिक्री वितरणलाई सिमित गर्न समय र स्थान तोकी कडा मापदण्ड लागू गर्ने | | ST |
| ▪ खेलकूद र व्यायामलाई प्रोत्साहन गर्न रेडियो तथा टेलिभिजन कार्यक्रम मार्फत् जनचेतनामूलक कार्यक्रम नियमित रूपमा प्रसारण गर्ने | १५ | Regular |
| ▪ प्रत्येक स्वास्थ्य इकाइबाट गुणस्तरीय सेवा प्रवाह भएको सुनिश्चित गर्न विद्यमान नीति नियमको दायरामा निर्देशिका र प्रोटोकल तयार गरी लागु गर्ने | १ | ST |
| ▪ गाउँपालिकास्तरीय एक रक्त सञ्चार सेवाको निर्माण गर्ने | ५० | LT |
| ▪ नयाँ निर्माण हुने स्वास्थ्य संस्थाहरूका भौतिक संरचनाहरू अपाङ्ग मैत्री, बालमैत्री र पूर्णरूपमा भूकम्प प्रतिरोधी हुनुपर्ने गरी निर्माण गर्ने | | Regular |
| ▪ प्रत्येक वडामा नियमित रूपमा वार्षिक क्यालेण्डर बनाई घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्ने | १,००० | Regular |
| ▪ नि:शुल्क वितरण गर्ने औषधि नियमित खरिद गर्ने र आपूर्ति प्रणाली चुस्त राख्ने | १,००० | LT |
| ▪ स्वास्थ्य स्वयम सेविकाहरूको लागि नियमित तालिम सञ्चालन गर्ने | २० | ST |
| ▪ हरेक विद्यालयमा नियमित रूपमा सन्तुलित आहार र पोषण सम्बन्धी कक्षा सञ्चालन गर्ने | ४५ | ST |
| ▪ समुदाय र विद्यालयस्तरमा पानी शुद्धीकरण साथै हात धुने तरिका सिकाउने | १५ | ST |
| ▪ समुदायस्तरमा सुरक्षित मातृत्वसम्बन्धी नियमित तालिम सञ्चालन गर्ने ( प्रत्येक वडामा) | १५ | ST |
| ▪ स्थानीय सञ्चार माध्यमबाट स्वास्थ्य चेतना सञ्चार कार्यक्रम सञ्चालन गर्ने वार्षिक पात्रो निर्माण गरी प्रसारण गर्ने | २० | ST |
| ▪ शारीरिक व्यायाम र स्वस्थ जीवनशैली बारेमा जनचेतना फैलाउने कार्यक्रम सञ्चालन गर्ने | २० | ST |
| ▪ प्रत्येक माध्यमिक विद्यालयमा यौन शिक्षा लागु गर्ने | ४५ | ST |
| ▪ ज्येष्ठ नागरिकहरूलाई नियमित नि:शुल्क घुम्ती स्वास्थ्य सेवा उपलब्ध गराउने | १,००० | ST |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ प्रत्येक वडाका स्वास्थ्य चौकीमा २४ सै घण्टा प्रसुती सेवा विस्तार गर्ने | १,५०० | MT |
| ▪ प्रत्येक वडाका स्वास्थ्य केन्द्रमा प्रजनन् स्वास्थ्य तथा परिवार नियोजन सम्बन्धी युनिट स्थापना गर्ने | ५०० | MT |
| ▪ प्रत्येक वडामा नसर्ने रोगका कारण र न्यूनिकरणका उपाय बारे नियमित सचेतना कार्यक्रम सञ्चालन गर्ने | ४५ | ST |
| ▪ गाउँपालिकामा कम्तीमा एक मानसिक स्वास्थ्य परामर्श केन्द्र स्थापना गर्ने | ६० | MT |
| ▪ पोषण गुणस्तर र खाद्य सुरक्षा कायम गर्न नियमित बजार अनुगमन र नियमन गर्ने | १५ | MT |
| ▪ प्रत्येक वडाका स्वास्थ्य चौकीहरूलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने सुविधा सम्पन्न स्वास्थ्य केन्द्रमा विकसित गर्ने | १,२०० | LT |
| ▪ प्रत्येक स्वास्थ्य चौकीमा अत्यावश्यक उपकरण तथा स्वास्थ्य सामग्री थप गर्दै लैजाने | ६०० | LT |
| ▪ चिकित्सक तथा स्वास्थ्य कर्मीको दरबन्दी हेरी आवश्यक दरबन्दी थप गर्ने | ५०० | LT |
| ▪ सबै वडामा एम्बुलेन्स सेवा विस्तार गर्ने | ५०० | LT |
| ▪ प्रत्येक वडामा एक योगा तथा ध्यान केन्द्रको स्थापना गर्ने | १२० | MT |
| ▪ प्रत्येक वडामा प्याथोलोजी सेवा स्थापना गर्ने | १२० | LT |
| ▪ प्रत्येक वडामा आकस्मिक सेवा विस्तार गर्ने | ३०० | LT |
| ▪ गाउँपालिकामा एउटा स्तरीय आयुर्वेद स्वास्थ्य केन्द्र स्थापना गर्ने | २०० | LT |
| ▪ गाउँपालिकामा एउटा स्तरीय प्राकृतिक चिकित्सा केन्द्र स्थापना गर्ने | २०० | LT |
| ▪ गाउँपालिकामा एक होमियोप्याथी क्लिनिक सञ्चालन गर्ने (संघीय सरकारको सहयोग जुटाई) | | LT |
| ▪ गाउँपालिकामा एक आधारभूत सुविधायुक्त आँखा उपचार केन्द्रको स्थापना गर्ने | १०० | LT |
| ▪ गाउँपालिकामा एक आधारभूत सुविधायुक्त दन्त उपचार केन्द्रको स्थापना गर्ने | ५० | LT |
| ▪ शारीरिक व्यायाम र स्वस्थ जीवनशैली बारेमा जनचेतना फैलाउने कार्यक्रम सञ्चालन गर्ने | २० | ST |
| ▪ प्रत्येक वडामा खोप केन्द्र तथा गाउँघर क्लिनिक बिस्तार गरी व्यवस्थापन गर्ने | ४५ | ST |
| ▪ प्रत्येक वडामा प्रजनन् स्वास्थ्य तथा परिवार नियोजन सम्बन्धी एकाइ स्थापना गर्ने | ५०० | MT |
| ▪ प्रत्येक वडामा मनो-सामाजिक परामर्श समूह गठन गर्ने | ६० | MT |
| ▪ गाउँपालिकास्थित स्वास्थ्य केन्द्रमा पूर्णरूपमा आधारभूत तहको Diagnostic सेवा अन्तर्गत Radiology भिडियो X– Ray, इन्डोस्कोपी, ECG, Echo लगायतका सेवाहरूको व्यवस्था गर्ने | ५०० | LT |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ महामारीको रूपमा फैलने रोगहरू नियन्त्रणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | १५ | ST |
| ▪ नि:शुल्क स्वास्थ्य सेवाको लागि लक्षित अति विपन्न समूहहरूको पहिचान गरी परिचयपत्र वितरण गर्ने | १५ | MT |
| ▪ क्षयरोग, हेपाटाइटिस बी., यौनजन्य रोगहरू, एच.आई.भी./एड्स जस्ता यौनजन्य रोग लागेर लुकेर बसेका विरामीहरूलाई अस्पतालसम्म ल्याउने विशेष कार्यक्रमहरू सञ्चालन गर्ने | ३० | ST |
| ▪ स्थानीय स्तरमा स्वास्थ्य सूचना प्रणाली व्यवस्थापन गर्ने | १५ | ST |
| **(ग) कला, संस्कृति** | | |
| ▪ सबै धर्म, संस्कृति र समुदायको पूर्ण अभिलेख तयार पार्ने | ६० | ST |
| ▪ गाउँपालिकामा विद्यमान धार्मिक तथा सांस्कृतिक गुठी, समूह, टोली, सम्प्रदाय, ब्यान्ड आदिको पूर्ण अभिलेख तयार पार्ने | १५ | ST |
| ▪ यस्ता समूहहरूको मुख्य प्रतिनिधिहरूलाई UNESCO द्वारा निर्माण गरिएको स्थानीयस्तरका Intangible Cultural Heritages संरक्षण र प्रवर्द्धन सम्बन्धी दस्तावेज तथा कार्यविधिहरूका बारेमा अभिमुखिकरणको सञ्चालन गर्न संस्कृति मन्त्रालयसँग सहकार्य गर्ने | १० | ST |
| ▪ हरेक बालबालिकाहरूलाई आफ्नो स्थानीय संस्कृति र पहिचान बारे जानकारी गराउन विद्यालय पाठ्यक्रममा संस्कृति सम्बन्धी अतिरिक्त पाठ्यक्रम समावेश गर्ने | १५ | ST |
| ▪ स्थानीय गायन, बाद्यवाद्यन, नाटक तथा भजन मण्डलीका कार्यक्रम र प्रतिभालाई नियमितरूपमा प्रोत्साहन गर्न अनुदान मार्फत् कोष निर्माण गर्ने र समिति गठन गरी परिचालन गर्ने | ५० | MT |
| ▪ हरेक विद्यालयमा गायन, वाद्यवादन, नाटक, चित्रकला, भेषभूषा प्रदर्शनी जस्ता कार्यक्रमलाई अतिरिक्त क्रियाकलापहरूमा समावेश गरी अनिवार्य सञ्चालन गर्न गाउँपालिकाबाट निर्देशन तथा अनुगमन गर्ने | ३० | MT |
| ▪ स्थानीय कलाकारहरूको अभिलेख तयार पार्ने | ५ | ST |
| ▪ स्थानीयस्तरबाट राष्ट्रिय स्तरका चर्चित कलाकारहरूलाई निश्चित प्रोत्साहन भत्ताको व्यवस्था गर्ने | १५० | Regular |
| ▪ स्थानीय तथा राष्ट्रिय पर्व र स्थान, विशेष सांस्कृतिक महोत्सव मनाउन तत् तत् क्षेत्रमा सांस्कृतिक समितिहरू गठन गर्ने | ७५ | ST |
| ▪ ग्रामीण लोक संस्कृतिलाई पर्यटन विकाससँग जोडेर एकीकृत नीति तयार पार्ने | १ | ST |
| ▪ अपाङ्गता भएका (फरक तरिकाले सक्षम) नागरिकहरूलाई लोक गायन, चित्रकला, हस्तकला, संगीतमा प्रोत्साहन गरी व्यावसायीक बनाउन तालिम प्रदान गर्ने | १५ | Regular |
| ▪ उत्कृष्ट स्रष्टाहरूलाई गाउँपालिका स्थापना दिवस वा विशेष समारोहमा सम्मानित गर्ने | ३० | Regular |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ विशेष अवसर पारेर नियमित लोकगीत, लोक नृत्य, चित्रकला, संगीत प्रतियोगिता आयोजना गर्ने | ७५ | Regular |
| ▪ गाउँपालिकाको वडास्तरमा नियमित सांस्कृतिक अन्तरक्रिया र गोष्ठी सञ्चालन गर्ने | ६० | ST |
| ▪ कला, धर्म, संस्कृति संरक्षणका लागि ब्रोसर तथा वृत्तचित्र तयार पारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्ने | २४ | ST |
| ▪ कार्यपालिका सदस्यहरूलाई आफ्नो संस्कृति अनुसारको पोशाक लगाई औपचारिक कार्यक्रममा प्रस्तुत हुन पहिलो पटक पोशाक भत्ताको व्यवस्था गर्ने | ५ | ST |
| ▪ प्रत्येक समुदायमा प्रचलनमा रहेका सांस्कृतिक निधिहरू अर्थात अमूर्त सांस्कृतिक सम्पदा जस्तै लोक नृत्य, बाजा, गीत, पहिरन, जात्रा, मेला संरक्षण गर्न एक संस्कृति संरक्षण कोषको स्थापना गर्ने | ५० | MT |
| ▪ विद्यालयहरूमा बाल प्रतिभा संरक्षण गर्न पुरस्कारको लागि विशेष कोषको स्थापना गर्ने | ५० | MT |
| ▪ गाउँपालिकाका मुख्य पर्यटकीय तथा धार्मिक क्षेत्रमा हरेक वर्षमा एक पटक विशेष तिथि मितिमा झाँकी तथा मेलाको आयोजना गर्ने र सोका लागि समिति गठन गर्ने | १५ | MT |
| ▪ **"एक धर्म संस्कृति १ होमस्टे"** कार्यक्रमलाई संस्कृति प्रबर्द्धनसँग गाँसेर अगाडी बढाउने | १०० | LT |
| ▪ गाउँपालिकाका विभिन्न स्थानमा सांस्कृतिक अन्तरक्रिया र गोष्ठी सञ्चालन गर्ने | ६० | ST |
| ▪ अमूर्त सांस्कृतिक सम्पदाको पूर्ण विवरण (Inventory) तयार पार्ने | १० | ST |
| ▪ गाउँपालिकामा पाइने सबै जातजातिका बाजागाजाहरूको विस्तृत अभिलेख तयार गरी संरक्षण गर्ने | ५ | LT |
| ▪ गाउँपालिकामा एक सांस्कृतिक केन्द्रं वा नाटकघरको निर्माण गर्ने | १०० | LT |
| ▪ गाउँपालिकामा वाद्यवादन, भेषभुषा, रहनसहन दर्शाउने एक सांस्कृतिक संग्रहालय स्थापना गर्ने | १०० | LT |
| ▪ गाउँपालिकामा रहेका विभिन्न मठ मन्दिर, गुम्बा, चैत्य, चर्च लगायत धार्मिक तथा सांस्कृतिक स्थलहरूको संरक्षण, मर्मत सम्भार, स्तरोन्नति र विकास गर्ने | ५०० | LT |
| (घ) **लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा मूल प्रवाहीकरण** | | |
| ▪ महिलाको सम्पत्तिमाथिको स्वामित्व बढाउदै लैजानको लागि उनीहरूको नाममा भएको जग्गा जमिन तथा सम्पत्तिको तथ्याङ्क निकाल्ने | ५ | ST |
| ▪ दाइजो प्रथालाई पूर्णतः उन्मूलन गर्न नियमित रुपमा सडक नाटक तथा र्‍याली आयोजना गर्ने | ४५ | Regular |
| ▪ छाउपडी प्रथालाई अन्त गर्ने बुहारी समूह गठन गरी परिचालन गर्ने | | |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ महिला समूहहरू गठन गरी महिलामाथि हुने सबै प्रकारका हिंसा विरुद्ध वडास्तरमा जागरण अभियान सञ्चालन गर्ने | ४५ | Regular |
| ▪ आमा समूहहरू गठन गरी स्थानीय स्रोत तथा साधनहरूमा आधारित आय आर्जनको काममा सहभागी गराउन तालिम संचालन गर्ने | ७५ | Regular |
| ▪ घरेलु हिंसाबाट पिडित महिलाहरूका लागि सुरक्षित अल्पकालिन आश्रयस्थलको व्यवस्था गर्ने | ५० | LT |
| ▪ लैङ्गिक हिंसा नियन्त्रण कोष स्थापना गरी प्रत्येक वर्ष नियमित रुपमा लैङ्गिक हिंसा विरोधी कार्यक्रम सञ्चालन गर्ने | १०० | LT |
| ▪ गाउँपालिकाको न्यायिक समितिको अगुवाइमा लैङ्गिक हिंसा विरुद्ध जनचेतना कार्यक्रम सञ्चालन गर्ने | १५ | Regular |
| ▪ लैङ्गिक हिंसामुक्त गाउँपालिका घोषणा गर्नका लागि आवश्यक सूचकहरूको विकास गर्ने गरी आगामी ३ वर्षभित्र लैङ्गिक हिंसामुक्त गाउँपालिका घोषणा गर्ने | ३० | ST |
| ▪ वडा तथा गाउँपालिका स्तरमा गठन हुने उपभोक्ता समितिहरूमा महिलालाई नेतृत्वको भूमिका दिन कार्यविधि निर्माण गर्ने | १ | ST |
| ▪ महिला हिंसासम्बन्धी घटनाको बारेमा तथ्याङ्क सङ्कलन गर्न प्रभावकारी सूचना संयन्त्रको विकास गर्ने | ५ | ST |
| ▪ एकल महिलालाई स्वाबलम्बी बनाउने उद्देश्यले व्यवसाय सञ्चालनका लागि सहुलियत दरमा ऋण उपलब्ध गराउने | १५० | Regular |
| ▪ प्रत्येक वडामा वर्षमा २ पटक किशोरीहरूका लागि प्रजनन स्वास्थ्य सम्बन्धी तालिम सञ्चालन गर्ने | ५० | Regular |
| ▪ बालबालिकामाथि हुने शारीरिक तथा मानसिक हिंसाका बारेमा अभिभावकहरूमा जनचेतना फैलाउन हरेक विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम संचालन गर्ने | ७५ | Regular |
| ▪ आर्थिक प्रलोभन तथा दबावमा परेर हुने चेलिबेटी, मानव अङ्ग बेचबिखन कार्यलाई नियन्त्रण गर्न जनचेतनामूलक कार्यक्रम संचालन गर्ने | १५ | |
| ▪ समान कामका निम्ति महिला र पुरुषबिच समान पारिश्रमिकको सुनिश्चितता गर्न अनुगमन प्रणाली व्यवस्थित गर्ने र यसमा न्यायिक समितिले अगुवाइ गर्ने | ५ | ST |
| ▪ सामाजिक हिंसा तथा श्रम शोषणका घटनाहरूको पहरेदारी गर्न संयन्त्र निर्माण गर्ने | | ST |
| ▪ पिछडिएको जाति तथा लोपोन्मुख समुदायका व्यक्तिलाई गाउँपालिका स्तरमा सार्वजनिक क्षेत्रको रोजगारीमा पहुँच पुऱ्याउन क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने | ४५ | Regular |
| ▪ विभिन्न समुदायका लोपोन्मुख भाषा र संस्कृतिको संरक्षण तथा सम्बर्द्धन गर्न स्थानीय जनताको सहभागितामा हरेक वर्ष गाउँपालिकास्तरीय भाषा/संस्कृति सम्मेलन आयोजना गर्ने | ३० | Regular |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ सीमान्तीकरणमा परेका तथा लोपोन्मुख समुदायको पहिचान स्थापित गर्न उनीहरूको पहिचान प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न क्यालेण्डर प्रकाशित गर्ने | ५ | ST |
| ▪ वार्षिक रूपमा गाउँपालिकास्तरीय बहुसांस्कृतिक झाँकी प्रदर्शन कार्यक्रम आयोजना गर्न समुदाय स्तरीय समितिहरु गठन गर्ने | १५ | Regular |
| ▪ आदिवासी जनजातिका परम्परागत सीपलाई आयआर्जनमूलक बनाई त्यसको बजार व्यवस्थापन गर्न उद्यमशिलता तालिम संचालन गर्ने | १५ | Regular |
| ▪ विभिन्न समुदायहरूमा स्वरोजगारका कार्यक्रमहरू विकास गर्न विज्ञहरूको टोली गठन गरी सम्भाव्यता अध्ययन गर्ने | १० | ST |
| ▪ विपन्न तथा लोपोन्मुख जाति समुदायका सँस्कृति संरक्षण गर्न परिवारका निम्ति सूरक्षित आवासका लागि एकीकृत बस्ती निर्माण गर्ने | ५०० | LT |
| ▪ निजामती सेवा लगायत राज्यका विभिन्न अङ्गमा महिला, अपाङ्ग, लोपोन्मुख, अतिसीमान्तकृत र सीमान्तकृत आदिवासी जनजातिको प्रतिनिधित्व बढाउन विशेष तयारी कक्षाहरू नि:शुल्क रूपमा सञ्चालन गर्ने | १५ | Regular |
| ▪ विपन्न समुदायका ज्येष्ठ नागरिकहरूको उपचारका निम्ति विपन्न ज्येष्ठ नागरिक उपचार कोष स्थापना गरी आर्थिक सहयोग प्रदान गर्ने | ५० | LT |
| ▪ महिलाहरूको नेतृत्व क्षमता विकास गर्न वडा स्तरमा वर्षमा कम्तिमा एकपटक तालिम कार्यक्रम आयोजना गर्ने | ४५ | Regular |
| ▪ दलितहरूमाथि हुने/हुन सक्ने अन्याय भेदभावमूलक व्यवहार रोक्न जनजागरण गर्ने उद्देश्यले महिला समूह, आमा समूह तथा युवा क्लबहरूलाई परिचालन गर्ने | १५ | Regular |
| ▪ विद्यालयस्तरीय पाठ्यक्रममा जातीय छुवाछुतलाई हटाउन मद्दत गर्ने किसिमका पाठ्यसामाग्री समावेश गरी सामाजिक सद्भाव र अन्तर्घुलन बढाउने | १० | ST |
| ▪ प्रत्येक वडामा वर्षमा २ पटक विपन्न सीमान्तकृत, दलितहरूलाई लक्षित गरी सशक्तिकरण र आय आर्जन सम्बन्धी उद्यमशील तालिम सञ्चालन गर्ने । | ७५ | ST |
| ▪ विधवा विवाह र अन्तरजातीय विवाहलाई प्रोत्साहन भत्ताको व्यवस्था गर्ने | १५० | MT |
| ▪ यौनिक अल्पसंख्यकको पहिचान गरी उनीहरूकै नेतृत्वमा परामर्श केन्द्र स्थापना गर्ने | ५० | MT |
| ▪ बाल विवाह र बहु विवाह उन्मुलन गर्न नियमित रूपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | १५ | ST |
| ▪ प्रत्येक वडामा महिला हिंसा विरुद्ध पहरेदारी गर्न विशेष महिला सेल गठन गर्ने | १२० | MT |
| ▪ स्थानीय न्यायिक समितिलाई न्याय सम्पादन सम्बन्धी तालिम सञ्चालन गर्ने | ५ | ST |
| ▪ प्रत्येक वडाबाट नव महिला उद्यमीहरूको पहिचान गरी विशेष उद्यमशिल तालिम सञ्चालन गर्ने | ३० | ST |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ महिला, दलित, अल्पसंख्यक, जनजाति र विपन्न समुदायका छात्र-छात्राहरूलाई विशेष कोष सञ्चालन गरी छात्रवृत्ति प्रदान गर्ने | ५०० | MT |
| ▪ सामाजिक अन्तरघुलनका लागि वर्षमा एक पटक स्थानीय राजनैतिक दलको नेतृत्वमा विशेष राष्ट्रिय पर्व वा अवसर पारेर सार्वजनिक समारोह तथा चियापान कार्यक्रमको आयोजना गर्ने | ४५ | MT |
| ▪ हरेक वडामा एउटा सामुदायिक भवन निर्माण गर्ने | ३५० | LT |
| ▪ गाउँपालिकामा एउटा अनाथालयको स्थापना गर्ने | १०० | LT |
| ▪ गाउँपालिकामा एउटा ज्येष्ठ नागरिक सत्संग केन्द्रको स्थापना गर्ने | १०० | LT |
| ▪ दुर्व्यसन पुर्नस्थापना केन्द्र स्थापना गर्ने (एक वटा) | १०० | LT |
| ▪ सडक बालबालिकाको उद्धार गरी उनीहरुको शिक्षा र सुरक्षाको लागि गाउँपालिकामा एक बालगृह स्थापना गर्ने | १०० | LT |
| ▪ **"एक वडा एक बाल उद्यान, एक वडा एक योगाश्रम"** अभियान साकार बनाउने | २०० | LT |
| ▪ महिला समूह तथा संस्थाहरूद्वारा उत्पादित वस्तु तथा सेवाको विक्री वितरणको लागि एक बिक्री केन्द्रको स्थापना गर्ने | ५० | MT |
| **(ङ) युवा** | | |
| ▪ वडागत रूपमा युवाहरूको जनसंख्या तथा अन्य व्यक्तिगत विवरण सम्बन्धी लगत तयार पार्ने | ५ | ST |
| ▪ युवाहरू नै देश विकास तथा निर्माणका प्रमुख आधार हुन् भन्ने भावनाको विकास गराउनका लागि वडास्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | ४५ | Regular |
| ▪ नैतिकवान, इमान्दार र कर्तव्यनिष्ठ युवा समुदायको निर्माण गर्न वर्षमा कम्तीमा दुई पटक गाउँपालिका स्तरीय Motivational workshop आयोजना गरी राष्ट्रियस्तरमा सफल युवाहरुसँग नियमित साक्षातकार गराउने | ७५ | Regular |
| ▪ दक्ष युवाहरूलाई विदेश अथवा शहर बजारतिर पलायन हुनबाट रोक्नका लागि शैक्षिक प्रमाणपत्र वा सीपका आधारमा बिना धितो कम ब्याजदरमा ऋण दिई स्वरोजगार बनाउनका लागि वित्तीय संस्थाहरूसँग समन्वय गर्ने | | Regular |
| ▪ कुनै पनि युवा गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षाको अधिकारबाट वञ्चित नहुने परिस्थितिको सिर्जना गर्ने र यसको ग्यारेन्टीका लागि वडा तथा गाउँपालिका स्तरमा युवा सरोकार समिति गठन गर्ने | १२० | MT |
| ▪ उच्च शिक्षा प्राप्त गर्न चाहने युवाहरुलाई निश्चित मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गर्न एक छात्रवृत्ति कोषको स्थापना गर्ने | ५०० | MT |
| ▪ प्रतिभावान युवाहरूलाई प्राविधिक शिक्षा जस्तै : मेडिसिन, इन्जिनियरिङ, कम्प्युटर प्रविधि, लगायतका क्षेत्रहरूमा अध्ययन गर्नका लागि निश्चित मापदण्डका आधारमा छात्रवृत्ति, निःशुल्क वृत्ति तथा सुलभ कर्जाको व्यवस्था गर्ने | ५०० | MT |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ विशेष शारिरीक अवस्थाका युवाहरूको शिक्षाको लागि विशेष छात्रवृत्तिको अनिवार्य व्यवस्था गर्ने | २०० | MT |
| ▪ उच्च शिक्षा हासिल गरिरहेका युवाहरूलाई समाजको बारेमा व्यवहारिक ज्ञान प्रदान गर्न गाउँपालिकाका क्रियाकलापहरुमा रोजगार संयोजक मार्फत इन्टर्नसिपको व्यवस्था गर्ने | १५ | Regular |
| ▪ युवाहरूको लगानी र व्यवस्थापनमा उद्योगधन्दा तथा व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गर्नका लागि त्यस्ता उद्योगधन्दा तथा व्यवसाय दर्ता तथा नविकरण गर्दा विशेष सहुलियतको व्यवस्था गर्ने | ५० | Regular |
| ▪ युवाहरूलाई स्थानीय स्रोतसाधनको प्रयोग गर्ने कृषि, पर्यटन, उद्योग सम्बन्धी तालिम प्रदान गर्ने | ७५ | Regular |
| ▪ कृषिजन्य, जडिबुटी र वन पैदावारमा आधारित उद्योग स्थापना तथा लगानी गर्नका लागि युवाहरूलाई प्रोत्साहन गर्न आर्थिक सहुलियत दिने | ५०० | Regular |
| ▪ अध्ययन तथा रोजगारका सिलसिलामा देशभन्दा बाहिर रहेका युवाहरूलाई फिर्ता ल्याई उनीहरूको ज्ञान, सिप र पूँजीको अधिकतम सदुपयोग गरी आर्थिक समृद्धि हासिल गर्नका लागि उनीहरूको लगानी प्रतिफलको ग्यारेण्टी गर्न विमाको व्यवस्था गर्ने र उनीहरुको सीपको सदुपयोग गर्ने | ३०० | LT |
| ▪ युवाको उद्यमशिलतालाई प्रोत्साहन गर्न सुलभ कर्जा तथा बीउ पूँजीको व्यवस्था गर्न वित्तीय संस्थासँग समन्वय गर्ने | १०० | MT |
| ▪ कृषि व्यवसायमा युवाहरूलाई आकर्षित गर्नका लागि कृषि औजार, मल, विउ, प्रविधि र बजारिकरणमा निश्चित प्रतिशतमा अनुदान दिने | १,००० | LT |
| ▪ परम्परागत ज्ञान, सीप र व्यवसायहरूमा युवाहरूलाई प्रोत्साहन गर्नका लागि ती व्यवसायहरूलाई आधुनिकिकरण गर्न गाउँपालिका स्तरीय तालिम नियमित संचालन गर्ने | ४५ | Regular |
| ▪ रोजगारी तथा पेशा व्यवसायका सिलसिलामा घाइते भएका, अङ्गभङ्ग भएका र अन्य स्वास्थ्य समस्याबाट ग्रसित युवाहरूको उपचारको व्यवस्था गर्न विमा योजना लागू गर्ने | १५० | MT |
| ▪ युवाहरूलाई धुम्रपान, मद्यपान, लागु पदार्थ र अन्य कुलतमा फँस्नबाट रोक्नका लागि विद्यालय तथा समुदायस्तरमा विभिन्न सचेतनामूलक क्रियाकलापहरू सञ्चालन गर्ने र कुलतमा परेका युवाहरूको उद्धार गरी सामाजिक पुनर्स्थापना गर्ने | ४५ | Regular |
| ▪ विद्यालय शिक्षाको पाठ्यक्रममा नै यौन स्वास्थ्य शिक्षा प्रदान गरी युवाहरूलाई यौन तथा घातक प्रकृतिका रोगहरूबाट जोखिममुक्त गराउने | १५ | Regular |
| ▪ युवाहरूको शारीरिक र मानसिक स्वास्थ्यमा विशेष भूमिका खेल्ने खेलकुदको विकास गर्नका लागि एउटा दीर्घकालिन खेलकुद विकास रणनीति निर्माण गर्ने | १० | ST |
| ▪ नियमित रूपमा विद्यालय तथा समुदाय स्तरमा खेलकुद प्रतियोगिता तथा प्रशिक्षणको व्यवस्था गर्ने | ४५० | Regular |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ राजनीति, सरकारी सेवा, व्यवसाय, उद्योग, कृषि लगायत विभिन्न क्षेत्रहरूमा युवाहरूलाई प्रोत्साहन गर्नका लागि विशेष आरक्षण, प्राथमिकता र आर्थिक अनुदानको व्यवस्था गर्ने | ४५० | LT |
| ▪ युवाहरूलाई सांस्कृतिक विचलनबाट बचाउनका लागि स्थानीय गीत, सङ्गीत, लोकगाथा, भेषभूषा लगायतका चाडबाडसम्बन्धी सांस्कृतिक मेला, प्रदर्शनी तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने र साँस्कृतिक कला र सीप सम्बन्धी तालिम संचालन गर्ने | ७५ | LT |
| ▪ युवाहरूलाई साहित्यिक तथा रचनात्मक क्रियाकलापहरूमा संलग्न गराउनका लागि गाउँपालिका तथा वडास्तरमा नियमित साहित्यिक गतिविधि जस्तै : कार्यशाला, गोष्ठी, रचना बाचन तथा मेलाको आयोजना गर्न क्यालेण्डर निर्माण गर्ने | ४५ | Regular |
| ▪ युवाहरूलाई वातावरण संरक्षण र सरसफाइमा संलग्न गराउनका लागि वडास्तरमा समितिहरू निर्माण गरी वृक्षारोपण कार्यक्रम, साप्ताहिक सरसफाइ, फोहर प्रशोधन, पुनर्प्रयोग र व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्ने | ५०० | LT |
| ▪ विज्ञान तथा प्रविधि सेवामा संलग्न युवाहरूलाई उच्च अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने र अन्वेषण र आविस्कारमा संलग्न युवाहरूका लागि गाउँपालिकामा आविस्कार कोषको स्थापना गरी मापदण्डका आधारमा आर्थिक अनुदान प्रदान गर्ने | १,००० | LT |
| ▪ मानव वेचविखन, लागुऔषध हतियार ओसार प्रसारमा युवाहरूलाई प्रयोग गर्ने परिपाटीलाई निरुत्साहित गर्नका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने | १५ | Regular |
| ▪ समाजमा शान्ति सुरक्षा र अमनचयन कायम गर्नका लागि युवाहरूलाई स्वयंसेवकको रुपमा परिचालन गर्न युवाहरूलाई समावेश गरी शान्ति सुरक्षा संयन्त्र निर्माण गरी सचेतना कार्यक्रम सञ्चालन गर्ने | ३० | Regular |
| ▪ विशेष अवस्थाका युवाहरूलाई शिक्षा, स्वास्थ्य, रोजगार, मनोरञ्जन लगायतका विविध क्षेत्रमा प्राथमिकता दिन विशेष छात्रवृति, आर्थिक सहयोग र आरक्षणको व्यवस्था गर्ने | १५० | LT |
| ▪ अपाङ्गता भएका युवाहरूका लागि उनीहरूको शारीरिक विविधता र जटिलताका आधारमा यातायात, भवन, शौचालय लगायतको पूर्वाधारहरू अपाङ्गमैत्री बनाउने | | LT |
| ▪ अपाङ्गता भएका विद्यार्थीहरूका लागि विशेष शिक्षामा दक्ष शिक्षकहरूको प्रबन्ध गरी उनीहरूको शिक्षा प्राप्त गर्ने अधिकारको ग्यारेण्टी गर्ने | १५० | LT |
| **(च) शान्ति सुरक्षा** | | |
| ▪ गाउँपालिकाका अपराध संवेदनशील क्षेत्रहरू पहिचान गरी अस्थायी प्रहरी चौकी स्थापना गर्ने | २०० | ST |
| ▪ स्थानीय समुदायसँग शान्ति सुरक्षाका सम्बन्धमा नियमित अन्तरक्रिया गर्ने | ४५ | Regular |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ नेपाल प्रहरीसँगको सहकार्यमा विद्यालयस्तरमा शान्ति सुरक्षाका अपहरण, हत्या, बलात्कार विरुद्ध नियमित अन्तकृया कार्यक्रमहरू सञ्चालन गर्ने | १५ | Regular |
| ▪ मानवीय आवतजावत सघन हुने र व्यापारिक तथा व्यावसायिक गतिविधीहरू त्रढी हुने स्थानहरूमा अनिवार्य CCTV जडान गर्ने | १०० | LT |
| ▪ गाउँपालिकाको प्रत्येक वडामा एउटा प्रहरी चौकी स्थापना गर्ने | | LT |
| ▪ आवश्यक संख्यामा गाउँपालिका प्रहरी गठन गर्ने | ९०० | LT |
| ▪ गाउँपालिका, वडा तथा समुदायस्तरमा सुरक्षा समितिहरू निर्माण गरी शान्ति सुरक्षा तथा अमनचयन कायम राख्नका लागि समुदायलाई परिचालन गर्ने । | ४५ | Regular |
| ▪ **“नागरिक बिना वर्दीका प्रहरी हुन्”** भन्ने नारालाई साकार पार्न प्रहरी र समुदाय मिलेर काम गर्ने र नियमितरूपमा शान्ति सुरक्षासम्बन्धी अन्तरक्रिया तथा अभियानहरू सञ्चालन गर्ने । | ३० | Regular |
| **(छ) खेलकुद तथा मनोरञ्जन** | | |
| ▪ यस गाउँपालिकामा प्रदान गर्न सकिने मनोरञ्जनात्मक क्रियाकलापहरूको विस्तृत विवरण तयार पार्ने | ५ | ST |
| ▪ वडास्तरमा खेलकुद विकास समितिको निर्माण गर्ने | २४० | LT |
| ▪ नियमितरूपमा खेलकुद प्रतियोगिता आयोजना गर्न वार्षिक खेल पात्रो निर्माण गर्ने | ५ | ST |
| ▪ खेलाडी प्रोत्साहनका लागि पुरस्कार कोषको व्यवस्था गर्ने | १०० | LT |
| ▪ हरेक वर्षको हिउँदयाममा गाउँपालिकास्तरीय रनिङ शिल्ड प्रतियोगिताहरू आयोजना गर्ने | ३०० | Regular |
| ▪ प्रत्येक विद्यालयहरूमा अतिरिक्त कृयाकलाप इकाई गठन गरी नियमित तालिम तथा प्रशिक्षण दिने | ७५ | Regular |
| ▪ सबै विद्यालयहरूमा खेल प्रशिक्षकको व्यवस्था गर्ने | १,५०० | LT |
| ▪ विभिन्न खेलका खेलाडी उत्पादनको लागि विशेष संयन्त्रको विकास गरी विद्यालयस्तरबाट राम्रा खेलाडी छनोट गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराउन खेलकुद छात्रवृत्ति कोषको निर्माण गर्ने | ५०० | LT |
| ▪ राष्ट्रिय, अन्तर्राष्ट्रिय र प्रदेशस्तरमा स्वर्ण, रजत र काँस्य पदक प्राप्त गर्ने खेलाडी तथा प्रशिक्षकहरूलाई प्रोत्साहन स्वरूप क्रमश : रू एक लाख, पचास हजार, पच्चिस हजार वा गाउँपालिकाको निर्णय अनुरुप सम्मानपत्रसहित सम्मान तथा अभिनन्दन गर्ने | १५० | Regular |
| ▪ विद्यालय तथा वडास्तरमा खेलकुद युवा क्लबहरूको गठन गरी तिनीहरूलाई आवश्यक खेलसामग्री लगायत अन्य बन्दोबस्तीका सामग्रीहरू प्रदान गर्ने | ५०० | LT |
| ▪ यस गाउँपालिकाबाट विभिन्न खेलकुद एकेडेमीमा खेलकुदसम्बन्धी अध्ययन गर्न जान चाहने खेलाडीका लागि बृहत् गुरुयोजना तथा १५ वर्षे खेलकुद विकास रणनीतिले तोकेको मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गर्ने | १५० | LT |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ गाउँपालिकास्तरमा प्रचलित विभिन्न खेलका प्रशिक्षकहरू निर्माण गर्नका लागि सङ्घीय सरकार प्रदेश सरकार, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश खेलकुद परिषद्, जिल्ला खेलकुद समिति र निजी क्षेत्रसँग समेत सहकार्य गरी नियमित तालिम र प्रशिक्षणको व्यवस्था गर्ने | ७५ | Regular |
| ▪ खेलकुद विकासमा उल्लेख्य योगदान गर्ने खेलाडी, प्रशिक्षक र खेलप्रेमी लगायतलाई वार्षिक रुपमा सम्मान, पुरस्कार र अभिनन्दन गर्ने | १५० | Regular |
| ▪ विभिन्न मनोरञ्जनात्मक व्यवसाय जस्तै फन पार्क, चिडियाखाना, स्वीमिङ पुल सञ्चालनका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्न विशेष आर्थिक सहुलियत प्रदान गर्ने | १५० | LT |
| ▪ गाउँपालिकाका विभिन्न खुला स्थानहरूमा सम्भाव्यता अध्ययन गरी मनोरञ्जन पार्क, बगैंचा, पिकनिकस्थल र फूलबारी निर्माण गर्ने | १,२०० | LT |
| ▪ प्रत्येक वडामा कम्तिमा एउटा सुविधासम्पन्न कभर्ड हलको निर्माण गर्ने | १,०५० | LT |
| ▪ विद्यालय तथा समुदायस्तरमा रहेका मैदान तथा चौरहरूलाई व्यवस्थापन गरी सुविधासम्पन्न खेलमैदानका रूपमा स्तरोन्नति गर्ने | १,२०० | LT |
| ▪ गाउँपालिकाको उपयुक्त स्थानमा कम्तिमा एउटा आधुनिक सुविधासम्पन्न रङ्गशाला/खेलमैदान निर्माण गर्ने | ५०० | LT |
| ▪ गाउँपालिकाका प्रत्येक वडामा कम्तिमा एक एक वटा व्यवस्थित खेलमैदान निर्माण गर्ने | ३५० | LT |
| ▪ सबै विद्यालय तथा वडामा रहेका खेलमैदानहरूलाई व्यवस्थित गर्ने | २५० | LT |
| ▪ गाउँपालिका स्तरीय एक नाट्यशाला र साँस्कृतिक केन्द्रको निर्माण गर्ने | १०० | LT |
| ▪ प्रत्येक वडा तथा विद्यालयस्तरमा खेलकुद युवा क्लबहरू स्थापना गरी साधनस्रोत सम्पन्न बनाउने | ३५० | LT |
| **(ज) शवदाह स्थल तथा चिहान व्यवस्थापन** | | |
| ▪ परम्परागत रूपमा सञ्चालनमा आएका शवदाहस्थल र चिहानहरूको नियमित व्यवस्थापन, मर्मत सम्भार गरी व्यवस्थापन गर्ने | १५० | ST |
| ▪ प्रत्येक वडामा कम्तीमा एक शवदाहस्थल वा चिहान क्षेत्रको प्राथमिकताका साथ निर्माण गर्ने | १२० | LT |
| ▪ शवदाहस्थल तथा चिहान क्षेत्रसम्म जाने सडकको स्तरोन्नति गर्ने | | MT |
| ▪ प्रत्येक वडामा सुविधासम्पन्न किरियापुत्री घर निर्माण गर्ने | ४५० | LT |
| ▪ शवदाहस्थल तथा चिहानक्षेत्रको पहिचान पश्चात आधारभूत सम्पूर्ण पूर्वाधारहरूको विकास गर्ने | ३०० | LT |

## ५.४ वातावरण तथा विपद् व्यवस्थापन योजना

यस खण्डमा वातावरण भन्नाले भौतिक वातावरण भन्ने बुझ्नुपर्दछ। हाम्रो वरपर रहेका प्राकृतिक वस्तुहरू जस्तै : वायुमण्डल, भूमि, जल, वनजङ्गल, जीवजन्तु र वनस्पतिको प्राकृतिक जीवन चक्र, जलवायु तथा मौसम आदिको अन्तरक्रिया र समग्रताले सिर्जना गरेको भौतिक अवस्थालाई वातावरण भनिन्छ। मानिसको

जीवनचक्र तथा विकासका क्रियाकलापहरू भौतिक वातावरणसँग प्रत्यक्ष सम्बन्धित हुन्छन्। भौतिक वातावरण अनुकूल हुँदा विकासले उपयुक्त गति लिन सक्छ भने भौतिक वातावरण प्रतिकूल र असन्तुलित हुँदा विकासको गति पनि अवरुद्ध हुन्छ । अर्कोतर्फ मानिसका क्रियाकलापहरूले प्रत्यक्ष रूपमा भौतिक वातावरणमा असन्तुलन पैदा गर्दछन् अथवा नकारात्मक प्रभाव पारेका हुन्छन् । तर दिगो विकासको अवधारणा अनुरूप वातावरणीय सन्तुलनलाई यथेष्ट ध्यान दिई गरिने विकास निर्माणले वातावरण सन्तुलनमा सहयोग पुऱ्याउनुका साथै त्यस्तो विकास दिगो हुनगई त्यसबाट वर्षौंवर्षसम्म लाभ लिन सकिने हुन्छ ।

संयुक्त राष्ट्रसंघको महासभाबाट तयार भएको **दिगो विकास लक्ष्य सन् २०३० को लक्ष्य नं. १२** मा दिगो उपभोग र उत्पादनको ढाँचा सुनिश्चित गर्ने, **लक्ष्य नं. १३** मा जलवायु परिवर्तन तथा यसका प्रभावहरू विरुद्ध लड्न तत्काल कार्य थाल्ने र **लक्ष्य नं. १५** मा वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने उल्लेख गरिएको छ । यी दिगो विकास लक्ष्यहरू विश्वव्यापी रूपमा वातावरण सन्तुलनको आवश्यकतालाई टड्कारो रूपमा महसुस गरी तय गरिएका हुन् । अहिले सारा विश्व नै वातावरणीय असन्तुलनका नकारात्मक असरहरूसँग जुध्नु परिरहेको परिस्थितिमा स्थानीय स्तरका विकास योजना निर्माण गर्दा समेत दिगो विकास लक्ष्यलाई मध्यनजर गर्नु अनिवार्य भएकोले यी लक्ष्यहरूको प्राप्तीका लागि ध्यान दिनु जरुरी छ । यस गाउँपालिकाको सम्पत्तीको रूपमा रहेका वनजङ्गल, जलाधार, वनस्पति र वन्यजन्तु, सुरम्य प्राकृतिक छटा, कृषि योग्य जमिन र उपयुक्त जलवायु यहाँका वातावरणीय आयामहरू हुन्। यी प्राकृतिक सम्पदाहरू नै यस गाउँपालिकाका विकासका आधारहरू समेत भएकोले यिनीहरूको दिगो उपयोग गरी पुस्तौंसम्म संरक्षण गर्नु गाउँपालिकाको दायित्व भएकोले यस योजनाले वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी निम्न पक्षहरूलाई समेट्छ।

- वन तथा भू-संरक्षण
- जलाधार संरक्षण
- वातावरण संरक्षण
- जलवायु परिवर्तन
- फोहर मैला व्यवस्थापन
- जल उत्पन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन

| | |
|---|---|
| **सोच:** | "जल, जमिन, जङगल र जडीबुटीको दिगो संरक्षण तथा उपयोग मार्फत् कालिमाटीको समृद्धिमा टेवा पुऱ्याउने" |
| **लक्ष्य:** | कालिमाटीलाई वातावरण अनुकूलित महाभारत र चुरे क्षेत्रको सङ्गमस्थलको रूपमा विकास गर्ने । |

### ५.४.१ उद्देश्यहरू

- हालको भू-उपयोगको तथ्याङ्क अनुसार कालिमाटीको कुल जमिन ५००.७२ वर्ग कि.मी. मध्ये वनजङ्गलले ढाकेको क्षेत्र ७०.५७ प्रतिशत (३५३.३४ वर्ग कि.मी.), खेतीयोग्य जमिनले २५.३५ प्रतिशत (१२६.७३ वर्ग कि.मी.), ३.६४ प्रतिशत (९.३७ वर्ग कि.मी.) जलाधारले ३.१६ प्रतिशत (१५.८४ वर्ग कि.मि.) र अन्यले ०.९६ प्रतिशत (४.८१ वर्ग कि.मी.) जमिन

ओगटेकोमा  वन तथा हरितक्षेत्रलाई कायम राखी अनुत्पादक झाडी तथा बुट्यान क्षेत्रलाई उत्पादनमुखी वन क्षेत्रमा परिणत गरी सम्पूर्ण जमिनमा वातावरणीय सन्तुलन कायम गर्दै संरक्षण र उपयोग गर्ने ।

- वन क्षेत्रको वैज्ञानिक नक्साङ्कन गर्ने ।
- वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन गरी यसलाई गाउँपालिकाको आर्थिक स्रोतको प्रमुख आधार बनाउने ।
- स्थानीय **"वन ऐन"** जारी गरी वनको दिगो विकास सुनिश्चित गर्ने ।
- सामुदायिक वन उपभोक्ता समितिहरूलाई सक्षम बनाई उत्पादनमुखी र प्रतिफलमुखी कार्यक्रम सञ्चालन गर्ने
- झाडी तथा बुट्यानमात्र भएको जङ्गल क्षेत्रलाई क्रमशः गैर काष्ठ पैदावारमुखी रुख विरुवा वा फलफूल लगाई प्रतिस्थापन गर्ने ।
- जमिनलाई सुख्खा बनाउने सल्लाको जङ्गललाई क्रमशः प्रतिफलमुखी रुख विरुवा, जडीबुटी तथा फलफूल लगाई प्रतिस्थापन गर्ने
- गाउँपालिकाभर रहेका प्रमुख जलाधार क्षेत्रको नक्साङ्कन गरी ती क्षेत्रहरूमा जलाधार विनाशमा सहयोग पुऱ्याउने क्रियाकलापहरू गर्न तत्काल रोक लगाउने ।
- जलाधारक्षेत्रको घोषणा गरी जलाधार संरक्षणका कार्यक्रमहरू लागू गर्ने ।
- सिमसार क्षेत्रको पहिचान गरी ती क्षेत्रहरूको संरक्षणका कार्यक्रमहरू लागु गर्ने ।
- प्रत्येक वडामा हाल उपलब्ध पोखरीहरूको संरक्षण गर्दै थप नमुना पोखरीहरू निर्माण गर्ने र वर्षात्को पानी सङ्कलन गर्ने ।
- जलाधार संक्षणमा सहायक प्रजातिका विरुवाहरू रोप्ने ।
- जल, जमिन, वायु र ध्वनी प्रदुषण नियन्त्रणका लागि आवश्यक मापदण्ड बनाई लागु गर्ने ।
- गाउँपालिकाका सम्पूर्ण वडामा उपयुक्त स्थानहरू पहिचान गरी हरित क्षेत्रको रूपमा विकास गर्ने र हरित क्षेत्र कायम गर्न निश्चित कार्यक्रमहरू सञ्चालन गर्ने ।
- खेर गइरहेका क्षेत्र तथा झाडी बुट्यान क्षेत्रहरूको पुनरुत्थान गरी हरित क्षेत्रको रूपमा विकास गर्ने ।
- चुरे तथा महाभारत क्षेत्रमा पहिरो संवेदनशील क्षेत्र पहिचान गरी पहिरो नियन्त्रण गर्ने ।
- नदी कटान तथा बाढीग्रस्त तथा संवेदनशील क्षेत्रहरूको पहिचान गरी नदी कटान तथा बाढी नियन्त्रणका लागि संयन्त्र निर्माण गर्ने ।
- वन्यजन्तु तथा वनस्पति संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- वन जङ्गललाई डढेलोबाट जोगाउनका लागि सचेतना फैलाउनका साथै प्रभावकारी संयन्त्र, पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी लागु गर्ने ।
- जलवायु परिवर्तनका प्रभावहरूको अध्ययन गरी सुझाव दिन विज्ञसँग परामर्श लिने ।
- जलवायु अनुकूलनका प्रभावकारी योजनाहरू निर्माण गरी लागु गर्ने ।
- जलवायु परिवर्तनले निम्त्याएका समस्याहरू सामना गर्न स्थानीय स्तरमा तालिम तथा सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।
- समुदायमा फोहर विसर्जनका प्रभावकारी विधिहरूको बारेमा जनचेतना फैलाउने ।

- फोहर वर्गीकरण गर्न, कम्पोष्ट मल बनाउन र पुनर्प्रयोग गर्न तालिम प्रदान गर्ने र प्रेरित गर्ने ।
- वातावरणमा ज्यादै नै प्रतिकूल असर पार्ने प्लास्टिक तथा टायर ट्युब जलाउने अभ्यासलाई पूर्णत: निरूत्साहित गर्ने ।
- पोलिथिन झोलाको प्रयोगलाई क्रमश: निरुत्साहित गर्दै पूर्णरूपमा निषेध गर्ने ।
- फोहर व्यवस्थापनलाई प्रभावकारी बनाउन उपयुक्त स्थान पहिचान गरी ल्याण्डफिल साइटको निर्माण गरी फोहर व्यवस्थापन गर्ने ।
- सडक नाली तथा ढलको क्रमश: निर्माण, मर्मत सम्भार र स्तरोन्नति गर्दै जाने ।
- प्रत्येक घरमा चर्पीको प्रयोग अनिवार्य गर्ने । नभएका घरमा चर्पी निर्माण गर्न अनुदान दिने र चर्पी नबनाउने घरधुरीलाई गाउँपालिकाबाट प्रदान गरिने सेवाबाट बञ्चित गराउने ।
- घरबाट निस्कने ढल व्यवस्थापन गर्न सेप्टिक ट्याङ्की वा भान्छाबाट निस्कने फोहरलाई करेसाबारीमा विसर्जन गर्न प्रोत्साहन गर्ने ।
- बजार केन्द्रहरूमा घरबाट निस्कने फोहर तथा ढल व्यवस्थापनका लागि गाउँपालिकाले व्यवस्था गर्ने । फोहर सङ्कलनवापत शुल्क लिने ।
- घर आँगन र टोल सफा राख्न समुदायस्तरमा व्यापक जनचेतनाका कार्यक्रम सञ्चालन गरी नियमित रूपमा सरसफाई अभियान सञ्चालन गर्ने ।
- गाउँपालिकामा आइपर्ने प्रमुख प्राकृतिक विपत्तीहरूको पहिचान गरी एकीकृत विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी लागु गर्ने ।
- सुरक्षा निकाय, सरकारी, गैर सरकारी र निजी क्षेत्रसँग सहकार्य गरी विपद्को समयमा राहत र उद्धार तथा प्रतिकार्य गर्न सक्षम संयन्त्रको निर्माण गर्ने ।
- विपद्को समयमा जम्मा हुने खुला स्थानको पहिचान गरी त्यस्ता खुल्ला स्थानहरूलाई आवश्यक पूर्वाधारयुक्त बनाउँदै लैजाने ।
- विपद्को समयमा आकस्मिक उपचार, खाद्यान्न आपूर्ति तथा सुरक्षाको पूर्व तयारी गर्ने ।
- विद्यालय तथा समुदायस्तरमा प्राकृतिक विपत्ती, प्रकोपका कारण, असर र तिनीहरूबाट हुने क्षति न्यूनिकरणका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालयस्तरका पाठ्यपुस्तकहरूमा प्राकृतिक विपत्ती, प्रकोपका कारण, असर र तिनीहरूबाट हुने क्षति न्यूनिकरणसँग सम्बन्धित विषयवस्तु समावेश गरी पठनपाठन गर्ने ।

### ५.४.२ योजना तथा कार्यक्रमहरू

#### (क) वन तथा भू-संरक्षण

कालिमाटी गाउँपालिकाको कूल जमिनको ठूलो हिस्सा (७०.५७ प्रतिशत क्षेत्रफल) वनजङ्गलले ओगटेको छ । पर्यावरणीय प्रणाली सन्तुलन, वायुमण्डलको स्वच्छता तथा जीवजन्तुहरूको बासस्थान कायम राख्न वन जङ्गलको संरक्षण प्राथमिकताका साथ गर्नुपर्दछ । कालिमाटी गाउँपालिकामा हाल विद्यमान वनजङ्गल वैज्ञानिक वन व्यवस्थापन प्रणाली पूर्णरूपमा लागु भई संरक्षण हुन सकिरहेको छैन । अर्कोतर्फ यो गाउँपालिकामा विद्यमान वनक्षेत्रबाहेक झाडी बुट्यान क्षेत्र र नदी किनार तथा बगरको रूपमा खेर गैरहेको जमिन समेत रहेकोले प्राकृतिक अवस्थाको वनलाई उत्पादनमुखी बनाउँदै झाडी तथा खेर गैरहेको जमिनमा वडास्तरमा व्यापक जनपरिचालन गरी उपयोगी र उत्पादनमुखी वृक्षारोपण गर्नसके यो

गाउँपालिकालाई एक प्रकारको हरित बगैंचाको रूपमा विकास गर्न सकिन्छ । यसका साथै सडक किनार, खोला तथा नदी किनार, करेसाबारी तथा खेतबारीमा पनि खेर गइरहेको जमिनमा वृक्षारोपण गरी वनको क्षेत्रफल बढाउन सकिन्छ । यसो गर्दा वनको क्षेत्रफलमा वृद्धि भई सो वनलाई आय आर्जनसँग जोडेर उपयोग गर्न सकिन्छ ।

त्यसैगरी चुरे तथा महाभारत क्षेत्रको भू-धरातल एकदमै कमजोर भएको कारणले यो क्षेत्रमा वर्षात्को समयमा निरन्तर भू-क्षय हुने तथा बाढीले जमिन कटान तथा डुबान गर्ने समस्या छन् । यस कारण यो गाउँपालिकाको वन क्षेत्र एकदमै संवेदनशील क्षेत्र हो जसको संरक्षण र प्रबर्द्धनमा मात्र कालिमाटीको अस्तित्व र समृद्धिको सपना अडेको छ । यस कारणले यो गाउँपालिकाका भू-संरक्षणका हिसाबले अति सम्वेदनशील क्षेत्रहरूमा वृक्षारोपण, बाँध निर्माण, तारजाली, तटबन्ध तथा परम्परागत पहिरो नियन्त्रण र भू-संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । साथै भू-संरक्षणको प्रभावकारी उपाय वृक्षारोपण भएकोले सो कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नु  अति आवश्यक छ ।

### (ख) वैज्ञानिक वन व्यवस्थापन

वनको दिगो र उत्पादनशील सदुपयोग र संरक्षण गर्ने नीतिलाई वैज्ञानिक वन व्यवस्थापन भनिन्छ । वैज्ञानिक वन व्यवस्थापन प्रणालीले वर्तमान अवस्थामा वन पैदावारको माग पुरा गर्न, गैर काष्ठ पैदावारबाट आय आर्जन गर्न, वन पैदावारको गुणस्तर कायम गर्न, गरिबी निवारण तथा जलवायु परिवर्तनका असरहरूसँग लड्न र सम्पूर्ण जैविक विविधताको संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम गर्न सहयोग पुऱ्याउँछ ।

वैज्ञानिक वन व्यवस्थापन प्रणालीले वनको दिगो सदुपयोग गरी संरक्षण समेत गर्ने नीति लिएको हुन्छ । नेपालको सन्दर्भमा यहाँको अधिकांश वनजङ्गल प्राकृतिक अवस्थामा नै रहेको र त्यसलाई उत्पादन र उपयोगिताको आधारमा पूर्णरूपमा उत्पादनशील नबनाई प्राकृतिक अवस्थामा नै छाडिएकोले वन पैदावारको उच्चतम उत्पादन नभई गुणस्तर समेत खस्किएको छ । अर्कोतर्फ वन पैदावारलाई समेत समयमा प्रयोग नगर्दा कुहिने, सड्ने, चोरी हुने लगायतका विभिन्न समस्याहरू सिर्जना हुन्छन् । त्यसकारण वन संरक्षणको साथमा त्यसलाई उत्पादनशील बनाई उच्चतम उपयोग र प्रतिफल प्राप्त गर्नका लागि वैज्ञानिक वन व्यवस्थापन प्रणाली अवलम्बन गर्न जरुरी छ । अव्यवस्थित तरिकाले रुख काट्ने परिपाटीको अन्त्य गरी छनौट गरी रुख काट्ने परिपाटी बसाउने, काठलाई खेर जान नदीने, खाली स्थानमा समयमै वृक्षारोपण गरी उपयुक्त समयमै काटेर त्यसको पूर्ण सदुपयोग गर्न वैज्ञानिक वन व्यवस्थापन प्रणाली लागु गर्नु जरुरी छ । जनसङ्ख्याको बढ्दो मागलाई सम्बोधन गर्न वनको उत्पादनशील लागतलाई अभिवृद्धि गर्नुपर्दछ । तसर्थ सामान्य अर्थमा भन्दा हामीले कृषि फर्म अन्तर्गत बालीनाली लगाई त्यसको उचित गोडमेल, स्याहार र रेखदेख गरी राम्रो उत्पादन गर्न अवलम्बन गर्ने उपायहरू जस्तै वनको समेत संरक्षण, स्याहारसुसार र रेखदेख गरी वनपैदावारलाई प्रतिफलमुखी बनाउन सकिन्छ । यसो गर्दा वनको संरक्षण हुन गई यसले उच्च प्रतिफल समेत दिन्छ । साथै यसबाट कार्बन उपभोग वृद्धि भई स्वस्थ तथा गुणस्तरीय वनको उत्पादन हुन जान्छ ।

नेपालको सामुदायिक वन तथा अन्य राष्ट्रिय वनहरूको अवस्था हेर्दा बढी संरक्षणमुखी देखिएतापनि त्यसको उपादेयताको दृष्टिकोणबाट हेर्दा प्रतिफलमुखी देखिँदैन र यसको साथै वन पैदावारको गुणस्तर समेत कमजोर छ । रुखहरू खोक्रो हुने, मिचाहा प्रजातिका बोटविरुवाहरूले अतिक्रमण गर्ने, उपयोगी बोटविरुवा

र काठको कमी हुने र जमिनको क्षेत्रफलमात्र बढी ओगटेको पाइन्छ । यसले वनको पुनरुत्थानलाई गम्भीर असर पारेको छ । वैज्ञानिक वन व्यवस्थापनको अर्को राम्रो पक्ष भनेको यसले वन संरक्षण तथा प्रशासनिक कार्यमा पुऱ्याउने सहयोग पनि हो । यस अन्तर्गत वनमा रहेका रुखहरूको भू-सुचना प्रणाली अनुरूप पूर्णरूपमा अभिलेखिकरण गरिएको हुने हुनाले यसले गैरकानूनीरूपमा भैरहेको वन पैदावारको चोरी तस्करी नियन्त्रण गर्न समेत सघाउ पुऱ्याउँछ ।

नेपालको सन्दर्भमा वनको वैज्ञानिक व्यवस्थापन गर्नु आर्थिक हिसाबले समेत अत्यन्त श्रेयस्कर रहेको छ । जनसङ्ख्याको ठुलो हिस्सा एक वा अर्कोरूपमा वनसँग जोडिएको हुनाले उनीहरूको आयआर्जनमा वृद्धि गरी राजश्व सङ्कलनमा सहयोग पुग्नुका साथै पर्यापर्यटन तथा वातावरण सन्तुलनमा समेत यसले ठुलो योगदान पुऱ्याउन सक्छ । तसर्थ नेपालले व्यापकरूपमा वनको वैज्ञानिक व्यवस्थापनको नीति अङ्गिकार गर्दा लाखौं रोजगारी सिर्जना हुनुको साथै स्थानीयवासीहरूको जीवनस्तर उकासिई समग्र आर्थिक समृद्धिको बाटो खुल्दछ ।

राज्यद्वारा नियन्त्रित वनको उचित व्यवस्थापन र संरक्षण नहुँदा सन् १९८९ देखि मात्र नेपालमा समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रम लागु भयो । यसले वन संरक्षणमा केही सहयोग त पुऱ्यायो तर यस अगाडी उल्लेख गरिए जस्तै यो कार्यक्रम बढी संरक्षणमुखी भयो । तर जनताले वन पैदावारबाट अत्यधिक लाभ हासिल गर्न सकेनन्, वार्षिकरूपमा अत्यन्त सिमित मात्रामा घाँस दाउराको उपयोग गर्ने बाहेक यसको थप उपयोगिता भने भएन । तसर्थ समयको माग अनुसार सन् २०१२ देखि नेपालले **"समृद्धिको लागि वन"** भन्ने नीति लिएपछि सन् २०१३ मा कपिलवस्तुको तिलौराकोट सामुदायिक वनमा उच्च मुल्यको सालको वनलाई वैज्ञानिक व्यवस्थापन गरी त्यसको सुरुवात गरेको छ । नेपालको वनलाई समृद्धि र वातावरण संरक्षण दुवै सँग जोड्न वैज्ञानिक वन व्यवस्थापनको अपरिहार्यता भएकाले यस गाउँपालिकामा यो कार्यक्रम लागू गर्नु अनिवार्य देखिएको छ ।

कालिमाटी गाउँपालिकामा पनि वनको वैज्ञानिक व्यवस्थापन हुन सकेको छैन जसका कारण यथेष्ट वनजङ्गल सम्पदा भए पनि यसको उच्चतम उपयोग हुन सकिरहेको छैन । यस गाउँपालिकामा राष्ट्रिय वन, सामुदायिक वन, राष्ट्रिय निकुन्ज, मध्यवर्ती क्षेत्र, निजी वन, चरन क्षेत्र, सिमसार क्षेत्र आदि छन् । यी क्षेत्रहरू यस गाउँपालिकाका जिवनका स्रोतहरू हुन् । यसकारण यी क्षेत्रहरूको वैज्ञानिक र दिगो व्यवस्थापन गरी वनजङ्गल तथा जलाधार क्षेत्रलाई उतपादनमुखी आयआर्जनको माध्यम बनाउन सकेमा गाउँपालिकावासीको जीवनस्तरमा वृद्धि गर्न सहयोग पुग्दछ । वनपैदावारको वैज्ञानिक व्यवस्थापनका लागि निम्न लिखित कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

- वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागु गर्न विज्ञसँग परामर्श लिने ।
- सामुदायिक वन तथा वन उपभोक्ता समितिहरूलाई सक्षम तुल्याउन नियमित तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- पानीका मूल सुक्ने तथा मिचाहा प्रजातिका विरुवाहरूको पहिचान गरी तिनीहरूलाई उत्पादनशील फलफूल तथा जडीबुटीका विरुवाले प्रतिस्थापन गर्दै जाने ।
- पानीका मूल सुकाउने प्रजातिका विरुवालाई जलाधार संरक्षण गर्ने प्रजातिका विरुवाले प्रतिस्थापन गर्ने ।

- वनमा जडीबुटी, फलफूल, नगदे बाली, बहुवर्षे खेती आदि आयआर्जनका कार्यक्रमहरूलाई सञ्चालन गर्ने ।
- हर्रो, बर्रो, चिउरी, कुरिलो, टिम्मुर, अमला आदि जडीबुटीको व्यावसायिक उत्पादन गर्न सम्भाव्यता अध्ययन गरी वृक्षारोपण गर्ने ।
- हरेक वडामा निश्चित प्रतिशत हरितक्षेत्रको घोषणा गर्ने ।
- वन तथा भू-संरक्षणका प्रत्येक कार्यक्रमहरूमा जनसहभागिता सुनिश्चित गर्ने ।
- पहिरो, भू-क्षय, बाढी तथा नदी कटान संवेदनशील क्षेत्रको वडागत नक्शाङ्कन गर्ने ।
- निश्चित समयावधि तोकेर सम्पन्न गर्ने गरी पहिरो, भू-क्षय, बाढी तथा नदी कटान नियन्त्रण र वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने ।
- सामुदायिकस्तरमा निजी जमिन तथा वन जङ्गलमा फलफूलको व्यावसायिक उत्पादन सुरु गर्ने ।
- वन अतिक्रमण रोक्न कडा नीति अवलम्बन गर्ने ।
- वन उपभोक्ता समूहहरूलाई सशक्तिकरण गर्ने ।
- निश्चित प्रतिफल र सूचकाङ्कका आधारमा प्रत्येक वर्ष वन उपभोक्ता समूहहरूमध्येबाट सर्वोकृष्टलाई पुरस्कृत गर्ने ।
- वन तथा भू-संरक्षण सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।
- पहिरो, भू-क्षय, बाढी तथा नदी कटान नियन्त्रण तथा भू-संरक्षण गर्न जैविक र परम्परागत विधिहरूको अध्ययन र सो सम्बन्धी तालिम सञ्चालन गरी स्थानीयवासीहरूलाई परिचालन गर्ने ।
- स्थानीय जलवायु अनुकूलका विरुवाहरूको बेर्ना तयार गरी वितरण गर्न प्रत्येक वडामा कम्तीमा एउटा नर्सरीको स्थापना गर्ने ।
- नर्सरीमा उत्पादित विरुवाको निजीस्तरमा बिक्री तथा सार्वजनिक र सामुदायिकस्तरमा वितरण गर्न वार्षिक क्यालेण्डर निर्माण गर्ने ।
- निजी वन संरक्षण र बिस्तार गर्ने व्यक्ति वा समूहलाई विरुवामा निश्चित प्रतिशत अनुदान दिने ।
- गाउँपालिकामा कम्तीमा एउटा तार जाली निर्माण कारखाना स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरी उत्पादित जाली गाउँपालिकाले खरिद गरी नदी तथा खोला किनार र भू-क्षय हुनसक्ने स्थानमा तटबन्ध गर्ने ।
- जैविक र परम्परागत विधिबाट पहिरो, भू-क्षय, बाढी तथा नदी कटान नियन्त्रण प्रविधि प्रयोग गर्न नमूना छनोट गरी गाउँपालिकाको कम्तीमा एक स्थानमा नमुना पहिरो, भू-क्षय, बाढी तथा नदी कटान नियन्त्रण कार्यक्रम लागु गर्ने ।
- हरेक वडा कार्यालयले वडा कार्यालय परिसरमा नमुना बगैंचा वा नमुना वृक्षारोपण क्षेत्र स्थापना गर्ने ।
- मुख्य सडकका सडक किनार तथा सम्पूर्ण उपयुक्त स्थानहरूमा अनिवार्यरूपमा वृक्षारोपण गर्ने ।
- विज्ञ समुहको परामर्श लिई गाउँपालिकामा पाइने सम्पूर्ण वनस्पतिको सूची तयार पारी सङ्कटासन्न र लोपोन्मुख प्रजातिहरू घोषणा गरी तिनीहरूको संरक्षणका लागि विशेष योजना बनाई कार्यान्वयन गर्ने ।

- प्रत्येक वडामा वायो-इन्जिनियरिङ् प्रविधिको प्रयोग गरी नमुना संरक्षण क्षेत्र घोषणा गरी कार्यान्वयन गर्ने ।
- गाउँपालिकामा सडक निर्माण लगायतका पूर्वाधारहरूको निर्माण गर्दा निश्चित प्रतिशत बायोइन्जिनियरिङ् प्रविधि अपनाउने
- स्थानीयस्तरमा वनस्पति र वन्यजन्तु संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- वन्यजन्तुको चोरी शिकारी तथा काठ दाउराको चोरी निकासी तथा ओसारपसार नियन्त्रण गर्ने ।
- राष्ट्रिय नीति र कानुन बमोजिम संरक्षित वनस्पति र वन्यजन्तुको उत्पादन वा सिधै निकासी वा ओसारपसार नियन्त्रण गर्न स्थानीय समुदायसँग सहकार्य गरी स्थानीय संयन्त्र निर्माण गर्ने ।
- प्रत्येक वडामा एक नमुना जडीबुटी उत्पादन क्षेत्र निर्माण गर्ने ।
- धार्मिक वन, राष्ट्रिय वन, निकुञ्ज क्षेत्र, संरक्षित क्षेत्र, मध्यवर्ती क्षेत्र, निजी वन, कबुलियती वन लगायतको लगत तयार गरी संरक्षणका लागि उपयुक्त संयन्त्र निर्माण गर्ने ।

### (ख) जलाधार संरक्षण

जलाधार तथा जलस्रोतको हिसाबले नेपाल संसारकै दोस्रो ठूलो देश भनिँदै आईरहेको वषौं भएतापनि यसको संरक्षण र उच्चतम सदुपयोगमा नेपाल पछाडी परेको छ । कालिमाटी गाउँपालिका समेत जलस्रोत र जलाधार क्षेत्रको हिसाबले सम्पन्न छ । महाभारत शृङ्खला र चुरे क्षेत्रबाट शुरू भई होचो भूभाग हुँदै तराइतिर बग्ने नदी तथा खोलानाला भएका कारण यो गाउँपालिकामा जलाधार क्षेत्रको प्रचुरता रहेको पाइन्छ । तथापि यसको पूर्ण सदुपयोगको ठोस योजना नहुँदा बहुमूल्य जलस्रोत वर्षौंदेखि त्यत्तिकै खेर गईरहेको छ भने कतिपय वडाहरू सुख्खा क्षेत्रका रूपमा रहेका छन् र खेतीयोग्य जमिनमा सिँचाई सुविधा पुग्न सकेको छैन । यो गाउँपालिकाको समृद्धिको आधारमध्ये जलस्रोत पनि एक हो । तराई क्षेत्रको आर्सनिकयुक्त पानी  र भूमिगत फलामयुक्त पानीबाहेक अन्य सबै प्रकारको पानी शुद्धीकरण गरी पिउन मिल्ने प्रकारको भएकोले टापु नै टापुले बनेको माल्दिभ्स र युरोपभन्दा नेपाल जलस्रोतमा धनी बन्न पुगेको हो । अर्थात् नेपाल स्वच्छ पानी (Fresh Water) का हिसाबले धनी राष्ट्र हो । यो कालिमाटी गाउँपालिकाको जलाधार संरक्षणका लागि निम्न कार्यक्रमहरू सञ्चालन गर्न उपयुक्त देखिन्छ ।

- पानीका सबै मुहानहरूको पहिचान गरी विस्तृत प्रोफाइल तयार गर्ने ।
- सम्पूर्ण जलाधार क्षेत्र तथा सिमसार क्षेत्रको नक्साङ्कन गर्ने ।
- जलाधार क्षेत्र र सिमसार क्षेत्रको घोषणा गरी जलाधार संरक्षणका विरुद्ध क्रियाकलापहरू सञ्चालन गर्न रोक लगाउने ।
- प्रत्येक वडाका उपयुक्त स्थानहरूमा जलपर्यावरणीय प्रणाली प्रबर्द्धन गर्ने ।
- वन्यजन्तु र चराचुरुङ्गीलाई समेत पानीका लागि बस्ती तथा वन जङ्गलको बीचबीचमा अभियानकै रूपमा पोखरीहरू निर्माण गरी वर्षात्को पानी सङ्कलन गर्ने ।
- जलाधार क्षेत्र घोषणा भएका इलाकाहरूमा जलाधार संरक्षण गर्ने प्रजातिका विरुवाहरू रोप्ने ।
- प्रत्येक वडामा कम्तीमा एक एक वटा नमुना जलाधार संरक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- जलस्रोतको सदुपयोग गरी उद्योग वाणिज्यको विकास गर्न निजी क्षेत्रलाई मिनरल वाटर वा पानीमा आधारित उद्योग खोल्न आकर्षित गर्ने ।

- थोपा थोपा जलको सदुपयोग गरी सिँचाईमा प्रयोग गर्न वातावरण अनुकूल सिँचाई आयोजना सञ्चालन गर्ने ।
- जलको संरक्षण र सदुपयोग गरी जल पर्यावरणीय प्रणाली कायम गर्न र संरक्षण गर्न प्रत्येक वडाका सम्भावित क्षेत्रमा सम्भाव्यता अध्ययन गरी पोखरी निर्माण गरी ती पोखरीहरूमा माछापालन व्यवसायलाई प्रोत्साहन गर्ने ।

### (ग) वातावरण संरक्षण

वातावरण संरक्षण भनेको सम्पूर्ण वातावरणीय अवयवहरूको एकीकृत संरक्षणको पाटो हो । यसमा समग्रमा जल, जमिन, जङ्गल, वायुमण्डल र हाम्रो वरपरको सेरोफेरोलाई स्वच्छ, सफा र सन्तुलित राख्ने विषय पर्दछ । यस गाउँपालिकामा ठूलो स्तरमा औद्योगिकिकरण नभएको कारण यहाँको वातावरण प्रदुषणको अवस्था त्यति भयावह छैन । तर पनि धुलाम्ये सडक, योजनाविहिन तथा अन्धाधुन्ध हिसाबले भइरहेका सडक निर्माण तथा अन्य निर्माण गतिविधिहरू, काठदाउराको धुवाँ, छिमेकी राष्ट्रबाट आउने वायुप्रदुषण, औद्योगिकीकरण, शहरीकरण र आधुनिकीकरणको क्रमसँगै वातावरणीय समस्याहरू समेत निम्तिने कारण अहिलेदेखि नै वातावरण संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । यसगाउँपालिकाको समग्र वातावरण संरक्षण गर्न निम्न क्रियाकलापहरू सञ्चालन गर्नु आवश्यक छ ।

- वायुप्रदुषण नियन्त्रण गर्न क्रमश: सबै सडकहरू कालोपत्रे अथवा पक्की गर्दै जाने ।
- प्लास्टिक तथा टायर ट्युब जलाउने परिपाटीलाई पूर्णत: बन्देज गर्ने ।
- प्रत्येक घरमा खाना पकाउन प्रयोग हुने मुख्य इन्धनमा काठ दाउरा तथा गोबर गुइँठालाई विस्थापन गर्न वैकल्पिक उर्जा, जस्तै: गोबरग्याँस, वायोग्याँस, सौर्य तथा वायुउर्जा, सुधारिएको चुलो आदिको व्यवस्था गर्न निश्चित प्रतिशत अनुदान दिने ।
- घरआँगन, टोल र सडक सफा राख्ने र नियमित सरसफाई अभियान सञ्चालन गर्ने ।
- पानीका मुहानहरू सफा राख्ने । त्यस्ता स्थानहरूमा मानवीय गतिविधि र छाडा पशुहरू नियन्त्रण गर्ने ।
- विकास निर्माणका ठूला कार्यक्रमहरू, खानी उत्खनन्, ढुङ्गा, गिट्टी बालुवा तथा माटो उत्खनन् आदि कार्य गर्दा प्रारम्भिक वातावरणीय परीक्षण गरी सोको अक्षरश: पालना गर्ने ।
- बस्ती, विद्यालय, स्वास्थ्य संस्था, धार्मिक संस्था जस्ता संवेदशील क्षेत्र वरपर ध्वनि प्रदुषण नियन्त्रण गर्न ध्वनि निषेधित क्षेत्र घोषणा गर्ने ।
- ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्वका स्थलहरूकोएकीकृत संरक्षण योजना तयार गरी यस्ता क्षेत्रलाई सम्पदा क्षेत्र घोषणा गरी वातावरण अनुकूल दिगो विकास र संरक्षण गर्ने ।
- मरेका पशुचौपायाहरूको व्यवस्थापन गर्न वडास्तरमा स्थानहरू तोक्ने ।
- प्रत्येक वडाका मानवीय गतिविधिहरू बढी भैरहने क्षेत्रमा अनिवार्य सार्वजनिक शौचालयको निर्माण गर्ने ।
- गाउँपालिकालाई पूर्णरूपमा खुला दिसामुक्त क्षेत्र घोषणा गरी कार्यान्वयन गर्ने ।
- ठूला उद्योगहरूलाई घना मानवबस्ती भएको इलाकामा स्थापना गर्न निषेध गर्ने । यस्ता उद्योगहरूलाई वातावरण प्रदुषण नियन्त्रणमा जिम्मेवार बनाई वातावरण संरक्षणका क्षेत्रमा शोधभर्ना स्वरूप लगानी गर्नुपर्ने प्रावधान बनाउने ।
- कालिमाटी नदी तथा अन्य खोला नालाको किनार लगायत पहिरो, भू-क्षय संवेदनशील क्षेत्रमा भू-क्षय, नदी कटान तथा पहिरो नियन्त्रण गर्ने योजना कार्यान्वयन गर्ने ।

- प्रत्येक वडामा एक-एक वटा वडागत नमुना पार्कहरूको निर्माण गर्ने ।
- कालिमाटी नदी नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने ।
- कालिमाटी नदी तथा अन्य खोला किनारबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्दा परेको प्रभाव बापत उक्त क्षेत्रको सामाजिक दायित्व अन्तर्गत विशेष वातावरण संरक्षण कार्यक्रम सञ्चालन गर्न अनिवार्य प्रावधान बनाउने ।

### (घ) जलवायु परिवर्तन

औद्योगिक राष्ट्रहरूले गरेको व्यापक कार्बन उत्सर्जन, सवारी साधनबाट निस्कने धुवाँ, औद्योगिकीकरण, शहरीकरण, विकास निर्माण, जनसङ्ख्या वृद्धि, वनजङ्गल विनाश, रेफ्रिजेशन प्रविधिमा प्रयोग हुने क्लोरोफलोरो कार्बन (CFC) जस्ता कारणले हरितगृह प्रभाव (Green House Effect) बढ्न गई त्यसले भूमण्डलीय तापक्रम वृद्धि गर्दै लगेको वैज्ञानिक तथ्य हाम्रा सामु छ । यसका साथै ओजोन तहको विनाशले मानवीय तथा वातावरणीय स्वास्थ्यमा विभिन्न प्रकारका रोग, महामारी, प्राकृतिक विपत्ति समेत निम्ताएको छ । यसरी भूमण्डलीय तापक्रम वृद्धि तथा प्राकृतिक विपत्तिले जलवायु परिवर्तनमा प्रत्यक्ष प्रभाव पारी जलवायु परिवर्तन भइरहेको परिप्रेक्ष्यमा हरेक राष्ट्रले विकास निर्माणका योजना तयार पार्दा यी तथ्यलाई मनन् गरी विकास योजना तयार पार्नुपर्ने हुन्छ किनकि जलवायु परिवर्तनका प्रमुख कारक भनेकै विकास निर्माणसम्बन्धी र मानवीय गतिविधिहरू हुन् । विकास निर्माणसम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्दा वातावरण-मैत्री प्रविधि अपनाउने, वातावरण संरक्षण, प्रतिकार्य र पुनर्स्थापना कार्यक्रम तथा जलवायु परिवर्तन न्यूनिकरणका लागि अभियान सञ्चालन गरी कम भन्दा कम कार्बन उत्सर्जन गर्ने र बढी भन्दा बढी कार्बन उपभोग हुने वातावरण सिर्जना गरी जलवायु समायोजन र सन्तुलन कायम हुने वैज्ञानिक विधि र प्रक्रिया अवलम्बन गर्नु श्रेयस्कर हुन्छ । जलवायु परिवर्तन नियन्त्रण सन्दर्भमा यस गाउँपालिकामा निम्न क्रियाकलाप तथा कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

- गाउँपालिकामा वन क्षेत्रको बिस्तार तथा हरित क्षेत्र कायम गरी कार्बन उपभोगको तह वृद्धि गर्ने ।
- वैकल्पिक र नविकरणीय उर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने ।
- विद्युत् उपभोगलाई वृद्धि गरी विद्युत उत्पादनमा लगानी गर्ने र घरेलु इन्धनको रूपमा काठदाउरा तथा गोबर गुइँठाको प्रयोगलाई शुन्यमा झार्ने ।
- गाउँपालिकामा जलवायु परिवर्तनले पारेका मुख्य-मुख्य प्रभावहरूको अध्ययन गर्न विज्ञको परामर्श लिने र ती प्रभावहरू यकिन गर्ने ।
- नकारात्मक प्रभाव न्यूनीकरणका लागि जलवायु अनुकूलन कार्यक्रम सञ्चालन गर्ने ।
- जलवायु परिवर्तनले निम्त्याएका समस्याहरूको पहिचान गरी त्यस्ता समस्यासँग जुध्न स्थानीय तथा समुदायस्तरमा तालिम तथा सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।

### (ङ) फोहरमैला व्यवस्थापन

सफा, सुन्दर र स्वच्छ गाउँ सभ्यताको प्रमुख परिचायक हो । त्यसैगरी स्वस्थ जीवन जिउन हाम्रो वरपरको जनजीवन र सेरोफेरो सफा हुनु जरुरी छ । शहरीकरणको सघनतामा वृद्धि नभएको र हालसम्म पूर्णतः ग्रामीण परिवेशमा रहेकोले कालिमाटी गाउँपालिकामा हालसम्म अन्य सघन शहरी क्षेत्रमा जस्तो ठूलो परिमाणमा फोहरमैला उत्सर्जन हुँदैन र फोहर व्यवस्थापन मुख्य चुनौतिका रूपमा समेत रहेको छैन । तथापि व्यक्ति, परिवार, र समुदायस्तरमा सरसफाई र फोहरमैला व्यवस्थापन अनिवार्य र महत्वपूर्ण

विषयको रूपमा रहेको छ । साथै शहरीकरण, औद्योगिकीकरण र व्यापार व्यवसाय, जनसङ्ख्या वृद्धि र बसाइँसराइका कारणले भविश्यमा यो गाउँपालिकाको वातावरणमा दवाव सिर्जना हुने कुरा निश्चित छ । साथै यो गाउँपालिकामा हालसम्म पनि फोहरमैला व्यवस्थापनको ठोस योजना लागु नभएकाले व्यक्तिगतरूपमा स्वतर्स्फूत फोहर व्यवस्थापन गर्ने बाहेक अन्य वैज्ञानिक विधिहरूको प्रयोग गरिएको छैन । क्रमशः विकास भइरहेका शहर तथा बजारकेन्द्रहरू वरपर फोहर फ्याँक्ने र आफ्नो घरआँगनबाहेक अन्यत्र सरसफाइ गर्ने कार्यक्रमहरू कार्यान्वयनमा आएका छैनन् । गाउँपालिकाको फोहरमैला व्यवस्थापनका लागि निम्न कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

- गाउँपालिकाको उपयुक्त स्थानमा ल्याण्डफिल साइटको सम्भाव्यता अध्ययन गरी निर्माण गर्ने ।
- घरघरमा उत्पादित फोहरलाई वर्गीकरण गरी कुहिने फोहरलाई कम्पोष्ट मलमा परिणत गर्ने ।
- नकुहिने फोहर, प्लाष्टिक, सिसाजन्य फोहरलाई  सङ्कलन तथा वर्गिकरण गर्ने ।
- **"नजाने फोहर, जाने मोहर"** कार्यक्रम सञ्चालन गरी फोहरलाई पुनः प्रयोग तथा प्रशोधन गर्ने ।
- फोहर सङ्कलन र व्यवस्थापनमा निजी क्षेत्रलाई आकर्षित गर्ने ।
- घरघरमाउत्पादन हुने फोहरलाई कम गर्न समुदायस्तरमा तालिम सञ्चालन गर्ने ।
- प्रत्येक घरमा अनिवार्य चर्पीको प्रावधान लागु गरी चर्पी नभएका विपन्न घरपरिवारमा चर्पी निर्माणलाई प्रोत्साहन गर्न अनुदान दिने ।
- गाउँपालिकाका बासिन्दालाई चर्पी निर्माण गर्न प्रोत्साहित गर्न निश्चित समयभित्रमा चर्पी निर्माण नगर्ने घरधुरीलाई गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधाबाट वञ्चित गराउने नीति अवलम्बन गर्ने ।
- भान्साबाट निस्कने तरल फोहरलाई करेसाबारीमा प्रयोग गर्न प्रोत्साहन गर्ने ।
- कुहिने फोहरको प्रयोग गरी बायोग्याँस निर्माणलाई प्रोत्साहन गर्न प्रत्येक वडामा फोहरबाट निर्मित नमुना बायोग्याँस प्लान्ट निर्माण गर्ने ।
- गाउँपालिकालाई प्लाष्टिकमुक्त बनाउन अभियान सञ्चालन गर्ने ।
- प्रत्येक सार्वजनिक स्थल, विद्यालय, अस्पताल, हाटबजार, बसपार्क जस्ता धेरै मानिसहरू जम्मा हुने स्थानहरूमा फोहर फ्याँक्न डस्टविन वा फोहर खाल्डोको व्यवस्था गर्ने ।
- प्रत्येक वडामा नियमितरूपमा (प्रत्येक हप्ता) विद्यार्थी, शिक्षक, गाउँपालिकाका कर्मचारीहरू र स्थानीयवासीको संलग्नतामा सरसफाई अभियान सञ्चालन गर्ने ।
- पानीका मुहान वरपर फोहर गर्नेलाई जरिवाना गर्ने ।
- प्रत्येक सार्वजनिक स्थलहरूमा  सार्वजनिक शौचालय निर्माण गर्ने ।
- मुख्य बजार क्षेत्रका चोक र सडक वरपर नियमित सफाई गर्न वडास्तरबाट कर्मचारीको व्यवस्था गर्ने । सो क्षेत्रको सरसफाई गरेवापत बजार क्षेत्रका घरधुरीहरूबाट कर्मचारी व्यवस्थापनका लागि निश्चित रकम सरसफाई शुल्कको रूपमा उठाउने ।
- व्यक्तिगत, पारिवारिक तथा सामुदायिक स्वास्थ्य र सरसफाइ सम्बन्धी वडास्तर र विद्यालयस्तरमा नियमित जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- वर्षात्को पानी सङ्कलन गरी सरसफाईमा प्रयोग गर्न वडास्तरमा पानी सङ्कलन केन्द्रहरू निर्माण गर्ने ।
- डुबान क्षेत्रमा दीर्घकालिन जल निकास प्रणालीको प्रबन्ध गर्ने ।

## (च) जल उत्पन्न प्रकोप तथा विपद् व्यवस्थापन

भौगोलिक जटिलताका कारणले समेत नेपाल प्राकृतिक प्रकोपका हिसाबले जोखिमयुक्त देश हो । नेपालको महालङ्गुर हिमश्रृङखला भूकम्पको फल्टलाइनमा पर्दछ । तसर्थ यो भूकम्पीय हिसाबले अति संवेदनशील क्षेत्रमा पर्दछ । यसबाहेक पहिरो, भूक्षय, बाढी, डडेलो, अतिवृष्टि, अनावृष्टि, सुख्खा खडेरीरी, चट्याङ् जस्ता प्राकृतिक प्रकोपहरूले समेत बर्षेनी सयौं मानिसहरूको ज्यान लिइरहेको छ । कालिमाटी गाउँपालिका समेत प्राकृतिक प्रकोपका हिसाबले संवेदनशील अवस्थामा रहेको छ । तसर्थ यी प्रकोपहरू सामान्यतया पूर्णतः नियन्त्रण गर्न नसकेतापनि यिनीहरूका प्रभाव न्यूनीकरणका उपायहरू अवलम्बन गरी धनजनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । त्यसका लागि गाउँपालिकाले विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी लागु गर्नुपर्दछ ।

### विपद् पूर्व तयारी

- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार पारी लागु गर्ने ।
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गर्न गाउँपालिकास्तरमा विपद् व्यवस्थापन समितिको गठन गर्ने ।
- मुल समितिको मातहतमा रहने गरी वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गर्ने ।
- गाउँपालिकामा उपलब्ध विपद् व्यवस्थापनमा सहयोग पुर्‍याउन सक्ने सम्पूर्ण सुरक्षा निकाय, सरकारी, गैर सरकारी, सहकारी तथा निजी संस्था र सम्बन्धित अधिकारीहरूको यकिन गरी मूल समितिमा संलग्न गराउने ।
- समितिको नियमित बैठक आयोजना गर्ने ।
- समुदाय तथा विद्यालयहरूमा विपद् सामना गर्न नियमित तालिम र जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- विपद् व्यवस्थापन समितिका पदाधिकारी तथा स्थानीय बासिन्दाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी नियमित तालिम तथा प्रशिक्षणको व्यवस्था गर्ने ।
- गाउँपालिकामा आइपर्न सक्ने मुख्य जोखिमको पूर्वानुमान र आँकलन गर्ने ।
- बेलाबेलामा उद्धार तथा विपद्बाट बच्ने उपायबारे पूर्वाभ्यासहरू सञ्चालन गर्ने ।
- उच्च जोखिम क्षेत्रहरूको नक्साङ्कन गर्ने ।
- वडास्तरमा युवाहरू सम्मिलित विपद् प्रतिकार्य स्वयम्सेवक समूह निर्माण गरी नियमित तालिम प्रदान गर्ने ।
- जोखिमयुक्त क्षेत्रमा अनिवार्य बिमाको व्यवस्था गर्ने ।
- महामारीबाट बच्ने उपायहरूका बारेमा स्थानीय सञ्चार माध्यमहरूबाट जनचेतनामूलक सन्देश नियमित रूपमा प्रवाह गर्ने ।
- स्वास्थ्य सेवा, पिउनेपानी, खाद्यान्न आपूर्ति प्रणालीलाई विपद्को बेला काम लाग्न सक्ने गरी ठीक अवस्थामा राख्ने ।
- प्रत्येक वडामा विपद्को बेला भेला हुने खुला स्थानको तय गर्ने र त्यस्ता स्थानको सूची तयार गरी घोषणा गर्ने र साथै ती क्षेत्रहरूलाई पूर्वाधारयुक्त बनाउने ।
- भूकम्प प्रतिरोधी घरलाई मात्र निर्माण प्रमाणपत्र दिने ।
- मापदण्ड नपुगेका घरहरूलाई निश्चित मापदण्ड पुरा गरी निर्माण वा पुनर्निर्माण गर्न समय प्रदान गर्ने ।

- इन्जिनियर तथा डकर्मीहरूलाई भूकम्प प्रतिरोधी घर निर्माण गर्न नियमित तालिम दिने ।
- प्रकोप संवेदनशीलताको आधारमा भू-उपयोग योजना तयार पार्ने ।
- प्राकृतिक प्रकोप जोखिमयुक्त क्षेत्रमा घर, विद्यालय, अस्पताल तथा अन्य बस्ती जस्ता पूर्वाधार निर्माण गर्ने कार्यलाई निरुत्साहित गर्ने ।
- उद्धार टोली, उद्धार सामग्री र उपकरणलाई तयारी अवस्थामा राख्ने ।
- नियमित रूपमा उद्धार सम्बन्धी तालिमहरू सञ्चालन गर्ने
- आकस्मिक स्वास्थ्य उपचारको उचित प्रबन्ध गर्ने ।
- प्राथमिक उपचार सामग्री, ज्याकेट, दमकल, एम्बुलेन्स आदिको प्रबन्ध गर्ने ।
- विपद् जोखिमयुक्त क्षेत्रहरूमा विपद् पूर्वसङ्केत दिने उपकरणहरू जडान गर्ने ।
- जोखिमयुक्त क्षेत्रहरूमा मानवीय गतिविधिहरू निषेध गर्ने ।
- जोखिमयुक्त क्षेत्रहरूमा छरिएर रहेका बस्तीहरूलाई सुरक्षित स्थानमा एकीकृत बस्ती निर्माण गरी स्थानान्तरण गर्ने ।
- सुरक्षा निकाय अन्तर्गत शसस्त्र प्रहरी, नेपाली सेना र नेपाल प्रहरीसँग समन्वय गरी विपद्को समयमा तम्तयार रहने संयन्त्र निर्माण गर्ने ।

### तत्कालीन उद्धार कार्य

- प्राकृतिक विपद्का बेला विपद् व्यवस्थापन समितिका उपलब्ध पदाधिकारीहरूको आपत्कालीन वैठक बसी विपद्को क्षति तथा उद्धारको आवश्यकता आँकलन गरी तत्काल उद्धार टोली परिचालन गर्ने ।
- पहिरोमा पुरिएका, घरको भग्नावशेषमा पुरिएका, बगाइएका, घाउ तथा चोटपटक लागेका, बढी जोखिममा रहेका घाइते, बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्तिहरू, गर्भवती महिला, अशक्त र विरामीहरूको उद्धारलाई प्राथमिकता दिई स्वास्थ्य उपचार तथा आकस्मिक कक्षसम्म पुऱ्याउने ।
- एम्बुलेन्स, दमकल लगायतका अन्य उद्धार सामग्रीहरूको परिचालन गर्ने ।
- अवस्था हेरेर आपत्कालीन अवस्थाको घोषणा गरी बाह्य सहयोग आह्वान गर्ने ।
- विपद्सम्बन्धी सूचना आदानप्रदान तथा प्रसारणका लागि स्थानीय सञ्चार माध्यमका प्रतिनिधिहरूलाई विपद् व्यवस्थापन समितिमा सम्मिलित गराउने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विपद् व्यवस्थापन टोलीको सहयोग लिने ।
- सडक, बाटोघाटो तथा आवतजावत अवरुद्ध भएका स्थानहरूमा तत्काल सडक आवागमन खुल्ला गर्ने ।
- श्व तथा घाइतेहरूको व्यवस्थापन गर्ने ।
- खाद्यान्न, पानी, औषधी, तत्ताकपडा, त्रिपाल, डोरी जस्ता अत्यावश्यक सामग्रीको प्रबन्ध गरी सर्वप्रथम बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, महिला तथा असहायहरूको उद्धार गरी प्राथमिकतामा राख्ने ।
- रक्त सञ्चार सेवाको प्रबन्ध गर्ने ।
- उद्धारकोषको व्यवस्था र स्थापना गर्ने र सहयोगको लागि सबैसँग अपिल गर्ने ।
- विपद्ग्रस्त क्षेत्रमा विभिन्न प्रकारका रोग तथा महामारी फैलिन सक्ने अवस्थालाई ख्याल राखी सम्बन्धित कार्यालय तथा निकायहरूसँग परामर्श गरी प्रतिकार्य तथा सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।
- नागरिकहरूलाई थप विपद् आउन सक्ने अवस्थाबारे सचेत बनाउने ।

### विपद् पश्चात्

- ➢ विभिन्न रोगव्याध तथा महामारी फैलन सक्ने जोखिमको पूर्वानुमान गरी जनचेतना फैलाउने ।
- ➢ महामारीको सामना गर्न आवश्यक चिकित्सक, स्वास्थ्यकर्मी तथा औषधीसहितको स्वास्थ्य उपचार टोलीको प्रबन्ध गर्ने ।
- ➢ सामुहिक भोजनको लागि भण्डारा (Common Mess) सञ्चालन गर्ने ।
- ➢ सुरक्षित पिउने पानी, खाद्यान्न, औषधी, कम्बल, त्रिपाल, भाँडाकुडा लगायत लत्ताकपडाको आपूर्तिको व्यवस्था मिलाउने ।
- ➢ विपद्ग्रस्त क्षेत्रमा मनो-सामाजिक परामर्श टोली परिचालन गर्ने ।
- ➢ आवास पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने ।
- ➢ भत्केका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी, लगायत सार्वजनिक संरचनाहरूको पुनर्निर्माण तथा पुनर्स्थापना गर्ने ।
- ➢ पोषणयुक्त आहारको प्रबन्ध गरी बालबालिका, सुत्केरी, गर्भवती, वृद्धवृद्धा, अनाथ, अपाङ्गहरूलाई प्राथमिकता दिने ।
- ➢ अस्थायी प्रकृतिका सेवा केन्द्रहरूको व्यवस्था गर्ने ।
- ➢ अस्थायी शौचालयहरूको निर्माण गर्ने ।
- ➢ जनजीवन सामान्य हुँदै जाँदा विद्यालय तथा कलेजहरू सञ्चालन गर्न पहल गर्ने ।
- ➢ आपूर्ति प्रणालीको प्रभावकारी व्यवस्थामा ध्यान दिने ।

## ५.४.३ वातावरण संरक्षण तथा विपद् व्यवस्थापनका लागि Logical Framework Approach (LFA)

| सोच | लक्ष्य |
|---|---|
| **"जल, जमिन, जङ्गल र जडिबुटीको दिगो संरक्षण तथा सदुपयोग मार्फत् कालिमाटी गाउँपालिकाको वातावरणीय तथा आर्थिक समृद्धि हासिल गर्ने"** | **कालिमाटीलाई वातावरण अनुकूलित हरित क्षेत्रको रूपमा विकास गर्ने** |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| ▪ हालको ७०.५७ प्रतिशत वनको क्षेत्रफल कम्तीमा ७५ प्रतिशतमा कायम हुनेछ ।<br>▪ झाडी तथा बुट्यान क्षेत्र पूर्ण हरित क्षेत्रको उत्पादनशील वनमा परिणत भएको हुनेछ ।<br>▪ गाउँपालिकामा वैज्ञानिक वन व्यवस्थापन प्रणाली लागु भई वनले स्थानीय जनताको आयस्तर माथि उठाउन | **वि.सं. २०८० सालसम्म**<br>▪ हाल रहेको ७०.५७ प्रतिशत वन क्षेत्र ७३ प्रतिशतमा कायम राखिएको<br>▪ हालको झाडी तथा बुट्यान क्षेत्र मध्ये ५० प्रतिशतलाई उत्पादनशील वनमा परिणत गर्न वृक्षारोपण भएको | ▪ गाउँपालिकास्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट<br>▪ स्थलगत अवलोकनबाट<br>▪ गाउँपालिकाबासीको जीवनस्तरमा आएको परिवर्तनबाट<br>▪ पूर्वाधार निर्माण पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै व्यापार वृद्धि, जोखिम न्यूनीकरण र अन्य मानवीय गतिविधिहरूबाट | ▪ पूर्ण राजनैतिक स्थिरता हुनेछ ।<br>▪ आवश्यक बजेटको व्यवस्था हुनेछ ।<br>▪ दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ । |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| सहयोग गर्नेछ ।<br>▪ स्थानीय वन ऐन जारी भई वनको दिगो व्यवस्थापन र संरक्षण सुनिश्चित हुनेछ ।<br>▪ सामुदायिक वन उपभोक्ता समितिहरू सक्षम र सक्रिय भएका हुनेछन् ।<br>▪ अधिकांश वनजङ्गल जलाधार संरक्षण हुने वनस्पतियुक्त वनमा परिणत भएका हुनेछन् ।<br>▪ गाउँपालिका भर रहेका वातावरणीय साथै उपयोगका हिसाबले समेत कमसल काठको वनजङ्गल मध्ये २५ प्रतिशत जङ्गलमा वातावरणीय र उपयोगका हिसाबले उत्तम काठका वोटविरूवाहरू रोपिएका हुनेछन् ।<br>▪ गाउँपालिकामा रहेका सम्पूर्ण जलाधार क्षेत्रको नक्साङ्कन भएको हुनेछ ।<br>▪ जलाधार क्षेत्रहरूमा जलाधार संरक्षण विरुद्ध वा जलाधारलाई प्रतिकुल असर पु-याउने मानवीय क्रियाकलापहरू जस्तैः वनजङ्गल फँडानी, वन क्षेत्रमा अव्यवस्थित बस्ती तथा निर्माण, आगलागी र अतिक्रमणलाई पूर्णतः निषेध गरिएको हुनेछ ।<br>▪ गाउँपालिकावासीहरू वातावरणीय स्वास्थ्यको महत्व, वायु प्रदुषण, वन विनास, जलवायु परिवर्तन, हरित गृह प्रभाव, ओजोन तह विनासका साथै प्राकृतिक प्रकोपका मानवीय कारणहरू, तिनका असरहरू र प्रकोप रोकथामका उपायहरूका बारेमा सचेत र जानकार भएका हुनेछन् ।<br>▪ प्रत्येक जलाधार क्षेत्रमा संरक्षण कार्यक्रमहरू लागु भई नियमित वृक्षारोपण, तार जाली, बाँध निर्माण, पोखरी निर्माण, भू-संरक्षण तथा क्षयीकरण रोक्ने परम्परागत, जैविक र आधुनिक सबै प्रविधिको | ▪ वैज्ञानिक वन व्यवस्थापन प्रणाली लागु भई वनलाई आयआर्जनका काममा प्रयोग गरिएको<br>▪ स्थानीय वन ऐन जारी भएको<br>▪ निश्चित सूचकाङ्कका आधारमा सर्वोत्कृष्ट वन उपभोक्ता समूहलाई प्रत्येक वर्ष पुरस्कृत गरिएको<br>▪ गाउँपालिका भर रहेको वातावरणीय साथै उपयोगका हिसाबले समेत कमसल काठको जङ्गल मध्ये २० प्रतिशत जङ्गलमा वातावरणीय र उपयोगका हिसाबले उत्तम काठका वोटविरूवाहरू रोपिएका<br>▪ प्रत्येक सामुदायिक वनको कम्तीमा ५ प्रतिशत क्षेत्रफलमा फलफूलका विरुवाहरू रोपिएका<br>▪ सम्पूर्ण जलाधार क्षेत्रको नक्साङ्कन भई जलाधार तथा सिमसार क्षेत्र घोषणा भएको<br>▪ जलाधार तथा सिमसार क्षेत्रमा अतिक्रमण रोक्न निषेधित तथा संरक्षित क्षेत्र घोषणा भएको<br>▪ प्रत्येक जलाधार क्षेत्रमा आवश्यकता हेरी वृक्षारोपण तथा भू-संरक्षण कार्यक्रमहरू लागु भएका<br>▪ प्रत्येक वडामा पाँच पाँच वटा वर्षात्को पानी सङ्कलन गर्ने नमुना पोखरी निर्माण भएका<br>▪ पानीको मुहान वरपर पानी संरक्षण गर्ने जातका विरुवाहरूको वृक्षारोपण भएको<br>▪ जल, जमिन, वायु र ध्वनी प्रदुषण मापदण्ड लागु भएको<br>▪ प्रत्येक वडामा एक एक वटा हरित क्षेत्र निर्माणको तयारी पुरा भएको | ▪ गाउँपालिकामा वातावरण र विपद् व्यवस्थापन विकासले स्थानीय जनजीवनमा पारेको सकारात्मक प्रभावहरूबाट | ▪ व्यापक जनसहभागिता र समर्थन हुनेछ ।<br>▪ कुनै प्रकारको ठूलो स्तरको दैवी विपत्ति आइ लाग्ने छैन ।<br>▪ स्थानीयस्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।<br>▪ कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।<br>▪ निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।<br>▪ सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ । |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| प्रयोग जस्ता क्रियाकलापहरू सूचारु भएका हुनेछन् ।<br>▪ गाउँपालिकाभरि जल, जमिन, वायु र ध्वनि प्रदुषण मापदण्ड लागु भएको हुनेछ ।<br>▪ हरेक वडामा कम्तीमा एक नमुना हरित क्षेत्रको निर्माण भएको हुनेछ ।<br>▪ प्रत्येक वडामा कम्तीमा पाँच वटा वर्षात्को पानी सङ्कलन गर्ने नमुना पोखरीहरू निर्माण भएका हुनेछन् ।<br>▪ गाउँपालिकाभर रहेका प्राकृतिक प्रकोप संवेदनशील क्षेत्रको नक्शाङ्कन गरी प्रकोप नियन्त्रण कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएको हुनेछ ।<br>▪ राष्ट्रिय वन संरक्षण नीति अनुरूप वनस्पति र वन्यजन्तु संरक्षण र सङ्ख्या वृद्धि गर्ने कार्यक्रम लागु भएका हुनेछन् ।<br>▪ वायु प्रदुषण, वन विनास, जलवायु परिवर्तन, हरित गृह प्रभाव, ओजोन तह विनासका साथै प्राकृतिक प्रकोपले पारेका प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरूको अध्ययन गरी सुझाव पेश गर्न विज्ञहरूसँग परामर्श लिई जलवायु परिवर्तन अनुकूलन कार्यक्रम लागु भएको हुनेछ ।<br>▪ वैज्ञानिक फोहर व्यवस्थापन प्रणालीको शुरुवात भई बस्ती सेरोफेरो र पर्यावरण स्वच्छ र सुन्दर हुनेछ ।<br>▪ उपयुक्त स्थानको पहिचान गरी ल्याण्डफिल साइटको निर्माण भैसकेको हुनेछ ।<br>▪ सम्पूर्ण मुख्य तथा सहायक सडकहरूमा नालाहरू निर्माण भैसकेका हुनेछन् ।<br>▪ प्रत्येक घरमा चर्पी निर्माण भइसकेका हुनेछन् ।<br>▪ बजार क्षेत्रहरूमा पर्याप्त सार्वजनिक शौचालयहरू निर्माण भएका हुनेछन् । | ▪ बाढी, नदी कटान, भूस्खलन/भूक्षय र पहिरो संवेदनशील क्षेत्रको नक्साङ्कन भई संरक्षण कार्यक्रम लागु भएको<br>▪ वन्यजन्तु तथा वनस्पती संरक्षण तथा सङ्ख्या वृद्धि कार्यक्रम लागु भएको<br>▪ सङ्कसापन्न वन्यजन्तु गणना तथा वनस्पतिको सूची तयार भएको<br>▪ जलवायु परिवर्तन प्रभाव अनुकूलन कार्यक्रम लागु भएको<br>▪ हरेक घर र समुदायस्तरमा फोहर सङ्कलन विधि, वर्गीकरण, पुनर्प्रयोग, कम्पोष्ट मल निर्माण जस्ता क्रियाकलापको सुरुवात भएको<br>▪ 'क' वर्गका सडकहरू मध्ये सम्पूर्ण सडकहमा सडकनाला निर्माण सम्पन्न भएको ।<br>▪ प्रत्येक घरमा चर्पी निर्माण सम्पन्न भएको<br>▪ घर घरमा उत्पादन हुने जैविक फोहर तथा फोहर पानीलाई करेसाबारीमा विसर्जन गर्ने तालिम तथा जनचेतनाका कार्यक्रमहरू नियमित रूपमा सञ्चालन भएका<br>▪ प्रमुख बजार केन्द्रहरूमा चोक र सेरोफेरो सफा गर्न कर्मचारी व्यवस्थापन गरिएको<br>▪ मुख्य बजार क्षेत्रमा पर्याप्त सार्वजनिक शौचालयको निर्माण भएको<br>▪ जनघनत्वका आधारमा प्रमुख बजार केन्द्र छनोट गरी ढल व्यवस्थापनका लागि विस्तृत परियोजना प्रतिवेदन DPR तयार भएको<br>▪ समुदायस्तरबाट घर आँगन र टोल सफा गर्न वडा स्तरमा सरसफाइ समितिहरू गठन भई | | |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| ▪ प्रमुख बजार क्षेत्रमा ढल निकासको प्रबन्ध भैसकेको हुनेछ ।<br>▪ गाउँ, टोल, सडक सफा गर्न समुदाय स्तरबाट नियमित कार्यक्रमहरू सञ्चालन भएका हुनेछन् ।<br>▪ वायु प्रदुषण नगर्ने विद्युतीय सवारी साधनलाई प्रोत्साहित गर्न निश्चित प्रतिशत अनुदान दिई सवारीसाधनमध्ये ५० प्रतिशत विद्युतीय सवारी साधनहरू हुनेछन् ।<br>▪ गाउँपालिकामा आइपर्ने प्रमुख प्राकृतिक विपद्को पहिचान भएको हुनेछ ।<br>▪ एकीकृत विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना लागु भैसकेको हुनेछ ।<br>▪ सबैखाले प्राकृतिक विपद्लाई सामना गर्न सक्षम विपद् व्यवस्थापन संयन्त्रको विकास भैसकेको हुनेछ ।<br>▪ विपद्को समयमा भेला हुन उपयुक्त खुला स्थानको पहिचान गरी जनसाधारणबीच घोषणा भैसकेका हुनेछन् ।<br>▪ विपद्को सामना गर्न समुदायस्तरमा पूर्वाभ्यासका कार्यक्रमहरू सञ्चालन भएका हुनेछन् ।<br>▪ आकस्मिक उपचार, खाद्यान्न लत्ताकपडा, भाँडाकुँडा आपूर्ति, आवास प्रबन्धजस्ता अत्यावश्यकीय आयामहरूको पूर्व तयारी भै-सकेको हुनेछ ।<br>▪ गाउँपालिकालालाई आवश्यक पर्ने एम्बुलेन्स, दमकल र अन्य उद्धार सामग्रीहरूको प्रबन्ध भैसकेको हुनेछ ।<br>▪ आपत्कालीन उद्धारका लागि सुरक्षा निकायसँग मिलेर प्रत्येक वडामा कम्तिमा १-१ वटा हेलिप्याड निर्माण भएका हुनेछन् । | हरेक महिनाको अन्तिम शनिबार सामुदायिक सरसफाई अभियान तथा जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन भएको<br>▪ वायु प्रदुषण नगर्ने विद्युतीय सवारी साधनको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको<br>▪ विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार भई लागु भएको<br>▪ विपद्को समयमा भेला हुनेगरी प्रत्येक वडामा खुल्ला स्थानहरूको तय भई घोषणा भएको र ती स्थानहरूमा आवश्यक पूर्वाधारहरूको निर्माण भएको<br>▪ बाढी, नदी कटान, भूक्षय, पहिरो लगायतका जोखिमयुक्त नदी तथा खोला किनारमा २५ प्रतिशत तटबन्धको निर्माण भएको र बाँकी तटबन्धको विस्तृत परियोजना प्रतिवेदन तयार भएको<br>▪ गाउँपालिकामा एउटा दमकल र कम्तिमा ३ वटा वडामा १/१ वटा एम्बुलेन्स खरिद गरिएको<br>▪ आपत्कालीन उद्धारका लागि सुरक्षा निकायसँग मिलेर प्रत्येक वडामा कम्तिमा १-१ वटा हेलीप्याडको निर्माण भएको<br>▪ प्रत्येक वडामा विपद् व्यवस्थापन समिति निर्माण भएको<br>**वि.सं. २०८५ सम्म**<br>▪ यस गाउँपालिकामा रहेको झाडी तथा बुट्यान क्षेत्र उत्पादनशील वनमा परिणत भएको<br>▪ गाउँपालिका भर रहेको वातावरणीय साथै उपयोगका हिसाबले | | |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
| --- | --- | --- | --- |
| | समेत कमसल काठको ४० प्रतिशत जङ्गललाई वातावरणीय र उपयोगका हिसाबले उत्तम काठको जङ्गलले प्रतिस्थापन गरेको<br>▪ प्रत्येक सामुदायिक वनको १५ प्रतिशत भू-भागमा जडीबुटी तथा फलफूलले ढाकेको<br>▪ प्रत्येक सामुदायिक वन भित्र कम्तीमा एक-एक वटा हरित क्षेत्रमा वृक्षारोपण कार्य पूरा भएको<br>▪ संकटापन्न घोषणा भएका वन्यजन्तु र वनस्पतिको सङ्ख्यामा २० प्रतिशतले वृद्धि भएको<br>▪ गाउँपालिकाको उपयुक्त स्थानमा ल्यान्डफिल साइटको निर्माण सम्पन्न भएको<br>▪ 'ख' वर्गका सम्पूर्ण सडकहरूमा सडक नाला निर्माण सम्पन्न भएका<br>▪ सबै प्रमुख बजार केन्द्रहरूमा छनोटका आधारमा आवश्यक ठाउँमा ढल निर्माण भएको<br>▪ बाढी, नदी कटान, भूक्षय लगायतका जोखिमयुक्त नदी किनारमा ५० प्रतिशत तटबन्धको निर्माण भएको<br>▪ गाउँपालिकामा कम्तिमा २ वटा दमकल र प्रत्येक वडामा कम्तिमा एउटा एम्बुलेन्स खरिद भएका<br>▪ सम्पुर्ण मिचाहा प्रजातिका विरुवाहरूको नियन्त्रण भएको<br>**वि.सं. २०९० सम्म**<br>▪ गाउँपालिका भर रहेको वातावरणीय साथै उपयोगका हिसाबले समेत कमसल काठको ५० प्रतिशत जङ्गललाई वातावरणीय र उपयोगका हिसाबले | | |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| | उत्तम काठको जङ्गलले प्रतिस्थापन गरेको<br>▪ प्रत्येक सामुदायिक वनमा ३० प्रतिशत जडीबुटी र फलफूलले ढाकेको<br>▪ प्रत्येक सामुदायिक वनभित्र जल पर्यावरणीय प्रणाली कायम गरी चराचुरुङ्गी र वन्यजन्तुलाई आवश्यक जल आपूर्ती गर्न आवश्यक सङ्ख्या पहिचान गरी पोखरी निर्माण भएका<br>▪ सङ्कटापन्न जीवजन्तु र वनस्पतिको सङ्ख्यामा ५० प्रतिशतले वृद्धि भएको<br>▪ सम्पूर्ण सडकमा सडक नाला निर्माण सम्पन्न भएका<br>▪ जनघनत्वका हिसाबले सबै प्रमुख बजार केन्द्रहरूमा ढल निर्माण कार्य सम्पन्न भएका | | |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| **(क) वन तथा भू-संरक्षण** | | |
| ▪ विज्ञसँग परामर्श लिई गाउँपालिका भर वैज्ञानिक वन व्यवस्थापन योजना लागु गर्ने | ५ | ST |
| ▪ वन क्षेत्रको विकासलाई वैज्ञानिकीकरण गर्न विज्ञ समूहको सहयोगमा वैज्ञानिक वन व्यवस्थापन बारे सम्पूर्ण सरोकारवालाहरूसँग अन्तरक्रिया तथा अभिमुखिकरण गर्ने | १५ | Regular |
| ▪ वनमा आधारित अर्थात् जडिबुटी तथा वन पैदावारमा आधारित वडा स्तरमा एक नमूना हरित उद्योग स्थापना गर्न निजी क्षेत्रसँग अन्तरक्रिया गर्ने | १५ | Regular |
| ▪ सम्भाव्य स्थानको पहिचान गरी गाउँपालिकामा एक विशेष पर्यापर्यटकीय क्षेत्रको घोषणा र निर्माण गर्ने | १०० | LT |
| ▪ वन पैदावारमा आधारित हरित उद्योग सञ्चालन गर्न सबैभन्दा उपयुक्त स्थान पहिचान गर्न प्राकृतिक वितरण, उपलब्धता, जलवायु, बजार र अनुकूलता हेरी विज्ञद्वारा संम्भाव्यता अध्ययन गराउने | १५ | ST |
| ▪ दीर्घकालिन हिसाबले कम्तिमा गाउँलाई आवश्यक काठहरू गाउँमै उपलब्ध गराई निर्यात प्रबर्द्धन गर्न काष्ठजन्य विरुवाहरूको उत्पादन क्षेत्र निर्धारण गर्न अध्ययन गर्ने | ५ | ST |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ निजी वनलाई प्रबर्द्धन गरी काष्ठ तथा गैरकाष्ठजन्य उत्पादन वृद्धि गर्न निजी वन प्रबर्द्धन रणनीति तयार गर्ने | १ | ST |
| ▪ गाउँपालिकाको वन क्षेत्रमा पाइने सम्पूर्ण वनस्पतिको Profile तयार पार्ने | ५ | ST |
| ▪ गाउँपालिकाको वन क्षेत्रमा पाइने सम्पूर्ण चराचुरुङ्गीको Profile तयार पार्ने | ५ | ST |
| ▪ गाउँपालिकाको वन क्षेत्रमा पाइने सम्पूर्ण वन्यजन्तुहरूको Profile तयार पार्ने | ५ | ST |
| ▪ गाउँपालिकाको जलक्षेत्र तथा जलाशयमा पाइने जलचरहरूको Profile तयार पार्ने | ५ | ST |
| ▪ सरकारले संरक्षण गरेका राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण तथा संरक्षण क्षेत्रबाहेक कुनै समुदायले परम्परागत रूपमा संरक्षण गरेको वनक्षेत्रलाई सामुदायिक संरक्षित क्षेत्रको रूपमा मान्यता दिई प्रोत्साहन स्वरूप वन संरक्षण सम्बन्धी प्राविधिक सहयोग प्रदान गर्ने | ४५ | Regular |
| ▪ वनक्षेत्र भएर बस्ती, धार्मिक क्षेत्र तथा पर्यटकीय क्षेत्र जोड्ने सडक तथा पदमार्गलाई जैविक पदमार्गको रूपमा विकास गर्न त्यस्ता मार्गहरूको पहिचान गर्न अध्ययन समिति गठन गर्ने | ५ | ST |
| ▪ जैविक पदमार्गलाई प्राकृतिक स्वरूपमै दिगो विकास गर्न निश्चित मापदण्ड निर्माण गरी लागु गर्ने | ५ | ST |
| ▪ गाउँपालिकामा रहेका सम्पूर्ण सिमसार क्षेत्रको पहिचान तथा नक्साङ्कन गर्ने | १० | ST |
| ▪ प्रत्येक सिमसार क्षेत्रमा दिगो संरक्षण योजना निर्माण गरी लागु गर्ने | ५ | ST |
| ▪ गाउँपालिकामा रहेका प्रत्येक प्राकृतिक पानीका मुहानहरूको पहिचान गरी Profile तयार पार्ने | ५ | ST |
| ▪ प्रत्येक मुहानका एकीकृत संरक्षण योजना बनाई लागु गर्ने | ५ | ST |
| ▪ निजी तथा सामुदायिक वनका सरोकारवालाहरूलाई हरेक वर्ष प्रविधि हस्तान्तरण तथा एकीकृत वन व्यवस्थापन र संरक्षणका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने | ३० | Regular |
| ▪ कृषि वन प्रबर्द्धन गर्न कृषकहरूलाई छनोट गरी हरेक वर्ष क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने | १५ | Regular |
| ▪ गाउँपालिकाभर कार्यरत वन प्राविधिक तथा सरोकारवालाहरूका लागि हरेक वर्ष तालिम सञ्चालन गर्ने | १५ | Regular |
| ▪ वन र जैविक विविधतासँग जोडिएका आदिवासी जनजाति तथा स्थानीय समुदायका परम्परागत ज्ञान, सीप, अभ्यास, सामाजिक, सांस्कृतिक पद्धती, कला तथा बौद्धिक सम्पतीको पूर्ण अभिलेख तयार पारी त्यसलाई प्रकाशन र प्रचार प्रसार गर्ने | १० | ST |
| ▪ वन क्षेत्रको नीति तथा कार्यक्रम निर्माण गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण भएको सुनिश्चितता गर्न न्यायिक समितिलाई अनुगमनकारी भूमिका प्रदान गरी प्रशिक्षण दिने | ५ | ST |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ वन तथा वन्यजन्तुबाट प्रभावित समुदायका समस्याहरू सम्बोधन गर्न हरेक वर्ष प्रभावित समुदायहरूसँग समस्या सङ्कलन तथा सम्बोधन संयन्त्र निर्माण गरी अन्तरक्रिया गर्ने | १५ | Regular |
| ▪ आवश्यकताका आधारमा प्रत्येक वडामा नमुना बहुउद्देशीय पोखरीहरू निर्माण गरी पोखरी वरपर हरित क्षेत्र विकास गर्ने | ६० | Regular |
| ▪ वन डढेलो नियन्त्रण तथा अग्नी रेखा निर्माण गर्न तत्काल वडास्तरीय संयन्त्र निर्माण गरी डढेलो निभाउन वर्षात्को पानी सङ्कलन र पूर्व तयारी तालिम सञ्चालन गर्ने | ४५ | ST |
| ▪ सबै खोला तथा नदी तटीय क्षेत्रमा रहेका बाँझो जमिनमा पहिचान गरी अनिवार्य रूपमा वृक्षारोपण गर्ने | १५ | MT |
| ▪ वनक्षेत्र भित्रका खेर गैरहेको बाँझो जमिनमा अनिवार्य वृक्षारोपण गर्ने | ४५ | LT |
| ▪ हरित रोजगारी वृद्धि गर्ने नीति अनुरूप वनजन्य कच्चापदार्थमा आधारित उद्योग सञ्चालन, बजार अध्ययन तथा ब्रान्डिङ गर्न एक सम्भाव्यता अध्ययन गर्ने | १० | ST |
| ▪ गाउँपालिकामा उच्च मूल्य प्राप्त गर्न सकिने वन्यजन्तुको पालन जस्तै बँदेलको बिक्री वितरण सम्बन्धमा सम्भाव्यता अध्ययन गरी नीजि क्षेत्रलाई प्रोत्साहन गर्ने रणनीति तयार पार्ने | ५ | ST |
| ▪ वनमा खेर गैरहेका काठ, पात पतिङ्गरको प्रयोग गरी जैविक उर्जाको रूपमा प्रयोग गर्ने बारे सम्भाव्यता अध्ययन गरी नीजि क्षेत्रलाई संलग्न गराउने | ५ | ST |
| ▪ वनको छेउ भएर बग्ने खोलाहरू नदी वा जलाधार क्षेत्रमा कृतिम ताल निर्माण गर्न सम्भाव्यता अध्ययन गरी डि.पि.आर तयार पार्ने | ४५ | ST |
| ▪ कृषि सहकारी संस्था र वनमा आधारित सहकारी संस्था र समुदायको संलग्नतामा डाले घाँस विकास कार्यक्रम सञ्चालन गरी वन संरक्षण र पशुपालनलाई एकीकृतरूपमा सञ्चालन गर्न अध्ययन गर्ने | १५ | ST |
| ▪ खेर गैरहेको सार्वजनिक जग्गाहरूको अभिलेख तयार पारी समुदायमा आधारित कृषि वन कार्यक्रम सञ्चालन गर्न सम्भाव्यता अध्ययन गर्ने | १० | ST |
| ▪ **"एक वडा एक वन नर्सरी"** कार्यक्रम सञ्चालन गर्ने | १२० | LT |
| ▪ हरेक वर्ष निश्चित समयमा विरुवाको बेर्ना वितरण तालिका निर्माण गरी वितरण गर्ने | १५० | LT |
| ▪ निजी क्षेत्रको संलग्नतामा गाउँपालिकामा एक जडीबुटी सङ्कलन तथा प्रशोधन केन्द्रको स्थापना गर्ने | १२५ | LT |
| ▪ गाउँपालिकामा ठूलो संख्यामा रहेको विशेष जैविक महत्वको वन्यजन्तुलाई गाउँपालिकाको एक पहिचानको रूपमा स्थापना गर्न अध्ययन गरी संरक्षण क्षेत्र घोषणा गर्ने | ५ | ST |
| ▪ सम्पूर्ण वन क्षेत्रमा मिचाहा प्रजातिका वनस्पतिहरूको नियन्त्रणका लागि संयन्त्र निर्माण गरी आगामी ५ वर्षमा प्रतिफलमुखी विरुवाबाट प्रतिस्थापन गर्ने | ७५ | ST |
| ▪ गाउँपालिकामा रहेका पहिरो र पहिरो संवेदनशील क्षेत्रको नक्शाङ्कन गर्ने | १० | ST |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ विज्ञ समूहको परामर्श लिई राष्ट्रिय नीति अनुरूप गाउँपालिकामा पाइने सम्पूर्ण वन्यजन्तु र वनस्पतिको सूची तयार पारी तिनीहरूलाई संकटासन्न र लोपोन्मुख गरी वर्गीकरण गर्ने | १० | ST |
| ▪ चोरी शिकारी र निकासी नियन्त्रण गर्न संयन्त्र निर्माण गर्ने | १० | ST |
| ▪ हर्रो बर्रो र अमलाको पकेट क्षेत्र घोषणा गरी व्यावसायिक उत्पादन गर्न कृषक समूह वा निजी क्षेत्र पहिचान गर्ने | ५० | MT |
| ▪ गाउँपालिकाको कुनै एक स्थान छनोट गरी जैविक र परम्परागत तरीकाले नदी कटान वा पहिरो नियन्त्रणको नमुना स्थल घोषणा गर्ने | ३० | MT |
| ▪ गाउँपालिका केन्द्र र हरेक वडा कार्यालय परिसरमा एक एकवटा फूल बगैंचा निर्माण गर्ने | ६० | MT |
| ▪ वन उपभोक्ता समूहलाई नियमित तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने | ७५ | LT |
| ▪ मिचाहा प्रजातीका विरुवाहरू पहिचान गरी प्रत्येक वन क्षेत्रमा तिनीहरूको प्रतिस्थापन र सरसफाइ गर्ने | ४५ | **LT** |
| ▪ **"वनसँग जनता"** कार्यक्रम सञ्चालन गरी प्रत्येक सामुदायिक वनको ३० प्रतिशत क्षेत्रमा जडीबुटी र फलफूल लगाई उपभोक्ताको आय वृद्धि र राजश्व सङ्कलन बढाउने | ५० | LT |
| ▪ पहिरो क्षेत्रलाई वृक्षारोपण गरी हराभरा बनाउने | ७५ | LT |
| ▪ गाउँपालिकामा सडक निर्माण गर्दा कम्तिमा २५ प्रतिशत जैविक इन्जिनियरिङ् विधि प्रयोग गरेर गर्ने | ३,००० | LT |
| ▪ सर्वोत्कृष्ट वन उपभोक्ता समूहलाई वार्षिक रूपमा पुरस्कृत गर्ने | २० | LT |
| ▪ वडास्तरमा पहिरो तथा भू-संरक्षणका जैविक तथा परम्परागत विधिहरूको तालिम तथा प्रशिक्षण कार्यक्रमहरू नियमित सञ्चालन गर्ने | ६० | LT |
| ▪ नमूना नर्सरीमा उत्पादित विरुवाहरूको क्यालेण्डर निर्माण गरी बिक्री तथा वितरण गर्ने | ३० | LT |
| ▪ निजी वनको अभिलेख तयार पारी निश्चित मापदण्डका आधारमा बोट विरुवामा अनुदान दिने | ५० | LT |
| ▪ धार्मिक, कबुलियती र राष्ट्रिय वनको लगत तयार पारी वृक्षारोपण गर्ने तथा संरक्षण संयन्त्र निर्माण गर्ने | ३० | LT |
| ▪ गाउँपालिकामा एउटा तार जाली कारखाना खोल्न निजी क्षेत्रलाई आकर्षित गरी सहुलियत प्रदान गर्ने | २५ | LT |
| ▪ मुख्य सडकका उपयुक्त स्थान पहिचान गरी हरित क्षेत्र निर्माण गर्ने | ५० | LT |
| ▪ गाउँपालिकामा वडामा एक नमूना जडिबुटी उत्पादन क्षेत्र स्थापना गर्ने | १२० | LT |
| ▪ वनक्षेत्र भित्र फलफूल तथा जडीबुटी उत्पादन विशेष क्षेत्र घोषणा गरी विभिन्न फलफूल तथा जडीबुटीका विरुवाहरूको वृक्षारोपण गर्ने | १८० | Regular |
| ▪ दीर्घकालिन कार्यक्रम अन्तर्गत गाउँस्तरीय एक वन, जलाधार तथा जैविक विविधता संरक्षण सम्बन्धी सूचना तथा अनुसन्धान केन्द्रको स्थापना गर्ने | १०० | **LT** |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ सहकारी तथा सामुदायिक सहभागितामा वनक्षेत्र बढी भएका वडाहरूलाई प्राथमिकतामा राखी गैरकाष्ठ वन पैदावारको संरक्षण, खेती, सङ्कलन र प्रशोधन, प्रमाणीकरण, व्यावसायिकरण तथा निर्यात गर्न कम्तीमा २ वटा उद्योगको स्थापना गर्ने | ५०० | LT |
| ▪ सम्भाव्यताका आधारमा आगामी १५ वर्षमा "गाउँपालिकमा एक वनस्पति तथा प्राणी उद्यान" निर्माण सम्पन्न गर्ने | ५०० | **LT** |
| ▪ हरेक वडामा एक एक वटा नमुना हरित क्षेत्र वा पार्क निर्माण गर्ने | १८० | LT |
| **(ख) जलाधार संरक्षण** | | |
| ▪ गाउँपालिकाभर रहेका सम्पूर्ण जलाधार क्षेत्र र खानेपानी मुहानहरूको प्रोफाइल तयार पार्ने | १० | **ST** |
| ▪ सम्पूर्ण जलाधार क्षेत्रको नक्साङ्कन गर्ने | १० | **ST** |
| ▪ जलाधार र सिमसार क्षेत्रको घोषणा गरी मानवीय अतिक्रमण निषेध गर्ने | | Regular |
| ▪ प्रत्येक वडा र वन जङ्गलहरूमा बहुउद्देशीय पोखरीहरू निर्माण गर्न सर्वे गर्ने | १५ | Regular |
| ▪ प्रत्येक जलाधार क्षेत्र वरपर खाली स्थानमा जलाधार संरक्षणमैत्री बिरुवाहरूको वृक्षारोपण गर्ने | १५० | **LT** |
| ▪ प्रत्येक पानीका मुहानमा जैविक विधि अपनाई संरक्षण गर्ने | १२० | **LT** |
| ▪ प्रत्येक वडामा कम्तीमा एक एक नमुना जलाधार संरक्षण योजना सञ्चालन गर्ने | १२० | **LT** |
| ▪ जल पर्यावरणीय प्रणालीको संरक्षण र प्रबर्द्धन गर्न पानीको मुहान नजिक माछापालन गर्न गाउँपालिकाले प्रोत्साहन गर्ने | १५० | **LT** |
| ▪ निजीस्तरबाट मिनरल वाटर कम्पनी स्थापनार्थ लगानी आर्कषण गर्न अन्तरक्रिया गर्ने | १ | **ST** |
| **(ग) वातावरण संरक्षण** | | |
| ▪ वायु प्रदुषण नियन्त्रण गर्न इँट्टा, क्रसर तथा अन्य उद्योग सञ्चालनको लागि मापदण्ड तोक्ने | | **ST** |
| ▪ प्लाष्टिक प्रयोगलाई निरुत्साहित गर्न प्लाष्टिक झोला प्रतिबन्ध लगाउने | | **ST** |
| ▪ पानीका मुहान वरपर मानवीय गतिविधिमा निषेध गर्ने | | **ST** |
| ▪ छाडा पशु चौपाया नियन्त्रण तथा दण्ड जरिवाना गर्ने | | **ST** |
| ▪ ठूला निर्माण कार्य, ढुङ्गा, गिट्टी, बालुवा तथा खानी उत्खनन्, क्रसर उद्योग सञ्चालन गर्न प्रारम्भिक वातावरणीय परीक्षण गर्ने र त्यसलाई कडाइका साथ लागू गर्ने | १५० | **LT** |
| ▪ विद्यालय, स्वास्थ्य क्षेत्र र संवेदनशील क्षेत्र वरपर ध्वनि निषेधित क्षेत्र घोषणा गर्ने | | **ST** |
| ▪ मरेका पशु, चौपाया व्यवस्थापन गर्न प्रत्येक वडामा स्थानहरू तोक्ने | १५० | **LT** |
| ▪ खाना पकाउन प्रयोग हुने काठ दाउरा प्रतिस्थापन गर्न वैकल्पिक उर्जा जस्तैः वायो ग्याँस र सौर्य उर्जामा २५ प्रतिशत अनुदान दिने | ६०० | **LT** |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ बजार केन्द्र र जनघनत्व बढी भई मानवीय क्रियाकलाप बढी हुने स्थानहरूमा सार्वजनिक शौचालय निर्माण गर्ने | ३०० | **LT** |
| ▪ नदी किनारमा सञ्चालनमा रहेका ढुङ्गा, गिट्टी, क्रसर उद्योग आदिबाट उत्पन्न भएको प्रदुषणका कारण सामाजिक दायित्व अन्तर्गत सो क्षेत्रको मुख्य सडक खण्डको उपयुक्त स्थानहरूमा दायाँबायाँ वृक्षारोपण अनिवार्य गर्ने | ५० | **LT** |
| ▪ प्रत्येक वडामा हरित क्षेत्र निर्माणसँग एकीकृत गरी नमुना पार्कहरू बनाउने | १८० | **LT** |
| ▪ सम्पूर्ण सम्पदा क्षेत्र तथा धार्मिक मठ मन्दिरहरूमा वातावरणीय हिसाबले एकीकृत विकास गरी पर्यटन प्रबर्द्धन गर्ने | ३०० | **LT** |
| ▪ आगामी १५ वर्ष भित्र सम्पूर्ण सडकहरू कालोपत्रे वा स्तरोन्नती वा जैविक विधि अपनाई सम्पन्न गरी वायु प्रदुषण नियन्त्रण गर्ने | | **LT** |
| **(घ) जलवायु परिवर्तन** | | |
| ▪ जलवायु परिवर्तनको असर अध्ययन गर्न विज्ञहरूसँग परामर्श लिने | १५ | Regular |
| ▪ विपद्को मुख्य असर सामना गर्न वडागत योजना तयार पार्ने | १२ | Regular |
| ▪ जलवायु परिवर्तन अनुकूलन सम्बन्धी नियमित वडागत सचेतना र तालिम कार्यक्रम सञ्चालन गर्ने | १५ | Regular |
| ▪ वैकल्पिक उर्जा र विद्युत् उर्जाको उपभोग वृद्धि गर्न गाउँपालिकामा लघु जलविद्युत्को सम्भाव्यता अध्ययन र लगानीको वातावरण तयार पार्न अन्तरक्रिया गर्ने | १५ | Regular |
| ▪ क्लिन, ग्रीन, नविकरण तथा वैकल्पिक उर्जाको प्रयोगकर्तालाई निश्चित मापदण्डका आधारमा अनुदान दिने | ४५० | Regular |
| ▪ जलवायू परिवर्तन प्रभाव न्यूनिकरण तथा अनुकूलन कार्यमा संलग्न उत्कृष्ट संघ, संस्था तथा व्यक्तिलाई वार्षिक रूपमा पुरस्कृत गर्ने | ७५ | Regular |
| **(ङ) फोहरमैला व्यवस्थापन** | | |
| ▪ आवश्यकता र सम्भाव्यताको अध्ययन गरी प्रत्येक वडा वा टोलमा फोहोरमैला व्यवस्थापन समिति गठन गर्ने | ५ | ST |
| ▪ नकुहिने (Non-biodegradable) फोहर व्यवस्थापनका लागि गाउँपालिकाले ठाउँ ठाउँमा कन्टेनर राख्ने | ३०० | LT |
| ▪ कुहिने फोहरबाट कम्पोष्ट मल बनाउने तरिका सिकाउने र यस बारे जनचेतना फैलाउन गाउँपालिकाले एक तालिम प्राप्त टोलीलाई बस्ती बस्तीमा परिचालन गर्ने | १८० | Regular |
| ▪ खुला क्षेत्र, पानीका मुहान, कुलो, पैनी तथा नहरमा मलमुत्र त्याग गर्ने प्रवृत्तिलाई निषेध गरी रोक्न जनचेतना फैलाउने | ४५ | Regular |
| ▪ प्रत्येक घरमा पानीसहितको चर्पीको व्यवस्था सुनिश्चित गर्न अति विपन्न परिवारलाई अनुदान दिएर अथवा निःशुल्क रूपमा चर्पी बनाइदिने | ३०० | Regular |
| ▪ साबुनपानीले हात धुन विद्यालय र समुदायस्तरमा जनचेतना फैलाउने | ३० | Regular |
| ▪ प्रत्येक वडाका बस्तीहरूमा आवश्यकताका आधारमा ढलनिकासको व्यवस्था गर्ने | ३०० | LT |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ सडकमा ढलको पानी छोडिदिने तथा फोहरमैला विसर्जन गर्नेहरुलाई पूर्ण रुपमा निरुत्साहित गर्न जरिवानाको व्यवस्था गर्ने | | ST |
| ▪ सडकमा गाईवस्तु बाँधेर फोहर गर्नेको तथ्याङ्क सङ्कलन गरी कानुनी कारवाही गर्ने | | ST |
| ▪ घनाबस्ती भएका क्षेत्रका सडकको नियमित सरसफाइका लागि गाउँपालिकाले आवश्यकता अनुसार सफाई कर्मचारीको व्यवस्था गर्ने वा निजी क्षेत्रलाई संलग्न गराउने | ४५० | Regular |
| ▪ कुहिने फोहरको व्यवस्थापनका लागि गाउँपालिकाले प्रत्येक घरमा निःशुल्क रूपमा वा विशेष अनुदानमा कम्पोष्ट मल बनाउने किट वितरण गर्ने | ३०० | Regular |
| ▪ पशु गोठलाई सफा सुग्घर र स्वस्थकर राख्न पशुपालक कृषकहरूलाई तालिमको व्यवस्था गर्ने | ७५ | Regular |
| ▪ गाउँपालिकाको पहलमा प्रत्येक वडाका विभिन्न स्थानमा सञ्चालित होटल तथा भोजनालयहरूको सरसफाई र गुणस्तरको अनुगमन गर्ने | १५ | Regular |
| ▪ प्रत्येक वडामा कम्तिमा दुई वटा सफा र सुरक्षित पशु बधशाला निर्माण गरी सञ्चालन गर्न निजी क्षेत्रलाई सहभागी गराउने | १२० | ST |
| ▪ सडक छेउका नालीहरूको नियमित सरसफाई गर्न गाउँपालिकाले प्रबन्ध गर्ने | १५० | Regular |
| ▪ कृषि उपज सङ्कलन र हाटबजार लाग्ने स्थलको नियमित सरसफाई गर्ने | ७५ | Regular |
| ▪ सडक धुलोको कारण हुने वायु प्रदुषण रोक्न मुख्य र व्यस्त सडकहरूको स्तरोन्नती गर्ने | | LT |
| ▪ बजार क्षेत्रका सडकमा धुलो हटाउन कर्मचारी व्यवस्था गर्ने | ३०० | Regular |
| ▪ जीर्ण अवस्थाका प्रदुषण बढाउने सवारी साधनलाई क्रमशः कडाइका साथ हटाउँदै जाने | | MT |
| ▪ उद्योगधन्दाबाट निस्केको फोहरलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्न उद्योगलाई जिम्मेवार बनाउन मापदण्ड निर्माण गर्ने | ५ | ST |
| ▪ खानेपानीका मुहानहरू सफा र सुरक्षित राख्न अनुगमन कर्मचारीको व्यवस्था गर्ने | १५० | Regular |
| ▪ मानव बस्ती छेउका पानी जम्ने खाडलहरू पुर्ने | ४५ | ST |
| ▪ समुदायलाई व्यापक रुपमा अभियानको रुपमा परिचालन गर्ने | | |
| ▪ झिँगा, साङ्ला, लामखुट्टे जस्ता किटाणुहरूको प्रकोप नियन्त्रण गर्न गाउँपालिका तथा वडा कार्यालयले आवश्यक कीटनाशक विषादी तथा विपन्न परिवारलाई झुलहरू निः शुल्क रूपमा वितरण गर्ने | १५० | ST |
| ▪ सडक दुर्घटनामा परी मरेका घरपालुवा तथा जङ्गली जनावरलाई तुरुन्त व्यवस्थापन गर्न र सडक आवागमन सुचारु राख्न सडक अनुगमन कर्मचारीको व्यवस्था गर्ने | १५० | Regular |
| ▪ घरायसी फोहरमैलाका कारण नवजात शिशु, बालबालिका, ज्येष्ठनागरिक तथा सुत्केरी महिलामा पर्न सक्ने स्वास्थ्य असरका बारेमा जनचेतना फैलाउने | ४५ | Regular |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ फोहरमैला व्यस्थापन र सरसफाइसम्बन्धी जनचेतना फैलाउन पोष्टर प्रकाशन गरी सार्वजनिक स्थानमा टाँस्ने | ७५ | Regular |
| ▪ प्रत्येक विद्यालयले कम्तिमा वर्षको एक पटक फोहरमैला र यसको असर बारेमा जनचेतना विकास गर्न **'विद्यार्थीसँग चिकित्सक'** कार्यक्रम सञ्चालन गर्ने | १०० | Regular |
| ▪ प्रत्येक गाउँपालिकाले सकेसम्म गाउँपालिका स्तर वा वडा स्तरमा एकीकृत ढल निकास कार्ययोजना बनाई लागु गर्ने | १२० | LT |
| ▪ गाउँपालिकाका वनहरूले कम्तिमा वर्षको २ पटक जनश्रमदानमा आधारित सडक सरसफाइ कार्यक्रम तथा नदी सरसफाई कार्यक्रम आयोजना गर्ने | ६० | Regular |
| ▪ दसैं, तिहार जस्ता विशेष चाडबाड तथा अवसरमा विद्यालयका विद्यार्थीहरूलाई मन्दिर लगायतका धार्मिक स्थलहरूको सरसफाइ कार्यक्रममा सहभागी गराउने | ४५ | Regular |
| ▪ प्रत्येक घरमा चर्पी निर्माण अनिवार्य गर्न विपन्न समुदायलाई २५ प्रतिशतसम्म अनुदान दिने | १,००० | Regular |
| ▪ मुख्य बजार क्षेत्रहरूको फोहर तथा कवाडी सङ्कलन र व्यवस्थापन गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने | २ | ST |
| ▪ **"एक घर एक करेसाबारी"** अभियान अन्तर्गत वडा स्तरमा तालिम प्रदान गर्ने | ४५ | ST |
| ▪ प्रत्येक महिनाको अन्तिम शनिबार वडा स्तरमा विद्यार्थी, कर्मचारी र सर्वसाधारण सम्मिलित व्यापक सामुदायिक सरसफाई अभियान सञ्चालन गर्ने | ४० | ST |
| ▪ कम फोहर उत्सर्जन गर्न करेसाबारीमा फोहरलाई कम्पोष्ट मल बनाई प्रयोग गर्न तालिम सञ्चालन गर्ने | ६० | MT |
| ▪ सार्वजनिक स्थल वरपर फोहर फ्याँक्न डस्टबिन, खाल्डो आदिको व्यवस्था गर्ने | १०० | MT |
| ▪ वर्षात्को पानी सङ्कलन गरी सरसफाईमा प्रयोग गर्न प्रत्येक वडामा एक एक वटा पानी सङ्कलन पानी ट्याङ्कीको निर्माण गर्ने | ६०० | LT |
| ▪ उपयुक्त स्थान पहिचान गरी ल्याण्डफिल साइटको निर्माण गर्ने | १०० | LT |
| ▪ बस्ती छेउमा भएका उद्योगहरू क्रमश अन्यत्र सार्ने अथवा उद्योगधन्दाहरू भन्दा टाढा मानव बस्तीको विकास गर्ने | | |
| **(च) विपद् व्यवस्थापन** | | |
| ▪ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार पार्ने | ५ | **ST** |
| ▪ गाउँपालिकाका प्राकृतिक प्रकोपको हिसाबले उच्च जोखिम क्षेत्रहरूको नक्साङ्कन गरी त्यस्ता क्षेत्रहरूमा खतरा सङ्केतहरू राख्ने | १० | **ST** |
| ▪ सम्भाव्य स्थलहरूमा विपद् पूर्वसङ्केत दिने उपकरणहरू जडान गर्न सम्भाव्यता अध्ययन गर्ने | ५० | **ST** |
| ▪ आपत्कालीन उद्धार कोषको निर्माण गर्ने | १०० | **ST** |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ विपद् पश्चात् मनोवैज्ञानिक परामर्श दिन जनशक्ति तयार गरी परामर्श केन्द्र तथा समूह स्थापना गर्ने | ७५ | Regular |
| ▪ प्रकोप संवेदनशीलताको आधारमा भू-उपयोग योजना तयार पार्ने | १५ | **ST** |
| ▪ आपत्कालीन उद्धारका लागि सुरक्षा निकायसँग मिलेर विभिन्न स्थानमा हेलीप्याडको निर्माण गर्ने | ४५ | **ST** |
| ▪ विपद् व्यवस्थापन मूल समितिको नियमित वैठक सञ्चालन गरी पूर्व तयारीको मूल्याङ्कन गर्ने | ५ | Regular |
| ▪ विपद् व्यवस्थापन वडागत समितिको नियमित बैठक सञ्चालन गरी पूर्व तयारीको मूल्याङ्कन गर्ने | ९० | Regular |
| ▪ समुदाय र विद्यालयहरूमा विपद्सँग सामना गर्न पूर्वाभ्यास तथा तालिमको आयोजना गर्ने | ७५ | Regular |
| ▪ विपद् व्यवस्थापन समितिका सदस्यहरूको नियमित तालिम र प्रशिक्षण सञ्चालन गर्ने | ७५ | Regular |
| ▪ महामारीबाट बच्ने उपायबारे स्थानीय सञ्चार माध्यमबाट जनचेनतामूलक सन्देश नियमितरूपमा प्रसारण गर्ने | १५ | Regular |
| ▪ भूकम्प प्रतिरोधी घर निर्माण गर्न डकर्मीलाई नियमित तालिम सञ्चालन गर्ने | ४५ | **ST** |
| ▪ विपद्को समयमा आवश्यक दमकल, एम्बुलेन्स, प्राथमिक उपचार प्रबन्ध,सञ्चार उपकरण, टर्चलाइटहरू, डोरी, एक्सकाभेटर आदि खरिद गरी ठीक हालतमा राख्ने | १,००० | **LT** |
| ▪ विपद्को बेला पिउने पानी, खाद्यान्न, औषद्योपचारको पूर्व तयारी गर्न संयन्त्र निर्माण गर्ने | ५० | Regular |
| ▪ विपद्का बेला भेला हुने खुला स्थानहरू तय गरी पूर्वाधारयुक्त बनाउने | ५० | ST |
| ▪ गाउँपालिकामा आउन सक्ने सबै सम्भाव्य प्राकृतिक विपद् तथा जोखिमका बारेमा सबै गाउँपालिकावासीहरूलाई सचेत बनाई विपद्का समयमा बच्ने उपायहरूका बारेमा जानकारी दिने । | ४५ | LT |
| ▪ विपद्, जोखिम तथा महामारीबाट बच्ने उपायबारे स्थानीय सञ्चार माध्यमबाट जनचेनतामूलक सन्देश नियमितरूपमा प्रसारण गर्ने । | १५ | Regular |
| ▪ भूकम्प प्रतिरोधी घर निर्माण गर्न डकर्मीलाई नियमित तालिम सञ्चालन गर्ने । | १५ | Regular |
| ▪ प्राकृतिक प्रकोप तथा विपद् जोखिमयुक्त क्षेत्रहरूमा घर तथा अन्य बसोबासका पूर्वाधारहरूको निर्माणलाई निरुत्साहित गर्ने । | | Regular |
| ▪ घर तथा बस्ती निर्माण गर्नुभन्दा पहिले अनिवार्य रूपमा नक्सा पास, माटो परीक्षण तथा फिल्ड चेकजाँच गरेर मात्र गराउने कार्यको शुरुवात गर्ने । | | Regular |
| ▪ विपद् सम्भावित क्षेत्रका प्रत्येक नागरिकको अनिवार्य बिमा योजना लागु गर्ने र विपन्न नागरिकको बिमा गाउँपालिकाले गरिदिने | १५० | Regular |

## ५.५ संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन

नेपालमा दशकौँ लामो आन्दोलन, प्रयास र राजनैतिक संक्रमणपश्चात् प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुरूप नेपालको संविधानमा व्यवस्था गरेअनुसार गाउँपालिका एक प्रकारको स्वायत्त स्थानीय सरकार हो । अधिकार प्राप्तिका हिसाबले ठूलो राजनैतिक परिवर्तन पश्चात् निर्मित नेपालको संविधानमा व्यवस्था भएको संघीय व्यवस्थाले गाउँपालिकालाई शक्ति सम्पन्न बनाएको छ । यद्यपि संघीयताको अभ्यास नवीन भएको र सदियौँदेखि नेपालमा केन्द्रिकृत राजतन्त्रात्मक शासन व्यवस्था सञ्चालन भएकोले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको पूर्णरूपमा संस्थागत विकास नहुँदासम्म यसको विकासको लागि संघीय, प्रादेशिक र स्थानीय सरकारहरूले एकीकृत र समन्वयात्मक भूमिका खेल्नु पर्दछ । गाउँ तथा स्थानीय सरकार जनताको सबभन्दा समिपमा रही जनतालाई सेवा सुविधा उपलब्ध गराउने सरकार भएकोले गाउँपालिकाले आफूले प्रदान गर्ने सेवालाई जनताको अधिकतम हितलाई ध्यानमा राख्दै पारदर्शी, प्रभावकारी र जवाफदेयी हिसाबले प्रवाह गर्नुपर्दछ । लामो समय स्थानीय सरकारहरू जनप्रतिनिधिविहिन रहेकाले गाउँपालिकाको संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनको अवस्था सन्तोषजनक छैन । यसका लागि कालिमाटी गाउँपालिका विकास गुरूयोजनाले गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त दुरूस्त तुल्याउन समग्र संस्थागत विकासको निम्न बमोजिम योजनाहरू तय गरेको छ ।

| | |
|---|---|
| सोचः | "कालिमाटीको चाह, जनमुखी सेवा प्रवाह" |
| लक्ष्यः | गाउँपालिकाबाट प्रदान हुने सबै प्रकारका सेवाको प्रवाहलाई पारदर्शी, छिटो, छरितो, सुलभ जनउत्तरदायी र प्रभावकारी बनाई जनताको आवश्यकता, अधिकार र चासोमा केन्द्रित हुने । |

### ५.५.१ उद्देश्यहरू

- ✓ पारदर्शी, जनउत्तरदायी र जवाफदेही असल शासन सुनिश्चित गर्ने ।
- ✓ गाउँपालिकाबाट प्रवाह हुने सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।
- ✓ हरेक निर्णय प्रक्रियामा जनचाहनालाई केन्द्रमा राख्ने ।
- ✓ आर्थिक पारदर्शिता कायम गर्ने ।
- ✓ वित्तीय अनुशासन कायम गर्ने ।
- ✓ क्षतिपूर्ति सहितको नागरिक वडापत्र पूर्णतः कार्यान्वयन गर्ने ।
- ✓ राजश्व सङ्कलन र परिचालनलाई प्रभावकारी बनाउने ।
- ✓ जनशक्ति विकासका लागि नियमित तालिम सञ्चालन गर्ने ।
- ✓ आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने ।
- ✓ नियमितरूपमा लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गर्ने ।
- ✓ नागरिक सुनुवाइ तथा सामाजिक परीक्षण कार्यक्रमहरू नियमित आयोजना गर्ने ।
- ✓ स्थानीय न्यायिक समिति र इजलासलाई सक्षम र प्रभावकारी बनाउने ।
- ✓ गाउँपालिकाका सम्पूर्ण सरोकारवाला शाखाहरूको बिचमा आपसी समन्वय कायम गर्ने ।
- ✓ संविधानले तय गरेका राज्यका नीतिहरू अन्तर्गत सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्रवाह हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने ।

**(ख) २५ हजारभन्दा बढी जनसंख्या भएका गाउँपालिकाको संगठन संरचना (१२६वटा)** **(अनुसूची २.१)**



### ५.५.२ योजना तथा कार्यक्रमहरू

#### (क) सुशासन तथा संस्थागत विकास

वास्तविक अर्थमा असल शासनको स्थापना गर्न सकेमात्र जनस्तरमा सेवा प्रवाहको प्रभावकारिता रहन्छ । राज्यले लिएको नीति अनुरूप असल शासनका प्रमुख आयामहरूमा सार्वजनिक प्रशासनमा पारदर्शिता, निष्पक्षता, भ्रष्टाचारशुन्यता, जनउत्तरदायी व्यवहार, शुलभता र सहजता महत्वपूर्ण आयामहरू हुन् । यी आयामहरूको स्वस्थ विकास र सुनिश्चितता गर्न सकेको खण्डमा संघीय संविधानको मर्मअनुरूप जनताको घरदैलोमा राज्यद्वारा प्रवाह गरिने सेवा र सुविधा सहज तरिकाले पुऱ्याउन सकिन्छ । तसर्थ कालिमाटी गाउँपालिकाको सुशासन र संस्थागत विकासअन्तर्गत निम्न कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

- आजको सूचना र सञ्चार प्रविधिको युगमा प्रविधिमा चुस्त जनशक्ति नहुँदा सेवा प्रवाह छिटो, छरितो र प्रभावकारी हुन नसक्ने भएकोले कर्मचारीहरूलाई आवश्यकताअनुसार प्रविधिमैत्री बनाउन नियमित तालिम तथा प्रशिक्षणहरू सञ्चालन गर्ने ।
- सेवा प्रवाहका सबै प्रणालीहरूलाई क्रमशः विद्युतीय सूचना प्रणाली र प्रविधितर्फ विकास गर्दै लैजाने ।
- गाउँपालिकाको वेबसाइटलाई पूर्ण सूचनायुक्त र प्रभावकारी बनाई त्यसलाई अद्यावधिक गर्ने ।
- वडास्तरमा आवश्यकताअनुसार घुम्ती सेवा सञ्चालन गर्ने ।
- वडा र गाउँपालिका केन्द्रलाई क्रमशः विद्युतीय सूचना प्रणालीमा जोड्ने ।
- क्षतिपूर्तिसहितको नागरिक वडापत्रलाई अक्षरशः कार्यान्वयन गर्ने ।
- नागरिक सुनुवाइ तथा सामाजिक परीक्षणका कार्यक्रमहरू नियमितरूपमा सञ्चालन गर्ने ।
- वृद्धवृद्धा, अपाङ्ग, अशक्त, असहाय, बालबालिका, दीर्घरोगी र सामाजिक सुरक्षा प्राप्त सेवाग्राहीहरूलाई घरदैलोमा सेवा प्रवाह गर्ने संयन्त्र विकास गरी लागु गर्ने ।
- वडागत स्तरमा जनगुनासो सुनुवाइको प्रभावकारी संयन्त्र निर्माण गर्ने ।
- गाउँपालिका भवन तथा सम्पूर्ण वडा कार्यालय भवनहरूको निर्माण सम्पन्न गरी कम्प्युटर लगायतका सम्पूर्ण आधुनिक प्रविधिले सुविधासम्पन्न बनाउने ।
- कर शिक्षा कार्यक्रमलाई वडागतरूपमा नियमित सञ्चालन गर्ने ।
- कार्यक्रम तथा योजनाको प्राथमिकीकरण गर्दा वैज्ञानिकता र आवश्यकताको सिद्धान्त अपनाई जनसहभागिता र जनचाहनाअनुरूप गर्ने ।
- पाँच लाखभन्दा माथिका विकास निर्माण योजना सञ्चालन गर्दा पारदर्शिता सुनिश्चित गर्न सार्वजनिक स्थलमा ब्यानर तथा बोर्ड राखी कार्यान्वयन गर्ने र सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण पश्चात् पारित गर्ने ।
- आन्तरिक लेखा परीक्षण प्रतिवेदन नियमित रूपमा सार्वजनिक गर्ने ।
- सार्वजनिक अभिलेख प्रणाली, घटना दर्ता तथा सेवा प्रवाहलाई विद्युतीय माध्यममा लगी प्रभावकारी बनाउने ।
- स्थानीय न्यायिक इजलासको स्थापना गरी न्यायिक समितिलाई सक्षम र प्रभावकारी बनाउन तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- स्थानीय न्यायिक समिति तथा इजलासलाई प्रविधि तथा स्रोत साधनयुक्त बनाउने ।
- गाउँपालिकाको नीतिबमोजिम चौमासिक रूपमा नागरिक सन्तुष्टि सर्वेक्षण गर्ने ।

- जन गुनासोबमोजिम सार्वजनिक प्रशासनमा सुधार गर्ने ।
- गाउँपालिकाको समग्र वस्तुस्थिति अर्थात् पार्श्वचित्रलाई विद्युतीय सूचना प्रविधि अपनाई अद्यावधिक गर्ने ।
- कार्यसम्पादन मूल्याङ्कनका आधारमा राष्ट्रसेवक कर्मचारीमध्येबाट उत्कृष्टलाई वार्षिक रूपमा पुरस्कृत गर्ने ।
- आन्तरिक नियन्त्रण प्रणाली र कर्मचारी आचार संहिताको पूर्णतः पालना गर्ने गराउने ।
- स्थानीय सञ्चार माध्यम, रेडियो, टेलिभिजन मार्फत् नियमित कार्यक्रमहरू सञ्चालन गरी गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माणको विषयमा नागरिकहरूलाई नियमित जानकारी गराउने ।
- सूचना अधिकारीलाई सक्रिय बनाउने ।
- गाउँपालिकाका समग्र निर्णय प्रक्रियामा जनचाहना र आवश्यकता सम्बोधनलाई पहिलो प्राथमिकतामा राख्ने ।
- सार्वजनिक निजी साझेदारीलाई प्रबर्द्धन गरी विकास निर्माण र सेवा प्रवाहमा निजी क्षेत्रलाई सहभागी गराउने ।

### (ख) राजश्व परिचालन र स्रोत अभिवृद्धि

जनताले तिरेको करबाट राज्य सञ्चालन हुने सामान्य सिद्धान्त हो । तर जनताले प्रशस्त कर तिर्नका लागि आर्थिक क्रियाकलापहरूमा तीव्रता आउनु पर्दछ । आर्थिक क्रियाकलापहरूलाई तीव्रता दिन रोजगारीको सिर्जना, उत्पादन वृद्धि, बजारीकरण, निर्यात र उपभोक्ता बजारको प्रबर्द्धन गर्नुपर्दछ भने उद्योग र कलकारखानाहरू खुल्ने उपयुक्त वातावरण सिर्जना हुनुपर्दछ । कालिमाटी गाउँपालिकालाई आर्थिक रूपमा सम्पन्न बनाउन **"उत्पादन र निर्यातमुखी स्वरोजगार समृद्धिको आधार"** भन्ने मूल नारालाई साकार तुल्याउने नीतिअनुरूप राजश्व परिचालन र स्रोत अभिवृद्धिका निम्न कार्यक्रमहरू सञ्चालन गर्ने योजना रहेको छ ।

- राजश्वका सबै सम्भाव्य स्रोतहरूको अध्ययन गरी स्रोतहरूको यकिन गर्ने । सार्वजनिक निजी साझेदारीलाई प्रबर्द्धन गर्ने रणनीति बनाउने ।
- स्थानीय लगानीकर्ताहरूलाई उच्च महत्व दिई लगानीका क्षेत्र पहिचान गरी लगानी आकर्षित गर्ने ।
- आन्तरिक तथा बाह्य लगानीलाई आकर्षित गर्नका लागि नीतिगत तथा पूर्वाधार विकास गर्ने
- नियमितरूपमा लगानी सम्मेलनको आयोजना गर्ने ।
- दातृ निकायलाई आकर्षित गर्न संघीय र प्रादेशिक सरकारहरूसँग समन्वय गर्ने ।
- संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक बजेटको व्यवस्था गर्ने ।
- कानुनको परिधिमा रही गाउँपालिकाभित्रका सम्भाव्य करका दायरा बढाई सबै प्रकारका आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याउने ।
- सम्पूर्ण व्यवसाय दर्ता अनिवार्य गरी सोको पूर्ण अभिलेख तयार पार्ने र त्यसलाइ अद्यावधिक गर्ने ।

- आ. व. ०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भए बमोजिम करदाता विवरणलाई डिजिटल प्रविधिमा आवद्ध गरी प्रत्येक करदाताको विद्युतीय कर खाता (Smart Tax Account) बनाई लागु गर्ने ।
- "व्यवसाय कर तिरौं विकास कार्यमा सरिक होऔँ- हामीले तिरेको कर हाम्रै विकासका लागि" भन्ने नारालाई सार्थक तुल्याउन अभियान सञ्चालन गर्ने ।
- कर भुक्तानीलाई थप व्यवस्थित बनाउन करदातालाई स्वचालित एसएमएस (SMS) प्रविधिबाट सूचना उपलब्ध गराउने व्यवस्था मिलाउने ।
- गाउँपालिकाका ठूला करदाता पहिचान गरी सम्मान गर्ने ।
- महिला स्वावलम्बन तथा सशक्तिकरणका लागि महिलाको नाममा व्यवसाय दर्ता तथा नविकरण गर्दा ५० प्रतिशत कर छुटको व्यवस्था गर्ने ।
- दलित, अपाङ्ग, एकल महिला, सीमान्तकृत तथा विपन्न समुदायको सशक्तिकरणका लागि उनीहरूले सञ्चालन गर्ने उद्योग, कलकारखाना तथा व्यवसाय दर्ता गर्दा विशेष छुटको व्यवस्था गर्ने ।
- अस्थायी प्रकृतिका टहरा, पार्किङ्ग, हाटबजार आदिबाट वडास्तरमा शुल्क उठाउन निजी क्षेत्रलाई परिचालन गर्ने ।
- गाउँपालिकामा रहेका सार्वजनिक जग्गाहरूमा अस्थायी संरचनाहरू निर्माण गरी बहालमा लगाउने र बहाल विटौरी कर उठाउने ।
- गाउँपालिकाको स्वामित्वमा रहेका तर प्रयोग नभएका भवन, माछापोखरी, जमिन आदि पूर्वाधारहरूलाई बहालमा लगाई आय आर्जन गर्ने ।
- कर नतिर्ने परिपाटीलाई पूर्णरूपमा निरुत्साहित गर्न कर नतिर्ने नागरिकलाई गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाबाट वञ्चित गर्ने ।
- कर नतिर्ने निर्माण तथा अन्य कम्पनीहरूलाई कालो सूचीमा राखी उनीहरूको काम रोक्का गर्ने ।
- सडक मर्मत तथा सवारी प्रवेश शुल्क लागु गर्ने ।
- गाउँपालिकाको मासिक आय र व्ययको विवरण प्रत्येक महिना गाउँपालिकाको वेबसाइट मार्फत् सार्वजनिक गर्ने ।
- गाउँपालिकाको भोगाधिकारमा रहेको सार्वजनिक सम्पत्तिहरूको सदुपयोग गरी ती सम्पत्तिहरूलाई उत्पादनशील कार्यमा लगाई नियमित राजश्व सङ्कलनको माध्यम बनाउने ।
- करको दर कम गरी करको दायरा बढाउने र कर तिर्ने प्रणालीलाई सरल र सहज बनाउने ।
- वडागतरूपमा कर सङ्कलनको प्रबन्ध गर्ने ।

## ५.५.३ संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनकोLogical Framework Approach (LFA)

**सोच**

**“कालिमाटी गाउँपालिकाको प्रतिबद्धता जनमुखी सेवा , सुशासन र जवाफदेयिता”**

**लक्ष्य**

**कालिमाटी गाउँपालिकाबाट प्रदान हुने हरेक सेवा प्रवाहलाई सहज, छिटो, छरितो, सुलभ, पारदर्शी, जनउत्तरदायी र प्रभावकारी बनाई जन आवश्यकता, जनहित र जनचासोमा केन्द्रित हुने ।**

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| ▪ गाउँपालिकामा असल शासनको नमुना स्थापित भएको हुनेछ ।<br>▪ गाउँपालिकाबाट प्रवाह हुने सेवाहरू सहज, छिटो, छरितो, पारदर्शी, जवाफदेयी र जनचाहना बमोजिम प्रवाह भएका हुनेछन् ।<br>▪ गाउँपालिकाबाट प्रवाह हुने सबै प्रकारका सेवाहरू विद्युतीय माध्यमबाट प्रवाहित भएका हुनेछन् ।<br>▪ हरेक निर्णयहरू जनचासो र जनआवश्यकतालाई केन्द्रमा राखेर गरिएको हुनेछ ।<br>▪ आर्थिक पारदर्शिता कायम भएको हुनेछ ।<br>▪ वित्तीय अनुशासन कायम भएको हुनेछ ।<br>▪ क्षतिपूर्तिसहितको नागरिक वडापत्र अक्षरश: कार्यान्वयन भएको हुनेछ ।<br>▪ राजश्व सङ्कलन र परिचालन चुस्त दुरुस्त भएको हुनेछ ।<br>▪ सक्षम र ऊर्जाशील संस्थागत संयन्त्रको निर्माण भएको हुनेछ ।<br>▪ आन्तरिक नियन्त्रण प्रणाली लागु भएको हुनेछ ।<br>▪ लेखापरीक्षण प्रतिवेदन नियमित रूपमा सार्वजनिक भएको हुनेछ ।<br>▪ नियमित रूपमा | **वि.सं. २०८० सम्म**<br>▪ गाउँपालिकावासीले महसुस गर्ने गरी असल शासनका सम्पूर्ण आयामहरूको अभ्यास भएको<br>▪ गाउँपालिकाबाट प्रवाह हुने सबै प्रकारका सेवाहरू विद्युतीय माध्यमबाट प्रवाहित भएका<br>▪ जनगुनासो आधारवर्षको तुलनामा ५० प्रतिशतले घटेको<br>▪ आर्थिक पारदर्शिता कायम गर्न सामाजिक परीक्षण र सार्वजनिक तथा नागरिक सुनुवाइको नियमित क्यालेण्डरको विकास भई कार्यान्वयनमा आएको<br>▪ राजश्व सङ्कलनमा आधार वर्षको तुलनामा कम्तीमा ३०० प्रतिशतले वृद्धि भएको<br>▪ आन्तरिक नियन्त्रण प्रणाली लागु भएको<br>▪ करदातालाई स्वचालित SMS बाट सूचना दिने प्रणाली लागु भएको<br>▪ सम्पूर्ण व्यवसायहरू गाउँपालिकामा दर्ता भएका<br>▪ सार्वजनिक निजी साझेदारीका कम्तीमा २ वटा आयोजना कार्यान्वयनमा आएका<br>▪ सूचना अधिकारीको कार्यसम्पादन प्रभावकारी भएको<br>▪ कर्मचारीका लागि नियमित तालिम सञ्चालन भएका<br>▪ स्थानीय न्यायिक समिति र इजलास सक्षम र प्रभावकारी भई न्यायपूर्ण समाज निर्माण भएको<br>▪ सम्पूर्ण वडा कार्यालय भवनको निर्माण सम्पन्न भएको | ▪ गाउँपालिकास्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट<br>▪ स्थलगत अवलोकनबाट<br>▪ गाउँपालिकाबासीको जीवनस्तरमा आएको परिवर्तनबाट<br>▪ पूर्वाधार निर्माण पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै- व्यापार वृद्धि, पर्यटक आवागमन, रोजगारी सिर्जना र अन्य मानवीय गतिविधिहरूबाट<br>▪ गाउँपालिकावासीको नागरिक सन्तुष्टि सर्वेक्षणबाट | ▪ पूर्ण राजनैतिक स्थिरता हुनेछ ।<br>▪ आवश्यक बजेटको व्यवस्था हुनेछ ।<br>▪ दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।<br>▪ व्यापक जनसहभागिता र समर्थन हुनेछ ।<br>▪ कुनै प्रकारको ठूलो स्तरको दैवी विपत्ति आइ लाग्ने छैन ।<br>▪ स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।<br>▪ कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।<br>▪ निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।<br>▪ सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ । |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| नागरिक सुनुवाइ तथा सामाजिक परीक्षणका कार्यक्रमहरू सञ्चालन भएका हुनेछन् ।<br>▪ स्थानीय न्यायिक समिति र इजलास न्याय सम्पादन र मेलमिलाप कार्यान्वयनमा सक्षम र प्रभावकारी हुनेछ ।<br>▪ राज्यका अङ्गहरूको बीचमा आपसी समन्वय भई सेवा प्रवाह चुस्त, दुरुस्त, छिटो र सहजरूपमा भएको हुनेछ ।<br>▪ सम्पूर्ण वडा कार्यालयहरू पूर्वाधारयुक्त हुनेछन् ।<br>▪ **"घरदैलोमा घुम्ती स्थानीय सरकार"** कार्यक्रम कार्यान्वयनमा आउनेछ । | ▪ गाउँपालिकाका सबै कार्यालयहरू प्रविधिमैत्री र आधुनिक पूर्वाधारयुक्त भएका<br>▪ क्षतिपूर्तिसहितको नागरिक वडापत्र पूर्णत: कार्यान्वयन भएको<br>▪ राष्ट्रसेवक कर्मचारीलाई सर्वोत्कृष्ट पुरस्कार प्रदान गर्ने व्यवस्था भएको<br>**वि.सं. २०८५ सम्म**<br>▪ गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवाहरू विद्युतीय सूचना प्रणालीमा आवद्ध भइसकेका<br>▪ गाउँपालिकाको वेबसाइट हेर्दा व्यक्तिको अगाडी अमूर्त गाउँपालिकाको पूर्ण उपस्थिति भएको महशुस हुने र पूर्ण Virtual Rural Municipality महसूस भएको<br>▪ सम्पूर्ण वडाहरू विद्युतीय सूचना प्रणालीमा आवद्ध भएका<br>▪ सामाजिक सुरक्षा सेवा-ग्राहीहरूका लागि **"घरदैलोमा स्थानीय सरकार"** कार्यक्रम लागु भएको<br>▪ जनगुनासो आधारवर्षको तुलनामा ७० प्रतिशतले घटेको<br>▪ सम्पूर्ण वडा कार्यालय र गाउँपालिका केन्द्र पूर्वाधार सम्पन्न भएका<br>▪ कर नतिर्ने करदाताको सङ्ख्या आधार वर्षको तुलनामा ९० प्रतिशतले घटेको<br>▪ सार्वजनिक अभिलेख र घटना दर्ता डिजिटल प्रविधिमा आवद्ध भएको<br>▪ गाउँपालिकाको पार्श्वचित्र प्रत्येक वर्ष अद्यावधिक गरिएको<br>▪ सार्वजनिक निजी साझेदारीका कम्तीमा ५ वटा आयोजना सञ्चालनमा आएका<br>▪ प्रत्येक करदाताको विद्युतीय कर खाता (Smart Tax Account) तयार भएको<br>▪ ठूला करदातालाई सम्मान गरिएको<br>▪ आधारवर्षको तुलनामा महिलाका नाममा दर्ता हुने व्यवसायको सङ्ख्या २०० प्रतिशतले वृद्धि भएको<br>▪ वडागत रूपमा कर सङ्कलनको संयन्त्र विकास भएको<br>▪ कर तथा बहाल विटौरी करमा भारी अङ्कले वृद्धि भएको<br>▪ करको दायरा वृद्धि भई कर असुलीमा व्यापक सुधार भएको | | |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| | **वि.सं. २०९० सालसम्म**<br>▪ सार्वजनिक निजी साझेदारी तथा निजी लगानीमा कम्तीमा १० वटा उद्योग, व्यवसाय र परियोजना सञ्चालनमा आएका<br>▪ जनगुनासो आधारवर्षको तुलनामा ९९ प्रतिशतले घटेको<br>▪ संस्थागत सेवा प्रवाहका हिसाबले गाउँपालिका पूर्ण जनमुखी, पारदर्शी र जवाफदेयी भई सुशासनको पूर्ण प्रत्याभूति भएको | | |

| कार्यक्रमहरू | अनुमानित लागत | कार्यक्रमको प्रकार |
|---|---|---|
| **(क) सुशासन तथा संस्थागत विकास** | | |
| ▪ सार्वजनिक प्रशासन प्रणालीलाई प्रविधि मैत्री बनाउन आवश्यक Software खरिद गर्ने | ३० | ST |
| ▪ नागरिक तथा सार्वजनिक सुनुवाइलाई व्यवस्थित र नियमित गर्न वार्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयनमा ल्याउने | १५ | ST |
| ▪ पाँच लाखभन्दा माथिका सबै विकास योजना सञ्चालन गर्दा सार्वजनिक रूपमा व्यानर राखी सामाजिक परीक्षण पश्चात् अनुमोदन गर्ने | | ST |
| ▪ आन्तरिक लेखा परीक्षण प्रतिवेदन नियमित रूपमा सार्वजनिक गर्ने | ५ | ST |
| ▪ गाउँपालिकाले सञ्चालन गरेका विकास निर्माण तथा प्रदान गरेका सेवा प्रवाहका बारेमा नियमितरूपमा सामाजिक परीक्षण र लैङ्गिक परीक्षण गर्ने | १५ | Regular |
| ▪ सार्वजनिक अभिलेख प्रणाली तथा घटना दर्तालाई डिजिटल प्रविधिमा लैजाने | २० | ST |
| ▪ न्यायिक इजलास स्थापना गरी न्यायिक समितिलाई नियमित तालिम र प्रशिक्षण दिने | ५ | ST |
| ▪ चौमासिक रूपमा नागरिक सन्तुष्टि सर्वेक्षण सञ्चालन गर्ने | १० | ST |
| ▪ गाउँपालिकाको पार्श्वचित्रलाई डिजिटल प्रविधि अपनाई अद्यावधिक गर्ने | २० | ST |
| ▪ सर्वोत्कृष्ट राष्ट्रसेवक कर्मचारी पुरस्कार कोष निर्माण गर्ने | १०० | ST |
| ▪ आन्तरिक नियन्त्रण प्रणाली निर्माण गर्ने | १५ | ST |
| ▪ आमसञ्चार माध्यमबाट गाउँपालिकाको वस्तुस्थिति र सेवा प्रवाह तथा विकास निर्माण बारे जनसाधारणलाई सुसूचित गर्न नियमित रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गर्ने | ४५ | ST |
| ▪ सार्वजनिक निजी साझेदारीलाई प्रबर्द्धन गर्न नियमित अन्तरक्रिया गर्ने | ५ | ST |
| ▪ निजीक्षेत्रलाई आर्थिक क्षेत्रमा लगानी गर्न लगानी सम्मेलन आयोजना गर्ने | २० | ST |

| कार्यक्रमहरू | अनुमानित लागत | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ गाउँपालिकाको सम्पूर्ण सार्वजनिक प्रशासन प्रणलीलाई पूर्ण प्रविधि मैत्री बनाउन कर्मचारीहरूलाई सूचना प्रविधिमा नियमित तालिम सञ्चालन गर्ने | २५ | MT |
| ▪ गाउँपालिकाको वेबसाईटलाई प्रभावकारी बनाई e-Governance कार्यान्वयनमा ल्याउन पूर्ण र नियमित अद्यावधिक गर्ने | २० | MT |
| ▪ सेवा प्रवाहलाई घरदैलोमा पुऱ्याउन सामाजिक सेवाग्राहीहरूलाई लक्षित गरी "घरदैलोमा स्थानीय सरकार" कार्यक्रम सञ्चालन गर्ने | ५० | MT |
| ▪ सम्पूर्ण वडा र गाउँपालिका केन्द्रलाई विद्युतीय सूचना प्रणालीमा जोड्ने | ६० | MT |
| ▪ क्षतिपूर्ति सहितको नागरिक वडापत्रलाई पूर्ण कार्यान्वयनमा ल्याउन जनगुनासो कक्षहरूको वडागत व्यवस्था गर्ने | १२० | MT |
| ▪ सम्पूर्ण वडा कार्यालय भवन निर्माण तथा मर्मत सम्भार सम्पन्न गरी आवश्यक पूर्वाधारयुक्त बनाउने | १,००० | MT |
| **(ख) राजश्व परिचालन र स्रोत अभिवृद्धि** | | |
| ▪ राजश्व सम्भाव्यता तथा प्रक्षेपण अध्ययन गर्ने | १० | ST |
| ▪ दातृ निकायलाई लगानीको लागि आकर्षण गर्न संघीय सरकारसँग समन्वय गरी अन्तरक्रिया आयोजना गर्ने | २० | ST |
| ▪ सम्पूर्ण व्यवसायहरूको विद्युतीय अभिलेख राखी अद्यावधिक गर्न सफ्टवयेर जडान गर्ने | ५ | ST |
| ▪ करदातालाई स्वचालित SMS बाट सूचना प्रदान गर्ने व्यवस्था मिलाउने । | ५ | ST |
| ▪ गाउँपालिकाको भोगाधिकारमा रहेको जग्गाको लगत तयार गर्ने | ५ | ST |
| ▪ वडागत रूपमा नियमित कर शिक्षा कार्यक्रम लागू गर्ने | १०० | LT |
| ▪ विकास बजेटका लागि प्रदेश सरकारसँग नियमित समन्वय गर्ने | १५ | LT |
| ▪ ठूला करदातालाई वार्षिक रूपमा सम्मान गर्ने | ३० | LT |
| ▪ "स्वावलम्बी नारी, समृद्ध घरबारी" कार्यक्रम सञ्चालन गर्ने | २०० | LT |
| ▪ गाउँपालिकाको भोगाधिकारमा रहेको घरजग्गामा अस्थायी संरचना निर्माण गरी हाटबजार सञ्चालन वा बहालमा दिने | २०० | LT |
| ▪ वडागत रूपमा कर सङ्कलन गर्ने संयन्त्र निर्माण गर्ने | २०० | LT |

# भाग ६ : कालिमाटी गाउँपालिकाले उच्च महत्व र प्राथमिकताका साथ केन्द्र भागमा राखेर गर्नुपर्ने योजना तथा कार्यक्रमहरू

युगौँ लामो राजनैतिक संक्रमणकाल खेपेको नेपालका ग्रामीण क्षेत्रहरू समग्र विकासका दृष्टिकोणले अत्यन्त पिछडिएको अवस्थामा रहेका छन् । नेपालमा स्वभाविक हिसाबले समयको प्रवाह सँगै केही शहरी केन्द्रहरूमा भएका सामान्यस्तरका विकास क्रियाकलापहरू जस्तैः सडक, विद्यालय, स्वास्थ्य केन्द्र, व्यापार, वाणिज्य आदि बाहेक आर्थिक र सामाजिक विकासलाई केन्द्रमा राखेर गरिने व्यवस्थित, दूरदर्शी, वैज्ञानिक र योजनाबद्ध विकासको सफल अभ्यास हुन सकेको पाइँदैन । अर्कोतर्फ विकासको यही गती समेत ग्रामीण क्षेत्रहरूमा तुलनात्मक रूपमा निकै कम र शून्य प्राय रहेको छ । यसर्थ कुनै पनि स्थानीय तहको विकास योजना निर्माण गर्दा आधारभूत तहबाट नै अत्यावश्यकीय भौतिक पूर्वाधार निर्माणतर्फ केन्द्रित हुनुपर्ने देखिन्छ । यो अवस्था कालिमाटी गाउँपालिकाको समेत रहेकोले विकास निर्माणका क्रियाकलापहरू मूलतः **नेपालको संविधान**ले व्यवस्था गरेका मौलिक अधिकार प्रत्याभूत गर्नेतर्फ केन्द्रित गर्नुपर्ने हुन्छ । मौलिक अधिकार प्रत्याभूत गरेपश्चात् आर्थिक तथा सामाजिक हिसाबले दीर्घकालीन समृद्धि हासिल गर्ने दिशातर्फ नीति तथा कार्यक्रमहरूलाई केन्द्रित गर्नु श्रेयस्कर हुन्छ । यद्यपी विकास सम्बन्धी कुनै पनि दीर्घकालिन योजना तर्जुमा गर्ने क्रममा स्थानीय वस्तुस्थितीको विश्लेषण गर्दा सम्भाव्यताका आधारमा सर्वोतम क्षेत्रहरूको पहिचान गरी कार्यक्रम केन्द्रित गर्दा आर्थिक तथा सामाजिक समृद्धि शीघ्र प्राप्त हुने र स्रोत तथा साधनको समेत उच्चतम सदुपयोग हुन गई दिगो विकास हासिल गर्न सकिन्छ । यस खण्डमा कालिमाटी गाउँपालिकाले विशेष महत्व र उच्च प्राथमिकताका साथ सञ्चालन गर्नुपर्ने कार्यक्रमहरूलाई विषयक्षेत्रगत हिसाबले क्रमैसँग उल्लेख गरिएको छ । कार्यक्रमहरूको प्राथमिकता क्रम निर्धारण गर्दा

- अत्यावश्यकीय मानवीय आवश्यकताहरू
- संविधानले प्रत्याभूत गरेका मौलिक हकहरू
- दिगो विकासका लक्ष्यहरू र
- दीर्घकालिन समृद्धिको सपनाहरूलाई मूल आधार बनाइएको छ ।

## क. खाद्य सम्प्रभूता

**नेपालको संविधान** बमोजिम **मौलिक हक** अन्तर्गत **धारा ३६ उपधारा २** मा प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ भनी उल्लेख गरिएको छ भने अर्कोतर्फ **दिगो विकास लक्ष्य २** ले भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषि प्रबर्द्धन गर्ने उल्लेख छ ।

**कार्यक्रम १ :** सर्वप्रथम सबै नागरिकहरूलाई जीवन जिउनका लागि आवश्यक खाद्यान्नको सहज आपूर्ती सुनिश्चित गर्न गाउँपालिकाले सम्पूर्ण खेतीयोग्य जमिनको पूर्ण सदुपयोग गरी आयात प्रतिस्थापन र निर्यातमुखी उत्पादन प्रबर्द्धन गर्ने ।

**कार्यक्रम २ :** सम्पूर्ण खेतीयोग्य जमिनको लगत तयार गरी पूर्णरूपमा वैज्ञानिक तथा आधुनिक कृषि प्रणालीको विकास तथा कार्यान्वयनमार्फत उत्पादकत्वमा उच्च वृद्धि कायम गरी खाद्य सुरक्षा र सम्प्रभूता कायम गर्ने कार्यक्रमलाई पहिलो प्राथमिकता दिने ।

## ख. स्वच्छ पिउने पानी

**नेपालको संविधान**को **धारा ३५** को **उपधारा ४** मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भनी स्पष्ट गरिएको छ । यसका साथै **दिगो विकास लक्ष्य ६** मा सबैको निम्ति पानी तथा सरसफाइको उपलब्धता तथा यसको दिगो व्यवस्थापन निश्चित गर्ने उल्लेख छ ।

**कार्यक्रम ३ :** उच्च प्राथमिक आवश्यकताका रूपमा रहेको स्वच्छ र सुरक्षित पिउने पानीको उपलब्धता र पहुँच सम्पूर्ण गाउँपालिकावासीहरूमा सुनिश्चित गर्न सम्भाव्य पिउने पानी आयोजना सञ्चालनलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।

**कार्यक्रम ४ :** पिउने पानीका प्रमुख स्रोतहरूको व्यवस्थापनमार्फत् विद्यमान जनसङ्ख्यालाई पानीको पर्याप्त परिमाण सुनिश्चित गरी शुद्धिकरण गर्ने प्रभावकारी प्रणाली अपनाई आपूर्ती गर्ने ।

**कार्यक्रम ५ :** पानीका सम्पूर्ण मुहानहरू संरक्षण कार्यक्रम अनिवार्य लागु गर्ने र जलस्रोतको दिगो व्यवस्थापन गर्न पोखरी निर्माण, वृक्षारोपण तथा जैविक इन्जिनियरिङ् विधिहरू अपनाई नदी, खोला, ताल, पोखरी तथा सम्पूर्ण जलाधार संरक्षणका कार्यक्रमहरू समानान्तररूपमा सञ्चालन गर्ने ।

## ग. आवास

**नेपालको संविधान**को **धारा ३७ को उपधारा १** मा **आवासको हक** अन्तर्गत प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ भनी उल्लेख गरिएको छ । साथै **दिगो विकास लक्ष्य ११** मा शहर एवम् मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, उत्पादनशील र दिगो बनाउने उल्लेख गरिएको छ । त्यसै गरी **परिमाणात्मक लक्ष्य ११.१** मा सन् २०३० सम्ममा सबैलाई पर्याप्त, सुरक्षित र व्यहोर्न सक्ने आवास तथा आधारभूत सेवाहरूमा पहुँच सुनिश्चित गर्ने र अव्यवस्थित बस्तीहरूको स्तरोन्नती गर्ने उल्लेख छ । यस गाउँपालिकामा आवासको अवस्था अत्यन्त कमजोर छ ।

**कार्यक्रम ६ :** खर, पराल र छ्वाली तथा काठको प्रयोग गरी निर्माण गरिएका घर तथा झुपडीहरू अत्यन्तै नाजुक अवस्थामा रहेकोले त्यस्ता अति विपन्न अवस्थामा रहेका घरधुरीहरूको लगत सङ्कलन गरी उनीहरूका लागि एकीकृतरूपमा सुरक्षित, सस्तो, वातानुकूलित आवास निर्माण गरी सुरक्षित छानोमुनि ल्याउन मापदण्डका आधारमा उचित अनुदान दिने ।

**कार्यक्रम ७ :** गाउँपालिकाको पहलमा वडागत रूपमा सुरक्षित स्थानहरू पहिचान गरी सुरक्षित एकीकृत आवास निर्माण कार्य अगाडी बढाउने ।

## घ. स्वास्थ्य

**नेपालको संविधान**को **धारा ३५** को **उपधारा १** मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा प्राप्त गर्ने हक हुनेछ र सबैलाई आकस्मिक स्वास्थ्य सेवामा पहुँचको हक हुनेछ भन्ने उल्लेख छ । अर्कोतर्फ **दिगो विकास लक्ष्य ३** मा सबै उमेर समूहका व्यक्तिहरूका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्ने र राम्रो जीवनस्तर प्रबर्द्धन गर्ने उल्लेख छ । स्वस्थ मानवशक्ति विकास सुख र समृद्धिको अपरिहार्य आवश्यकता हो ।

**कार्यक्रम ८ :** जनस्वास्थ्य सेवाको पहुँचका हिसाबले कमजोर अवस्थामा रहेको यस गाउँपालिकामा आधारभूत पूर्वाधार र सेवाहरू सहितको कम्तिमा एउटा सम्पूर्ण आधारभूत सुविधा सम्पन्न अस्पताल निर्माण गर्नु अत्यन्त टड्कारो आवश्यकता रहेकोले सोका लागि बजेट व्यवस्थापन गरी तत्काल निर्माण कार्य थालनी गर्ने ।

**कार्यक्रम ९ :** स्वास्थका हिसाबले गाउँपालिकावासीहरूको सोच तथा व्यवहारमा व्यापक सुधार गर्नुपर्ने अवस्था रहेकोले जनस्तरमा स्वास्थ्य सम्बन्धी जनचेतना फैलाउन पुस्तिका, पर्चा, पम्प्लेट तथा विभिन्न सञ्चार माध्यममार्फत चेतनामूलक कार्यक्रमहरू सघन रूपमा सञ्चालन गर्ने ।

## ङ. शिक्षा

**नेपालको संविधान**को **धारा ३१** अन्तर्गत **शिक्षा सम्बन्धी हक**को **उपधारा १** मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ भन्ने उल्लेख छ भने **उपधारा २** मा आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क साथै माध्यमिक स्तरसम्मको शिक्षा निःशुल्क हुने उल्लेख छ । अर्कोतर्फ **दिगो विकास लक्ष्य ४** मा समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि आजीवन सिकाइका अवसर प्रबर्द्धन गर्ने उल्लेख छ । शिक्षित, सभ्य र सुसंस्कृत समाज विकासको अर्को अपरिहार्य आयाम हो । यस गाउँपालिकामा उच्च विकासको आजको युगमा समेत साक्षरता प्रतिशत् ७४.९० प्रतिशत (पुरुषको साक्षरता ६५.०१ प्रतिशत र महिलाको साक्षरता **५५.६४** प्रतिशत) रहेको छ । साक्षरताले मात्र पनि दिगो तथा समग्र विकास सम्भव हुँदैन । त्यसका लागि समय सापेक्ष, गुणस्तरीय, जीवनोपयोगी र उच्च प्राविधिक शिक्षाको प्रबर्द्धन गर्न सकेमात्र गाउँपालिकाले विकासको मुहार फेर्न सक्छ । गुणस्तरीय शिक्षामा सम्पूर्ण बालबालिका तथा युवालाई सुलभ पहुँच पुऱ्याउन सकेमात्र गाउँपालिकावासीलाई शिक्षित बनाउन सकिन्छ ।

**कार्यक्रम १० :** सम्पूर्ण विद्यालयहरूमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्न प्रभावकारी शैक्षिक क्यालेण्डर र अनुगमन प्रणाली निर्माण गरी लागु गर्ने ।

**कार्यक्रम ११ :** सबै सामुदायिक विद्यालयहरूमा सुरक्षित भवन तथा शैक्षिक पूर्वाधारको निर्माण गर्ने ।

**कार्यक्रम १२ :** सबै सामुदायिक विद्यालयहरूमा विद्यार्थीका अनुपातमा विषय शिक्षक, पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याबको प्रबन्ध गर्ने ।

**कार्यक्रम १३ :** गाउँपालिकाका दुर्गम क्षेत्रका विद्यार्थीहरूलाई मध्यनजर गरी आवश्यकताका आधारमा आवासीय विद्यालय सञ्चालन गर्ने ।

**कार्यक्रम १४ :** समय सापेक्ष, गुणस्तरीय, व्यावसायिक, जीवनोपयोगी र उच्च प्राविधिक शिक्षाको प्रबर्द्धन गर्नका लागि प्राविधिक विद्यालय स्थापना गर्ने ।

## च. रोजगार

**नेपालको संविधान**को **धारा २३** को **उपधारा १** मा प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ भनी स्पष्ट गरिएको छ । अर्कोतर्फ **दिगो विकास लक्ष्य १** मा सबै क्षेत्रमा रहेको सबै स्वरूपको गरिबीको अन्त्य गर्ने र **लक्ष्य ८** मा सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रबर्द्धन गर्ने उल्लेख छ । श्रमशक्तिको उच्चतम प्रयोग गरेर मात्र विकासको लक्ष्यहरू हासिल गर्न सम्भव छ । रोजगारीले गरिबीको प्रत्यक्ष रूपमा उन्मूलन गर्न सघाउने र यसैसँग समृद्धि र सुख गाँसिएकोले विकासका क्रियाकलापहरू उत्पादकत्व वृद्धि र रोजगारी सिर्जना गर्नेतर्फ केन्द्रित गर्नु जरुरी छ ।

**कार्यक्रम १५ :** नेपाल सरकारको राष्ट्रिय नीति अनुरूप यस गाउँपालिकामा रहेका वेरोजगार जनशक्तिको लगत तयार गर्ने ।

**कार्यक्रम १६ :** सामूहिक तथा व्यावसायिक कृषिमा युवाहरूलाई आकर्षित गरी गाउँपालिकाको पहलमा खेर गइरहेको जमिन भाडामा प्रदान गर्ने । साथै कृषि प्रविधी, औजार, मल, विउ विजन तथा बजार व्यवस्थापन सम्बन्धी तालिम तथा मापदण्डका आधारमा अनुदान प्रदान गर्ने ।

**कार्यक्रम १७ :** स्थानीय स्रोत साधन तथा कृषिमा आधारित उद्योगहरू स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरी रोजगारी सिर्जना गर्ने ।

**कार्यक्रम १८** : आवश्यकता अनुसार अदक्ष र अर्धदक्ष जनशक्ति केन्द्रित विशेष तालिमहरू जस्तैः कृषिसम्बन्धी, साना उद्योगसम्बन्धी, प्राविधिक सीप जस्तैः इलेक्ट्रिक, प्लम्बीङ, सर्वे आदि सञ्चालन गर्नुपर्ने आवश्यकता रहेकोले सोको व्यवस्था गरी यस प्रकारका तालिमहरू नियमित रूपमा सञ्चालन गर्ने ।

**कार्यक्रम १९** : स्थानीय विकास निर्माणका कार्यक्रमहरूमा स्थानीय श्रमशक्तिको सदुपयोग गर्ने ।

**कार्यक्रम २०** : ठूला स्तरका उद्योगहरूको तत्काल सम्भाव्यता अध्ययन गरी सञ्चालन गर्न सङ्घीय तथा प्रदेश सरकारको सहयोगमा ठूला लगानीकर्ताहरूलाई आकर्षित गर्ने ।

**कार्यक्रम २१** : सरकारी तथा निजी सेवा क्षेत्र जस्तै : लोक सेवा आयोग, शिक्षक सेवा आयोग, बैङ्किङ, नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी, संस्थान, प्राधिकरण, निगम आदिमा जान चाहने युवाहरूलाई समेत विशेष छात्रवृत्ति सहित तालिम तथा अभिमुखिकरण कार्यक्रमहरू सञ्चालन गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने । यस प्रकारका कार्यक्रमहरूमा महिला, दलित, अपाङ्ग, विपन्न तथा पिछडिएका युवाहरूलाई प्राथमिकता दिने ।

**कार्यक्रम २२ :** गाउँपालिकाबाट वैदेशिक अध्ययन तथा रोजगारीमा गएका युवाहरूलाई स्वदेशमै र विशेष गरी गाउँपालिकामै नयाँ रोजगारी सिर्जना गरी उनीहरूले विदेशमा सिकेको सीपलाई सदुपयोग गर्ने विशेष युवालक्षित कार्यक्रमहरू सञ्चालन गर्ने । यसका लागि वैज्ञानिक रूपमा कृषि क्षेत्रमा नै उच्च प्रतिफलमुखी बालीनाली, तरकारी, फलफूल, जडीबुटी तथा पशुपंक्षीपालनलाई नै पहिलो प्राथमिकतामा राख्ने ।

## छ. सामाजिक सुरक्षा

**नेपालको संविधान**को **धारा ४३** मा **सामाजिक सुरक्षाको हक** स्थापित गरिएको छ । उक्त धाराका अनुसार आर्थिक रूपले विपन्न, अशक्त, असहाय, एकल महिला, अपाङ्गता भएका व्यक्ति तथा बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख आदिवासी जनजाति र सीमान्तकृत नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनी स्पष्ट गरिएको छ । लोक कल्याणकारी राज्यमा अशक्त, ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गहरूको सुरक्षा अनिवार्य हुन्छ । मानिसहरूले आफू वृद्ध र असक्त हुँदा राज्यबाट पूर्ण सुरक्षा प्राप्त गर्ने प्रत्याभूति गर्न सक्दा सक्रिय जीवनमा ढुक्क भई वृत्ति विकास तथा अध्ययन अनुसन्धान, उत्पादनमुखी वा अन्य विकासका क्रियाकलापमा संलग्न भई राष्ट्रलाई सहयोग पुऱ्याउन सक्छन् ।

**कार्यक्रम २३ :** ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्ग, दलित, लोपोन्मुख तथा पिछडिएको समुदायलाई सामाजिक सुरक्षा कार्यक्रममा पूर्णरूपमा समेट्ने कार्यक्रमहरू सञ्चालन गर्ने ।

**कार्यक्रम २४ :** सामाजिक सुरक्षा भत्तालाई सहजरूपले वितरणको व्यवस्था गर्ने ।

**कार्यक्रम २५** : योगदानमा आधारित सामाजिक सुरक्षा लगायत बिमा योजना मार्फत समेत् सबै गाउँपालिकावासीलाई सामाजिक सुरक्षा कार्यक्रममातहत ल्याउने ।

**कार्यक्रम २६ :** सबै गाउँपालिकावासीको अनिवार्य स्वास्थ्य बिमा लागु गर्ने । विपन्न नागरिकको स्वास्थ्य बिमामा गाउँपालिकाले पूर्ण अनुदान प्रदान गर्ने ।

## ज. लैङ्गिक समानता, समावेशीकरण तथा मूलप्रवाहीकरण

**नेपालको संविधान**को **धारा १८** को **उपधारा १** मा सबै नागरिकहरू कानुनको दृष्टिमा समान हुनेछन साथै **उपधारा ३** मा राज्यले नागरिकहरूका बीच उत्पति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भनी उल्लेख गरेको छ । यसैगरी **दिगो विकास लक्ष्य ५** मा लैङ्गिक समानतालाई उच्च प्राथमिकता दिई लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला तथा किशोरीहरूलाई सशक्त बनाउने उल्लेख छ ।

कालिमाटी गाउँपालिकामा कानुनतः भाषा, धर्म, लिङ्ग, वर्ण, क्षेत्र, यौनिकता, शारीरिक अवस्था आदिका आधारमा सबै प्रकारको समानता भएतापनि व्यवहारिकरूपमा भने शैक्षिक जागरण तथा आधुनिक वैज्ञानिक विकासको वर्तमान युगमा समेत माथि उल्लेखित विभेदका विभिन्न रूपहरू विद्यमान छन् । यी विभेदहरू सामाजिक तथा आर्थिक विकासका प्रमुख बाधकको रूपमा रहेकोले यिनीहरूको शीघ्र अन्त्य गर्नु अत्यावश्यक रहेको छ । समग्र विकास हासिल गर्नका लागि महिला तथा सामाजिक सशक्तिकरण र समानता कायम हुन नसक्दा विकास लक्ष्य हासिल गर्नु असम्भव प्रायः हुन जान्छ ।

**कार्यक्रम २७** : गाउँपालिकाले महिला, दलित, विपन्न तथा अन्य सीमान्तकृत समुदायको सशक्तिकरणका लागि प्रत्यक्ष अभियानको रूपमा विभिन्न सञ्चारका माध्यमद्वारा नियमित जनजागरणका कार्यक्रमहरू सञ्चालन गर्ने ।

**कार्यक्रम २८ :** गाउँपालिकाले महिला, दलित, विपन्न तथा अन्य सीमान्तकृत समुदायको सशक्तिकरणका लागि अभियानको रूपमा आयआर्जन अन्तर्गत सीपमूलक व्यवसाय, स्थानीय उद्योगहरू, कृषि, पर्यटन, सेवा क्षेत्र, व्यापार आदिमा ती समुदायहरूलाई प्राथमिकताका साथ रोजगारका कार्यक्रमहरू सञ्चालन गर्ने ।

**कार्यक्रम २९ :** महिला शिक्षा र समग्र शिक्षा प्रणालीमा व्यापक सुधार गरी लैङ्गिक, जातीय तथा सबै प्रकारका विभेदहरूको अन्त्य गरी शैक्षिक, आर्थिक, राजनैतिक तथा सामाजिक समानता कायम गर्ने ।

**कार्यक्रम ३० :** महिला, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र, विपन्न तथा अन्य सीमान्तकृत समुदायलाई राजनैतिक तथा सरकारी सेवामा प्राथमिकता दिई उनीहरूको मूल प्रवाहीकरण गर्ने ।

**कार्यक्रम ३१ :** महिला उद्यमीहरू उत्पादन गर्ने लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने ।:

**कार्यक्रम ३२ :** गाउँपालिकामा विभिन्न प्रकारका हिंसामा परेका महिलाहरूलाई लक्षित गरी उनीहरूको सामाजिक पुनर्स्थापना गर्नका लागि महिला सुरक्षा गृहको निर्माण गर्ने ।

## झ. बालबालिका

दीर्घकालीन विकासका योजना तय गर्दा भविष्यमा राष्ट्रलाई आवश्यक पर्ने नागरिकहरूको समेत सोच हुनु आवश्यक छ । असल, सुसंस्कृत, सभ्य र दक्ष नागरिक उत्पादन गर्न लामो समय र ठूलो लगानीको आवश्यकता पर्दछ । समयमै दीर्घकालीन समृद्धि हासिल गर्न लगानी गर्नुपर्दा बालबालिकाहरूमा नै लगानी

गर्नुपर्दछ । यस गाउँपालिकाले अबको १५ वर्षपछि कस्ता नागरिक उत्पादन गर्ने भन्ने सोच आज नै तय गरी सोका लागि बालबालिकाको उचित शिक्षा र स्वास्थ्यमा व्यापक लगानी गर्नु अत्यावश्यक छ ।

**कार्यक्रम ३३ :** गाउँपालिकाले बालपोषण, बालविकास, बालअधिकार, गुणस्तरीय विद्यालय शिक्षा, खेलकूद तथा मनोरञ्जनको सुनिश्चितता गर्न बाल विकास केन्द्रहरूलाई बालबालिकाहरूको एकीकृत विकास केन्द्रका रूपमा विकास गर्न ठोस कार्यक्रम निर्माण गर्ने ।

**कार्यक्रम ३४ :** समग्र गाउँपालिका तथा गाउँपालिकास्थित सबै विद्यालयहरूलाई बालमैत्री गाउँपालिकाको रूपमा विकास गर्न वडास्तरमा बाल उद्यान, बाल क्लब, बाल पुस्तकालय, बाल स्वास्थ्य स्याहार केन्द्र आदिको प्रबन्ध गर्ने ।

**कार्यक्रम ३५ :** अपाङ्ग बालबालिकाहरूको विकास तथा सुरक्षाका लागि हरेक स्थलहरूमा विशेष व्यवस्था गर्ने

**कार्यक्रम ३६ :** गाउँपालिकामा एउटा बालगृह तथा बाल पुनर्स्थापना केन्द्रको स्थापना गर्ने ।

## ६.१ तत्काल कार्यान्वयन गर्नुपर्ने कार्यक्रमहरूको तीन वर्षे कार्ययोजना (Action Plan)

| क्र. सं. | कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (रू. लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेटको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | | | | |
| स्तम्भ १ | खाद्यान्न आपुर्ति (खाद्य सम्प्रभुता) | | | | | | | |
| | ▪ गाउँपालिकामामा उपलब्ध विद्यमान जनसङ्ख्याको आधारमा वार्षिकरूपमा आवश्यक पर्ने खाद्यान्न सन्तुलित आहारको हिसाबले वर्गीकरण गरी तथ्याङ्क निकाल्ने | √ | | | ७ | गाउँपालिका | स्वास्थ्य शाखा | आन्तरिक राजश्व |
| | ▪ वार्षिक उत्पादन तथा माग र आपुर्तिको तथ्याङ्क हरेक वर्ष अद्यावधिक हुने स्वचालित संयन्त्रको विकास गर्ने | | √ | | १० | गाउँपालिका | गाउँपालिकाको कृषि शाखा | आन्तरिक राजश्व, संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान |
| | ▪ अत्यावश्यक खाद्यान्न अभावको समस्या समाधानका लागि गाउँपालिकामा खाद्यान्न आपूर्तिको व्यवस्था गर्न गाउँपालिकामा खाद्यान्न आपूर्ति गर्ने स्थानीय व्यापारीहरू सम्मिलित उद्योग तथा वाणिज्य संघ तथा अन्य सम्बन्धित निकायसँग वार्षिक समीक्षा बैठक तथा अर्धवार्षिक बैठकहरू नियमित आयोजना गरी खाद्यान्न माग र आपूर्तिको सन्तुलनको बारेमा आँकलन गर्ने | √ | √ | √ | ५ | गाउँपालिका | निजी क्षेत्र | आन्तरिक राजश्व, संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान |
| | ▪ निजी क्षेत्रको संलग्नताबाट समेत खाद्यान्न आपूर्ति पूर्ण हुन नसके गाउँपालिका स्वयमले खाद्यान्न आपूर्ति तथा वितरण प्रणालीको प्रबन्ध गर्ने | | √ | | १०० | गाउँपालिका | निजी क्षेत्र | बाह्य अनुदान |
| | ▪ अति विपन्न परिवारहरूको निश्चित मापदण्डका आधारमा पहिचान गरी परिचयपत्र वितरण गर्ने | | √ | | २० | गाउँपालिका | वडा कार्यालय | आन्तरिक राजश्व |
| | ▪ गाउँपालिकाभर रहेका असहाय, मगन्ते, फकिर र घरवार विहिनहरुको पहिचान गरी उनीहरुलाई निशुल्क खाद्यान्न आपूर्ति गर्ने विशेष प्रबन्ध गाउँपालिकाले गर्ने | √ | √ | √ | १५ | गाउँपालिका | वडा कार्यालय | आन्तरिक राजश्व |
| | ▪ गाउँपालिकाभर रहेको सम्पूर्ण खेतीयोग्य जमिन आगामी ३ वर्षमा पूर्णहरूमा खेती भएको सुनिश्चित गर्न खेतीयोग्य जमिनको बाँझो राख्ने घरधुरीलाई सम्पत्ती तथा भूमी करमा प्रत्येक वर्ष बढ्दो जरिवाना गर्ने | √ | √ | √ | | गाउँपालिका | वडा कार्यालय | आन्तरिक राजश्व |
| | ▪ खेती गर्न नसक्ने घरधुरीको पहिचान गरी त्यस्तो प्रकारको जमिनको लगत तयार गरी गाउँपालिकाको विशेष संयन्त्रद्वारा उद्यमशील किसानलाई लिजमा प्रदान गर्ने | √ | | | १० | गाउँपालिका | कृषि शाखा | आन्तरिक राजश्व |

| क्र. सं. | कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (रू. लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेटको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | | | | |
| **स्तम्भ २** | **स्वच्छ पिउने पानी** | | | | | | | |
| | ▪ प्रत्येक वडाबाट पिउनेपानीको सहज पहुँच (पन्ध्र मिनेटको पहुँचमा खानेपानी उपलब्ध नभएको घरधुरीहरूको एकिन तथ्याङ्क तयार गर्ने | √ | | | ५ | गाउँपालिका | खानेपानी समिति | आन्तरिक राजश्व |
| | ▪ पिउने पानी पहुँच नभएका घरधुरीहरूमा आपुर्ति प्रणालीको निर्माण गर्न विद्यमान खानेपानी आयोजनाको स्तरोन्नति वा विस्तारबाट सम्भव भए नभएको स्पष्ट गर्न १ वर्ष भित्र अध्ययन तथा नक्शाङ्कन गर्ने | √ | | | १० | गाउँपालिका | परामर्शदाता | आन्तरिक राजश्व |
| | ▪ नयाँ खानेपानी आयोजना सञ्चालन गर्नुपर्ने आवश्यकता भए आगामी १ वर्षमा पूर्णहरूमा सम्भाव्यता अध्ययन गर्ने | √ | | | १० | गाउँपालिका | परामर्शदाता | आन्तरिक राजश्व |
| | ▪ आगामी २ वर्षमा सम्पुर्ण घरधुरीमा पानीको सहज आपूर्ति हुनसक्ने गरी आवश्यक खानेपानी आयोजनाहरूको वडागतहरूमा डि.पि.आर सम्पन्न गर्ने | | √ | | ५० | गाउँपालिका | परामर्शदाता | आन्तरिक राजश्व |
| | ▪ आगामी ३ वर्षमा सम्पुर्ण घरधुरीमा **"एक घर एक धारा"** सपना साकार पार्न आवश्यक खानेपानी आयोजनाहरूको निर्माण ठेक्का सुम्पने कार्य सम्पन्न गर्ने | | | √ | | गाउँपालिका | परामर्शदाता | आन्तरिक राजश्व |
| | ▪ प्रत्येक वडामा रहेका खानेपानी मुहानहरूको Profile तयार तथा नक्साङ्कन गर्ने | √ | | | ७ | गाउँपालिका | परामर्शदाता | आन्तरिक राजश्व |
| | ▪ आगामी २ वर्षमा सम्पूर्ण खानेपानी मुहानहरूको एकीकृत संरक्षण कार्यक्रमको थालनी गर्ने | | √ | | २० | | | |
| | ▪ प्रत्येक घरपरिवारमा स्वच्छ पिउनेपानी पिउन अभिप्रेरित गर्न पानी शुद्धिकरणका उपाय सहित वडागतहरूमा सञ्चार माध्यमहरूको सहयोगमा सघनरूपमा व्यापक प्रचारात्मक कार्यक्रम सञ्चालन गर्ने | √ | √ | √ | ५ | गाउँपालिका | वडा कार्यालय, स्वास्थ्य समिति तथा शाखा, विद्यालयहरू | आन्तरिक राजश्व |
| | ▪ मुहान तथा जलाधार संरक्षणका लागि प्रत्येक घरपरिवारको सहभागिता सुनिश्चित गर्न **"हामी जोगाउँछौ हाम्रा मुहान"** कार्यक्रमलाई अभियानको रुपमा वडास्तरमा जागरण कार्यक्रम संचालन गर्ने | √ | √ | √ | ६ | गाउँपालिका | वडा कार्यालय, स्वास्थ्य समिति तथा शाखा, विद्यालयहरू | आन्तरिक राजश्व |

| क्र. सं. | कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (रू. लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेटको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | | | | |
| **स्तम्भ ३** | **आवास** | | | | | | | |
| | ▪ आगामी १ वर्षमा पूर्णहरूमा घरवार विहिन तथा सुकुम्बासी र असहायहरूको वडागतरूपमा पूर्ण तथ्याङ्क तयार पार्ने | √ | | | ५ | गाउँपालिका | परामर्शदाता | आन्तरिक राजश्व |
| | ▪ आगामी ३ वर्षमा सम्पूर्ण घरबार विहिनहरूलाई सुरक्षित आवासमा समेट्ने **"जनता आवास"** कार्यक्रमलाई तीव्रता दिई सम्पन्न गर्ने | | | √ | १०० | गाउँपालिका | संघीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र | संघीय तथा प्रदेश सरकारको अनुदान, निजी लगानी, बैङ्क ऋण |
| | ▪ अति विपन्न अवस्थाका खरको छाना भएका घरधुरीहरूको लगत तयार गर्ने | √ | | | १०० | गाउँपालिका | परामर्शदाता | आन्तरिक राजश्व |
| | ▪ अगामी ३ वर्षमा खरको छानालाई पूर्णरूपमा टिनको छानाले प्रतिस्थापन गर्न निश्चित मापदण्डका आधारमा अनुदान प्रदान गर्ने | | | √ | ५ | गाउँपालिका | संघीय सरकार, प्रदेश सरकार र विकास साझेदार | आन्तरिक राजश्व, संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान |
| | ▪ अगामी ३ वर्षमा गाउँपालिकाभर पहिरो, भूकम्प तथा अन्य प्राकृतिक प्रकोपका हिसाबले असुरक्षित र उच्च जोखिममा रहेका घरधुरीहरूको पहिचान गरी पूर्ण लगत तयार पार्ने । | | | √ | ७ | गाउँपालिका | संघीय सरकार, प्रदेश सरकार र विकास साझेदार | संघीय तथा प्रदेश सरकारको अनुदान, निजी लगानी, बैङ्क ऋण |
| | ▪ अति उच्च जोखिममा रहेका घरधुरीहरुलाई विशेष योजना निर्माण गरी अस्थाई भएपनि सुरक्षित स्थानमा स्थानान्तरण गर्ने | | | √ | १०० | गाउँपालिका | संघीय सरकार, प्रदेश सरकार र विकास साझेदार | संघीय तथा प्रदेश सरकारको अनुदान, निजी लगानी, बैङ्क ऋण |
| | ▪ यस्ता परिवारहरूलाई स्थायीरूपमा पूर्ण सुरक्षित आवासको प्रत्याभूत गर्न दीर्घकालीन हिसाबले एकीकृत वस्तीको डि.पी.आर. सम्पन्न गर्ने | | √ | | ५० | गाउँपालिका | परामर्शदाता | आन्तरिक राजश्व तथा संघीय र प्रादेशिक अनुदान |
| | ▪ भूकम्पीय हिसाबले जोखिमपुर्ण संरचनाहरूको तथ्याङ्क तयार पारी कम खर्चिलो सुरक्षित विधिबाट सबलीकरण गर्ने अभियान सञ्चालन गर्न निश्चित मापदण्डका आधारमा अनुदानको व्यवस्था गर्ने | | √ | | १०० | गाउँपालिका | परामर्शदाता | आन्तरिक राजश्व तथा संघीय र प्रादेशिक अनुदान |
| | ▪ स्थानीय सुरक्षित विधिहरूका बारेमा नियमित डकर्मी तालिम गाउँपालिकास्तरमा सञ्चालन गर्ने | | √ | | १० | गाउँपालिका | परामर्शदाता | आन्तरिक राजश्व |

| क्र. सं. | कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (रू. लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेटको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | | | | |
| **स्तम्भ ४** | **स्वास्थ्य** | | | | | | | |
| | ▪ हरेक गाउँपालिकावासीहरुको नियमित आधारभूत स्वास्थ्य परीक्षण अनिवार्यरूपमा गर्न आधारभूत स्वास्थ्य परीक्षण प्याकेज निर्माण गरी हरेक वर्ष दशै र तिहारको बीचमा वडागत घुम्ती स्वास्थ्य परीक्षण शिविर सञ्चालन गर्ने | √ | √ | √ | ३० | गाउँपालिका | वडा कार्यालय स्वास्थ्य समिति, नेपाल रेडक्रस सोसाइटी | आन्तरिक राजश्व |
| | ▪ हरेक वर्ष प्रत्येक विद्यालयमा बालबालिकाको आधारभूत स्वास्थ्य परीक्षण गर्न नियमित स्वास्थ्य शिविर सञ्चालन गर्ने र आधारभूत स्वास्थ्य परीक्षण अन्तर्गत आँखा, दाँत, मुटु, मृगोला, पोषण तथा रगत परीक्षण समावेश गर्ने | √ | √ | √ | ३० | गाउँपालिका | वडा कार्यालय स्वास्थ्य समिति, नेपाल रेडक्रस सोसाइटी | आन्तरिक राजश्व |
| | ▪ गाउँपालिका केन्द्रमा आगामी तीन वर्षमा आधारभूत स्वास्थ्य परीक्षण, बाल रोग, आकस्मिक उपचार सेवा, प्याथोलोजी सेवा, रेडियोलोजी सेवा, परिवार नियोजन तथा प्रजनन् स्वास्थ्य सेवाको प्रबन्ध गर्ने | | | √ | १०० | गाउँपालिका | वडा कार्यालय स्वास्थ्य समिति, नेपाल परिवार नियोजन संघ | आन्तरिक राजश्व |
| | ▪ हरेक गर्भवती महिलाहरुलाई महिला स्वास्थ्य स्वयंसेविकाको सहयोगमा वडागत पूर्ण अभिलेख प्रणाली विकास गरी निशुल्क आइरन चक्की तथा Folic Acid चक्की वितरण गर्ने प्रबन्ध गर्ने | √ | √ | √ | २५ | गाउँपालिका | वडा कार्यालय स्वास्थ्य समिति, स्वास्थ्य शाखा | आन्तरिक राजश्व |
| | ▪ हरेक गर्भवती महिलाले स्वास्थ्य केन्द्रमा वा बर्थिङ सेन्टरमा नै बच्चा जन्माउने विषयलाई सुनिश्चित गर्न महिला स्वास्थ्य स्वयं सेविकाको सहयोगमा संयन्त्र निर्माण गर्ने | √ | √ | √ | ५ | गाउँपालिका | वडा कार्यालय स्वास्थ्य समिति, स्वास्थ्य शाखा | आन्तरिक राजश्व |
| | ▪ अति विपन्न परिवारका गर्भवती महिलाहरूलाई निःशुल्क पोषण किटको वितरण गर्ने | √ | √ | √ | २० | गाउँपालिका | वडा कार्यालय स्वास्थ्य समिति, स्वास्थ्य शाखा | आन्तरिक राजश्व |
| | ▪ गाउँपालिका केन्द्र स्थित प्राथमिक स्वास्थ्य केन्द्रलाई प्रभावकारी रिफरल सेवाका लागि सक्षम तुल्याउने | | | √ | | गाउँपालिका | वडा कार्यालय स्वास्थ्य समिति, स्वास्थ्य शाखा | आन्तरिक राजश्व |
| | ▪ हरेक वडामा आकस्मिक सेवाका लागि आवश्यक एम्बुलेन्स खरिद गर्ने | | | √ | २०० | गाउँपालिका | वडा कार्यालय | आन्तरिक राजश्व तथा संघीय र प्रादेशिक अनुदान, बाह्य अनुदान |

| क्र. सं. | कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (रू. लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेटको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | | | | |
| | ▪ योगा, ध्यान, प्राकृतिक चिकित्सा, वैकल्पिक उपचार तथा आयुर्वेदिक उपचार पद्धतिका बारेमा जनतालाई सुसूचित गर्न स्थानीय सञ्चार माध्यमहरूबाट प्रचारात्मक कार्यक्रम सञ्चालन गर्ने | √ | √ | √ | १० | गाउँपालिका | वडा कार्यालय स्वास्थ्य समिति, स्वास्थ्य शाखा, विद्यालयहरू | आन्तरिक राजश्व |
| | ▪ हरेक वडामा एक योग केन्द्रको निर्माण गर्ने | | | √ | २० | गाउँपालिका | वडा कार्यालय | निजी क्षेत्र |
| | ▪ हरेक विद्यालय तथा सामुदायिक स्तरमा प्रत्येक वडामा सन्तुलित आहार र त्यसका विधि र फाइदाबारे प्रचारात्मक कार्यक्रम सञ्चालन गर्ने | √ | √ | √ | १० | गाउँपालिका | वडा कार्यालय स्वास्थ्य समिति, स्वास्थ्य शाखा, विद्यालयहरू | आन्तरिक राजश्व |
| | ▪ धुम्रपान र मद्यपानका हानीहरूको विषयमा सघनरूपमा प्रचारात्मक कार्यक्रम सञ्चालन गर्न स्थानीय सञ्चार माध्यमहरूसँग प्याकेज निर्माण गरी वर्षभरी कार्यान्वयन गर्ने | √ | √ | √ | १० | गाउँपालिका | सञ्चार माध्यम | आन्तरिक राजश्व |
| | ▪ हरेक घरपरिवारको स्वास्थ्य बिमा अनिवार्य गर्ने साथै अति विपन्न परिवारको स्वास्थ्य बिमा गाउँपालिकाले गरिदिने | | | √ | ३० | गाउँपालिका | वडा कार्यालय स्वास्थ्य समिति, स्वास्थ्य शाखा | आन्तरिक राजश्व |
| **स्तम्भ ५** | **शिक्षा** | | | | | | | |
| | ▪ आगामी ३ वर्षमा विद्यार्थी भर्नादर  शत प्रतिशत पुऱ्याउन धुम्ती भर्ना अभियानलाई तीव्रता दिने | | | √ | १० | गाउँपालिका | वडा कार्यालय शिक्षा समिति, शिक्षा शाखा, विद्यालयहरू | आन्तरिक राजश्व |
| | ▪ आगामी ३ वर्षमा विद्यालय छाड्ने दरलाई १० प्रतिशतमा सिमित गर्न हरेक वर्ष अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरी विद्यालय नपठाउने अभिभावकलाई गाउँपालिकाबाट प्रदान गरिने निश्चित सेवाहरूबाट वञ्चित गर्ने प्रबन्ध गरी व्यापक प्रचार प्रसार गर्ने । | | | √ | १० | गाउँपालिका | | |
| | ▪ विद्यालयमा समयमै पाठ्यपुस्तक पुऱ्याउन शैक्षिक सत्र शुरु हुनुभन्दा ६ महिना अगाडी देखि परिचालन हुने संयन्त्र निर्माण गर्ने | √ | √ | √ | ५ | गाउँपालिका | वडा कार्यालय शिक्षा समिति, शिक्षा शाखा, विद्यालयहरू | आन्तरिक राजश्व |

| क्र. सं. | कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (रू. लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेटको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | | | | |
| | ▪ नियमित कक्षा सञ्चालन भएको सुनिश्चित गर्न गाउँपालिकाका वडा अध्यक्षको संयोजकत्वमा एक प्रभावकारी अनुगमन समितिको निर्माण गरी हरेक महिनाको अन्तिम दिन समिक्षा बैठक गर्ने | √ | √ | √ | १२ | गाउँपालिका | वडा कार्यालय शिक्षा समिति, शिक्षा शाखा | आन्तरिक राजश्व |
| | ▪ अत्यावश्यक भौतिक पूर्वाधार जस्तैः भवन, कक्षाकोठा, पिउनेपानी, शौचालय आदि नभएका विद्यालयहरूको पूर्ण विवरण तयार गरी प्राथमिकताका आधारमा आगामी ३ वर्षमा निमार्ण तथा व्यवस्था गर्ने । | | | √ | २०० | गाउँपालिका | वडा कार्यालय शिक्षा समिति, शिक्षा शाखा, विद्यालयहरू | आन्तरिक राजश्व तथा संघीय र प्रादेशिक अनुदान, बाहय अनुदान, चन्दा |
| | ▪ प्रत्येक विद्यालयमा शिक्षक दरवन्दीको अध्ययन गरी नपुग भएका विद्यालयमा तत्काल पुरा गर्न पहल गर्ने र दरवन्दी कायम नहुँदासम्म स्थानीय श्रोतमा शिक्षकको प्रबन्ध गर्ने | √ | √ | √ | | गाउँपालिका | वडा कार्यालय शिक्षा समिति, शिक्षा शाखा, विद्यालयहरू | आन्तरिक राजश्व तथा संघीय र प्रादेशिक अनुदान, बाहय अनुदान, चन्दा |
| | ▪ नयाँ प्रविधि र बालमैत्री शिक्षण पद्धतीका विषयमा वर्षमा दुइपटक प्रत्येक शिक्षकलाई तालिम प्रदान गर्ने | √ | √ | √ | २० | गाउँपालिका | वडा कार्यालय शिक्षा समिति, शिक्षा शाखा, | आन्तरिक राजश्व |
| | ▪ बालविकास केन्द्रलाई आधारभूत भौतिक पूर्वाधार सम्पन्न बनाउन एकिन तथ्याङ्क तयार पार्ने । | √ | | | १० | गाउँपालिका | वडा कार्यालय शिक्षा समिति, शिक्षा शाखा, | आन्तरिक राजश्व |
| | ▪ बालविकास केन्द्रमा अध्यापन गराउने शिक्षकलाई नियमित तालिम सञ्चालन गर्न वार्षिक पात्रो निर्माण गर्ने | √ | √ | √ | १ | | | |
| | ▪ आगामी ३ वर्षमा प्रत्येक विद्यालयमा इन्टरनेट सेवाको पहुँच पुर्‍याउने | | | √ | ४० | गाउँपालिका | शिक्षा शाखा, | आन्तरिक राजश्व |
| **स्तम्भ ६** | **रोजगार** | | | | | | | |
| | ▪ गाउँपालिकाभर रहेको सम्पूर्ण बेरोजगारहरूको तथ्याङ्क निकाल्ने | √ | | | ५ | गाउँपालिका | वडा कार्यालय रोजगार संयोजक | आन्तरिक राजश्व |
| | ▪ बेरोजगारहरूको बर्गीकरण गरी शिक्षित, अर्ध शिक्षित र अदक्ष बेरोजगारहरूमा विभाजन गर्ने | √ | | | २ | गाउँपालिका | वडा कार्यालय रोजगार संयोजक | आन्तरिक राजश्व |

| क्र. सं. | कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (रू. लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेटको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | | | | |
| | ▪ शिक्षित बेरोजगारहरुलाई गाउँपालिकाले अध्ययन, अनुसन्धान तथा स्वयंसेवकको रुपमा परिचालन गर्न अभिमुखिकिरण कार्यक्रम संचालन गर्ने | √ | √ | √ | १० | गाउँपालिका | वडा कार्यालय रोजगार संयोजक | आन्तरिक राजश्व |
| | ▪ अर्ध शिक्षित र अदक्ष बेरोजगारहरूलाई प्रकृतिका आधारमा कृषि व्यवसाय तालिम, पशुरोग उपचार, औषधी तथा किटनाशक सम्बन्धी तालिम, पर्यटन व्यवसाय सम्बन्धी तालिम, साना घरेलु उद्योग सम्बन्धी तालिम, सिकर्मी, डकर्मी, प्लम्बिङ, इलेक्ट्रोनिक्स, इलेक्ट्रिकल, कुक, होटल, व्यवसाय, ड्राइभिङ, प्याकेजिङ जस्ता व्यावसायिक तालिमहरूको प्याकेज निर्माण गरी सञ्चालन गर्ने | | √ | √ | ३० | गाउँपालिका | वडा कार्यालय रोजगार संयोजक | आन्तरिक राजश्व |
| | ▪ गाउँपालिकामा सञ्चालन गर्न सकिने पेशा, व्यवसाय तथा उद्योगहरूको अध्ययन तथा अनुसन्धान गर्न रोजगार संयोजकको संयोजनमा विज्ञ टोली खटाई उपयुक्त क्षेत्रहरू पहिचान गर्ने | √ | | | ५ | गाउँपालिका | वडा कार्यालय रोजगार संयोजक, परामर्शदाता | आन्तरिक राजश्व |
| | ▪ आगामी ३ वर्षमा हाल रहेका बेरोजगारहरूको तथ्याङ्कलाई पचास प्रतिशतले कम गर्न सम्भाव्य क्षेत्रमा अभिमुखिकरण गर्ने | | | √ | २० | गाउँपालिका | वडा कार्यालय रोजगार संयोजक | आन्तरिक राजश्व |
| **स्तम्भ ७** | **सामाजिक सुरक्षा** | | | | | | | |
| | ▪ राज्यद्वारा प्रदान गरिने हरेक प्रकारका सामाजिक सुरक्षा भत्ताहरू नियमितरूपमा प्रदान गर्न प्रभावकारी संयन्त्रको निर्माण गर्ने र सोका लागि गाउँपालिकासम्म आउन असमर्थ बृद्धबृद्धा तथा असहायहरूलाई घुम्ती सरकारको प्रबन्धमार्फत स्वयम सेवक परिचालन गरी घर दैलोमा वितरण गर्ने | √ | √ | √ | ३० | गाउँपालिका | वडा कार्यालय | आन्तरिक राजश्व |
| | ▪ वडागतहरूमा वर्षमा दुई पटक अति विपन्न, जेष्ठ नागरिक, बालबालिका तथा गर्भवती महिलाको स्वास्थ्य परीक्षण घुम्ती शिविर सञ्चालन गर्ने | √ | √ | √ | २० | गाउँपालिका | वडा कार्यालय स्वास्थ्य समिति, स्वास्थ्य शाखा | आन्तरिक राजश्व |
| | ▪ गाउँपालिकाका सम्पूर्ण असहाय महिला, वृद्धवृद्धा, बालबालिका, सिमान्तकृत, फकिर आदिको पूर्ण अभिलेख तयार गरी उनीहरूको खाद्यान्न र आवासको विशेष प्रबन्ध गर्ने | | | √ | ५० | गाउँपालिका | वडा कार्यालय | आन्तरिक राजश्व |
| | ▪ जटिल प्रकारका दीर्घरोगीहरूको अभिलेख तयार पारी हरेकलाई विशेष सहुलियत र अनुदान प्रदान गर्ने | √ | √ | √ | | गाउँपालिका | वडा कार्यालय | आन्तरिक राजश्व |

| क्र. सं. | कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (रू. लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेटको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | | | | |
| **स्तम्भ ८** | **लैङ्गिक समानता, समावेशीता तथा मूल प्रवाहिकरण** | | | | | | | |
| | ▪ हरेक प्रकारका महिला हिंसा, असमानता तथा भेदभावहरूको न्यूनिकरण गर्दै शुन्यमा झार्न गाउँपालिकाभर रहेका महिला समूह, आमा समूह, किशोरी समूह, महिला सेल वा महिला सुरक्षा गृहहरूसँग सम्बन्धित महिलाहरूलाई जागरणमूलक नेतृत्व विकास तथा सशक्तिकरण तालिम, अभिमुखीकरण तथा सफल महिलाहरू सँग नियमित साक्षात्कार गर्न वार्षिक पात्रो निर्माण गरी अनिवार्य कार्यान्वयन गर्ने | | √ | | १० | गाउँपालिका | वडा कार्यालय , रोजगार संयोजक | आन्तरिक राजश्व |
| | ▪ सरकारी सेवा अन्तर्गत निजामती, शिक्षक, प्रहरी, सेना तथा निगमहरूमा सेवा प्रवेश गर्न महिलाहरूका लागि गाउँपालिकास्तरमा तयारी कक्षा सञ्चालन गर्ने | √ | √ | √ | २० | गाउँपालिका | वडा कार्यालय | आन्तरिक राजश्व |
| | ▪ सिमान्तकृत समुदाय, दलित, जनजाति तथा अल्पसंख्यक समुदायबाट मूल प्रवाहमा ल्याउन तयारी कक्षामा निःशुल्क अनुदानको व्यवस्था गर्दै शैक्षिक सामग्री वितरण गर्ने | √ | √ | √ | ३० | गाउँपालिका | वडा कार्यालय | आन्तरिक राजश्व |
| | ▪ विभिन्न राजनैतिक दलहरूसँग आबद्ध महिला नेतृत्वहरूको सहयोगमा वडागतरूपमा महिला जागरण अभियान सञ्चालन गर्न अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने | √ | √ | √ | ५ | गाउँपालिका | महिला संगठनहरू | आन्तरिक राजश्व |
| | ▪ विपन्न र सिमान्तकृत समुदायहरूको पहिचान र परिचयपत्र वितरण गरी उनीहरूलाई साना व्यवसाय सञ्चालन गर्न शुन्य प्रतिशत व्याजदरमा लघु ऋणको व्यवस्था गर्ने कार्यविधि निर्माण गरी लागू गर्ने | | √ | √ | ८ | गाउँपालिका | वडा कार्यालय, बैङ्क तथा वित्तीय संस्था | आन्तरिक राजश्व |
| | ▪ सामाजिक अन्तर्घुलन अन्तर्गत वर्षमा एक पटक विशेष समारोहहरू जस्तै : गणतन्त्र दिवस, संविधान दिवस वा विशेष पर्वहरूमा स्थानीय राजनैतिक दलहरूको सहयोगमा चियापान समारोह आयोजना गर्ने | √ | √ | √ | १५ | गाउँपालिका | वडा कार्यालय, राजनैतिक दलहरू | आन्तरिक राजश्व |
| | ▪ स्थानीय न्यायिक समितिको अगुवाईमा समाजमा घट्ने गरेका विभेदकारी व्यवहार तथा महिला हिंसा र अन्य सामाजिक अन्यायद्वारा सिर्जित अपराधहरूको गहिरो अध्ययन गरी तिनीहरूको न्यूनिकरणका प्याकेज निर्माण गरी न्यायिक समितिको अगुवाईमा महिला समूहको सहयोगमा कार्यान्वयन गर्ने | √ | √ | √ | १० | गाउँपालिका | वडा कार्यालय न्यायिक समिति, महिला समूह | आन्तरिक राजश्व |

| क्र. सं. | कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (रू. लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेटको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | | | | |
| **स्तम्भ ९** | **बालबालिका** | | | | | | | |
| | ▪ जन्मेको एक महिनाभित्र जन्मदर्ता गर्ने परिवारलाई पुरस्कृत गर्ने | √ | √ | √ | १० | गाउँपालिका | वडा कार्यालय | आन्तरिक राजश्व |
| | ▪ गाउँपालिकामा रहेका पन्ध्र वर्षमुनिका बालबालिकाको एकिन तथ्याङ्क तयार पार्ने | √ | | | ५ | गाउँपालिका | वडा कार्यालय | आन्तरिक राजश्व |
| | ▪ हरेक शिशुहरूलाई सन्तुलित आहार पुगे नपुगेको एकिन गरी स्वास्थ्य स्वयंसेविकाको सहयोगमा अति विपन्न परिवारलाई पोषण किट वितरण गर्ने | | √ | √ | ३० | गाउँपालिका | स्वास्थ्य समिति, स्वास्थ्य शाखा, महिला स्वास्थ्य सवयम्सेविका | आन्तरिक राजश्व, चन्दा तथा अनुदान |
| | ▪ पूर्ण खोपयुक्त गाउँपालिका निर्माण गर्न खोप केन्द्रहरूको क्षमता अभिवृद्धि गर्ने | | √ | √ | ४० | गाउँपालिका | वडा कार्यालय | आन्तरिक राजश्व |
| | ▪ प्रत्येक स्वास्थ्य चौकीमा बालबालिकाको नियमित तौल तथा स्वास्थ्य परीक्षण गर्न स्वास्थ्यकर्मीहरूको दरबन्दी सुनिश्चित गर्ने | | √ | | ४.५० | गाउँपालिका | वडा कार्यालय, स्वास्थ्य समिति, स्वास्थ्य शाखा | आन्तरिक राजश्व |
| | ▪ प्रत्येक बालबालिकालाई विद्यालय भर्ना र नियमित विद्यालय पठाउन अभिभावक शिक्षा कार्यक्रमलाई वर्षको दुईपटक अर्ध वार्षिक रूपमा अनिवार्य सञ्चालन गर्ने | √ | √ | √ | १० | गाउँपालिका | वडा कार्यालय शिक्षा समिति, शिक्षा शाखा | आन्तरिक राजश्व |
| | ▪ विद्यालय परिसर देखि ५०० मी वरपर धुम्रपान, मद्यपान, सूर्तीजन्य पदार्थको बेचबिखन र प्रयोगलाई पूर्णरूपमा निषेध गर्ने । | | | √ | | गाउँपालिका | वडा कार्यालय, स्वास्थ्य समिति, स्वास्थ्य शाखा | आन्तरिक राजश्व |
| | ▪ हरेक विद्यालयका खेलमैदानलाई क्रमशः व्यवस्थित गर्दै स्थान अनुसारका खेलकुद सामग्रीहरू विद्यालयलाई उपलब्ध गराउने । | | | √ | ३० | गाउँपालिका | जिल्ला खेलकुद विकास समिति | आन्तरिक राजश्व |
| | ▪ अतिरिक्त क्रियाकलाप अन्तर्गत हरेक विद्यायलयमा संगीत, नृत्य, नेतृत्व विकास, खेलकुदका कार्यक्रमहरू सञ्चालन गर्न गाँउपालिकाको पहलमा वार्षिक पात्रो निर्माण गरी अनिवार्य लागु गर्ने । | | √ | | २ | गाउँपालिका | विद्यालयहरू | आन्तरिक राजश्व |
| | ▪ बालअधिकार सम्बन्धी चेतनामूलक कार्यक्रमहरू हरेक विद्यालयमा नियमितहरूमा सञ्चालन गर्न बालक्लवहरूलाई सक्रिय बनाउन विशेष संयन्त्र निर्माण गर्ने । | √ | | | | गाउँपालिका | विद्यालयहरू, बालक्लबहरू | आन्तरिक राजश्व |
| | ▪ बालश्रम पूर्णहरूमा अन्त्य भएको यकिन गरी आगामी तीनवर्षमा बालश्रम मुक्त गाउँपालिका घोषणा गर्ने । | | | √ | १० | गाउँपालिका | वडा कार्यालय | आन्तरिक राजश्व |

## ६.२ दीर्घकालीन समृद्धिका कार्यक्रमहरू

आधारभूत मानवीय आवश्यकताको परिपूर्तिपश्चात् मानिसहरूका इच्छा र आकाङ्क्षाहरू उच्च समृद्धितर्फ केन्द्रित हुन्छन् । तसर्थ यस खण्डमा दीर्घकालीन हिसाबले कार्यान्वयन गरी विश्वका मध्यम आय भएका मुलूकहरूको स्तरमा कालिमाटी गाउँपालिकावासीहरूलाई पुऱ्याउने दीर्घकालीन समृद्धिका कार्यक्रमहरूलाई पहिचान गरी प्रस्तुत गरिएको छ । यस गाउँपालिकाले दीर्घकालीन समृद्धि हासिल गर्नका लागि समेत आधारभूत तहबाटै पूर्वाधार विकासलाई नै प्राथमिकता दिनुपर्ने आवश्यकता छ अर्थात् दीर्घकालीन समृद्धिको प्रस्थान विन्दु भनेकै आधारभूत पूर्वाधार विकास पश्चात् त्यसले खोल्ने विकासका अन्य अवसरहरू नै हुन् ।

### क. सडक पूर्वाधारको विकास

यस गाउँपालिकाको समृद्धिको मुहान नै ठूला बजार क्षेत्रहरू दाङ, सुर्खेत, नेपालगञ्जसँगको सन्निकटता (Proximity) हो । यसर्थ गाउँपालिकाको अविकासको कारण ती शहरहरूसँग जोड्ने फराकिलो सुविधायुक्त सडकको अभाव नै हो । गाउँपालिकाको समग्र मुहार फेर्नका लागि निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गर्ने :

**कार्यक्रम १ :** तुल्सीपुरदेखि कालिमाटी हुँदै हुँदै सुर्खेत जोड्ने सडक तथा सल्यानको खलंगा
जोड्ने सडकलाई यथासक्य स्तरोन्नति गरी सम्पन्न गर्ने,
**कार्यक्रम २** : हरेक वडा केन्द्रलाई गाउँपालिका केन्द्र र गाउँपालिका केन्द्रलाई राष्ट्रिय राजमार्ग प्रणालीमा जोड्ने मुल सडकहरूको यथाशीघ्र स्तरोन्नती गर्ने ।
**कार्यक्रम ३ :**
**कार्यक्रम ४ :** गाउँपालिकाका मुख्य बस्ती जोड्ने सडकहरूलाई All Weather सडकको रूपमा स्तरोन्नती गर्ने ।

### ख. सिंचाइ

गाउँपालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउन कृषि क्षेत्रको विकास अनिवार्य छ । तसर्थ खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउन निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गर्ने :

**कार्यक्रम ५ :** गाउँपालिकामा रहेका सबै मुहान तथा पानीका स्रोतहरूको संरक्षण, नियमित मर्मत सम्भारमार्फत अधिकतम उपयोग गरी सिँचाइमा प्रयोग गर्ने ।

**कार्यक्रम ६ :** गाउँपालिकामा रहेको सम्पूर्ण खेतीयोग्य जमिनमा एक वा अर्को प्रकारले सिँचाइ सुविधा पुऱ्याउने । यसका लागि परम्परागत सिँचाइ प्रणालीलाई सुधार गर्दै वैकल्पिक सिँचाइ अन्तर्गत थोपा सिँचाइ, फोहरा सिँचाइ, लिफ्ट सिँचाइ आदिको प्रयोग गर्ने ।

**कार्यक्रम ७ :** हरेक वडामा सम्भाव्यताका आधारमा अभियानकै रूपमा पोखरीहरू निर्माण गर्ने ।

### ग. उर्जा

विकासका लागि नभई नहुने पूर्वाधारमध्ये विद्युत् तथा उर्जा पनि एक हो । यसर्थ यस गाउँपालिकामा उर्जा विकासका लागि निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गर्ने :

**कार्यक्रम ८ : दिगो विकास लक्ष्य ७** मा उल्लेख भए बमोजिम व्यहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक उर्जामा सबै गाउँपालिकावासीहरूको पहुँच सुनिश्चित गर्ने । यसका लागि गाउँपालिकामा पूर्ण रूपमा ग्रामीण विद्युतिकरण सम्पन्न गर्न प्रदेश तथा संघीय सरकारसँग विशेष पहल गर्ने ।

**कार्यक्रम ९ :** सम्भाव्यताका आधारमा वैकल्पिक उर्जा जस्तै : बायोग्याँस, सौर्य उर्जा, वायु उर्जा आदिका विभिन्न स्रोतहरूको पहिचान गरी विकास गर्ने ।

**कार्यक्रम १०** : लघुविद्युत् आयोजनाहरूको सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गर्ने ।

## घ. भू-उपयोग

बस्ती, कृषि क्षेत्र, पर्यटकीय क्षेत्र, औद्योगिक क्षेत्र, वन, जलाधार क्षेत्र आदिका लागि उपयुक्त जमिनको उचित व्यवस्थापन गरी उपयोगिताका आधारमा गाउँपालिकामा रहेको जमिनलाई विभिन्न वर्गमा विभाजन गरी सोही अनुसार सदुपयोग गर्नु आवश्यक छ । वैज्ञानिक भू-उपयोग नीति अवलम्बन गर्नु भनेको सिमित रूपमा रहेको प्राकृतिक स्रोत र सम्पदाजस्तै जल, जमिन, जङ्गल आदिको विवेकशील र वैज्ञानिक तरिकाले उच्चतम सदुपयोग गर्नु हो । तसर्थ :

**कार्यक्रम ११ :** वैज्ञानिक भू-उपयोग नीति लागु गर्ने ।

## ङ. कृषि तथा पशुपंक्षी पालन

अन्य आधारभुत आवश्यकता पुरा गरी दीर्घकालीन समृद्धिका हिसाबले गाउँपालिकाको कायापलट गर्न सक्ने क्षेत्र भनेको कृषि नै हो । यसका लागि सर्वप्रथम समग्र कृषि पूर्वाधारहरू जस्तै : जमिन, सिँचाइ, प्रविधि, मल, विउ बिजन, बजार, भण्डारण प्रणाली आदिको प्रबन्ध गरी व्यावसायिक खेतीतर्फ किसानहरूलाई आकर्षित गरी सिधै नगद आर्जन गर्न सकिने जातका बालीनालीहरू, भैँडापालन, बाख्रापालन, कुखुरापालन, हाँसपालन, तरकारी, फलफूल, जडीबुटी तथा नगदेबाली लगाई निकटवर्ती बजार तथा शहरहरूमा निर्यात गर्न सकिन्छ । कृषिको विकासका लागि निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गर्ने :

**कार्यक्रम १२ :** गाउँपालिकामा व्यावसायिक बाख्रापालन गर्ने ।

**कार्यक्रम १३ :** गाउँपालिकामा व्यावसायिक भैँडापालन गर्ने ।

**कार्यक्रम १४ :** गाउँपालिकामा व्यावसायिक हाँसपालन गर्ने ।

**कार्यक्रम १५ :** गाउँपालिकामा व्यावसायिक माछापालन गर्ने ।

**कार्यक्रम १६ :** गाउँपालिकामा व्यावसायिकरूपमा लोकल कुखुरापालन गर्ने ।

**कार्यक्रम १७ :** गाउँपालिकामा विभिन्न प्रकारका च्याउ तथा तरकारीहरूको व्यावसायिक खेती गर्ने ।

**कार्यक्रम १८** : गाउँपालिकामा कागती, एभोकाडो, किवी, केरा, मेवा, काफल लगायत अन्य फलफूलहरूको व्यावसायिक खेती गर्न पकेट क्षेत्रको विकास गर्ने ।

**कार्यक्रम १९ :** गाउँपालिकामा व्यावसायिक मौरीपालन गर्ने ।

**कार्यक्रम २०** : कृषि उपजहरूको भण्डारणका लागि शीतभण्डार स्थापना गर्ने र बजारीकरणको व्यवस्था गर्ने ।

## च. वन व्यवस्थापन मार्फत् आय आर्जन

गाउँपालिकाको एउटा मुख्य सम्पदाको रूपमा रहेको वनलाई वैज्ञानिक रूपमा व्यवस्थापन गरी सो मार्फत् जडीबुटी तथा फलफूल खेती अर्थात् Agro Forestry को अवधारणा अनुरूप वनको विकास गर्न सकिन्छ । यसका लागि निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गर्ने :

**कार्यक्रम २१ :** हाल विद्यमान झाडी तथा बुट्यान क्षेत्रलाई क्रमशः उत्पादनमुखी वन क्षेत्रमा रूपान्तरण गर्ने ।

**कार्यक्रम २२ :** सम्भाव्य जडीबुटीको अध्ययन गरी वनक्षेत्रलाई पाँचऔंले, जटामसी, हर्रो, बर्रो, अमला, अदुवा, बेसार, कफी, अलैंची आदि जडीबुटी तथा नगदेबालीको पकेट क्षेत्रका रूपमा विकास गर्ने ।

## छ. उद्योग

स्थानीय खनिज, स्रोत र साधनमा आधारित उद्योगहरूको स्थापना गर्नु रोजगारी सिर्जना, आर्थिक समृद्धि र निर्यात प्रबर्द्धनका लागि अनिवार्य छ । यस गाउँपालिकामा मुलतः कृषि, वन र जडीबुटीमा आधारित उद्योगहरूको प्रबल सम्भावना रहेको छ । यसका अलावा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानी आकर्षित गर्न सके ठूला उद्योगहरू समेत स्थापना गर्न सकिन्छ । उद्योगको विकासका लागि गाउँपालिकाले निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गर्ने :

**कार्यक्रम २३ :** कृषि तथा वनमा आधारित उद्योगहरूको स्थापना गरी औद्योगिक उत्पादनको गुणस्तर कायम गरी तिनीहरूको Branding, packaging गरी निर्यात गर्नका लागि देशका ठूला शहरहरू लगायत विदेशमा बजारको अध्ययन गरी निर्यातको प्रत्याभूति गर्ने ।

**कार्यक्रम २४ :** गुणस्तरीय उत्पादनहरूलाई गाउँपालिकाकै पहिचानको रूपमा स्थापित गरी ठूलो बजार तथा विश्व बजारमा स्थापित गर्ने ।

**कार्यक्रम २५ :** मझौला तथा ठूला उद्योगहरूको स्थापनाका लागि सम्भाव्यता अध्ययन गरी स्थापना गर्ने ।

## ज. होमस्टे, धार्मिक तथा पर्यापर्यटन

मनोरम प्राकृतिक वातावरण, प्रशस्त वनजङ्गल क्षेत्र, पहाडी डाँडाकाँडाहरू तथा थुम्काथुम्कीहरूले सुसज्जित यो गाउँपालिका सांस्कृतिक विविधतामा समेत धनी छ । खासगरी मगर जातिको बसोबास क्षेत्र रहेको कालिमाटी गाउँपालिकामा पर्यटकीय विकासको समेत उच्च सम्भावना छ । यसका अलावा गाउँपालिकाका विभिन्न स्थानमा होमस्टे सञ्चालन गरी पर्यटनको विकास गर्न सकिन्छ । तसर्थ यो गाउँपालिकामा पर्यटनलाई उच्च प्राथमिकता प्रदान गरी निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गर्ने ।

**कार्यक्रम २६ :** सर्वप्रथम आवश्यक सबै पर्यटकीय पूर्वाधारहरूको विकास गर्ने ।

**कार्यक्रम २७ :** व्यस्त शहरी जनजीवनबाट केही समयका लागि टाढा रही मानसिक शान्तिको खोजीमा भौंतारिने पर्यटकहरूलाई लक्षित गरी गाउँपालिकाका विभिन्न सम्भाव्य स्थलहरूमा होटल तथा रिसोर्टहरूको स्थापना गर्न निजी क्षेत्रलाई आकर्षित गर्ने ।

**कार्यक्रम २८ :** विशिष्ट सांस्कृतिक महत्व झल्किने विभिन्न जातजातिहरूका सांस्कृतिक पहिचानहरू सहित होमस्टे सञ्चालन गर्न तत्काल तालिम तथा अभिमुखिकरण कार्यक्रहरू सञ्चालन गर्ने ।

**कार्यक्रम २९ :** साहसीक पर्यटन जस्तै : प्याराग्लाइडिङ्, साइक्लिङ्, ट्रेकिङ्, जल विहार आदि सञ्चालन गर्ने ।

**कार्यक्रम ३०** : धार्मिक पर्यटनको विकास गर्न विद्यमान धार्मिक तथा पर्यटकीय क्षेत्रहरूको विकास गर्ने ।

**कार्यक्रम ३१ :** नेपाल लगायत विश्वका विभिन्न पर्यटकीय स्थलहरू चलचित्र छायाङ्कनस्थलको रूपमा समेत विकास हुँदा पर्यटक क्षेत्रको थप विकास भएका उदहरणहरू स्थापित भएकोले गाउँपालिकाका निश्चित क्षेत्रहरूलाई चलचित्र छायाङ्कनस्थलका रूपमा विकास गर्ने ।

**कार्यक्रम ३२ :** पर्यापर्यटनको विकास गर्ने ।

## झ. ध्यान तथा योग केन्द्रको निर्माण गर्ने

सफा र स्वच्छ वातावरण, जडीबुटीहरूको उपलब्धता तथा सम्भाव्यता रहेको यो गाउँपालिकामा प्राकृतिक चिकित्सा, योग तथा ध्यानकेन्द्रहरूको स्थापनाका लागि राम्रो सम्भावना रहेको देखिन्छ । यसका लागि निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गर्ने :

**कार्यक्रम ३३ :** गाउँपालिकाभर रहेका महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरू जस्तै : मठ, मन्दिर, गुम्बा आदिमा सम्भाव्यता हेरी औषधीय पर्यटन अन्तर्गत प्राकृतिक चिकित्सा, योग तथा ध्यान केन्द्रहरू स्थापना गरी पर्यटकहरूलाई आकर्षित गर्ने ।

## ६.३ दीर्घकालीन समृद्धिका कार्यक्रमहरूको पन्ध्र वर्षे कार्ययोजना (Action Plan)

| क्र. सं. | कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (रू. लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेटको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | ५ वर्ष भित्र | १० वर्ष भित्र | १५ वर्ष भित्र | | | | |
| **स्तम्भ १** | **गाउँपालिकाको जंगल तथा मध्यवर्ती क्षेत्रमा एकिकृत जंगल सफारी पर्यापर्यटन विकास योजना** | | | | | | | |
| | ▪ विस्तृत संम्भाव्यता अध्ययन | √ | | | | गाउँपालिका | स्वास्थ्य शाखा | आन्तरिक राजश्व |
| | ▪ विस्तृत परियोजना प्रतिवेदन तयारी | | √ | | | गाउँपालिका | गाउँपालिकाको कृषि शाखा | आन्तरिक राजश्व, संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान |
| | ▪ पूर्वाधार अन्तर्गत सफारी मार्ग लगायतका आवश्यक पूर्वाधार निर्माण गर्ने | √ | √ | √ | | गाउँपालिका | निजी क्षेत्र | आन्तरिक राजश्व, संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान |
| | ▪ प्रचार प्रसार तथा प्रर्वधन गर्ने | | √ | | | गाउँपालिका | निजी क्षेत्र | बाह्य अनुदान |
| | ▪ जैविक पदमार्गको संम्भाव्यता अध्ययन | | √ | | | गाउँपालिका | वडा कार्यालय | आन्तरिक राजश्व |
| | ▪ डि.पि.आर निर्माण तयार तथा प्रचार-प्रसार गर्ने | | | | | | | |
| **स्तम्भ २** | **एकिकृत कृषि तथा वन पैदावार विकास कार्यक्रम** | | | | | | | |
| | ▪ चिउरी पकेट क्षेत्रको निर्धारण | √ | | | | गाउँपालिका | खानेपानी समिति | आन्तरिक राजश्व |
| | ▪ व्यवसायिक चिउरी खेती | √ | | | | गाउँपालिका | परामर्शदाता | आन्तरिक राजश्व |
| | ▪ नमूना मौरीपालन विकास कार्यक्रम | √ | | | | गाउँपालिका | परामर्शदाता | आन्तरिक राजश्व |
| | ▪ नमूना बाखापालन पकेट क्षेत्र निर्धारण | | √ | | | गाउँपालिका | परामर्शदाता | आन्तरिक राजश्व |
| | ▪ बृहद बाखापालन, प्रजनन नश्ल सुधार तथा अनुसन्धान केन्द्रको विकास गर्ने | | | √ | | गाउँपालिका | परामर्शदाता | आन्तरिक राजश्व |
| | ▪ स्थानीय जातका कुखुराहरुको व्यवसायिक पालन तथा निर्यात कार्यक्रम | √ | | | | गाउँपालिका | परामर्शदाता | आन्तरिक राजश्व |
| | ▪ वडा नं. ४ लाई विउविजन तथा वृहद तरकारी उत्पादन पकेट क्षेत्रको रुपमा विकास गर्ने | | √ | | | | | |
| | ▪ गाउँपालिका भित्र जडिबुटी उत्पादन पकेट क्षेत्रको सम्भाव्यता अध्ययन गर्ने | √ | √ | √ | | गाउँपालिका | वडा कार्यालय, स्वास्थ्य समिति तथा शाखा, विद्यालयहरू | आन्तरिक राजश्व |
| **स्तम्भ ३** | **सडक पूर्वाधार विकास** | | | | | | | |
| | ▪ गाउँपालिका केन्द्रलाई राष्ट्रिय राजमार्ग प्रणालीमा जोड्ने मूल सडकलाई राष्ट्रिय मापदण्ड अनुरुप कालोपत्रे गर्ने | √ | | | | गाउँपालिका | परामर्शदाता | आन्तरिक राजश्व |
| | ▪ प्रत्येक वडाकेन्द्रलाई गाउँपालिका केन्द्रमा जोड्ने सडकलाई | | | √ | | गाउँपालिका | संघीय सरकार, प्रदेश | संघीय तथा प्रदेश सरकारको |

| क्र. सं. | कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (रू. लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेटको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | ५ वर्ष भित्र | १० वर्ष भित्र | १५ वर्ष भित्र | | | | |
| | राष्ट्रिय मापदण्ड अनुरुप कालोपत्रे गर्ने | | | | | | सरकार, निजी क्षेत्र | अनुदान, निजी लगानी, बैङ्क ऋण |
| **स्तम्भ ४** | **ग्रामीण विद्युतीकरण** | | | | | | | |
| | ▪ प्रत्येक घरधुरीलाई विद्युतको पहुँचमा पुऱ्याउने ग्रामीण विद्युतिकरण, सोलार वा अन्य वैकल्पिक उर्जा विकास कार्यक्रम सम्पन्न गर्ने | √ | √ | √ | | गाउँपालिका | वडा कार्यालय स्वास्थ्य समिति, नेपाल रेडक्रस सोसाइटी | आन्तरिक राजश्व |
| **स्तम्भ ५** | **चलचित्र तथा म्यूजिक भिडियो छायाँङ्कक स्थलको विकास** | | | | | | | |
| | ▪ छायाँङ्कन स्थलको संम्भाव्यता अध्ययन गर्ने | | | √ | | गाउँपालिका | वडा कार्यालय शिक्षा समिति, शिक्षा शाखा, विद्यालयहरू | आन्तरिक राजश्व |
| | ▪ विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने | | | √ | | गाउँपालिका | | |
| | ▪ व्यापक रुपमा प्रचार प्रसार र प्रवर्द्धन गर्ने | √ | √ | √ | | गाउँपालिका | वडा कार्यालय शिक्षा समिति, शिक्षा शाखा, विद्यालयहरू | आन्तरिक राजश्व |
| **स्तम्भ ६** | **गाउँपालिकाको केन्द्र रामपुर क्षेत्रलाई सुविधायूक्त पर्यटकिय तथा विकास क्षेत्रको रुपमा विकास गर्ने** | | | | | | | |
| | ▪ टाउन Planning को संम्भाव्यता अध्ययन गर्ने | √ | | | | गाउँपालिका | वडा कार्यालय रोजगार संयोजक | आन्तरिक राजश्व |
| | ▪ विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने | √ | | | | गाउँपालिका | वडा कार्यालय रोजगार संयोजक | आन्तरिक राजश्व |
| | ▪ पूर्वाधार विकास सम्पन्न गर्ने | | | | | | | |
| **स्तम्भ ७** | **वन पैदावारमा आधारित उद्योग** | | | | | | | |
| | ▪ आधुनिक प्रविधिमा आधारित अन्तराष्ट्रियस्तरको फर्निचर उद्योगको संम्भाव्यता अध्ययन | | √ | √ | | गाउँपालिका | वडा कार्यालय | आन्तरिक राजश्व |
| | ▪ लगानीकर्ता पहिचान तथा आर्कषण कार्यक्रम | √ | √ | √ | | गाउँपालिका | वडा कार्यालय स्वास्थ्य समिति, स्वास्थ्य शाखा | आन्तरिक राजश्व |
| | ▪ जडिबुटीमा आधारित उद्योगको संम्भाव्यता अध्ययन | | | √ | | गाउँपालिका | वडा कार्यालय | आन्तरिक राजश्व |
| | ▪ अन्तराष्ट्रियस्तरको जडिबुटी उद्योगको स्थापना | √ | √ | √ | | गाउँपालिका | वडा कार्यालय | आन्तरिक राजश्व |

# भाग ७ : नमुना गाउँपालिकाका प्रस्तावित मानकहरू

**आवास**

➢ सम्पूर्ण नागरिकलाई सुरक्षित आवासको प्रत्याभूति भएको

**सडक**

➢ प्रत्येक वडा केन्द्रबाट गाउँपालिका केन्द्रसँग र गाउँपालिका केन्द्रलाई राष्ट्रिय राजमार्ग प्रणालीमा जोड्ने राष्ट्रिय मापदण्ड अनुसारका सडकहरू निर्माण भएका

➢ गाउँपालिकाका विभिन्न वडा, बस्ती तथा गाउँहरूलाई जोडी बारपाक चक्रपथको निर्माण सम्पन्न भएको

**यातायात**

➢ आवश्यक रुटहरूसहित सुरक्षित, सुलभ र सहज सार्वजनिक यातायातको व्यवस्था भएको

**पिउनेपानी**

➢ सम्पूर्ण नागरिकलाई स्वच्छ र सुरक्षित पिउने पानीको प्रबन्ध भएको

**सिँचाइ**

➢ सम्पूर्ण खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुगेको

**विद्युत् तथा ऊर्जा**

➢ प्रत्येक घरपरिवारमा विद्युत्, सोलार वा अन्य वैकल्पिक ऊर्जाको प्रबन्ध भएको

**सञ्चार**

➢ प्रत्येक घरपरिवारमा फोन, रेडियो, टेलिभिजन तथा इन्टरनेटको पहुँच भएको

**शिक्षा**

➢ शत प्रतिशत साक्षरता रहेको

➢ शत प्रतिशत बालबालिका विद्यालय भर्ना भएका

➢ बिचैमा विद्यालय छाड्ने दर शून्यमा झरेको

➢ बालअधिकार र मानव अधिकारको प्रत्याभूति भएको

**स्वास्थ्य**

➢ आधारभूत स्वास्थ्य सुविधासहितको अस्पतालमा सम्पूर्ण नागरिकको पहुँच भएको

➢ शत प्रतिशत गर्भवती महिलाहरूलाई सुरक्षित मातृत्व प्रत्याभूत गरिएको

➢ पूर्णखोपयुक्त गाउँपालिका भएको

➢ बालपोषण सुनिश्चित भएको

- सम्पूर्ण नागरिकको स्वास्थ्य बिमा गरिएको
- सम्पूर्ण नागरिकको सामाजिक सुरक्षा प्रत्याभूत गरिएको
- सबै प्रकारका सामाजिक विभेदको अन्त्य भएको
- गाउँपालिकामा कम्तीमा एउटा ज्येष्ठ नागरिक सत्सङ् केन्द्र रहेको
- गाउँपालिकामा कम्तीमा एउटा बालगृह रहेको

**संस्कृति**

- वार्षिक सांस्कृतिक पात्रो निर्माण गरी त्यसको पूर्णतः कार्यान्वयन भएको
- आधारभूत तहमा मातृभाषामा विद्यालय शिक्षा प्राप्त गर्ने प्रबन्ध भएको

**शान्ति सुरक्षा**

- शान्ति सुरक्षा तथा अमन चयनको पूर्ण प्रत्याभूति भएको

**खेलकुद तथा मनोरञ्जन**

- एक वडा एक पार्क, खेलकुद मैदान, बाल उद्यान, योग केन्द्र र समग्र गाउँपालिकामा एक सांस्कृतिक केन्द्र निर्माण भएको

**वन**

- कम्तीमा ४० प्रतिशत भू-भाग वन जङ्गल तथा हरित क्षेत्रले ओगटेको

**जलाधार**

- पानीका सम्पूर्ण मुहान तथा जलाधार क्षेत्रहरूको संरक्षण भएको

**वातावरण**

- विकासका सम्पूर्ण क्रियाकलापहरू दिगो विकासका अवधारणाअनुरूप सञ्चालन भएका

**सरसफाई तथा फोहर मैला व्यवस्थापन**

- खुला दिसामुक्त क्षेत्र भएको
- वैज्ञानिक फोहर व्यवस्थापन प्रणाली कार्यान्वयन भएको

**विपद् व्यवस्थापन**

- विपद् पूर्व तयारी, विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना कार्यान्वयनमा आएको

**राजश्व तथा सेवा प्रवाह**

- प्रत्येक करदातालाई करको दायरमा ल्याइएको
- असल शासनको प्रत्याभूती भएको
- e-Governance लागु भएको
- क्षतिपूर्तिसहितको नागरिक वडापत्र पूर्णरूपमा कार्यान्वयनमा आएको

**विकास बजेटका श्रोतहरू**

- आन्तरिक राजश्व
- संघीय सरकारबाट प्राप्त अनुदान
- प्रदेश सरकारबाट प्राप्त अनुदान
- सङ्घीय र प्रदेश सरकारबाट प्राप्त बजेट बाँडफाँड र समानीकरण
- वैदेशिक सहायता
- ऋृण
- निजी क्षेत्र
- गैर सरकारी संस्थाहरू
- व्यक्तिगत सहायता
- राज्यको लगानीबाट आउने प्रतिफल तथा व्याज
- दण्ड जरिवाना

# अनुसूचीहरू

## अनुसूची १ : विकास योजना प्राथमिकिरण

### विकास योजना प्राथमिकीकरण गर्दा अवलम्बन गर्नुपर्ने आधारहरू :

नेपाल सरकार, राष्ट्रिय योजना आयोगले तोकेको ढाँचा बमोजिम कुनै पनि गाउँपालिका वा स्थानीय सरकारले विकासका कार्यक्रमहरू तय गर्दा विशेषत स्थानीय वस्तुगत अवस्थाको आधारमा स्थानीयबासीका आधारभूत आवश्यकताहरू जस्तै : भौतिक पूर्वाधार, आर्थिक वृद्धि, सामाजिक विकास, वातावरणीय सन्तुलन तथा संस्थागत सेवा प्रवाहमा प्रत्यक्षरूपमा सहयोग पुऱ्याई समग्र विकासलाई सन्तुलित र नतिजामुखी ढङ्गले कार्यान्वयन गर्न प्रभावकारी सिद्ध हुनेगरी निम्नानुसार गर्नुपर्दछ ।

सामान्यतया कुनैपनि कार्यक्रमलाई प्राथमिताको आधारमा चार तहमा राखेर मूल्याङ्कन गर्न सकिन्छ ।

### १. "अति उत्तम" – ३ अंक

"अति उत्तम" तह अन्तर्गत कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **प्रत्यक्ष र उल्लेखनीय** योगदान पुऱ्याउँछ । अर्थात् कुनैपनि स्थानमा आवागमनमा निकै कठिनता छ र सडकको स्तरोन्नति गर्ने कार्यक्रमले आवागमनलाई प्रत्यक्ष र उल्लेखनीय प्रभाव पार्दछ भने सो कार्यक्रम कार्यान्वयनका हिसाबले पहिलो प्राथमिकता तथा अति उत्तम वर्गमा पर्दछ। यस प्रकारका कार्यक्रममा सो शिर्षक अन्तर्गत विनियोजित बजेटको ५० प्रतिशत भन्दा बढी रकम पर्न आउँछ ।

### २. "उत्तम" – २ अंक

"उत्तम" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **अप्रत्यक्ष तर उल्लेखनीय** योगदान पुऱ्याउँछ। अर्थात् कुनैपनि स्थानमा धार्मिक तथा अन्धविश्वासले सामाजिक कुरीति र जटिलता सिर्जना गरेको छ भने विद्यालय खोली शिक्षाको विकास गर्दा सामाजिक जटिलता न्यून गर्न अप्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउँछ। यस प्रकारको कार्यक्रम प्राथमिकताको हिसाबले दोस्रो प्राथमिकतामा पर्दछ भने यसलाई उत्तम मानी २ अंक प्रदान गर्नुपर्दछ। यस प्रकारको कार्यक्रममा समेत सम्बन्धित शिर्षक मध्ये ५० प्रतिशत भन्दा बढी बजेट विनियोजन हुन्छ ।

### ३. "सामान्य" – १ अंक

"सामान्य" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **सामान्य वा कम** मात्र योगदान दिन्छ भने सो कार्यक्रममा विनियोजित रकम मध्ये ५० प्रतिशत भन्दा कम रकम मात्र छुट्याइन्छ। यस प्रकारको कार्यक्रम प्राथमिकताको आधारमा तेस्रो तहमा पर्दछ भने त्यसलाई १ अंक दिनुपर्दछ ।

### ४. "न्यून" - ० अंक

"न्यून" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **न्यून वा योगदान नै नपुऱ्याउने** हुन्छ। यस प्रकारको कार्यक्रम प्राथमिकतामा पर्दैन तसर्थ यसलाई शुन्य अंक प्रदान गरिन्छ ।

यसरी कार्यक्रम प्राथमिकीकरण गर्दा विषय क्षेत्रगत विकास कार्यक्रम तथा उपक्षेत्रहरूका प्रत्येक कार्यक्रमहरूको मूल्याङ्कन गरी चार तहमा विभाजन गर्न सकिन्छ। अर्थात् उदाहरणको लागि भौतिक पूर्वाधार अन्तर्गत कुनै निश्चित स्थानदेखि अर्को स्थान जोड्न सडकको स्तरोन्नति गर्दा सो सडकले

स्थानीयबासीको तत्कालीन वा दीर्घकालीन प्रमुख समस्या वा मागलाई कुन तहबाट सम्बोधन गर्न सक्छ भनी मुल्याङ्कन गर्नुपर्दछ । त्यसोगर्दा सो कार्यक्रम

अति उत्तम भए → पहिलो प्राथमिकता

उत्तम भए → दोस्रो प्राथमिकता

सामान्य भए → तेस्रो प्राथमिकता

न्यून भए → प्राथमिकतामा नपर्ने हुन्छ ।

एवम रीतले प्रत्येक विषयगत क्षेत्र र सो क्षेत्र अन्तर्गतका उपक्षेत्रका सम्पूर्ण कार्यक्रमहरूलाई तोकिएको लक्ष्य हासिल गर्न कस्तो प्रकारको योगदान पुऱ्याउँछ भनी मूल्याङ्कन गर्दा माथि उल्लेखित तहहरूमा विभाजन गरेर प्राथमिकता निर्धारण गर्नुपर्दछ । यसकासाथै अन्य आधारमा :

(१) चालु आवधिक योजनाको फराकिलो आधारको समावेशी आर्थिक वृद्धिको लक्ष्य प्राप्तिमा कुन तहको योगदान पुऱ्याउँछ ?

(२) दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुन तहको योगदान पुऱ्याउँछ ?

(३) जनसहभागिता सुनिश्चित गर्न कुन तहको योगदान पुऱ्याउँछ ?

(४) समावेशीकरणमा कुन तहको योगदान पुऱ्याउँछ ?

(५) यदि सञ्चालित आयोजनाहरू छन् भने पूर्व कार्य प्रगति, सम्पन्न हुन लाग्ने समय वा कार्यान्वयन तयारीको अवस्था हेरी कुन तहको योगदान पुऱ्याउँछ ?

